CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाडपर्व, धार्मिक संस्कार, दर्शन, ज्योतिष, वास्तु, स्वप्न फल, थर-गोत्र-प्रवर आदि विविध उपयोगी विषयवस्तुको संक्षिप्त विवेचना

संस्कार-सुलोचना

नारायणप्रसाद निरौला
ज्योतिषाचार्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाडपर्व, धार्मिक संस्कार, दर्शन, ज्योतिष, वास्तु,
स्वप्न फल, थर-गोत्र-प्रवर आदि विविध उपयोगी
विषयवस्तुको संक्षिप्त विवेचना

संस्कार-सुलोचना

नारायणप्रसाद निरौला
ज्योतिषाचार्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कार-सुलोचना

लेखक : नारायणप्रसाद निरौला

प्रकाशक : नारायणप्रसाद ओझा, अनामनगर, काठमाडौं, नेपाल

प्रथम संस्करण : २०७६ (ई.सं. २०१९)

सर्वाधिकार : © लेखकमा

प्रकाशित प्रति : १,००१

लेआउट : हरिविक्रम विशंखे

आवरण : आउटलाइन ग्राफिक्स

मुद्रण : श्री मल्टिपल सर्भिस प्रा. लि.

मूल्य : रू. २९९/- *(यो पुस्तक बिक्रीबाट प्राप्त सम्पूर्ण रकम अर्को उपयोगी पुस्तक प्रकाशनार्थ प्रयोग गरिनेछ)*

ISBN : 978-9937-0-5932-9

SANSKAR-SULOCHANA

A Critical Review of Hindu Religious and Cultural Rituals

by

Narayan Prasad Niraula

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हार्दिक समर्पण

स्व. सुलोचना ओझा

जन्म : १९९५ फागुन पूर्णिमा

स्वर्गारोहण : अधिक ज्येष्ठ कृष्ण चतुर्थी (२०७५ ज्येष्ठ १९ गते, शनिवार)

वार्षिक पुण्यतिथि : आषाढ कृष्ण चतुर्थी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटा महत्तम उपलब्धिका रूपमा 'संस्कार-सुलोचना'

- *प्रा.डा. रामचन्द्र गौतम*
अध्यक्ष, नेपाल पञ्चाङ्ग निर्णायक समिति

प्राकृतिक रमणीय हिमाल, पहाड, मधेश, तराईलाई आत्मसात् गरेको, अनेक नदीनाला, तीर्थस्थल, देवमन्दिर, शक्तिपीठ आदिले परमपावन, प्रकृतिजन्य वनजङ्गल, लतावृक्ष, वनस्पतिको अधिकताले मनोरम नेपालभूमि आर्यावर्त क्षेत्रको रूपमा समादृत छ । समुद्रदेखि पूर्व र पश्चिमको भू-भागलाई आर्यावर्तक्षेत्र भनिन्छ । यसको पुष्टि मनुले यसरी गरेका छन् -

आ समुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात् ।
तयोरवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः ॥ *(मनुस्मृतिः, २/२२)*

यसरी आर्यावर्तको रूपमा सम्मानित भएको आर्यतपोभूमि अत्युच्च हिमशैलको काखमा विराजित पशुपतिनाथ सनाथित नेपाल भूमि यज्ञीयदेशको रूपमा पनि स्थापित छ । जुन देशमा कृष्णसार मृगहरू जन्मन्छन्, हुर्कन्छन् र स्वच्छ विचरण गर्दछन् त्यस देशलाई मात्र यज्ञीयदेश भनिन्छ । अर्थात् त्यो देशमात्र श्रौत एवं स्मार्त यज्ञयागादि कर्म सम्पादन गर्न लायक हुन्छ । त्यस्ता यज्ञ गर्न उपयुक्त मानिएका देशमा मात्र ऐहिक सुखशान्ति र पारलौकिक सद्गतिका लागि अर्थात् अभीष्ट फलप्राप्तिका निम्ति वेदविहित अन्य धर्मकर्म संस्कार संस्कृतिको अनुष्ठान गर्न सकिने हुन्छ । यो कुरालाई मनुले यसरी स्पष्ट पारेका छन् -

कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः ।
स ज्ञेयो यज्ञिको देशो म्लेच्छदेशस्त्वतः परः ॥ *(मनुस्मृतिः, २/२३)*

धर्मकर्मार्ह देशको विषयमा योगीश्वर याज्ञवल्क्यको भनाइ यस्तो रहेको छ -

मिथिलास्थः स योगीन्द्रः क्षणं ध्यात्वाऽब्रवीन्मुनीन् ।
यस्मिन् देशे मृगः कृष्णस्तस्मिन्धर्मान्निबोधत ॥ *(याज्ञवल्क्यस्मृतिः, १/२)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जहाँ वैदिक सनातन धर्म कर्म संस्कार संस्कृतिको नियमपूर्वक परिपालन, परिपोषण, परिरक्षण हुन्छ त्यहाँ नै अग्रजन्माहरूको उत्पत्ति एवं बसोवास हुन्छ । उनीहरूकै आचार, विचार, संस्कार, संस्कृति र चरित्रको अनुकरण भूमण्डलस्थ मानवमात्रले गर्नु अनिवार्य मानिन्छ ।

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।

स्वं स्वं चरित्रं शिक्षेरन्पृथिव्यां सर्वमानवाः ॥ - *मनुस्मृतिः, २।२०*

जहाँ अग्रजन्माहरूको आचरण स्वीकार गर्नेहरू हुन्छन् त्यस देशमा नै धर्मको स्थानमा समादृत चतुर्दश विद्याको पनि आदर सम्मान हुने गर्दछ । चतुर्दश विद्यामा पुराण, न्यायशास्त्र, मीमांसाशास्त्र, धर्मशास्त्र र शिक्षा, कल्प, निरुक्त, छन्द, ज्योतिष, व्याकरण यी षडङ्गसहितका ऋगादि चारवेदहरू पर्दछन् । यसको समर्थन यसरी गरिएको छ -

पुराणन्यायमीमांसाधर्मशास्त्राङ्गमिश्रिताः ।

वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश ॥ *(याज्ञवल्क्यस्मृतिः, १।३)*

शास्त्रका नामले प्रसिद्ध यिनै चौध विद्याका आधारमा ठमुप्रसाद निरौलाकी अर्धाङ्गिनी पत्नी नेत्रकुमारी निरौलाको कनककुक्षिबाट पञ्चन-१, सोलुखुम्बुमा जन्मेका नारायणप्रसाद निरौलाबाट 'संस्कार-सुलोचना' पुस्तक लेखेर अत्यन्त प्रशंसनीय काम भएको छ ।

वेदादिशास्त्रोत्पत्तिस्थान यज्ञीयदेश नेपालभूमिमा प्रत्येक वर्ष मनाइने त्रेतायुग प्रारम्भ भएको युगादि तिथि अक्षय तृतीया, मातातीर्थ औंसी, एकादशीव्रत, नागपञ्चमी, जनैपूर्णिमा, श्रीकृष्णजन्माष्टमी, तीज, पञ्चमी, दशैं, तिहार आदि अनेक चाडपर्व, व्रत उत्सवहरू र अन्य लोकव्यवहारोपयुक्त अनगिन्ती प्रकीर्णक विषयवस्तुहरूको संग्रह यो पुस्तकमा गरिएको छ ।

सङ्ग्रहित यो प्रबन्ध नेपाली भाषामा लेखिएकाले सामान्य लेखपढ गर्न जानेका मानिसहरूका लागि, अध्ययनमा प्रवृत्त नभएका किन्तु पण्डित पुरोहित र ज्योतिषीमा कहलिएका जनहरूका निम्ति पनि निकै उपयोगी सिद्ध हुनेछ ।

नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ ज्योतिष विषयको उपप्राध्यापक पदमा कार्यरत विद्या साधनामा सतत संलग्न निरौलाद्वारा गरिएको बुद्धिमत्तापूर्ण अथक प्रयास र परिश्रमबाट तयार भएको 'संस्कार-सुलोचना' पुस्तकले यस आर्यावर्त क्षेत्रमा अवस्थित सनातन धर्मानुयायी जनहरूद्वारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदासमनुष्ठेय धर्मकर्म संस्कार संस्कृतिको संरक्षण एवं संवर्धन गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुग्नेछ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

उप.प्रा. निरौलाजीलाई धैर्यशीलता, उत्साह, जोस, जाँगर भएको परिश्रम गर्नसक्ने तीक्ष्णमति पनि मान्न सकिन्छ । सनातन धर्ममा श्रद्धा, आस्था, निष्ठा र विश्वास राख्ने जनहरूद्वारा परिपालनीय आचार, धर्म तथा संस्कृतिको परिरक्षण, परिपोषण गर्ने जस्तो महान् कार्य सामान्य विचार भएको, अल्पपरिश्रमी, मन्दबुद्धि मानिसबाट हुन नसक्ने कुरा निश्चित छ । 'संस्कार-सुलोचना' जस्तो विविध विषय समेटेको पुस्तक तयार गर्नका निम्ति आवश्यक पर्ने सबै गुण निरौलाजीमा समुदित छन् । त्यसैले तिनै गुणको प्रभावबाट नै अनेक विषय बोध गराउने ज्ञानराशि यो पुस्तक तयार हुन सकेको हो ।

प्रस्तुत प्रबन्धमा प्रतिपादित विशेष महत्त्व भएका दिषयका विशेष स्थलमा विशेष वचनका आधारमा विशेष व्याख्या, विवेचन एवं समीक्षा समेत गरेर प्रबन्धलाई अझ बढी आकर्षक, व्यवहाराहं तथा स्मरणाहं तुल्याइएको छ ।

लोक व्यवहारोपयुक्त विषयवस्तुको अधिकताले स्थूलाकार स्वीकार्न पुगेको यो प्रबन्ध सामाजिक, व्यावहारिक, धार्मिक, सांस्कृतिक, परम्परागत आदि अनेक पक्षमा अध्ययन, अनुसन्धान गर्न चाहने मानिस सबैका लागि अत्यन्त उपयोगी लाभप्रद आधारपत्रका रूपमा स्थापित हुनेछ ।

अन्तमा जान्न, बुझ्न र ज्ञान गर्न लायक विषयहरूको प्रस्थापनले महत्त्वपूर्ण बन्न पुगेको पुस्तक तयार गरेर सराहनीय कार्य गरेकोमा नारायणप्रसाद निरौलाजीलाई हृदयतः साधुवाद प्रदान गर्दछु । अझै गहनतम शास्त्रसिद्ध प्रामाणिक ग्रन्थ तयार गर्ने उत्साह एवं शक्ति विद्याकी अधिष्ठात्री देवी माता सरस्वतीले प्रदान गरून् भन्ने शुभाशिषका साथै निरौलाजीको उत्तरोत्तर प्रगति एवं सुस्वास्थ्यको कामना पनि गर्दछु ।

○○○

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हार्दिक शुभकामना

- प्रा.डा. देवमणि भट्टराई
विभागाध्यक्ष, धर्मशास्त्र शिक्षण विभाग, वाल्मीकि विद्यापीठ

वैदिक धर्मशास्त्रको परम्परा अत्यन्त प्राचीन छ । यसको मूल स्रोत वेद हो । श्रुतिपरम्पराबाट प्राप्त हुने वेद अनादि र अपौरूषेय हो । पुरुषनिर्मित विषयमा विभिन्न न्यूनता एवं अधिकता रहन्छ । तिनीहरूको निराकरणमा व्यक्तिका आ-आफ्ना मतहरू स्वानुकूल व्याख्या विश्लेषणमा सीमित रहने हुँदा शाश्वत सनातन पक्ष गौण हुन्छ भनेर नै वेदलाई अपौरुषेय शास्त्रको संज्ञा दिइएको हो । कुनै विशिष्ट सन्त महन्तको त के कुरा स्वयं ईश्वर पनि वेदशास्त्रलाई अपौरुषेय शास्त्र मान्नुहुन्छ ।

न कश्चित् वेदकर्ता स्यात् वेदस्मर्ता चतुर्मुखः ।
वेदो नारायणो साक्षात् स्वयम्भूरिति शुश्रुम ॥

(आह्निकसूत्रावली, ब्रह्मकर्मविचार प्रकरण)

'न हि वेदः पुरुषनिर्मितः'

इत्यादि मीमांसाका वाक्य समूहले पनि वेद कुनै सम्प्रदाय वा पन्थ विशेषको ग्रन्थ नभई अखिल ब्रह्माण्डको नीति निर्देशक तथा विश्वकल्याणार्थ मार्गप्रशस्तपरक शाश्वत शास्त्र हो । शाश्वत शास्त्रको व्यवहार सबैमा समान हुन्छ । जस्तो चन्द्रसूर्यको प्रकाश हामी सबैमा बराबर छ ।

यसैगरी वेद वा वेदानुकूल समस्त शास्त्र विश्वकल्याणकै लागि आगत छन्, निर्मित छन् । पूर्वकल्पको वेद र वेदविहित विषयलाई यस कल्पमा पनि भगवान्ले पूर्ववत् स्मरण गरिदिनुमात्र हुन्छ जो हाम्रा लागि कल्याणमार्ग बन्दछ । **'यः कल्पः सः कल्पपूर्वः'** यसको तात्पर्य प्रत्येक कल्पमा प्रयोग हुने चराचर जगत्को मार्ग प्रशस्त गर्ने शास्त्र जो वेद छ त्यो कल्पौं कल्पसम्म त एकै रहन्छ भने हामी लगभग १०० वर्षको आयु लिएर आएका मानवले तत्काल चाहेर परिवर्तन गर्ने विषय होइन । वेदादि शास्त्रले निर्दिष्ट गरेका विषयहरूलाई हामीले यथासम्भव यथाशक्ति निर्देश पालन गर्ने हो, परिवर्तन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न खोज्ने होइन । यो हाम्रो क्षमताभन्दा धेरै बाहिरको विषय हो । क्षमताले नभ्याउने विषयमा लागियो भने केवल समय, श्रम र सम्पत्तिको बर्बादी मात्र हुन्छ । धर्म, अर्थ, काम र मोक्षको उपलब्धि हुनै सक्दैन । अतः शास्त्रनिर्देश पालनमा लागौं, परिवर्तनमा होइन । यसैमा शास्त्ररक्षा एवम् आत्मकल्याण छ ।

आजको समाजलाई बहकाउन सजिलो छ । किनकि आफ्नो धर्म, संस्कार, शास्त्र परम्परा, देशाचार, कुलाचार, रीतिस्थिति, परम्पराको ज्ञान अभाव छ । आफ्नो परिचय केमा रहेको छ ? कुन परिचयबिना विश्वमा हामी परिचित हुन सक्दैनौं ? भन्ने भाव राष्ट्रिय शिक्षा नीतिको पाठ्यक्रममा नभएका कारण हाम्रो नेपाली समाज रित्तो भाँडो जस्तै भएको हो । खाली भाँडोमा पानी पनि राख्न सकिन्छ, दूध, दही, घ्यू, धान, चामल जे पनि राख्न सकिन्छ । हामी नेपालीलाई खाली देखेर नै बाह्य व्यक्तिले राजनीतिलाई माध्यम बनाएर परधर्म, संस्कार संस्कृतिको बिउ हामीमा नै रोपिरहेका छन् । हाम्रा पिता पूर्खाले अटल विश्वासका साथ धेरै दुःखले संरक्षण, संबर्द्धन गरेको धर्मसंस्कृतिलाई बेवास्ता गर्दै जानी नजानी परधर्मका वाहक बन्ने गरेका छौं । यो हाम्रो राष्ट्रिय शिक्षा नीति निर्माणकर्ता र त्यसका वाहक, सञ्चालक राजनीतिकर्मीको अदूरदर्शिताको परिणाम हो । आज सारा नेपाली युवा विदेशमा तल्लो स्तरको कार्य गर्न विवश छन् जसको परिणाम आज आफ्नो परिचय लगभग गुमिसकेको अवस्था छ । शिक्षा नीति फितलो भएको परिणाम यसले प्रष्ट्याउँछ । यता धर्मकर्मशून्य संस्काररहित समाजको वृद्धि भइरहेको देखिन्छ । कारण हो पाठ्यक्रममा सदाचार, संस्कार तथा आफ्नो धर्मसंस्कृतिको अध्ययनको अभाव ।

नेपाली समाजका हरेक व्यक्तिको आ-आफ्नो शाखासूत्रअनुसारको मौलिक परम्परा छ । त्यो आफ्नो मौलिक परम्पराको ज्ञान हुनुपर्ने र त्यही अनुसारका धर्मकर्म संस्कार संस्कृति अपनाउनुपर्ने मानवमात्रको मुख्य दायित्व हो ।

शुक्लयजुर्वेद माध्यन्दिनीय शाखासूत्रका अनुयायीले अनुसरण गर्नुपर्ने शाखा सूत्रहरू यस प्रकार छन् : **शुक्लयजुर्वेद वाजसनेय माध्यन्दिनीय शाखा**, उपवेदमा- **धनुर्वेद**, ब्राह्मणमा- **शतपथ ब्राह्मण** (माध्यन्दिनीय), सूत्रमा- **कात्यायन श्रौतसूत्र**, **पारस्करगृह्यसूत्र**, **आपस्तम्बधर्मसूत्र**, स्मृतिमा **याज्ञवल्क्यस्मृति** र उपनिषद्मा **ईशावास्योपनिषद्** लिनुपर्दछ । यी शाखासूत्रका ग्रन्थ नै हाम्रा परिचायक हुन् । यी ग्रन्थहरूको अनुसरण नै नेपाली समाजको परिचय हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै वेद वा शाखासूत्र फरक भएका भए तिनीहरूले आफ्नै शाखासूत्रको अनुसरण गर्ने र आफ्ना शाखासूत्रमा नभएका विषयहरूलाई आफू निकट अन्य शाखासूत्रबाट लिनुपर्दछ ।

नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठ ज्योतिष विभागमा उपप्राध्यापक पदमा प्राध्यापनरत श्री नारायणप्रसाद निरौलाजीले हामीले दैनिक रूपमा पालन गर्नुपर्ने विभिन्न विषयहरूलाई समेटेर बहु उपयोगी ग्रन्थ स्थूलकाय रूपमा तयार पार्नुभएको देख्दा अत्यन्त खुशी लागेको छ । धर्मशास्त्र, ज्योतिष, वास्तुशास्त्र, संस्कृतको पूर्वापर विषयसंबद्ध ज्ञान आदिलाई समेटेर पुस्तक तयार पार्नुभएको हुँदा यस पुस्तकले सनातन धर्मको मर्मलाई एकपटक पुनः उजागर गर्ने प्रयत्न गरेको मैले पाएको छु ।

'विज्ञानको जननी संस्कृत', 'अध्यात्म नै अन्तिम सत्य हो', 'सपनाको फल विचार', 'प्रविधिका पिता विश्वकर्मा', 'के हो त व्रतबन्ध ?', 'कर्मकाण्ड एक विशिष्ट विधि', 'व्रत किन बसिन्छ ?' जस्ता विषयहरूको तथ्यसंकलनले हामी मानव जतिसुकै नास्तिक भए पनि एकचोटि सोच्न बाध्य बनाउँछ यो पुस्तकको अध्ययनले । वार्षिक रूपमा गरिने कृत्यहरूका अतिरिक्त जो अन्य विषयहरू यसमा समेटिएका छन् तिनीहरूले हामीलाई प्रत्येक कार्यका बारेमा मार्गनिर्देशन गरिरहेको पाइन्छ । कार्य किन गर्ने ? कसरी गर्ने ? र लक्षसम्म कसरी पुग्न सकिन्छ ? भन्ने कुराको उत्तर 'संस्कार-सुलोचना' पुस्तकले दिने प्रयत्न गरेको मैले पाएको छु । अन्त्यमा थर-गोत्रसँग सम्बन्धित विषयसमेत समावेश भएकाले यो पुस्तक अत्यन्त उपयोगी हुनुका साथै संग्रहणीय रहेको अवगत गराउँदै श्री नारायणप्रसाद निरौलाजीलाई उहाँको कलमको निरन्तरता रहोस् भन्ने हार्दिक शुभकामनाका साथ भगवत्प्रेरक यस श्लोकबाट विश्राम चाहन्छु -

कामतोऽकामतो वापि यत्करोमि शुभाशुभम् ।
तत्सर्वं त्वयि सन्यस्तं त्वत्प्रयुक्तः करोम्यहम् ॥ ॐ ॥

वैशाखशुक्ल प्रतिपदा २०७६
प्रदर्शनीमार्ग, काठमाडौं ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

व्यक्तिको वास्तविक पहिचान उसको स्वभाव, चरित्र र संस्कारले प्रस्तुत गर्दछ । संस्कारबिनाको मान्छे जड हो, केवल भौतिक मांसपिण्ड । संस्कारले नै मानिसलाई जीवनको सार्थकता प्रदान गर्दछ । उसको स्वभाव र चरित्रलाई पनि त्यही संस्कारले निर्देशित गरेको हुन्छ ।

हाम्रो हिन्दू सनातन धर्म र संस्कृतिले मानिसको जन्मदेखि मृत्युपर्यन्त अनेकौं संस्कार-कर्महरूको व्यवस्था गरेको छ । यी कर्महरूले हाम्रो जीवनलाई अनुशासित, कर्मशील, संयमित र स्वाभिमानी बनाउन मद्दत गर्दछन् । यिनको पालना र आचरण गर्नु हाम्रो कर्तव्य र दायित्व हो । शास्त्रविहित कर्मको निष्काम सम्पादनपूर्वक चित्तशुद्धिपश्चात् निष्काम भक्ति र ब्रह्मात्मैक्यज्ञानको सहाराले मानिस जीवनमुक्त भई जन्म-मरणादिको चक्रबाट छुटकारा पाउँछ र चिरसुखी बन्दछ भन्ने शास्त्र वचन छ, तर यसका लागि शास्त्रीय कर्म र संस्कारको यथोचित अनुष्ठान अपरिहार्य हुन आउँछ, र त्यो हुनका निम्ति संस्कार र कर्मको अन्तर्निहित आशय, व्यावहारिक जीवनमा तिनको प्रयोग, महत्त्व र उपादेयताका बारेमा राम्रो जानकारी हुनु आवश्यक छ । खास गरी संस्कृत भाषामा पर्याप्त पहुँच नभएका, विदेशी धर्म र संस्कृतिको प्रभाव र आकर्षणमा परेका युवा पुस्ताका लागि यस्तो जानकारी सरल, तर्कपूर्ण र संभव भएसम्म वैज्ञानिक आधारसहित प्रदान गर्नु झन् आवश्यक हुन गएको छ । त्यसैगरी हाम्रा चाडपर्व, व्रत र उपवास, तिथि-नक्षत्र, रीतिरिवाज, चाल-चलन, धर्मग्रन्थ र दर्शन, नीति वाक्य र मार्गदर्शन, ग्रह राशिको फलाफल र ज्योतिषशास्त्र, गोत्र-प्रवर परम्परा र स्वप्नको फलाफल जस्ता व्यावहारिक एवं पारमार्थिक जीवनलाई सुखी र सफल बनाउने सबै विषयका बारेमा एउटा साङ्गोपाङ्ग चिनारी पुस्तिका प्रकाशनमा ल्याउनु अत्यन्त वाञ्छनीय महसुस भएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस पृष्ठभूमिमा वाल्मीकि विद्यापीठमा अध्यापनरत ज्योतिषाचार्य विद्वान् नारायणप्रसाद निरौलाज्यूले उक्त आवश्यकता पूर्ति गर्ने प्रयोजनका लागि हाम्रो अनुरोधलाई स्वीकार गरी प्रस्तुत पुस्तकको रचना गरिदिनुभएको छ । हाम्री स्वर्गीय धर्मपत्नी तथा पूज्या माता सुलोचना ओझाको प्रथम वार्षिक पुण्यतिथिको अवसर पारेर हामी यो ग्रन्थ प्रकाशन गर्दैछौं । स्व.सुलोचना ओझा आफ्ना संस्कार कर्मको पालनामा अत्यन्त दत्तचित्त, उदार स्वभावकी, धर्मपरायणा, पुण्यवती महिला हुनुहुन्थ्यो । उहाँको पुण्यस्मृतिमा उहाँकै शुभनामसँग आबद्ध गरी लेखकले यो ग्रन्थको निर्माण गरिदिनुभएको छ ।

नामले संकेत गरेजस्तै संस्कार-कर्महरूका बारेमा पर्याप्त आलोक छर्न र त्यसलाई सबैका लागि दृष्टिगोचर बनाउन यो पुस्तक सफल होस् भन्ने कामना गर्दै यो पुस्तक प्रकाशन गर्ने अवसर प्राप्त भएकोमा लेखकलाई धन्यवाद अर्पण सहित हार्दिक प्रसन्नता व्यक्त गर्दछौं ।

प्रार्थी
नारायणप्रसाद ओझा (पति)
एवं
विशाल ओझा (पुत्र)
सुषमा ओझा (पुत्रवधू)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखकीय

'जे पढिन्छ त्यो लेख्नू र प्रकाशन गर्नू' भन्ने भनाइ कतै पढेको थिएँ । मलाई पनि उक्त कुरा ठीक लाग्यो र जीवनमा अभ्यास गर्ने यत्न थालेको छु । 'संस्कार सुलोचना' पनि आर्जित ज्ञानको उपज नै हो । वि. सं. २०६२/२०६३ को समयमा रेडियो जनकपुर ९७ मेगाहर्जमा 'चिनारी' कार्यक्रम सञ्चालन गर्दा यस्तै धार्मिक सांस्कृतिक विषयवस्तु उठान हुन्थे । लेखे पनि प्रकाशनको कार्यमा भने लागेको थिइन । वि. सं. २०६९ सालबाट दाङको बसाइसँगै 'साक्षी खबर पत्रिका' मार्फत् मेरा लेखहरू सर्वप्रथम प्रकाशनमा आएका हुन् । साप्ताहिक रूपमा तत् समयका धार्मिक सांस्कृतिक विषयवस्तु सम्बन्धी लेख तयार पारी प्रकाशन गर्ने क्रम बढ्न थाल्यो । वि. सं. २०७३ सालमा काठमाडौं आएपछि पनि विभिन्न पत्रपत्रिकामा लेख छापिए । अनलाइन पत्रिका 'हरेकपल डटकम'मार्फत् पनि समसामयिक धार्मिक सांस्कृतिक विषयवस्तु लेख्ने कार्य निरन्तर चलिरहेकै छ । सामाजिक सञ्जाल एवं ब्लगमार्फत् पनि यस्तै विषयवस्तु प्रस्तुत गर्ने सन्दर्भमा शतबीज छर्ने दिन मार्गशीर्ष कृष्ण चतुर्दशीको सन्दर्भले यो पुस्तक जन्मिएको हो ।

भगवान् पशुपतिनाथको कृपा आज सार्थक बन्न पुगेको छ । बालाचतुर्दशीको अघिल्लो दिन दीपदानका क्रममा श्रीपाशुपत क्षेत्रमा यस पुस्तकका प्रकाशक सदस्य श्री विशाल ओझाज्यूले बालाचतुर्दशीमा किन शतबीज छरिन्छ ? दीपदान किन गरिएको होला ? भन्ने प्रश्न सोध्नुभयो । मैले संक्षिप्त केही उत्तर दिएँ र बाँकी कुरा मेरा लेखमार्फत् सामाजिक सञ्जालमा अध्ययन गर्नका निम्ति आग्रह गरेँ । भोलिपल्ट अर्थात् बालाचतुर्दशीका दिन बिहान शतबीज छरिसकेपछि फोन गरेर लेखलाई पुस्तकाकार रूप दिने सुखद् समाचार सुनाउनु भयो । पाशुपत क्षेत्रबाट नै उहाँले उक्त उद्घोष गर्नुभएको थियो । मैले पनि सहर्ष स्वीकार गरी यो पुस्तकाकार कृति तयार पारेको हुँ । पुस्तक सबैका निम्ति सरल, ग्राह्य र उपयोगी होस् भन्ने हेतुले अन्य आवश्यकीय विषयवस्तु पनि समेट्ने यत्न गरेको छु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धेरै विषयवस्तु समेट्न खोज्दा गहिराइमा पुग्न भने सकिएको छैन । प्रत्येक शीर्षकका एक एक पुस्तक हुन्छन् । अथाह विषयवस्तुलाई संक्षेपीकृत गरी सामान्य जानकारीका रूपमा मात्र यो पुस्तक तयार भएको छ । मैले जे पढेँ, जे देखेँ र जे भेट्टाएँ सोही कुरा यस पुस्तकमा पनि प्रस्तुत गरेको छु ।

प्रस्तुत पुस्तकको भूमिकाका साथै सल्लाह सुझाव प्रदान गर्नुहुने मार्गदर्शक आदरणीय गुरु पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा.डा. रामचन्द्र गौतम तथा वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका विभागाध्यक्ष प्रा.डा. देवमणि भट्टराईज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यसैगरी ने.सं.वि. वाल्मीकि विद्यापीठ, इतिहास पुराण विभागका सहप्रा. नवराज घिमिरे, व्याकरण विभागका सहप्रा. नारायणप्रसाद पौडेल, न्याय विभागका डा. रामप्रसाद पौडेल, धर्मशास्त्र विभागका उपप्रा. सुरेश पौडेल, साहित्य विभागका उपप्रा. दुर्गाप्रसाद पौडेल, बौद्धदर्शन विभागका उपप्रा. निरज दाहाल लगायत प्रत्यक्ष एवं परोक्ष रूपमा मार्गदर्शन गराउनुहुने सम्पूर्ण प्राध्यापक गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रकाशन कार्यलाई सहज बनाउन सहयोग गर्नुका साथै सल्लाह र सुझाव समेत दिई सत्कार्यमा उत्प्रेरणा प्रदान गर्नुहुने नेपाल सरकारका पूर्वसचिव श्री कृष्ण झवालीज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। यसैगरी प्रकाशनको गहन जिम्मेवारीलाई स्वतस्फूर्त स्वीकार गरी सत्कार्यमा अग्रसर रहने आदरणीय श्री नारायणप्रसाद ओझा लगायत यस पुण्य कार्यलाई सहजताका साथ सम्पन्न गर्न सहयोग गर्नुहुने उहाँका सुपुत्र श्री विशाल ओझा, पुत्रवधू श्रीमती सुषमा ओझा, पुत्रीद्वय श्रीमती प्रभा झवाली एवं श्रीमती आभा शर्मा न्यौपाने, पौत्र सुश्रुत ओझा र पौत्री विपश्वी ओझाज्यूप्रति पनि आभारी छु । यसैगरी लेखन कार्यमा सहजता प्रदान गर्ने सहधर्मिणी निर्मला काफ्ले (निरौला) एवं पुत्र सम्भव निरौलालाई पनि धन्यवाद दिन चाहन्छु ।

यो संसारी धराधामलाई छोडी परलोक हुनुभएकी स्वर्गीय सुलोचना (डोलकुमारी) ओझालाई उत्तम लोक प्राप्तिहोस् भनी श्रीपशुपतिनाथसँग प्रार्थना गर्दछु ।

पौरस्त्य वाङ्मयका गहन विषयवस्तु पर्गेल्न निकै कठिन छ । अध्ययनार्थी भएको नाताले एउटा सानो प्रयास गरेको छु । विद्वज्जनको सल्लाह, सुझाबका साथै रचनात्मक प्रतिक्रियाको पनि अपेक्षा गर्दछु ।

नारायणप्रसाद निरौला
काठमाडौं, नेपाल
narayanniraula5@gmail.com

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय सूची

खण्ड-१: चाड-पर्व

हाम्रो नववर्षका वैज्ञानिक आधार ३
मातातीर्थ औंसी र आमाको महिमा ७
आमाको मुख कसरी हेर्ने ७
अक्षय तृतीयाका धार्मिक सांस्कृतिक पक्ष ११
एकादशी व्रत महिमा १५
गुरुको शास्त्रीय महिमा २०
शिव उपासना र श्रावण महिना २४
नागपञ्चमी महिमा २८
जनैपूर्णिमा र शास्त्रीय विधान ३१
श्रीकृष्ण जन्माष्टमी र कर्मयोग ३५
कुशेऔंसीका धार्मिक सांस्कृतिक पक्ष ३९
हरितालिका तीज र ऋषिपञ्चमीका धार्मिक सांस्कृतिक पक्ष ४२
प्रविधिका पिता विश्वकर्मा ४७
श्राद्ध विवेचना ५१
दशैं अर्थात् नवरात्रको महिमा (आयु द्रोणसुते... को अर्थ) ५८
तिहार एक चिनारी / लक्ष्मीपूजाको महिमा ६५
बालाचतुर्दशीमा किन छरिन्छ शतबीज ? ७०
श्रीस्वस्थानी व्रतमहिमा ७३
श्रीपञ्चमी र सरस्वती महिमा ७७
शिव आराधनाको उत्तम दिन महाशिवरात्रि ८१
कुन पूर्णिमामा कस्ता पर्वहरू पर्छन् ? ८५

खण्ड-२ : संस्कार

षोडश संस्कार परिचय ९३
के हो त व्रतबन्ध ? १०४
हाम्रो विवाह पद्धति १०८
अन्त्यकर्म संस्कार विमर्श ११३
आशौच निर्णय विचार/ जुठो सूतक कसलाई के कति लाग्छ ? १२१
कर्मकाण्ड : एक विशिष्ट विधि १२९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सङ्कल्पको वैज्ञानिक पक्ष १३३
लक्षवर्तिका प्रज्वलन : व्रतविधि र फल १३८
व्रत किन बसिन्छ ? १४२

खण्ड-३ : पौरस्त्य वाङ्मय

षड्दर्शन परिचय १४९
सन्तोषं परमं सुखम् १५४
विज्ञानको जननी संस्कृत १५८
कुन पुराणमा के छ ? १६७
संस्कृतका नीति वचन अमृत समान १७५
श्रीमद्भागवत महिमा १७९
अध्यात्म नै अन्तिम सत्य हो १८३

खण्ड-४ : ज्योतिष

चिना किन बनाइन्छ ? १८९
महिना र बार निर्धारणका वैज्ञानिक पक्ष १९२
ग्रहण विचार १९७
गुरु-शुक्र अस्त र यसले पार्ने प्रभाव २०१
ग्रहशान्तिका अनेक उपाय २०५
शास्त्रीय भविष्यवाणी यथार्थ सावित हुंदै २१४
वास्तु अनुसार कस्तो हुनुपर्छ हाम्रो घर ? २१८
सपनाको फल विचार २२७
आवश्यकीय ज्योतिष ज्ञान २३७
  द्विपुष्कर योग २३८
  त्रिपुष्कर योग २३८
  राहु मुख विचार २४०
  तिथि विचार २४०
    पक्षरन्ध्र तिथि २४०
    क्षय वृद्धि तिथि २४०
    सूक्ष्म तिथि २४०
    दग्ध तिथि २४१
    पर्व तिथि २४१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिथिका नन्दादि संज्ञा २४१
कुन दिशाको यात्रा गर्दा के खाने ? २४२
यात्रामा अपशकुन देखिए के गर्ने ? २४२
यात्रामा नवौं दिन विचार २४२
ग्रह एक राशिमा रहने अवधि २४३
सङ्क्रान्तिको विशेष पुण्यकाल २४३
कार्य अनुसार महिनाको प्रधानता २४३
पञ्चक, शरून वा भद्वा २४४
महिनाका वैदिक नाम, सूर्यको नाम र मासाधिपति देवी-देवता २४४
अधिकमास र क्षयमास विचार २४५
पूर्णिमा र औंसीका भेद २४५
बारअनुसार लेनदेन २४६

खण्ड-५ : विविध

दान गर्ने वस्तु र तिनका देवता २४९
कुन वस्तु दान गर्दा कहाँ छुनुपर्छ ? २५०
गायत्री मन्त्र २५१
पत्नी कुन समयमा पतिको कता बस्ने ? २५१
कुन देवताको कतिपटक परिक्रमा गर्ने २५१
सङ्ख्या, वस्तु र अवस्थाको ज्ञान २५२
पञ्चाङ्ग २५२
पञ्चधेनु (गाई) दान २५३
वेदाङ्ग २५३
सप्तर्षि २५३
सात द्विप २५३
सप्तधान्य २५३
अष्टचिरञ्जीवी २५३
अष्टधातु २५४
अष्टाङ्ग अर्घ्य २५४
अष्टाङ्ग योग २५४
साष्टाङ्ग प्रणाम २५४
अष्टवसु २५४
अष्टमहादान २५४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवरस २५४
नवदुर्गा २५५
दश महादान २५५
अग्निका दशकला २५५
एकादश रूद्र २५५
सूर्यका बाह्र कला २५५
सूर्यका बाह्र नाम २५५
तेह्र पददान २५६
चौध मनु र आरम्भ तिथि २५६
चौध विद्या २५६
चन्द्रमाका सोह्र कला २५६
आरती किन गरिन्छ ? २५७
कुन कार्यमा कुन औंलाको प्रयोग गर्ने ? २५७
कुन मन्दिरमा कुन बाजा निषेध छ ? २५८
घरमा अशान्ति हुने कुरा २५८
कुन वस्तु कुन देवतालाई प्रिय हुन्छ ? २५८
कस्तो फूल अशुद्ध मानिन्छ ? २५८
पिपलको पूजा कहिले गर्ने ? २५९
हवनको चरु के कसरी बनाउने ? २५९
कस्ता शब्दमा महा जोड्नुहुँदैन ? २५९
ब्रह्ममुहूर्त्तमा किन सुत्नु हुँदैन ? २६०
आसन कस्तो हुनुपर्दछ ? २६०
जनै कतिबेला नयाँ फेर्नुपर्छ ? २६१
चन्दन वा टीका निधारमा किन लगाइन्छ ? २६२
हातमा तीर्थ २६२
साँझबत्ती किन बालिन्छ ? २६३
वायु विचार २६३
रुद्राभिषेक र फल विचार २६४
अग्नि विचार २६५
गोत्र-थर-प्रवरावली २६८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संक्षिप्त शब्द संकेत

अनु.	=	अनुवाद ।
ई. सं.	=	ईशवीय संवत् ।
जातक	=	जन्मलिने व्यक्ति ।
टीका.	=	टीकाकार ।
टिप्पणी.	=	टिप्पणीकार ।
तृ. संस्क.	=	तृतीय संस्करण ।
पृ.	=	पृष्ठसंख्या ।
म. अ.	=	मध्यमाधिकार ।
द्वि. संस्क.	=	द्वितीय संस्करण ।
निर्दे.	=	निर्देशक ।
ने. सं. वि.	=	नेपाल संस्कृत विश्वविद्यालय ।
मनु.	=	मनुस्मृति ।
व्याख्या.	=	व्याख्याकार ।
वि.सं.	=	विक्रम संवत् ।
श्लो.	=	श्लोक संख्या ।
शक.	=	शकसंवत् ।
शि.व.	=	शिक्षावल्ली ।
सम्पा.	=	सम्पादक ।
सपिण्ड	=	सातपुस्ता भित्रका दाजुभाइ ।
संस्क.	=	संस्करण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड–१

चाडपर्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो नववर्षका वैज्ञानिक आधार

समय गतिशील छ । यही गतिले नै युग परिवर्तन भइरहन्छ । युगको परिवर्तन नै वास्तवमा नयाँ वर्ष हो । गतिशील प्रवाहलाई केवल निर्धारण गर्न मात्र सकिन्छ, रोक्ने सामार्थ्य हामीमा छैन । यही मापनको आरम्भ नै युगको आद्य विन्दु हो । पौरस्त्य ज्योतिषशास्त्रको आधार हेर्ने हो भने यस्ता युगको निकै लामो इतिवृत्त अङ्कन भएको पाइन्छ । ब्रह्माको एक दिनलाई एक कल्प भनिन्छ *(सूर्यसिद्धान्त, १/२०)* । ब्रह्माको एक अहोरात्र (२४ घण्टा)मा दुई कल्प हुन्छन् । प्रत्येक कल्पान्तमा लय हुन्छ *(सिद्धान्तशिरोमणि, १/२७)* । सृष्टिकर्ता ब्रह्माको आयु सय वर्षको छ । हाल ब्रह्माजीको आधा आयु बितिसकेको छ ।

परमायुः शतं तस्य तयाऽहोरात्रसङ्ख्यया ।
आयुषोऽर्धमितं तस्य शेषकल्पोऽयमादिमः ॥ *(सूर्यसिद्धान्त, १/२१)*

यसैगरी ब्रह्माको एक सय वर्ष व्यतीत भएपछि एक महाकल्प हुन्छ *(सिद्धान्तशिरोमणि, १/२५)* । सो पश्चात् पुनः अर्को ब्रह्माजीको उत्पत्ति भई सृष्टिको आरम्भ हुने गर्दछ ।

ब्रह्माको एक दिनमा नै चार अर्ब बत्तीस करोड सौरवर्ष हुन्छन् *(सूर्यसिद्धान्त, पृ. १३)* । ब्रह्माको पचास वर्षको आयु व्यतीत भएर हाल एकाउन्न वर्ष चलिरहेको छ । सोही एकाउन्न वर्षअन्तर्गतको एक ब्रह्मदिनमा हामी चलिरहेका छौँ । ब्रह्माको एक कल्पमा चौध मनु हुन्छन् । तिनै चौध मध्ये हाल सातौँ वैवस्वत मनु चलि रहेका छन् *(सिद्धान्तशिरोमणि, १/२८)* । वैवस्वत मनुका एकहत्तर महायुग मध्ये हाल अट्ठाइसौँ महायुग चलिरहेको छ । अट्ठाइसौँ महायुगका पनि सत्य, त्रेता र द्वापरयुग बितिसकेका छन् । हाल कलि युगको ५१२० औँ वर्ष चलिरहेको छ *(वि.सं. २०७६ सम्म)* । ब्रह्माको सृष्टि आरम्भदेखि हालसम्म १,९५,५८,८५,१२० वर्ष व्यतीत भइसकेका छन् *(वि.सं. २०७६ सम्म)* । यसमा पनि ब्रह्मालाई सृष्टि गर्न एक करोड सत्तरी लाख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चौसट्ठी हजार वर्ष लागेको कुरा सूर्य सिद्धान्तमा बताइएको छ । यस्ता सृष्टि पनि कति भए भन्ने यकिन गर्न सकिँदैन । विद्वान्का मतलाई हेर्ने हो भने यस्ता सृष्टि अनन्त वितेका छन्, जसको परिगणनाको आधार पाउन असम्भव छ । त्यसैले कुनै कालको एक विन्दुबाट निर्धारण गरिएको समयलाई नै आधार मानेर वर्षारम्भको गणना गरिन्छ ।

वर्ष गणनाका आधार भिन्न-भिन्न हुन सक्छन् । विशेष गरी सूर्यलाई आधार मानेर वर्ष गणना गर्ने परम्परा प्राचीन हो । चन्द्रमाको गतिस्थितिलाई आधार मानेर पनि वर्ष गणना गरिन्छ । एक वर्षको समय व्यतीत भई अर्को वर्षको आरम्भ हुँदा नववर्ष मनाइन्छ । आरम्भ राम्रो रह्यो भने वर्षभरि नै शुभ हुन्छ भन्ने धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक मान्यता रहेको छ ।

विशेष गरी सूर्यले एक चक्र अर्थात् ३६० डिग्री परिभ्रमण पूरा गरेपछि एक सौर वर्ष हुन्छ । विक्रम संवत्को नयाँ वर्षारम्भ वैशाख एक गते हुने भएकाले यस दिनलाई विशेष पर्वका रूपमा मनाइन्छ । यसैगरी चान्द्रवर्षको आरम्भ चैत्र शुक्ल प्रतिपदामा हुने गर्दछ । प्रत्येक वर्ष एउटा संवत्सर पनि परिवर्तन भइरहेको हुन्छ । उक्त संवत्सर चैत्र शुक्ल प्रतिपदामा नयाँ फेरिन्छ । बृहस्पतिको मध्यम भोगकाललाई वर्ष निर्धारणको आधार मानिएको छः **बृहस्पतेर्मध्यमराशिभोगात् संवत्सरं सांहितिका वदन्ति** *(सिद्धान्तशिरोमणि, म.अ. कालमानाध्याय, श्लो. ३०)* वैशाख एक गते सूर्य मीन राशिबाट मेषमा संक्रमण हुन्छन् । सूर्यले एक चक्र परिक्रमण पूरा गरी अर्को चक्रको भ्रमण आरम्भ गरेको समय नै नववर्ष हो ।

वैशाख एक गते सूर्य मेष राशिमा सङ्क्रमित हुन्छन् । यो दिनलाई वैशाख सङ्क्रान्ति पनि भनिन्छ । ज्योतिषीय गणनामा वैशाख एक गते विषुवत् दिन पनि हो । दिन र रात बराबर हुने समयलाई विषुवत् दिन भनिन्छ । महिनाको निर्धारण गर्ने आधार सूर्य नै हो । सूर्यले ३० अंश (डिग्री) पार गरेपछि एक महिना हुन्छ । यसरी १२ वटा राशि सूर्यले पार गरिसकेपछि एक वर्ष निर्धारण गर्ने ज्योतिषीय पद्धति रहेको छ । आकाशमा सूर्यको गति स्थिति निर्धारण गरेर त्यसकै आधारमा महिना, वर्ष, पर्व आदिको निर्धारण गरिन्छ । सूर्यले ३० अंश पार गर्न कहिले ३२ दिन त कहिले २९ दिन लाग्छ । यसैगरी दिन र रात पनि सूर्यकै आधारमा साना ठूला हुने गर्दछन् । सूर्यको गति अपचलन भइरहने कारणले नै महिनाहरू पनि लामा र छोटा हुन्छन् । सूर्यले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३६० अंश (डिग्री) पार गरिसकेपछि एक वर्ष हुन्छ । सोही सूर्यले पुनः अर्को चक्र आरम्भ गर्दा नववर्ष मनाउने गरिन्छ । वर्ष, अयन, ऋतु र मान सूर्यका आधारमा मानिन्छ *(पूर्ववत, श्लो. ३१)* । सूर्य मेष राशिमा संक्रामित भएको समय नै नववर्षको आरम्भ काल हो ।

यही समयमा नववर्ष आरम्भ हुनुमा वसन्त ऋतुकालीन सुन्दर आह्लादित परिदृश्य पनि कारक रहेको छ । यस्तो सुन्दर र सौम्य परिवेशमा वर्षारम्भ गर्ने चलन पनि निकै पुरानो हो । हरेक संवत्का नयाँ वर्षारम्भ भिन्न भिन्न दिनमा हुने गर्दछन् । ईशवीय नववर्ष पुस १७ गते तिर पर्छ भने कार्तिक शुक्ल प्रतिपदाबाट नेपाल संवत्को नववर्षारम्भ हुन्छ । **समवसति ऋतवः** अर्थात् जुन समयमा राम्रो ऋतु पर्छ त्यही नै वर्षारम्भको आधार हुन्छ भन्ने कुराबाट वसन्त ऋतुकालीन समयको विशेष महिमा झल्केको पुष्टि हुन्छ । यसैले गर्दा विक्रम संवत् प्रयुक्त क्षेत्रको नववर्षारम्भ वसन्त ऋतुमा हुन्छ । धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक आधारमा वर्षारम्भ निर्धारण भएका छन् । राजा विक्रमादित्यले देशका सम्पूर्ण ऋणीको ऋण चुक्ता गरी देशलाई ऋणमुक्त बनाई आरम्भ गरेको वर्ष नै विक्रमको पहिलो नववर्ष हो । यसको प्रचलन नर्मदा नदीको तटदेखि उत्तरतर्फ विशेष छ । विक्रम सम्वत्भन्दा पहिले युधिष्ठिर संवत् प्रचलनमा थियो ।

चान्द्रमासको आधारमा भने नववर्ष चैत्र शुक्ल प्रतिपदाका दिन हुने गर्दछ । लोक व्यवहारमा वैशाखलाई विशेष प्राथमिकता दिएका कारण पनि चान्द्र वर्षको भन्दा सौरवर्षको आरम्भ नै विशेष ग्रहणीय बनेको हो । हाम्रो लोक व्यवहारमा सौर र चान्द्र दुवै वर्ष प्रचलित छन् । सौर र चान्द्र मासबीच तादात्म्य मिलाउँदा अधि र क्षयमास संस्कार गर्नु पर्ने हुन्छ । चान्द्र महिनामा सौर सङ्क्रान्ति परेन भने अधिमास हुन्छ र एउटा सौर मासमा एउटा पनि औंसी परेन भने क्षय मास हुने गर्दछ *(सिद्धान्त शिरोमणि, म.अ. अधिमासादिनिर्णय श्लो. ६)* । सौर र चान्द्र वर्ष दुवै हाम्रो परम्परामा प्रचलित रहेकाले यी दुई महिना बीचको मिलान गर्न अधि र क्षय मासको अवधारणा ल्याइएको हो । महिनाको आरम्भ कालमा स्नान, दान आदि कर्म शुभ रहन्छन् *(धर्मसिन्धु, पृ. २-३)* । यसैगरी वर्षारम्भमा पञ्चाङ्ग एवं वर्षफल श्रवण पनि शुभ मानिएको छ ।

वैशाख महिनामा सूर्य मेष राशिमा हुन्छन् । यसैगरी क्रमशः सूर्यको परिभ्रमण वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र मीन राशिमा भइरहन्छ । वर्षदिनमा एक राशिचक्र सूर्यले पार गर्ने भएकाले सूर्यको चक्र भोग (३६० डिग्री) काल नै एक वर्षको समय हो । जसअन्तर्गत ३६५ दिन १५ घण्टा ११ मिनेटको समय हुन्छ । चन्द्रमाले एकपटक पृथ्वीलाई परिक्रमा गर्न ३५४ दिन लाग्छ । जसलाई एक चान्द्रवर्ष भनिन्छ । यी दुवै वर्षलाई मिलान गर्दा ३२ सौरमासमा एक अधिमास पर्ने गर्दछ । यसरी निर्धारण गरिएका वर्षको गणना आरम्भ भएको दिन नै वास्तवमा नववर्षको आद्य बिन्दु हो ।

वर्षारम्भ नयाँ युगको चेतना पनि हो । समयको गतिलाई मापन गर्न संवत्सरहरू चलाइएका हुन् । गतिशील समयले हामी सबैलाई सचेत गराइरहेको हुन्छ । समयको प्रवाहमा बग्न सक्नु नै जीवन हो । नयाँ युगले नयाँ परिवेश सृजना गरिरहेको हुन्छ । यो नियमित प्रक्रिया भए पनि वर्षारम्भले आफ्ना धार्मिक सांस्कृतिक र ऐतिहासिक घटनावली निर्धारण गरिरहेको हुन्छ । आकाशीय ग्रह गतिका आधारमा निर्धारण गरिएका हाम्रा नववर्ष प्रकृतिको परिवर्तनसँगै चल्ने भएकाले पनि वैज्ञानिक रहेको पुष्टि हुन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मातातीर्थ औंसी र आमाको महिमा

कसरी हेर्ने आमाको मुख ?

आमा सबैकी पूज्य देवी हुन् । हरेक वैशाख कृष्ण औंसीका दिन मातातीर्थ औंसी पर्ने गर्दछ । यस दिन आमाप्रति श्रद्धा भक्ति प्रकट गर्नाले पुण्य प्राप्त हुने शास्त्रीय वचन रहेको छ । संस्कृतमा **मातृ** शब्दबाट माता बन्दछ (**मान् पूजायां तृच्** भई न को लोप भएपछि माता शब्द निर्माण हुन्छ) । जसको अर्थ पूज्य भन्ने हुन्छ । मातालाई सदा पूज्य स्थान प्रदान गरिएको छ । नेपालीमा माता शब्द नै अपभ्रंश हुदै आमामा परिणत भएको हो । सृष्टिदातृ आमाको महिमा अपरम्पार छ । आमाका थुप्रै पर्यायवाची नाम रहेका छन् : जननी, जनयित्री, मातृ, मातृका, अम्बा, सावित्री, अम्बिका, अम्बाला, अम्बाली, अम्बालिका, प्रसू, प्रसविनी, जननी, प्रसवित्री, जनिका, करवीरी, गुर्वी, जनित्री, धात्री, प्रकृति, प्रजनिका, अरणी, अम्बा आदि । यसैगरी आमालाई पहिलो गुरु पनि मानिन्छ । यो संसारमा सृष्टि गरी बाँच्न, हाँस्न र खेल्न सिकाउने पहिलो गुरु आमा नै हुन् । त्यसैले यस दिन आमालाई प्रथम गुरुको रूपमा पनि पूजा गर्नु उपयुक्त हुन्छ ।

आमालाई साक्षात् सृष्टिकर्ताको संज्ञा शास्त्रले प्रदान गरेको छ । आमाप्रति भक्ति–भाव व्यक्त गर्ने विशेष दिन मातातीर्थ औंसी हो । वैशाख कृष्ण अमावाश्यामा मातृप्रति श्रद्धा भक्ति–भाव प्रकट गर्ने शास्त्रीय विधान रहेको छ । जुन हाम्रो नित्य परम्परा हो । सृष्टिकर्ताका रूपमा ऋग्वेदले आमालाई उल्लेख गरेको छ– **अस्येदु मातुः सवनेषु सद्योमहः ॥** *(ऋग्वेद, १।६१।७)* अर्थात् आमा संसारकी सर्जक, सृष्टिकर्ता हुन् । यसैगरी यजुर्वेदले पनि अम्बाका रूपमा आमालाई सम्बोधन गरेको छ–

अम्बे अम्बिकेम्बालिके न मा नयतिकश्चन ।
ससश्त्यश्वकः सुभद्रिकां काम्पीलवासिनीम् ॥ *(यजुर्वेद, २३।१८)*

आमालाई शास्त्रले देवताको संज्ञा दिएको छ । पौरस्त्य वाङ्मयमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आमाको स्थान सबैभन्दा माथि रहेको छ । आमा संसार सृष्टि गर्ने पहिलो सर्जक हुन् । उनले आफ्नो प्रसव वेदनालाई सहन गरेरै भए पनि एउटा नयाँ सृष्टिको जन्म दिन्छिन् । त्यसैले त वेदले पनि उच्च आदरका साथ आमाको उच्चारण गरेको छ-

आ मा वाजस्य प्रसवो जगम्यादेमे द्यावापृथिवी विश्वरूपे ।
आ मा गन्तां पितरा मातरा चा मा सोमोऽअमृतत्वेन गम्यात् ॥

(यजुर्वेद, ९/१९)

मातृदेवो भव *(तैत्तिरीयोपनिषद्, १/११)* अर्थात् आमा देवता समान हुन् । यसैगरी पिता भन्दा पनि हजार गुणा माथिको स्थान आमालाई शास्त्रले दिएको छ । **सहस्रं तु पितृन् माता गौरवेणातिरिच्यते** *(मनुस्मृति, २/१४५)* ।

सोह्र प्रकारका माताको वर्णन ब्रह्मवैवर्त पुराणले गरेको छ ।

स्तनदात्री गर्भधात्री भक्षदात्री गुरुप्रिया ।
अभीष्टदेवपत्नी च पितुः पत्नी च कन्यका ॥
सगर्भजा या भगिनी पुत्रपत्नी प्रियाप्रसूः ।
मातुर्माता पितुर्माता सोदरस्य प्रिया तथा ॥
मातुः पितुश्च भगिनी मातुलानी तथैव च ।
जनानां वेदविहिता मातरः षोडश स्मृताः ॥

(ब्रह्मवैवर्तपुराण गणपतिखण्ड, कार्तिकेय संवाद, १५ अध्याय)

अर्थात् गुरुपत्नी, राजपत्नी, छोराबुहारी, ठूलीआमा वा सानी आमा, फुपू, शिष्यपत्नी, मित्रपत्नी, माइजू, सौतेनी आमा, भाइबुहारी, सासू, बहिनी, छोरी, जन्मदिने आमा र इष्टदेवीलाई आमा भनिएको छ । कतै कतै सात प्रकारका आमाको पनि वर्णन पाइन्छ-

आदौ माता गुरोः पत्नी ब्राह्मणी राजपत्नीका ।
गावी धात्री तथा पृथ्वी सप्तैता मातरः स्मृताः ॥ *(शब्दकल्पद्रुम)*

यसैगरी सोह्र मातृकाको विधान पनि पाइन्छ : गौरी, पद्मा, शची, मेधा, सावित्री, विजया, जया, देवसेना, स्वधा, स्वाहा, शान्ति, पुष्टि, धृति, तुष्टि, आत्म-देवता, कुलदेवता *(संस्कृत-नेपाली बृहद् शब्दकोश, पृ. १३२३)* । जे भए पनि आमाको स्थान सर्वोपरि रहेको कुरा यस्ता विभिन्न उक्तिबाट पनि प्रष्ट हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्येक शुभकर्म गर्नुअघि मातृका पूजन गर्ने विधान पौरस्त्य परम्परामा रहेको छ । पूर्वाङ्गमा नान्दीमुखी श्राद्ध गरिन्छ जुन मातृप्रधान छ । यसैगरी आदित्यादि सत्र मातृका, गौर्यादि सात तोरणमातृका, नन्दादि सात द्वारमातृका, गौर्यादि षोडशमातृका, ब्रह्मादि सातमातृकाको पूजा आराधना पश्चात् मात्र विवाह, व्रतबन्ध, पुराण आदि यज्ञ आरम्भ गर्नु पर्ने विधानले पनि मातृस्थान उच्च रहेको पुष्टि गर्छ ।

आमा नित्य पूज्य हुन्छिन् । सधैँ दुःखको दलदलमा फसाएर एकदिन आमालाई मिष्टान्न खुवाउँदैमा आमाको सच्चा भक्ति भाव हुन सक्दैन । नित्य पूज्य भाव प्रकट र सोही अनुसारको व्यवहार गर्न सकियो भने मात्र आमाको सही अर्थमा पूजा हुने गर्दछ । माता शब्द नै पूज्य अर्थमा बनेको हुँदा आमाको स्थान नित्य पूज्य हुन्छ । मातृऔंसी आमाप्रति विशेष भक्तिभाव प्रकट गर्ने दिन हो । यस दिन आमा हुनेले आमालाई नै प्रत्यक्ष भेटेर राम्रा वस्तु दिने, खुवाउने, खुशी राख्ने गर्दछन् । आमा नहुनेले आमाप्रति भक्ति-भावपूर्वक तीर्थमा गई श्राद्ध गर्ने चलन रहेको छ । विशेषतः यस दिन तीर्थमा गई आमा नहुनेले आमाको श्राद्ध गरेमा मातृऋणबाट मुक्त हुने धार्मिक मान्यता रहेको छ । काठमाडौँको माताततीर्थ लगायतका अन्य तीर्थमा वैशाख अमावाश्यामा मेला लाग्ने गर्दछ ।

औंसीकै दिन किन आमाको मुख हेर्ने भन्ने विषयमा पनि प्रश्न उठ्न सक्छ । विशेषतः स्वर्गबास भएकी आमाको श्राद्ध गर्ने उपयुक्त दिन औंसी हो । औंसीका दिन पितृलोक समुज्वल हुने भएकाले यस्तो विधान गरिएको हो । हाम्रो एक महिना (चान्द्रमास) बराबर पितृका निम्ति एकदिन (२४ घण्टा) हुन्छ । त्यसैले कृष्णपक्ष पितृका निम्ति दिन हो भने शुक्लपक्ष रात हो । औंसीमा पितृको मध्यदिन हुन्छ । अतः पितृको दिनमा श्रद्धाभावले प्रदान गरिएको जल एवं पिण्डादिले पितृ तृप्त हुने शास्त्रीय मान्यता रहेको छ ।

संसारमा पुत्र बरु कुपुत्र हुनसक्छन् तर कुमाता कहिल्यै हुँदैनन् । त्यसैले त शङ्कराचार्यले भन्नु भएको छ **कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति ।** *(दुर्गासप्तशती, पृ. २२६ शङ्कराचार्यविरचित)* अर्थात् संसारमा मातृस्थान सर्वोपरि छ । सारा मिटाएरै भए पनि सन्तानको हेरचाह आमाले नै गरेकी हुन्छिन् । सन्तानका निम्ति आमाले जति त्याग तपस्या कसैले पनि गरेको हुँदैन । त्यसैले मनुले पनि भनेका छन्-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः ।
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफलाः क्रियाः ॥ *(मनुस्मृति, ३/५६)*

अर्थात् जहाँ नारीको पूजा हुन्छ, सम्मान हुन्छ त्यहाँ त्यो बेला देवता पनि खुशी हुन्छन् । नारीको सम्मान नगरी थालिएका कार्य निष्फल रहन्छन् । देवतालाई खुशी पार्नु छ भने पनि आमाको पूजा, मातृसद्भाव र श्रद्धाभाव व्यक्त गर्नु आवश्यक छ । मातृशक्तिलाई आद्य शक्ति मानिएको छ । सृष्टि, स्थिति र लय आद्य शक्ति भगवतीकै कृपाले सम्भव हुने भएकाले पनि मातृशक्तिको महिमा विशेष छ । महाकाली, महालक्ष्मी र महासरस्वती देवीकै प्रतिमूर्ति हुन् । हामीले नित्य जप्ने गायत्री मन्त्र भनौँ या अर्धनारीश्वर शिवजी भनौँ जहाँ पनि मातृशक्तिको प्राधान्य रहेको पाइन्छ । त्यसैले आमाको सेवा गर्नु भनेको भगवतीको उपासना गर्नु हो । देवी, भगवती भनेकै आमा हुन् ।

आमा साक्षात् देवीकै प्रतिमूर्ति हुन् । जसरी भगवती देवीको पूजा हुन्छ त्यसरी नै आमाको पनि पूजा गर्नु पर्दछ । विशेषतः आमाको मनमा नित्य खुशीको वहार छाउन सक्नु मुख हेर्नुको तात्पर्य हो । आमालाई एकदिन भन्दा पनि सधैँ खुशी राख्ने कार्यमा लाग्नु नै सच्चा मुख हेराइ हुन्छ । त्यसैले आमा हुनेले आमाको समीप गई विधिपूर्वक पूजा अर्चना गरेर अनि नहुनेले तीर्थमा गई श्राद्ध गरेर आमाको मुख हेर्ने दिन मनाउन सकिन्छ । हामी सबैले आमालाई खुशी राख्न सकौँ । यही कामना । **वन्दे मातरम् ॥**

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अक्षय तृतीयाका धार्मिक सांस्कृतिक पक्ष

ऋतुराज वसन्तको पावनीसँगै वैशाख शुक्ल तृतीयाका दिन अक्षय तृतीया पर्व आउने गर्दछ । **नास्ति क्षयो यस्य सः अक्षयः** *(शब्दकल्पद्रुम)* अर्थात् कहिल्यै नाश नहुने 'अक्षय' शब्दको अर्थ हुन्छ । यस दिन गरिएका कार्यको फल अक्षय अर्थात् कहिल्यै नाश नहुने शास्त्रमा बताइएको छ । त्यसैले यस दिन शुभ पुण्य कार्य गर्नु उत्तम मानिन्छ । यो दिन आफैमा एक मुहूर्त्त पनि हो । नयाँ कार्यको थालनी यस दिन गर्नु शुभ मानिएको छ । भविष्य पुराणमा सोमबार औंसी, आइतबार सप्तमी, मंगलबार चतुर्थी र बिहीबार अष्टमी तिथि परेको दिनलाई पनि अक्षया भनिएको छ ।

अमा वै सोमवारेण रविवारेण सप्तमी ।
चतुर्थी भौमबारेण अक्षयादपि चाक्षया ॥ *(भविष्यपुराण)*

अर्थात् यी तिथि सहितको बार परेको दिनलाई अक्षया भनिन्छ ।

अक्षय तृतीया त्रेतायुगको आरम्भ भएको दिन पनि हो ।

वैशाखशुक्लतृतीयायां चन्द्रे रोहिणीभे द्वितीयप्रहरे शोभनयोगे त्रेतोत्पत्तिः ॥

(काशी विश्वनाथ पञ्चाङ्ग-२०७१, पृ. २)

अर्थात् वैशाख शुक्ल तृतीया तिथि, रोहिणी नक्षत्रको द्वितीय प्रहर शोभनयोगमा त्रेता युगको उत्पत्ति भएको हो । जुन समयमा भगवान् श्रीरामचन्द्रको अवतार भएको थियो । उक्त समय आजभन्दापूर्व २१,६५,११८ वर्षदेखि ८,६४,११८ वर्षसम्मको हो । यो समयमा विश्वामित्र, भगीरथ, दिलिप, मकरध्वज, दशरथ, राम, लवकुशले राज्य गरेका थिए । भगवान् श्रीराम, परशुराम, नरनारायण एवं वामन अवतार भएको समय पनि यही हो । सत्य पछि त्रेता, त्रेतापछि द्वापर र द्वापरपछि कलियुगको पनि ५१२० (वि.सं. २०७६) औं वर्षमा हामी हिंडिरहेका छौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैशाख शुक्ल तृतीयामा दान गरेका वस्तुको अक्षय पुण्य प्राप्त हुन्छ भन्ने कुरा शास्त्रमा बताइएको छ-

वैशाखे मासि राजेन्द्र शुक्लपक्षे तृतीयका ।
अक्षया सा तिथिः प्रोक्ता कृत्तिकारोहिणीयुता ।
तस्यां दानादिकं पुण्यमक्षयं समुदाहृतम् ॥ *(तिथ्यादितत्त्वम्)*

अर्थात् कृत्तिका वा रोहिणी नक्षत्रयुक्त अक्षय तृतीयामा गरिएको दान अक्षय पुण्यफलदायी हुन्छ । विशेषतः यस दिन शास्त्रले दानादि कार्यको विशेष फल बताएका छन् । सर्बतसहितको जलपात्र दान गर्नाले अक्षय पुण्य प्राप्त हुने गर्दछ । यसैगरी जौको सातु दान दिएर खानाले पनि अक्षय पुण्य प्राप्त हुने शास्त्रीय वचन छ ।

यत्किञ्चिद्दीयते दानं स्वल्पं वा यदि वा बहु ।
तत्सर्वमक्षयं यस्मात्तेनेयमक्षया स्मृता ॥ *(ने.सं.वि. पञ्चाङ्गम्-२०७५, पृ. ५९)*

अर्थात् थोरै वस्तु दान गरेपनि त्यो अक्षय हुन्छ । अर्थात् त्यसको शत प्रतिशत फल भोग गर्न पाइन्छ ।

यसै प्रसङ्गमा भगवान् श्रीकृष्ण र सुदामाको कथा पनि पाइन्छ । गरीब सुदामा धन माग्नका निमित्त एकदिन आफ्ना साथी श्रीकृष्णलाई भेट्न द्वारका जान्छन् । त्यत्तिकै भेट्न जानु हुँदैन भनेर आफूसँग भएको कनिका पोको पारेर कोसेली लैजान्छन् । जुन देखाउन र दिन सुदामालाई संकोच हुन्छ । भगवान् श्रीकृष्णसँग भेटमा सारा कुराकानी हुन्छन् । सुदामाले आफूले ल्याएको कोसेली झिक्न सक्दैनन् । भगवान् श्रीकृष्णले कोसेली पक्कै छ भन्दै सुदामाको काखीमा देखेर माग्नु हुन्छ । सुदामाले लाजमान्दै उक्त कनिकाको कोसेली दिन्छन् । भगवान् श्रीकृष्णले उक्त कोसेली मीठो मानी खाएपछि सुदामाजीलाई कति कामले आउनु भएको थियो भनी सोध्नु हुन्छ । सुदामाले साथी भेट्न आएको कुरा बताउछन् तर आफू गरीब भएर धन माग्न आएको भन्न सक्दैनन् । धन माग्न गएका सुदामा धनै नमागी आफ्नो घरतर्फ फर्किछन् । तर फर्कदा उनको घरमा सम्पन्नता आइसकेको हुन्छ । घरका जहान परिवार चिन्न नसक्ने भइसकेका हुन्छन् । सुदामा पत्नीले यो सारा भगवान् श्रीकृष्णको अनुकम्पाले प्राप्त भएको हो भनी सुनाउँछिन् । त्यसपछि सुदामा छक्क पर्दै भगवान् श्रीकृष्णको स्तुति गर्न थाल्छन् । यसरी सुदामाले भगवान्सँग भेटेको दिन पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अक्षय तृतीया नै थियो । सोही दिनबाट सुदामाको दारिद्र्य नाश भएको थियो । अर्थात् उक्त दिन गरेको पुण्यको प्रभावले गर्दा नै सम्पन्नता प्राप्त भएको हो । अर्थात् कनिका दानको प्रभाव सम्पन्नतामा परिणत भएको हो ।

अक्षय तृतीयाका दिन धर्मघट दान गर्नाले अक्षय पुण्य प्राप्त हुन्छ ।

एष धर्मघटो दत्तो ब्रह्मविष्णुशिवात्मकः ।
अस्य प्रदानात्तृप्यन्तु पितरोऽपि पितामहाः ॥
गन्धोदकं तिलैर्मिश्रं सान्नं कुम्भं फलान्वितम् ।
पितृभ्यः संप्रदास्यामि ह्यक्षय्यमुपतिष्ठतु ॥

(निर्णयसिन्धु, द्वितीयपरिच्छेद, पृ. ६५)

अर्थात ब्रह्मा, विष्णु र रूद्रात्मक धर्मघट दान गर्नाले पितृ, पितामहादि सम्पूर्ण पितृ तृप्त हुन्छन् । धर्मघट भनेको जल, तिल, फल, अन्न सहितको कुम्भ अर्थात् कलश हो । जसको दान पितृका निम्ति अक्षयतृप्तिदायी हुन्छ । यव अर्थात् जौ दान गर्नाले पनि अक्षय पुण्य प्राप्त हुन्छ ।

तस्यां कार्यो यवैर्होमो यवैर्विष्णुं समर्चयेत् ।
यवान् दद्यात् द्विजातिभ्यः प्रयतः प्राशयेद्यवान् ॥
पूजयेच्छङ्करं गङ्गां कैलाशञ्च हिमालयम् ।
भगीरथञ्च नृपतिं सागराणां सुखावहम् ॥

(निर्णयसिन्धु, द्वितीय परिच्छेद, पृ. ६५)

अर्थात् जौको हवन, दान र भोजन गर्नाले मानव जीवन सुखी हुन्छ भनी बताइएको छ । सौन्दर्य प्रसाधनका लागि पनि यो दिन उत्तम मानिएको छ-

वैशाखस्य सिते पक्षे तृतीयाक्षयसंज्ञिता ।
तत्र मां लेपयेद्गन्धैर्लेपनैरतिशोभनै ॥ *(स्कन्दपुराण)*

अर्थात् यस दिन शरीरमा चन्दनादि लेपन गर्नाले पुष्टि प्राप्त हुन्छ । यसैगरी गंगास्नान गर्नाले सारा क्लेश हटेर जान्छन् भनी हेमाद्रिले बताएका छन् *(निर्णयसिन्धु, द्वितीय परिच्छेद, पृ. ६५)* ।

अक्षय तृतीयासँग महाभारतको कथा पनि जोडिएको छ । पाण्डव वनबास गएका बेला द्रौपदीलाई भगवान् श्रीकृष्णले अक्षय पात्र दिनुभएको थियो । उक्त पाक-थालीमा कामना अनुसारका वस्तु जति पनि प्राप्त हुन्थे । उक्त पाकथाली अर्थात् भाँडोमा आफू खानुपूर्व जति र जस्ता वस्तु पनि कामनाअनुसार पाक्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दथे । एक दिन दुर्वासा ऋषि द्रौपदीले खाना खाइसकेपछि अतिथिको रूपमा पुग्छन् र आफू र आफ्ना सहचारी सबै भोकै रहेकाले खाना पकाउन आदेश दिँदै नुहाउन नदीतर्फ लाग्दछन् । द्रौपदीले खाना खाएपछि उक्त पाकथालीमा केवल बेलुकी मात्र भोजन प्राप्त हुन्थ्यो । आपत् परेपछि द्रौपदीले भगवान् श्रीकृष्णलाई स्मरण गर्छिन् । साक्षात् श्रीकृष्ण भगवान् पनि त्यही बेला आइपुग्नु हुन्छ र आफू पनि भोकाएकाले केही खानेकुरा माग्नु हुन्छ । द्रौपदी झनै संकटमा पर्छिन् । श्रीकृष्ण भगवान्ले केही त होला लेउ भन्दा आफूसँग केही नभएको पाकथाली पनि बन्द भइसकेको र ऋषि भोजन गराउनु पर्ने बाध्यता रहेको कुरा बताउँछिन् । भगवान् श्रीकृष्णले उक्त पाकथाली मगाउनु हुन्छ । पाकथालीमा एउटा सागको त्यान्द्रो हुन्छ । सोही खानु हुन्छ र आफू तृप्त भएकाले त्यहाँबाट हिँड्नु हुन्छ । उता दुर्वासा आदि ऋषिहरू पनि स्नान गर्दा गर्दै अघाएको महशुस गर्न थाल्छन् । यस्तो अवस्थामा पुनः भोजन गर्न नसकिने भन्दै द्रौपदीको वासस्थानतर्फ नगई अन्तै लाग्छन् । पछि उक्त कुरा द्रौपदीले थाहा पाइन् र भगवान् श्रीकृष्णको जय जयकार गरेकी थिइन् । उक्त दिन पनि यही अक्षय तृतीया नै थियो । अर्थात् सागको त्यान्द्रोले पनि सबैलाई तृप्त बनाउन सक्यो ।

यस दिन जौको सातु सहित सर्बत खाने गरिन्छ । जसले शरीरलाई गर्मीसँग लड्ने रोग प्रतिरोधात्मक क्षमता प्रदान गर्दछ । त्यसैले यस पर्वको वैज्ञानिक महत्त्व पनि रहेको छ । प्रातः स्नानपूर्वक नित्य कर्म सकी सर्बत र जौको सातु तयार गरी योग्य ब्राह्मणलाई संकल्पपूर्वक दान गरी आफूले पनि प्रसाद स्वरूप खाने चलन रहेको छ । जुन चलन त्रेतायुगदेखि नै चलेको हो । यसरी जलपात्र सहित जौको सातु दान गर्नाले अक्षय पुण्य प्राप्त हुने धार्मिक मान्यता पनि रहेको छ । जौको सातु र सर्बत खाने सांस्कृतिक पर्वको गरिमालाई पनि यस दिनले उत्तिकै रूपमा बहन गरेको छ । हरेक शुभ कार्यका लागि यो दिन उत्तम मानिन्छ । शुभ कर्मको फल अक्षय हुने भएकाले अर्थात् शतप्रतिशत प्राप्त हुने भएकाले पनि यस दिनको नाम अक्षय तृतीया सार्थक छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकादशी व्रत महिमा

एकादशी भनेको चान्द्र मासको एघारौ दिन हो । हरेक एकादशीका भिन्ना-भिन्नै नाम र व्रत धारण गर्नाले प्राप्त हुने फलको बारेमा वर्णन पाइन्छ । एकादशी तिथि भगवान् विष्णुको प्रिय दिन हो । श्रीव्रतराजमा हरेक एकादशी व्रतको विस्तृत व्याख्या गरिएको छ । वैशाख कृष्ण एकादशीलाई **वरुथिनी** एकादशी भनिन्छ । यसको व्रत धारण गर्नाले शरीरमा कवच प्राप्त हुन्छ । शरीरलाई मजवुत बनाउन वैशाख कृष्ण एकादशीको व्रत धारण गर्न सकिन्छ ।

वैशाख शुक्ल एकादशीलाई **मोहिनी** भनिन्छ । यो भगवानको मोहिनी अवतारसँग सम्बन्धित छ । यस दिन मोहिनी अवतारका कथा श्रवण गर्नाले मोक्ष प्राप्त हुने कुरा शास्त्रमा वर्णन पाइन्छ । ज्येष्ठ कृष्ण एकादशीलाई **परा** भनिन्छ । परा एकादशीको उपासनाले पराशक्ति प्राप्त हुन्छ । परा शक्ति भनेको पनि मोक्षको एक मार्ग हो । यसैगरी ज्येष्ठ शुक्ल एकादशीलाई निर्जला भनिन्छ । यस दिन निर्जल अर्थात् पानी पनि नखाई व्रत बस्नाले विशेष फल प्राप्त हुने शास्त्रीय मान्यता रहेको छ ।

आषाढ कृष्ण एकादशीलाई योगिनी भनिन्छ । यसैगरी आषाढ शुक्ल एकादशीलाई **हरिशयनी** वा ठूली एकादशी भनिन्छ । यस दिन तुलसी रोप्नु पर्दछ । श्रावण कृष्ण एकादशीलाई कामिका भनिन्छ । यस दिन व्रत धारण गर्नाले समस्त मनोकामना पूर्ण हुन्छन् । यसैगरी सन्तानको चाहना गर्नेले श्रावण शुक्ल एकादशीको व्रत गर्ने विधान गरिएको छ । अर्थात् यस दिनकी एकादशीको नाम **पुत्रदा** हो । जसको व्रत धारण गर्नाले सन्तान प्राप्त हुने गर्दछ । भाद्र कृष्ण एकादशीको नाम **अजा** हो । यस दिन व्रत धारण गर्नाले पुनर्जन्म लिनु पर्दैन । भाद्र शुक्ल एकादशीलाई **हरिपरिवर्तिनी** भनिन्छ । यस दिन भगवान् विष्णु कोल्टे फेर्नु हुन्छ । आश्विन कृष्ण एकादशीको नाम इन्दिरा हो भने शुक्ल एकादशीलाई **पापांकुशा** भनिन्छ । जसको नाम अनुसार नै फल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि बताइएको छ । कार्तिक कृष्ण एकादशीको नाम **रमा** हो भने कार्तिक शुक्ल एकादशीमा भगवान् जागृत हुनुहुन्छ । जसलाई **हरिबोधिनी** एकादशी पनि भनिन्छ । मंसिर कृष्ण एकादशीको नाम **उत्पत्तिका** हो भने मार्ग शुक्ल पक्ष एकादशीलाई **मोक्षदा** भनिन्छ । मोक्ष प्राप्तिका निम्ति व्रत बस्ने यो उत्तम दिन हो । पौष कृष्ण एकादशी **सफला**, शुक्ल एकादशी **पुत्रदा**, माघ कृष्ण एकादशी **षड्तिला** हुन् । यस दिन तिल दानको विशेष महिमा रहेको छ । माघ शुक्ल पक्षको एकादशीलाई **भीमा** नामले पुकार्ने गरिन्छ । फाल्गुन कृष्णपक्षमा **विजया**, शुक्लमा **आमलकी**, चैत्र कृष्ण पक्षमा **पापमोचिनी** पर्दछन् भने चैत्र शुक्ल एकादशीको नाम **कामदा** हो । नामअनुसार नै व्रत धारण गर्नाले तदनुरूपको फल प्राप्त हुने गर्दछ । यसैगरी तुलसीका प्रसिद्ध आठ नाम पनि रहेका छन्-

वृन्दां वृन्दावनीं विश्वपूजितां विश्वपावनीम् ।
पुष्पसारं नन्दिनीञ्च तुलसीं कृष्णजीवनम् ॥ *(ब्रह्मवैवर्तपुराण, तुलसीस्तोत्रम्)*

वृन्दा, वृन्दावनी, विश्वपूजिता, विश्वपावनी, पुष्पसारा, नन्दिनी, तुलसी र कृष्णजीवनी हुन् । यी नामको उच्चारण गर्नाले अभीष्ट फल प्राप्त हुन्छ ।

आहार विहार

एकादशी तिथिमा सात्विक आहार उपयुक्त मानिएको छ । विशेषतः अन्नलाई पनि त्याज्य मानिन्छ । सात्विक आहार, विहार र विचार एकादशीका पर्याय हुन् । भगवान्का कथा श्रवण एवं नामसंकीर्तन यस दिन उत्तम फलदायी रहन्छन् । यस दिन मांसाहार, मैथुन, परनिन्दा, राजसी र तामसी भोजन एवं कार्य निषेध गरिएको छ । दान पुण्यका कर्म भने एकादशीमा शुभ रहन्छन् ।

एकादशीका दिन साक्षात् पाप अन्नमा गई निवास गर्ने भएकाले यस दिन अन्न नलिनु भनिएको हो । यस दिन अन्न खानाले पापवृत्ति बढ्ने कुरा शास्त्रमा बताइएको छ । त्यसैले कन्दमूल आदि फलाहार गर्ने चलन रहिआएको छ ।

हरिशयनी एकादशी

आषाढ शुक्ल एकादशीलाई हरिशयनी एकादशी भनिन्छ । हरि अर्थात् विष्णु भगवान् शयन गर्ने समय भएकाले यस दिनलाई हरिशयनी भनिएको हो । एकादशी चान्द्र महिनाको एघारौं दिन हो । यस दिन भगवान्को व्रत धारण, कथा श्रवणका साथै तुलसीको रोपण गरिन्छ । ज्येष्ठ शुक्ल एकादशीका दिन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तुलसीको दल राखी हरिशयनी एकादशीमा रोपण गरेर हरिबोधिनी एकादशीका दिन विष्णु भगवान्सँग तुलसीको विवाह गर्ने शास्त्रीय विधान रहेको छ । यस एकादशीलाई देवशयनी एकादशी पनि भनिन्छ ।

तुलसी भक्ति, ज्ञान र वैराग्यको केन्द्रविन्दु हो । एकादशीमध्येको उत्तम एकादशी हरिशयनी हो । यस दिनबाट विष्णु भगवान् चार महिनासम्म शयन गर्ने भएकाले यो समयलाई चतुर्मासा पनि भनिन्छ । आयु वृद्धिमा पनि तुलसीको विशेष महत्त्व रहेको छ । आयुर्वेदमा तुलसीलाई महौषधीको संज्ञा दिइएको छ ।

हरिशयनी एकादशीका दिन तुलसीलाई मठमा सारिन्छ । तुलसीको दल राखेको स्थानमा गई निम्न मन्त्रले भगवती तुलसीको प्रार्थना गर्नु पर्दछ–

प्रसीद मम देवेशि कृपया परया सदा ।
अभीष्टफलसिद्धिञ्च कुरु मे माधवप्रिये ॥ *(ने.सं.वि. पञ्चाङ्ग–२०७५, पृ. ६०)*

यसरी प्रार्थना पछि जरा र केही माटोसहित तुलसीलाई पूर्व फर्केर उखेल्नु पर्दछ । यसरी उखेल्दा भगवान्को नाम **'ॐ नमो भगवते वासुदेवाय'** उच्चारण गर्नु पर्दछ । यसरी उखेलिएकी तुलसीलाई मठमा ल्याई पूर्व फर्केर रोपण गर्नु पर्छ । रोपण पश्चात् पर्याप्त जल पनि राखिदिनु पर्दछ ।

यस दिन स्नान गरी शुद्ध भई घरको पूजा स्थलमा भगवान् विष्णुको प्रतिमा राखी षोडशोपचारले पूजा गर्ने विधान रहेको छ । यसपछि पीताम्बरले सुसज्जित बनाई भगवान्का कथा श्रवण गर्नाले उत्तम फल प्राप्त हुने कुरा एकादशी माहात्म्यमा बताइएको छ । यसरी कथा श्रवण पश्चात् भगवान्लाई झुला वा शैयामा राखेर शयन गराउनु पर्दछ । यस दिन गरिने स्नान, दान, तप, धर्म आदि कार्यको अक्षय पुण्य प्राप्त हुने कुरा शास्त्रमा उल्लेख पाइन्छ ।

कथा – स्कन्दपुराण अनुसार पतिव्रता पत्नी वृन्दाको सतीत्व नै जालन्धरको अमरत्वको आधार थियो । वृन्दाको सतीत्व अन्त्य नगरी जालन्धर राक्षसको अन्त्य सम्भव थिएन । सृष्टिको कल्याण गर्ने उद्देश्यले भगवान् विष्णुले वृन्दाको सतीत्व नष्ट गर्नुपरेको थियो । विष्णु भगवान्ले रूप बदलेर जालन्धरको भेषमा गई वृन्दाको सतीत्व हरण गरेको थाहा पाएपछि वृन्दाले भगवान् विष्णुलाई श्राप दिन्छिन् । त्यसपछि भगवान् विष्णु पत्थरका रूपमा शालग्राम र वृक्षका रूपमा तुलसी पनि हुनु परेको थियो । वृन्दाको श्रापका कारण भगवान् तुलसीरूपमा प्रकट भई सर्वकल्याण गरेको कथा पनि पुराणमा पाइन्छ । तुलसीको वनलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वृन्दावन भनिन्छ । एकादशीको व्रत धारण गर्नाले सम्पूर्ण पाप नष्ट भई पुण्य प्राप्त हुने कुरा ब्रह्मबैवर्त पुराणमा व्याख्या गरिएको छ ।

हरिबोधिनी एकादशी

कार्तिक शुक्लपक्षको एकादशी तिथिलाई 'हरिबोधिनी' भनिन्छ । एकादशीमध्ये उत्तम एकादशी भएकाले यो दिनलाई ठूली एकादशी पनि भनिएको हो । हरिबोधिनी एकादशीमा विधिवत् तुलसीको विवाह हुने गर्दछ । हरि भनेको साक्षात् विष्णु भगवान् हुनुहुन्छ । बोधिनीको अर्थ जागृत हुने, उठ्ने भन्ने हुन्छ । क्षीरसागरको शेषशैयामा आषाढ शुक्ल एकादशीका दिन शयन गर्नुभएका विष्णु भगवान् यही कार्तिक शुक्लपक्षको एकादशीका दिन चार महिनापछि उठ्ने भएकाले यस दिनलाई हरिबोधिनी एकादशी भनिएको हो । यस दिन भगवान् विष्णुको प्रतीक तुलसीलाई पूजाआजसहित विवाह गर्ने धार्मिक विधान रहेको पाइन्छ ।

भविष्योत्तर पुराणमा अन्य एकादशी भन्दा हरिबोधिनी एकादशीका दिन गरिने विष्णु भगवान्को उपासना बढी फलदायी हुने कुरा उल्लेख छ । यस दिन गरिने स्नान, दान, तप, धर्म आदि सबै कार्यको अक्षय पुण्य प्राप्त हुने गर्दछ ।

एकादशीका दिन तुलसीको विवाह गरी भोलिपल्ट अर्थात् द्वादशीका दिन हवन गरी नयाँ अन्न पनि चढाउने गरिन्छ । पूर्णिमासम्म तुलसीको हवन गर्नलाई साइत हेरिरहनु पर्दैन । सो पश्चात् भने अग्नि जुराएर उपयुक्त दिनमा तुलसीको हवन गर्न सकिन्छ ।

निष्कर्ष

व्रत बस्नु आफूमै पवित्रताको वरण गर्नु हो । आजको विज्ञानले पनि व्रतलाई आवश्यक ठानेको छ । वैदिक संस्कृति र सभ्यतामा व्रतलाई एक यज्ञको संज्ञा दिइएको छ । व्रत पनि एकप्रकारको यज्ञ नै हो । यसैले विशेष तिथि पर्वमा व्रत धारण गर्ने परम्परा रहिआएको छ । यस्तै व्रत धारण गर्ने उपर्युक्त दिन एकादशी पनि हो । व्रत बस्नाले समस्त मनोकांक्षा पूर्ण हुने धार्मिक मान्यता रहेको छ । हरेक पन्ध्र दिनमा एउटा एकादशी पर्ने गर्दछ । चान्द्रमास अनुसार महिनामा दुईवटा (शुक्ल र कृष्ण) एकादशी पर्ने गर्दछन् । लाग्दो तिथि छोड्दो व्रत भन्ने चलन नै रहेको छ । व्रत धारण गर्दा छोड्दो तिथिलाई लिनुपर्छ । अर्थात् द्वादशी लाग्ने एकादशीको व्रत बस्नु उत्तम हुने शास्त्रीय प्रमाण पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रत शारीरिक, मानसिक एवं आध्यात्मिक तिनै दृष्टिले उपयुक्त मानिन्छ। महिनामा दुई दिन व्रत धारण गर्नाले मानसिक एवं शारीरिक शुद्धि हुने गर्दछ। आजको विज्ञानले समेत व्रतको पवित्र उद्देश्यलाई स्वीकारेको छ। एक उपचार पद्धतिको रूपमा समेत व्रतलाई प्रयोग गर्दै आएको पाइन्छ। पारलौकिक सत्य नमान्नेका लागि पनि व्रत उपचारको एक माध्यम हुन सक्छ। पाश्चात्य समाजमा पनि यही व्रतको प्रभाव स्वरूप 'फास्टिङ' बस्ने चलन रहेको छ। पेटमा भएका विकारलाई शुद्ध गर्ने एक प्रविधि पनि व्रत हो। यसमा शारीरिक एवं मानसिक पवित्रताको आवश्यकता रहन्छ। शरीरको अनुकूलता अनुसार सात्विक आहार लिएर पनि व्रतधारण गर्न सकिन्छ। व्रतको उद्देश्य पवित्र हुनु हो। मनमा पवित्र भावनाको जागृत गराउनु हो। व्रत धारण गरेर पनि मनमा पवित्रता हुन सकेन भने सोको उचित फल प्राप्त हुन सक्दैन। व्रत कसरी गर्ने, कुन व्रतका के नियम छन् भन्ने कुरा 'श्रीव्रतराज' भन्ने पुस्तकमा उल्लेख गरिएको छ। हरेक व्रतका आ-आफ्नै विधि विधान रहेका छन्। फल अनुसार व्रत उपासना गर्ने विधि पनि भिन्न हुने गर्दछन्।

०००

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुको शास्त्रीय महिमा

गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परं ब्रह्म तस्मै श्रीगुरवे नमः ॥ - *ब्रह्मवैवर्तपुराण*

गु अर्थात् अन्धकार र **रु** भनेको हटाउनेवाला अर्थात् अन्धकार हटाई उज्यालो भविष्य प्रदान गर्ने गुरुको महिमा अपरम्पार छ । गुरुलाई साक्षात् ब्रह्मा, विष्णु र महेशका अवतारका रूपमा पनि स्वीकार गरिएको छ । हरेक आषाढ शुक्ल पूर्णिमालाई व्यास पूर्णिमा अर्थात् गुरुपूर्णिमाका रूपमा मनाउने चलन रहेको छ । पूर्णिमालाई पूर्णा तिथि भनिन्छ । गुरुले नै संसारी ज्ञानबाट पूर्ण गराउने भएकाले पूर्णिमा तिथिलाई विशेष रूपले मनाउने गरिएको हो । संसार अपूर्ण छ । पूर्ण केवल ईश्वरबाट मात्र सम्भव छ । गुरु पनि साक्षात् भगवान्का अवतार हुने भएकाले पूर्णिमा तिथिलाई विशेष दिनका रूपमा मनाउने चलन रहेको हो । यसैगरी पूर्णिमालाई पर्व तिथिका रूपमा पनि मनाइन्छ । गुरुप्रति सम्मान व्यक्त गर्दै आदर-भाव प्रकट गर्ने पर्व गुरुपूर्णिमा हो । संसारकी प्रथम गुरु आमा हुन् । सर्वप्रथम गुरुपूर्णिमामा माताको वन्दना गर्नु पर्छ । यसैगरी पिता र शिक्षा प्रदान गर्ने गुरु पनि सदा पूजनीय हुने गर्दछन् ।

गुरुको महिमा अपरम्पार छ । वेदले पनि गुरुलाई पूज्यस्थान प्रदान गरेको छ । **'इदं मे अग्ने ! क्रियते पावका मिनते गुरुं भारं न मन्म'** *(ऋग्वेद, ४/५/६)* जस्ता वैदिक सूक्तले गुरुलाई देवतासमान पूज्य स्थान दिएका छन् । संसारका सही मार्गदर्शक नै वास्तवमा गुरु हुन् । शाब्दिक अर्थ पनि गुरुको यस्तै छ । अन्धकारबाट पार लगाउने व्यक्ति वा वस्तु नै वास्तवमा गुरु हुन् । चाहे सजीवं हुन् चाहे निर्जीव गुरु गुरु नै हुन्छन् । ज्ञानका नवीनतम आयामसँगै सही मार्गमा हिँडाउन प्रेरित गर्ने वा गराउने वस्तु समेत गुरुका कोटिमा पर्दछन् ।

वेदको उपदेश गर्नेलाई गुरु मानिएको छ । यसैगरी देवगुरु बृहस्पतिलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि गुरु शब्दले अर्थ्याइएको छ । सात वार मध्ये पाँचौं बारका रूपमा बृहस्पति अर्थात् गुरुवारलाई लिने गरिन्छ । मन्त्रको उपदेश दिने व्यक्ति विशेषलाई पनि गुरु मानिएको छ । अविद्यारूपी हृदयग्रन्थिलाई चिरेर संसारी बन्धनबाट मोक्ष दिलाउने व्यक्ति विशेषलाई सर्ववेदान्त सिद्धान्तसारले गुरु भनी व्याख्या गरेको छ-

अविद्याहृदयग्रन्थिबन्धमोक्षो यतो भवेत् ।
तमेव गुरुरित्याहुर्गुरुशब्देन योगिनः ॥ *(सर्ववेदान्तसिद्धान्तसार)*

यसैगरी अध्यापन गराउने व्यक्ति, पिता, माता, दाजु, हजुरबुबा, मामा, ससुरा आदिलाई गुरु मान्नुपर्छ-

उपाध्यायः पिता माता ज्येष्ठो भ्राता महीपतिः ।
मातुलः श्वशुरश्चैव मातामहपितामहौ ।
वर्णज्येष्ठःपितृव्यश्च सर्वे ते गुरवः स्मृताः ॥ *(कूर्म पुराण)*

तन्त्रशास्त्रले चार थरिका गुरूको वर्णन गरेको छ-

गुरुः परमगुरुश्चैव परात्परगुरुस्तथा ।
परमेष्ठी गुरुश्चैव स्वस्वाम्नायैः प्रतर्पयेत् ॥ *(पुरश्चयार्णव, १/२३९)*

अर्थात् गुरु, परमगुरु, परात्पर गुरु र परमेष्ठी गुरु । याज्ञवल्क्य स्मृतिमा वेद अध्यापन गर्ने र गायत्री मन्त्र प्रदान गर्ने व्यक्ति विशेषलाई गुरूको संज्ञा दिएको छ : **स गुरुर्यः क्रियाः कृत्वा वेदमस्मै प्रयच्छति** *(याज्ञवल्क्यस्मृति, १/३४)* अर्थात् जसले गायत्री मन्त्रको उपदेश दिई वेदको अध्यापन गराउँछ उही गुरूको कोटिमा पर्दछ ।

आज गुरूका भिन्न भिन्न अर्थ लाग्न थालेका छन् । गुरूजी भनेर गाडी चालकलाई पनि बुझ्न थालिएको छ । यात्राको मार्गदर्शक भएर नै गाडी चलाउनेलाई गुरूको संज्ञा दिइएको हो । विशेष गरी ज्ञानको उज्यालो ज्योति प्रदान गर्ने व्यक्ति विशेष गुरूको कोटिमा पर्दछन् । गुरूको गरिमामय स्थान छ । **गुरुदेवो भव** भनी उपनिषद्ले गुरूलाई देवताको कोटि प्रदान गरेको छ । गुरु गुण र चेला चिनी नै भए पनि गुरूको गुणत्व बेग्लै हुन्छ । श्रीमद्भागवतमा भगवान् श्रीकृष्णले सम्पूर्ण चराचरलाई गुरु मान्नु भएको छ । मुनि दत्तात्रेयको कथा प्रसङ्गमा चौबीसवटा गुरूको वर्णन गरिएको छ । पृथ्वीबाट धैर्यवृत्ति, वायुबाट व्याप्त प्रवृत्ति, जलबाट स्वच्छवृत्ति, आकाशबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्मलवृत्ति, अग्निबाट तेजश्वी वृत्ति, मौरीबाट संचयवृत्ति, कमिलाबाट उद्योग जालवृत्ति आदिको वर्णनबाट गुरुको महिमा सर्वत्र रहेको कुरा जान्न सकिन्छ । अझ भनौँ यो संसारका सबै वस्तु गुरुसमान छन् ।

गुरुको गरिमा हिजो जति थियो आज कम अनुभूति भइरहेको छ । युगीन चेतना भिन्न बन्दै गर्दा हेर्ने दृष्टिमा फेरवदल आइरहेको छ । उत्तरआधुनिक चिन्तनले गुरुको एकल अस्तित्व स्वीकार गर्दैन । गुरुलाई मार्गदर्शक आदर्श व्यक्तिका रूपमा नभई एक सहयोगीको भूमिका मात्र प्रदान गर्दछ । पूर्वीय सभ्यताभन्दा भिन्न उत्तर आधुनिक चिन्तनसँगै गुरुको गरिमामा कमी आइरहेको छ । शिक्षक दिवस मनाइए पनि गुरुप्रतिको दृष्टिकोण अझै पनि सभ्य, भव्य र आदरणीय हुन सकेको छैन ।

गुरु हरेक विषय र क्षेत्रका भिन्न भिन्न हुन सक्छन् । कसैको जीवनको लामो कालखण्डसम्म मार्गदर्शन गर्ने त कसैलाई छोटै अवधि भए पनि आमूल परिवर्तनको मार्गदर्शन गर्ने पनि गुरु हुन् । गुरु हुन समयको पाबन्दी पनि हुँदैन । विद्वान् व्यक्ति विशेषलाई गुरुको संज्ञा दिने प्रचलन छ । सही मार्गदर्शक वास्तवमा जो जसको पनि गुरु हुन सक्दछ र भइरहेको पनि हुन्छ । हामीले स्वीकारे पनि नस्वीकारे पनि गुरुको कोटि सदा उच्च र आदरणीय हुन्छ र रहिरहन्छ पनि ।

गुरु भन्न सजिलो छ तर गुरु बन्न निकै कठिन हुन्छ । हाम्रा अग्रज सबै गुरु हुन् । हरेक कार्य विशेषमा गुरुको आवश्यकता हुन्छ । हामी गुरुबिना किंकर्तव्यविमूढ बन्न पुग्छौँ । एउटा मार्ग अवलम्बन गर्ने व्यक्तिको खोजी आजीवन चलिरहने प्रक्रिया हो । गुरु प्राप्त भए पनि असल गुरु पाउनु अहोभाग्यको नै कुरा हुन्छ । गुरुप्रति सम्मान गरे मात्र हाम्रो गुरुत्व पनि कसैका निम्ति सम्मान योग्य बन्न सक्छ । स्वयंमा पूर्ण कोही पनि छैन । मात्रात्मक थोर बहुतको कुरा मात्र हो । त्यसैले गुरुको गरिमा अपरम्पार छ ।

पहिलो गुरु हाम्री आमा हुन् । सर्वप्रथम आमालाई सम्मान गर्न सक्नु पर्छ । यो धर्तीमा जन्माएर बाँच्न सिकाउने हरेककी माता प्रथम गुरु हुन् । यसपछि दोस्रो गुरुको रूपमा पितालाई शास्त्रले मानेको छ । पिता शब्द नै मार्गदर्शनार्थी हो । यो संसारमा पिताको स्थान उच्च छ । अझ भनौँ सन्ततिका लागि पिताको मार्गदर्शन सदा हितकारी नै हुन्छ । त्यसपछि तेस्रो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्या प्रदान गर्ने शिक्षकलाई शास्त्रले गुरुको संज्ञा दिएको छ । जो सदा आदरणीय र पूजनीय हुन्छन् ।

अविद्यालाई नासेर ज्ञान दिने गुरु हुन् । संसार अन्धकारमय छ । यो भवसागरबाट पारलगाउने व्यक्ति नै वास्तवमा सच्चा गुरुको कोटिमा पर्दछन् ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिव उपासना र श्रावण महिना

विश्व ब्रह्माण्डका अखिल नायक सृष्टिस्थिति र लयकर्ता आद्य शक्ति परमात्मा परमेश्वर देवादिदेव महादेवको महिमा अपरम्पार छ । शिवशक्ति आद्य परमात्मा परब्रह्म हुनुहुन्छ । यो संसार भगवान् शिवकै अंशरूपमा चलिरहेको छ । चराचर जगत् शिव सङ्कल्पबाट सृजित भएको हो । शिवलीला अपरम्पार छ । सृष्टिसँगै लय पनि अवश्यम्भावी छ जो परमात्मा परमेश्वका कृपाले सम्भव छ । आद्य शिवशक्तिबाट नै यो संसारको उत्पत्ति भएको हो । वेदले पनि भगवान् शिवको स्तुति गरेका छन् । **तन्मे मनः शिवसङ्कल्पमस्तु...** *(यजुर्वेद, ३४/२)* को वेदध्वनिबाट पनि उक्त कुराको पुष्टि हुन आउँछ ।

वेद विश्वको सर्वप्राचीन अपौरूषेय ग्रन्थ हो जहाँ परमात्मा परमेश्वरको स्तुतिगान गरिएको छ । यसअन्तर्गत कर्मकाण्ड र ज्ञानकाण्ड रहेका छन् । कर्मद्वारा ईश्वर प्राप्त गर्ने विधि कर्मकाण्ड हो । जसअन्तर्गत यज्ञ यागादि हुने गर्दछन् । ज्ञानद्वारा परमात्मा प्राप्त गर्ने विधि ज्ञानकाण्ड हो । ज्ञानकाण्डलाई उपनिषद् भनिन्छ ।

चारवटै वेदले परमात्मा परमेश्वरको विशेष स्तुतिगान गरेका छन् । यजुर्वेदमा शिवका स्तुतिहरू प्रशस्तै पाइन्छन् । रूद्राभिषेक कर्म यजुर्वेदकै मन्त्रबाट सम्पादन गरिन्छ । जहाँ विविध प्रकारले शिवजीको महिमा गान गरिएको छ । **नमस्तेरुद्रमन्यवऽउतोतऽइषवेनमः । बाहुभ्यामुततेनमः ॥** *(यजुर्वेद, १६/१)* यसैगरी अनेकौं नामले सम्बोधन गर्दै भगवान्का चरण कमलमा निम्न ऋचाले स्तुति गान गरिएको छः

नमोस्तुनीलग्रीवायसहस्राक्षायमीढुषे ॥
अथोयेऽअस्यसत्त्वानोहन्तेभ्योकरन्नमः ॥ *(यजुर्वेद, १६/८)*

यसरी यजुर्वेदको सोह्रौ अध्यायभरी नै परमात्मा परमेश्वर आद्य शक्ति शिवजीको महिमागान गरेको पाइन्छ । हरेक कण कणमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिववास हुने र त्यस्ता कण कणरूपी महेश्वरलाई शतत नमन निम्न मन्त्रले गरिएको छ- **नमो हिरण्यबाहवे सेनान्येदिशाञ्चपतये नमो नमो वृक्षेभ्यो हरिकेशेभ्यः पशूनाम्पतये नमोनमः ॥** *(यजुर्वेद,१६/१७)* **नमो गणेभ्यो गणपतिभ्यश्चवोनमोनमोव्रातेभ्यो व्रातपतिभ्यश्चवोनमोनमो ...** *(यजुर्वेद, १६/२५)* स्वर्ग, अन्तरिक्ष, पृथ्वी आदि सर्वत्र व्याप्त परब्रह्मलाई शतत नमन गरेको कुरा निम्न ऋचाले दर्शाएका छन्- **नमोस्तुरुद्रेभ्योयेदिवियेषांव्वर्षमिषवः ...** *(शु.यजुर्वेद, १६/६४)* **नमोस्तु रुद्रेभ्योयेअन्तरिक्षेयेषां....** *(शु.यजुर्वेद, १६/६५)* **नमोस्तुरुद्रम्योयेपृथिव्यां...** *(शु.यजुर्वेद, १६/६६)* ।

संसारको सृष्टि स्थिति र लय कर्ता स्वयं महेश्वर हुनुहुन्छ । शिवदेखि माथि कोही नभएकाले सर्वकल्याणार्थ शिवस्तुति गान गरिएको हो । हरेक मन्त्रमा शिवशक्ति र भक्तिभाव अन्तर्निहित रहेको छ ।

सामवेद संगीतको आद्य स्रोत हो । जसका पिता शिवजी हुनुहुन्छ । भगवान्को नटवर स्वरूपबाट नृत्य र गायनका **सा रे ग म प ध नि सा** आएका हुन् । यसैगरी अथर्ववेदले पनि शिव महिमा गान गरेको छ । अथर्ववेदमा मारण मोहन र उच्चाटनका कुरा छन् । जसका जनक स्वयं साम्बसदा शिवजी हुनुहुन्छ ।

वेदको व्याख्या विवेचना गर्ने क्रममा ब्राह्मण, उपनिषद् आरण्यक आदि देखापरेका हुन् । उपनिषद् ज्ञान काण्ड हो भने ब्राह्मण आरण्यक कर्मकाण्डअन्तर्गत पर्दछन् । परमात्मा परमेश्वरको शिवसायुज्य प्राप्त गर्ने विधि (कर्म र ज्ञान) ब्राह्मण र उपनिषद्ले बताएका छन् । प्रकारान्तरले परमात्मा परमेश्वरको आराधना नै ब्राह्मण र उपनिषद्को मुख्य ध्येय हो ।

भगवान् महेश्वर स्वयं पशुपतिनाथ हुनुहुन्छ । प्रकृतिदेखि पृथ्वीसम्म २४ तत्त्वलाई पाशरूप भनिन्छ । यिनै २४ तत्त्वको पासोमा जीवलाई पशुपतिले बाँध्नु भएको छ । अविद्या, अस्मिता, राग, द्वेष र अविनिवेश नामका पाँच क्लेशको वर्णन शिवपुराणको आरम्भमा गरिएको छ । भगवान् शङ्करको अष्टमूर्तिमा सम्पूर्ण तत्त्व समावेश पाइन्छ । यसैगरी अष्टमूर्तिअन्तर्गत क्षिति (भूमि), जल, अग्नि, वायु, आकाश, यजमान, सोम र सूर्यमूर्ति पर्दछन् । अष्टमूर्तिमा पञ्चब्रह्मरूपको प्रधानता पनि रहेको छ । पञ्चब्रह्मरूपमा ईशान, तत्पुरुष, अघोर, वामदेव र सद्योजात पर्दछन् । ईशानमा भोक्ता र भोग्य दुवै अविभक्त रूपमा स्थित रहन्छन् । भोक्ता क्षेत्रज्ञ कहलाउछ र त्यसैको एकभाग भोग्यरूपबाट परिणत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ । तत्पुरुष प्रकृतिरूप, अघोर बुद्धिरूप, वामदेव अहंकार रूप र सद्योजात मनस्तत्त्वरूप हुन् । यी पाँच क्रमशःपाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय हुन् । यी समष्टि रूप ज्ञानेन्द्रिय र कर्मेन्द्रियबाट नै व्यष्टिरूप जीवका ज्ञानेन्द्रिय र कर्मेन्द्रिय बनेका छन् । एवं प्रकारले पञ्च तन्मात्रा हुँदै पञ्च महाभूत रूपमा परिणत हुन्छ । यिनै २५ तत्त्वको समष्टि रूप शिवानन्द हो । आत्मस्वरूप दर्शन नै विद्या हो । भ्रान्तिस्वरूप दर्शन अविद्या हो । परंतत्त्व विद्या र अविद्याभन्दा पनि पर रहेको छ अर्थात् पृथक छ । सोही परं तत्त्व परमात्मा परमेश्वर साक्षात् शिवजी हुनुहुन्छ ।

लिङ्गपुराणको अन्तिम अध्यायमा मन्त्रयोग, स्पर्शयोग, भावयोग र महायोगको चर्चा गरिएको छ । मुखले मन्त्रको जप, मनबाट रूपको ध्यान गर्नु मन्त्रयोग हो । नाडीशुद्धिबाट वायुशुद्धि गर्ने प्रक्रिया स्पर्शयोग हो । भित्र र बाहिर भगवद् रूपको स्फुरण हुनु भावयोग हो । यी तीनवटै सिद्धि पश्चात् सर्वोत्तम महायोगको स्थान आउँछ, जो निर्विकल्प समाधिरूप हो । यसको सिद्धिपश्चात् सम्पूर्ण बन्धनबाट मुक्त भएर शिवसायुज्य प्राप्त हुन्छ भन्ने कुरा लिङ्गपुराणमा व्यक्त गरिएको छ ।

साउन शिवजीको प्रिय महिना हो । यसमा पनि सोमबारको विशेष महिमा रहेको छ । ज्योतिषशास्त्रअनुसार चन्द्रमा मन सम्बन्धी ग्रह हो । ग्रीष्म यामको गर्मीले गलित मनलाई शान्त बनाउन वर्षा आवश्यक पर्छ । सोही वर्षायाम श्रावणमा पर्ने भएकाले चञ्चल मनलाई स्थिर बनाई मनमा सुन्दर भावको जागृत गराउन पनि सोमबार शिवजीको उपासना गरिन्छ । भगवान् शिवजीले चन्द्रमालाई शिरमा धारण गर्नु भएको छ । जसले विषको प्रभावलाई शान्त पार्न निरन्तर सहयोग गरिरहेको हुन्छ । भगवान्का शिरमा निवास गर्ने चन्द्रमा र सोही चन्द्रमाको बार सोमबार भएकाले पनि साउनको सोमबार शिवउपासनाका लागि शुभ मानिन्छ । चन्द्रमा शिवजीका निम्ति प्रिय ग्रह हो । चन्द्रमाको बार नै सोमबार भएकाले साउनको सोमबारको विशेष महिमा रहेको पाउँन सकिन्छ । यसैगरी समुद्र मन्थनका बेला उत्पन्न भएको कालकूट विष भगवान् शंकरले श्रावण महिनामा नै कण्ठमा धारण गर्नु भएको थियो । सो विषको प्रभावलाई शान्त गर्न देवताहरूले शिवजीलाई जल अर्पण गरेका थिए । उक्त समय वर्षा ऋतुको श्रावण महिना भएकाले श्रावणको सोमबार शिवजीको उपासना गर्नु विशेष शुभ मानिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी हेर्दा श्रावण महिना शिवजीको प्रिय महिना हो । श्रावण महिनामा रूद्राभिषेक गर्नाले शिवजी प्रसन्न भई वर प्रदान गर्ने भएकाले अभीष्ट सिद्धिका निम्ति पनि रूद्राभिषेक गरिन्छ । रूद्राभिषेक गर्नाले समस्त मनोकामना पूरा हुने भएकाले वेदले पनि शिवजीको उपासना गरेको हो । भगवती पार्वती माताले पनि श्रावण महिनामा व्रत बसी शिवजीलाई पति प्राप्त गर्नुभएको प्रसङ्गबाट पनि श्रावण महिना अभीष्ट सिद्धिदायी हुने देखिन्छ । यसैगरी साउनमा शिवजीलाई जल, बेलपत्र, धतुरोको फल अर्पण गर्नाले पनि विशेष मनोवाञ्छा सिद्धि हुने कुरा शिव पुराणमा उल्लेख पाइन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नागपञ्चमी महिमा

श्रावण शुक्ल पञ्चमीको दिनलाई नागपञ्चमी भनिन्छ (धर्मसिन्धु, पृ. ५०) नागको विशेष पूजा आराधना हुने यो उत्तम दिन हो । प्रत्येक घरमा नागको चित्र टाँसी चन्दन, अक्षता, दुबो, दही, फूल आदि वस्तुले नाग देवताको पूजा गरिन्छ । नागको पूजा गर्ने विधान हेमाद्रिले यसरी बताएका छन् -

श्रावणे मासि पञ्चम्यां शुक्लपक्षे नराधिप । द्वारस्योभयतो लेख्या गोमयेन विषेल्बणाः । पूजयेद्विधिवद्वीर दधिदूर्वाङ्कुरैः कुशैः । गन्धपुष्पोपहारैश्च ब्राह्मणानां च तर्पणैः । ये तस्यां पूजयन्तीह नागान् भक्तिपुरः सराः । न तेषां सर्पतो वीर भयं भवति कुत्रचित् ॥ *(निर्णयसिन्धु, पृ. ७८)*

अर्थात् ढोकाको माथि दुवैतिर गाईको गोबरले नाग बनाउनू । यसपछि दही, दुवो, कुश, चन्दन, फूल आदिले पूजा गर्नुपर्दछ । जसले नागको भक्तिपूर्वक पूजा गर्छ उसको घरमा सर्पको भय कहिल्यै हुँदैन ।

श्रीमद्‌भागवतमा रसातलमुनि पातालमा नागलोक रहेको बताइएको छ । जहाँका नागराज वासुकी हुन् । यसैगरी शङ्ख, कुलिक, महाशङ्ख, श्वेत, धनञ्जय, धृतराष्ट्र, शङ्खचूड, कम्बल, अश्वतर सैदत्त आदि प्रमुख नाग रहेका छन् । कसैको पाँच, कसैको सात, कसैका दश र कसैका हजार शिर रहेका छन् । ती नागको फँणामाथि रहेका चम्किला मणिले पाताललोकको अन्धकारलाई नष्ट गरेका छन् *(श्रीमद्‌भागवत, ५/२४/३१)* । कश्यपपत्नी कद्रुका गर्भबाट आठ नागको जन्म भएको पौराणिक कथा पनि पाइन्छ । अष्टनागमा अनन्त, वासुकी, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट र शङ्ख पर्दछन् ।

अनन्तो वासुकिः पद्मो महापद्मश्च तक्षकः ।
कुलीरः कर्कटः शङ्खश्चाष्टौ नागाः प्रकीर्तिताः ॥ *(नागस्तोत्रम्, श्लो. ३)*

कसैले नागका पाँच कुल पनि बताएका छन् : अनन्त, वासुकी, तक्षक, कर्कोटक र पिंगल । अग्निपुराणमा ८० प्रकारका नागकुल बताइएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चमी तिथिका स्वामी नाग (सर्प) भएकाले *(मुहूर्त्तचिन्तामणि, १/३)* पनि पञ्चमीका दिन नागको विशेष पूजा हुने गर्दछ ।

श्रावण महिनामा बढी खनजोत गर्नु पर्दछ । यसरी भूमि खन्दा सर्पलाई कष्ट नपुगोस्, सर्पजन्य भय नरहोस् भनेर नागको पूजा गर्ने पनि चलन रहेको पाइन्छ । यसैगरी नाग भूमिमा रहने प्राणी भएकाले नागपञ्चमीका दिन नागको सम्मान स्वरूप खनजोत गरिँदैन । यस दिन नाग देवताको व्रत लिने पनि चलन रहेको छ । सर्पसूक्तको पाठले नागजन्य दोष निवारणका साथै सर्पभय पनि रहँदैन भन्ने फल बताइएको छ ।

शिवगणमा सर्पको स्थान महत्त्वपूर्ण रहेको छ । भगवान् शिवजीको गलामा नाग विराजमान देख्न सकिन्छ । शिवजीको अङ्गभरि नै सर्प रहेका कथा पनि पाइन्छन् । यसैगरी शेष नागकै आसन राखी विष्णु भगवान् पनि शयन गर्नुहुन्छ । नागपाश अस्त्रलाई सबैभन्दा बलियो शस्त्रको रूपमा प्रयोग गरेको पुराणमा कथा वर्णन पाइन्छ ।

शेष नागको फँडामा यो धर्ती अडिएको छ भन्ने पौराणिक मान्यता रहेको छ । अनन्त पनि शेष नागकै अर्को नाम हो । भगवान् श्रीकृष्णले नागमध्ये 'म अनन्त हुँ' भनी गीतामा उपदेश गर्नुभएको छ -

अनन्तश्चास्मि नागानां... *(गीता, १०/२९)*

विशाल र लामो शरीर भएका नाग वासुकी हुन् । समुद्रमन्थनमा वासुकी नागको नेती बनाइएको थियो । तक्षक नागले नै राजा परीक्षितलाई डसेका हुन् । सो पश्चात् जनमेजयले सर्पेष्टि यज्ञ गरेर नाग जातिको नाश गरेका थिए । कर्कोटक शिवगणमध्येका एक नाग हुन् । सर्पेष्टि यज्ञबाट पनि शिवजीको उपासनाले बाँच्न सफल भएको कर्कोटकको कथा पाइन्छ । भगवान् शिवजीको आराधना गरी साक्षात् कर्कटेश्वर भगवान्को प्रकट भएको हो । भविष्य पुराणमा नागका प्रकार, आकार आदि इतिवृत्त बताइएको छ । लक्ष्मण र बलरामलाई शेष नागकै अवतार मानिन्छ ।

नाग/राहु निवास

गृह आरम्भ, गृहप्रवेश एवं रुद्राभिषेकमा नागको मुख र पुच्छरको विशेष विचार गर्नुपर्दछ । नाग भनेका राहु हुन् । मंसिर, पुस र माघ महिनामा राहुको मुख पूर्व दिशामा हुन्छ । फागुन, चैत र वैशाख महिनामा दक्षिण दिशामा, जेठ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असार र साउन महिनामा पश्चिम र भदौ, असोज र कार्तिक महिनामा राहुको मुख उत्तर दिशामा हुन्छ ।

अलिधनुमकरे राहुरास्ते च पूर्वे सघटसफरमेषे दक्षिणे दिग्विभागे ।

वृषमिथुनकुलिरे पश्चिमस्थश्च कालो हरियुवतितुलायामुत्तरे सैंहिकेय ॥

(महासंहिता)

मुखको विपरीत दिशामा पुच्छर हुन्छ । सम्मुख राहु शुभकार्यमा वर्जित रहन्छ ।

नाग पनि देवता हुन् । देवताको पूजा सर्वकल्याणकारी हुन्छ । नागपञ्चमीको दिन नागको पूजाले नागजन्य दोष निवारणका साथै सर्पभय रहँदैन भन्ने धार्मिक मान्यता रहेको छ । यही मान्यताका आधारमा विभिन्न नागमन्दिर एवं नागस्थानमा नागदेवताको विशेष पूजा आराधना हुने गर्दछ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जनैपूर्णिमा र शास्त्रीय विधान

श्रावण शुक्ल पूर्णिमाको दिनलाई ऋषितर्पणी अर्थात् जनैपूर्णिमा भनिन्छ । चान्द्र महिनाअन्तर्गत आकाशमा पूर्ण चन्द्रमाको दर्शन हुने श्रावण महिनाको विशेष महिमा रहेको छ । यस दिन श्रावणी स्नानका साथै यज्ञोपवीत अर्थात् जनैको पूजा, रक्षाबन्धन पूजन एवं धारण गर्ने शास्त्रीय विधि-विधान रहेको छ । याज्ञवल्क्य ऋषिले ब्रह्म (सूर्य)बाट वेद प्राप्त गरेको दिन पनि श्रावण शुक्ल पूर्णिमा हो । सौर र चान्द्र महिना भिन्न हुने भएकाले यो पर्व कहिले सौरमासको भदौ त कहिले साउन महिनामा पर्ने गर्दछ ।

आर्ष परम्पराको विशिष्ट पर्व ऋषितर्पणी अर्थात् रक्षाबन्धन हो । यस दिन श्रावणीस्नान, ऋषितर्पण, अरून्धती सहित सप्तऋषि पूजन, यज्ञोपवीत अर्थात् जनै पूजन, रक्षाबन्धन पूजन एवं धारण गर्ने कार्य हुने गर्दछन् । वर्षदिनसम्म भए गरेका ज्ञात अज्ञात पाप जन्य कार्यको प्रायश्चित्त गर्ने समयका रूपमा पनि यस दिनलाई उपयोग गरिन्छ । शरीर र चित्त दुवैलाई निर्मल गरी पवित्र भावनाको विकास गर्ने कार्यमा यस पर्वले विशेष सहयोग गर्दछ । श्रावणी स्नानले शरीर शुद्ध हुन्छ भने देवता, पितृ एवं ऋषिको तर्पण एवं पूजन गरी मानसिक चित्तलाई निर्मल गरिन्छ । उक्त पवित्रताको कवच स्वरूप यज्ञोपवीत अर्थात् जनै र रक्षाबन्धन धारण गर्ने विधान रहेको छ । धर्मसिन्धु, निर्णयसिन्धु, श्रीव्रतराज, कर्मकाण्ड-भास्कर लगायतका ग्रन्थमा श्रावणी उपाकर्मको विधान गरिएको छ ।

श्रावण शुक्ल पूर्णिमाका दिन प्रातकालीन शौचादि गरी तीर्थ वा नदी तलाउमा गई विशेष महासङ्कल्पपूर्वक स्नान गरिन्छ । महासङ्कल्प विशेष कर्ममा मात्र प्रयोग हुन्छ । जसको विशेष महिमा रहेको छ । यसरी स्नान संकल्प पश्चात् गंगा माताको प्रार्थना हुने गर्दछ । वरूणादि तेत्तिसकोटि देवताको विशेष स्मरण पनि यसै समयमा गरिन्छ ।

संकल्प पश्चात् नदी वा तलाउको किनारमा गई जललाई चलाएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिमन्त्रण गर्नुपर्दछ । त्यसपछि पानीलाई आफ्नो अनुकूल बनाएर जलाञ्जली अर्पण गरिन्छ । यसपछि मृत्तिका स्नान गरिन्छ । मृत्तिका स्नान भनेको माटोले नुहाउने कार्य हो । शुद्ध माटोलाई तीन भाग गरी शरीरका भिन्न भिन्न अंगमा लेपन गरिन्छ । यसको पनि विशेष विधान रहेको छ । पहिलोभाग माटो बायाँ हातले शरीरको नाभिभन्दा तल्लो भाग कटी प्रदेशमा लगाउनु पर्दछ । हात धोएर पुनः अर्को भाग माटो दायाँहातले **ॐ अश्वक्रान्ते रथक्रान्ते....** भन्ने मन्त्रले अभिमन्त्रण गरेर शरीरको वस्ती, तिघ्रा, पिँडुला, खुट्टा, हातमा लेपन गरिन्छ । पुनः हात धोएर माटोको तेस्रो भाग **ॐ इदं विष्णुर्विचक्रमे...** भन्ने मन्त्रले अभिमन्त्रण गरी दायाँ हातले निधारदेखि नाभिसम्म लेपन गर्नुपर्दछ भने वायाँ हातले नाइटोभन्दा तलको भागमा लेपन गरिन्छ । यसरी शरीरका सम्पूर्ण अङ्गमा माटो लेपन गरिसकेपछि जलले पुनः स्नान गरिन्छ ।

माटोले स्नान गरेपछि पुनः गाईको गोवर शरीरका विभिन्न अंगमा घसेर स्नान गरिन्छ । जसले शरीरका सम्पूर्ण मयल एवं रोग व्याधि टाढै राख्ने गर्दछ । गोमय अर्थात् गोवर लेपन विधि पनि शास्त्रमा बताइएको छ । **ॐ अग्रमग्रं चरन्तीनामोषधीनां वने वने......** भन्ने मन्त्र ले गोमयलाई अभिमन्त्रण गरी विनियोगपूर्वक **ॐ मानस्तोकेतनयेमान....** भन्ने मन्त्रले जल सहित गोबर सूर्यलाई देखाएर माटो लेपन गरेजस्तै गरी शरीरमा लगाई पुनः पानीले शरीर पखालिन्छ ।

यसपछि शरीरमा **भस्म लेपन** गरिन्छ । भस्म लेपनको पनि विशेष विधान रहेको छ । सर्वप्रथम **ॐ अग्निरितिभस्मवायुरितिभस्म....** भन्ने मन्त्रले अभिमन्त्रित गरी निधार आदि अंगमा भस्म लेपन गर्दै कुम्भमुद्रा (नाक थुनेर)ले डुबुल्की मारी आठ पटक स्नान गर्नुपर्दछ । भस्म स्नानले शरीरलाई शुद्ध बनाउने गर्दछ ।

यसपछि कुशले शरीरलाई शुद्ध बनाउने कार्य आरम्भ हुन्छ जसलाई **दर्भमार्जन** भनिन्छ । कुशको टुप्पाले जल शरीरमा सेचन गर्नु नै मार्जन हो । शरीरका प्रत्येक अंगमा कुशजलले मार्जन गर्नुपर्ने विधान रहेको छ । यसपछि अपामार्गले मार्जन गरिन्छ । अपामार्ग भनेको दतिउन हो । त्यसपछि दुवोले शरीर शुद्ध गरिन्छ । जसलाई **दुर्वामार्जन** भनिन्छ । आफ्ना सम्पूर्ण पापहरू नाश हुन् भनी अँजुलीमा पानी लिई नाकमा छुवाई फ्याक्ने कार्य यसपछि हुन्छ । यसरी स्नान गरिसकेपछि स्नानाङ्ग तर्पण गरिन्छ । जसमा ब्रह्मादि देवता तर्पण, सनकादि ऋषि तर्पण, कव्यवाडनलादि पितृतर्पण पर्दछन् । यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पश्चात् रोग नाश होस् भनी **यक्ष्म तर्पण** गरिन्छ । तर्पण पश्चात् निधारमा चन्दन लेपन गर्ने विधान रहेको छ । यसरी चन्दन लेपन गरिसकेपछि सूर्य भगवान्को विनियोगपूर्वक वैदिक सूक्तद्वारा आराधना गर्नुपर्दछ ।

यसरी स्नान पश्चात् दीप कलश गणेश स्थापना गरी षोडशोपचारले अरुन्धती सहित सप्तर्षिको पूजा आराधना गरिन्छ । ऋषि हाम्रा पुर्खा र मार्गदर्शक हुन् । विशेष प्रकारले ऋषिको आह्वान ध्यान एवं पूजन पश्चात् यज्ञोपवीत अर्थात् जनैको पूजा हुन्छ । प्राणप्रतिष्ठापूर्वक जनैका हरेक तन्तुहरूको पूजा गर्नुपर्ने शास्त्रीय विधान रहेको छ । यसैगरी सम्पूर्ण ग्रन्थी (जनैका गाँठा वा शिखा) को पनि पूजा हुन्छ । प्रत्येक तन्तु र ग्रन्थीमा भिन्ना भिन्नै देवताको आह्वानका साथै वैदिक मन्त्र पनि उच्चारण गरिन्छ । यसैगरी रक्षा सूत्रको पनि विशेष वैदिक मन्त्र सहित पूजा हुने गर्दछ । गायत्रीको जप पनि यस अवसरमा गरिन्छ । वैदिक सूक्तहरूले पूजन पश्चात् मात्र यज्ञोपवीत अर्थात् जनै शरीरमा धारण गर्नका निम्ति योग्य हुन्छन् ।

यसरी विशेष अभिमन्त्रण गरिएका जनै वर्षदिनका लागि अभिमन्त्रित रहन्छन् । अभिमन्त्रण नगरेको जनै धारण गर्नु हुँदैन । आफन्तमा सुतक, मृतक पश्चात् यज्ञोपवीत (जनै) परिवर्तन गर्ने शास्त्रीय विधान छ । सामान्यतया एक पटकको जनैले तीन महिना धान्छ । अर्थात् एउटा जनै तीन महिनासम्म मात्र लगाउने शास्त्रीय विधान छ । सो पश्चात् पुनः अर्को फेर्नु पर्ने हुन्छ । यज्ञोपवीत अर्थात् जनै धारण गर्दा–

ॐ यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत्सहजं पुरस्तात् ।
आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तु तेजः ॥

(नित्यकर्म-पूजाप्रकाश, पृ. ३८)

भन्ने मन्त्रोच्चारण गर्नु पर्दछ । नयाँ जनै धारण गरिसकेपछि पुरानो जनैलाई विर्सजन गर्ने पनि विधान छ । पुरानो जनैलाई शुद्ध पवित्र स्थानमा विसर्जन गर्नु पर्दछ । उक्त विसर्जन गर्ने पनि विशेष मन्त्र रहेको छ–

एतावद्दिनपर्यन्तं ब्रह्म त्वं धारितं मया ।
जीर्णत्वात्तत्परित्यागो गच्छ सूत्रं यथासुखम् ॥ *(नित्यकर्म-पूजाप्रकाश, पृ. ३९)*

भनी पवित्र स्थानमा पुरानो जनैलाई विसर्जन गर्नुपर्दछ ।

रक्षा सूत्रको पनि विशेष महिमा रहेको छ । जसमा नारायण कवच

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहित सम्पूर्ण देवी देवताको आह्वान गरिएको हुन्छ । जसले हाम्रो शरीरमा रक्षा कवचको काम गर्दछ । उक्त सूत्रको विशेष विधिपूर्वक पूजन एवं वैदिक मन्त्रद्वारा अभिमन्त्रण गरिन्छ । यसरी अभिमन्त्रण गरिएको सूत्र मात्र धारण गर्नका निम्ति योग्य मानिन्छ ।

येन बद्धो वली राजा दानवेन्द्रो महाबलः ।
तेन त्वां प्रतिबध्नामि रक्षे मा चल मा चल ॥

(ने.सं.वि. पञ्चाङ्गम्-२०७५, पृ. ६१)

भनी रक्षा सूत्र धारण गर्ने शास्त्रीय विधान रहेको छ । जसलाई रक्षा बन्धन पनि भनिन्छ । वैदिक सूक्तद्वारा अभिमन्त्रित रक्षासूत्रले हाम्रो रक्षा गर्ने भएकाले पनि धारण गर्नु आवश्यक देखिन्छ ।

वर्षदिनसम्म भए गरेका ज्ञात अज्ञात समस्त पापको क्षयपूर्वक आयु आरोग्य र ऐश्वर्यको कामना गर्ने विशेष दिनका रूपमा पनि यस पर्वलाई लिइन्छ । यसैगरी विभिन्न गेडागुडीलाई भिजाई टुसा उमारेर अर्थात् क्वाँटी बनाई खाने प्रचलन पनि हाम्रो समाजमा रहेको छ । यसैगरी चेलीबेटीले आफ्ना दाजु-भाइको दीर्घ आयु आरोग्यका निम्ति विशेष रक्षासूत्र 'राखी' बाँध्ने चलन पनि रहेको पाइन्छ ।

हामी संस्कृतिमा धनी छौं । हाम्रा चाडपर्व वेदबाट अनुप्राणित छन् । वैदिक कालदेखि नै यस्ता परम्परा निरन्तर चलिरहेका छन् । धार्मिक आस्थासँगै सांस्कृतिक पहिचान पनि यस्ता पर्वले बोकेका छन् । प्रायश्चित्तका निम्ति पनि यस दिनलाई उपयुक्त मानिन्छ । सम्पूर्ण पापको मोचन गरी आत्मिक पवित्रता प्रदान गर्नु यस्ता पर्वको विशेष उद्देश्य रहेको छ । सनातन वैदिक परम्परामा चलिआएका रीति-स्थितिको संरक्षण र संबर्धन आज आवश्यक छ । रक्षासूत्र, यज्ञोपवीत हाम्रा पहिचान हुन् । जसको उचित संरक्षण एवं सम्बर्धन हामी सबैले गर्नुपर्दछ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीकृष्ण जन्माष्टमी र कर्मयोग

द्वापरयुगको भाद्र कृष्ण अष्टमी रोहिणी नक्षत्रका दिन मध्यरातमा मथुराको कंसको कारागारमा भगवान् श्रीकृष्ण भगवान्‌को जन्म भएको दिनलाई श्रीकृष्ण जन्माष्टमी भनिन्छ । अँधेरी रातमा जन्मिएर पनि संसारलाई उज्यालो ज्योति प्रदान गर्ने भगवान्‌को महिमा अपरम्पार छ । विशेषतः कर्मयोगका गुरु भगवान् श्रीकृष्ण रहेकाले पनि कर्मयोगी आम मानव समुदायका निम्ति यो दिन विशेष रहने गर्दछ । संसारलाई कर्मको बाटोमा हिँड्न अभिप्रेरित गर्ने द्रष्टाको जन्म भएको दिन नै श्रीकृष्ण जन्माष्टमी हो । भक्ति र ज्ञानको पाठ पनि श्रीकृष्ण चरित्रबाट प्राप्त गर्न सकिन्छ । भगवान् श्रीकृष्णको चरित्र इतिहासको एक काल खण्डमा घटेको वास्तविक घटना हो । कथात्मक रूपमा कविले केही वर्णन गर्नु भिन्नै हो तर उक्त समय र परिस्थिति त्यस्तो थिएन भन्नु गलत हुन्छ । किनकि भगवान् श्रीकृष्णको समय द्वापर युगको हो । जुन युगको ज्योतिषीय काल गणना पनि स्पष्ट उल्लेख पाइन्छ ।

कृष्ण अर्थात् अँध्यारो पक्षमा जन्मेर पनि संसारमा भक्ति, ज्ञान र कर्मको दिव्य ज्योति प्रदान गर्ने भगवान्‌को लीला अपरम्पार छ । संसार अज्ञानरूपी अन्धकारमा बाँचिरहेको बेलामा ज्ञानको दिव्य गंगा प्रवाहित गरी मानव समुदायको कल्याण गर्नकै निम्ति भगवान्‌को पूर्ण अवतारका रूपमा श्रीकृष्णको जन्म भएको हो । पिता वासुदेव र माता देवकीका गर्भबाट मथुराको कंसकारागारमा भगवान्‌ले जन्म लिनु भएको हो ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।

अभ्युत्थानमधर्मस्य तदात्मनं सृजाम्यहम् ॥ *(गीता, ४।७)*

अर्थात् जब जब धर्मको ग्लानि हुन थाल्छ तब धर्म रक्षाका निम्ति भगवान्‌को अवतार हुन्छ भने झैं कंसको अत्याचारबाट मुक्ति दिलाउन भगवान्‌को जन्म भएको हो । भारतवर्षमा फैलिएको दुर्योधन प्रवृत्तिको अन्त्यका निम्ति पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान्को अवतार आवश्यक थियो । साथै अन्य थुप्रै धर्महीन कार्यले जर्जर भएको भूमण्डललाई पवित्र बनाउने उद्देश्यले भगवान्ले अवतार ग्रहण गर्नु भएको कुरा पुराणमा वर्णन पाइन्छ ।

देवकीको आठौँ गर्भबाट अष्टमीका दिन जन्म लिनु पनि संयोग नै हो । यसैगरी ईश्वरदेखि पर केही छैन । मानवीय अहं आफ्नै शत्रु हो भन्ने कुरा पनि भगवान्को जन्म प्रसंगमा जोडिन आएका छन् । भगवान्ले कर्मयोगका माध्यमले आफ्नो लीला चरित्र प्रस्तुत गर्नु भएको छ । सोही कर्मयोगको मूल मन्त्र नै श्रीमद्भगवद्गीता हो । **कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन** *(गीत, २।४७)* गीताको मूल अभिप्राय हो ।

श्रीकृष्ण लीलावतारका थुप्रै प्रसङ्गहरू रहेका छन् । ती मध्ये धर्म संस्थापन प्रमुख उद्देश्य हो । प्रत्येकको कर्मले मागी ल्याएका कार्य पूरा गर्न नै भगवान्को पदार्पण भएको हो । सर्वशक्तिमान् परमात्माले कंसको कारागारमा जन्म लिइसकेपछि पनि नन्द र यशोदाकहाँ पुग्नु पर्ने कारण असुरक्षा होइन । नन्दबाबा र यशोदाको मनोकांक्षा जन्म जन्मान्तरको कर्मभोगलाई फलितार्थ गर्न नै भगवान्को बाल्यकाल गोकुलमा बितेको हो । यसैगरी भगवान्को गोकुलसँग सम्बन्धित अन्य थुप्रै विषय पनि अन्तर्निहित रहेका छन् । राधासँगको जीवन्त प्रेम प्रकट गर्नु पनि अर्को कारण थियो । यसैगरी यमुना नदीलाई पावन बनाउन पनि नन्दगाँउसम्मको यात्रा तय गर्नु परेको हो । यसमा हरेक पद पदको भिन्ना भिन्नै अर्थ रहेको पाइन्छ । सुदामासँग मित्रभाव, गाईप्रतिको विशेष आदरभाव, गोपिनीको व्रत पूरा गर्न अनि बलरामलाई पनि दाजुको रूपमा वरण गरी बाल्यकालीन लीला दर्शाउने उद्देश्य पनि अन्तर्निहित रहेका छन् । अघासुर, बकासुर, धेनुकासुर, तृणावर्त आदिलाई अन्त्य गर्नु, पूतनाको अन्त्य गर्नु, कालेय नागको उद्धार गर्नु आदि पनि सोही प्रसङ्गमा आएका हुन् । जसले जस्तो कर्मको भोग लिएर आएका थिए ती सबैको उद्धारका निम्ति पनि भगवान्ले लीला ग्रहण गर्नु भएको हो ।

हामी सबै आ-आफ्ना समयमा चलिरहेका छौँ । कर्मको भोग अनुसार जे जस्तो गरेका छौँ सोही भोग्दै इहलीला व्यतीत गरिरहेका हुन्छौँ । सोही भोग सकिएपछि हाम्रो सद्योमुक्ति हुन्छ । जबसम्म मुक्ति मिल्दैन तबसम्म हामी जन्म जन्मान्तर पुनर्जीवनको चक्रमा परिरहन्छौँ । यही सन्देश भगवान्का उपदेशमा पनि पाइन्छ । भगवान्का चरित्रले पनि यही दर्शाएका छन् । भगवान्को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृष्णअवतारमा मात्र सोह्रकला पूर्ण भएका छन् । भगवान्को श्रीराम अवतार पनि अपूर्ण थियो । लक्ष्मणले भाइ भएर सेवा गरेका थिए । लक्ष्मणको भित्री मनोकांक्षा पूर्ण गर्न भगवान्ले कृष्णावतारमा दाजु बलराम पाउँनु भएको हो । यसरी बलरामको जन्मका पछाडि पनि जन्म जन्मान्तरको कर्म र आर्जित फलले काम गरेको देखिन्छ ।

कंसको पनि भगवान्कै हातबाट मुक्ति पाउने पूर्व जन्मदेखिको कमाइ थियो । यसैगरी शिशुपाल, अष्टावक्र, कुवलयापीड आदिले पनि आफ्नो कर्मको फल भोग गरेर इहलोकबाट मुक्ति पाएका हुन् । उग्रसेन, देवकी र वसुदेवले पनि आफ्नो कर्ममा लिई आएको फल नै भोग गरेका हुन् । भगवान्का सामने जेल के नै थियो र ? तै पनि दश बाह्र वर्षसम्म उग्रसेन, देवकी, वसुदेव लगायतले कारागारको कठोर जीवन यापन गर्नु परेको थियो । यसबाट के प्रष्ट हुन्छ भने सबैको आ–आफ्नो समय हुन्छ । आफूले कर्ममा आर्जित गरेको जो फल छ सो भोग्नै पर्छ । यही भोगाइका क्रममा नै सम्पूर्ण कृष्ण लीला चरित्र रहेको पाइन्छ । हुन त भौतिकवादीले यो कुरा मान्दैनन् । पुनर्जन्म नमान्नेका अघि यो कुरा पनि अपाच्य हुन सक्छ । तर भौतिकवदका गुरु नै अध्यात्मको आँगनीमा बाँचिरहेको तथ्य पनि बुझ्नु जरूरी छ । यो संसारमा अध्यात्मसँगै भौतिक पनि छ । अन्तिम सत्य अध्यात्म नै हो भौतिक होइन । भौतिकवादका जति भँगाला बगाए पनि अन्तिममा मिसिने अध्यात्मै हो । चाहे नित्से हुन् चाहे मार्क्स सबै अध्यात्मकै पुजारी थिए ।

कर्म दिने पनि ईश्वर नै हुन् भन्ने भान पर्न सक्छ । ईश्वर केवल सृष्टि कर्ता मात्र हुन् । उनको सृष्टि पश्चात् हामीले जे जस्तो कर्म गर्छौं, भोग्छौं र आर्जित गर्छौं त्यसमै हाम्रो भविष्य पनि निर्धारित हुन्छ । आद्य अवस्था शून्यप्राय रहन्छ । जब कर्मको वेदीमा होमिन्छौं अनि शुभाशुभ फल भोग्दै अगाडि बढ्ने गर्दछौं । हाम्रो लामो यात्रामा जे जस्ता परिघटना हुन्छन् ती जन्म जन्मान्तरका हुन् जुन कुरा इतिहास पुराण र महाभारतका कथाले पनि व्यक्त गरेका छन् । महाभारतमा द्रौपदीकै प्रसङ्ग कोट्याउने हो भने पनि उक्त कुरा प्रष्टिन आउँछ । पहिलेको जन्ममा शिवजीसँग द्रौपदीले पाँच प्रकारका बलशाली पतिको वर माग गरेकी थिइन् । सोही कुरा पञ्चपाण्डवकी पत्नी भएपछि भगवान् श्रीकृष्णले सम्झाउनु भएको छ । यसैगरी जरासन्धको पनि भीमकै हातबाट मृत्यु हुने कर्म थियो । किनकि उसको मुक्ति हुने समय आएको थिएन । त्यही भएर भगवान्ले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीमलाई जरासन्धसँग युद्ध गराउनु भयो । तर शिशुपालको भगवान्कै हातबाट मुत्यु हुने कर्म लिएर आएको कारण सोही सावित भयो । यसरी हेर्दा मान्छेले जस्तो कर्म लिएर आएको छ, जे जस्तो कर्म आर्जित गरेको छ सोको फल भोग्नु नै पर्छ । जुन जन्म जन्मातरसम्म नै रहिरहन्छ । यही नै कर्म योग हो । त्यसैले कर्मको वेदीमा होमिन भगवान् श्रीकृष्णले अर्जुनलाई उपदेश दिनुभएको छ । जुन हाम्रा लागि पनि हो ।

इहलोकका लौकिक विषयवस्तुको ज्ञान दिलाउन नै भगवान् श्रीकृष्णको अवतार भएको हो । अँधेरी रातमा जन्मनु भएका श्रीकृष्णले संसारलाई उज्यालो दीप वालेर इहलोक त्याग्नु भएको छ । मृत्यु सबैका निम्ति अवश्यम्भावी छ । भगवान् सर्वशक्ति सम्पन्न भएर पनि इहलोक त्याग्नु पर्ने कारण सोही कर्मको प्रतिफल नै हो । जति समय यो लोकमा कार्य गर्नु छ सो सकियो भगवान् पनि स्वधाम प्रस्थान गर्नु भयो । यसैगरी हामी पनि आफ्नो कार्यका निम्ति यस धर्तीमा जन्म लिएका छौं । हामीले आफ्नो कर्म गर्दै जाने हो । जस्तो कर्म गर्छौं सोही फल पनि भोग्दै जान्छौं । त्यसैले हामी सबै असल कार्यमा लाग्नु पर्दछ । धर्म कमाउनु भनेको नै असल हुनु हो । परोपकारी कार्य गर्नु हो । अरूलाई सहयोग गर्नु हो । ज्ञान र विवेक हुँदा हुँदै पनि हामी खराब कार्यमा लाग्नु आफ्नै लागि घातक हुन्छ । किनकि हामीले जस्तो कार्य गर्छौं त्यसको त्यस्तै फल भोग्नु नै पर्छ । अत हामी सबै सत् कार्यमा लागौं । **जय श्रीकृष्ण** !

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुशेऔंसीका धार्मिक सांस्कृतिक पक्ष

धर्म-संस्कृति मानवीय जीवन यापनका मूल आधार हुन् । धर्मले आत्मिक शान्ति मिल्छ भने संस्कृतिले समाजको सुन्दरता बढाइरहेको हुन्छ । यही आधारमा नै हामी बाँचेका छौं, हाँसेका छौं अनि सुन्दर जीवन यापन गरिरहेका छौं । शान्ति सबैलाई चाहिन्छ । किनकि मनमा शान्ति भएन भने संसार नै अशान्त देखिन्छ । शान्तिबिना मानव जीवन कष्टकर बन्छ । आत्मिक एवं मानसिक शान्तिका निम्ति धर्म र संस्कृति आधार बनेर रहेका हुन्छन् । आत्मिक शान्तिका निम्ति अध्यात्मको ओखती नै उत्तम विकल्प हुनसक्छ । यस्तै धार्मिक सांस्कृतिक महत्त्व बोकेको विशेष दिन भाद्रकृष्ण अमावास्या अर्थात् कुशेऔंसी हो । जुन दिन पवित्र कुशलाई घर-घरमा भित्र्याउने शास्त्रीय विधान रहेको छ । औंसी तिथि पितृका लागि विशेष हुने भएकाले पनि यस दिन पितृको स्मरण गरिन्छ । जुन हाल बुबाको मुख हेर्ने दिनका रूपमा प्रसिद्ध बनेको छ ।

कुश देव र पितृकार्यका निम्ति प्रयोग हुने गर्दछ । जसको प्रयोगले सम्पूर्ण कुरा पवित्र हुन्छन् भन्ने धार्मिक मत रहेको छ । कुशेऔंसीका दिन प्रातः पवित्र गंगामा स्नान गरी कुश भएको स्थलतर्फ प्रस्थान गर्नु पर्दछ । कुश पवित्र स्थानमा उम्रिएको छ छैन विशेष अवलोकन निरीक्षण पनि गर्नुपर्ने हुन्छ । विशेष गरी तिल उम्रिएका ठाउँमा रहेको कुश उत्तम मानिन्छ । यसरी उपयुक्त कुशको स्थानमा गएर पूर्वोत्तरतर्फ फर्की विशेष मन्त्र उच्चारणपूर्वक कुश उखेली घरमा भित्र्याउने धार्मिक विधि रहेको पाइन्छ ।

एवं मन्त्रं समुच्चार्य ततः पूर्वोत्तरामुखः ।
हुँफट्कारेण मन्त्रेण सकृच्छित्वा समुद्धरेत् ॥

(धर्मसिन्धु, द्वितीयपरिच्छेद, पृ. ६३)

अर्थात् मन्त्रोच्चारणपूर्वक पूर्वोत्तर दिशातर्फ अर्थात् ईशान कोणतर्फ फर्की हुँ फट्को उच्चारणपूर्वक जरा सहित कुश उलेख्नु पर्दछ । किनकि कुशको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूलमा ब्रह्मा, मध्यभागमा विष्णु र अन्त्यभागमा शिवजीको निवास हुने गर्दछ। त्यसैले कुश उखेल्नुपूर्व निम्न मन्त्र उच्चारण गर्नुपर्छ-

विरञ्चिना सहोत्पन्नः परमेष्ठिनिसर्गज।
नुद सर्वाणि पापानि दर्भ स्वस्तिकरो भव॥ *(धर्मसिन्धु, द्वितीयपरिच्छेद, पृ. ६३)*

यसरी प्रार्थना गरिसकेपछि **हुँ फट्** भन्दै कुशलाई उखेल्नु पर्दछ। यसरी उखेलेको कुश घरमा ल्याई पवित्र स्थानमा राख्नु पर्ने विधान छ। यसपछि सोही नयाँ कुश प्रयोग हुने गर्दछ। यसरी राखिएको कुश वर्षदिन सम्म देव र पितृक कार्यका निम्ति प्रयोग गर्न योग्य मानिन्छ।

कुशमा साक्षात् ईश्वरको वास रहेको हुन्छ। संसारका सृष्टि, स्थिति र लयकर्ता ब्रह्मा, विष्णु र महेशको निवास हुने गर्दछ।

कुशाग्रे वसतो रुद्रः कुशमध्ये तु केशवः।
कुशमूले वसेद् ब्रह्मा कुशान् मे देहि मेदिनि॥

(ने.सं.वि. पञ्चाङ्गम्-२०७५, पृ. ६१)

'हे पृथ्वी माता! अग्र भागमा शिव, मध्य भागमा विष्णु र मूलभागमा निवास गर्नेवाला कुश मलाई प्रदान गर्नुहोस्' भन्दै कुश उखेल्नु पर्ने शास्त्रीय विधान रहेको छ।

कुश देव र पितृ कार्यका निम्ति आवश्यक पर्दछ। जसको धारण र प्रयोगले हरेक कुरा र कार्यमा पवित्र बनाउने गर्दछ। देवकार्यमा कुशका पवित्र, उपयवन, ब्रह्मा, कंकण, दण्ड आदि बनाएर धारण गरिन्छ भने पितृकार्यमा पवित्र, ब्रह्मा, मोटक आदि बनाउने गरिन्छ। कुश नभएको स्थानमा दुवोको प्रयोग पनि गरिन्छ। जुन कुशको विकल्प हो। नफुलेको कुशलाई संस्कृतमा दर्भ भनिन्छ। जसका सात भेद रहेका छन्-

कुशाः काशा यवा दूर्वा उशीराश्च सकुन्दकाः।
गोधूमा व्रीहयो मुञ्जा दश दर्भाः सबल्वजाः॥

(धर्मसिन्धु, द्वितीय परिच्छेद, पृ. ६२-६३)

अर्थात् कुश, काँश, जौ, दुवो, उशिर, गहुँ, धान, मुज र बावियो दर्भका दश भेद रहेका छन्। सात पात एकै नालमा भएको दर्भ वा तिलको खेतमा उम्रेको कुशलाई शुभ मानिन्छ। यसरी प्राप्त कुश धार्मिक कार्यका निम्ति प्रयोग गरिन्छ। कुश हाम्रा हरेक संस्कारमा अनिवार्य चाहिने वस्तु हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुशेऔंसीमा पिताको मुख हेर्ने पनि चलन रहेको छ । स्वर्गीय पितृको स्मरण गरी तर्पण पिण्डादि दान गर्ने यस शुभ दिनलाई पछि पिताको मुख हेर्ने दिनको रूपमा पनि मनाउन थालिएको पाइन्छ । पिताको स्मरण यही दिन गर्नुका पछाडि पनि विशेष कारण रहेको छ । पितृको निवास चन्द्रमाको माथिल्लो भागमा हुन्छ । अझ भनौँ हाम्रो एक महिना बराबर पितृको एक दिनरात हुन्छ । हाम्रो कृष्णपक्षमा पितृको दिन हुन्छ । औंसीमा पितृलोकमा मध्यदिन हुन्छ । यो पितृ भोजनका निम्ति उपयुक्त समय रहेकाले पनि पितृको तर्पण एवं श्राद्ध गर्ने शास्त्रीय विधान रहेको हो । यसरी औंसीका दिन गरिएको श्राद्धले पितृ तृप्त हुन्छन् र आशीर्वाद पनि प्रदान गर्दछन् ।

बुबाको मुख हेर्ने यही दिनलाई मान्नुको कारण पनि पितृको विशेष दिन भएर नै हो । पिताको महत्त्व शास्त्रले पनि विशेष गाएको छ । गुरुभन्दा सय गुणा माथि पिताको स्थान दिइएको **"आचार्याणां शतं पिता...."** *(मनुस्मृति, २।१४५)* छ । यसैगरी उपनिषद्ले पितालाई देवताको कोटिमा राखेको छ । **पितृ देवो भव** *(तैत्तिरीयोपनिषद्, १।११)* अर्थात् पितृ देवता समान हुन्छन् । धर्मशास्त्रअनुसार प्राण जाने अवस्थामा रक्षा गर्ने र पालनपोषण गरी कर्म दिने व्यक्तिलाई पनि पिता समानको कोटि प्रदान गरिएको छ ।

धर्म संस्कृति हाम्रा गहना, नेपाल र नेपालीका चिनारी छन् । यिनै संस्कृति वैदिक विधि विधानमा आबद्ध रहेका छन् र हाम्रो संस्कृतिले सर्वप्राचीन हुने सुअवसर प्राप्त गरेको छ । कुशेऔंसीमा घर-घरमा पवित्र वस्तु कुश भित्र्याइन्छ । जो देव र पितृ कार्यका निम्ति प्रयोग गरिन्छ । यसैगरी यही दिन पिताको मुख हेर्ने हाम्रो चलन पनि रहेको छ । हामी यसैमा रमेका छौँ र रमाउनु पनि पर्छ । किनकि आत्मिक सुख शान्ति सबैको कामना हुन्छ । सोही कुरा यस्ता चाड पर्वले दिने गर्दछन् । पितृप्रति सदा आदरभाव व्यक्त गर्नुपर्छ भन्ने सन्देश पनि यस पर्वले दिएको छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरितालिका तीज र ऋषिपञ्चमीका धार्मिक सांस्कृतिक पक्ष

संस्कृतिको धनी देश नेपाल जहाँ विविधतामा एकता छ । अनेक धर्म संस्कृतिको संगमस्थल नेपाल धर्म र संस्कृतिमा लामो इतिहास बोकेको देश हो । धर्मसँगै संस्कृतिका गहनाले हामी परिपूर्ण छौँ । हरेक महिनाको आ-आफ्नै महिमा छ । यस्तै विविध महिमा बोकेका चाडपर्व मध्ये तीज र ऋषिपञ्चमीको पनि छुट्टै चिनारी रहेको पाइन्छ । भाद्र शुक्ल तृतीयाको दिन तीज र भाद्र शुक्ल पञ्चमीका दिन ऋषिपञ्चमी पर्व हर्षोल्लासपूर्वक मनाउने गरिन्छ । तृतीयाका दिन पर्ने पर्व भएकाले यसलाई तीज भनिएको हो । जसलाई हरितालिका पर्वका नामले पनि सम्बोधन गरिन्छ । तीज र ऋषिपञ्चमी दुवै पर्वमा महिलाको विशेष भूमिका रहने गर्दछ । पुरुषले पनि तीजको व्रत बस्ने चलन छ । तीज पर्व कहिलेदेखि मनाउन थालिएको हो भन्ने कुराको यकिन गर्न सकिँदैन । शिव पुराणअन्तर्गतको कथामा आधारित रहेकाले उत्तर वैदिककालबाट नै यो पर्वको अस्तित्व रहेको भन्ने आकलन गर्न सकिन्छ । विकासको क्रमसँगै सांस्कृतिक पर्वको समेत रूप ग्रहण गरी आजसम्म भव्यताका साथ तीज र ऋषिपञ्चमी मनाउने गरिन्छ । आफूले चाहेको इच्छित वर प्राप्त हुने मान्यताका आधारमा तीजको व्रत बस्ने शास्त्रीय विधान छ । यसैगरी वर्षदिनसम्म भए गरेका स्पर्श, भक्ष्य आदि दोषबाट निवृत्त हुन ऋषिपञ्चमीमा विशेष स्नान एवं अरुन्धतीसहित सप्तर्षिको पूजा अर्चना गरिन्छ ।

हरितालिका तीज

भाद्र शुक्ल तृतीयाको दिन तीज पर्व मनाइन्छ । जसलाई हरितालिकाको नामले पनि सम्बोधन गरिन्छ । साथीले हरण गरी भगवान् प्राप्तिमा सहयोग गरेकाले यस दिनलाई हरितालिका भनिएको हो । 'अलिभि हरिता हरितालिका' अर्थात् (अलिका = साथी, हरिता = हरण गरिएकी) साथीले हरण गरिएकी सतिले भगवान्‌को उपासना गरेको प्रसङ्गबाट हरितालिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाम रहेको हो । शिवपुराणअन्तर्गत सतिदेवीको कथा यो पर्वको मूल आधार हो । दक्ष पुत्री सतिदेवीले आफ्ना इच्छित पति शिवजीलाई प्राप्त गर्न कठोर व्रत बस्छिन् । उनको व्रतमा अनेकौँ बाधा व्यवधान आइपर्छन् । भगवान् शिव प्राप्त गर्न व्रत बसेकी सतिदेवीलाई अन्यत्रै विवाह गरिदिने माता पिताको इच्छा हुन्छ । यो थाहा पाई सतिदेवीलाई साथीले हरण गरी गुफामा लुकाउँछन् । माता पिताले तय गरेको विवाह कार्य भङ्ग हुन्छ । अन्ततः भगवती सतिदेवीको इच्छा अनुसार नै शिवजीसँग विवाहको निश्चय गरिन्छ । यसरी व्रतबसी शिवजीलाई वरका रूपमा प्राप्त गरेको समय भाद्र शुक्ल तृतीया रहेको थियो ।

टाढा रहेका चेलिवेटीले भेटघाट गरी एक आपसमा सुखदुःख साटासाट गर्ने पर्वका रूपमा पनि तीजलाई लिने गरिन्छ । घरमा भए गरेका आलोच्य विषयवस्तु गीतका रूपमा व्यक्त गर्दै मनको मयल पखाली शुद्ध भावना जागृत गराउने पर्वका रूपमा समेत तीज पर्व मनाइन्छ । हरितालिका तीजको अघिल्लो दिन शुद्ध शाकाहारी दर खाइन्छ । यो हाम्रो मौलिक संस्कृति हो । शास्त्रमा दर खाने विधान पाइँदैन । समाजले आवश्यकता महसुस गरी व्यवहारमा ल्याएका प्रचलन नै संस्कृति हुन् । यस्तै संस्कृति नेपाली परिवेशमा प्रचलित छन् ।

भोलिपल्ट अर्थात् हरितालिका तीजका दिन प्रातः स्नान गरी शुद्ध चोखो वस्त्र धारण गरेर प्रतिज्ञा सङ्कल्पपूर्वक अर्घ्य स्थापना गरी दीप, कलश र गणेशको पूजा गरिन्छ । यस पछि वालुवाको शिवलिङ्ग बनाई उमा र महेश्वरको आवाहनपूर्वक षोडशोपचारले पूजा गर्ने शास्त्रीय विधान रहेको छ । यसैगरी भोलिपल्ट लोपामुद्रा पूजा, अगस्तिपूजा, अर्घ्यदान, पूर्णपात्र दानपूर्वक विसर्जन गरी व्रत समापन गरिन्छ । शास्त्रीय विधानका साथसाथै लोक परम्परा अनुसार मन्दिर जाने, उमा महेश्वरको पूजा गर्ने र भजन कीर्तनपूर्वक नाचगान गर्ने चलन पनि रहिआएको छ । यसरी व्रत बस्नाले समस्त मनोकामना पूरा हुने विश्वास गरिन्छ । जसरी सतिले शिवजी प्राप्त गर्ने मनोकांक्षा पूरा गरिन् त्यसैगरी तीजको व्रत बस्नेले पनि आ-आफ्ना मनोकामना पूर्ण गर्दछन् । यही शास्त्रीय मान्यताका आधारमा सुख, शान्ति र समृद्धिको कामना गर्दै यो पर्व मनाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋषिपञ्चमी

भाद्र शुक्ल पञ्चमीका दिन ऋषिपञ्चमी पर्व मनाइन्छ । यो नारी विशेषको पर्व हो । विशेष गरी रजस्वला हुने नारीहरूले यस दिन विशेष स्नान गरी ज्ञात अज्ञात स्पृश्यापृश्य (नछुने कुरा छुँदाको), भक्षाभक्ष (नखाने कुरा खाएको) आदि दोषहरूको प्रायश्चित्त गर्ने शास्त्रीय विधान छ । ऋषिपञ्चमीका दिन बिहान नदी वा तलाउमा गई पूर्वाभिमुख भएर ३६० अपामार्गले दाँत माझ्नु पर्दछ । यसपछि ३६० पटक माटो लेपन गर्दै स्नान गरिन्छ । यसरी स्नान गरेपछि ३६० अपामार्गले जल अभिषेचन गर्नु पर्दछ । यसरी स्नान पश्चात् पूजास्थानमा गई पञ्चगव्य प्राशनपूर्वक दीप, कलश, गणेश स्थापना गरी अरुन्धती सहित कश्यादि सप्तर्षि (कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, जमदग्नि र वशिष्ठ) को षोडशोपचारले पूजा गरिन्छ । सप्तर्षिको स्थापना गर्दा कुशका ऋषि प्रतिमा बनाइन्छ । यसरी पूजा गरेपछि ३६० तिल, जौ, अक्षता, पुष्प, दीप सहितका गनौट अर्पण गरिन्छ । गनौट अर्पण पश्चात् भूमिमा पाउ घिसार्दै सप्तर्षिको प्रदक्षिणा हुन्छ । यसरी प्रदक्षिणा गरिसकेपछि पूर्णपात्र दान सहित विसर्जन गरिन्छ । पूजा पश्चात् भजन कीर्तन सिलोक आदि गाउने प्रचलन पनि विद्यमान रहेको छ । ऋषिपञ्चमीमा विशेष स्नानपूर्वक अरुन्धतीसहित सप्तर्षि पूजा गर्नाले वर्ष दिनसम्म भएका ज्ञात अज्ञात, स्पृश्यास्पृश्य, भोज्याभोज्य आदि दोषबाट निवृत्ति मिल्ने कुरा धर्मशास्त्रमा उल्लेख पाइन्छ । तीन सय साठी वटा वस्तुको प्रयोग गर्नुको तात्पर्य एक वर्षमा ३६० चान्द्र दिन हुन्छन् । यस्तै प्रकारको स्नान एवं सप्तर्षि पूजन पुरुषले श्रावण शुक्ल पूर्णिमाका दिन गर्ने शास्त्रीय विधान छ । जसलाई ऋषितर्पणी भनिन्छ ।

श्रीमद्भागवतको षष्ठस्कन्धमा बताएको कथाअनुसार इन्द्रले अपमान गरेपछि देवगुरु बृहस्पति रिसाई इन्द्रयज्ञ छोडेर कतै हराउँछन् । इन्द्रको यज्ञ अपूर्ण हुने अवस्था आउँछ । त्रिशिरालाई यज्ञाचार्य बनाइन्छ । इन्द्रको यज्ञमा दैत्यगुरु त्रिशिराले दैत्यलाई पनि यज्ञको आहुति प्रदान गर्छन् । यस्तो कुरा थाहा पाएपछि त्रिशिराको त्यहीं इन्द्रले हत्या गरिदिन्छन् । त्रिशिराको हत्या गरेकाले इन्द्रलाई ब्रह्महत्याको पाप लाग्छ । उक्त पापको प्रायश्चित्त गर्न इन्द्रले भगवान्को प्रार्थना गर्दछन् । भगवान्द्वारा नारी, पानीको फिँज, जमिन र वृक्षमा एक एक भाग विभाजन गरी उक्त श्रापको विमोचन हुन्छ *(श्रीमद्भागवत्महापुराण, ६। ७-१३)* । सोही मध्येको एक श्राप नारीमा पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परेकाले नारीमा रजोवृत्ति भएको र उक्त दोषबाट निवृत्तिका निम्ति पनि स्नान एवं सप्तर्षि पूजन गरिएको हो ।

ऋषि भनेका वैदिक मन्त्र देख्ने वा देखाउने पुरुष हुन् । हाम्रा अग्रज मार्गदर्शकका रूपमा पनि ऋषिको विशेष पूजा अर्चना हुने गर्दछ । ऋषि पनि सात प्रकारका हुन्छन् ऋषि, महर्षि, परमर्षि, देवर्षि, ब्रह्मर्षि, काण्डर्षि र श्रुतर्षि । ऋष् धातुको गमन, ज्ञान, श्रवण, सत्य र तप अर्थमा प्रयोग हुन्छ । यी सबै गुण जसमा एकैसाथ निश्चित् रूपले रहन्छ त्यस्ता पुरुषलाई ऋषि भनिन्छ ।

ऋषीत्येष गतौ धातुः श्रुतौ सत्ये तपस्य च ।
एतत्संनियतं यस्मिन् ब्राह्मणः स ऋषिः स्मृतः ॥
गत्यर्थादृषतेर्धातोर्नाम निवृत्तिरादितः ।
यस्मादेष स्वयम्भूतस्तस्माच्च ऋषिता स्मृता ॥ *(वायुपुराण, ५९/७९-८१)*

मन्वन्तर अनुसार सप्तर्षि पनि छुट्टा छुट्टै हुने गर्दछन् । वर्तमानमा वैवस्वत मन्वन्तर चलिरहेको छ । त्यसैले यस मन्वन्तरका सप्तर्षिमा कश्यप, अत्रि, वशिष्ठ, गौतम, भरद्वाज, विश्वामित्र र जमदग्नि पर्दछन् । आकाशमा ध्रुवताराको वरिपरि घुम्ने सात तारालाई सप्तर्षि तारा भनिन्छ ।

ऋषिपञ्चमी कथा – एकादेशमा शिवशर्मा र ओमवती नामका ब्राह्मण ब्राह्मणी थिए । उनीहरूको पेशा कृषि थियो । छोरो पनि हुर्किएर ठूलै भएको थियो । ब्राह्मणीलाई रजश्वला दोषबारे केही पनि ज्ञान थिएन । उनी त्यसको केही वास्ता पनि गर्दिन थिइन् । तिथि पर्व वार्ने कुरा त भनै के थाहा थियो र ? ब्राह्मण ब्राह्मणीको शास्त्रज्ञानबिना कृषि कर्ममै लागेर इहलीला समाप्त भयो ।

अर्को जन्ममा ती दुवै ब्राह्मण ब्राह्मणीको त्यही घरमा गोरु र कुकुर्नीका रूपमा जन्म भयो । औंसीका दिन पितृ श्राद्ध गर्नुपर्ने थियो । बारीको बाँझो मार्नु पर्ने भएकाले त्यही औंसीकै दिन छोराले गोरु जोत्न बारीमा लग्छन् । हलो तान्न नसकेर गोरु त्यहीँ थला पर्छन् । छोरालाई भनै रीस उठ्छ र गोरूलाई भनै थला पर्ने गरी छोराले पिट्छन् । यता घरमा श्राद्धको खीर पकाएर बुहारी बारीतिर गएकी थिइन् । खीरमा सर्पले विष छोडेर जान्छ । कुकुर्नीले बचाउन खोज्दै गर्दा बुहारी आइपुग्छिन् र खीर छोएको निहुमा कुकुर्नीलाई थला पर्ने गरी पिट्छिन् । कुकुर्नीको हर भाँचिएर शक्त घाइते हुन्छे ।

बेलुका दुवै गोरु र कुकुर्नीको भेट हुन्छ । दुवैले पूर्वजन्मको स्मरण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्छन् । आफूले दुःख पाएकोमा खेद व्यक्त गर्दै यस्तै कर्मको भोग रहेछ भनी चित्त बुझाउछन् । ती गोरु र कुकुर्नीको कुराकानी छोराले पनि सुन्छन् । आफूले गल्ती गरेकोमा पश्चाताप गर्दै छोरा उपाय खोज्न अगस्ति ऋषिकहाँ पुगेर सारा वृत्तान्त बताउँछन् । अगस्ति ऋषिले ऋषिपञ्चमीको व्रत लिई अरुन्धती सहित सप्तर्षिको पूजा गर्न आदेश दिन्छन् । सोही अनुसार ऋषिपञ्चमीको व्रत पूजा विधि विधानपूर्वक गरेपछि शिवशर्मा र ओमवतीलाई मुक्ति मिल्दछ ।

यस दिन लोपामुद्राको पनि विशेष पूजा हुने गर्दछ । लोपामुद्रा भनेकी बाल रक्षिका हुन् । उनको विशेष पूजा गर्नाले बाल बच्चामा आयु आरोग्य प्राप्त हुने धर्मशास्त्रीय मान्यता रहेको छ ।

तीज र ऋषिपञ्चमीका धार्मिक एवं सांस्कृतिक दुवै पक्षको महिमा उत्तिकै रहेको पाइन्छ । नारीका विशेष पीर वेदनाहरू तीजका गीतका रूपमा व्यक्त हुने गर्दछन् । दुःख बिसाएर मन हलुङ्गो पारी चित्त शुद्ध बनाउने चाड तीज हो भने शारीरिक शुद्धि गराउने पर्व ऋषिपञ्चमी हो । चित्त शुद्ध गरी पुनः स्वकर्ममा प्रवृत्ति गराउने चाड पर्वले धर्म र संस्कृति दुवैको महत्ता बढाइरहेका हुन्छन् । आज उत्तर आधुनिक परिवेशसँगै यस्ता पर्वमा पनि अनेकौ विकृति देखिन थालेका छन् । गरगहनाको तडकभडक हुनु सोही कारण चोरी डकैती बढ्नु, गीतमा मौलिकता हराउनु, असभ्य बन्दै जानु, दरखाने महिनादिन अघिबाटै सुरु हुनु आदि कुरा संस्कृतिका बाधक हुन् । धार्मिक सांस्कृतिक पर्वलाई तडक भडकको नभई सभ्य र भव्य चाड मान्नतर्फ सबै अभिप्रेरित हुनु आज आवश्यक देखिन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रविधिका पिता विश्वकर्मा

संसारलाई प्रविधिको पाटो सिकाउने आद्य गुरु विश्वकर्मा हुन् । आजका भौतिक उपलब्धि उनकै देन हुन् । भौतिक वस्तुको विन्यास, वस्तु अवस्थितिको अनुकूलन एवं निर्माण र कलाका आद्य प्रतिमूर्ति विश्वकर्मा भएकाले उनको विशेष पूजा आराधना गरिएको हो । आजका मोवाइल, यान्त्रिक उपकरण एवं वायुयान पनि उनकै परिकल्पना हुन् । संसारलाई प्रविधिको बाटोमा अभिप्रेरित गर्ने विश्वकर्मा स्वर्गका भव्य महलका रचनाकार पनि हुन् । चित्र-विचित्रका वस्तु निर्माणमा उनको विशेष देन रहेको छ । विश्वको वस्तुस्थितिलाई बनाउने शिल्पज्ञ भएकाले उनको नाम विश्वकर्मा रहेको हो ।

आजको यान्त्रिक युगका पिता विश्वकर्मा हुन् । त्यसैले आश्विन संक्रान्तिका दिन अर्थात् असोज १ गते यिनै ब्रह्माका सन्तति विश्वकर्माको विशेष पूजा आराधना हुने गर्दछ । विश्वकर्मालाई देवशिल्पीको उपनाम पनि दिइएको छ । शरदऋतु आरम्भको पहिलो दिन विश्वकर्माको विशेष पूजा आराधना हुने गर्दछ । भगवान्कै अवतार विश्वकर्मा भौतिक वस्तुका निर्माता एवं मार्गदर्शक हुन् ।

पौराणिक कथाअनुसार देवशिल्पी विश्वकर्माले पृथ्वीमा पनि सुन्दर शहर एवं भवन निर्माण गरेको कथा पाइन्छ । सुनको लङ्कापुरी, भगवान् श्रीकृष्णको द्वारकापुरी एवं पाण्डवका निम्ति हस्तिनापुरमा सुदामा नगरी विश्वकर्माले नै रचना गरेका थिए । जगन्नाथस्थित काठको दिव्य मूर्ति उनकै कला कौशल हो । सत्ययुगको स्वर्ग लोक, त्रेतायुगको स्वर्णमयी लंका, द्वापर युगको द्वारका र कलि युगको हस्तिनापुर स्वयं विश्वकर्माले नै निर्माण गरेका थिए ।

शेष शैयामा शयन गर्नु भएका विष्णु भगवान्को नाभिकमलबाट ब्रह्माको उत्पत्ति हुन्छ । ब्रह्माका पुत्र धर्म, धर्मका पुत्र वास्तुदेव, वास्तुदेव र अंगिरसीका पुत्रका रूपमा विश्वकर्माको जन्म भएको हो । विश्वकर्माका पिता वास्तु शील्पमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निपूण भएकाले उनमा पनि सो ज्ञान आएको पाइन्छ । विश्वकर्माका अनेक रूप पाइन्छन् ।

द्वौ प्रोक्तौ विश्वकर्माणौ मयस्त्वष्टा च योगवित् ।
द्वौ धाता च विधाता च पौराणौ जगतः पती ॥

(अग्निपुराण, गणभेद नामाध्याय)

विशेषतः मय र त्वष्टालाई विश्वकर्मा भनिएको पाइन्छ । यी दुवै सृष्टि र नयाँ युगको आविष्कर्ता हुन् । यसैगरी अन्य विश्वकर्मामा-

धर्मवंशी विश्वकर्मा : शिल्प विज्ञान विधाता अर्थात् (प्रभात पुत्र)

अङ्गिरावंशी विश्वकर्मा : आदि विज्ञान विधाता (वसु पुत्र)

सुधन्वा विश्वकर्मा : विज्ञानका जन्मदाता (अथर्वा ऋषिका नाति)

भृंगुवंशी विश्वकर्मा : उत्कृष्ट शिल्प विज्ञानाचार्य (शुक्राचार्यका नाति) ।

कर्मअनुसार विश्वकर्माका स्वरूप पनि भिन्न रहेका छन् । उनका मनु, मय, त्वष्टा, शील्पी एवं दैवज्ञ गरी पाँच पुत्र थिए । छोराहरू नामअनुसार काममा पनि निपूण रहेको पाइन्छ । मनु फलामसँग सम्बन्धित, मय काष्ठकलाका ज्ञाता, त्वष्टा काँस र तामासँग सम्बन्धित वस्तुका ज्ञाता थिए । यसैगरी शिल्पी ढुङ्गा/इटाको कार्यमा र दैवज्ञ सुन चाँदीका कार्य कालमा निपूण रहेका थिए ।

असोज १ गतेका दिन यन्त्र उपकरण, गाडी, फ्याक्ट्री, फलाम आदि वस्तु सहित विश्वकर्माको पूजा हुने गर्दछ । विश्वकर्मा देवताद्वारा पनि पूजित थिए । वेद उपनिषद्मा पनि उनको विशेष चर्चा पाइन्छ । पुष्पक विमान, कर्णको कुण्डल, विष्णु भगवान्को सुदर्शन चक्र, शंकर भगवान्को त्रिशूल, यमराजको कालदण्ड आदि थुप्रै महत्त्वपूर्ण वस्तु विश्वकर्माले निर्माण गरेका हुन् ।

हाम्रो धर्मशास्त्रमा विश्वकर्माका पाँच स्वरूप र अवतार पाइन्छन् : विराट विश्वकर्मा, धर्मवंशी विश्वकर्मा, अंगिरावंशी विश्वकर्मा, सुधन्वा विश्वकर्मा र भृंगुवंशी विश्वकर्मा । विश्वकर्माका जेठा छोरा मनुको अंगिरा ऋषिकी पुत्री कञ्चनासँग विवाह भएको थियो । मनुले मानव सृष्टिको निर्माण गरेका थिए । यिनका कुलमा अग्निगर्भ, सर्वतोमुख, ब्रह्म आदि ऋषि उत्पन्नभएको कुरा पुराणमा वर्णन पाइन्छ ।

विष्णुपुराणमा देवताका पनि देवताको संज्ञा विश्वकर्मालाई दिइएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बृहस्पतेस्तु भगिनी वरस्त्री ब्रह्मचारिणी ॥
योगसिद्धाजगत्कृत्नमसक्ता विचरत्युत ॥
प्रभासस्य तु भार्या सा वसूनामष्टमस्य तु ।
विश्वकर्म्मामहाभागस्तस्यां जज्ञे महामतिः ।
कर्ता शिल्पसहस्राणां त्रिदशानाञ्च वर्द्धकिः ।
भूषणानाञ्च सर्वेषां कर्ता शिल्पवतां वरः ॥
यः सर्वेषां विमानानि देवतानां चकार ह ।
मनुष्याश्चोपजीवन्ति यस्य शिल्पं महात्मनः ॥ *(विष्णुपुराण, १५ अध्याय)*

महर्षि अंगिराका ज्येष्ठ पुत्र बृहस्पतिकी बहिनी भुवना जो ब्रह्मविद्या जान्ने थिइन् । पछि उनी अष्टवसु महर्षि प्रभासकी पत्नी बनिन् । उनले सम्पूर्ण शिल्प विद्याका ज्ञाता प्रजापति विश्वकर्मालाई जन्म दिइन् । उनै विश्वकर्माले देवताका निम्ति विभिन्न प्रकारका विमान पनि निर्माण गरेका थिए । मानव पनि उनकै शील्पको उपयोग गरेर आफ्नो जीविकोपार्जन गर्दछन् ।

विश्वकर्मा सर्वत्र ख्याति कमाएका देवता हुन् । वेद एवं पुराणले पनि उनको महिमागान गरेका छन् । उनलाई प्रजापति पनि भनिन्छ ।

विश्वकर्म्मा प्रभासस्य पुत्रः शिल्पप्रजापतिः ।
प्रसादभवनोद्यानप्रतिमाभूषणादिषु ।
तडागारामकूपेषु स्मृतः सोऽमरवर्द्धकिः ॥ *(मत्स्यपुराण, ५ अध्याय)*

प्रत्यूषस्य विदुः पुत्रमृषिं नाम्ना तु देवलम् ।
विश्वकर्म्मा प्रभासस्य विख्यातो देववर्द्धकिः ॥ *(गरूडपुराण, ५ अध्याय)*

विश्वकर्मालाई ऋषिको संज्ञा पनि दिइएको छ । शिल्पका ज्ञाता विश्वकर्माको 'विश्वकर्मा प्रकाश' अद्भूत शिल्प सज्जित ग्रन्थ हो । यसलाई वास्तुतन्त्र पनि भनिन्छ । जसमा मानव र देववास्तु विद्याका थुप्रै गणितीय सूत्रोपपत्ति पाउँन सकिन्छ ।

विश्वकर्मा नामलाई एक उपाधि मानेको पनि पाइन्छ । संस्कृत साहित्यमा पनि थुप्रै विश्वकर्माको उल्लेख छ । केही विद्वान् अंगिरा पुत्र सुधन्वालाई आदि विश्वकर्मा मान्दछन् भने केही भुवन पुत्र भौवन विश्वकर्मालाई आद्य मान्दछन् । ऋग्वेदमा विश्वकर्मा सूक्तको वर्णन छ । यही सूक्तलाई यजुर्वेदको १७ अध्यायको १६-३१ मन्त्रमा उल्लेख गरिएको छ । ऋग्वेदमा विश्वकर्मा शब्द इन्द्र र सूर्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को विशेषण बनेर प्रयुक्त भएका छन् । **विवाहादिषु यज्ञेषु गृहारामविधायके । सर्वकर्मसु संपूज्यो विश्वकर्मा इति श्रुतम् ॥** विश्वकर्मा पनि तेत्तिसकोटि देवता मध्ये एक हुन् । त्यसैले विवाह, यज्ञ, गृहप्रवेश आदि कार्यमा अनिवार्य रूपले भगवान् विश्वकर्माको पूजा आराधना गर्नुपर्दछ । विश्वकर्माको पूजा आराधना गर्नाले कार्यमा सफलता मिल्ने कुरा शास्त्रमा बताइएको छ । आयुर्वेदको 'चरक संहिता'मा पनि विश्वकर्माको प्रशंसा गरिएको छ ।

विश्वकर्मा प्रविधिका प्रणेता संसार निर्माणका इञ्जिनियर हुन् । आजको विज्ञानका पिता पनि स्वयं विश्वकर्मा नै हुन् । असोज एक गतेका दिन विश्वकर्माको भव्य पूजा आराधना हुने गर्दछ । जसको पूजा गर्नाले यान्त्रिक कार्यमा सहजताका साथै कार्यमा सफलता मिल्ने धार्मिक मान्यता पनि रहेको छ । आजका यन्त्र उपकरण हिजोका तुलनामा केही पनि होइनन् । मनले सोचे अनुसार हिँड्नसक्ने पुष्पक विमान हजारौँ वर्ष पहिले विश्वकर्माले निर्माण गरेको इतिहास पाइन्छ । हातमा हेरेर संसार जान्न सक्ने युग आज भन्दा हजारौँ वर्ष पहिले पनि विद्यमान थियो । सोही ज्ञानको नै आज खोज भइरहेको छ । त्यसैले यस्ता विशिष्ट ज्ञानका पिता विश्वकर्मा सदा पूजनीय छन् ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्राद्ध विवेचना

श्रद्धापूर्वक गरिने कार्य नै श्राद्ध हो । आफूलाई मीठो लाग्ने र खाइने वस्तु श्रद्धासाथ पितृलाई अर्पण गरिने कर्म वा पूजा विशेष नै श्राद्ध हो ।

प्रेतं पितृंश्च निर्दिश्य भोज्यं यत्क्रिययात्मनः ।
श्रद्धया दीयते यत्र तच्छ्राद्धं परिकीर्तितम् ॥ *(निर्णयसिन्धु, तृतीयपरिच्छेद, पृ. ६६)*

भनी निर्णय सिन्धुले श्रद्धापूर्वक गरिने कार्यलाई श्राद्ध भनेको छ । पितृहरूका निम्ति शास्त्रले बताएको समय र स्थानमा पकाएको वा काँचो अन्न तथा सुन आदि द्रव्य विधिपूर्वक चढाउनु वा दान गर्नु पनि श्राद्ध हो *(धर्मसिन्धु, पृ. २९८)* ।

देशे काले च पात्रे च श्रद्धया विधिना च यत् ।
पितॄनुद्दिश्य विप्रेभ्यो दत्तं श्राद्धमुदाहृतम् ॥ *(अन्त्यकर्म-श्राद्धप्रकाश, पृ. ४)*

अर्थात् श्रद्धाले विधिपूर्वक पितृहरूको उद्देश्य राखी विद्वान् ब्रह्मणलाई दान गर्नु पनि श्राद्ध नै हो । श्राद्ध गर्ने चलन सर्वप्रथम ब्रह्माबाट चलेको पाइन्छ । ब्रह्मा पश्चात् दत्तात्रेयका छोरा निमिले आफ्नो श्रीमान् नामक छोराको परलोक हुँदा श्राद्ध गरेका थिए । त्यसपछि अन्य जनले श्राद्ध गर्ने चलन चलाएको कुरा महाभारतको आदि पर्व (९१।५-१०)मा उल्लेख पाइन्छ । श्राद्ध थुप्रै प्रकारका छन् : नित्यश्राद्ध, नैमित्तिक श्राद्ध, काम्य, सपिण्डी, वृद्धि, पार्वण, गोष्ठी, शुद्धि, कर्माङ्ग, तीर्थश्राद्ध आदि ।

श्राद्ध गर्ने स्थान कस्तो हुनुपर्छ ?

श्राद्ध गर्ने स्थान खाली, शुद्ध र पवित्र हुनुपर्दछ । एकान्त स्थान, गौशाला (गाई गोठ), नदी किनारमा गरिएको श्राद्धले पितृ खुशी हुन्छन् भनेर मनुस्मृतिमा बताइएको छ–

अवकाशेषु चोक्षेषु नदीतीरेषु चैव हि ।
विविक्तेषु च तुष्यन्ति दत्तेन पितरः सदा ॥ *(मनुस्मृति, ३।२०७)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैगरी उक्तस्थलमा गाईको गोवरले लिपेर पवित्र पारिएको पनि हुनुपर्दछ भन्ने मत्स्य पुराणको मत रहेको छ ।

गोमयेनोपलिप्ते तु दक्षिणा प्रवणे स्थले ।
श्राद्धं समारभेद् भक्त्या गोष्ठे वा जलसन्निधौ ॥ *(मत्स्यपुराण)*

जलको सान्निध्य वा गाई गोठ श्राद्धका निम्ति उपयुक्त स्थल हुन् ।

कहाँ हुन्छन् पितृ ?

ज्योतिषशास्त्रमा पितृको निवासस्थान चन्द्रमाको माथिल्लो भाग बताइएको छ-

विधूर्ध्वभागे पितरो वसन्तः स्वाधः सुधादीधितमामनन्ति ।
पश्यन्ति तेऽर्कं निजमस्तकोर्ध्वे दर्शे यतोऽस्माद्द्युदलं तदैषाम् ॥

(सिद्धान्तशिरोमणि, २४।१३)

अर्थात् चन्द्रमाको माथिल्लो भागमा पितृहरूको निवासस्थान छ । हाम्रो एक चान्द्र महिना बराबर पितृको एक दिन हुन्छ । हाम्रो वर्ष दिन वराबर पितृको बाह्र दिन हुन आउँछ । पितृपक्ष कृष्णपक्षमै रहनुको कारण पनि यही नै हो । पृथ्वीवासीलाई कृष्णपक्ष हुँदा पितृनिवासस्थान (चन्द्रमाको माथिल्लो भाग)मा झलमल्ल दिन हुन्छ । हाम्रो शुक्लपक्षमा पितृहरूको रात हुन्छ । जब कृष्ण पक्ष लाग्छ अनि पितृहरू जागा हुन्छन् र पृथ्वीवासीले अर्पण गरेका तोय (जल) पिण्डादि वस्तु प्राप्त गरी तृप्त हुन्छन् भन्ने धार्मिक मान्यता रहेको छ ।

पितृदेवता

पितृका पनि देवता रहेका छन् । ब्रह्माका पुत्र मध्ये स्वर्गमा रहने सात देवता पितृदेवगण हुन् । यी मध्ये चार **सुकाल, आङ्गिरस, सुस्वधा** र **सोमपा** मूर्तिमान (मूर्त) पितृदेव हुन् । अमूर्त देवतमा **वैराज, अग्निष्वात्त** र **वर्हिषद** पर्दछन् । नाम गोत्रको उच्चारण गर्दै स्वर्गीय पितृहरूको आराधना गरेमा यी पितृहरूले स्वर्गमा गएका आफ्ना बुबाआमा आदिलाई तृप्त गराउछन् भन्ने कुरा हरिवंश पुराणमा उल्लेख पाइन्छ । पितृका राजा भने यमराज हुन् ।

विश्वेदेवा

दक्ष पुत्री विश्वाको गर्भबाट उत्पन्न देवताको एक गण (१० जना)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वेदेवा हुन् । भिन्न भिन्न श्राद्धमा भिन्न भिन्न नामले यिनको पूजा हुन्छ । जस्तै इष्टि श्राद्धमा क्रतु र दक्ष, वृद्धि श्राद्धमा सत्य र वसु, नैमित्तिक श्राद्धमा काम र काल, काम्य श्राद्धमा धूरि र लोचन, पार्वण श्राद्धमा पुरूरव र आद्रव ।

इष्टि श्राद्धे क्रतुदक्षौ सत्यौ नान्दीमुखे वसू ।
नैमित्तिके कामकालौ काम्ये च धूरिलोचनौ ।
पुरुरवार्द्रवौ चैव पार्वणे समुदाहृतौ ॥ *(निर्णयसिन्धु, पृ. २८२)* ।

तत्र सर्वत्र पार्वणश्राद्धे पुरूरवार्द्रवसंज्ञका विश्वेदेवाः ॥
काम्यश्राद्धे महालये च धूरिलोचनसंज्ञकाः ॥
नैमित्तिकेऽष्टकाख्याष्टमीश्राद्धे च कामकालसंज्ञकाः ॥
एकोद्दिष्टं सपिण्डीकरणं वा नैमित्तसंज्ञम् ॥
नान्दीश्राद्धे सत्यवसुसंज्ञकाः ॥ *(धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. ३०३)* ।

मास व्यवस्था

वैदिक धर्म व्यवस्थामा सौर र चान्द्र दुवै महिनालाई उत्तिकै महत्त्वका साथ ग्रहण गरिन्छ । सौर र चान्द्रमास दुवै युक्त भएको महिनालाई मात्र शुद्ध मानिन्छ । एक चान्द्रमासमा एउटा पनि सङ्क्रान्ति परेन भने अधिमास हुन्छ र एक सौरमासमा एउटा पनि औंसी परेन भने उक्त महिनालाई क्षयमास भनिन्छ । यी दुवै अधि र क्षय मास देव र पितृ दुवै कर्मका लागि निषेध गरिएको छ । श्राद्धादि कार्यमा चान्द्र महिना नै ग्राह्य हुन्छ ।

महालय श्राद्ध अर्थात् सोह्रश्राद्ध

चान्द्र महिनाका आश्विन कृष्णपक्ष प्रतिपदादेखि औंसीसम्मको समयलाई पितृक्ष/महालय अर्थात् सोह्रश्राद्ध भनिन्छ । महालय श्राद्धका छ वटा भेद रहेका छन् । तिथि निर्णयअनुसार आश्विन कृष्ण प्रतिपदादेखि शुक्ल प्रतिपदासम्म १६ दिन गरिने, आश्विन कृष्ण प्रतिपदादेखि औंसीसम्म १५ दिन गरिने, पञ्चमीदेखि चतुर्दशीलाई छोडेर औंसीसम्म दस दिन गरिने, अष्टमीदेखि चतुर्दशीलाई छोडेर औंसीसम्म सात दिन गरिने, दशमीदेखि चतुर्दशीलाई छोडेर औंसीसम्म पाँचदिन गरिने र चतुर्दशीलाई छोडेर मृततिथि एक मात्र तिथिका दिन गरिने गरी महालय श्राद्धका छ भेद बताइएको पाइन्छ ।

आश्विन कृष्ण प्रतिपदादेखि औंसीसम्मका दिनहरूलाई पितृपक्ष भनिन्छ । पितृहरूको विशेष पर्व भएकाले पनि यो समयलाई पितृपक्ष भनिएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पितृपक्षलाई पितृको विशेष दिनका रूपमा पनि चिनिन्छ । शास्त्रमा पितृको निवासस्थान चन्द्रमाको माथिल्लो भागमा बताइएको छ । आश्विन कृष्णपक्षका तिथिहरूलाई महालय पनि भनिन्छ ।

नभस्यापरे पक्षे यत्र कन्यां व्रजेद्रविः ।
स महालयसंज्ञः स्याद् गजच्छायाह्वयस्तथा ॥ *(आख्यान चन्द्रिका)*

अर्थात् आश्विन कृष्णपक्षलाई महालय भनिन्छ । यस अवसरमा पितृहरूको स्मरणस्वरूप श्रद्धाभक्तिपूर्वक महालय श्राद्ध गर्ने वैदिक विधान रहेको छ ।

एक पक्षमा पन्ध्र दिन हुन्छन् । तिनै पन्ध्र दिन सोह्रश्राद्धका हुन् । सोह्र ओटा तिथिका श्राद्ध गरिने भएकाले सोह्रश्राद्ध भनिएको हो । प्रतिपदादेखि औंसी सम्म पन्ध्र र पूर्णिमा तिथिको श्राद्ध गरी जम्मा सोह्रवटा तिथिको श्राद्ध यस समयमा गरिन्छ । यसमा सौरदिनका गतेलाई महत्त्व दिइँदैन । चान्द्रमासको जुन तिथिमा आफ्ना पितृको स्वर्गारोहण भएको हो त्यही तिथिमा श्राद्ध गर्ने विधान रहेको छ । दुर्घटनामा परी मृत्यु हुनेको चतुर्दशीमा श्राद्ध गरिन्छ । पिताको तिथिमा श्राद्ध रोकिए हजुरबुबाको तिथिमा महालय श्राद्ध गर्नु पर्दछ । हजुरबाको तिथि पनि रोकिए बूढा हजुरबाको तिथिमा श्राद्ध गरिन्छ । सो पनि रोकिएमा एकादशी वा औंसीमा सोह्रश्राद्ध गर्नुपर्दछ ।

'स्वधा' वचन कहाँ प्रयोग गरिंदैन ?

देवतालाई स्वाहापूर्वक वस्तु अर्पण गरिन्छ भने पितृलाई स्वधाको वचन प्रयोग गर्नुपर्दछ । स्वधा वचन पनि पितृ कार्यमा कतिपय अवस्थामा निषेध गरिएको छ-

आसनाह्वानयोरर्घ्ये तथाक्षय्येऽवनेजने ।
क्षणे स्वाहास्वधावाणीं न कुर्यादब्रवीन्मनुः ॥ *(धर्मप्रदीप)*

आसन, आवाहन, अर्घ्य, अक्षयोदकदान, अवनेजन तथा क्षणदान गर्दा स्वधा वचनको प्रयोग गर्नुहुँदैन । यस्तो कर्ममा **'नमः'** वा **'अस्तु'**को प्रयोग गरिन्छ ।

श्राद्धमा वचन

यसैगरी देवकार्यमा भावको प्रधानता हुन्छ भने पितृकार्यमा वचनको प्रधानता रहने गर्दछ । त्यसैले पितृकार्यका निम्ति वचनमा विशेष ख्याल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राख्नुपर्ने शास्त्रीय मान्यता छ ।

अक्षय्यासनयोः षष्ठी द्वितीयाऽऽवाहने तथा ।
अन्नदाने चतुर्थी स्यात् शेषाः सम्बुद्धयः स्मृताः ॥ *(निर्णयसिन्धु)*

अर्थात् पितृलाई अक्षयोदक र आसन प्रदान गर्दा षष्ठी विभक्तिको प्रयोग गर्नु पर्दछ । यसैगरी पितृलाई आवाहन गर्दा द्वितीया विभक्तिको प्रयोग गरिन्छ । अन्नदान अर्थात् सिदा दान गर्दा चतुर्थी विभक्तिको प्रयोग गरिन्छ भने अन्य कार्यमा सम्बोधनको प्रयोग गर्नुपर्दछ ।

श्राद्धमा ग्राह्य पुष्प –

सबै सुगन्धित सेता फूल, कमल, तुलसी, भृङ्गिराज, अगस्त्यपुष्प, सयपत्री, चम्पा र तिलपुष्प पितृलाई प्रिय हुन्छन् ।

शुक्लाः सुमनसः श्रेष्ठास्तथा पद्मोत्पलानि च ।
गन्धरूपोपपन्नानि यानि चान्यानि कृत्स्नशः ।
अगस्त्यं भृङ्गिराजं च तुलसी शतपत्रिका ।
चम्पकं तिलपुष्पं च षडेते पितृवल्लभाः ॥ *(निर्णयसिन्धुमा स्मृतिसारको वचन)*

श्राद्धमा त्याज्य पुष्प–

कदमको फूल, बेलपत्र, केतकीको फूल, वकुल्लाको फूल, बर्बरीफूल, कालो फूल, अत्यन्त गन्ध आउने फूल, चैत्यपुष्प र रातो फूल पनि पितृकर्मका निम्ति त्याज्य मानिएका छन् ।

कदम्बं बिल्वपत्रं च केतकी वकुलं तथा ।
बर्बरी कृष्णपुष्पाणि श्राद्धकाले न दापयेत् ।
उग्रगन्धीन्यगन्धीनि चैत्यवृक्षोद्भवानि च ।
पुष्पाणि वर्जनीयानि रक्तवर्णानि यानि च ॥

(शंखस्मृति, मत्स्यपुराण, ब्रह्माण्डपुराण, श्राद्धप्रकाश)

यस बाहेकका सुगन्धयुक्त पहेला फूल पितृका निम्ति ग्राह्य मानिएका छन् ।

कुन श्राद्ध कतिखेर गर्ने ?

श्राद्ध कतिबेला गर्ने भन्नेबारेमा पनि शास्त्रीय आदेश पाइन्छ । पूर्वाह्नमा मातृ श्राद्ध, अपराह्नमा पितृश्राद्ध, मध्याह्नमा एकोद्दिष्ट श्राद्ध, प्रातः कालमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वृद्धि श्राद्ध गर्नुपर्दछ ।

पूर्वाह्णे मातृकं श्राद्धमपराह्णे तु पैतृकम् ।
एकोद्दिष्टं तु मध्याह्ने प्रातर्वृद्धिनिमित्तकम् ॥ *(ब्रह्मपुराण)*

यसैगरी मासिक श्राद्ध पूर्वाह्नमा गरिन्छ । उचित समयमा नगरिएको श्राद्ध पितृका निम्ति ग्राह्य नहुने भएकाले श्राद्धगर्दा समयको पालना पनि गर्नुपर्दछ ।

श्राद्ध थुनिए वा रोकिए के गर्ने ?

श्राद्ध थुनियो वा कुनै कारणवश रोकियो भने कृष्णपक्षको एकादशीमा गर्नुपर्दछ । यसैगरी श्राद्ध गर्न विर्सिएको, छुटेको पनि कृष्णपक्षको एकादशीमा गनुपर्दछ भनिएको छ-

श्राद्धविघ्ने समुत्पन्ने ह्यविज्ञाते मृतेऽहनि ।
एकादश्यां तु कर्तव्यं कृष्णपक्षे विशेषतः ॥

यसैगरी थुनिएका श्राद्ध औंसीका दिन पनि गर्न सकिन्छ ।

श्राद्धविघ्ने द्विजातीनामामश्राद्धं प्रकीर्तितम् ।
अमावस्यादिनियतं माससंवत्सरादृते ॥ *(निर्णयसिन्धु, पृ. ३२४)*

पितृका निम्ति अपसव्य र वामवर्त आवश्यक

पितृकार्यमा अपसव्य र वामवर्त अनिवार्य रहनु पर्दछ । यसैगरी तिल प्रक्षेपण आदि गर्नुपर्दा वामवर्त (अप्रदक्षिण) पनि अनिवार्य बताइएको छ-

गन्धं तथोदकं चैव धूपादींश्च पवित्रकम् ।
अपसव्यं ततः कृत्वा पितृणामप्रदक्षिणम् ॥ *(गरुडपुराण, पूर्वखण्ड, ९९/१२-१३)*

जनै नलगाउने स्त्री आदिले श्राद्ध गर्दा काँधमा रुमाल राख्नु पर्दछ । देब्रे काँधमा राखेको रुमाल सव्य र दाहिने काँधमा राखेको रुमाललाई अपसव्य मानिन्छ ।

श्राद्धमा पितृगायत्री

श्राद्धमा पितृगायत्रीको ठूलो महिमा बताइएको छ । पितृ गायत्री-

ॐ देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च ।
नमः स्वाहायै स्वधायै नित्यमेव नमो नमः ॥ *(ब्रह्मपुराण, २२०/१४३)*

जसरी सन्ध्योपासना गर्दा गायत्री मन्त्र जपिन्छ त्यसैगरी पितृकर्म गर्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पितृ गायत्री जप्नु पर्दछ । श्राद्धको आरम्भ, मध्य र अन्त्यमा पितृगायत्री तीन आवृत्ति जप्नु पर्दछ-

अद्यावसाने श्राद्धस्य त्रिरावृत्त्या जपेत् सदा ।
पिण्डनिर्वपणे वाऽपि जपेदेवं समाहितः ॥ *(ब्रह्मपुराण, २२०/१४४)* ।

पितृ हाम्रा इतिहास हुन् । हाम्रा पूर्वज जसले इहलोकको अथाह ज्ञानराशि हामीलाई अर्पण गरेर गएका छन् । पितृहरूलाई स्मरण गर्ने विश्वमा भिन्ना भिन्नै चलन छन् । ती मध्ये सर्वप्राचीन पद्धति वैदिक विधि हो । **पितृदेवो भव** *(तैत्तिरीयोपनिषद्, १/११)* अर्थात् पितृ हाम्रा देवता हुन् । पितृको सम्मान गर्न सकियो भने मात्र हाम्रो कल्याण सम्भव छ । आजको सुनौलो वर्तमान दिने र इह लोकमा बाँच्न सिकाउने पितृहरू हाम्रा धरोहर हुन् । इतिहास भूतकालीन भए पनि भविष्यलाई डोहोऱ्याइरहेको हुन्छ । आजको पितृ सम्मान नै भोलिको सुन्दर भविष्य हो । पुर्खा हाम्रा मार्गदर्शक हुन् । तिनै ऋषिहरूको मार्गदर्शनले आज ज्ञान विज्ञानको विकास भइरहेको छ । अतः मानव कल्याणका निम्ति पनि पितृप्रति श्रद्धा भाव र सम्मान व्यक्त गर्नु आवश्यक छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशैं अर्थात् नवरात्रको महिमा

आयुद्रोणसुते...को अर्थ के हो ?

जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥

(दुर्गासप्तशती, अर्गलास्तोत्रम्, श्लो. १)

नवरात्र भन्ने वित्तिकै दशैंको झल्को आउने गर्दछ । शाब्दिक रूपमा नवरात्रको अर्थ नौ रात भन्ने हुन्छ । भगवती दुर्गा देवीको उपासना गर्ने उत्तम दिनलाई नवरात्र भनिन्छ । यस्ता नवरात्र वर्षमा चारवटा आउने गर्दछन् । आषाढ शुक्लप्रतिपदादेखि नवमीसम्म र माघशुक्लप्रतिपदादेखि नवमीसम्म दुई गुप्त नवरात्र पर्ने गर्दछन् । यी नवरात्रमा विशेष कार्य सिद्धिका निम्ति भगवतीको उपासना गरिन्छ । यसैगरी आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म शारदीय नवरात्र मनाइन्छ भने चैत्रशुक्ल प्रतिपदादेखि नवमीसम्म वासन्ती नवरात्र पर्दछन् ।

नवरात्रमा भगवतीको उपासना गरी दशमीका दिन टीका जमरा प्रसाद स्वरूप ग्रहण गरिन्छ । दशौं अर्थात् दशमीका दिन मान्यजनबाट टीका प्रसाद एवं आशीर्वाद ग्रहण गर्ने भएकाले यो अवसरलाई दशैंका नामले पनि पुकारिएको हो । शुक्लपक्षको प्रतिपदादेखि नवमीसम्म नौ रात हुने भएकाले यस समयलाई नवरात्र भनिएको हो । नौ दिनमा नवदुर्गा भगवतीको उपासना हुने गर्दछ । तन्त्रशास्त्रमा आश्विन, माघ, चैत्र र असार गरी वर्षमा चारवटा नवरात्रको व्याख्या गरिएको छ । हरेक नवरात्रको विशेष महिमा रहेको पाइन्छ । हाम्रो लोक परम्परामा आश्विन नवरात्र र चैत्र शुक्ल अष्टमीको दिन दशैं मनाउने चलन छ ।

आश्विन शुक्ल नवमीमा दुर्गा भगवतीले दैत्यमाथि विजय प्राप्ति गरेको र चैत्र शुक्ल अष्टमीमा भगवतीको प्रादुर्भाव भएको कुरा शास्त्रमा उल्लेख पाइन्छ । आश्विन महिनामा देवी निद्राबाट जाग्रत अवस्थामा जाने भएकाले उक्त समयको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवरात्रलाई **बोधन** नवरात्र भनिन्छ । माघ महिनामा मनाइने नवरात्र **भोजन** हो, जुनबेला देवीद्वारा भोजन ग्रहण गरिन्छ । चैत्रशुक्ल पक्षमा मनाइने **शयन** नवरात्र हो । यसबेला भगवतीको शयन कक्षमा प्रवेश हुन्छ । असारमा **परिवर्तन** नवरात्र मनाइन्छ । उक्त आषाढ शुक्ल प्रतिपदादेखि नवमी सम्मको समयमा देवीले कोल्टे फेर्ने कुरा 'कुलागम रहस्य'मा उल्लेख गरिएको छ ।

दुर्गादेवी

दशैं अर्थात् नवरात्रमा दुर्गा भगवतीको आराधना हुने गर्दछ । आद्य शक्ति दुर्गा देवीका महाकाली, महालक्ष्मी र महासरस्वती गरी तीन रूप छन् । तमोगुणमयी महाकाली भगवान् विष्णुकी योगनिद्रा र माया शक्ति हुन् । मधु र कैटभलाई बध गर्नका लागि ब्रह्माजीद्वारा जसको स्तुति भएको थियो तिनै देवीको नाम महाकाली हो । उनका दश मुख, दश हात र दश पाउ रहेका छन् । जो श्याम वर्णकी छिन् । यस्ती महाकालीले आफ्ना हातमा खड्ग, बाण, गदा, शूल, चक्र, शंख, भुशुण्डी, परिघ, धनुष र मुण्डमाला धारण गरेकी छन् ।

सम्पूर्ण देवताको अङ्गबाट प्रादुर्भाव भएकी कमलको आसनमा विराजमान देवी महालक्ष्मी हुन् । जसलाई त्रिगुणमयी प्रकृति पनि भनिन्छ । महिसासुरको बध पनि यिनै देवीले गरेकी हुन् । विचित्र रूप, कान्ति एवं सौभाग्यले सुशोभित देवीका हजारौँ हात छन् । जसलाई अठारवटा हात भएकी देवीका रूपमा पूजा गर्ने चलन छ । उनका हातमा अक्षमाला, कमल, वाण, खड्ग, वज्र, गदा, चक्र, परशु (वञ्चरो), त्रिशुल, शङ्ख, घण्ट, पाश, शक्ति, दण्ड, ढाल, धनुष, पानपात्र र कमण्डलु विभूषित छन् ।

सत्त्वगुणमा आश्रित पार्वतीका शरीरबाट प्रकट भएकी शुम्भ नामक दैत्यको संहार गर्ने साक्षात् देवी महासरस्वती हुन् । यस्ती देवीका आठ भुजा (हात) छन् । ती हातमा क्रमशः वाण, मुसल, शूल, चक्र, शंख, घण्ट, हल एवं धनुष विराजमान रहेका छन् ।

नवदुर्गामा शैलपुत्री, ब्रह्मचारिणी, चद्रघण्टा, कुष्माण्डा, स्कन्धमाता, कात्यायनी, कालारात्रि, महागौरी र सिद्धिदात्री पर्दछन् (दुर्गासप्तशती, देव्याः कवचम्, श्लो. ३-५) । यसैगरी देवीका अङ्गभूत छ देवी छन् : नन्दा, रक्तदन्तिका, शाकम्भरी, दुर्गा, भीमा र भ्रामरी । रक्त वर्णकी देवीको वाहन बाघ हो । देवीका ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, नारसिंही, ऐन्द्री, शिवदूती तथा चामुण्डा यी नौ शक्ति हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशैंका दश दिन के के गरिन्छ ?

दशैंको पहिलो दिनलाई घटस्थापना भनिन्छ । यस दिन विधिपूर्वक कलश स्थापना गरी देवी देवताको आह्वानपूर्वक जमरा राखिन्छ । घटस्थापनासँगै भगवती देवीको पूजा आराधनाका साथै महिमागान पनि आरम्भ हुन्छ । देवी भागवत, दुर्गासप्तशतीको पाठ पनि घटस्थापनासँगै सुरु हुने गर्दछ । दशैंको सुरुवातसँगै घरहरू रङ रोगन गरी सफा र सुन्दर बनाइन्छ । प्रत्येक दिन देवीका भिन्ना भिन्नै रूपको पूजा आराधना हुने गर्दछ । शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालारात्रि, महागौरी र सिद्धिदात्री गरी नवदुर्गाको हरेक दिन पूजा अर्चना हुने गर्दछ । आश्विन शुक्ल सप्तमी अर्थात् फूलपातीका दिनदेखि भगवतीको विशेष पूजा आराधना हुन्छ । सप्तमी अर्थात् फूलपातीका दिन विभिन्न प्रकारका पत्र पुष्पादि घर घरमा भित्र्याई भगवतीको समीपमा राखिन्छ । यस दिन आठ वर्षीया कन्यालाई **शाम्भवी** नाम सम्बोधन गरी विशेष पूजा पनि गरिन्छ । साथै यस दिन सरस्वतीको पनि विशेष पूजा हुने गर्दछ । नवपत्रिका अर्थात् नौ थरीका पत्र पुष्पादि (फूलपाती) घरका पूजा स्थानमा भित्र्याइन्छ । नवपत्रिकामा केरा, दारिम, धान, वेसार, मानक (कर्कलो), कचु (पिंडालु), वेल, अशोक र जमरा पर्दछन् ।

कदली दाडिमी धान्यं हरिद्रा मानकं कचुः ।
विल्वाशोकौ जयन्ती च विज्ञेया नवपत्रिकाः ॥ *(वाचस्पत्यम्)*

कालारात्रि भगवतीको विशेष पूजा पनि यस अवसरमा हुने गर्दछ ।

महाअष्टमीका दिन भद्रकाली देवीको विशेष पूजा अर्चना हुने गर्दछ । यस दिन सिंहपूजा, भगवती देवीको षडङ्गपूजा, शस्त्र पूजाका साथै नवदुर्गा भगवतीको पूजा आराधना हुने गर्दछ । विशेष बलि प्रदान पश्चात् महाअष्टमीको पूजा आराधना समापन हुन्छ । महानवमीमा सिद्धिदात्री भगवतीको विशेष पूजा आराधना हुने गर्दछ । यस दिन नव कन्या कुमारीको पूजा पश्चात् भोजन गराउने चलन पनि रहेको छ ।

त्रेता युगका राजा श्रीरामले रावणलाई यही समयमा परास्त गरेकाले सत्यको जित स्वरूप विजयको पर्वका रूपमा यो चाड मनाउने गरिन्छ । देवीमाहात्म्य अनुसार असुरमाथि भगवती दुर्गादेवीले विजय गरेको दिन पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यही दशमी तिथि भएकाले पनि भगवतीका चरित्रलीला श्रवण गर्दै यो पर्व भव्य रूपमा मनाइएको हो ।

दशैंको विजया दशमी सबैभन्दा उत्कृष्ट दिन हो । यस दिन अपराजित जया विजयाको विशेष पूजा हुने गर्दछ । भगवान् श्रीरामले रावणमाथि विजय प्राप्त गरेको धार्मिक ऐतिहासिक प्रसङ्ग पनि पाइन्छ । यस दिन हर्षोल्लासपूर्वक मान्यजनबाट आशीर्वाद स्वरूप भगवतीको टीका, प्रसाद र जमरा ग्रहण गरिन्छ । ज्योतिषशास्त्रले पनि यो समयलाई शुभ साइतका रूपमा व्याख्या गरेको छ-

इषमासि सिता दशमी विजया, शुभकर्मसु सिद्धिकरी कथिता ।
श्रवणर्क्षयुता सुतरां शुभदा, नृपतेस्तु गमे जयसन्धिकरी ॥

(मुहूर्तचिन्तामणि, यात्राप्रकरण, श्लो. ७७)

अर्थात् आश्विन शुक्ल दशमीलाई विजया दशमी भनिन्छ । जुन शुभकर्मका निम्ति सिद्धिदायी बताइएको छ । अझ श्रवण नक्षत्र पनि सहित भए त निश्चय नै शुभफलदायी हुन्छ ।

विजया दशमीको दिनभर नै शुभ साइत रहन्छ । कुनै विशेष समय जुराउनु पर्दैन । शुभ कार्यको आरम्भ गर्न पनि यो दिन उत्तम हो । नवरात्रमा विशेष कामनाका साथ भगवती दुर्गादेवीको आराधना गर्ने पनि शास्त्रीय विधान रहेको छ । भक्तिभावपूर्वक भगवती दुर्गा देवीको उपासना गरेमा इच्छित मनोकांक्षा पूरा हुने गर्दछन् । यसैगरी मनोकामना पूर्ण गर्नका लागि विभिन्न मन्त्रहरूद्वारा पुटित, सम्पुटित दुर्गासप्तशती पाठ, शतरूद्री, देवीभागवत आदि पाठ पारायण गर्ने विधान पनि शास्त्रमा उल्लेख पाइन्छ ।

आयुर्द्रोणसुते...को अर्थ ?

आफूभन्दा ठूला मान्यजनबाट आशीर्वाद लिने क्रममा विशेष आशीर्वचन दिने पनि चलन रहिआएको छ । आयुर्द्रोणसुते... पनि आशीर्वादात्मक सुन्दर उक्ति हो । शार्दूलविक्रीडित छन्दमा रचित यो आशीर्वचनको स्रोत पाइँदैन । मौखिक परम्परामा पुस्तौदेखि चलिआएको यो आशीर्वचन महाभारत काल पछिको हो भन्ने अनुमान गर्न सकिन्छ । आशीर्वचन श्लोक र अर्थ निम्न प्रकार रहेको छ :

आयुर्द्रोणसुते श्रियो दशरथे शत्रुक्षयो राघवे ।
ऐश्वर्यं नहुषे गतिश्च पवने मानं च दुर्योधने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शौर्यं शान्तनवे बलं हलधरे सत्यञ्च कुन्तीसुते ।
विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे ॥

अर्थात् अश्वत्थामाको जस्तै लामो आयु होस्, राजा दशरथको जस्तै श्रेय रहोस्, भगवान् श्रीरामका जस्तै शत्रु नाश हुन्, नहुष राजाको जस्तै ऐश्वर्य होस्, वायुको जस्तै गति होस्, दुर्योधनको जस्तो मान होस्, सन्तनुको जस्तो शौर्य होस्, सबैले गन्ने मान्ने हुनू, कुन्तीपुत्र युधिष्ठिर जस्तै सत्यवादी हुनू, ज्ञान विज्ञानमा विदुर जस्तै नीतिवान र ज्ञानवान हुनू, भगवान् नारायणको जस्तै यस कीर्ति सर्वत्र फैलियोस् भनी आशीर्वचन दिने हाम्रो परम्परा रहिआएको छ ।

दुर्गासप्तशतीमा के छ ?

दुर्गासप्तशती दुर्गा देवीको महिमा गाथा हो । सप्तशतीका प्रत्येक श्लोक मन्त्ररूप मानिन्छन् । असुर राक्षसी प्रवृत्तिको अन्त्य गरी समस्त लोकमा सुख शान्ति प्रदान गरेको प्रसङ्ग यहाँ वर्णन गरिएको छ । मार्कण्डेय पुराणअन्तर्गतको देवी माहात्म्य नै वास्तबमा दुर्गा सप्तशती हो । प्रथम अध्यायमा भगवतीको महिमा सहित मधु र कैटभ नामका दैत्यको बध गरेको कथा छ । देवताको तेजबाट देवीको प्रादुर्भावका साथै महिषासुरका सेनाको बध प्रसङ्ग दोस्रो अध्यायमा वर्णन गरिएको छ । तेस्रो अध्यायमा महिषसुरको बध, चौथो अध्यायमा इन्द्रादि देवताहरूद्वारा देवीको स्तुति गरिएको छ । पाँचौं अध्यायमा देवताद्वारा भगवतीको स्तुतिका साथै चण्ड र मुण्डबाट अम्बिका देवीको प्रशंसा सुनी शुम्भद्वारा देवीलाई दूत पठाएको कथा छ । छैटौं अध्यायमा धुम्रलोचनको बध, सातौं अध्यायमा चण्ड र मुण्डको बध, आठौं अध्यायमा रक्तबीजको बध, नवौं अध्यायमा निशुम्भ बध, दशौं अध्यायमा शुम्भ बध, एघारौं अध्यायमा देवताद्वारा दुर्गा देवीको स्तुति गान र भगवतीद्वारा देवतालाई वरदान दिएको कथा छ । बाह्रौं अध्यायमा देवी चरित्र पाठ र श्रवणको महत्त्व वर्णन गरिएको छ । यसैगरी तेह्रौं अध्यायमा सुरथ र वैश्यलाई देवीले वरदान दिएको कथा उल्लेख पाइन्छ ।

दुर्गा देवीको उपासना र फल

नवरात्रमा भगवती दुर्गा देवीको उपासना गरिन्छ । जगज्जननी माता दुर्गा देवीको उपासनाले धर्म, अर्थ, काम र मोक्ष चार प्रकारका पुरुषार्थ सिद्धि प्राप्त हुन्छ । जुन कामना सहित भगवती देवीको उपासना गऱ्यो सो पूरा हुने कुरा देवी कवचको **'यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितम्'** *(दुर्गासप्तशती,*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देव्याः कवचम्, श्लो. ४४) भन्ने श्लोकबाट पनि पुष्टि हुन आउँछ । आदि शक्ति दुर्गा देवीको उत्पत्ति एवं माहात्म्यको कथा वेदव्यास रचित मार्कण्डेय पुराणमा उल्लेख छ । यसैगरी नवरात्रमा देवीभागवत् पाठ पारायण पनि हुने गर्दछ । देवीभागवतमा पनि भगवतीको महिमागान गरिएको छ ।

देवीको पूजा गर्दा महालक्ष्मीलाई बीचमा राखी उनको दायाँ र बायाँ क्रमशः महाकाली र महासरस्वतीलाई विराजमान गराइन्छ । महालक्ष्मीका पछाडि सरस्वतीका साथ ब्रह्माको, महालक्ष्मीको दक्षिण भागमा गौरीका साथ शिवजीको र महालक्ष्मीको वायाँ भागमा लक्ष्मी सहित विष्णुको पूजा गरिन्छ । अठार भुजावाली महिषासुरमर्दिनी महालक्ष्मी नै विशेष रूपमा पूजनीय छन् । किनकि उनैलाई महाकाली, महालक्ष्मी र महासरस्वती भनिएको हो भन्ने कुरा सप्तशतीको वैकृतिक रहस्यमा उल्लेख पाइन्छ । ती महालक्ष्मी नै सम्पूर्ण लोककी माहेश्वरी हुन् । विशेष विधानपूर्वक पूजा गरिसकेपछि देवीको ध्यानपूर्वक स्तुति गरी देवी माहात्म्यको पाठ गर्नु पर्दर्छ । पाठ पश्चात् सप्तशतीका मन्त्रले हवन गर्नु पर्ने विधान वैकृतिक रहस्यमा उल्लेख छ ।

जसले एकाग्र चित्त भएर प्रतिदिन देवीको स्तुति गर्दछ उसका सारा बाधा निश्चय नै हटेर जानेछन् । अष्टमी, चतुर्दशी र नवमीमा देवीको विशेष स्तुति पाठ गर्नाले सारा पाप नष्ट हुन्छन् । देवी माहात्म्य सुन्नाले मात्रै पनि सवै प्रकारका भय नाश हुन्छन् भनिएको छ । दुर्गा सप्तशती परं कल्याणकारी भएकाले दुर्गा पाठद्वारा महामारी जनित समस्त उपद्रव तथा आध्यात्मिक, आधिभौतिक र आधिदैविक ताप नष्ट भएर जान्छन् भन्ने कुरा देवी माहात्म्यमा बताइएको छ । यसैगरी बलि, दान, पूजा, होम तथा विभिन्न महोत्सवका अवसरमा देवीको पूजा पाठ एवं माहात्म्य श्रवण गर्नु भन्ने विधान पनि दुर्गा सप्तशतीमा पाइन्छ *(दुर्गासप्तशती, १२/१०)*। यसै आधारलाई नै शिरोधार्य गरेर बडा दशैं मनाउने प्रचलन रहेको हो । शरद ऋतुको नवरात्रमा भक्तिपूर्वक दुर्गा देवीको उपासना एवं महात्म्य श्रवण गर्नाले सम्पूर्ण बाधाबाट मुक्त हुनुका सथै धन, धान्य, पुत्र पौत्रादि अभिवृद्धि हुन्छन् । खराब सपना देखे, ग्रह जनित भयंकर पीडा भए देवीको महात्म्य श्रवण गर्नु पर्दछ । विशेष गरी बालबालिकामा परेको ग्रहजन्य दोष पनि दुर्गासप्तशतीको पाठ एवं आराधनाले नष्ट भएर जान्छ । देवी माहात्म्यको पाठ मात्र गर्नाले पनि भूत, प्रेत पिशाच आदि नष्ट भएर जान्छन् । दुर्गादेवीको पूजा अर्चना, स्तुति पाठ, माहात्म्य श्रवण गर्नाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो लोकको भुक्ति हुनुका साथै परलोकमा पनि मुक्ति प्राप्त हुने कुरा देवी माहात्म्यमा उल्लेख छ ।

शरद कालीन नवरात्र र वसन्त कालीन नवरात्रमा देवीको उपासना गर्नाले अभीष्ट सिद्धि हुन्छ । यसैगरी गुप्त नवरात्रमा देवीको स्तवन गरेमा मनोवाञ्छित फल प्राप्त हुने कुरा शास्त्रमा उल्लेख पाइन्छ । दुर्गा कवच, कीलक र अर्गलास्तोत्र नित्य पाठ गर्नाले पनि दुर्गा पाठ बराबरको फल प्राप्त हुन्छ । समस्त पापबाट बाँच्न देव्याथर्वशीर्ष पाठ गर्नु पर्दछ । यसैगरी मन्त्र सिद्धिका लागि कुञ्जिका स्तोत्र पाठ पनि नवरात्रमा गर्नु गराउनु उपयुक्त मानिन्छ ।

भगवती देवी सम्पूर्ण मनोकामना सिद्ध गर्ने आद्य शक्ति हुन् । भगवतीको उपासना सर्वकल्याणकारी छ । विधिपूर्वक देवीको आराधना नगरे फल प्राप्त नहुने भएकाले विधि विधानलाई विशेष ध्यान दिनु आवश्यक हुन्छ । दुर्गा देवीले हामी सबैको कल्याण गरून् । **जय दुर्गे** !

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिहार एक चिनारी

लक्ष्मीपूजाको महिमा

कार्तिक कृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्मका दिनलाई यमपञ्चक भनिन्छ । यमपञ्चकमा यमराजका दूत एवं प्रिय वस्तुको पूजा हुने गर्दछ । पाँच दिनसम्म यमसम्बद्ध विषयवस्तुको पूजा हुने समयलाई यमपञ्चक भनिएको हो । यो समयमा यमराज पनि आफ्नी बहिनी यमुनाकहाँ टीका लगाउन जाने हुँदा कालदण्डरूपी भयबाट मुक्ति मिल्छ भन्ने धार्मिक एवं लौकिक मान्यता रहेको छ । यिनै पाँच दिनको समयलाई तिहार भनिन्छ ।

यमुनाले आफ्नो दाजु यमराजलाई धेरै दिनदेखि भेट्न पाएकी थिइनन् । विभिन्न माध्यम मार्फत् भेट गर्ने निम्तो पठाउँछिन् । यमराज कार्य व्यस्तताका कारण बहिनीकहाँ पुग्न नसकेपछि स्वयं यमुना नै भेट गर्न जान्छिन् । दाजुलाई भेटेपछि उनले पूजाआजा गरी सप्तरङ्गी टीका, फूलमाला लगाइदिन्छिन् । तेलको धाराले रेखा कोरी मखमली फूलको माला सहित टीका लगाएको यही धार्मिक मान्यताका आधारमा तिहार पर्व भव्य रूपमा मनाइन्छ ।

को हुन् यमराज ?

सूर्य र विश्वकर्मा पुत्री संज्ञाका गर्भबाट जन्मिएका यमराज दक्षिण दिशाका रक्षक अर्थात् दिक्पाल हुन् । यिनको मुख्य काम पापीहरूलाई नरकको यातना दिएर पापबाट मुक्त गराउनु हो । यमराजकी पत्नीको नाम हेममाला अर्थात् धूमोर्णा र बहिनीको नाम यमुना हो । यमराजको लोकलाई यमलोक भनिन्छ भने यिनले हातमा 'कालदण्ड' लिएका हुन्छन् । यमराज र शनिश्चर दाजुभाइ हुन् ।

काग तिहार

कार्तिक कृष्ण त्रयोदशीका दिन कागको पूजा गरिन्छ । यस दिन यमदूतका रूपमा कागको पूजा हुने गर्दछ । काग अत्यन्त चलाख र सर्वभक्षी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणी पनि हो । यसको पूजा गर्नुका विभिन्न कारण छन् । कागले सबैलाई समान दृष्टिले हेर्छ । कागलाई यमराजको सन्देश सुनाउने यमदूतका रूपमा पनि लिइन्छ । काग यमराजको अत्यन्त प्रिय भक्त पनि हो । त्यसैगरी हाम्रो समाजमा प्रचलित काकगवेषणा, काकन्याय, काकबलि आदि विविध शब्द कागसँगै सम्बन्धित छन् ।

काग तिहारकै दिन समुन्द्र मन्थनका बेला उत्पत्ति भएका आयुर्वेदका प्रवर्तक धन्वन्तरि ऋषिको सम्झनामा धन्वन्तरि दिवस पनि मनाइन्छ ।

कुकुर तिहार

कार्तिक कृष्ण चतुर्दशीको दिन कुकुरको पूजा हुने गर्दछ । यस दिनलाई नरक चतुर्दशी पनि भनिन्छ । गृहरक्षकका रूपमा कुकुरको पूजा हुने गर्दछ । कुकुरलाई पनि यमदूतका रूपमा लिइन्छ । कुकुर यमराजको अर्को प्रिय भक्त हो । विभिन्न अपराध गर्ने अपराधीहरू पत्ता लगाउने, अध्ययन-अनुसन्धान गर्ने कार्य पनि कुकुरले गर्छ । यसैगरी यसले कुनै प्राकृतिक प्रकोप तथा दैवी विपत्ती हुने बेलामा पूर्वसूचना समेत दिने गर्दछ । कुकुरलाई भैरवको बाहन पनि भनिन्छ ।

लक्ष्मी पूजा

कार्तिक कृष्ण औंसीका दिन महालक्ष्मी भगवतीको उपासना हुने गर्दछ । लक्ष्मीलाई धनधान्यकी देवी एवं ऐश्वर्यकी प्रतीक मानिन्छ । कार्तिक कृष्ण औंसीलाई अत्यन्त अँध्यारो रातका रूपमा लिइन्छ । यो अन्धकार रातलाई उज्यालो प्रकाशले आलोकित पार्न घर-घरमा बत्ती बाली लक्ष्मीको आह्वान एवं पूजन गरिन्छ ।

भगवती आद्यमातृशक्ति हुन् । सम्पूर्ण देवताको अङ्गबाट प्रादुर्भाव भएकी कमलको आसनमा विराजमान देवीलाई महालक्ष्मी भनिन्छ । जसलाई त्रिगुणमयी प्रकृतिको नामले पनि पुकारिन्छ । महिसासुरको बध पनि यिनै देवीले गरेकी हुन् । विचित्र रूप, कान्ति एवं सौभाग्यले सुशोभित देवीका हजारौं हात छन् । जसलाई अठारवटा हात भएकी देवीका रूपमा पूजा गर्ने चलन छ । उनका हातमा अक्षमाला, कमल, वाण, खड्ग, वज्र, गदा, चक्र, परशु (वञ्चरो), त्रिशूल, शङ्ख, घण्ट, पाश, शक्ति, दण्ड, ढाल, धनुष, पानपात्र र कमण्डलु विभूषित छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशेषतः भगवती लक्ष्मीका आठ रूप रहेका छन् । आद्य लक्ष्मी महालक्ष्मी हुन् । यसैगरी धनलक्ष्मी, धान्य लक्ष्मी, गज लक्ष्मी, सन्तान लक्ष्मी, वीरा लक्ष्मी, विजया लक्ष्मी वा जाया लक्ष्मी र विद्या लक्ष्मी गरी महालक्ष्मीका आठ रूप छन् । विद्याकी देवीलाई विद्या लक्ष्मी भनिन्छ । ज्ञान, कला, साहित्य एवं संगीतकी देवी साक्षात् सरस्वती हुन् । कमलमा बसेकी, चारहात भएकी, सेतो वस्त्र धारण गर्ने, दुई हातमा कमल र दुई हात वर मुद्रा प्रदान गर्ने देवीको स्वरूप बताइएको छ ।

१) आद्य लक्ष्मी

आद्य लक्ष्मी महालक्ष्मी हुन् । यिनको पहिलो अवतार भृगु ऋषिकी छोरीको रूपमा भएको थियो ।

२) धन लक्ष्मी

धन र वैभवबाट परिपूर्ण गर्ने धन लक्ष्मी हुन् । भगवान् विष्णुले पनि एकपटक कुबेरसँग धन उधारो लिनु परको थियो । उक्त समयमा धनलक्ष्मीले नै उक्त ऋणबाट मुक्त गराएको कथा पाइन्छ ।

३) धान्य लक्ष्मी

अन्नकी देवीलाई धान्यलक्ष्मी भनिन्छ । अन्न अनाजबाट प्राप्त हुने धनकी देवी धान्यदेवी हुन् । अन्नादि वस्तुको कल्याण गर्ने देवीका रूपमा धान्यदेवीको पूजा गरिन्छ ।

४) गज लक्ष्मी

पशु धनकी देवी गजलक्ष्मी हुन् । गजलक्ष्मीले भगवान् इन्द्रलाई सागरको गहिराइबाट धन झिक्न मद्दत गरेको कथा पाइन्छ । पशु धनकी देवीको रूपमा गजलक्ष्मीको पूजा आराधना गरिन्छ ।

५) सन्तान लक्ष्मी

सन्तनको रक्षा गर्ने देवी सन्तान लक्ष्मी हुन् । सन्तानलाई पनि धन मानिन्छ । विशेषतः यिनी बाल बच्चाकी देवी हुन् । आयु प्रदान गर्ने देवीका रूपमा पनि यिनको आराधना गरिन्छ । दुई घोडा, एक तरवार, एउटा ढाल, दुई घडा, दुई हात अभय मुद्रा प्रदान गर्नेबाली लक्ष्मीको काखमा एक बच्चा रहेको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६) **वीरा लक्ष्मी**

युद्धमा शक्ति प्रदान गर्ने देवी वीरा लक्ष्मी हुन् । शक्तिरूपी धनकी देवीका रूपमा पनि यिनको उपासना हुन्छ । वीरता प्राप्तिका निम्ति पनि यिनको आराधना हुने गर्दछ ।

७) **विजया लक्ष्मी वा जाया लक्ष्मी**

विजयाको अर्थ जीत हो । विजया लक्ष्मी जीतकी प्रतीक हुन् । जसलाई जाया लक्ष्मी पनि भनिन्छ । रातो वस्त्र लगाएकी, कमलको आसमा विराजमान हातमा हतियार धारण गरेकी विजया लक्ष्मीको स्वरूप बताइएको छ ।

८) **विद्या लक्ष्मी**

विद्याकी देवीलाई विद्या लक्ष्मी भनिन्छ । ज्ञान, कला, साहित्य एवं संगीतकी देवी साक्षात् सरस्वती हुन् । कमलमा बसेकी, चारहात भएकी, सेतो वस्त्र धारण गर्ने, दुई हातमा कमल र दुई हातमा वर मुद्रा प्रदान गर्ने देवीको स्वरूप बताइएको छ ।

सुख-सम्पत्ति र ऐश्वर्य अभिवृद्धिको मनोकामनासहित कार्तिक कृष्ण औंसीको राति माता लक्ष्मीको विशेष रूपमा पूजा अर्चना गरी आफ्ना दराज, सेफ, भण्डार आदिमा स्वस्तिक चिह्न अंकित गरिन्छ । दीपावलीमा **'तमसोमा ज्योतिर्गमय'** अर्थात् अन्धकारबाट प्रकाशतर्फ लागि आफूलाई आत्मिक रूपमा सुख-सन्तोष प्रदान गर भन्ने भावनाका साथ झिलिमिली बत्ती पनि बालिन्छ । यस दिन चेलीबेटीले भैलो खेल्ने चलन पनि रहेको छ ।

गोवर्द्धन पूजा

कार्तिक शुक्ल प्रतिपदाका दिन गाईको विशेष पूजा हुने गर्दछ । कुनै पनि धार्मिक वा सामाजिक संस्कार गर्नु अघि गाईको गोबरले घर-आँगन लिपपोत गर्ने, गाईको गहुँत सबैतिर छर्केर आफ्ना घर-कोठा-चोटा पवित्र तुल्याउने हाम्रो संस्कार छ । गाईलाई लक्ष्मी र गौमाताका रूपमा पनि लिइन्छ । गाईजात्रा, गाईपाला, गाईप्राणी, गौप्राणी आदि शब्दले गाईमा आधारित विविध प्रतीकात्मक अर्थ प्रदान गर्छ । यस दिन गोबरको गोवर्धन पर्वत बनाई विशेष पूजा गरिन्छ ।

पौराणिक कथानुसार गोवर्द्धन गोकुल नजिकै रहेको एक पर्वत हो । श्रीमद्भागवत महापुराणका अनुसार श्रीकृष्ण भगवान् गोकुलमा गोपालहरूसँग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बस्नुहुन्थ्यो । गोपालहरू देवताका राजा इन्द्रको पूजा गर्ने गर्दथे तर इन्द्रबाट उनीहरूले केही पाउँदैन थिए । भगवान् श्रीकृष्णले एकदिन गोकुलवासीलाई केही नदिने इन्द्रको पूजा गर्नु भन्दा खनिज, घाँस, पानी, दाउरा दिने गोवर्द्धन पर्वतको पूजा गर्नु राम्रो हो भन्ने कुरा राखेपछि गोवर्द्धन पर्वतको पूजा गरिन्छ । पर्वतलाई पूजा गरेका कारण रिसाएका इन्द्रले गोकुलमा असिना र पानीको घोर वर्षा गराउँछन् । भगवान् श्रीकृष्णले गोवर्द्धन पर्वतलाई हातले उचालेर सबै गोकुलवासीलाई आश्रय दिएपछि इन्द्र हार खाई माफ माग्न पुग्छन् । त्यसै समयदेखि गोवर्द्धन पूजाको आरम्भ भएको विश्वास गरिन्छ । नेवारी समुदायमा यस दिन 'म्ह पुजा' गरिन्छ । नेपाल संवतको नयाँ वर्ष पनि यसदिनबाट आरम्भ हुन्छ ।

भाइ तिहार

तिहारको अन्तिम अर्थात् कार्तिक शुक्ल द्वितीयाका दिन भाइटीका लगाउने परम्परा रहेको छ । यमुनाले यसै दिन दाजु यमराजलाई विशेष मान-सम्मान गर्दै पूजा गरेको कथा पाइन्छ । यमपञ्चकका पाँच दिन यमराजले यमुनाको घरमा बास गर्छन् र पृथ्वीवासीलाई कालको भय हुँदैन भन्ने मान्यता समेत रहेको छ । यी पाँच दिन इन्द्रादि दश दिक्पालले बलि राजाका लागि आफ्नो राज्य छाड्ने कथा पनि पाइन्छ । भाइतिहारको दिन दियो, कलश, गणेश एवं अष्टचिरञ्जीवीका साथै यमुनाको विमिरोमा र यमराजको ओखरमा पूजा हुने गर्दछ । यमरूपी ओखर ढोकाको सँघारमा फोडी विधिपूर्वक भाइटीका लगाइन्छ । यस दिन देउसी खेलेर मनोरञ्जन पनि गर्ने चलन छ ।

ओखर यमराजको प्रतीक हो जसलाई ढोका बाहिर फोडिन्छ । विमिरो यमुनाको प्रतीक हो जसलाई पूजा गरेर पवित्र स्थानमा राखिन्छ । कहिल्यै नसुक्ने तेल, मखमली फूलको माला र दुवो दीर्घ जीवनका प्रतीक हुन् जसले दीर्घायुको कामना गरिन्छ । यसरी भव्यरूपमा पाँच दिनसम्म मनाइने पर्व नै यमपञ्चक अर्थात् तिहार हो ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालाचतुर्दशीमा किन छरिन्छ शतबीज ?

चान्द्र महिनाअन्तर्गत मार्गशीर्ष अर्थात् मंसिर कृष्ण पक्षको चतुर्दशी तिथिलाई बालाचतुर्दशी भनिन्छ । चतुर्दशी शिवजीको प्रिय तिथि (दिन) हो । यसैगरी चतुर्दशी तिथिका स्वामी पनि साक्षात् शिवजी हुनुहुन्छ *(मुहूर्तचिन्तामणि, १/३)* । चतुर्दशीमा रूद्री जुर्नुका साथै शिवजीको उपासना पनि शुभ मानिन्छ । त्रयोदशीको राति पितृका निम्ति बत्ती बाली चतुर्दशीका दिन शतबीज छर्ने परम्परा रहेको छ ।

सुवर्णरतिकातुल्यं व्रीहिमेकं परिक्षिपेत् ।
मृगस्थलीं परिभ्रम्य पुनर्जन्म न विद्यते ॥

(हेमाद्रि/वार्षिकरत्नावली वर्षकृत्यखण्ड)

अर्थात् मृगस्थलीको परिभ्रमण गरी एक बीज धान छर्नाले पुनर्जन्मबाट मुक्तिका साथै सुन दान गरे बराबरको फल मिल्दछ । यसैगरी बालाचतुर्दशीका दिन श्लेष्मान्तक वन वा मृगस्थलीमा गई सप्तधान्य अर्पण गर्नाले शिवजी प्रसन्न हुने मान्यता रहेको पाइन्छ ।

शतबीज भनेको सयवटा अन्नको बीउ हो । शत भन्नाले सय र बीज भन्नाले बिऊ भन्ने अर्थ लाग्दछ । सय अन्नको बिउलाई नै शतबीज भनिन्छ । आफ्ना पितृहरूका नाममा त्रयोदशीका राति बत्ती बालेर भोलिपल्ट अर्थात् चतुर्दशीका बिहान शिवालय, मृगस्थली, श्लेष्मान्तक वन लगायत शिव मन्दिरको परिसरमा शतबीज छर्ने चलन रहेको छ ।

मार्गकृष्ण त्रयोदशीको साँझमा काठमाडौंको पशुपतिनाथ लगायत अन्य शिवालयमा दीप प्रज्वलन गरी रातभरि जाग्रम बसी भोलिपल्ट अर्थात् चतुर्दशीको दिन शतबीज रोपण गरिन्छ । अन्य शिवालयभन्दा पशुपतिनाथमा गरिने शतबीज रोपणको विशेष महिमा रहेको पाइन्छ ।

शतबीज भनी धान, जौ, गहुँ, चना, तिल, कागुनु, मकै, केरा, उखु,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुन्तला, अनार, भोगटे, कागती, निबुवा, बिमिरो, अमला आदि फलका साथै विभिन्न किसिमका फूलहरूको प्रयोग गर्ने चलन छ । तर शास्त्रीय वचनमा भने धानका सयवटा बीउ छर्ने उल्लेख पाइन्छ । जौ भने छर्न सकिने धर्मशास्त्रका गुरुहरूको धारणा रहेको छ । आफ्नो परिवारका दिवंगत आत्मालाई शान्ति दिलाउन १०८ शिवलिङ्ग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप मन्दिर, किरातेश्वर मन्दिर आदि ठाउँमा शतबीज छरिन्छ । मंसिर कृष्ण त्रयोदशीका राति मन्दिरवरपर बसी दिवंगत आत्माको नाममा महादीप बाली रातभर भजनकीर्तन गरी भोलिपल्ट चतुर्दशीका दिन दीप नदीमा सेलाउने र शतबीज छर्ने चलन रहेको छ ।

यसरी शतबीज छर्दै मृगस्थलीमा रहेका गणेश नजिक पुगिन्छ । यस पछि गणेशजीको मूर्ति हल्लाई ठूलो स्वरमा हाम्रा पितृले मोक्ष पाउँन् भनिन्छ । उक्त गणेशजीले कान कम सुन्ने भएकाले ठूलो आवाजका साथ बोल्ने चलन रहेको छ ।

भगवान् शिव मृगरूप लिएर जहाँ जहाँ घुम्नुभयो, त्यस पुण्य क्षेत्रमा बालाचतुर्दशीका दिन एक गेडा बीज छर्दा त्यत्तिकै परिमाणमा सुन दान गरे बराबरको पुण्य मिल्ने र दिवङ्गत आत्माले पनि मुक्ति पाउने धार्मिक विश्वास रहेको छ । बाग्मती किनारको मृगस्थलीमा भगवान् शिव मृगरूप धारण गरेर विहार गर्नुभएको थाहा पाई उक्त शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमका बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगहरू आउँदा उक्त बथानमा भगवान् शिवलाई पार्वतीले चिन्न सकेको कथा पनि पाइन्छ ।

यसैगरी पशुपतिको घाटमा बस्ने बालानन्द नामक मानिस खाजा खान लाग्दा त्यसै बखत पोलिएको मूर्दाको टाउको फुटी उछिट्टीएको गिदी उनले खान लागेको चिउरामा परेको र उक्त गिदीसँगै खाजा खाँदा झन् मीठो स्वाद आएकाले त्यसै बेलादेखि उनी मुर्दाको गिदी खान पल्केका थिए । लामा-लामा दाह्री, जुँगा र कपालले गर्दा मानिसहरू डराई उसलाई बालासुर राक्षस भन्न थाले । बालानन्दको राम्रो परिचय पाएका एकजना थकाली बूढाको सल्लाह अनुसार स्थानीय बासिन्दाले सिंहमार्फत् बालासुरलाई मार्न लगाएको अर्को किम्वदन्ती पनि पाइन्छ । आफ्ना मितको हत्याबाट छट्पटाएका वृषसिंहलाई एक रात सपनामा भगवान् शिवजीले दर्शन दिई शतबीज छर्ने आज्ञा दिएकाले मार्गकृष्ण चतुर्दशीका दिन श्लेषमान्तक वनको वरिपरि शतबीज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छर्दा बालासुर वैतरणी तरेर गएको कथा पनि पाइन्छ । सोही बेलादेखि यस दिनलाई बालाचतुर्दशी भनी दिवंगत आत्माको शान्तिका लागि शतबीज छर्ने गरिएको हो ।

बालाचतुर्दशीमा विशेषतः शिवजीको उपासना हुने गर्दछ । पितृमुक्तिका साथै आत्मकल्याणका दृष्टिले पनि यस पर्वको विशेष महिमा रहेको छ । पशुपति, मृगस्थली एवं कैलाशमा शतबीज छर्नाले अन्न वा सुनचाँदी दान गरेभन्दा पनि ठूलो पुण्य मिल्छ भन्ने फल वर्णन पाइन्छ । यसैगरी शिवजीले कुनै समयमा श्लेष्मान्तक वनमा बालाचतुर्दशीको दिन शतबीज छर्नेका पितृहरूले मोक्ष प्राप्त गर्ने वरदान दिनुभएको किंवदन्ती पनि छ । मार्गकृष्ण त्रयोदशीका दिन बेलुकी दिवंगत पितृको मुक्तिको कामना गर्दै महादीप बाल्ने गरिन्छ । यसरी बत्ती बाल्दा पितृलोक झलमल्ल हुन्छ भन्ने विश्वास रहिआएको छ । राति बालिएको बत्ती चतुर्दशीको बिहानै वाग्मती वा आफ्नो पायक पर्ने नदीमा सेलाए (बगाए) पछि पशुपतिमा बस्नेहरूले मृगस्थली हुँदै कैलाश, पशुपति, चौसट्ठी लिङ्ग आदि विभिन्न चौध क्षेत्रमा शतबीज छर्ने गर्दछन् । कैलाशमा बसेर दहीच्युरा खानाले भगवान् शिव खुशी हुने जनविश्वास पनि रहेको छ । पशुपति वा शिवालयमा गई बत्ती बाल्न अनुकूल नहुनेहरूले घरैमा बत्ती बालेर भोलिपल्ट नदी वा जलाशयमा गई पितृको नाममा सो बत्ती सेलाउन पनि सकिन्छ । यो पर्व हिन्दू र बौद्ध दुवै धर्मावलम्बीहरूले उत्तिकै श्रद्धाका साथ मनाउने गर्दछन् ।

देवताभन्दा पितृ रिझाउन कठिन हुन्छ । पितृ खुसी भए परिवारमा सुखसमृद्धि प्राप्त हुन्छ । पितृ खुशी बनाउने पर्वका रूपमा पनि बालाचतुर्दशीलाई लिइएको छ । यो पर्वमा धर्मसँगै संस्कृति पनि प्रवाहित भएर आएको पाइन्छ । मेला लाग्नु, विभिन्न प्रकारका नाच गान गर्नु, विभिन्न किंवदन्ती पाइनु आदि सांस्कृतिक पाटा हुन् भने शास्त्रीय वचन एवं मान्यता धार्मिक पक्षअन्तर्गत पर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीस्वस्थानी व्रतमहिमा

पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म लिइने श्रीस्वस्थानी व्रतकथाको आफ्नै महत्त्व रहेको छ । चान्द्र मास अनुसार पौष शुक्ल पूर्णिमादेखि माघ शुक्लपूर्णिमासम्म एक महिना श्रीस्वस्थानीको व्रत धारण गरिन्छ । यस समयमा आद्यशक्ति भगवतीको उपासना गरी इच्छित मनोकामना पूरा हुने धार्मिक मान्यता रहेको छ । स्कन्धपुराणको केदार खण्डअन्तर्गत माघ माहात्म्य वर्णन गर्ने क्रममा श्रीस्वस्थानी व्रतकथाको महिमा गान गरिएको छ ।

नेपाली जनमनमा श्रीस्वस्थानी व्रतकथाको विशेष प्रभाव रहेको पाइन्छ । कतिपय विधि विधानमा लौकिक छनक देखिए पनि मूल रूपमा आद्य शक्ति देवीको उपासना नै श्रीस्वस्थानी व्रतकथाको मुख्य उद्देश्य हो । पौष शुक्ल पूर्णिमाका दिन नदी, तलाउ वा कुवामा गई स्नान गरी भक्तिभावपूर्वक दीप, कलश र गणेश सहित श्रीस्वस्थानी भगवतीको पूजा आराधना सँगै कथा श्रवण गर्ने विधान रहको छ । यो क्रम महिना दिनसम्म चल्ने गर्दछ । माघ शुक्ल पूर्णिमाका दिन व्रतको समापन गरिन्छ ।

कुनै पनि कुराको सङ्कल्प गर्नु व्रत हो । यसलाई प्रतिज्ञाका रूपमा पनि लिन सकिन्छ । ईश्वरको आराधना वा भक्तिलाई पनि व्रत भनिन्छ । व्रत एक यज्ञ पनि हो । **पूजाद्यात्मकः कर्मविशेषो व्रतम्** *(धर्मसिन्धु)* अर्थात् पूजा आदिको कर्म विशेष नै व्रत हो । यसैगरी व्रतालुमा क्षमा, सत्यवचन, दया, दान, शौच, इन्द्रियसंयम, देवपूजा, होम, सन्तोष र चोरी नगर्ने भावना हुनुपर्दछ *(निर्णयसिन्धु, पृ. १७)* ।

श्रीस्वस्थानीको व्रत विधान पनि यस्तै विधि र प्रक्रियामा आधारित एक यज्ञ हो । व्रतालुमा सर्वप्रथम क्षमाभाव हुनु पर्दछ । गल्ती गर्ने प्रति क्षमाभाव राख्नु व्रतालुको पहिलो धर्म हो । व्रतालुले कहिल्यै पनि झुट बोल्नु हुँदैन । व्रत बस्ने तर मिथ्या कुरा गर्नाले व्रतको प्रभाव नष्ट भएर जान्छ र व्रतालुले इच्छित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर प्राप्त गर्न सक्दैनन् । दया भाव हुनु व्रतालुको अर्को धर्म हो । यदि हामी व्रत लिएर पनि दयालु हुन सकेनौं भने व्रतको कुनै अर्थ रहँदैन । दया भावले व्रतलाई उचाइमा लाने काम गर्दछ । यसैगरी व्रतालु दानी पनि हुन सक्नुपर्दछ । शास्त्रमा दानलाई उत्तम यज्ञ मानिएको छ । दान व्रतको एक अङ्ग हो । व्रत बस्नेले दानी भाव राखी व्यवहारमा समेत उतार्न सक्नु पर्दछ । व्रतालु सधै शुद्ध र पवित्र पनि रहनु पर्दछ । व्रतमा चोखो वस्तु खाने, चोखो लगाउने र शुद्ध चोखा वस्तुको प्रयोग गर्नु पर्दछ । शुद्धता हुन सकेन भने पनि व्रतको फल प्राप्त नहुन सक्छ । यसैगरी व्रतालु इन्द्रिय संयमित रहनु पर्दछ । ज्ञानेन्द्रियले राम्रा कुरा मात्र ग्रहण गर्नु पर्दछ भने कर्मेन्द्रियले पनि राम्रा राम्रा काम प्रति मात्र अग्रसर हुनु पर्दछ ।

जीवलाई विषयसम्बन्धी बोध गराउने इन्द्रिय ज्ञानेन्द्रिय हुन् । ज्ञानेन्द्रिय पाँच छन् : कान, छाला, नाक, जिभ्रो र आँखा । कानले सुन्ने काम गर्छ, छालाले स्पर्शको अनुभव गर्छ, नाकले वासना लिने काम गर्छ, जिभ्रोले स्वाद पत्ता लगाउँछ भने आँखाले दृश्य वस्तुको ज्ञान गराउँछ । कर्मेन्द्रियअन्तर्गत हात, गोडा, मुख, गुदद्वार र मुत्रेन्द्रिय पर्दछन् । इन्द्रिय संयम भनेको उक्त पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियको संयम हो । यी आचरण पालनसँगै श्रीस्वस्थानी देवीको नित्य पूजा आराधना गर्नुपर्छ । यसरी पूजा पश्चात् समापनका बेला देव पूजन एवं हवन पनि गर्नुपर्दछ । तब मात्र स्वस्थानीको व्रत पूर्ण हुन्छ । व्रतको उद्देश्य पनि हृदयमा पवित्रताको वास गराउनु हो । जसले मानव जीवनलाई सही मार्गमा अघि बढाउँछ । व्रत पश्चात् पनि व्रतमा पालन गरेका आचरणहरू जीवनमा उतार्न सक्नु पर्दछ । तव मात्र इच्छित वर प्राप्त हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको छ ।

श्रीस्वस्थानी व्रतकथा इतिहासमा घटेको वास्तविक घटना हो । इतिहासको विकासक्रममा परापूर्व कालमा घटेका घटनालाई उदाहारणका रूपमा व्यक्त गरिएको उक्त कथालाई आजको सन्दर्भमा बुझ्नु पर्दछ । तत्कालीन समयमा गोमा ब्रह्मणी, शिवशर्मा जस्ताको विवाह सामान्य मानिन्थ्यो । यसैगरी नवराज जस्ता व्यक्ति पनि व्रतको प्रभावले राजा भएका थिए । हिजो जे थियो आज पनि त्यही रहँदैन । किनकि समय गतिशील र परिवर्तनशील छ । समयसँगै हरेक विषयवस्तुहरू पनि परिवर्तित भइरहेका हुन्छन् । त्यसैले इतिहासका उक्त कथाका माध्यमबाट आजको जीवनलाई सही मार्गमा अघि बढाउनु पर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीस्वस्थानीको व्रतमा आद्यशक्ति भगवतीको उपासना गरिन्छ । आद्यशक्ति भगवतीको उपासना विधि मध्ये माघ स्नानपूर्वक गरिने आराधना पनि एक विशिष्ट पद्धति हो । श्रीस्वस्थानी भगवतीको उपासना गर्नाले इच्छित वर प्राप्त हुने कुरा शास्त्रमा व्यक्त पाइन्छ । श्रीस्वस्थानीको कथा सर्वोपयोगी र सर्वहितकारी रहेको छ । स्कन्ध पुराणको माघ माहात्म्यअन्तर्गत कुमार अगस्त्य संवादको प्रसङ्ग नै कथाको आदि स्रोत हो । पार्वती पुत्र कुमार र अगस्त्य ऋर्षिको संवादमा उक्त कथा आधारित छ । यस कथामा आद्य शक्तिको विशेष महिमा गान गरिएको छ । चराचर जगत्का नियन्ता भगवान् शिव र पार्वतीको कथा प्रसङ्ग नै श्रीस्वस्थानीको मूल आख्यान हो । महिनादिनसम्म विधिपूर्वक कथा श्रवण गर्नाले मनोकामना पूरा हुने कुरा श्रीस्वस्थानी व्रतकथामा समेत उल्लेख पाइन्छ । संसार के हो ? यो चराचर जगत्का नियन्ता को हुन् ? किन हामीले व्रत उपासना गर्नु पर्दछ ? व्रत उपासनाले के फल पाइन्छ ? यसको निन्दा गर्नाले कस्ता दुःख र कष्ट भोग्नु पर्छ भन्ने कुराको ज्ञान विभिन्न कथामा व्यक्त गरिएको छ । विशेषतः चित्त शुद्ध पारी परमेश्वरप्रति भक्ति भाव व्यक्त गर्नाले यो लोकमा सुख शान्ति मिल्नुका साथै परलोकमा पनि उत्तम गति प्राप्त हुन्छ भन्ने कुरा उक्त कथाको सार रहेको छ ।

श्रीस्वस्थानी व्रतकथाको श्रवणले यो चराचर जगत्को विशद ज्ञान हासिल गर्न सकिन्छ । ब्रह्म, ब्रह्माण्ड, भूगोल, द्विप, समुद्र आदिका बारेमा विस्तृत व्याख्या श्रीस्वस्थानी कथामा उल्लेख छ । सृष्टिकर्ता पनि ईश्वर, पालन कर्ता पनि उनै महेश्वर अनि संहार कर्ता पनि उनै शङ्कर हुन् । भगवद् भक्तिबिना संसारबाट पार पाउँन सकिँदैन भन्ने कुरा श्रीस्वास्थानी कथामा व्यक्त छ । संसारको सृष्टि सम्बन्धी साङ्ख्य शास्त्रीय मत प्रस्तुत कथामा व्यक्त गरिएको छ । आद्य वस्तु प्रकृति र पुरूषको संयोगबाट संसारको सृष्टि भएको कुरा आजको भौतिकवादले पनि स्वीकारेको छ । सम्पूर्ण भूर्भुव, स्व, मह, जन, तप र सत्य लोकको व्यवस्थाका साथै अतल, वितल, सुतल, तलातल, रसातल, महातल पातालको वर्णन कथाले विस्तृत रूपमा गरेको छ । भूगोलको विशेष ज्ञान श्रीस्वस्थानी कथाबाट पनि प्राप्त गर्न सकिन्छ । यसैगरी काल अर्थात् समयको व्यवस्थिति, सत्य, त्रेता, द्वापर, कलि युगको प्रसङ्ग, ब्रह्माको आयु देवताको आयु अनि मनुष्यको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयुका बारेमा पनि विशेष ज्ञानवर्द्धक कुराहरू कथाका माध्यमले प्रस्तुत गरिएको छ। सरल भाषा शैलीका माध्यमबाट साधारणदेखि विद्वान्सम्मका लागि मननीय कुराहरू श्रीस्वस्थानी कथामा रहेकाले यो व्रत सबैले धारण गर्न र कथा श्रवण गरी ज्ञान हासिल गर्न उपयोगी सिद्ध हुने देखिन्छ। आध्यात्मिक ज्ञानका साथै भौतिक विषयवस्तुको पनि विशद विवेचना भएकाले कथा सबैले श्रवण गर्न योग्य रहेको छ। कथा श्रवण गर्नाले उत्तम फल पाइने भएकाले पनि यसको महिमा दिनानुदिन बढ्दै गएको हो।

हरेक वस्तुका नकारात्मक र सकारात्मक दुवै पाटा हुन्छन्। समयको सान्दर्भिकताका आधारमा श्रीस्वस्थानी व्रतकथालाई हामीले बुझ्नु पर्दछ। यो कथामा नकारात्मक भन्दा पनि सकारात्मक कुराहरू थुप्रै रहेका छन्। त्यसैले आज पनि हरेकका घर घरमा श्रीस्वस्थानी व्रतकथा गुञ्जयमान भइरहेका छन्। शरीर शुद्धिका लागि स्नान, चित्त शुद्धिका लागि कथा अनि व्यवहार शुद्धिका लागि आचरणको व्यवस्था भएको श्रीस्वस्थानी व्रतकथाको जति महिमा गान गाए पनि कम नै हुन्छ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीपञ्चमी र सरस्वती महिमा

विद्याकी देवी सरस्वतीको महिमा अपरम्पार छ । ज्ञानको दिव्यज्योति प्रज्वलित गराई संसारी सागरबाट पार लगाउने आद्य शक्ति सरस्वती हुन् । समस्त कला जगत्की प्रतिमूर्ति, ज्ञानकी खानी सरस्वतीलाई विद्याकी देवी भनिन्छ । आद्य शक्ति भगवतीको उपासना वेदले पनि गरेका छन् । हरेक ज्ञानका साधक सरस्वतीका उपासक हुन् । सरस्वतीको कृपाविना ज्ञानका चक्षु खुल्नु असम्भव छ । परब्रह्म नै सरस्वतीलाई भनिएको छ । आद्य शक्ति भगवतीका कर्मअनुसार भिन्न-भिन्न रूप हुने गर्दछन् । संहार गर्न महाकाली, पालन गर्न महालक्ष्मी र ज्ञानको दीप बाल्न महासरस्वतीको स्वरूप प्रकट भएको हो । सरस्वतीको विशेष उपासना माघ शुक्ल पञ्चमीका दिन हुने गर्दछ ।

श्रीपञ्चमी माघ शुक्ल पञ्चमीका दिन पर्ने गर्दछ । जसलाई वसन्त पञ्चमी पनि भनिन्छ । वसन्त ऋतुको पूर्वसन्ध्या अर्थात् आरम्भको संकेत यस दिनबाट हुने गर्दछ । विद्याकी अधिष्ठात्री देवी सरस्वतीको उपासना गर्ने विशेष दिनका रूपमा पनि यो दिन प्रसिद्ध छ । ब्रह्माजीकी मानसपुत्रीका रूपमा सरस्वतीको प्रादुर्भाव भएकाले पनि यस दिनलाई ज्ञान र कलाका उपासकले भव्यरूपमा मनाउने गर्दछन् । वसन्त ऋतु आगमनको पूर्वाभाष स्वरूप यस दिन वसन्त महिमा गान एवं श्रवण पनि गरिन्छ । विद्याकी देवी भगवती सरस्वतीको विशेष प्रिय दिन रहेकाले पनि वसन्त पञ्चमीलाई भव्य रूपमा मनाइएको हो । यस दिन विद्या आरम्भ गर्न, नाक कान छेड्नुका साथै विद्यासँग सम्बन्धित कार्यको आरम्भ गर्न उत्तम मानिन्छ । संसार ज्ञानकै आँगनमा अडिएको हुनाले ज्ञान अर्थात् विद्याका उपासक सबैले यस दिन सरस्वतीको विशेष पूजा आराधना गर्दछन् । यो परम्परा वेदभन्दा पनि पुरानो रहेको पाइन्छ ।

सरस्वतीको महिमा वेदले पनि सर्वत्र गाएको पाइन्छ । **सरस्वती श्रुति महति महीयताम्** अर्थात् सरस्वती वेद भन्दा पनि महान् छिन्, **सरस्वती नः**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुभगा मयस्करत् *(यजुर्वेद, २५/१६)* अर्थात् सरस्वतीले हाम्रो यश कीर्तिलाई बढाउन् भन्ने वैदिक ऋचाबाट पनि सरस्वतीको महिमा कति छ भन्ने कुरा प्रष्टिन आउँछ । उपनिषद्, पुराण, देवीभागवत आदिले पनि भगवती सरस्वतीको विशेष महिमा गान गरेका छन् । यसैगरी आद्यशक्ति भगवतीका तीन रूप महाकाली, महालक्ष्मी र महासरस्वती मध्येकी एक सरस्वतीको महिमा अपरम्पार छ । सत्त्वगुणमा आश्रित पार्वतीका शरीरबाट प्रकट भएकी शुम्भ नामक दैत्यको संहार गर्ने साक्षात् देवी महासरस्वती हुन् *(श्रीदुर्गासप्तशती, वैकृतिक रहस्य, श्लो. १४-१६)* ।

माघ शुक्ल पञ्चमीका दिन शुद्ध स्नानपूर्वक भगवती सरस्वतीको मन्दिर गई विधिपूर्वक सरस्वतीको पूजा आराधना गरिन्छ । यस दिन भगवतीको षोडशोपचारले विशेष पूजा हुने गर्दछ । पूजा पश्चात् भगवती प्रति विद्याको वरदान माग्न स्तुति प्रार्थना गर्नुका साथै आ-आफ्ना कलाको प्रदर्शनी एवं अभ्यास पनि गरिन्छ । संगीतका पारखीहरू यस दिन वसन्त रागको गान गर्ने गर्दछन् । सरस्वतीको पूजा गर्नु भनेको विद्याको उपासना गर्नु हो । सरस्वती केवल पुष्प, चन्दन, अक्षताले मात्र खुशी हुन्नन् । जसले विद्याको साधना गर्छ उसैका मुखमा सरस्वतीको वास हुन्छ ।

सरस्वती आद्य शक्ति हुन् । उनका अवतार रूप अनेक छन् । ब्रह्मामा आफ्नी पुत्री सरस्वतीप्रति आशक्त भाव उत्पन्न भयो । आत्मग्लानि भएपछि आफ्नो शरीरलाई ब्रह्माले त्यहीं त्याग्नु परको थियो । सोही अवस्था उक्त अन्धकारका रूपमा व्याप्त भएको हो *(श्रीमद्‌भागवत, ३/१२/२८-३३)* । मत्स्य पुराणले पनि यस्तै कथा प्रसङ्ग बताएको छ । भगवान् श्रीकृष्णले भगवती सरस्वतीको पूजा गर्ने विधान बताउनु भएका कथा प्रसङ्ग पनि पाइन्छन् । महाकाली, महालक्ष्मी र महासरस्वती वास्तवमा एउटै आद्य शक्तिका स्वरूपहरू हुन् । अर्थार्थीले महालक्ष्मीको उपासना गर्दछन् । शक्तिका उपासकले महाकालीको आराधना गर्दछन् भने ज्ञानका उपासक सरस्वतीको आराधना गर्दछन् । समस्त विद्या र कलाकी देवी सरस्वती हुन् । सरस्वतीलाई कसैले ब्रह्माकी पुत्री र कसैले ब्रह्माकी पत्नी भन्ने गर्दछन् । वास्तवमा सरस्वती आद्य मातृशक्ति हुन् । सोही शक्तिको अवतारक्रममा ब्रह्माकी मानसपुत्री भएकी हुन् । सरस्वतीका अनेक रूप छन् । यसैगरी कार्यअनुसार सरस्वतीका अनेक अवतार पनि भएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन् । उनलाई आद्यस्वरूपाको रूपमा बुझ्नु नै उपयुक्त हुन्छ । साक्षात् ब्रह्मस्वरूपा भएकाले उनलाई ब्राह्मी भनिएको हो ।

ब्राह्मी सरस्वतीका सात भेद मानिएका छन् । चिन्तमणि सरस्वती, ज्ञान सरस्वती, नीलसरस्वती, महासरस्वती, किनि सरस्वती, अन्तरिक्ष सरस्वती र घट सरस्वती । कार्य अनुसार भिन्न भिन्न सरस्वतीको आराधना हुने गर्दछ । शारदा सरस्वतीका पाँच भेद छन् जसअन्तर्गत वाणी सरस्वती, वागिश्वरी सरस्वती, वाचासरस्वती, वाक्प्रदा सरस्वती र पारिजात सरस्वती । यसैगरी महासरस्वतीका पनि अनेक भेद पाइन्छन् सन्ध्या सरस्वती, अनिरूद्ध सरस्वती आदि । ज्ञानका उपासकले आराधना गर्ने सरस्वती महासरस्वती हुन् । उनको महिमा गान वेद, उपनिषद, पुराण आदिले गरेका छन् । सरस्वतीका अनेक नाम भए पनि बाह्रवटा विशेष मानिन्छन् ।

प्रथमं भारती नाम द्वितीयं च सरस्वती ।
तृतीयं शारदा देवी चतुर्थं हंसवाहिनी ॥
पञ्चमं तु जगन्माता षष्ठं कात्यायनीति च ।
सप्तमं चैव कौमारी चाष्टमं वरदायिनी ॥
नवमं बुद्धिदात्री च दशमं ब्रह्मचारिणी ।
एकादशं चन्द्रघण्टा च द्वादशं भुवनेश्वरी ॥
द्वादशैतानि नामानि त्रिसन्ध्यं यो पठेन्नरः ।
जिह्वाग्रे वसते तस्य ब्रह्मरूपा सरस्वती ॥

अर्थात् भारती, सरस्वती, शारदा, हंसवाहिनी, जगन्माता, कात्यायनी, कौमारी, वरदायिनी, बुद्धिधात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, भुवनेश्वरी गरी सरस्वतीका बाह्र नाम प्रसिद्ध छन् । जसले यी नामको प्रातः, दिवा र साँझको सन्ध्याकालमा पाठ गर्छ उसका मुखमा सरस्वतीको वास हुन्छ भन्ने सरस्वती महिमा पाइन्छ ।

सरस्वतीको स्वरूप शुक्ल अर्थात् सेतो वर्णको छ । ज्ञानका माध्यमले जगत्मा व्याप्त भएकी सरस्वतीको वाहन हाँस हो । उनका चार हात रहेका छन् । हातमा वीणा, पुस्तक, अक्षमाला र वरदमुद्रा धारण गरेकी छिन् । यसरी सरस्वतीले हातमा लिएका हरेक वस्तुको आ-आफ्नै महिमा रहेको छ । हाँस विवेकको प्रतीक हो । हाँसमा दुध र पानी छुट्याउने विवेक रहेको हुन्छ । यसैगरी वीणा नादको प्रतीक हो । संगीत विधाको प्रतिनिधित्व वीणाले गरेको छ । कमल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्तिको प्रतीक हो । सेतो कमलको फूलमाथि विराजमान सरस्वतीको हातमा रहेको वेदले ज्ञान अर्थात् पुस्तकको प्रतिनिधित्व गर्दछ । अक्षमालाले चिन्तनशील रहने प्रेरणा प्रदान गर्दछ भने वरदमुद्राले नित्य आशीष प्रदान गरेको छ । सेता वस्तु शुद्ध एवं पवित्रताका प्रतीक मानिन्छन् । सरस्वतीलाई ब्रह्मा, विष्णु र महेश्वरले पनि आराधना गरेको कथा प्रसङ्ग पाइन्छ ।

या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता ।
या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ॥
या ब्रह्माच्युतशङ्करप्रभृतिभिर्देवैः सदा वन्दिता ।
सा मां पातु सरस्वती भगवती निः शेषजाड्यापहा ॥

अर्थात् श्वेत कमलमा विराजमान, चन्द्रमा जस्तै स्वच्छ स्फटिकको माला गलामा सुशोभित भएकी, स्वच्छ सेतो वस्त्रले वेष्टित वरदमुद्रायुक्त वीणाधारी सरस्वती सेतो कमलको फूलमा विराजमान हुनुहुन्छ । जसलाई ब्रह्मा, विष्णु, शङ्कर आदि गरिएका देवताले पनि विशेष वन्दना गर्दछन् । यस्ती भगवती सरस्वतीले हाम्रो जड अन्धकाररूपी अज्ञानलाई हटाउनुहोस् भनी गरिएको प्रार्थनाबाट पनि उक्त कुराको पुष्टि हुन आउँछ ।

सरस्वतीको पूजा भनेको विद्याको उपासना हो । सरस्वती केवल पुष्प, चन्दन, अक्षताले मात्र खुशी हुन्नन् । जसले विद्याको साधना गर्छ उसैका मुखमा सरस्वतीको वास हुन्छ । अथक परिश्रम र मेहनत नै सरस्वतीको अर्को नाम हो । भगवतीको पूजा आराधना भनेको नै विद्याको चिन्तन, अध्ययन, मनन र अभ्यास हो । भगवतीको मन्दिरमा गई पूजा गर्नु भनेको अध्ययनतर्फ रूचि जगाउन मनलाई प्रेरित गर्नु हो अर्थात् पवित्र पार्नु हो । जबसम्म हाम्रो मन पवित्र हुन सक्दैन तबसम्म हामी केही पनि गर्न सक्दैनौ अतः वसन्त पञ्चमीका दिन भगवतीको विशेष पूजा आराधना गरी मनलाई शुद्ध बनाउने यत्न गरिन्छ । पवित्र मनले गरेको चिन्तन नै सार्थक हुने भएकाले सरस्वती पवित्रताकी पनि प्रतीक हुन् । जसको आराधनाले जीवन सार्थक हुने गर्दछ । यही नै सरस्वतीको सच्चा पूजा आराधना हो । **जय सरस्वती माता !**

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिव आराधनाको उत्तम दिन महाशिवरात्रि

फाल्गुन कृष्णचतुर्दशी साक्षात् शिवजी निराकारबाट साकार रूपमा प्रकट भएको दिन हो । शंकर भगवान् विशालकाय अग्निलिङ्मा प्रकट हुनुभएको दिनका रूपमा महाशिवरात्रि पर्व हर्षोल्लासपूर्वक मनाइन्छ । भगवदुत्पत्तिसँगै यो सृष्टिको पनि आरम्भ भएको हो ।

माघमासस्य शेषे या प्रथमे फाल्गुनस्य च ।
कृष्णा चतुर्दशी सा तु शिवरात्रिः प्रकीर्तिता ॥

(कालमाधवीयस्कन्ध, नागरखण्डम्)

अर्थात् फाल्गुनकृष्ण चतुर्दशीलाई शिवरात्रि भनिन्छ । जुन शिवउपासनाका निम्ति उत्तम दिन हो । महाशिवरात्रिपर्व रात्रिव्यापिनी हुन्छ । जुन रातले चतुर्दशीलाई धेरै छोएको छ सोही दिन महाशिवरात्रि पर्व मनाइन्छ ।

भगवान् शंकरका विभिन्न ज्योतिर्लिङ्ग पनि यही फाल्गुन कृष्ण चतुर्दशीमा प्रकट भएका हुन् । पछि आएर समुन्द्र मन्थनबाट प्राप्त विषलाई पनि साक्षात् नीलकण्ठ भगवान्ले यही दिन आफ्नो कण्ठप्रदेशमा राख्नुभएको कथा पुराणमा वर्णन पाइन्छ ।

यसैगरी भगवान् शिव र पार्वतीजीको शुभविवाह पनि यही समयमा भएका कथा प्रसङ्ग पनि पाइन्छन् । विशेषतः यो शिवशक्तिको साकार स्वरूप प्रकट भएको पुण्य समय हो । शिवरात्रिमा भगवान् शंकरको उपासना गर्नाले अभीष्ट फल प्राप्त हुनेकुरा शास्त्रमा वर्णन पाइन्छ । रावणले भगवान् शिवलाई खुशी पार्न महाशिवरात्रिको व्रत धारण गरी आफ्नो अभीष्ट सिद्धि गरेका थिए । यसै गरी भगवान् श्रीरामले पनि रामेश्वर शिवलिङ्गको उपासना गरी युद्धमा विजय हासिल गरेका दिव्य कथाप्रसङ्ग रामायणमा पाइन्छन् ।

शिवरात्रिको पूजा मध्यरात्रिमा गर्नु शुभ मानिएको छ । रात्रिको प्रत्येक प्रहरमा शिवजीको पूजा आराधना गर्नाले आशुतोष भगवान् प्रसन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भई वरदान दिनुहुन्छ ।

ततो रात्रौ प्रकर्त्तव्यं शिवप्रीणनतत्परैः ।
प्रहरे प्रहरे स्नानं पूजा चैव विशेषतः ॥ *(स्कान्दपुराण)*

रात्रिका प्रत्येक प्रहरमा शिवजीको विधिपूर्वक पूजा अर्चना गर्ने विशेष पद्धति पनि रहेको छ ।

शंकर 'तम' तत्त्वप्रधान भएकाले कृष्णपक्ष चतुर्दशीको मध्यरात्रिमा प्रादुर्भाव हुनुभएको हो । यस्तो अन्धमय समयमा पनि कल्याण गर्ने विश्व ब्रह्माण्डका अखिल नायक सृष्टिस्थिति र लयकर्ता आद्य शक्ति परमात्मा परमेश्वर देवाधिदेव महादेवको महिमा अपरम्पार छ । शिवशक्ति आद्य परमात्मा परब्रह्म हुनुहुन्छ । यो संसार भगवान् शिवकै अंशरूपमा चलिरहेको छ । चराचर जगत् शिव सङ्कल्पबाट सृजित भएको हो । शिवलीला अपरम्पार छ । सृष्टिसँगै लय पनि अवश्यम्भावी छ जो परमात्मा परमेश्वका कृपाले मात्र सम्भव हुन्छ । आद्य शिवशक्तिबाट नै यो संसारको उत्पत्ति भएको हो । वेदले पनि भगवान् शिवको स्तुति गरेका छन् । **तन्मे मनः शिवसङ्कल्पमस्तु ॥** *(यजुर्वेद, ३४।२)* को वेदध्वनिबाट पनि उक्त कुराको पुष्टि हुन आउँछ ।

लिङ्गपुराणको अन्तिम अध्यायमा मन्त्रयोग, स्पर्शयोग, भावयोग र महायोगको चर्चा गरिएको छ । मुखले मन्त्रको जप, मनबाट रूपको ध्यान गर्नु मन्त्रयोग हो । नाडीशुद्धिबाट वायुशुद्धि गर्ने प्रक्रिया स्पर्शयोग हो । भित्र र बाहिर भगवद् रूपको स्फुरण हुनु भावयोग हो । यी तिनवटै सिद्धि पश्चात् सर्वोत्तम महायोगको स्थान आउँछ, जो निर्विकल्प समाधिरूप हो । यसको सिद्धिपश्चात् सम्पूर्ण बन्धनबाट मुक्त भएर शिवसायुज्य प्राप्त हुन्छ भन्ने कुरा लिङ्गपुराणमा व्यक्त गरिएको छ । महाशिवरात्रि शिवतत्त्व प्राप्तिको उत्कृष्ट दिन हो ।

पौराणिक कथनअनुसार विष्णु भगवान् र ब्रह्माजीका बीच कसको पूज्य स्थान सर्वोपरि भन्ने आपसी विवाद भएपछि शिवजीलाई निर्णायक बनाइन्छ । भगवान् शङ्करले जसले शिव लिङ्गको आदि र अन्त्य पत्ता लगाउँछन् उही सर्वप्रथम पूजनीय हुन्छन् भन्ने बताउँनुहुन्छ । सो आज्ञा पश्चात् शिवलिङ्गको फेद पत्ता लगाउन विष्णु भगवान् र शिर पत्ता लगाउन ब्रह्माजी लाग्नु हुन्छ । ब्रह्माजी जति माथि गए पनि अन्त्य प्राप्त गर्न नसकेपछि केतकी फूल र गाईलाई साक्षी बस्न लगाएर शिर पत्ता लागाएको कुरा बताउनुहुन्छ । यता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विष्णु भगवान् भने शिवलिङ्गको अन्त्य प्राप्त नभएपछि शिवजी परब्रह्म रहेकोमा निश्चिन्त भई परब्रह्म परमेश्वरको प्रार्थना गर्न पुग्नुहुन्छ । ब्रह्माजीले झुटो बोलेको पत्ता लागेपछि शिवजीले ब्रह्मा, गाई एवं केतकीलाई श्राप दिनुहुन्छ । ब्रहमालाई कसैले पूजा नगरून् भन्ने श्राप पर्दछ । यसैगरी केतकी फूलले कसैले पूजा नगरून् भन्ने श्राप छ भने गाईले मुखले उक्त गलत कुरा स्वीकार गरेकाले मुखभाग अशुद्ध रहने श्राप पर्दछ । यस पश्चात् ब्रह्मा एवं विष्णु भगवान् दुवैले साक्षात् परमेश्वरको महिमा गान गाउँनुभएको कथा पाइन्छ । उक्त महिमा गान गरी शिवतत्त्व प्राप्त गरेको दिन नै महाशिवरात्रि हो । यस दिनलाई आत्मतत्त्व बोधका रूपमा पनि पुराणले वर्णन गरेका छन् ।

शिवरात्रि शिवउपासनाको उत्तम दिन हो । रात्रि तमको प्रतीक हो । शिवजीको उपासनाले अन्धकारबाट पनि मुक्ति मिल्ने भएकाले महाशिवरात्रिको विशेष महिमा बताइएको हो । शिव साक्षात् ईश्वरीय तत्त्व भएकाले सो प्राप्तिका निम्ति महाशिवरात्रि उत्तम दिन मानिन्छ । चतुर्दशी तिथिका स्वामी पनि साक्षात् शिवजी नै हुनुहुन्छ । चतुर्दशीमा गरिएका शिव उपासना फलदायी रहने भएकाले पनि महाशिवरात्रिको विशेष महिमा रहेको हो ।

शिवजीको आराधना गर्ने पनि विशेष क्रम रहेको छ । सर्वप्रथम शिवजीलाई दुधले स्नान गरिन्छ । यस पश्चात् जलले स्नान गरी दहीले स्नान गर्नुपर्दछ । दही पछि पुनः जलले स्नान गरी पुनः घ्यू, मह र चिनी वा सख्खरले स्नान गर्नु पर्दछ -

दुग्धेन प्रथमे स्नानं दघ्ना चैव द्वितीयके ।
तृतीये च तथाज्येन चतुर्थे मधुना तथा । *(संवत्सरप्रदीप)*

ब्रह्माले रूद्ररूपी शिवजीलाई उत्पन्न गरेको दिन पनि शिवरात्रि नै हो । निषादराज सुन्दरसेनले अन्जानमै यस दिन व्रत बस्न पुग्दा मृत्युपर्यन्त उनी शिवलोकमा पुगी भगवान् शिवको सेवक बनेको कथा उल्लेख पाइन्छ । स्कन्दपुराणमा चण्ड नामको एकजना दुष्ट र उसकी पत्नीले अन्जानमा यो दिन व्रत लिन पुग्दा भगवान् शिव प्रसन्न भई शिवलोकमा बास पाएको कथा वर्णन छ । शिवजी उत्पत्ति हुनुभएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रि मध्येको एक पर्व हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवरात्रिमा भक्तिभावपूर्वक पूजा आराधना गर्नाले समस्त मनोकामना पूर्ण हुन्छन् । अतः प्रत्येक वर्ष शिवरात्रिमा भक्तिपूर्वक शिव उपासना गर्नू भनिएको छ -

वर्षे वर्षे महादेवि ! नरी नारी पतिव्रता ।
शिवरात्रौ महादेवं काम भक्त्या प्रपूजयेत् ॥ *(पद्मपुराण)*

निर्जल व्रत, रात्रि जागरण, चार प्रहरको पूजा, शिवलिङ्गमा दुग्धाभिषेक र शिव महिमा कीर्तन शिवरात्रिमा पूजा अर्चनाका मुख्य अङ्ग मानिन्छन् ।

साम्बसदा शिवजी आशुतोष हुनुहुन्छ । उहाँलाई प्रसन्न गर्ने उत्कृष्ट दिन नै महाशिवरात्रि हो । अन्यदिन गरिएको व्रत उपासना भन्दा महाशिवरात्रिमा गरिएको अधिक फलदायी रहन्छ । यसैगरी लिङ्गको रूपमा सर्वप्रथम शिवजीको प्रकट भएको दिन नै महाशिवरात्रि रहेकाले यस दिन शिवजीको उपासना सर्वकल्याणकारी रहने कुरा लिङ्गपुराणमा व्यक्त गरिएको छ । अतः महाशिवरात्रि शिव उपसनाको उत्तम दिन हो । **जय शम्भो !**

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुन पूर्णिमामा कस्ता पर्वहरू पर्छन् ?

महिनालाई पूर्णता दिने दिन पूर्णिमा हो । हाम्रो लोक व्यवहारमा सौर र चान्द्र दुवै महिनाको उत्तिकै महत्त्वका साथ प्रयोग भइरहेको छ । हाम्रा थुप्रै धार्मिक सांस्कृतिक पर्व चान्द्र महिनाका आधारमा निर्धारण गरिएका छन् । आकाशमा चन्द्रमा पूर्ण आकारमा देखिने दिन पूर्णिमा हो । हामी चान्द्र र सौर दुवै महिनालाई अँगालिरहेका छौँ । हाम्रा धार्मिक एवं सांस्कृतिक कार्य सबै तिथिमा नै अन्तर्निहित रहेका छन् । सौर र चान्द्र दुवै महिनाको तादात्म्य हाम्रा धार्मिक सांस्कृतिक कार्यका निम्ति अपरिहार्य मानिन्छ । दशैं, तिहार, छठ, होली, चण्डी पूर्णिमा, लोसार, जनैपूर्णिमा, म्हपूजा लगायतका थुप्रै चाड पर्व एवं धार्मिक सांस्कृतिक मेला पनि चान्द्रमासमा नै आधारित रहेका छन् । यसैगरी हाम्रा पितृ कार्यमा पनि चान्द्र दिन अर्थात् तिथि नै हेर्नु पर्ने हुन्छ । यसरी हेर्दा चान्द्र मास हाम्रो धार्मिक एवं सांस्कृतिक कार्यमा अभिन्न बनेको पाइन्छ । यस्तै चान्द्र महिनाको एक उत्कृष्ट दिन पूर्णिमा हो ।

पूर्णिमा तिथिका दुई भेद छन् । चतुर्दशी सहितको पूर्णिमालाई **अनुमति** भनिन्छ । यस दिन चन्द्रमाका पन्ध्र कला मात्र आकाशमा देख्न सकिन्छ । चन्द्रमाका सोह्रवटै कला देखिने पूर्णिमालाई **राका** भनिन्छ । जुन दिन आकाशमा चन्द्रमाको पूर्ण स्वरूप देख्न सकिन्छ । सोही कुराको पुष्टि गोपथ ब्रह्मणले गरेको पाइन्छ–

> **या पूर्वा पौर्णमासी सानुमतिर्योत्तरा सा राका या पूर्वामावास्या सा सिनिवाली योत्तरा सा कुहूरिति ॥** *(गोपथ ब्राह्मण, ६/१०)*

यसैगरी तैत्तिरीय संहितामा पनि पूर्णिमाको उल्लेख पाइन्छ–

> **वै तिष्यः सोमः पूर्णमासः साक्षादेव ब्रह्मवर्च्चसमवरुन्धे ॥**
>
> *(तैत्तिरीयसंहिता, २।२।१०।२)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्दशी, पूर्णिमा, अष्टमी, आमावास्या र सूर्य संक्रान्तिको दिनलाई महापर्व भनिन्छ *(भारतीय ज्योतिष, पृ. ६०)* । पूर्णिमा तिथिका स्वामी चन्द्रमा हुन् । परान्विता अर्थात् सकिन लाग्दाको पूर्णिमाको व्रत शुभ हुन्छ भन्ने कुरा ज्योतिःसारमा उल्लेख छ-

एकादश्यष्टमी षष्ठी पूर्णमासी चतुर्दशी ।
आमावास्या तृतीया च ता उपोष्याः परान्विताः ॥

(बृहज्ज्योतिषसार, मिश्रप्रकरण, श्लो. १)

अर्थात् पूर्णिमाको व्रत उपवास वस्दा छोड्दो तिथिलाई लिनु पर्दछ ।

सूर्य र चन्द्रमाको १८० डिग्रीको अन्तर जुन दिन हुन्छ त्यही दिन पूर्णिमा तिथि पर्ने गर्दछ । आकाशमा चन्द्रमाको सबैभन्दा धेरै भाग हामी जुन दिन देख्न सक्छौँ त्यही दिनलाई पूर्णिमा भनिन्छ । चन्द्रमा आकाशमा पूर्ण आकारमा देखिनु नै पूर्णिमा तिथि हुनु हो । सूर्य र चन्द्रमाको १२ डिग्रीको अन्तरमा एक तिथि हुन्छ । अर्थात् सूर्य र चन्द्रमाको पहिलो १२ डिग्री अन्तरमा शुक्लपक्षको प्रतिपदा तिथि हुन्छ । यसपछि प्रत्येक १२/१२ डिग्रीको अन्तरमा द्वितीया, तृतीया आदि तिथि हुने गर्दछन् । यसरी शुक्ल पक्षका तिथि वृद्धिसँगै आकाशमा चन्द्रमाको उज्यालो भाग पनि बढ्दै गएको प्रत्यक्ष देख्न सकिन्छ । यही क्रमले पूर्णिमाको दिन चन्द्रमा पूर्ण आकारमा देखिन्छ । यस्तो समयलाई शुक्ल पक्ष भनिन्छ । पूर्णिमा पश्चात् कृष्ण पक्षको आरम्भ हुन्छ । कृष्ण पक्षमा प्रतिपदाबाट क्रमशः चन्द्रमाको उज्यालोभाग घट्दै जान्छ र औंसीमा रात पूर्णतः अन्धकारमय हुन्छ । पूर्णिमा तिथिका दिन आकाशमा चन्द्रमाको पूर्ण आकृति देखिन्छ । यही पूर्ण चन्द्र आकृति देखिने भएकाले नै यस तिथिलाई पूर्णिमा भनिएको हो । यो शुक्ल पक्षको उत्कृष्ट दिन हो । पूर्णा तिथिअन्तर्गत पूर्णिमालाई लिइएको छ ।

वैशाख शुक्ल पूर्णिमाका दिन विशाखा नक्षत्र पर्ने भएकाले यही विशाखा नक्षत्रबाट वैशाख महिनाको नामकरण भएको हो । यसैगरी जेष्ठा नक्षत्रका दिन पूर्णिमा पर्ने महिनालाई ज्येष्ठ, पूर्वाषाढा नक्षत्रका दिन पूर्णिमा पर्ने महिनालाई आषाढ, श्रवण नक्षत्रका दिन पूर्णिमा पर्ने महिनालाई श्रावण, पूर्वाभाद्रपदा नक्षत्रका दिन पूर्णिमा पर्ने महिनालाई भाद्र, अश्विनी नक्षत्रका दिन पूर्णिमा पर्ने महिनाको नाम आश्विन, कृत्तिका नक्षत्रका दिन पूर्णिमा पर्ने महिनालाई कार्तिक, मृगशिरा नक्षत्रका दिन पूर्णिमा पर्ने महिनालाई मार्गशीर्ष, पुष्य नक्षत्रका दिन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्णिमा पर्ने महिनालाई पौष, मघा नक्षत्रका दिन पूर्णिमा पर्ने महिनालाई माघ, पूर्वाफाल्गुनी नक्षत्रका दिन पूर्णिमा पर्ने महिनालाई फाल्गुन, चित्रा नक्षत्रका दिन पूर्णिमा पर्ने महिनालाई चैत्र नाम निर्धारण गरिएको छ । पूर्णिमा तिथि महिना निर्धारण गर्ने महत्त्वपूर्ण दिन हो भन्ने कुरा ज्योतिषीय दृष्टिले पनि पुष्टि हुन्छ ।

वैशाख शुक्ल पूर्णिमाका दिन भगवान् गौतम बुद्धको जन्म भएको थियो । यो दिन बौद्ध धर्मावलम्बीहरूका निम्ति विशेष मानिन्छ । यसैगरी भगवान् गौतम बुद्धको महापरिनिर्वाण पनि पूर्णिमाकै दिन भएको हो । यसैगरी धान्य पूर्णिमा पनि यही वैशाख शुक्ल पूर्णिमाका दिन पर्ने गर्दछ । जुन किराँत संस्कृतिको महत्त्वपूर्ण दिन हो । किराँत उभौली साकेला पर्व यही वैशाख पूर्णिमाका दिन भव्यताका साथ मनाइने गर्दछ । यसैगरी कुल पूजा, देवाली जस्ता समुदाय विशेषका पर्व पनि यसै दिन पर्ने गर्दछन् । यसैगरी ज्येष्ठ शुक्ल पूर्णिमामा तिल दान गर्नाले अश्वमेध यज्ञ बराबरको फल प्राप्त हुने शास्त्रीय मान्यता रहेको छ । यस दिन पनौती स्नान, भैरव भद्रकाली इन्द्रेश्वर रथयात्रा, मष्ट पूर्णिमाका साथै ज्यापुन्हि, गैडूपूजा जस्ता धार्मिक सांस्कृतिक कार्य हुने गर्दछन् ।

यसैगरी आषाढ शुक्ल पूर्णिमालाई गुरुपूर्णिमा भनिन्छ । संसारमा ज्ञानको पवित्र ज्योति प्रदान गर्ने गुरु लगायत व्यासको पूजा यस दिनका आकर्षण हुन् । यसैगरी श्रावण शुक्ल पूर्णिमा ऋषितर्पणीको दिन हो । रक्षा बन्धनका साथै श्रावणी स्नान पनि यसै दिन गरिन्छ । सांस्कृतिक रूपमा पनि श्रावण शुक्ल पूर्णिमाको विशेष महत्त्व रहेको छ । यस दिन कुम्भेश्वर, गोासइकुण्ड, पशुपतिनाथमा मेला लाग्ने गर्दछ । यसैगरी भाद्र शुक्ल पूर्णिमामा पनि विभिन्न सांस्कृतिक जात्रा मेला पर्व पर्ने गर्दछन् ।

आश्विन शुक्ल पूर्णिमालाई कोजाग्रत पूर्णिमा भनिन्छ । यही दिनबाट आकाशदीप दान आरम्भ गरिन्छ । कोजाग्रत पूर्णिमाको व्रत बस्नाले घरमा लक्ष्मीको वास हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको छ । कार्तिक शुक्ल पूर्णिमामा गुरु नानक जयन्ती, त्रिवेणीस्नान, त्रिपुरोत्सव आदि पर्दछन् । मंसिर शुक्ल पूर्णिमालाई धान्यपूर्णिमा भनिन्छ । यो दिन किराँत समुदायको उभौली पर्व पर्दछ । विभिन्न जात्रा उत्सव र मेलाहरू पनि यसदिन हुने गर्दछन् । पौष शुक्ल पूर्णिमाबाट श्रीस्वस्थानी माताको व्रतकथाका साथै माघस्नान सुरुहुने गर्दछ । माघ शुक्ल पूर्णिमामा हनुमत् तीर्थका साथै त्रिवेणी मेला लाग्ने गर्दछ । यसैगरी यसै दिनबाट माघस्नानका साथै श्रीस्वस्थानी माताको व्रत समापन गरिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फाल्गुन शुक्ल पूर्णिमामा होली पर्व पर्छ भने चैत्र शुक्ल पूर्णिमामा हनुमान जयन्ती, बालाजु बाइसधारा मेला, लमजुङ युलुङ मेला पर्व पर्ने गर्दछन् ।

फागुपूर्णिमा

फाल्गुन शुक्लपक्षको पूर्णिमालाई फागुपूर्णिमा भनिन्छ । वसन्तऋतुको पूर्वसन्ध्यामा पर्ने भएकाले पनि यस पर्वलाई हर्षोल्लासपूर्वक मनाइन्छ । प्रकृतिको परिवर्तित संसारलाई स्वागत् गर्दै उत्साहमा रमाउने नेपाली चलन पनि निकै पुरानो रहेको छ । वसन्तोत्सवका साथै वसन्त श्रवण पनि यसै दिन हुने गर्दछ । होलीको पौराणिक प्रसङ्ग स्मरणीय छ । श्रीमद्भागवतको सप्तमस्कन्धमा वर्णित प्रह्लाद चरित्र नै होली मनाउने प्रमुख आधार हो । धर्मको जीत र अधर्मको हार भएको प्रसङ्ग होलीको आरम्भ बिन्दु हो ।

आफैंलाई भगवान् घोषणा गरेर दैत्यको अधिराज्य चलाउने अभिभारा भएकाले हिरण्यकशिपुमा विष्णु भगवान्प्रति द्वेषभाव थियो । त्यो राज्यमा कोही भगवान् वा ईश्वर भए केवल हिरण्यकशिपुमात्र हुने शिक्षा सबैलाई दिइन्थ्यो । अरु भगवान्को ध्यान उपासना एवं पूजा निषेधित थियो । समयक्रम बित्दै जाँदा आफ्नै कुलमा जन्मिएका छोरा प्रह्लादले हिरण्यकशिपुको देवत्व स्वीकार गरेनन् । उक्त दानवीय अहंकारलाई स्वीकार नगरेकाले प्रह्लादलाई निकै नै संझाउने बुझाउने यत्न गरियो । जतिसुकै दानवीय शिक्षा प्रदान गरे पनि जन्मजात भगवत्भक्तिले भरिपूर्ण प्रह्लादमा परिवर्तनका पालुवा पलाएनन् । फलस्वरूप आफ्नै पुत्रलाई पनि अनेकौं दण्ड एवं यातना दिन थालियो ।

भगवान्भक्त प्रह्लाद कत्तिपनि विचलित भएनन् । जतिसुकै यातनाका परीक्षामा पनि प्रह्लादको भगवद्भक्ति निश्चल रहन्छ । बरु उल्टै प्रह्लादले भगवान् विष्णुका लीला चरित्रगान गर्न सबैलाई अभिप्रेरित गर्न थाल्छन् । पछि हिरण्यकशिपुद्वारा प्रह्लादलाई बन्दी बनाइन्छ । र पनि विचारमा कुनै परिवर्तन आउँदैन । निकै यत्नहरू विफल भएपछि अन्ततः प्रह्लादलाई मृत्युदण्डको सजाय सुनाइन्छ । प्रह्लादलाई सो मृत्युदण्ड पनि सहज स्वीकार्य भयो तर हिरण्यकशिपुलाई ईश्वर मान्ने कुरा स्वीकार भएन । सारा प्रयास विफल भएपछि प्रह्लादलाई भीरबाट लडाइयो । अपट्टे भीरका टुप्पाबाट खसाएपछि बाँच्ने कुनै सम्भावना रहँदैन भनेर सबैले प्रह्लादको मृत्यु निश्चय गरे । तर प्रह्लाद उक्त भीरबाट खसाइदा पनि जीवित नै रहे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा उपाय प्रयोग गर्दा पनि प्रह्लादको अन्त्य हुन नसकेपछि हिरण्यकशिपुमा निकै चिन्तन मन्थन भयो । हिरण्यकशिपुकी छोरी अर्थात् प्रह्लादकी दिदी सिंहिकालाई अग्निमा नजल्ने वरदान मिलेको थियो । त्यही प्रयोग गरेर प्रह्लादलाई जलाउने दुष्कृत्यको आरम्भ गरियो । सिंहिकाले प्रह्लादलाई काखमा राखेर अग्निमा प्रवेश गरिन् । दुवै अग्निमा प्रविष्ट भए पनि अग्निका ज्वालाले सिंहिकालाई नै जलाउन थाल्यो, प्रह्लादलाई केही भएन । खाल्टो निकै ठूलो खनेको र त्यहाँबाट प्रह्लाद भाग्छन् भनेर निकै असजिलो बनाइएकाले सिंहिका त्यहीँ भस्म भई, प्रह्लादमा भगवत् कृपा भएकाले जस्ताको त्यस्तै रहे ।

यही पौराणिक आख्यानमा फागुपूर्णिमा अडिएको छ । असत्यरूपी सिंहका अग्निमा जलेकी र सत्यरूपी प्रह्लाद जीवित रहेको उत्सवस्वरूप यो पर्व मनाउन थालिएको हो । होलिकाको चिर दाह गरेर हाल पनि यो पर्व प्रतीकात्मक रूपमा मनाउने गरिन्छ । सत्यको विजय स्वरूप एक आपसमा रङ दलेर हर्षोल्लासको होली पर्व मनाउन थालिएको हो । होलीका तिनै सिंहिकाको अर्को नाम हो । आफ्नै भाइलाई मार्न उद्यत दिदीको कठोर हृदयको अन्त्य भएको उक्त घटना फाल्गुन पूर्णिमाकै दिन घटेकाले फागुन शुक्ल पूर्णिमालाई विशेष रूपमा मनाउन थालिएको हो । यही धार्मिक एवं ऐतिहासिक पृष्ठभूमीमा होली पर्व मनाइदै आइएको छ ।

जुनेली रातको महत्त्व यसै पनि साहित्यमा विशेष वर्णन भएको पाइन्छ । पूर्णिमाको चन्द्रमालाई उपमा बनाएर थुप्रै साहित्यिक कृतिहरू पनि रचना भएका छन् । यो रात सबैका लागि प्रिय हुने कुरा साहित्यशास्त्रमा उल्लेख पाइन्छ । विशेषतः प्रेमीकालाई चन्द्रमासँग दाँज्ने गरिन्छ । पूर्णिमाकी चन्द्रमा जस्तै उपमा दिएर थुप्रै कविता, गीत, गजल रचना भएका छन् । जसले साहित्यमा पनि पूर्णिमा तिथिलाई विशेष महत्त्वका साथ प्रयोग गरेको पाइन्छ ।

पूर्णिमाका दिन व्रत बस्नाले अनन्त पुण्य प्राप्त हुने कुरा धर्मशास्त्रमा व्यक्त पाइन्छ । ज्योतिष शास्त्रअनुसार चन्द्रजन्य दोष निवारणका लागि पनि पूर्णिमा तिथिमा चन्द्रमाको उपासना उपयुक्त हुन्छ । यसैगरी हजार चन्द्रमाको दर्शन गरेपछि पूर्णिमामा चौरासी पूजा गर्ने पद्धति पनि रहिआएको छ । अतः हरेक महिनाका पूर्णिमाको धार्मिक एवं सांस्कृतिक विशेष महिमा रहेको कुरा पुष्टि हुन आउँछ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड-२

संस्कार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षोडश संस्कार परिचय

सम् उपसर्गपूर्वक **कृञ्** धातुमा **घञ्** प्रत्यय लागेर संस्कार शब्द बन्दछ । जसको अर्थ शुद्ध वा चोखोपार्ने भन्ने हुन्छ । पुरुषार्थ (धर्म, अर्थ, काम र मोक्ष) प्राप्तिका लागि योग्य बनाउने कार्य विशेष नै संस्कार हो । यसले अन्तःकरणमा शुद्धि ल्याउँछ । संस्कारयुक्त भएकालाई संस्कृत भनिन्छ । संस्कारले शरीरलाई शुद्ध गर्दछ । जैमिनी सूत्रमा यज्ञ पवित्र पार्ने कार्य विशेषलाई संस्कार भनिएको छ । संस्कारलाई पूर्वजन्ममा आर्जित गुण भनेर पनि व्याख्या गरेको पाइन्छ । संस्कार दुई प्रकारका हुन्छन् : वासनारूप (संझनाको कारण हुने) र धर्माधर्मरूप (जाति, भोग र आयुका कारण हुने) । **'संस्क्रियतेऽनेन श्रौतेन कर्मणा स्मार्तेन वा पुरुष इति संस्कारः'** वेदोक्त कर्मबाट संस्कृत हुने शुद्ध पवित्र हुने कार्य नै संस्कार हो । संस्कारले बीज गर्भको दोष नाश गर्दछ *(मनुस्मृति, २।२७)* ।

वैदिकैः कर्मभिः पूज्यैर्निषेकादि द्विजन्मनाम् ।
कार्यः शरीरसंस्कारः पावनः प्रेत्य चेह च ॥ *(मनुस्मृति, ३।३६)*

यसैगरी शरीरलाई पवित्र पार्ने काम पनि संस्कारले गर्दछ ।

मीमांसा अनुसार **'योग्यतां चादधानाः क्रियाः संस्कारा उच्यन्ते'** अर्थात् कार्य गर्ने योग्यताको निर्माण गर्ने कार्य नै संस्कार हो । संस्कार दुई प्रकारका छन् : ब्राह्म र दैव । **'गर्भाधानादिः स्मार्तो ब्राह्म'** अर्थात् गर्भाधान आदि स्मृतिले बताएका कर्म ब्राह्मसंस्कारअन्तर्गत पर्दछन् । यसैगरी **'पाकयज्ञा हविर्यज्ञाः सौम्याश्च दैवः'** *(संस्कारदीपक)* देव यज्ञ, अग्निष्टोम, सोम यज्ञादि कार्य दैव संस्कारअन्तर्गत पर्दछन् ।

संस्कारबाट संस्कृत भएकालाई सही मान्छेको संज्ञा वेदले पनि प्रदान गरेको छ । जन्मदेखि आखिरसम्म सोह्रवटा मुख्य संस्कार हुनुपर्छ भन्ने पौरस्त्य मान्यताको आधारमा हाम्रो परम्परा चलिआएको छ । गौतम ऋषिले ब्राह्मणका चालिस संस्कार मानेका छन् । अङ्गिरा ऋषिले २५ संस्कार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनेका छन् । जातुकर्ण्य, मनु र व्यासले भने १६ संस्कारको व्याख्या गरेका छन् । पारस्करगृह्यसूत्रमा १३ संस्कार बताइएको छ । मीमांसा दर्शन र व्यासस्मृतिमा १६ संस्कार बताए पनि क्रममा भने भिन्नता रहेको पाइन्छ । गर्भाधानदेखि विद्यारम्भसम्मका संस्कारहरूलाई 'अन्तर्गर्भ'/गर्भसंस्कार भनिन्छ । यिनीहरूमा पहिला तीन संस्कारहरू गर्भाधान, पुंसवन र सीमन्तोन्नयन पर्दछन् । यसपछिका छ संस्कारहरूलाई 'वहिर्गर्भ' संस्कार भनिन्छ । गर्भ संस्कारलाई दोष मार्जक/शोधक संस्कार पनि भनिन्छ । यो कुनै पनि शिशुमा पूर्वजन्मबाट आएको धर्मकर्म सम्बन्धी दोष तथा गर्भमा आउने विकृतिलाई मार्जन गर्नका लागि गरिने संस्कार हो । पछिका छ वटा संस्कारहरूलाई गुणाधान संस्कार भनिन्छ ।

संस्कार मानिसमा सद्‌गुणको अभिवृद्धिका लागि गरिन्छ । संस्कार र क्रममा केही मतभिन्नता रहेको पाइन्छ । प्रायः गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडा, अक्षरारम्भ, कर्णवेद, उपनयन, वेदारम्भ, समावर्तन, केशान्त, विवाह र अन्त्यकर्म सोह्र संस्कारअन्तर्गत प्रचलनमा रहेका छन् ।

१. गर्भाधान संस्कार

उत्तम सन्तान प्राप्तिका लागि गरिने पहिलो संस्कार गर्भाधान हो । महिलाको ऋतुकालको चौथो वा पाँचौं दिनदेखि सोह्रौं दिनभित्र यो संस्कार गरिन्छ । पुत्र प्राप्तिको कामना भए रजश्वला भएदेखि सम (जोर) दिन र पुत्री प्राप्तिको कामना राख्नेले विसम (विजोर) दिनमा यो संस्कार गर्नु पर्दछ । एघारौं र तेह्रौं दिन *(मनुस्मृति, ३/४७)* औंसी, पूर्णिमा, अष्टमी र चतुर्दशी तिथिका साथै मूल र मघा नक्षत्रका दिन भने गर्भाधान संस्कार नगर्नू भनी बताइएको छ । पुरुषको वीर्य अधिक हुँदा विसम दिनमा पुत्र र स्त्रीको रज अधिक हुँदा समदिनमा पनि पुत्री उत्पन्न हुन सक्छन् । दुवैको वीर्य बराबर भए नपुंसक वा जुम्ल्याहा जन्म हुन्छ । अल्पवीर्य भए सन्तान हुँदैनन् *(मनुस्मृति, ३/४९)* ।

कसैले प्रत्येक सन्तान प्राप्तिका निम्ति यो संस्कार गर्नुपर्छ भनेका छन् । कतिपय विद्वानले प्रथम सन्तानका निम्ति मात्र गर्भाधान संस्कार आवश्यक ठान्दछन् । सद्‌विचार, सद्‌ज्ञान, सत्‌चिन्तन र राम्रा तश्वीरको दर्शनका साथ भएको सहवासले असल सन्तान जन्मन्छन् भन्ने शास्त्रीय मान्यताका आधारमा यो संस्कारको विधान गरिएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आभ्युदयिक श्राद्ध एवं मातृका पूजन पश्चात् वधूले बिहान स्नानपूर्वक मौन भई पूर्व फर्केर बस्नु पर्दछ । यसपछि पतिले वसेकी पत्नीलाई **ॐ पूषा भग ...** भन्ने मन्त्रले स्पर्श गर्दछन् । यसपछि दुवैजना पूर्व फर्की वरले वधूलाई **ॐ भर्गो देहि सिनीवालि...** भन्ने मन्त्र सुनाउनु पर्छ । यसपछि वधूको कानमा वरले **ॐ रेतो मूत्रं विजहाति..** भन्ने मन्त्रले रेतः श्रवण गराइन्छ । **ॐ यत्तेसुसीमे हृदयन्दि....** भन्ने मन्त्रले वधूको हृदयालम्भन पनि गर्नु पर्दछ । यस पश्चात् स्वच्छ मनले, प्रसन्न मुद्रामा कामातुर भई शुद्ध शैयामा सम्भोग गर्ने विधान यसअन्तर्गत रहेको छ ।

यदि गर्भ धारण नरहे उपवास वसी पुष्य नक्षत्रका दिन बेलुका विशेष प्रकारको सेतो फूलको जराको रस वधूको दाहिने नाकमा राख्नाले गर्भधारण रहन्छ भनी कर्मकाण्ड भास्करमा विधि बताइएको छ । गर्भाधान गर्दा निम्न मन्त्र उच्चारण गरिन्छ–

गर्भं धेहि सिनीवालि ! गर्भं धेहि पृथुष्टुके ।
गर्भं तावाश्विनौ देवावधत्तां पुष्करस्रजौ ॥ *(कर्मकाण्ड भास्कर, पृ. १९५)*

२. पुंसवन संस्कार

गर्भस्थ शिशुको बौद्धिक एवं मानसिक विकास हेतु गर्भ रहेको दोस्रो या तेस्रो महिनामा गरिने द्वितीय संस्कार पुंसवन हो । बच्चाको लिङ्ग छुट्िने बेलामा यो संस्कार गरिन्छ । यसअन्तर्गत गर्भिणीको नाकमा विशेष पदार्थ राख्ने वा सुँघाउने कार्य हुन्छ ।

पहिलो दिन वधू उपवास वसी भोलिपल्ट बरका पालुवा र कुशको जराको काँडा पानीमा पिसेर गर्भिणीको दाहिने नाकमा राख्ने गरिन्छ । यो कार्य पुष्य, पुनर्वसु, मृगशिरा, हस्ता, मूल, श्रवण नक्षत्रका दिन चन्द्र र तारा अनुकूल पारेर गर्नुपर्दछ । गोभिलीय र सौनक गृहसूत्रमा यज्ञ गर्ने विधान अनि वरको कोमल पात र गुर्जो मसिनो पिसेर कपडामा छानी गर्भिणीको दाया नाकमा सुघाउनु पर्ने कुरा पनि बताइएको छ ।

३. सीमन्तोन्नयन

यसको अर्थ सिउँदो देखाउने भन्ने हुन्छ । सिउँदो काड्ने रूपमा पनि यो संस्कार गरिन्छ । गर्भाधान भएको चौथो महिनामा यो संस्कार हुने गर्दछ । छैटौं वा आठौं महिनामा पनि गर्न सकिने निर्देश पारस्करगृह्यसूत्रमा पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस संस्कारअन्तर्गत गर्भिणीको पति वा आफन्तले सिउँदो कोरिदिने चलन रहेको छ ।

यस अवस्थामा बालकका अङ्ग प्रत्यङ्ग उत्पत्ति हुने गर्दछन् । यसैगरी चेतना र इच्छा पनि यही चार महिनाबाट उत्पत्ति हुने भएकाले यो संस्कार गरिएको हो । श्रीमद्भागवतमा नारदले भक्त प्रह्लादलाई यही समयमा उपदेश दिएको कथा प्रसङ्ग पाइन्छ । यस समयबाट गर्भिणीले राम्रा कुरा हेर्ने, पढ्ने र व्यवहार गर्नाले सन्तानमा पनि त्यही प्रवृत्ति रहन्छ ।

यस कार्यमा हवनादि कर्म पनि गरिन्छ । खिरको हवन विशेष हुने गर्दछ । हवनबाट बाँकी रहेको खीर गर्भिणीलाई खुवाउने चलन पनि छ । सिउँदो बनाउने पनि विशेष मन्त्र रहेका छन् । **भूर्विनयामि... स्वर्विनयामि** ...जस्ता मन्त्रले सिउँदो बनाउने वैदिक विधान रहेको छ ।

गर्भमा रहेको शिशुलाई राक्षसनीको भयबाट बचाउन यो संस्कार गरिने कुरा पारस्करगृह्यसूत्रमा यसरी बताइएको छ-

येनादितेः सीमानं नयति प्रजापति महते सौभगाय ।
येनाहस्मै सीमानां नयामि प्रजामस्यैजरदष्टिकं करोमि ॥ *(पारस्कगृह्यसूत्र)*

बालक दीर्घजीवि र स्वस्थ रहोस् भन्ने कामनाका साथ गरिने संस्कार विशेष सीमन्तोन्नयन हो । गर्भमा विकसित शिशुलाई सौभाग्य सम्पन्न बनाउनु यो संस्कारको अभिप्राय हो । सीमन्तोन्नयन संस्कार गर्भपात रोक्न, गर्भस्थ शिशु एवं आमाको रक्षार्थ पनि महत्त्वपूर्ण मानिएको छ । गर्भवती आमाको मन प्रसन्न, स्वस्थ शरीर तथा स्वच्छ मानसिकता भएमा गर्भस्थ शिशु पनि सोही अनुसार विकसित हुने वैज्ञानिक मान्यता पनि रहेको छ ।

४. जातकर्म

आमालाई प्रसव वेदना लागेपछि गरिने संस्कार विशेष जातकर्म हो । यो बच्चाको नालकाट्नु अघि नै गर्नुपर्छ-

प्राङ्नाभिवर्धनात् पुंसो जातकर्म विधीयते ।
मन्त्रवत् प्राशनं चास्य हिरण्यं मधुसर्पिषाम् ॥ *(मनुस्मृति, २।२९)* ।

यस संस्कारमा मन्त्रोच्चारणपूर्वक गर्भिणीलाई घ्यू, मह, सुन आदिको प्राशन गराइन्छ । यस कर्ममा पनि अग्निस्थापना विधिले हवन हुने गर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आमाको स्तनपान पनि यसै संस्कारबाट सुरु हुन्छ । सम्बद्ध मन्त्रोच्चारणपूर्वक बालकको आयु वृद्धिको कामना यस संस्कारमा गरिन्छ । यसमा आमाको दाहिने स्तन चुसाउने र बच्चाको कानमा वाक् (शब्दब्रह्म)को तीनपटक उच्चारण गरिन्छ । शिशु जन्मेपछि यज्ञ गर्ने अनि घ्यू र मह मिलाएर सुन, चाँदीको सलाकाले त्यो मिश्रण लिएर बालकको जिब्रोमा ॐ अक्षर लेखेर उसको दायाँ कानमा **"वेदोऽसीति"**- 'तिम्रो गुप्त नाम वेद हो' भनेर सुनाउनु पर्दछ । घ्यु र मह ६ पटक चटाउनु पर्दछ *(मनु. २/४)* प्रसुता स्त्रीको शिरतिर एउटा कलश पानीले भरेर १० रातसम्म राख्ने विधान पनि यसमा पाइन्छ । हाल नालकाट्ने र मह चाट्ने कार्यमै यो संस्कार सीमित रहेको छ ।

५. नामकरण

नामकरण संस्कार जन्मेको एघारौं दिनमा गरिन्छ । यसअन्तर्गत अग्निस्थापना विधिद्वारा हवन पूजनादि कर्म हुने गर्दछ । यस अवसरमा कनिका र सस्युँ मिश्रित चरूले शण्ड र अमर्कलाई जन्मदिनदेखि न्वारनका दिन सम्मको दिन संख्या बराबरका दरले हवन गर्नु पर्दछ । यससँगै पिपलका पातमा सुनका तारले ज्योतिषीय आधारबाट निस्किएको नक्षत्रको नाम ब्राह्मणद्वारा लेखिन्छ । यसरी नाम राख्दा महनिका देवताको नाम, कुल परम्पराको नाम, नक्षत्र अनुसार जुरेको नाम र माता पिताले राख्ने नाम सहित चार नाम उल्लेख गरी सम्पूर्ण देवी देवतालाई आह्वान सहित नामदेवताको पूजा हुने गर्दछ । यस पश्चात् बालकको दाहिने कानमा तीनपटक नाम सुनाउने चलन रहेको छ । यसरी नाम राख्दा छोराको जोर अक्षर घोष वर्णयुक्त र छोरीको विजोर अक्षर राख्नुपर्दछ *(पारस्करगृह्यसूत्र, १/१७/२-३)* । यसअन्तर्गत पनि अग्निस्थापना विधिले हवन पूजनकार्य हुने गर्दछन् ।

६. निष्क्रमण

निष्क्रमण संस्कार भनेको बालकलाई घर वाहिर निकाल्ने एक विधि हो । यो कर्म हाल प्रायः नामकरण संस्कारकै दिन गर्ने चलन रहेको छ । जसमा विशेष विधिपूर्वक सूर्यको पूजा अर्चना गरिन्छ । गाईको गोवरको एक विशेष कुण्ड बनाई उक्त कुण्डमा सूर्यलाई आह्वानपूर्वक अर्घ दिइन्छ । यस पश्चात् बालकलाई सूर्यको दर्शन गराइन्छ ।

भगवान् भाष्करको तेज र चन्द्रमाको शीतलताको अवगत गराई शिशुलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूर्यझैं तेजश्वी र चन्द्रमा झैं विनम्र बनाउने परिकल्पना गर्दै यस दिन देवी देवताहरूको दर्शन गराई दीर्घ एवं यशश्वी जीवनका लागि आशिर्वाद ग्रहण गराइन्छ ।

७. अन्नप्राशन

अन्नप्राशन भनेको बालकलाई अन्न खुवाउन आरम्भ गर्ने दिन हो । शुभ समय जुराएर अग्निस्थापना विधिद्वारा हवन पूजनादि कार्य गरी बालकलाई अन्न प्राशन गराइन्छ । यसरी अन्न प्राशन गराउँदा मिष्ठान्न खीर आदि खुवाउने चलन रहेको छ । घ्यु, दही, मह मिसाएको अन्न यज्ञमा आहुति दिनु पर्दछ र बचेको अन्न शिशुलाई खुवाउनु पर्दछ *(मनु, २/९)* । शुद्ध, सात्विक एवं पौष्टिक आहारले तन, मन स्वस्थ रहन्छ । स्वस्थ तनमा नै स्वस्थ मनको निवास हुन्छ । शुद्ध र सात्विक आहारले नै अन्तःकरण शुद्ध हुन्छ र मन, बुद्धि, आत्मा सबैलाई पोषण मिल्ने गर्दछ ।

अन्नप्राशनमा सौर महिना ग्राह्य हुन्छ । जन्मदेखि छोराको भए छ महिना र छोरीको भए पाँच महिनामा, २।३।५।७।१०।१३ तिथि, सोम, बुध, गुरु र शुक्रबार, अश्विनी, रोहिणी, मृगशिरा, पुनर्वसु, तिष्य, उत्तराफाल्गुनी, उत्तराषाढा, उत्तराभाद्रपदा, हस्ता, चित्रा, स्वाती, अनुराधा, अभिजित, श्रवण, धनिष्ठा, शतभिषा र रेवती नक्षत्रमा लग्नशुद्ध गराई अन्नप्राशन गराउनु शुभ मानिन्छ ।

८. कर्णवेध

कर्णवेध भनेको कान छेड्ने कार्य हो । चैत्र, पौष, क्षयतिथि, चतुर्मास, जन्ममास, सम वर्ष, चतुर्थी, नवमी, चतुर्दशी तिथि छोडी छ, सात आठ महिना वा जन्मदेखि १२/१६ दिनमा अश्विनी, हस्ता, तिष्य, चित्रा, मृगशिरा, पुष्य, अनुराधा, धनिष्ठा, श्रवण, अभिजित र रेवती नक्षत्रमा लग्न शुद्ध गराई कर्णवेध संस्कार गरिन्छ । छोराको भए दाहिने र छोरीको भए देब्रे कान पहिले छेडिन्छ । सोम, बुध, बिही र शुक्रबार कान छेड्नका निम्ति उत्तम रहन्छन् ।

कान हाम्रो श्रवणद्वार हो । सम्पूर्ण श्रुतिहरू कानबाट नै हाम्रो मस्तिष्कमा पुग्दछन् । कर्णवेध गर्नाले व्याधिहरूबाट सुरक्षित हुनुका साथै श्रवण शक्ति पनि बढ्छ । कतिपय धर्मशास्त्रकारले कर्णवेधलाई षोडश संस्कारअन्तर्गत राखेका छैनन् । पारस्करगृह्यसूत्रको परिशिष्टमा कर्णवेध संस्कार उल्लेख गरिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९. विद्यारम्भ

विद्यारम्भ भनेको अध्ययन आरम्भ गर्ने विशेष कर्म हो । बालक पाँच वर्षको भएपछि यो कार्य गरिन्छ । **'प्राप्तेऽथ पञ्चमे वर्षे विद्यारम्भं तु कारयेत्'** (संस्कार मयूखमा मार्कण्डेय ऋषिको वचन) । विद्यारम्भ संस्कारको विषयमा धर्माचार्यहरूको केही मतभिन्नता रहेको पाइन्छ । केही धर्माचार्यहरू विद्यारम्भ अन्नप्राशन पछि हुनुपर्छ भन्ने मान्यता राख्छन् त केही चूडाकर्म संस्कारपछि विद्यारम्भ हुनुपर्दछ भन्दछन् । वास्तवमा अन्नप्राशनको उमेरमा शिशुमा बोल्न वा केही सिक्नसक्ने गरी शारीरिक वा मानसिक विकास भएको हुँदैन । अतः यो संस्कार चूडाकर्मपछि गरे नै उपयुक्त हुने मान्यताले अग्रता पाएको देखिन्छ ।

प्राचीन समयमा जब गुरुकुलको परम्परा थियो उक्त समयमा गुरुकुलमा भर्ना गर्नुपूर्व घरमै मातापिता तथा गुरुजनबाट अक्षरबोध तथा मौखिक श्लोक, पौराणिक कथा आदिको अभ्यास गराइन्थ्यो जसबाट बालकलाई गुरुकुलमा सिक्न कठिनाइ हुँदैन थियो । **'सा विद्या या विमुक्तये'** अर्थात् विद्या नै त्यही चिज हो जसले मुक्ति दिलाउँछ । विद्या अथवा ज्ञान नै मनुष्यको आत्मिक उन्नतिको साधन हो *(संस्कार विज्ञान, पृ. ६२)* । शुभ मुहूर्तमा नै विद्यारम्भ संस्कार गरिनु पर्दछ । श्रीपञ्चमी विद्यारम्भ/अक्षरारम्भका निम्ति उत्तम दिन हो ।

गणेश, विष्णु, लक्ष्मी र सरस्वतीको पूजा गरी पाँच वर्षमा, सूर्य उत्तरायण भएको अवसर पारी, द्वितीया, तृतीया, पञ्चमी, षष्ठी, दशमी, एकादशी र द्वादशी तिथिमा अश्विनी, हस्ता, पुष्य, अभिजित, श्रवण, पुनर्वसु, चित्रा, अनुराधा नक्षत्र सहित सोम, बुध गुरु र शुक्रबार चरलग्न छाडी शुभ लग्न र शुभ नवमांशमा अक्षरारम्भ शुभ मानिएको छ ।

देवपूजन एवं हवनपश्चात् गणेशजी, सरस्वती तथा गुरुको प्रार्थना गरी गुरुका हातबाट बालकलाई स्वर वर्ण **अ आ इ ई** र व्यञ्जन वर्ण **क ख ग** आदि लेख्न लगाउनुपर्दछ । लेखनी, लेख्ने पाटीको पनि पूजा गरी विद्यारम्भ गराउने विधान संस्कार प्रकाशमा बताइएको छ ।

१०. चूडाकर्म

चूडाकर्मअन्तर्गत केश काट्ने कार्य हुन्छ । जसलाई छेवर पनि भनिन्छ । शिशुको बौद्धिक, मानसिक एवं शारीरिक विकासको कामनाले जन्मपछि पहिलो वा तेस्रो वर्षमा चूडाकर्म गरिन्छ । जन्मबाट तेस्रो वा पाँचौ वर्षमा छेवर गर्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राम्रो हो भनी आश्वालायन गृहसूत्रमा पनि बताइएको छ । शिशु नौ महिनासम्म गर्भमा रहँदा उत्पन्न केशमा अनेकौं किसिमका दूषित किटाणुहरू रहेका हुन्छन् र जन्मको समयमा उत्पन्न अपवित्र केशलाई हटाउने कार्य यस संस्कारअन्तर्गत हुने गर्दछ । उपनयन कर्म अघि यो संस्कार गरिन्छ ।

पूर्वाङ्गमा जूटिकाबन्धन हुन्छ । अग्निस्थापना विधिले देवी देवताको आह्वान पूजन एवं हवन गरी विधिवत् रूपमा चूडाको कार्य आरम्भ हुन्छ । जूटिकाको बन्धन खोलिन्छ, कुशले शिरलाई तीन भाग गरी प्रत्येक भागको केश जूटिकाको कुशसँगै काट्नुपर्ने विधान छ । यसरी शिरको मध्यमा गाईको खुर समान शिखा (टुप्पी) राखी काटिएको कपालललाई गाईको गोवरमा लपेटी पवित्र स्थलमा सेलाउनु पर्दछ ।

गर्भाधान वा जन्मदेखि ३।५।७ वर्षमा, चैत्र महिना, जन्म महिना र बार, ४।८।९।१२।१४।३० तिथि, पर्वदिन र जन्म बारलाई छाडी उत्तरायणमा सोम, बुध, गुरु र शुक्रवार, शुभ लग्नमा, लग्नदेखि अष्टमस्थान शुद्धगरी मृगशिरा, रेवती, चित्रा, स्वाती, पुनर्वसु, श्रवण, धनिष्ठा, शतभिषा, हस्ता, अश्विनी, तिष्य, अभिजित र ज्येष्ठा नक्षत्रमा चूडाकर्म शुभ मानिन्छ ।

११. उपनयन (व्रतबन्ध)

गुरुको समीपमा गई व्रतधारण गर्ने कार्यलाई उपनयन भनिन्छ । व्रतमा अनुबन्धित भई बस्नुपर्ने भएकाले यो संस्कारलाई व्रतबन्ध पनि भनिएको हो । वटुकलाई विधिपूर्वक मौन्जी (कन्धनी), कौपिन (लगौटी), मेखला (पहेलो वस्त्र), मृगचर्म, झोली, लट्ठी धारण ग्रहण पश्चात यज्ञोपवीत धारण गराइन्छ । यस अवसरमा गुरुद्वारा अनेकौं अनुशासनका पाठ सिकाइन्छ । मन्त्रदान गर्न योग्य भएपछि योग्य गुरुद्वारा उपयुक्त लग्न समयमा मन्त्रदान गरिन्छ । यसपछि भिक्षाटन, वेदारम्भ र समावर्तन गरी अष्टकलशले स्नान गराउने कार्य उपनयनमा पर्दछन् ।

जन्मदेखि आठौँ वा गर्भदेखि आठौँ वर्षमा उपनयन गर्नु भन्ने शास्त्रीय वचन पाइन्छ । उत्तरायणमा यो कर्म शुभ मानिन्छ । चैत्र महिनालाई व्रतबन्धका निम्ति उत्तम मानिएको छ । शुभ नक्षत्र, पर्वदिन, रिक्तातिथि छाडी, शुभबार लग्नशुद्धिपूर्वक व्रतबन्धको साइत निकालिन्छ । व्रतबन्धमा सर्वप्रथम बृहस्पति जुर्नु आवश्यक हुन्छ । आफ्नो राशिबाट चौथो, आठौ र बाह्रौँ बृहस्पति व्रतबन्ध संकारका निम्ति निषेधित छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२. वेदारम्भ

वेदारम्भ भनेको वेदको आरम्भ गर्ने संस्कार विशेष हो । यसअन्तर्गत वटुकलाई वेदको अध्यापन गराइन्छ । ब्राह्मणले यजुर्वेद अध्ययन गर्छन् भने क्षत्रियलाई धनुर्वेदको अध्यापन गराइन्छ । यो संस्कार ज्ञान आर्जनसँग सम्बन्धित छ । वेदको अर्थ हो ज्ञान । वेदारम्भको माध्यमबाट वटुकलाई आफूभित्र ज्ञान समाविष्ट गर्न सुरु गराइन्छ ।

पवित्र ज्ञानको गंगामा प्रवाहित गराउने कार्य यसअन्तर्गत हुने गर्दछ । अग्निस्थापना विधिद्वारा हवन पूजन पश्चात् वेदको समेत विशेष पूजा गरी वेद अध्ययन आरम्भ गरिन्छ । उपनयन संस्कार नगरी वेदारम्भको अधिकारी नहुने भएकाले उपनयन गरेकै दिन वेदारम्भ संस्कार पनि गर्ने चलन रहेको छ ।

१३. केशान्त

केशान्त १६ वर्ष पछि गरिने चूडाकर्म जस्तै संस्कार हो । यसमा पनि केश काटिन्छ । वेदारम्भदेखि पालेको केश विद्या अध्ययन पूरा भएपछि काट्ने चलन रहेको छ । जसलाई केशान्त भनिन्छ ।

केशान्तः षोडशे वर्षे चौलोक्तदिवसे शुभम् । *(मुहूर्त्तचिन्तामणि, ५।६०)*

सामान्यतः केशान्त १६ वर्षमा शुभ मानिएको छ । यसैगरी ब्राह्मणको १६ वर्षमा, क्षत्रियको २२ वर्ष र वैश्यको २४ वर्षमा केशान्त संस्कार गर्नुपर्ने मनुले बताएको कुरा मुहूर्त्तचिन्तामणि पीयूषधारा टीका *(पृ. २७३)* मा बताइएको छ । केशान्तमा दाह्री सहित केश काटिन्छ । दाह्री काट्न आरम्भ गर्ने समयको रूपमा पनि केशान्तलाई लिइएको छ ।

यसअन्तर्गत अग्निस्थापना विधिद्वारा हवन गरिन्छ । तीन ब्राह्मण भोजन गराई चूडा संस्कारको जस्तै विशेष संकल्प मन्त्रोच्चारण हुने गर्दछ । पानी सेचन गर्दा **'केशश्मश्रूवप'** भन्नु पर्दछ ।

वेद, पुराण एवं कर्मकाण्डमा पारंगत भएपछि ब्रम्हचारी शिष्यलाई समावर्तन संस्कारभन्दा पहिला केश मुण्डन गरी नुहाई केशान्त संस्कार शुभमुहूर्त्तमा गरिन्छ ।

१४. समावर्तन

वेदको अध्ययन गरिसकेपछि विधिपूर्वक अष्टकलशले स्नान गराएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समावर्तन संस्कार गरिन्छ । समावर्तन संस्कारमा शिष्यलाई समावर्तनका लागि सुगन्धित पदार्थ एवं औषधियुक्त आठवटा घडाको जलले स्नान गर्ने विधि छ । यो स्नान विशेष मन्त्रोच्चारणका साथ गरिन्छ । यसपछि उपनयनका समयमा धारण गरिएका मेखला र दण्डलाई छोड्ने चलन छ । हाल यो संस्कार एकैदिन समापन गरिन्छ ।

यो संस्कारपछि गुरु वा आचार्यहरूले शिष्यलाई विद्या स्नातकको उपाधि दिने गर्दछन् । उपाधि पाएपछि शिष्य सगौरव गृहस्थ आश्रममा प्रवेश गर्दछन् ।

समावर्तन कर्म आज दीक्षान्तमा परिणत भएको छ । शिक्षा प्राप्त गरिसकेपछि विद्यालय/विश्वविद्यालयले विदाइ दिने कार्यमा परिणत हुन पुगेको जस्तो देखिन्छ । यसरी विद्यालय विश्वविद्यालयले विधिअनुसार समावर्तन संस्कार नै भने गरेको पाइँदैन । अब विद्यालय र विश्वविद्यालयले दीक्षान्तमा यो विधि र संस्कार अवलम्बन गरे हाम्रो संस्कारको संरक्षण हुने देखिन्छ ।

१५. विवाह

गृहस्थाश्रममा प्रवेश गर्नका लागि गुण कर्म स्वभाव मिल्ने स्त्री र पुरुषको सम्बन्ध गाँस्ने संस्कार विशेष नै विवाह हो । यसरी विवाहका निम्ति २५ वर्ष पुगेको आफ्नो गोत्र भन्दा बाहिर र आमाको तर्फको ६ पिँढी बाहिरकी कन्या हुनुपर्दछ (मनु, ३ र ४-६२) । गृहस्थ धर्म र कार्यहरू पालन गर्दै सन्तानोत्पत्ति गर्नु अनि उचित शिक्षा दिक्षा दिएर सुयोग्य नागरिक तयार पार्नु यो संस्कारको उद्देश्य हो ।

विवाहमा शुक्रलाई विशेष अनुकूल बनाउनु पर्दछ । यसैगरी विवाह गर्ने कन्य र वरका जम्मा ३६ गुण मध्ये कम्तिमा १८ गुणको मिलान भएपछि मात्र विवाहका निम्ति योग्य मानिन्छ । यसैगरी नाडी, गण, वर्ण एवं ग्रहमैत्री मिलान पनि आवश्यक हुन्छ । विवाह उत्तरायणमा नै शुभ मानिन्छ । मंसिरमा सीताराम भगवान्‌को विवाह भएको आधार लिई विवाह गर्ने चलन रहेको छ । विवाहका निम्ति सौरमहिना नै ग्रह्य हुन्छन् । लग्न एवं नवमांश मिलान गरी शुभ नक्षत्र, बार र तिथिमा लग्नशुद्धिपूर्वक यो संस्कार गरिन्छ ।

विवाह संकारअन्तर्गत स्वयंवर, वाग्दान, पूर्वाङ्ग दीपकलश गणेशपूजनपूर्वक मातृका पूजन, आभ्युदयिक श्राद्ध गर्नुपर्दछ । यस पश्चात् वरलाई वरणी, कन्यादानका कर्म सकेर विवाहको मूल विधि सिन्दूरार्पणादि कार्य हुने गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वरले वधूलाई घर लगि भोलिपल्ट चतुर्थी कर्म गरेपछि विवाहको विधिवत् कार्य सम्पन्न हुने गर्दछ ।

१६. अन्त्येष्टि

अन्त्येष्टि संस्कार मानव जीवनको अन्तिम संस्कार हो । यसअन्तर्गत और्ध्वदेहिक कर्म पर्दछन् । अन्त्येष्टिकर्म देहान्तपश्चात् गरिन्छ । आत्माले शरीरलाई त्याग गरेपछि मृत देहको विधिवत् संस्कार गर्नुपर्दछ । जसलाई दाहसंस्कार भनिन्छ । श्मसान घटमा लगी आफ्ना पुत्रले चितामा दागबत्ती प्रदान गर्ने विधान छ । यसरी देहलाई जलाई अस्तु सेलाएपछि और्ध्वदेहिक कर्म हुन्छ । जुन वर्ष दिनसम्म चल्ने गर्दछ ।

दश दिनसम्म ढिकुरो उठाएर पिण्डदान दिइन्छ । छोराले क्रियाकर्म गर्नुपर्दछ । एघारौं दिनमा आद्यमासिक, आद्याब्दिक, मध्यम र उत्तम शोडषी श्राद्ध, वृसोत्सर्ग, नारायणवली, प्रेत घडा दान, शैया दान आदि कार्य हुने गर्दछन् । बाह्रौं दिनमा उक्त मृत व्यक्तिलाई पितृमा मिलान गर्ने कार्य हुन्छ । सपिण्ड गरी पितृ मिलान गरेपछि शुद्ध शान्ति र दानादि कर्म गरिन्छ । यस पश्चात् प्रत्येक महिना मासिक श्राद्ध गर्नु पर्दछ । वर्ष दिन पुगेपछि वार्षिक श्राद्ध दानादि कार्य गरिन्छ । यसरी पितृलोकमा प्राप्त भएका पितृलाई नित्य तर्पण दिने, वर्षदिनको एकोद्दिष्ट विधिद्वारा श्राद्ध गर्ने, पितृपक्षमा महालय श्राद्ध पुत्रादिले गर्नुपर्ने विधान रहेको छ ।

निष्कर्ष

जीवन पद्धतिलाई सरल, सहज र व्यवस्थित बनाउन संस्कारको विधान गरिएको हो । समयक्रम अनुसार परिवर्तन भए पनि शास्त्रीय मूल मर्मलाई शिरोपर गर्नु हाम्रो कर्तव्य हो । संस्कार हाम्रा संस्कृति पनि हुन् । जसले मानव जीवनलाई एक आपसमा अन्तर्घुलित बनाइरहेको हुन्छ । सुख-दुःख एक आपसमा साटासाट गरेर जीवन यापनलाई सरल र सहज बनाउन नै ऋषिमुनिले संस्कारको विधान गरेका हुन् । जुन कर्म गर्नाले यो लोकको भुक्तिका साथै परलोकको मुक्ति समेत प्राप्त हुने गर्दछ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

के हो त व्रतबन्ध ?

संस्कार र संस्कृतिमा हामी धनी छौं । सर्वप्रचनीन वैदिक वाङ्मयअन्तर्गतका सोह्र संस्कार मध्येको एक संस्कार विशेष व्रतबन्ध हो । यसलाई उपनयन पनि भनिन्छ । व्रत अर्थात् नियम आचरणमा अनुबन्धित हुनु भन्ने व्रतबन्धको अर्थ हुन्छ । नियम र आचरणमा चल्ने प्रण गर्ने कार्य यस संस्कारअन्तर्गत गरिन्छ । जसको आफ्नै विशिष्ट विधान रहेको छ । सामान्यतः गर्भ या जन्मको आठ वर्षमा व्रतबन्ध गर्नु उत्तम मानिन्छ ।

व्रतबन्ध नगरिकन विद्याभ्यासको अधिकारी नहुने भएकाले पनि वेद पढ्न व्रतबन्ध संस्कार अनिवार्य भएको हो । विभिन्न विधि, नियमका परिधिमा रही विद्याभ्यास गर्ने र सोही विद्याका आधारमा जीवन यापन गर्ने प्रक्रिया यसअन्तर्गत पर्दछ । अझ भनौ संस्कारमा संस्कृत हुने विधि विशेष नै व्रतबन्ध हो । व्रतबन्ध पश्चात् विभिन्न नियम र आचारको पालना गर्नु पर्दछ । गुरु आज्ञा मान्नु, सद् धर्म र सत् कार्यमा प्रवृत्त हुनु पनि व्रतबन्धको अर्थ हुन्छ । व्रतको अर्थ संकल्प पनि हुन्छ । व्रतबन्धमा पनि हरेक नियम र आचारको संकल्प गराइन्छ । जसको पालना पनि गर्नु पर्ने हुन्छ । दैनन्दिनी जीवनका यावत् विषवस्तुको ज्ञान व्रतबन्धमा प्रदान गरिन्छ ।

व्रतबन्धको उद्देश्य पवित्र छ । हरेक कार्यको नियम र आचारको पाठ यसअन्तर्गत पढाइने गर्दछ । चूडा, उपनयन, वेदारम्भ र समावर्तन यी चारवटा कर्मलाई हाल व्रतबन्ध विधिअन्तर्गत राखिएको छ । व्रतबन्धभन्दा पहिले चूडा गरिन्छ । यसअन्तर्गत वटुकको जूटिका बन्धनपूर्वक शिखा राखेर केश मुण्डन हुन्छ । केश मुण्डन पवित्रताको प्रतीक हो । यसैगरी शिरको केश त्याग गरेर व्रतको उपासना गर्न तत्पर हुने भएकाले यसले त्यागी हुने शिक्षा पनि दिन्छ । हामीले त्यागको भावना पनि राख्न सक्नुपर्दछ भन्ने शिक्षा चूडाकर्मले दिने गर्दछ । केश मुण्डनसँगै गाईको खुर बरावरको शिखा (टुप्पी) राख्नु पर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिखाको धार्मिक एवं वैज्ञानिक महत्त्व रहेको छ ।

यसपछि उपनयनको कार्य हुन्छ । अग्निस्थापना पूजनपूर्वक उपनयनको विधि गर्ने शास्त्रीय नियम छ । उपनयनको अर्थ नजिकमा ल्याउनु भन्ने हुन्छ । गुरुको सान्निध्यता यसअन्तर्गत प्राप्त गरिन्छ । उक्त कार्यपूर्व थुप्रै नियम आचार आदिको परिपालन गर्नुपर्ने हुन्छ । प्राचीन समयमा यो संस्कार गरेपछि बालक विद्या अध्ययनको निम्ति गुरुलाई सुम्पने गरिन्थ्यो । चेलालाई ज्ञानी, सभ्य र सुसंस्कृत बनाउने अभिभारा गुरुमा हुने गर्दथ्यो । उपनयनको आरम्भमा कौपिन धारण गर्ने, मृगचर्म लगाउने, दण्ड (लट्ठी) धारण गर्ने कार्य हुने गर्दछ । **कृष्णजिनं वै सुकृतस्य योनिः** *(यजुर्वेद)* कालो मृगको छाला पुण्यको जनक हो । मृगचर्मलाई शुद्ध मानिन्छ । जसमा बस्नाले साधकको कर्मेन्द्रिय शान्त रहन्छन् । आयुर्वेदका अनुसार मृगचर्ममा बस्ने मानिसहरूलाई गुदद्वार सम्बन्धी रोग हुँदैन । अतः व्रतबन्धन पछि ब्रह्मचर्यामा रही वेद अध्ययन जस्तो सात्विक कर्ममा प्रवृत्त बालकलाई सत्त्वगुणको उपार्जनमा सहयोगी हुने भएकाले पनि मृगचर्म धारणको विधान गरिएको हो । दण्ड धारण गर्नुको पनि तात्पर्य छ । भिक्षाटन गर्न निकै टाढा पुग्नुपर्ने भएकाले वन जङ्गलको बाटो हिंड्नुपर्छ । वन्यजन्तुबाट रक्षाका साथै अन्य यात्रामा समेत लौरो साहारा हुने भएकाले दण्ड ग्रहणको विधान गरिएको हो ।

उपनयन कर्मको आरम्भसँगै आधा यज्ञोपवीत धारण गरिन्छ । अरू आधा अष्टकलशको स्नान गरेर स्नातक भएपछि मात्र गुरुले लगाइदिने विधान छ । यज्ञोपवीत अर्थात् जनैमा ९६ सूत्रका तीन तीन गरी छवटा डोरा हुने गर्दछन् । जसको पनि शास्त्रीय विधान रहेको छ ।

चतुर्वेदेषु गायत्री चतुर्विंशतिकाक्षरी ।
तस्माच्चतुर्गुणं कृत्वा ब्रह्मतन्तुमुदीरयेत् ॥ *(शिष्टस्मृति)*

अर्थात् २४ अक्षरी गायत्री चार वेदमा व्यप्त छिन् । यिनै २४ अक्षरलाई चार वेदले गुणा गर्दा ९६ हुन आउँछ । त्यसकारण गायत्रीका उपासकले ९६ तन्तुको यज्ञोपवीत अर्थात् जनै धारण गर्नु पर्दछ । जनैलाई ब्रह्मसूत्र पनि भनिन्छ । ब्रह्मतत्त्व र वेदज्ञानको सूचना दिने भएकाले जनैलाई ब्रह्मसूत्र भनिएको हो । यसैगरी २५ तत्त्व, ३ गुण, १५ तिथि, ७ बार, २७ नक्षत्र, ४ वेद, ३ काल र १२ महिनालाई जोड्दा पनि ९६ हुन आउँछ । त्यसैले जनैमा व्याप्त ९६ सराको पनि विशिष्ट अर्थ रहेको पाउँन सकिन्छ । यसको अर्को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि तथ्य पाइन्छ । ९६ ले वेदमा व्याप्त कर्मकाण्डका असी हजार र ज्ञान काण्डका १६ हजार गरी जम्मा ९६ हजार मन्त्रहरूलाई समेत संकेत गर्दछ । तीन तीन सराका दुई ब्रह्म-ग्रन्थी बनाइएको हुन्छ । पहिला तीनवटाले देव, ऋषि र पितृऋणलाई द्योतन गर्दछन् भने अन्य तीन डोराले ब्रह्मचर्या, गृहस्थ र वानप्रस्थ आश्रमलाई बोध गराउँछन् ।

वटुकले सूर्य र अग्निलाई साक्षी राखी हृदय छोएर ब्रह्मचर्या पालन गर्ने वाचा गर्दछन् । सम्पूर्ण भौतिक वस्तुलाई त्यागी कठिन संघर्षपूर्ण ब्रह्मचर्या आश्रमको धर्म पालन गरी विद्या आर्जन गर्ने कार्यको प्रतिबद्धता यस क्रममा व्यक्त गर्नु पर्दछ । शुद्ध जलले स्नान गर्ने, मान्य जनको आज्ञा मान्ने, दिउसो नसुत्ने, गुरु आज्ञा मान्ने आदि अनेक प्रतिज्ञा पश्चात् मात्र गुरूले मन्त्रदान गर्ने विधान व्रतबन्ध संस्कारमा रहेको छ । मन्त्रग्रहणको पनि विशिष्ट विधान रहेको छ । मन्त्र ग्रहण गर्नुपूर्व आचमन, प्राणायाम, शिखाबन्धन आदिको पनि शिक्षा दिइन्छ । त्यसपछि वटुकले आचार्यबाट मन्त्र ग्रहण गर्दछन् । यसरी मन्त्र लिई सकेपछि गुरूको आज्ञा अनुसार भिक्षाटनमा हिंड्नु पर्दछ । भिक्षा मागेर ल्याएको वस्तु गुरूलाई अर्पण गर्नुपर्दछ । गुरूको आज्ञा अनुसार चल्नु नै व्रती हुनु हो । गुरूको सान्निध्यमा बसेर सत्त्वको उपासना गर्ने विधि विशेष नै उपनयनमा हुने गर्दछ । तेस्रो नयन अर्थात् ज्ञानको ज्योति फैलाउने संस्कारका रूपमा पनि उपनयनलाई लिइन्छ ।

उपनयन संस्कारपछि वेदारम्भको कार्य हुन्छ । यसअन्तर्गत गुरूको समीपमा वसी वेद अध्ययन गरिन्छ । वेद भनेको ज्ञान हो । जसअन्तर्गत कर्मकाण्ड र ज्ञान काण्ड रहेका छन् । कर्म र ज्ञान दुवैको शिक्षा वेद अध्ययन मार्फत् प्रदान गरिन्छ । जीवनमा के कस्ता कर्म गर्नुपर्छ ? के गर्नु हुन्छ र के गर्नु हुँदैन आदि विविध कर्म र ज्ञानका आयामको विस्तृत ज्ञान दिलाउने कार्य यसअन्तर्गत हुने गर्दछ । सार स्वर सहित हात हल्लाएर वेद पाठ गर्नु पर्ने शास्त्रीय विधान पनि रहेको छ ।

वेदारम्भ पछि समावर्तन संस्कार हुने गर्दछ । समावर्तन भनेको स्नातक हुनु हो । यसको पनि विशेष विधि रहेको छ । विशेषतः उपनयन पछि गुरूकुलमा बसी वेद पढेर वा व्रत गरेर अवधि समाप्त भएपछि गुरूको आज्ञा लिई स्नान गरिने स्नानप्रधान संस्कारलाई समावर्तन भनिन्छ । यसको अर्थ गुरूकुलबाट ज्ञान लिई घर फर्कनु हो । यसको प्रतीकात्मक विधान मात्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हालको पद्धतिमा गरिन्छ । प्राचीन समयमा वर्णाश्रम व्यवस्था एक बलियो जग थियो । जसअन्तर्गत सम्पूर्ण सामाजिक व्यवस्था सुनियोजित हुन्थे । आज विश्वविद्यालयमा हुने दीक्षान्त समारोह समावर्ततन संस्कारकै अनुकरण हो । समावर्तन पछि वटुकलाई गृहस्थाश्रमको अनुमति प्रदान गर्दै संयमको पाठ पनि पढाइन्छ । यस संस्कारअन्तर्गत गृहयज्ञ, अष्टकलशको जलले दीक्षान्त स्नान, वस्त्रालंकार धारण एवं दीक्षान्त उपदेश गरिन्छ । आठ कलशद्वारा जलाभिषेक यस संस्कारको मुख्य अङ्ग हो । वेद मन्त्रले अभिमन्त्रित जलमा आध्यात्मिक शक्ति पूर्ण भएकाले स्नातकलाई भावी जीवनमा शक्ति सम्पन्न बनाउन यस्तो विधि अपनाइन्छ ।

जन्मदै ब्रह्मण हुँने होइन । पुराणले पनि **'जन्मना जायते शूद्रः कर्मणा द्विज उच्यते'** *(स्कन्दपुराण, ६/२३९/३१)* भनेको छ । अर्थात् मान्छे जन्मिदा शूद्र हुन्छ । संस्कारबाट संस्कृत भएपछि मात्र द्विज अर्थात् ब्राह्मण हुन्छ । यसरी संस्कृत भएको व्यक्तिले नित्य स्नान, जप, यज्ञ एवं ब्रह्मकर्म गर्नु पर्दछ । गुरु प्रदत्त गायत्री मन्त्रमा शक्ति हुने भएकाले सन्ध्यामा उपासना गर्नु पर्दछ । सन्ध्यामा कम्तीमा पनि १०८ गायत्री जाप गर्नु पर्ने विधि रहेको छ । सत्य, अहिंसा, स्वकर्माभ्यास पनि व्रतबन्धका शिक्षा हुन् । प्राचीन कालको जस्तो व्यवस्था नभए पनि एउटा नियम र आचारमा हिँड्न सिकाउने एक वैज्ञानिक पद्धति नै व्रतबन्ध हो । जसअन्तर्गत चूडा, उपनयन, वेदारम्भ र समावर्तन संस्कार पर्दछन् । यसरी संस्कारबाट संस्कृत भएको व्यक्ति नै वर्णाश्रम व्यवस्थाका लागि अधिकारी हुने शास्त्रीय विधान रहेको छ । सर्वप्राचीन वैदिक पद्धति हाम्रा निधि हुन् । यस्ता गूढतम रहस्य ज्ञानको ज्योतिबाट हामी सबै प्रकाशित हुनु आवश्यक छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो विवाह पद्धति

विवाह एउटा नवीन जीवनको सुरुवात हो । संसारका हरेक मानव जाति वैवाहिक जीवनमा बाँधिएका हुन्छन् । जीवजन्तुमा त एक आपसमा प्रेम सम्बन्ध हुन्छ भने मानव प्राणीमा त नहुने कुरै भएन । यो जैविक आवश्यकता पनि हो । मानव सचेत प्राणी भएर नै विवाह विधिलाई विशेष बनाउँदै आइरहेको छ । हरेक कार्यका भिन्न-भिन्न विधि विधान हुन्छन् । एउटै कार्यका पनि स्थानीय चलन, रीति रिवाज, लोक परम्पराले आफ्नो पन दिइरहेका हुन्छन् । संसारका हरेक कुनामा हरेक कार्यका विधि र पद्धति भिन्न छन् । वेद सर्वप्राचीन ग्रन्थ भएकाले वैदिक पद्धतिलाई सर्व प्राचीन मानिन्छ ।

गृहस्थ आश्रम एवं पारिवारिक संरचनाको आधार विवाह भएकाले वैवाहिक जीवन व्यक्तिको महत्त्वपूर्ण अध्याय हो । मनुले विवाहलाई स्त्रीपुरुषको सम्बन्धलाई मर्यादामा राख्ने लोक कल्याणकारी प्रथा मानेका छन् । उनका मतमा विवाहको परिभाषा यस्तो छ : **लोकयात्रा नित्यं स्त्रीपुंसयोः शुभा** (मनु, ९।२५) । विवाह पारिवारिक स्थिरता, सांसारिक सुख र पारलौकिक कल्याणका लागि पनि आवश्यक मानिन्छ । यो सृष्टिको मूल कारण हो । सृष्टिकालदेखि निरन्तर चलिआएको स्त्री धारा र पुरुष धाराको संयोग हुनाले विवाह एउटा प्राकृतिक संस्कार पनि हो । जसको प्रक्रिया स्वभाविक रूपले सृष्टिको रूपमा फैलिएको छ । प्रकृति र पुरुषको संयोगबाट सृष्टि स्थिति रहेको कुरा सांख्य दर्शनले पनि बताएको छ । मानव, पशु पक्षी मात्र नभई वनस्पति जगत्मा पनि स्त्रीपुरुष संयोगको आवश्यकता पर्ने कुरा आजको विज्ञानले पनि पुष्टि गरिसकेको छ । अझ जड पदार्थमा पनि दुई फरक वस्तुको सयोगबाट कार्य हुने गर्दछ । जस्तै विजुली पनि धनात्मक र ऋणात्मक दुई तारको प्रवाहबाट वल्ने गर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैगरी चुम्बकीय आकर्षण र विकर्षण शक्ति पनि यसैका उदाहरण हुन् ।

स्त्रीत्व परमात्माको प्रकृति शक्ति हो भने पुरुष धारा पुरुष शक्ति हो । **प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि'** भन्ने वचन अनुसार यी दुवै शक्ति अनादि र स्वतन्त्र छन् । जसरी राधा पनि स्वयं भगवान् श्रीकृष्ण हुनुहुन्छ र कृष्ण पनि स्वयं नै । सृष्टि गर्ने संकल्प गर्दा स्वयं परमात्मा दुई भागमा विभक्त हुनु भएको हो ।

द्विधा कृत्वात्मनो देहमर्द्धेन पुरुषोऽभवत् ।
अर्द्धेन नारी तस्यांशो विराजमसृजत् प्रभुः ॥

अर्थात् स्वेच्छामय परमात्माको शरीर दुई भागमा विभक्त भई दायाँ अंश पुरुष र बायाँ अंशबाट स्त्री भएको कुरा देवी भागवतमा बनाइएको छ-

स्वेच्छामयः स्वेच्छयाऽयं द्विधा रूपो बभूव ह ।
स्त्रीरूपो वामभागांशो दक्षिणांशः पुमान् स्मृतः ॥ *(देवी भागवत)*

स्वतन्त्र रूपमा रहेका प्रकृति र पुरुष दुई शक्तिको परस्पर सहयोगबिना सृष्टिको कुनै कार्य सम्पन्न हुँदैन । परमात्मा पनि शक्तिबिना निष्क्रिय बन्छन् । परात्माको सौन्दर्य, ऐश्वर्य एवं माधुर्य आफ्नै शक्ति प्रकृतिको कारण हो । प्रकृतिको शक्तिबिना केही पनि गर्न सकिँदैन-

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥ *(गीता, ९।८)*

अतः ईश्वरको ईश्वरता उनकै शक्तिमा आश्रित छ ।

विवाहको मूल उद्देश्य स्त्रीधारालाई पुरुषधारामा मिलाएर सृष्टिको विस्तार गर्नु भन्ने हुन्छ । दुवै धाराको सम्मेलन नै सृष्टि विस्तारको कारण हो । प्राकृतिक प्रेरणाबाट हुने यस किसिमको सम्मेलनको परिणाम आजको विश्व हो । देवताको युगमा पनि विवाह भएका कथा पुराण पाउँन सकिन्छ । भगवान् विष्णुकी पत्नी लक्ष्मी, शिवकी सति/पार्वती, ब्रह्मा सावित्री आदि ।

विवाहको अर्थ विशेष किसिमले दायित्व वहन गर्नु हो । विवाहित स्त्री पुरुषका जीवनमा पारिवारिक, आर्थिक, धार्मिक, सामाजिक आदि दायित्व हुन्छन् । यिनै दायित्वमा बाँधिने कार्य विशेष नै विवाह हो । मनुले आठ प्रकारका विवाहको चर्चा गरेका छन् ।

ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथासुरः ।
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः ॥ *(मनु, ३।२१)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात् ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच गरी आठ प्रकारका विवाह हुने गर्दछन् । कन्यालाई वस्त्र अलङ्कारले सिँगारेर विद्वान्, शीलवान् वरलाई बोलाई कन्यादान गर्नु **ब्राह्म विवाह** हो । जसलाई विवाहको उत्कृष्ट पद्धति पनि मानिन्छ । यज्ञमा यज्ञकर्ता ऋत्विक्लाई अलंकार आदिले सजिसजाउ गरी कन्यादान गर्नु **दैव विवाह** हो । यो विवाह पद्धति पनि उपयुक्त मानिन्छ । यसैगरी यज्ञादि धर्म कार्यको लागि वरबाट एक अथवा एक जोडा गाई लिएर विधिपूर्वक कन्यादान गर्नु **आर्ष विवाह** हो । जुन ऋषि परम्परामा प्रचलित रहेको थियो ।

वरवधू मिलेर गृहस्थ धर्मको आचरण गर भनेर विधिवत् वरको पूजा गरी कन्या दिनु **प्राजापत्य विवाह** हो । स्वेच्छाले कन्या वा कन्याका कुटुम्बलाई धन दिएर गरिने विवाह **आसुर विवाह** हो । यस्तो विवाहलाई निन्दनीय मानिएको छ । केटा र केटीको परस्पर प्रेम भएर हुने संयोग **गान्धर्व विवाह** हो । दुष्यन्त र शकुन्तलाको गान्धर्व विवाह भएको थियो । आजको लभ म्यारिज पनि यही गान्धर्व विवाहमा पर्छ । यस्तो विवाहलाई पनि शास्त्रले उचित मानेको छैन । कन्या पक्षलाई कुटपीट गरी लुटेर कन्यालाई रूवाउँदै बलपूर्वक हरण गरी गरिने विवाहलाई **राक्षस विवाह** भनिन्छ जुन निन्द्य छ । यसैगरी निदाएको अवस्थामा स्त्रीत्व हरण गरी विवाह गर्नु **पैशाची विवाह** हो जसलाई पनि अधम विवाहको कोटीमा राखिएको छ । मनुले बताएका आठ विवाह मध्ये सुरुका चारवटालाई राम्रा स्तुत्य विवाह मानिएको छ भने अन्य चार विवाहलाई निन्दनीय मानिएको छ ।

वैदिक विवाह पद्धति आफूमै व्यवस्थित र वैज्ञानिक रहेको छ । पाश्चात्य विवाह पद्धति भन्दा पूर्वीय पद्धति विशिष्ट र जीवनोपयोगी सिद्ध भएको पाउँन सकिन्छ । पाश्चात्य विवाह पद्धति छोटो छ । चर्चमा गएर सपथ लिई औंठी लगाएपछि विवाहको मूल विधि सकिन्छ । तर हाम्रो वैदिक विवाह पद्धतिमा विवाहको मूल कार्यक्रम मात्र दिनभर लाग्छ । यसको पूर्वाङ्गदेखि उत्तराङ्गसम्मका दिन जोड्ने हो भने चार पाँच दिन लाग्ने गर्दछ । पाश्चात्य पद्धतिको तुलनामा पूर्वीय पद्धति थप विशेष र प्रक्रियाबद्ध पनि रहेको छ । विशेष गरी कोरियन्, जापानी, चिनिया विवाह पद्धतिहरू केही विस्तृत पाइन्छन् । वैदिक पद्धति जस्ता प्रक्रियाबद्ध भने कमै छन् । त्यसैले व्यवस्थित र प्रक्रियाबद्ध विधि भनेको वैदिक विवाह नै हो भन्न सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक विवाह पद्धतिअन्तर्गत सर्वप्रथम कन्या माग्ने कार्य हुन्छ । जसका लागि आफन्त मान्यजन सहित वर कन्याका घरमा जानु पर्दछ । गोत्र प्रवर, हाड नाता सवै केलाएर ज्योतिषीय दृष्टिले समेत उचित देखिएपछि वाग्दान विधि गरिन्छ । सपिण्डी भित्रमा, सगोत्रमा, प्रवर मिल्नेमा, मातृगोत्रमा, अत्रि र आत्रेयमा, कश्यप र काश्यप गोत्रमा गरिएको विवाहलाई शास्त्रप्रवर्तकहरूले अतिनिन्द्य मानेकाछन् । *(याज्ञवल्क्यस्मृति, १/५३/ निर्णयसिन्धु, पृ. ३८१, ३७३)* । वाग्दान भनेको वचनले कन्या दिनु हो । यसरी वाग्दानपूर्व कन्याले स्वयं वर रोज्न पाउने विधान पनि रहेको छ । स्वयंवर भनेको कन्याले आफ्नो वर आफै चुन्नु हो । हाल आएर यो पद्धति वाग्दान पश्चात् गर्ने चलन रहेको छ । उक्त अवसरमा औंठी लगाइन्छ । पाश्चात्य पद्धतिमा यही स्वयंवर मात्र हुने र अन्य विधि नगरिने भएकाले पनि वैदिक पद्धति उत्तम रहेको कुरा पुष्टि हुन आउँछ । यसरी वाग्दान र स्वयंवर पछि उचित दिन जुराइन्छ र विवाहको मूल कार्यक्रम सुरु हुने गर्दछ ।

विवाहको मूल कार्यक्रमअन्तर्गत जन्ती सहित वर कन्याको घरमा पुगेपछि वरणीको कार्यक्रम हुन्छ । वरणीमा कन्याका पिताले वरलाई विशेष विधानपूर्वक स्वागत गर्ने गर्दछन् । यसरी स्वागत गरिसकेपछि पादप्रक्षलन हुन्छ । पाद प्रक्षलनलाई हाम्रो भाषामा गोडाधुने भनिन्छ । यसरी गोडा धोइसकेपछि विवाहको मूल विधि प्रारम्भ हुन्छ । कान्यादान गर्ने पनि विशिष्ट विधान रहेको छ । यसअन्तर्गत वर र कन्या दुवै पक्षका तीन पुस्ते नाम उच्चारण गरिन्छ । कन्यादानलाई महादान पनि भनिन्छ । यसरी कन्यादान गर्दा विशेष महासङ्कल्को उच्चारण हुन्छ । कन्यादानलाई पाणीग्रहण पनि भनिन्छ । विधिपूर्वक कन्याको दाहिने हातको बुढी औंला वरको हातमा सुम्पिने कार्य पाणीग्रहणको हो । यसरी वरले कन्यालाई स्वीकारेपछि लग्नग्रन्थी अर्थात् लगन गाँठो बाँधिन्छ । यसै साथ लगनको मंगल स्वरूप पोते लगाइदिने पद्धति पनि रहेको छ । यो विवाहको मुख्य कार्य हो । यसपछि वरवधूले सँगै बसी देवताको पूजा हवन आदि कार्य गर्नु पर्दछ । शिलारोहण, सप्तपदि, अष्टपदी, सिन्दुरार्पण, मधुपर्क, शैलाजाहुति पश्चात् पूर्णपात्रादि कार्य गरिन्छ । यति सकेपछि उक्त दिनको विवाह कार्यक्रम सकिन्छ र वधूलाई लिएर जन्ती वरको घरमा फर्कने गर्दछन् । यसपछि चतुर्थी कर्म गरिन्छ । चतुर्थी पछि दुरान जाने र दुरान फर्काइसकेपछि विवाहको मूल कार्य सम्पन्न हुने गर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस पछि वर्ष दिनसम्म बधु माइत आवत जावत गरिरहने विधान पनि रहेको छ ।

ज्येष्ठे पतिज्येष्ठमथाधिके पतिं हन्त्यादिमे भर्तृगृहे वधूः शुचौ ।
श्वश्रूः सहस्ये श्वसुरं क्षये तनुं तातं मधौ तातगृहे विवाहतः ॥

(मुहूर्त्तचिन्तामणि, ७।३)

अर्थात् विवाह पश्चात् पहिलो जेठ महिनामा वधू पतिको घरमा नबस्नू । बसेको खण्डमा पतिको दाजुलाई हानि पुग्छ । यसैगरी पहिलो अधिमासमा पनि पतिको घरमा नबस्नु भनिएको छ । यदि वसिन्छ भने पतिलाई हानि पुग्छ । यसैगरी पहिलो आषाढ महिनामा पतिको घर बसे सासूलाई, पहिलो पौष महिनामा पतिको घर बसे ससुरालाई र पहिलो क्षयमासमा बसे पतिलाई हानि पुग्छ । यसैगरी पहिलो चैत महिनामा माइतमा नबस्नू भनी निर्देश गरिएको छ । वधूलाई पहिलोवर्ष अधिकतम समय माइतमा बिताउने प्रबन्धले घर र माइतीबीचको दूरीलाई नजिक बनाउनुका साथै वधूको मनोविज्ञानलाई समेत दृष्टिगत गरी शास्त्रले वैज्ञानिक व्यवस्थाको निरूपण गरेको पाइन्छ ।

विवाह जीवनलाई गति दिने कार्य हो । जीवनका यावत् पक्ष अनुभूत गर्दै सृष्टिलाई निरन्तरता दिनु विवाहको मुख्य ध्येय हो । यही उद्देश्य परिपूर्तिका निम्ति विवाह गरिन्छ । वेद आद्य ग्रन्थ भएकाले वैदिक विधि संसारमा सर्वप्राचीन र उत्कृष्ट पनि रहेको कुरा पुष्टि हुन आउँछ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्त्यकर्म संस्कार विमर्श

यो संसारमा जन्मलिएपछि मृत्यु अवश्यंभावी छ । मृत्यु संसारको नियति नै हो । जसको वरण अनिवार्य रहन्छ । **जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ॥** *(गीता, २।२७)* यसैगरी जसको मृत्यु हुन्छ उसको जन्म पनि निश्चित रहेको छ । अतः यो संसारी चक्र हो । जो निरन्तर घुमिरहन्छ । यस्तै चक्रमा चल्दा मृत्युको पनि वरण गर्नुपर्दछ । यसरी मृत्युपश्चात् सही संस्कार हुन सकेन भने गति नमिल्ने भएकाले सद् गतिका निम्ति अन्त्यकर्म संस्कारको विधान गरिएको हो । यसरी मृत्यु पश्चात् कसरी देहको संस्कार गर्ने र के गर्दा मृतकको सद्गति हुन्छ भन्ने अनुसन्धान गरी ऋषिमुनिले अन्त्य संस्कारको विधान गरेका छन् । सोही संस्कारको चर्चा यहाँ गरिन्छ ।

देहान्त्य अवस्थामा के गर्ने ?

मरणासन्न बिरामी अगाडि शालग्राम शीला राखेर **ॐ नमो भगवते वासुदेवाय** अथवा **ॐ नमः शिवाय** मन्त्रले पूजा गरी विष्णु मन्त्र अथवा शिवमन्त्र जप गर्नुपर्दछ । जप गर्न असमर्थ भए हृदयमा नारायण अथवा शिवको भावना ध्यान गर्दा पनि हुन्छ । विष्णुसहस्रनाम, श्रीमद्भागवत, रामायण, गीता आदिका पवित्र श्लोकहरू यथा सम्भव श्रवण गराउनु पर्छ । तीर्थ वा गोवरले लिपिएको शुद्ध भूमि, तुलसीको मठनजिक कुशमाथि पूर्व वा उत्तर अथवा छोराको काखमा शिर गराई बिरामीलाई सुताउनुपर्छ । त्यसपछि गंगाजलले सेचन गरी रूद्राक्ष आदिका पवित्र माला, श्रीखण्डचन्दन, शरीरमा लगाइदिनु पर्दछ । विरामीको मुखमा सुनको टुक्रा, तुलसीपत्र, राखिदिनु पनि उत्तम हुन्छ । विरामीले पनि एकाग्र चित्त भई ब्राह्मणद्वारा वाचन गरिने विष्णु सहस्रनाम आदि सुनी हरिको ध्यान गरी स्त्री, पुत्र, घर, धन र शरीर आदिको ममता त्याग गरी रामनाम जप्दै प्राणत्याग गर्नु पर्छ । स्वयं बिरामी यी कुरा गर्न असमर्थ रहेमा बिरामीले सुन्ने गरी अरूले सुनाउनु पर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देहत्याग पछि के गर्ने ?

मरणपछि छोराहरूले अथवा क्रियाकर्ताले शिर खुला राखी शुद्ध काठ वा बाँसको खट अथवा पालकीमा फूलमाला र नयाँ वस्त्र आदिले अलंकृत गराई शवलाई राख्नुपर्दछ । शवको छातीमा माना चामल र पैसाको पोको बाँधेर राखिदिनुपर्छ । एकोहोरो शङ्ख फुकी मृत्युस्थानमा **शव** नामको र द्वार(ढोका)मा **पान्थ** नामका एक एक पिण्डदानपूर्वक पुत्रादिले घाटतर्फ निम्न श्लोक पढ्दै शवयात्रा गराउनुपर्छ-

अहरहर्नयमानो गामश्वं पुरुषं पशुम् ।

वैवस्वतो न तृप्येत सुराप इति दुर्मतिः ॥ *(अन्त्यकर्मपद्धति, पृ. ४५)*

अपेत... इत्यादि यमगाथा पढ्दै अथवा **रामा नाम सत्य हो** भन्दै पनि शव यात्रा गर्न सकिन्छ । चउर वा खुला ठाउँमा पुगेर **खेचर** नामको अर्को पिण्ड दिनु पर्दछ । वरपिपलको चौतारी वा विश्राम गर्ने स्थानमा पुगी **भूत** नामक अर्को चौथो पिण्ड दिइन्छ । यसैगरी दाउरा खोज्ने ठाउँमा **प्रेत** नामक र चितास्थानमा **साधक** नामको पिण्ड दिनुपर्दछ ।

कर्ताले स्नान गरी शुद्धवस्त्र धारण गरेर पवित्र ठाउँमा चिता बनाई चितामाथि कुश विछ्याइन्छ । यसपछि शवलाई स्नान गराई घ्यू वा तिलको तेल, अमलाको चूर्ण आदि लेपन गरेर तीर्थस्थल अथवा तीर्थको आह्वान गरेको जलले पुनः स्नान गराउनु पर्छ । तीर्थ भन्दा अन्यत्र शव स्नान गराउँदा **गयादीनि च तीर्थानि ये च पुण्यशिलोच्चयाः ....** श्लोकहरूले जललाई अभिमन्त्रित गरी स्नान गराउनु पर्छ ।

यसपछि नयाँ वस्त्र, गोपी चन्दन, जनै, तुलसीमाला, श्रीखण्ड, कपुर, कस्तुरी आदि सुगन्धित द्रव्यले शवलाई अलङ्कृत बनाउनुपर्छ । शवको मुख, आँखा, नाक र कानका सातवटै छिद्रमा सुनका टुक्रा वा घ्यूका थोपा राखिदिनुपर्छ । यसपछि उत्तर शिर उत्तानो बनाई शवलाई चितामा राख्नुपर्दछ *(अन्त्यकर्मश्राद्धप्रकाश, पृ. ९५)* । **'ततो नीत्वा श्मशानेषु स्थापयेदुत्तरामुखम्'** *(गरूडपुराण)* भनी उत्तरमुख राख्न गरूडपुराणले निर्देश गरेको छ । **'सामेतरेषामुत्तरशिरस्त्वम्'** *(अन्त्यकर्मश्राद्धप्रकाश, पृ. ९५ श्राद्धतत्त्वको वचन)* अर्थात् सामवेदानुयायी बाहेकले उत्तर शिर बनाई शव राख्नुपर्दछ । कात्यायनका वचनानुयायीले भने दक्षिण शिर उत्तानो पारेर राख्नुपर्दछ । पुरुष शवलाई उत्तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिर र अधोमुख, स्त्री भए उत्तर शिर र उत्तानो गराई चितामा राख्नुपर्छ भन्ने मत पनि पाइन्छ ।

अधोमुखो दक्षिणदिक्चरणस्तु पुमानिति ।

उत्तानदेहा नारी तु सपिण्डेरपि बन्धुभिः ॥ *(ब्रह्मपुराण)*

यसपछि बत्ती बाली चितालाई तीनपटक परिक्रमा गरी शिरमा दागबत्ती दिनुपर्छ । त्यसपछि सव्य भई दक्षिणतिर फर्की घ्यूको धारो लगाउनुपर्छ । प्रदक्षिणा गर्दै एक एक पटक गरी सातवटा समिधा चितामा राखिदिने विधान छ । यसरी दागबत्ती दिँदा अग्निको नाम **क्रव्याद** हुने भएकाले **'क्रव्यादाग्नये नमः'** भनी अग्निको पूजा गर्नुपर्दछ । नाङ्गै जलाउनु हुँदैन यसैगरी जलाएर निःशेष पनि पार्नु हुँदैन । **निःशेषस्तु न दग्धव्यः** *(अन्त्यकर्मपद्धतिः)* भनिएको छ ।

पञ्चक दाह विधि

पञ्चक (धनिष्ठा, शतभिषा, पूर्वाभाद्रपदा, उत्तराभाद्रपदा र रेवती नक्षत्रका दिन)मा देहान्त भए पाँचवटा कुशका प्रतिमा बनाई शवदाह गर्नुपर्दछ । पाँचवटै प्रतिमामा क्रमशः प्रेतको आवाहनपूर्वक पूजा गर्नुपर्दछ । **१. प्रेतवाहाय नमः । २. प्रेतसखाय नमः । ३. प्रेतपाय नमः । ४. प्रेतभूमिपाय नमः । ५. प्रेतहन्त्रे नमः ।** भनी आवाहनपूर्वक पूजा गरी पहिलो प्रतिमा प्रेतको शिरमा, दोस्रो आँखामा, तेस्रो वायाँ कोखमा, चौथो नाइटोमा, पाँचौ प्रतिमा खुट्टामा राखी **यमाय सोमं मधुमत्त येषां ते नो गावः**...भन्ने मन्त्रले घ्यूको आहूति दिई जलधारा गरेपछिमात्र दागवत्ति दिनुपर्दछ ।

द्विपुष्कर दाह विधि

द्विपुष्कर योगमा (भद्रा तिथि २, ७ र १२, आइत, मंगल र शनिबार मृगशिरा, धनिष्ठा र चित्रा नक्षत्रको योग भएको समयमा) मृत्यु भए कुशका दुई पुत्तला बनाई संकल्पपूर्वक चन्दन, अक्षता र पुष्पले पुत्तला पूजा गरिन्छ । उक्त कुशका पुत्तला एउटा मृतकको शिरमा र अर्को आँखामा राखिदिनुपर्छ । यसपछि पुत्तलामा घ्यूको आहुति (धारा) **वह वपां जातवेद......** *(यजुर्वेद, ३५/२०)* मन्त्रले दिइन्छ । यसपछि जलधारा समेत दिएर मात्र दागबत्तीको काम गर्नुपर्दछ ।

त्रिपुष्कर दाह विधि

त्रिपुष्कर योगमा (भद्रा तिथि २, ७ र १२, आइत, मंगल र शनिबार, कृत्तिका, पुनर्वसु, उत्तरफाल्गुनी, विशाखा, उत्तराषाढा र पूर्वाभाद्रपदा नक्षत्रको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योग भएको समयमा) मृत्युभए कुशका तीन पुत्तला बनाई संकल्पपूर्वक चन्दन, अक्षता र पुष्पले पूजा गरी उक्त कुशका पुत्तला मध्ये पहिलो मृतकको शिरमा, दोस्रो आँखामा र तेस्रो मृतकको वायाँ कोखमा राखिदिनुपर्छ । पुत्तलामा घ्यूको आहुति (धारा) दिएर जलधारा समेत गरेपछि मात्र दागबत्ती दिनु पर्दछ ।

रजस्वला र सुत्केरी दाह विधि

रजस्वला भएकी स्त्रीको मृत्यु भएमा रजस्वला भएको तीनरात पुगेपछि मात्र स्नान गराई दाहसंस्कार गर्नु पर्दछ । तीन रात नपुग्दै जलाउनुपर्ने स्थितिमा लाशलाई दाहस्थलमा पुऱ्याई चोखो जलले स्नान गराई पुनः पञ्चगव्यले स्नान गराउनु पर्छ । उक्त स्नान गराउँदा यजुर्वेदका १३ वटा मन्त्र पाठ गर्नुपर्दछ । त्यसपछि नयाँ शुद्ध वस्त्र ओढाई दाह संस्कार गर्नुपर्दछ । सुत्केरी स्त्री को मृत्यु भएमा पनि रजस्वला मरणको जस्तै पञ्चगव्यले स्नान गराई दाह संस्कार गर्नुपर्दछ ।

गर्भिणी दाह विधि

गर्भिणी स्त्रीको मरण भए लास दाहस्थलको नजिक लगी दक्षिण शिर गरेर राखी मन्त्र उच्चारणपूर्वक पञ्चगव्यलेस्नान गर्नु पर्दछ । यसपछि **हिरण्यगर्भः समवर्तताग्रे...** मन्त्र पढ्दै सुनको चक्कुले (मृतकको पतिले) दाहिने कोख चिरी बालक निकाल्नु पर्दछ । बालक जीवित रहे **जीवत्वं मम पुत्रक...**मन्त्र उच्चारण गर्दै स्नान गराई बालकलाई घर पठाउनु पर्दछ । निष्प्राण रहेछ भने चितास्थानदेखि केही पर शुद्ध भूमिमा गाडिदिनुपर्छ । यसपछि चिरिएको पेट सिलाएर घ्यू लेपन गरी **आपो हिष्ठा मयोभुवस्ता नऽऊर्जे दधातन । महे ...** मन्त्र पढ्दै स्नान गराउनुपर्छ । यसपछि दाहसंस्कारका अन्य कार्य गरिन्छ । गर्भिणी मरण पापको प्रायश्चित्त पतिले गर्नु पर्दछ ।

शव आधा जलिसकेपछि आचमन गरी अपसव्य भई घ्यूमा भिजाएका समिधा **अस्मात्त्वमधिजातोऽसि ...** मन्त्र भन्दै राख्नुपर्दछ । परेवा बराबरको शेष भागलाई नयाँ वस्त्रले बेरी **क्रव्यादाय नमः** भनी जलमा बगाइदिनुपर्छ । अस्थि सञ्चयन विधिले श्राद्धादि गरेर माटोमुनि गाड्न पनि सकिन्छ ।

यसपछि चितास्थानलाई शुद्ध बनाई कर्ताले केश केटेर स्नान गरी पिण्डदान गर्नुपर्दछ । पिण्ड जौको पीठो वा चामल, कुश, तिल र जलसहितको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मध्ये एक प्रयोग गर्न सकिन्छ । अन्तिममा *(तिलतोयाञ्जली)* तिलजल दान पनि गर्नुपर्दछ ।

दशदिन सम्म के के गरिन्छ ?

क्रियाकर्ताले पहिलो दिनको साँझ कर्ता सुत्ने ठाउँको नजिक सप्तधान्यमाथि जलले भरिएको कलश राखी त्यसमा तिलको तेल अथवा घ्यूको वर्तनसहित दशदिनसम्म अहर्निश बत्ती बाल्नु पर्छ ।

कर्ता कुवा वा तलाउको नजिक गई पवित्र भूमिमा सेतो माटो (कमेरो) ले दक्षिणतिर केही भिरालो भएको वेदी (ढिकुरो) बनाएर गोवरले लिप्नुपर्दछ । ईशानतर्फ पकाउने चुलो पनि बनाउनुपर्छ । पिण्डदानका सबै सामग्री तयार गरी **अपसव्य** भएर वस्त्र सहित सङ्कल्पूर्वक दक्षिण फर्केर स्नान गर्नुपर्दछ । स्नान पश्चात् तिलकुशसहित अञ्जुलीमा जल लिएर दक्षिण फर्की एउटा ढुङ्गामा अर्पण गर्नुपर्छ । दशदिसम्म दिनदिनै पिण्डदान पछि जल दिनका निम्ति एउटा सानो माटाको भाँडो (भुड्को, फेदमा सानो प्वाल पारेको) पिपल आदि पवित्र रूखको हाँगामा झुण्ड्याएर राख्नुपर्छ ।

स्नान पछि पिण्डदिने ठाउँमा गई सव्य भई चामल तीन पटक पखाली शुद्ध भाँडोमा पिण्ड पकाइन्छ । यसपछि दक्षिणतर्फ फर्की बत्ती बाली पूजा गर्नुपर्दछ । अपसव्य भई तिल, घ्यू, मह मिलाएर पिण्ड तयार गरी माटाको भाँडा अथवा पातमा पिण्ड राखी वेदीमाथि कुश बिछ्याइन्छ । प्रतिज्ञा सङ्कल्पपूर्वक कर्ताले क्रमशः अवनेजन, पिण्डदान, प्रत्यवनेजन, पिण्डपूजा, तिलतोयाञ्जलि, पुटपात्र (तील र जलसहिताको दुना) दान गर्नुपर्दछ ।

पहिलो दिनको पिण्ड **रौरवनामनरकोत्तारणाय मूर्धावयवसंभूत्यै** भनी दान गर्नुपर्दछ । जसले रौरव नामको नरक तार्नुका साथै एउटा छुट्टै सूक्ष्म शरीरको मूर्धा अवयव निर्माणमा सहयोग पुऱ्याउँछ । यसपछि एउटा दुध राखेको र अर्को पानी राखेको पुटक (खोचा) लिएर सङ्कल्पपूर्वक त्रिकाष्ठीमा राख्नुपर्दछ । (त्रिकाष्ठी तीनवटा तितेपाती वा फूलका डाँठ जोडेर बनाइन्छ) । यसपछि तीलसहितको घडा संकल्पपूर्वक दान, पिण्डपूजन, दक्षिणा (फलामको सिक्का) चढाइन्छ । सम्पूर्ण पिण्डको पूजा भएपछि पिण्ड उठाएर सेलाई ढिकुरो लिप्नु पर्दछ ।

सोपश्चात् भोजन गर्ने समयमा कर्ताले अपसव्य भई पुटक (खोचो) या पातमा घ्यूसहित जल राखी **काकोऽसि..** भनी वलि दिनुपर्दछ । सो पश्चात् सव्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भई नुन रहित घ्यूचिनी सहितको भोजन गर्ने विधान छ । साँझमा गोवरले लिपेको आँगनमा वा अन्यत्र तिनवटा खोचामा क्रमशः बत्ती, पानी र फूल राखेर **अपसव्य** भई संकल्पपूर्वक दीप, पानी र फूल त्रिकाष्ठिकामा चढाउनु पर्दछ। यो क्रम दशदिनसम्म चल्छ ।

दोस्रो दिन पहिलो दिनको जस्तै कार्य गरिन्छ । संकल्पमा **जातिपुष्करनामनरकोत्तारणाय कर्णाक्षिनासिकावयवसंभूत्यै** भन्नु पर्दछ । जसले जातिपुष्प नामको नरक तार्नुका साथै छुट्टै सूक्ष्म शरीरको कान, आँखा, नाक निर्माणमा मद्दत गर्दछ । तिलतोयाञ्जली (दुनामा तिल जल दान) भने प्रत्येक दिन एक एक बढाउँदै दिनुपर्दछ । पहिलो दिन एउटा, दोस्रो दिन दुईवटा, तेस्रो दिन तीनवटा एवं क्रमले दान गर्नुपर्दछ । यसरी गरिएका पिण्डदानादि कर्मले नरकको तारणका साथै एउटा छुट्टै सूक्ष्म शरीर निर्माण हुन्छ । पूर्ण शरीर बन्न दश दिन लाग्ने भएकाले प्रत्येक दिन पिण्डदानको व्यवस्था गरिएको हो । दशदिनमा शरीर सम्पूर्ण अंगले सहितको भई पितृलोकको यात्राका निम्ति अघिबढ्दछ । यदि यस्तो नगरिएको खण्डमा मृतकको गति हुँदैन र वायुरूपी प्रेतका रूपमा यही लोकमा भड्किइरहन्छ भनी गरूडपुराणमा उल्लेख गरिएको छ ।

तेस्रो दिन **हाहाकारनामनरकोत्तारणाय गलांसभुजवक्षोऽवयवसंभूत्यै** भनी संकल्प उच्चारण गरिन्छ र तीनवटा दुनामा तील जल दान गरिन्छ । जसले हाहाकार नामक नरक तार्नुका साथै सूक्ष्म शरीरको गला, हात, छाती निर्माण गर्दछ। यसैगरी चौथो दिन **तामिस्रनामनरकोत्तारणाय हृदयनाभिवस्तिलिङ्गगुदावयवसंभूत्यै** भन्नु पर्दछ जसले तामिस्र नामको नरक तार्नुका साथै सूक्ष्म शरीरको हृदय, नाइटो, वस्ति, लिङ्ग, गुदद्वार निर्माण हुन्छ । यसैगरी पाँचौं दिन **अन्धतामिस्रनामनरकोत्तारणाय स्फिगूरूजानुजङ्घापादावयवसंभूत्यै** भनी संकल्प गरिन्छ । जसले अन्धतामिस्र नामको नरक तार्नुका साथै कम्मरदेखि मुनिका अङ्ग तिघ्रा, घुँडा, पाउ आदि निर्माण हुन्छ । यसैदिनबाट नवौ दिनसम्म गरूडपुराणको प्रेतकल्प पाठ एवं श्रवण पनि गरिन्छ ।

छैटौं दिन **जातिसंस्रव (सम्भ्रम)नामनरकोत्तारणाय सर्वमर्मसंभूत्यै** भन्नुपर्दछ जसले जातिसंस्रव नामको नरक तार्नुका साथै एक प्रकारको प्राण जगाउँछ। सातौं दिन **अमेध्यकृमि (सम्पूर्ण)नामनरकोत्तारणाय सर्वनाडी (अस्थिमज्जाशिरावयव)संभूत्यै** भनिन्छ जसले अमेध्यकृमि नामको नरक तार्नुका साथै अस्थि, मज्जा आदि नाडी नसा बन्दछन् । आठौं दिन **पुरीषभक्षनामनरकोत्तारणाय दन्तलोमादि**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(नखरोमावयव) संभूत्यै भनिन्छ जसले पुरीषभक्ष नामक नरक तार्नुका साथै नङ, रौं आदि अवयव निर्माण हुन्छन् । यसैगरी नवौं दिन **स्वमांसभक्षनामनरकोत्तारणाय वीर्यसंभूत्यै** भनिछ । नवौं दिनको पिण्डले स्वमांशभक्ष नरक तारण गर्नुका साथै वीर्य निर्माणमा सहयोग गर्दछ । दशौं दिन **कुम्भीपाकनामनरकोत्तारणाय पूर्णतातृप्तताक्षुद्विपर्यय(क्षुत्पिपासा)संभूत्यै** भनी संकल्पपूर्वक पिण्ड तोयादि दान गर्नुपदछ । जसले कुम्भीपाक नरकबाट तार्नुका साथै सम्पूर्ण अङ्ग निर्माण भई भोक प्यास लाग्ने पूर्ण सूक्ष्म शरीरको निर्माण हुन्छ । सोपश्चात् मात्र मृतक पितृलोकतर्फको यात्रा गर्न सक्षम बन्दछ ।

दशौं दिनको पिण्डदानादि समापन पश्चात् सुन र चाँदीले बनेका कोदालाले ढिकुरो फोरिन्छ । ढिकुराको माटो हातले धुलो पारेर सम्याउनु पर्दछ । कर्ता सुत्ने ठाउँमा बत्तीबाल्ने गरेको सप्तधान्य त्यही ढिकुरोमा लगी छरिन्छ । मास चामल छर्ने पनि चलन छ । दशदिनसम्म नित्य बालेको बत्ती सहित अन्य सामग्री जलाशयमा सेलाइन्छ । पुनः मुण्डन गरी तिल र सेतो सर्स्युंको पिना प्रयोग गरी स्नान गर्नुपर्दछ । यसपछि स्वच्छ नयाँ वस्त्र लगाई गाई, सुन र ब्राह्मणलाई छोएर पञ्चगव्य समेत खाई पाथेय श्राद्ध गरिन्छ । यसरी दश दिनसम्मको कार्य समापन हुन्छ ।

एघारौं दिन

एघारौं दिनमा आद्यमासिक, आद्याब्धिक सहित मध्यमषोडशी र उत्तम षोडशी श्राद्ध गरिन्छ । सो पश्चात् ३६५ जलघडा दान गर्नु पर्दछ । अधिमास समेत पर्ने वर्ष भए थप ३० वटा जलघडा दान गरिन्छ । यसैगरी प्रेतशैयादान एवं वृषोत्सर्गादि कार्य पनि यसै दिन हुने गर्दछन् । दुर्गतिमा परी मृत्यु हुनेहरूका निम्ति नरायाण बलि पनि गर्नुपर्दछ । प्रेतघडाको दान एवं मृतकले प्रयोग गर्ने वस्तुको दान पनि यसै दिन हुने गर्दछ । सपिण्डी श्राद्ध गर्ने अधिकार प्राप्तिका निम्ति यस्ता कार्य गरिएका हुन् ।

बाह्रौं दिन

बाह्रौं दिनमा सर्वप्रथम सपिण्डी श्राद्ध गरिन्छ । बाह्रौं दिनमा गर्नु उचित हुने कुरा गरूडपुराणमा पनि बताइएको छ–

मया तु प्रोच्यते तार्क्ष्य ! शास्त्रधर्मानुसारतः ।
चतुर्णामेव वर्णानां द्वादशाहे सपिण्डनम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अत्यल्पात् कलिधर्माणां पुंसां चैवायुषः क्षयात् ।
अस्थिरत्वाच्छरीरस्य द्वादशाहे प्रशस्यते ॥ *(गरूडपुराण (प्रेतकल्प), १३/२९-३०)*

प्रेतलाई पितृको रूपमा मिलान गर्ने विशेष श्राद्ध सपिण्डी हो । यस अर्न्तगत विश्वेदेव ब्राह्मण लगायत मृतकका तीन पुस्ते पितृको आह्वान पूजन गरी पिण्डदान गरिन्छ । यसरी तीनवटा पिण्डमा प्रेतको पिण्डलाई तीन भाग गरी प्रत्येक भाग तीन पुस्ते पितृमा मिलान गर्ने कार्य हुन्छ । सपिण्डी श्राद्ध पछि मृतकले पितृत्व नाम प्राप्त गर्दछन् । वर्षदिनसम्म पितृस्थानमा पुग्न समय लाग्ने भएकाले वर्षदिनपश्चात् मात्र पितृ तर्पण लिनसक्ने हुन्छन् । सपिण्ड श्राद्धपछि कर्ताले गोदान गरी शुद्ध हुनु पर्दछ । यस पश्चात् उत्तर पाथेय श्राद्ध गरिन्छ । अवस्था हेरेर अन्य कार्यपनि बाह्रौं दिनमा गर्न सकिन्छ ।

तेह्रौं दिन

तेह्रौं दिनमा शान्ति शुद्धि हवन एवं दानका कार्य हुने गर्दछन् । अग्निस्थापना विधिले देवताको हवन गरिन्छ । वेद पाठ पनि गराउनु पर्दछ । पञ्चकमा मृत्यु भएको छ भने शान्ति विधि पनि गर्नुपर्दछ । साथै दश दान, अष्टमहादान, पदान, शैया दान, पञ्चधेनु दान, विष्णुलक्ष्मी शैया दान आदि दान पुण्यका कर्म पनि यसै दिन हुन्छन् ।

यसपछि वर्षदिनसम्म मासिकको विधान गरिएको छ । वर्षदिनसम्म जम्मा सोह्रवटा मासिक हुने गर्दछन् । अधिकमास परेको खण्डमा एक मासिक थप हुने गर्दछ । वर्षदिनपछि पितृलोकमा पुग्ने भएकाले पितृ मुक्तिका निम्ति वार्षिक श्राद्ध पछि वेदपाठ, श्रीमद्भागवत पाठ पारायण एवं दान पुण्यका कार्य गर्नुपर्दछ ।

आशौचका समयमा उत्सवादि देवकार्य गर्न वर्जित रहन्छ । विवाह, व्रतबन्ध आदि कर्म पनि उक्त घरमा निषेध हुन्छन् । वर्षदिन पश्चात् भने मृतकले पितृलोक प्राप्त गर्ने भएकाले अन्य कार्य पनि खुल्छन् । सो पश्चात् प्रत्येक वर्ष मृतकको पुण्य तिथिमा श्राद्ध अनिवार्य गर्नुपर्ने विधान छ । यसरी पुत्रले आफू बाँचुञ्जेल पितृप्रति श्रद्धा भक्तिभावपूर्वक श्राद्धादि कर्म गर्नु पर्दछ । यसरी गरिएको पितृकर्मले पितृ आशीर्वाद प्राप्तिका साथै जीवनमा सुख शान्ति र ऐश्वर्यको वृद्धि हुने कुरा गरूड पुराणमा बताइएको छ । सन्ततिको सुख समृद्धिका निम्ति पनि पितृकार्य गर्नुपर्दछ ।

ooo

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आशौच निर्णय विचार

जुठो सूतक कसलाई के कति लाग्छ ?

निषेधार्थक **नञ्** (न शुचि अशुचिः) को **शुचि** शब्दसँग समास भएर अशुचि शब्द बन्दछ । अशुचि शब्ददेखि 'अशुचेर्भावः' यस अर्थमा **अण्** प्रत्यय भएर आशौच शब्दको निर्माण हुन्छ (वाचस्पत्यम्) । जसको अर्थ अपवित्र, अशुद्ध वा बिटुलो भन्ने लाग्दछ *(संस्कृत नेपाली बृहत् शब्दकोश, पृ. १०७)* । हाम्रा देव एवं पितृ कार्य शुद्ध भएको अवस्थामा गर्नुपर्ने शास्त्रीय विधान रहेको छ । आशौच आफन्तको जन्म वा मृत्यु भएका बेला पर्ने गर्दछ । यस्तो समयमा अपवित्र रहने भएकाले आशौच भनिएको हो । आशौच दुईप्रकारका हुन्छन् : जननाशौच र मरणाशौच । आफन्तमा जन्म हुँदा जननाशौच रहने गर्दछ । जसलाई सूतक भनिन्छ । यसैगरी आफन्त कोही कसैको मृत्युहुँदा मरणशौच हुन्छ । जसलाई जुठो भनिन्छ ।

दिशा-पिसाव गर्दा पनि शरीरमा अशुद्धि रहने गर्दछ । जो स्नानले शुद्ध हुन्छ । जनन र मृताशौच भने कुलव्यापी हुने भएकाले निश्चित व्यक्तिलाई निश्चित समयसम्म रहने गर्दछ । 'जुन शुद्धिका लागि काल र स्नान दुवैको अपेक्षा रहेको हुन्छ' *(रामचन्द्रगौतम, आशौच विवेचन, पृ. ९)* ।

जननाशौच (सूतक)

जननाशौचलाई सूतक पनि भनिन्छ । बच्चाको नालकाटेपछि सूतक आरम्भ हुन्छ । बच्चा जन्माउने स्त्री दश रातसम्म अशुद्ध रहन्छन् । यसैगरी स्त्रीका पतिले पनि जन्मेको सुन्ने वित्तिकै सचैल (वस्त्र सहित) स्नान गर्नुपर्दछ । सो पश्चात् पुरुष अरूसँग स्पर्श गर्न योग्य हुन्छन् । आशौच भने दशरातसम्म नै रहन्छ । अरु सपिण्ड भने अस्पृश्य हुँदैनन् । सुत्केरीलाई छोएपछि भने स्नान गरी पञ्चगव्य प्राशन गर्नु पर्ने विधान रहेको छ । पुरुषले छोएमा शुद्धभई जनै पनि फेर्नु पर्दछ ।

सपिण्डहरू दशरात्रपछि स्नान एवं पञ्चगव्य प्राशन गरेर शुद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छन् । सपिण्ड भनेका सातपुस्ता भित्रका दाजुभाइ हुन् । सुत्केरी भने छोरा पाएको भए बीसदिन र छोरी पाएको भए तीस दिनपछि मात्र शुद्ध हुन्छन् भनी 'षडशीति'मा बताइएको छ । गाई भैंसी आदि पशु सुत्केरी भएमा पनि उक्त दुध दश दिनसम्म अशुद्ध रहन्छ । शुद्ध नभएसम्म उक्त दही दुध आदि वस्तु पूजामा चढ्दैनन् । कुवा इनारको पानी पनि खनेको दशदिनसम्म अशुद्ध रहन्छ । सुतक दशदिने दाजुभाइ (सपिण्ड)मा मात्र लाग्ने गर्दछ ।

सुत्केरी भएको सपिण्डमा पुनः अर्को सुत्केरी थपिए दोस्रो सुत्केरी भएको दश दिनपछि मात्र पहिलोको पनि नामकरण गर्नु पर्दछ । यस्तो अवस्थामा पनि छैटौं दिनमा छैटी पूजा गर्न भने कुनै बाधा व्यवधान रहँदैन भनी षडशीतिमा उल्लेख पाइन्छ । यसैगरी घरमा सुत्केरी भएकी छोरीको माइतमा सुतक लाग्दैन । माइतीघरमै सुत्केरी भएको अवस्थामा भने माइतीलाई पनि सूतक लाग्ने गर्दछ ।

मृताशौच (जुठो)

आफन्तमा कसैको मृत्यु भए मृताशौच पर्दछ । मृताशौच मृत्यु भएको कुरा स्पष्ट थाहा भएपछि मात्र लाग्दछ *(आशौच-विवेचन, पृ. २०)*। दशदिनसम्म बार्नुपर्ने मृताशौच सपिण्डदेखि बाहिरका व्यक्तिमा पनि लाग्दछ । आमातर्फ पाँच पुस्ता र बुबातर्फका सातपुस्ता नाघेपछि मात्र सपिण्ड निवृत्ति हुन्छ । मृतकका पुत्र र पत्नी सपिण्ड नगरुञ्जेलसम्म अस्पृश्य (अरूले छुन नहुने) रहन्छन् । आशौच अवधिभर सन्ध्योपासना, वेदाध्ययन, पञ्चमहायज्ञ, दान, जप, व्रत, पूजा, उपासना, उत्सव, यज्ञादि कुनै पनि श्रौत र स्मार्त कर्म गर्नु हुँदैन *(पूर्ववत्, पृ. १८)*। मृतकका पुत्र र पत्नी वर्षदिनसम्म नै अशुद्ध रहन्छन् *(पूर्ववत्, पृ. १८)*। यो समयमा मांगलिक कार्य गरिँदैन ।

बाल मरणाशौच

चारमहिना सम्मको गर्भ स्राव भए जति महिनामा श्राव भएको हो त्यति दिन गर्भ रहेकी आमालाई मात्र सुतक लाग्दछ । बाबुले स्नान गर्दा हुन्छ । अरूलाई केही गर्नु पर्दैन । पाँचदेखि छ महिनासम्मको गर्भपात भएमा छ दिन आमाले आशौच बार्नु भनिएको छ । यसैगरी बाबुलाई भने तीन दिन आशौच लाग्ने गर्दछ *(मनुस्मृति, ५/६६)*। सात महिनाको गर्भ बालकको मृत्युभएमा बाबु, आमा र सपिण्डलाई दशदिन आशौच लाग्छ *(आशौच विवेचन, पृ. ३५)*। नाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काटिसकेको बालकको मृत्यु भएमा पनि दशदिन नै आशौच बार्नुपर्दछ । यसैगरी दान प्रदान, हवनादि केही गर्नुपर्दैन *(पूर्ववद्, पृ. ३५)* ।

दाँत नआइकन बालकको मृत्यु भएमा मृत शिशुलाई शुद्धस्थलमा लगी गाड्नु पर्दछ । यस्तो अवस्थामा बुबा र आमाले एकदिनरात आशौच बार्नुपर्दछ । सपिण्डले स्नान गरे हुन्छ । मृत्यु भएको दोस्रो दिनमा गृहशुद्धि गरी मृत बालकका निमित्त उपयुक्त वस्त्रादिका साथै दूध दान गर्नुपर्दछ । उदक दानादि केही गर्नुपर्दैन *(पूर्ववत्, पृ. ५४)* ।

दाँत आइसकेको र दुईवर्ष पूरा नगरेको र चूडा कर्म पनि नभएको बालकको मृत्यु भएमा दाहसंस्कार गर्नु पर्दैन शुद्ध भूमिमा गाड्दा हुने कुरा याज्ञवल्क्यस्मृतिमा बताइएको छ *(याज्ञवल्क्यस्मृति, ३/१)* । यस्ताको आशौच बाबुआमाले तीन दिन बार्नुपर्छ सपिण्डले स्नान गर्दा हुन्छ । यसैगरी जल पिण्ड दान आदि कर्म भने गर्नु पर्दैन *(मनुस्मृति, ५/६८-६९)* । मृतबालक समान उमेरका ब्राह्मण बालकलाई दान दक्षिणा गर्नु उचित हुन्छ *(आशौच विवेचन, पृ. ५५)* ।

व्रतबन्ध नभएको दुईवर्ष पूरा भएको बालकको मृत्यु भए चूडाकर्म गरेको भए वा नभए पनि दाहसंस्कार भने गर्नुपर्दछ । दशदिनको पिण्डदान ढिकुरो नउठाई सामान्य वेदीमा गरिन्छ । एघारौंका कार्य पनि गर्नुपर्दछ । सपिण्ड भने हुँदैन । सपिण्डको सट्टा एकोद्दिष्ट श्राद्ध गर्नुपर्दछ । यस्तो आशौच बाबुआमालाई तीन दिन र सपिण्डलाई एक दिन लाग्छ । चूडाकर्म गरेको छ भने सपिण्डलाई पनि तीनदिन आशौच लाग्छ *(आशौच विवेचन, पृ. ५५)* । बाह्रौं दिनमा समान उमेरका ब्राह्मण बालकलाई यथाशक्य वस्त्रादि दिई भोजन गराउनु पर्दछ ।

वाग्दान भएकी कन्याको मृत्यु भएमा

वाग्दान (टीकाटालो) भने भएकी तर विवाह नभएकी कन्याको मृत्यु भएमा घर र वर दुवैपक्ष सपिण्ड र बाबुआमा सबैलाई तीन दिन आशौच लाग्छ *(धर्मसिन्धु, पृ. ८९५)* । क्रियाकर्म भने पिताको पक्षबाट नै गर्नुपर्दछ ।

विवाहिता छोरीको आशौच

विवाह भएकी छोरीको मृत्यु भएमा बाबु, आमा र सौतनी आमाले तीन दिन आशौच बार्नुपर्दछ (मनुस्मृति, ५/६३) । माइती घरमै विवाहिता छोरीको देहान्त भए बाबु, आमा र सौतेनी आमालाई दश दिन, दाजुभाइ सहोदरलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीन दिन र भिन्न नभई बसेका जेठा कान्छा बुबा, आमा आदि सपिण्डलाई एकदिनरात आशौच लाग्छ (षडशीतिको श्लो. ४७)। माइत गएका बखत बाबुको घरबाहेक अन्यत्र मृत्यु भएमा बाबुआमालाई तीन दिन र सहोदर र सापत्न्य दाजुभाइलाई ३६ घण्टा आशौच लाग्ने गर्दछ।

विवाह भएकी छोरीलाई बाबुआमाको आशौच

विवाहिता छोरीले बाबु आमा र सौतेनी आमाको आशौच तीन दिन बार्नुपर्दछ *(निर्णयसिन्धु, पृ. ६९९)*। बाबुआमाकै घरमा बसेकी छोरी भए दशै दिन बार्नुपर्दछ *(मनुस्मृति, ५/१०२)*। जेठा बुबा-आमा, काका-काकी आदिको मृत्युमा भतिजीले स्नान गरे मात्र पुग्छ। विवाहिता भतिजीको मृत्युमा पनि जेठा बुबा-आमा, काका काकीले स्नान मात्र गर्दा हुन्छ *(निर्णयसिन्धु, पृ.६९९)*। आशौच परेको घरमै गएर बस्ने, सोही घरको अन्न खाने आशौचीसँग सम्पर्क गर्ने गरेमा छोरी मात्र नभई अरूलाई पनि दशै दिन आशौच लाग्ने गर्दछ -

यद्यन्नमत्ति तेषां तु दशाहे नैव शुद्ध्यति *(मनुस्मृति, ५/१०२)*।

दिदी बहिनी र दाजुभाइमा आशौच विचार

सामान्यतः दाजुभाइलाई दिदीबहिनीको आशौच पक्षिणी (३६ घण्टा) लाग्दछ *(निर्णयसिन्धु, पृ. ६९९)*। दाजुभाइका घरमा मृत्यु भएका दिदी बहिनीको दाजुभाइ र भाउजू बुहारीलाई तीन दिन जुठो लाग्दछ। यसैगरी दिदी बहिनीका घरमा दाजुभाइको मृत्यु भएमा पनि दिदी, बहिनी र भिनाजु ज्वाइँलाई समेत तीन दिन नै आशौच लाग्छ *(षडशीति, श्लो. ५०)*। घरदेखि अन्यत्र मृत्यु भएमा ३६ घण्टा मात्र आशौच लाग्दछ। सौतेनी दिदीभाइ दाजुबहिनीमा पनि पक्षिणी (३६ घण्टा) आशौच लाग्दछ।

मामा भानिजमा आशौच विचार

व्रतबन्ध गरेका मामाको भानिज/भाञ्जीलाई तीन दिन, व्रतबन्ध नगरेकाको एक दिन आशौच लाग्छ। यसैगरी व्रतबन्ध गरेका भनिजको मामा माइजूलाई तीन दिन र व्रतबन्ध नगरेका भानिजको एक दिन आशौच लाग्छ। विवाहिता भाञ्जीको मरणमा भने मामा माइजूले स्नान गरे मात्र पुग्छ *(आशौच विवेचन, पृ. ६०)*।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मावली हजुरबुबा हजुरआमाको आशौच

मावली हजुरबुबा र हजुआमाको आशौच नजिक भए तीन दिन र टाढा भए ३६ घण्टा लाग्छ *(पूर्ववत्, पृ ६१)*। यसैगरी छोरीका छोराको व्रतबन्ध भएको भए तीन दिन र नभएको भए ३६ घण्टा मावली हजुरबा र हजुरआमालाई जुठो लाग्छ। नातिनीको हजुरबा हजुरआमालाई एक दिन लाग्छ। नातिनीलाई पनि हजुरबाको एकै दिन आशौच रहने गर्दछ।

सानीआमा, ठूलीआमा, फुपू, गुरु आदिको आशौच

आफ्ना सानीआमा, ठूलीआमा र फुपूहरूको, बुबाका सानीआमा, ठूलीआमा र फुपूहरूको, आमाका सानीआमा, ठूलीआमा र फुपूहरूको, सानीआमा, ठूलीआमा र फुपूका छोराहरूको, आमाका मामाका छोराको, आमा बुबाका मामा माइजूको पक्षिणी (३६ घण्टा) आशौच लाग्ने गर्दछ *(पूर्ववत्, पृ. ६२)*। धर्मपुत्रको तीन दिन आशौच लाग्छ। गायत्री गुरुको नजिक भए तीन दिन र टाढा भए ३६ घण्टा जुठो लाग्दछ। यसैगरी अध्ययनरत शिष्यको गुरुलाई तीनदिन र अध्ययनबाट निवृत्त भएको भए ३६ घण्टा आशौच लाग्छ।

सासू ससुराको आशौच

सासू ससुराको छोरी ज्वाइँलाई नजिक भए तीन दिन र टाढा भए एकदिन आशौच लाग्छ। छोरी ज्वाइँ, बहिनी ज्वाइँ, भिनाजु, व्रतबन्ध गरेको सालो, जेठान, विवाहिता साली र जेठीसासूको एकदिन आशौच लाग्छ। जेठानका छोराहरू भने स्नान मात्रले शुद्ध हुन्छ *(पूर्ववत्, पृ. ६३)*।

हजुरबा हजुरआमाको नाति नातिनालाई आशौच

घरको नातिलाई हजुरबा हजुरआमाको आशौच दश दिन लाग्छ। चूडा गरेको वा ३ वर्ष पूरा भएको नातिले पनि दशै दिन आशौच बार्नुपर्छ। यसैगरी विवाह भएकी नातिनीलाई एकदिन जुठो लाग्छ। अविवाहिता छोरीलाई बुबा आमाको वाहेक अरूको आशौच लाग्दैन। अतः अविवाहिता नातिनीले स्नान गर्नाले शुद्ध हुन्छ।

अधिमासमा आशौच र वार्षिक श्राद्ध

आशौच बारेको वर्षदिनभित्र अधिमास परे थप एउटा मासिक श्राद्ध गर्नुपर्दछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदा मरणादारभ्य द्वादशमासमध्ये कश्चिदधिकमासः पतेत्तदा तन्मासस्थं मासिकश्राद्धमधिके शुद्धे मासे चेति द्विवारं कार्यमिति सप्तदश श्राद्धानि भवन्ति *(धर्मसिन्धु, पृ. ३७८)* ।

अधिमासको कृष्णपक्षमा मृत्यु भए पुत्रादिले थप एक महिना अर्थात् तेह्र महिना आशौच बार्नुपर्दछ-

मलमासे मृतस्य तु एकादशाहे आद्यमासिकं कृत्वा द्वितीयमासमृततिथौ तत्पुनः कृत्वा किञ्चिदूने द्वितीयमासे ऊनमासिकं तृतीयमासारम्भे द्वितीयमासिकं सार्धद्विमासान्ते त्रैपाक्षिकम् ॥ *(धर्मसिन्धु, पृ. ३७८)*

जस्तै अधिक ज्येष्ठ कृष्णपक्ष चतुर्थीमा देहान्त भए आउँदो असार कृष्ण चतुर्थी तिथिमा वार्षिक श्राद्ध गर्नुपर्दछ । यसैगरी पछि पर्ने एकोद्दिष्ट श्राद्ध गर्दा पनि त्यही आषाढ कृष्ण चतुर्थी तिथि नै लिनुपर्दछ । पछि फेरि ज्येष्ठ महिनामा अधिमास परे अधिक ज्येष्ठकृष्ण पक्षको चतुर्थी तिथिमा पिण्ड रहित श्राद्ध गर्नुपर्छ । आषाढ चतुर्थीमा भने पिण्ड सहितको श्राद्ध गर्नुपर्छ -

पिण्डवर्ज्यमसङ्क्रान्ते संक्रान्ते पिण्डसंयुतम् ।
प्रीतसंवत्सरं श्राद्धमेवं मासद्वयेऽपि च ॥ *(गरूडपुराण, प्रेतकल्प, १३/१०५)*

अधिकमासको शुक्लपक्षमा मृत्यु भएकाको वार्षिक भने त्यही महिना, पक्ष र तिथिमा गर्नुपर्छ । अर्थात् बाह्र महिना आशौच रहने गर्दछ । जस्तै अधिक ज्येष्ठ शुक्लपक्षको चतुर्थी तिथिमा मृत्यु भए अर्को वर्षको ज्येष्ठ शुक्ल चतुर्थीमा नै वार्षिक श्राद्ध गर्नुर्पछ । ज्येष्ठ शुक्ल पक्षको तिथि नै एकोद्दिष्ट श्राद्धका निम्ति पनि लिनुपर्छ ।

यसरी शुक्लयजुर्वेदाध्यायी माध्यान्दिनीय शाखाअन्तर्गतकाले वार्षिक श्राद्ध गर्दा एकोद्दिष्ट विधिले नै गर्नुपर्दछ *(याज्ञावल्क्यस्मृति, आचाराध्याय श्लो. २५६ को मिताक्षरा टीका)* । अन्य शाखा सूत्रकाले एकपार्वण गर्ने वचन पनि पाइन्छ ।

वरखी बारेका बेला श्राद्ध एवं क्रियाकर्म विचार

बुबाको वरखी बार्नेले आमा लगायत अरु कसैको पनि श्राद्ध गर्नु हुँदैन । यसैगरी आमाको वरखी बारेको अवस्थामा भने बुबाको मात्र श्राद्ध गर्न छुट दिइएको छ । अरु कसैको पनि श्राद्ध गर्नु हुँदैन भनी धर्मसिन्धुमा बताइएको छ -

पितर्युपरते पुत्रो मातुः श्राद्धान्निवर्तते ।
मातर्यपि च वृत्तायां पितृश्राद्धादृते समम् ॥ *(निर्णयसिन्धु, पृ. ८२१)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाबु आमाको बरखी बारेका बेला सामान्यतः अरू कसैको क्रियाकर्म गर्नुहुँदैन । तर पत्नी, छोरो, छोराबुहारी, नाति, दाजुभाइ, दाजुभाइका छोरा, जेठा कान्छा बुबा र जेठी कान्छी आमाको मृत्यु भएको खण्डमा कोही क्रिया गर्ने मान्छे नभएको अवस्थामा भने क्रियाकर्म गर्नु हुने धर्मशास्त्रको निर्णय पाइन्छ ।

पत्नी पुत्रस्तथा पौत्रो भ्राता तत्तनयः स्नुषा ।

मातापितृव्यश्चैतेषां महागुरुनिपातने ॥

कुर्यात्सपिण्डनं श्राद्धं नान्येषां तु कदाचन *(धर्मसिन्धु, पृ. ९६२)*

आमाको बरखी बारेका बेला बाबुको मृत्यु भएमा

आमाको मृत्यु भएको वर्षदिनभित्र बुबाको देहान्त भएमा बुबा र आमा दुवैका वार्षिक श्राद्ध एकैदिन गर्नुपर्दछ । यसरी एकैदिन गर्दा बुबाको मृत्यु पछाडि भए पनि पहिले बाबुको वार्षिक श्राद्ध गर्नुपर्दछ । सो पश्चात् स्नान गरेर आमाको वार्षिक श्राद्ध गरिन्छ । आमाका वर्षदिनसम्मका मासिक श्राद्ध सकिएपछि बुबाको वार्षिक तिथिसम्म पर्खिएर बस्नु पर्दछ । बुबाको क्रिया र मासिकादि सबै यथा समयमा हुन्छ (आशौच विवेचन, पृ. २११) ।

बाबुको वरखीमा आमाको मृत्यु भएमा

बाबुको वरखी बारेका बेला आमाको मृत्यु भएमा आमाको पनि सबै दशाहादि क्रियाकर्म एवं मासिकादि गर्दै जानुपर्दछ । बाबुको मासिक र वार्षिक श्राद्ध पनि क्रम अनुसार नै गर्नुपर्दछ । आमाको वरखीले बाबुको वार्षिक श्राद्ध निश्चय नै रोकिँदैन *(आशौच विवेचन, पृ. २१०)* । आमाको वरखी (वार्षिक श्राद्ध) भने आमाकै वर्षदिन पुगेको तिथिमा गर्नुपर्दछ ।

मासिक वा वार्षिकमा ग्रहण परेमा

मासिक वा वार्षिक श्राद्धका दिन ग्रहण परे पनि त्यसै दिन यथा समयमा पायस पिण्ड दिएर नै श्राद्ध गर्नुपर्दछ । सपिण्डीकर श्राद्ध पनि गर्नुहुने 'आशौच विवेचना' *(पृ. २०९)* मा बताइएको छ ।

सामान्यतः आशौच भनेको अपवित्र रहने अवस्था हो । जसको शुद्धि काल (समय) र स्नानले हुने गर्दछ । जति नजिकको सम्बन्ध उति आशौचको आधिक्यता रहने गर्दछ । कायिक दूरीले पनि आशौचमा केही भिन्नता ल्याएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिन्छ । आशौचका अवस्थामा देवकार्य वर्जित रहन्छन् । गर्दै आएका नित्य पूजा पनि हुँदैनन् । आशौच सकिएपछि स्नान अनिवार्य रहन्छ । आशौच सकिएपछि आफ्ना नित्य जप, ध्यान, पाठपूजा आदि कर्म गर्नुपर्दछ भनी धर्मशास्त्रकारले बताएका छन् ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मकाण्ड : एक विशिष्ट विधि

हरेक सभा समारोह हुन्छन् । अनि ती सभा समारोहमा भाषण पनि निकै सुनिन्छन् । नेतादेखि कार्यकर्ता सबैका भाषण र कुराकानीका विषयवस्तुअन्तर्गतको शब्दमा सधै 'कर्मकाण्ड' तारो बनिरहेको हुन्छ । जुन विषयवस्तुमा पनि ' कर्मकाण्डी' शब्द प्रयोग गरी हेय अर्थ प्रतीत गराएको सुन्दा निकै दुःख लाग्छ । यसरी कर्मकाण्डी पारा, ढर्रा, शैली आदि शब्दको प्रयोग गर्नु शब्दगत अर्थ नबुझेर पनि हुन सक्छ । कतिपय सन्दर्भमा आफ्नै संस्कृति प्रतिको बेवास्ताले पनि होला । महत्त्व र गरिमाको ज्ञान नभएर पनि यस्तो भएको हो कि ? बुझेकै व्यक्तित्वबाट पनि 'कर्मकाण्डी प्रवृत्ति' भन्ने निम्न अर्थ प्रतीत हुने शब्दको प्रयोग पाउँदा केही भन्न र लेख्न मन लागेको छ ।

'कर्मकाण्ड' भनेको वेदको मुख्य शाखा हो । वेदका दुई शाखा ज्ञानकाण्ड र कर्मकाण्ड हुन् । मानव जीवनका कर्म विशेषको विधान कर्मकाण्डमा बताइएको छ । यसरी गरिएका र गर्ने कार्यको चिन्तन मनन गर्ने कार्य ज्ञानकाण्डअन्तर्गत हुने गर्दछ । त्यसैले कर्मकाण्ड भन्ने शब्द वेदसँग जोडिएको हो भन्ने कुरा सर्वप्रथम बुझ्नु आवश्यक छ । विश्वको आदि ग्रन्थ वेद हो । संस्कृति र सभ्यताको जननी हाम्रो पूज्य विषयवस्तु वेद सर्वस्वीकार्य छ । हाम्रो इतिहास र वर्तमानको सेतु, ज्ञान र विज्ञानको विशिष्ट गरिमा बोकेको वेद हाम्रो संस्कृति र सभ्यताको धरोहर पनि हो । वेदका विषयवस्तुको कर्म विशेष काण्डलाई नकारात्मक अर्थमा प्रयोग गर्नु कति उचित होला ? यसरी हेय अर्थ लाग्ने शब्द प्रयोग गर्नु भनेको हाम्रो आफ्नै संस्कृति र सभ्यतामा प्रहार गर्नु हो । किनकि आज हामी हिड्ने बाटो यही कर्मकाण्डले खनेको हो । हामी कर्महीन बन्न सक्दैनौं । गीताले पनि कर्मको विशद विवेचना गरेको छ । जीवन बाँच्ने र बचाउने ज्ञानको आद्य स्रोत नै कर्मकाण्ड भएकाले उक्त शब्दको प्रयोग विशिष्ट अर्थमा गर्नु नै उचित हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानव समुदायलाई सही मार्गमा हिँड्न अभिप्रेरित गराउने जीवन पद्धति विशेष नै कर्मकाण्ड हो । शाब्दिक रूपमा हेर्ने हो भने पनि कर्मको काण्ड कर्मकाण्ड/कर्म गर्ने काण्ड कर्मकाण्ड हुन्छ । कर्म भनेको काम हो भने काण्ड भनेको कुनै भाग विशेष हो । वेदको कार्य विशेष विषय विधान बताइएको शास्त्र नै कर्मकाण्ड हो । विशिष्ट कार्यलाई नै कर्मकाण्ड भनिन्छ । कर्मकाण्डको शाब्दिक रूपमा पनि सुन्दर अर्थ रहेको छ । त्यसैले यस्तो सुन्दर अर्थ लाग्ने शब्दको प्रयोगमा 'वचने का दरिद्रता ?' **प्रियवाक्यप्रदानेन सर्वे तुष्यन्ति जन्तवः। तस्मात् प्रियं हि वक्तव्यं वचने का दरिद्रता ?** (संस्कृतसुभाषितम्) अर्थात् प्रिय वचनले सम्पूर्ण जीव जन्तु नै खुशी हुन्छन् भने वचनमा के दरिद्र हुनु ? त्यसैले प्रिय शब्दको नै प्रयोग गर्नु उचित हुन्छ । किनकि कर्मकाण्डको सम्मान नै हाम्रो संस्कृति र सभ्यताको सम्मान हो । वेदप्रतिको पूज्य भाव हो ।

मानव जीवनमा विशेष कार्य गर्नका निम्ति बताइएको विधान नै कर्मकाण्ड हो । यसअन्तर्गत मानवको जन्मदेखि मृत्युपर्यन्त गर्नु पर्ने कार्य बताइएको छ । कस्ता कर्म कुन समयमा कसरी गर्नु पर्छ भन्ने कुरा कर्मकाण्डअन्तर्गत उल्लेख पाइन्छ । वेदमा विभिन्न यज्ञ यागादिको वर्णन छ । कार्य विशेषका भिन्ना भिन्नै यज्ञहरूको व्यवस्था गरिएको छ । कर्म पनि नित्य, नैमित्ति र काम्य हुन्छन् । दैनिक रूपमा गरिने कार्य विशेषलाई 'नित्य कर्म' भनिन्छ । पर्व विशेष, तिथि विशेष, समय, जन्म, मृत्यु आदि विशेष अवस्थामा गर्ने कर्म नैमित्तिकअन्तर्गत पर्दछन् । कुनै विशेष कामना राखी गरिने कार्य 'काम्य' हुन् । यसरी गरिने हरेक कार्यको विशिष्ट विधान रहेको छ । सोही विधानअन्तर्गतको कार्य विशेष नै कर्मकाण्ड हो । जसको शास्त्रीय एवं वैज्ञानिक प्रमाण पनि पाइन्छ ।

हाम्रो संस्कृति र सभ्यतालाई सम्मान गर्न सक्नु पर्छ । कर्मकाण्डप्रति सम्मान गर्न सक्नु पर्छ । कर्मकाण्डले सम्पूर्ण मानव जातिको कल्याणको कामना गर्दछ । इह लोकको मुक्तिका साथै परलोकको समेत मुक्तिका निम्ति गरिने कार्य नै कर्मकाण्डका विशेष विधा हुन् । जुन व्यवस्थित, वैज्ञानिक र वेद विहित छन् । यस्तो गहन विषयवस्तुको विधानलाई हलुका बनाउनु आफ्नै पन र प्रकृतिप्रतिको अविश्वास हो । पद्धति कदापि गलत हुँदैन बरु प्रयोक्ता गलत हुन सक्छन् । ज्ञान र चेतनाको कमी भएर पनि यस्ता शब्दको हेय अर्थमा प्रयोग भएको हुन सक्छ । तर यही संस्कृति र सभ्यताबाट हुर्केकाले कर्मकाण्डलाई निम्न अर्थमा प्रयोग गर्नु, ब्राह्मणसँग जोडेर हेय अर्थ लगाउनु उचित हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मकाण्ड स्वयंमा गलत छैन । कर्मकाण्ड गराउने गलत हुन सक्छन् तर सिङ्गो कर्मकाण्ड नै गलत कदापि हुन सक्दैन र छैन पनि ।

हाम्रा सोह्र संस्कार कर्मकाण्डमा नै आधारित छन् । कर्मबिना हाम्रो जीवनले गति लिन सक्दैन । हामी समाजमा कर्महीन बनेर पनि रहन सक्दैनौँ । प्रत्यक्ष परोक्ष जसरी भए पनि कर्मकाण्डमा लागेकै हुन्छौँ । तर स्वयं हामी नै कर्मकाण्डको अपहेलना पनि गरिरहेका छौँ । कर्मकाण्डी भनेर अरूलाई आरोप लगाइरहन्छौँ । अपहेलनाको विषयवस्तु बनाइरहन्छौँ । यसरी हाम्रो संस्कृति र सभ्यताको कदापि विकास हुन सक्दैन । हामी विश्वसामु संस्कृति र सभ्यताका धनी छौँ । हाम्रो पहिचान वेद र वेद विहित विषयवस्तु हुन् । आजको हाम्रो मौलिक संस्कृतिप्रति हमला भइरहेको परिवेशमा कर्मकाण्ड जस्तो विशिष्ट विधानलाई हामीले सम्मान गर्न सक्नु पर्छ । सभ्य, भव्य र सम्मानजनक अर्थमा प्रयोग गर्नुपर्छ । कर्मकाण्डप्रतिको उपेक्षा वेदको निन्दा नै हो । अध्यात्ममा विश्वास नराख्नेका कुरा भिन्नै होलान् । तर कर्महीन मान्छे हुन सक्दैन । बालक जन्मेपछि नाम राख्नु पर्ने, अन्नप्राशन गराउनु पर्ने, चूडा, उपनयन, वेदारम्भ, समावर्तन, विवाह आदि संस्कार गर्नु पनि पर्ने अनि स्वयं त्यसका पुजारीलाई कर्मकाण्डी भनेर हेय दृष्टिपात गराउने आम प्रवृत्तिमा अब परिवर्तनको आवश्यकता छ । हामीले कर्मकाण्डलाई अपमान गर्नु भनेको वेदको अपमान गर्नु हो । हाम्रो संस्कृति र सभ्यतालाई तिरस्कार गर्नु हो । त्यसैले अब हामी सच्चिनु आवश्यक छ ।

वेदविहित कर्म आफूमै पूर्ण छन् । कर्मकाण्डी भनेर हेय अर्थमा प्रयोग गर्नेले कर्मकाण्डमा के छ बुझ्नु जरूरी छ । वेद र वेद विहित विधान जान्नु जरूरी छ । अर्थ नबुझी हेय अर्थमा शब्दको प्रयोग गर्नु उचित हुँदैन । कर्मकाण्ड एउटा वैज्ञानिक विधान हो । सामान्य उदाहरणकै रूपमा पनि यसअन्तर्गतको विधिलाई लिन सकिन्छ । विवाहमा सर्वप्रथम वाक्दान गरिन्छ जसलाई कुरो छिन्ने पनि भनिन्छ । उक्त वाक्दानको विधान पनि प्रष्ट र व्यवस्थित छ । त्यहाँ कन्याका पिताले –

वाचा दत्ता मया कन्या पुत्रार्थं स्वीकृता त्वया ।
कन्यावलोकनविधौ निश्चिन्तस्त्वं सुखी भव ॥ *(विवाहपद्धति, पृ १२६)*

'मेरी छोरी हजुरलाई सृष्टि चलाउन सुम्पने वाचा गर्छु, कन्यालाई अवलोकन गरी स्वीकार गर्नुहोस्' भनी वाक् दान गर्छन् । यसरी कन्यापक्षका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिभावकले वाक् दान गरेपछि वरबाट-

वाचा दत्ता त्वया कन्या पुत्रार्थं स्वीकृता मया ।
वरावलोकनविधौ निश्चिन्तस्त्वं सुखी भव ॥ *(विवाहपद्धति, पृ. १२६)*

'हजुरले वचन दिनुभएकी कन्या मलाई स्वीकार छ । हजुर निश्चिन्त हुनुहोस्' भन्नु पर्ने विधान रहेको छ । यसैगरी उक्त कार्य देवता, अग्नि र ब्राह्मण एवं आफन्त जन साक्षी राखी गर्नु पर्ने विधि कति वैज्ञानिक छ भनिरहनु नपर्ला । हाम्रा हरेक कर्मकाण्ड वैज्ञानिक छन् । विज्ञानको कसीबाट पनि श्रेष्ठ ठहरिएको कर्मकाण्डलाई हेय दृष्टि राख्नु र गलत अर्थमा प्रयोग गर्नु अनुचित देखिन्छ ।

कर्मकाण्ड ब्राह्मण विशेषको कुनै व्यक्तिगत विधा होइन । वेदले बताएका विषयवस्तुहरू कर्मकाण्ड हुन् । कार्य प्रकृति अनुसार कर्महरूको विधान फरक फरक छ । जन्मदेखि मृत्यु पर्यन्त कर्मकाण्ड निरन्तर चलिरहन्छ । मानव समुदायलाई सही मार्गमा अघि बढाउन यो आवश्यक देखेर हाम्रा ऋषि महर्षिहरूले कर्मकाण्डको विशेष उपदेश गरेका हुन् । जुन हाम्रो संस्कृति र सभ्यताका पनि धरोहर हुन् । बाध्यताको बलमा कर्मकाण्ड गर्नै पर्छ भन्ने छैन । 'पत्रं पुष्पं फलम्' जे मिल्छ त्यसैका आधारमा पनि कर्मकाण्डका विषयवस्तुहरू सम्पादन गर्न सकिन्छ । तर सोही नाममा यसको अपव्याख्या हुनु, हेराइमा भिन्न दृष्टिकोण पाइनु, शब्द प्रयोगमा हेय अर्थ लाग्ने गरी व्यक्त गर्नु भनेको आफ्नै धरोहरको उपेक्षा गर्नु हो । अतः सम्पूर्ण मानवको कल्याणकारी विषय विधान रहेको कर्मकाण्डलाई उच्च सम्मानका साथ विशिष्ट, सभ्य र भव्य अर्थमा प्रयोग गर्नु नै उचित देखिन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सङ्कल्पको वैज्ञानिक पक्ष

किन गर्नुपर्छ सङ्कल्प ?

हाम्रा हरेक धार्मिक कार्यको आरम्भमा सङ्कल्प गर्ने वैदिक विधान रहेको छ। चाहे देव कार्य हुन् चाहे पितृकार्य सबैमा सङ्कल्प अनिवार्य नै हुन्छ। यो किन र केका लागि गरिन्छ भन्ने कुरा जानेर होस् या नजानि जसरी भए पनि परम्परा धानिदै आएको छ। वास्तवमा के हो सङ्कल्प ? अनि किन गरिन्छ भन्ने बारेमा यहाँ संक्षिप्त विवेचना गरिन्छ।

व्याकरणमा **सम्** + पूर्वक **कृप्** धातुदेखि **घञ्** प्रत्यय लागेर सङ्कल्प शब्द निर्माण हुन्छ। यसको अर्थ निश्चय वा प्रण भन्ने लाग्दछ। एक विशिष्ट प्रकारको पूर्वकल्पना नै सङ्कल्प हो। सामान्य शाब्दिक अर्थले पनि यही विषयको बोध गराएको पाइन्छ। तर यसको विशिष्ट अर्थ भने भिन्न रहेको छ। हाम्रा हरेक कार्य सङ्कल्पपूर्वक नै भएका हुन्छन्। यही कुरालाई पद्धतिमा उतार्ने कार्य नै वास्तवमा सङ्कल्प हो। यी मानसिक वा वाचिक दुवै हुन सक्छन्। हामी निद्राबाट ब्युँझेपछि नै सङ्कल्प गर्न थाल्दछौँ। हाम्रा हरेक कार्य सङ्कल्पपूर्वक नै भइरहेका हुन्छन्। कतिपय औपचारिक त कतिपय अनौपचारिक फरक यत्ति मात्र हो। आज यो काम यसरी गर्नु छ भन्नु पनि एक प्रकारको सङ्कल्प नै हो। सामान्य कुरालाई विशेष सङ्कल्प नभनिए पनि यी स्वतः सङ्कल्पित भइरहेका हुन्छन्। वाचिक रूपमा गरिने सङ्कल्पको विशेष महिमा रहेको छ। जुन हाम्रो शास्त्रीय विधान पनि हो। नित्य कर्म पद्धतिमा पनि प्रत्येक दिन सङ्कल्पको विधान गरिएको छ। यसैगरी यही सङ्कल्पको पद्धति नै आजको प्रशासनिक व्यवस्थापनमा प्रयोग हुने 'योजना' हो। सङ्कल्प पनि विशेष प्रकारको योजना नै हो। योजनामा पनि पछि गरिने कार्यको पूर्व तयारी गरिन्छ। त्यसैगरी सङ्कल्पमा पनि पछि हुने कार्यको पूर्वघोष हुने गर्दछ। शोध कार्यमा पनिपूर्वकल्पनाको व्यवस्था हुन्छ। जसको इतिहास खोज्न पनि वेदमै पुग्नुपर्ने हुन्छ।

वेदमा **तन्मे मनः शिवसङ्कल्पमस्तु** *(यजुर्वेद, ३४।२)* भनेर शिव अर्थात् कल्याणका निम्ति सङ्कल्प गरिएको छ। यही र यस्तै वैदिक ऋचाले पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सङ्कल्पको चर्चा गरेका छन् । मनले सङ्कल्प गरेको कुरा वचन र व्यवहारमा उतारेपछि मात्र त्यो सङ्कल्पले पूर्णता पाउँछ भन्ने भविष्य पुराणले अर्थ्याएको छ । सङ्कल्प मानसिक नै हुन्छ । मानसिक सङ्कल्प दुईप्रकारका छन् **भाव** र **अभाव** । मनले यो गर्नु छ भन्ने 'भाव' सङ्कल्प हो भने यही गर्नु छ भन्ने कुनै कुराको निश्चय नगरी हुने सङ्कल्प 'अभाव' हो । पूजा आदिमा गरिने सङ्कल्प भाव र उपवास आदिको सङ्कल्पलाई अभावको संज्ञा दिइएको छ । वर्तमानमा सामान्य सङ्कल्प र महासङ्कल्प प्रचलनमा रहेका छन् । धर्मशास्त्रमा सङ्कल्प गर्ने विशेष विधि पनि बताइएको छ । विशेषतः तिल, जौ, कुश र जल सङ्कल्पका आधारभूत वस्तु हुन् । मानसिक सङ्कल्प भनेको मनको अठोट नै हो । यसका निम्ति कुनै वस्तु विशेषको आवश्यकता पर्दैन । सङ्कल्पपूर्वक गरिएको कार्यको सिद्धि हुने भएकाले पनि यसको धार्मिक महिमा अवच्छिन्न चलिरहेको छ । पुरश्चरणविधिमा सङ्कल्पको विधान यसरी गरिएको छ-

संवत्सरायने मासः पक्षः पञ्चाङ्गमेव च ।
नवग्रहस्थितिं घस्रभागं मुहूर्त्तकन्त्विति ॥
स्वदेशभेदाँस्तत्तुल्यान्कामनासहितान् वदेत् ।
द्वीपेऽमुकेऽमुके खण्डेऽमुके वर्षे न नीर्वृती ॥
अमुके चामुके पक्षे गोत्रप्रवरमुच्चरेत् ।
स्वनाम जातिनामान्तं द्विजाच्छर्म च वर्म च ॥ *(पुरश्चर्याणव)*

अर्थात् कुश, तिल, जल हातमा लिएर कामना सिद्धिका लागि संवत्सर, अयन, पक्ष, ग्रहस्थिति, देश, ठाउँ, नाम, गोत्र, प्रवर अनि गर्ने कार्य र फलको उच्चारण गर्ने विशिष्ट कार्य नै सङ्कल्प हो ।

हरेक धार्मिक कार्यको थालनी सङ्कल्पपूर्वक गर्ने शास्त्रीय विधान रहेको पाइन्छ ।

सङ्कल्पमूलः कामो वै यज्ञाः सङ्कल्पसम्भवाः ।
व्रतनियमधर्माश्च सर्वे सङ्कल्पजाः स्मृताः ॥ *(तिथ्यादितत्त्वम्)*

सङ्कल्पबिना गरिएका कार्य निष्फल हुन्छन् भनी ब्रह्मपुराणमा बताइएको छ-

सङ्कल्पेन विना राजन् यत्किञ्चित् कुरुते नरः ।
फलं चाल्पाल्पकं तस्य धर्मस्यार्द्धक्षयो भवेत् ॥ *(ब्रह्मपुराण)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योगिनी तन्त्रमा पनि सङ्कल्पको विशेष विधान गरिएको छ । सङ्कल्पले कार्यलाई योजनाबद्ध रूपमा निर्धारित समयमा पूरा गर्न मद्धत गर्दछ । साथै यसको धार्मिक महिमा पनि विशेष छ । सङ्कल्पपूर्वक गरिएको कर्मको फल इहलोकका साथै परलोकमा पनि प्राप्त हुन्छ भन्ने धर्मशास्त्रीय मत रहेको छ । यही लोकमा चार पुरुषार्थ धर्म, अर्थ, काम र मोक्षको सिद्धि हुने भएकाले पनि हरेक शास्त्रीय कर्मको थालनी सङ्कल्पसँगै हुने गर्दछ । इह लोकदेखि परलोकसम्मको सम्बन्ध सेतुका रूपमा संकल्पले काम गरिरहेको हुन्छ । सङ्कल्पले नै कार्यसिद्धि भएका थुप्रै इतिहास र वर्तमान पनि छन् । श्रीरामको जन्म, द्रुपद, द्रौपदी आदिको जन्म पनि सङ्कल्पपूर्वक भएको हो ।

के हुन्छ सङ्कल्पमा ? भन्ने प्रश्न सबैका मनमा जाग्न सक्छ । वास्तवमा पौरस्त्य सङ्कल्प विधि अति नै वैज्ञानिक रहेको छ । सर्वप्रथम व्यक्ति कायिक र मानसिक रूपमा शुद्ध हुनु आवश्यक छ । शुद्ध आसनमा पवित्र भई बसेपछि मात्र सङ्कल्पको विधान गरिएको छ । यसरी गरिने सङ्कल्पमा कार्य अनुसारको दिग् व्यवस्थिति पनि गरिएको हुन्छ । सामान्यतः पूर्व फर्किएर अनि अन्य कर्म अनुसार चन्द्रमाको अनुकूल भई सङ्कल्प लिने व्यवस्था रहेको पाइन्छ ।

सङ्कल्पमा सर्वप्रथम परमात्मा परमेश्वरको स्मरण गरिन्छ । साथै ईश्वरले सृष्टि गरेको समयको उच्चारण हुने गर्दछ **हरि ॐ तत्सत् ३ ॐ विष्णुः ३ श्रीमद्भगवतो महापुराणपुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत्सृष्टिकारिणो....** यो जगत् सृष्टिकर्ता ब्रह्मा हाल पचास पूरा भई एकाउन्नौ वर्षमा छन् । अतः **ब्रह्मणो द्वितीयपरार्धे** भन्ने उच्चारण गरिन्छ । पचास वर्षसम्म पूर्वार्द्ध र तत् पश्चात् परार्द्ध भएको हो । वर्तमान समय श्वेतवराहकल्पको हो सोही भएर **श्वेतवाराहकल्पे** भन्ने उच्चारण गरिन्छ । ब्रह्माको एक दिनलाई कल्प भनिन्छ । ब्रह्माजीको पहिलो दिन श्वेतवराहकल्पको हो । ब्रह्माजीका तीस दिनका बेग्लाबेग्लै नाम मत्स्यपुराणमा उल्लेख पाइन्छ । सृष्टि कर्ता ब्रह्माजीको पनि सय वर्षको आयु रहेको छ । ब्रह्माजीका एकाउन्नौँ वर्षका पनि चौध मनु (स्वायम्भुव, स्वारोचिस, उत्तम, तामस, रैवत चाक्षुष, वैवस्वत, सावर्णि, दक्षसावर्णि, ब्रह्मसावर्णि, धर्मसावर्णि, रूद्रसावर्णि, रौच्यसावर्णि, भौत्यसावर्णि) मध्ये छ मनु व्यतीत भइसकेका छन् । हाल सातौँ वैवस्वत मनुअन्तर्गतका पनि सत्ताइसौँ महायुग व्यतीत भइसकेका छन् । एक मनुमा ७१ महायुग हुने गर्दछन् । त्यसैले सातौँ मनु वैवस्वतको पालो चलेकाले **वैवस्वतमन्वन्तरे** भन्ने उच्चारण गरिन्छ । यसैगरी अट्ठाइसौँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महायुगअन्तर्गतका पनि सत्य, त्रेता र द्वापर युग व्यतीत भइसकेका छन् । हाल कलि युगका पनि पाँच हजार एकसय वीस वर्ष (वि.सं. २०७६ सम्म) व्यतीत भइसकेकाले **सत्यत्रेताद्वापरान्ते कलि युगे, कलियुगस्य प्रथम चरणे** पनि भनिएको हो । यसैगरी भगवान्का चौबिस अवतारमध्ये हाल बौद्धावतार भएकाले **बौद्धावतारे** पनि उल्लेख गरिन्छ । यो क्षेत्र प्राचीन कालमा भारत वर्षको भरत खण्डअन्तर्गत जम्बूद्वीपमा पर्दथ्यो जसको इतिहास पनि सङ्कल्पमा **भारतवर्षे भरतखण्डे जम्बूद्वीपे** भनी उच्चारण हुन्छ । भारतवर्षमा एशियाका अधिकांश भू-भाग पर्ने गर्दछन् । यसैगरी हाम्रो देश नेपाल जम्बूद्वीपअन्तर्गतको पनि हिमवत् खण्डमा पर्ने भएकाले **हिमवत्खण्डे** पनि उच्चारण गरिन्छ । यसपछि देशको कुन अञ्चल, जिल्ला, गाँउ हो सोको उच्चारण हुन्छ । यसपछि उक्त गाँउ के कस्ता धार्मिक तीर्थको नजिकमा छ ? सो को उल्लेख गरिन्छ । नदी मठ मन्दिरहरू नजिकमा जे जति छन् तिनको पनि उच्चारण गर्नुपर्दछ । यसरी समग्र भूगोलको कुन क्षेत्रमा उक्त सङ्कल्पकर्ताको अवस्थिति छ सोको उच्चारण हुने गर्दछ । यसले समग्र भौगोलिक अवस्था र अवस्थितिको परिचय दिने गर्दछ । अर्थात् भनौं भूगोल, इतिहास एवं खगोलको पनि पूर्ण स्मरण सङ्कल्पमा गरिन्छ ।

वर्तमान समयको समग्र खगोलीय अवस्थितिको उच्चारण पनि सङ्कल्पमा हुने गर्दछ । वर्तमान संवत्सर, अयन, ऋतु, सौर चान्द्र मास, चान्द्रमासका पक्ष, तिथि, बार, नक्षत्र योग, करणको के कस्तो अवस्थिति छ सोको उच्चारण पनि हुन्छ । तत्कालिक समयमा सूर्यादि ग्रहहरूको स्थिति के छ भन्ने कुराको उच्चारण पनि सङ्कल्पमा हुने गर्दछ । सूर्य, चन्द्रमा, बृहस्पति आदि नवग्रह कुन राशिमा छन् सोको यकिन पनि यसैअन्तर्गत गरिन्छ । यसरी हेर्दा सङ्कल्पले समग्र खगोललाई पनि समेटेको छ ।

यसपछि कर्ताको गोत्र, प्रवर एवं राशि नाम उच्चारण हुने गर्दछ । जसले कर्ताको प्रामाणिक अवस्थिति झल्काउँछ । यसैगरी कर्ताका माता पिता, पति पत्नी, भाइ बन्धु, पुत्र परिवार आदि सबैको यथा उल्लेख गरिन्छ । जसले कर्ताको पूर्ण परिचय गराएको हुन्छ । यी सम्पूर्ण भौगोलिक, ऐतिहासिक, खगोलीय अनि कर्ताको स्वकीय परिचय गराइसकेपछि मात्र फल अनुसारका कर्मको उल्लेख गरिन्छ । के कस्ता कर्म गर्ने हो ? कुन उद्देश्यका निम्ति गर्ने हो कस्तो फल प्राप्तिका निम्ति हो भन्ने कुराको पनि उच्चारण सङ्कल्पमा गरिन्छ ।

यो सामान्य सङ्कल्पको विधि हो । महासङ्कल्पमा यो भन्दा बृहत्तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयवस्तुको उच्चारण गर्नु पर्ने हुन्छ । जुन सामान्य वाचन गर्न पनि पच्चिस/तीस मिनेटको समय लाग्ने गर्दछ । कार्यअनुसारका सङ्कल्प फरक भए पनि मूलरूपमा उच्चारण गर्ने विषयवस्तु भने यस्तै नै हुन्छन् । देव एवं पितृ दुवै कार्यमा सङ्कल्पलाई अनिवार्य मानिएको छ । सङ्कल्पपूर्वक दिएको वस्तु मात्र पितृले प्राप्त गर्ने भएकाले देव भन्दा पनि पितृ कार्यमा सङ्कल्पको विशेष महत्त्व रहेको पाइन्छ । एउटा सङ्कल्पकर्ताले समग्र भूगोल, इतिहास, खगोल, अनि तत् कुलको इतिवृत्त बताउनु पर्दछ ।

सङ्कल्प समग्र ज्ञानको परिसूचक हो । कार्यका निम्ति लक्ष निर्धारक हो । एक प्रकारको वाचिक अठोट हो । जसले कार्य गर्नमा अभिप्रेरित गरेको हुन्छ । सङ्कल्प गरेर कार्य गर्न नसक्नु पाप हो । जसरी राजा वलिले सङ्कल्प गरेर अन्तिममा दिने वस्तु केही नहुँदा सर्वस्व सहित आफ्नै शिर प्रदान गर्नु परेको थियो । त्यसैले सङ्कल्पमा सधैं सावधान रहनु पर्दछ । सङ्कल्प समग्र अवस्थितिको द्योतक हो । जसको ज्ञान सबैमा हुनु आवश्यक छ ।

○○○

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्षवर्तिका प्रज्वलन : व्रतविधि र फल

कार्तिक, माघ र वैशाख महिनासँगै लक्षवर्तिका (लाखबत्ती) प्रज्वलन एवं दान गर्ने गरेको गाँउ समाजमा सर्वत्र देख्न पाइन्छ । हरेकले आफ्नो जीवनकालमा कम्तिमा एक पटक लक्षवर्तिका प्रज्वलन गर्ने चलन पनि रहेको छ । यसैगरी लक्षवर्तिका प्रज्वलन एवं दान गर्नाले इह लोकको भुक्तिका साथै मुक्ति समेत मिल्ले धार्मिक मान्यता रहेको पाइन्छ । सामाजिक भन्दा पनि धार्मिक मान्यता लक्षवर्तिका व्रतोद्यापनमा विशेष रहेको छ । विशेषतः महिलाको मासिक धर्मजन्य दोषबाट निवृत्त हुने उत्तम उपाय भएकाले पनि यसको विशेष महिमा छ । हुन त पञ्चमीको व्रतोद्यापनले पनि उक्त दोष निवारण हुने शास्त्रीय मान्यता छ । वर्षदिनमा भएका रजस्वलाजन्य दोषबाट पञ्मीमा निवृत्त हुने र पञ्चमी छुटेका एवं जीवनभरका अन्य दोषबाट समेत निवृत्त भई पुण्य समेत प्राप्त हुने भएकाले लक्षवर्तिका प्रज्वलन एवं दान गर्ने चलन रहेको छ-

निर्मूलं स व्रजत्याशु लक्षवर्ति व्रते कृते ।
रजसोत्थं महापापं नारीणां नात्र संशयः ॥

(सप्ताहमण्डप पूजाविधि, लक्षवर्तिका कथा, वायुपुराणको वचन श्लो. २९)

अर्थात् पापलाई समूल नष्ट गर्नका निम्ति लक्षवर्तिका प्रज्वलन गरिन्छ ।

लक्षवर्तिकाको अर्थ

लक्ष भनेको लाख हो भने वर्तिकाको अर्थ बत्ती भन्ने हुन्छ । अनि प्रज्वलन भनेको बाल्नु हो । यतिले मात्र लक्षवर्तिकाको परिभाषा पूरा हुँदैन । लक्षवर्तिका प्रज्वलनमा बात्तीको संख्या सवालाख हुनु पर्ने विधान रहेको छ । अर्थात् सपाद लक्षवर्तिका प्रज्वलन गर्नु पर्दछ । जुन विशेष संकल्पपूर्वक कातिएका हुन्छन् । जसको बाल्ने पनि धार्मिक विधि विधान रहेको हुन्छ । लक्षवर्तिकाको व्रत बसी विधिपूर्वक विष्णु लक्ष्मी, ब्रह्मा सावित्री र शिव पार्वतीको विशेष पूजा गरी प्रज्वलन गरिन्छ । यसमा बात्ती प्रमुख हुन्छन् । कपासका बात्तीलाई उत्तम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिन्छ । यसरी बत्ती प्रज्वलन गरिसकेपछि दीप दान गर्नु पर्छ । काँसको भाँडामा घ्यूले पूर्णगरी सुनको बत्ती बालेर योग्य ब्रह्मणलाई दान गर्ने शास्त्रीय विधान रहेको छ ।

त्रिंशत्पलं कांस्यपात्रं घृतेन परिपूरितम् ।
सुवर्णवर्तिसंयुक्तमाचार्याय निवेदयेत् ॥ *(पूर्ववत, श्लो. ५९)*

विशेषत: मासिकधर्मबाट महिलामा हुने दोषको निवारणका लागि यो व्रतोद्यापन गरिन्छ । महिनावारी भएका बेला ज्ञात अज्ञात रूपमा स्पर्शजन्य दोष हुने गर्दछन् । शास्त्रले रजस्वला भएका बेला पतिलाई छुन निषेध गरेको छ । यसैगरी उक्त समयमा अरु कसैलाई पनि स्पर्श गर्नु हुँदैन भन्ने वचन छ । तर गृहस्थ जीवनमा कतिपय अवस्थामा स्पर्शजन्य दोष हुन सक्छन् । यसरी भएको ज्ञात अज्ञात दोषबाट निवृत्तिका लागि लक्षवर्तिकाको प्रज्वलन गरिन्छ । यसैगरी आफ्ना पति एवं परिवारको दीर्घायु आरोग्य एवं ऐश्वर्य वृद्धिका निम्ति पनि लक्षवर्तिका प्रज्वलन गरिन्छ । यसैगरी पुण्य आर्जन गर्ने हेतुले समेत लक्षवर्तिका प्रज्वलन गर्न सकिन्छ । पुरुषले पनि यसको व्रतोद्यापन गर्ने शास्त्रीय विधान रहेको पाइन्छ *(पूर्ववत् श्लो. ७२)* ।

कहिले र कसरी गर्ने लक्षवर्तिका प्रज्वलन ?

लक्षवर्तिका प्रज्वलनका निम्ति कार्तिक, माघ र वैशाख महिनालाई उत्तम मानिएको छ । यी मध्ये पनि वैशाख महिना उत्तम मानिएको छ । वामन पुराणमा लक्षवर्तिका प्रज्वलनका निम्ति उत्तम महिना यसरी बताइएको छ-

कालो हि कार्तिको मासो वैशाखे माघ एव वा ॥
सहस्रगुणितं धत्ते व्रतं तन्मसि कार्तिके ।
तस्मात् कोटिगुणं ब्रूते माघमासि व्रतोत्तमम् ॥
तस्मादनन्तगुणितं फलं वैशाखमासके । *(पूर्ववत्, श्लो. ३६)*

अर्थात् अन्य महिना भन्दा कार्तिक महिनामा व्रत गर्नाले हजार गुणा बढी फल मिल्ने गर्दछ । कार्तिक महिनामा भन्दा माघ महिनामा लक्षवर्तिकाको व्रतोद्यापन करोड गुणा फलदायी हुन्छ । यसैगरी माघ महिनाको भन्दा वैशाखमा गरेको लक्षवर्तिका प्रज्वलनको फल अनन्तगुणा प्राप्त हुन्छ भनी पुराणमा उल्लेख पाइन्छ । व्रत समापन गर्नु दुई महिना पहिलेबाट व्रत बस्नु उपयुक्त हुने कुरा पनि शास्त्रमा बताइएको छ *(पूर्ववत्, श्लो. ३७)* । लक्षवर्तिका व्रतअन्तर्गत शुद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भई चोखो वस्तु भोजन गरी विष्णु भगवान्‌लाई प्रतिदिन गाईका घ्यूमा या तीलको तेलमा एक हजार बत्तीले आरती गर्नु पर्दछ ।

प्रातः स्नान गरी शुद्ध वस्त्र लगाएर पञ्चगव्य प्राशनपूर्वक ब्राह्मण वरणपश्चात् पुण्याहवाचन गर्नुपर्दछ । सुन्दर मण्डपको निर्माण गरी अग्निस्थापना विधिले सम्पूर्ण देवी देवताको आवाहन हवनपूर्वक वेदीको माझमा विष्णुलक्ष्मीको प्रतिमा राखी मूल विष्णु लक्ष्मी प्रतिमाको दायाँतिर शिव पार्वती र बाँयातिर ब्रह्मा सावित्रीको सुवर्ण प्रतिमा प्राणप्रतिष्ठापूर्वक स्थापना गर्नु पर्दछ । यसपछि षोडशोपचारले विशेष पूजा गरिन्छ । साथै भगवान्‌का प्रत्येक अंगको विशेष पूजा गर्ने विधान पनि रहेको छ (पूर्ववत्, श्लो. ४०-५२) । यसरी विशेष पूजन पश्चात् लाख बत्तीको संकल्प गरी बत्ती प्रज्वलन गर्नु पर्दछ । बत्ती प्रज्वलन पश्चात् बात्तीको संख्याको दशांश तर्पण र तर्पणको दशांशले हवन गर्नु पर्दछ । यसपछि पायस, घ्यू र पलासका समिधा विशेष मन्त्रले हवन गर्नु पर्दछ । घ्यूले पूर्ण काँसको पात्रमा सुनको बत्ती राखी ब्राह्मणलाई दान गरिन्छ । यसपछि बाच्छी सहित दुधालु गाईको दान गर्नु पर्ने विधान छ । विधिपूर्वक पूजा समापन गरी प्रसाद ग्रहण गर्नु र आफन्तलाई पनि प्रसाद दिनुपर्दछ । बत्ती पाँच, सात, नौ सुते सम्मका बाल्ने गरिन्छ । यति सुते नै बाल्नुपर्छ भन्ने निर्देश पाइएको छैन । यसैगरी बत्ती घ्यू वा तेल कुनै एक वस्तुमा मात्र भिजाउनु पर्दछ । घ्यू र तेल मिसाएर बत्ती भिजाउन निषेध गरिएको छ ।

लक्षवर्तिका प्रज्वलनको फल

लक्षवर्तिका प्रज्वलन गर्नाले कर्ता सहित कर्ताको सन्ततिले पनि सुख प्राप्त गर्दछन्-

> **अनेनैव विधानेन अक्षपूजां करोति यः ।**
> **पुत्रैः पौत्रैः प्रपौत्रैश्च सुखं प्राप्नोति निश्चितम् ॥** *(पूर्ववत्, श्लो. ५७)*

अर्थात् लक्षवर्तिकाको व्रत पूजन एवं प्रज्वलन गर्नाले छोरा, नाति पनातिसम्मलाई सुख शान्ति मिल्छ । यसैगरी पत्नीले गरे पतिको र पतिले गरे पत्नीको दीर्घायु हुन्छ । एक आपसमा सुखपूर्वक जीवन व्यतीत हुनुका साथै परलोकमा पनि सुख प्राप्त हुने धार्मिक मान्यता रहेको छ । विशेषतः महिलाको मासिक धर्मका बेला भएका ज्ञात अज्ञात दोषको निवृत्तिका साथै अन्य पापजन्य कार्यको पनि प्रायश्चित्त हुने शास्त्रमा उल्लेख पाइन्छ । लक्षवर्तिका प्रज्वलनले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुप्त पाप पनि नष्ट हुने कुरा बताइएको छ ।

एवं वर्ति प्रदानेन विष्णोरमिततेजसः ।
कोटयो ब्रह्महत्यानामगम्यागमकोटयः ॥
तथैवात्युग्रपापानि कोटयोऽथ सहस्रशः ।
नश्यन्ति नात्र सन्देहो नारीणां वा नरस्य च ॥ *(पूर्ववत्, श्लो. ६९-७०)*

अर्थात् लक्षवर्तिकाको दानले एक करोड ब्रह्महत्याको पाप नष्ट हुनुका साथै उग्र पाप कर्मबाट पनि मुक्ति मिल्छ भनिएको छ । यसैगरी सुलक्षणा नामकी महिलाले आफ्नो मृत पतिलाई पनि बचाउन सफल भएको कथा समेत पुराणमा उल्लेख पाइन्छ । त्यसैले लक्षवर्तिका व्रतमा विशेष शक्ति रहेको कुरा पुष्टि हुन्छ ।

हामी धार्मिक एवं सांस्कृतिक रूपले निकै धनी छौँ । पुण्य धनले होइन मनले प्राप्त हुन्छ । सच्चा मन भएन भने करोडौँ धनले पनि उक्त पुण्य प्राप्त गर्न सकिँदैन । त्यसैले यस्ता कर्ममा मानसिक शुद्धि हुनु आवश्यक हुन्छ । जे जस्तो मिल्छ पत्र, पुष्प, फलले भगवान्को आराधना गर्न सकिन्छ । यसैगरी पवित्रता पनि यस्ता कर्मको आर्को महत्त्वपूर्ण पक्ष हो । पवित्र मन, भावना र कर्मले गरेको फल अवश्य नै मिल्छ । तडक भडकलाई छाडी सभ्य एवं भव्य रूपमा यस्ता धार्मिक व्रतपर्वलाई स्वीकार गर्नु आवश्यक छ । जसले परलोकमा मुक्तिका साथै इह लोकमा सुख, शान्ति एवं समृद्धि प्राप्त हुन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रत किन बसिन्छ ?

वृञ् वरणे धातुदेखि **अतच्** प्रत्यय लागेर व्रत शब्दको निर्माण हुन्छ (शब्दकल्पद्रुम)। जसको अर्थ उपवासादि पुण्यकर्म भन्ने हुन्छ। **केचित्स्वकर्तव्यविषयो नियतः संकल्पो व्रतमिति** *(श्रीव्रतराज, पृ. २)* अर्थात् कुनै कर्तव्य विशेषका निम्ति संकल्पपूर्वक गरिने कार्य नै व्रत हो। पूजा आदिको कर्म विशेष नै व्रत हो भनी धर्मसिन्धुले बताएको छ–

पूजाद्यात्मकः कर्मविशेषो व्रतम्। *(धर्मसिन्धु)*

यसैगरी प्रातःकालीन आहार नखाई स्नानपूर्वक शुद्ध भई भगवद्भक्तिमा लाग्ने कार्यलाई निर्णयसिन्धुले व्रत भनेको छ। विशेष विधि र नियमपूर्व आफ्नो अभीष्ट सिद्धिका निम्ति संकल्पपूर्व गरिने कार्य विशेष नै व्रत हो।

उपवासको अर्थ सबै दोषबाट मुक्त भएर सद्गुणको आश्रय लिनु हो। पापबाट निवृत्त भएर सद्गुणका साथ निवास गर्नुलाई उपवास भनिएको छ। उपवासमा कुनैपनि कुराको भोग हुँदैन। कुनै पाप कर्म पनि रहँदैन।

उपावृत्तस्य पापेभ्यो यस्तु वासो गुणैः सह।
उपवास स विज्ञेयः सर्वभोग विवर्जितः॥

(श्रीव्रतराज, पृ. ९, कात्यायन वचन)

सबैप्रति दया, सहन भाव, अनिन्दा, पवित्रता, उदारता, मांगलिक कार्य र अनुचित इच्छाको त्याग नै गुणको आश्रय हो (श्रीव्रतराज, पृष्ठ ९ विष्णु धर्मोत्तर पुराणमा गौतम ऋषिको वचन)। यसरी व्रतलाई फलिभूत बनाउनका निमित्त अपनाउनुपर्ने आचरण नियम विशेषलाई उपवास भनिएको छ। उपवास व्रतको साधन हो। अर्थात् भनौ उपवासमा रही व्रतलाई परिपूर्णता दिइन्छ। व्रत र उपवास एक अर्काका परिपूरक हुन्।

व्रत पनि नित्य, नैमित्तिक र काम्य गरी तीन प्रकारका हुन्छन्। नित्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रतअन्तर्गत एकादशीव्रत, नैमित्तिकअन्तर्गत चान्द्रायण आदि व्रत पर्दछन् भने काम्यअन्तर्गत विशेष वरको कामना गरी तिथि, वार विशेषमा गरिने व्रत पर्दछन् ।

व्रत धारणको समय

गुरु-शुक्र अस्त, बाल्य, वृद्ध भएका बेला र मलमासमा व्रत आरम्भ एवं उद्यापन निषेध गरिएको छ–

अस्तङ्गते च गुरौ शुक्रे बाले वृद्धे मलिम्लुचे ।
उद्यापनमुपारम्भं व्रतानां नैव कारयेत ॥ *(श्रीव्रतराज, पृ. २)*

यसैगरी व्रत आरम्भका निम्ति तिथि उदित भएको हुनपर्दछ भनी हेमाद्रिमा बताइएको छ ।

उदयस्था तिथिर्या हि न भवेदिनमध्यभाक् ।
सा खण्डा न व्रतानां स्यादारम्भश्च समापनम् ॥

(श्रीव्रतराज, पृ. ३ हेमाद्रिको वचन)

यसैगरी सोम, बुध, बिही र शुक्रबार व्रत आरम्भका लागि शुभ मानिएको छ । व्यतिपात, वैधृति, वज्र योग, अमावास्या, संक्रान्तिका दिन व्रत आरम्भ एवं समापन गर्नु हुँदैन (श्रीव्रतराज, पृ. ३ हेमाद्रिको वचन) । कामनाअनुसार व्रतका विधान पनि भिन्न-भिन्न हुने भएकाले व्रतका निम्ति उपयुक्त समय ज्योतिर्वद्को सल्लाहमा निर्धारण गर्नुपर्दछ । क्षय भएको तिथिका दिन व्रत आरम्भ गर्नुहुँदैन ।

व्रती कस्तो हुनुपर्छ ?

व्रत धारण गर्ने व्यक्ति आफ्नो वर्णाश्रम आचार नियमको परिपालना गर्ने, शुद्ध चित्त भएको हुनु आवश्यक छ । यसैगरी सत्य बोल्ने, लोभ नगर्ने, सबैलाई समान व्यवहार गर्ने पनि हुनसक्नु पर्दछ । अन्यथा व्रत विफल हुने स्कन्द पुराणको वचन छ–

निजवर्णाश्रमाचारनिरतः शुद्धमानसः ।
अलुब्धः सत्यवादी च सर्वभूतहिते रतः ॥
व्रतेष्वधिकृतो राजन्नन्यथा विफलश्रमः ॥

(स्कन्दपुराणको वचन, श्रीव्रतराज पृ. ५)

व्रत कसरी धारण गर्ने ?

प्रातः स्नानपूर्वक सन्ध्योपासना गरी सूर्यलाई अर्घ्य दान गरेर विशेष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संकल्पपूर्वक व्रतको आरम्भ गर्नुपर्दछ । यसरी व्रत आरम्भ गर्दा उत्तर मुख हुनुपर्ने पनि विधान पाइन्छ *(श्रीव्रतराज, पृ. ७)* । दीप, कलश, गणेशजीको आह्वान पूजनपूर्वक व्रत लिने देवताको पनि विशेष पूजा गरेर व्रतारम्भ गर्न सकिन्छ ।

अभुक्त्वा प्रातराहारं स्नात्वाचम्य समाहितः ।
सूर्यादिदेवताभ्यश्च निवेद्य व्रतमाचरेत् ॥
क्षमा सत्यं दया दानं शौचमिन्द्रियनिग्रहः ।
देवपूजाग्निहवनं सन्तोषः स्तेयवर्जनम् ।
सर्वव्रतेष्वयं धर्मः सामान्यो दशधास्मृतः ॥ *(निर्णयसिन्धु, पृ. १७)*

अर्थात् बिहान खाना नखाई, स्नान र आचमन गरेर एकाग्र मनले सूर्यादि देवतामा व्रत गर्ने कुरा निवेदन गर्नु पर्दछ । व्रतका समयमा क्षमा, सत्यवचन, दया, दान, शौच, इन्द्रियसंयम, देवपूजा, होम, सन्तोषका साथै चोरी पनि गर्नुहुँदैन भनिएको छ । यी दशवटा व्रतका सामान्य नियम हुन् ।

व्रतमा के नगर्ने ?

यसैगरी व्रत आरम्भदेखि समापनसम्म खण्डित पनि गर्नु हुँदैन । व्रत धारण गरेर त्यसको नियम परिपालना पूर्णतः गर्नु पर्दछ । अन्यथा व्रतको फल प्राप्त हुँदैन । यदि कथं कदचित् यस्तो परिपालनामा अनजानमै त्रुटि भए प्रायश्चित गर्नु पर्दछ *(श्रीव्रतराज, पृ. ९)* ।

पान खानु, मैथुन गर्नु दिनमा सुत्ने जस्ता कार्यले व्रत उपवासलाई भङ्ग गर्दछन् *(श्रीव्रतराज, पृ. १०, देवलस्मृतिको वचन)* । यसैगरी बारम्बार पानी खान, दिनमा सुत्न, मैथुन गर्न, पान र मासु खान व्रतका दिन निषेध गरिएको छ–

असकृज्जलपानं च दिवास्वापं च मैथुनम् ।
ताम्बूलचर्वणं मांसं वर्जयेद्व्रतवासरे ॥

(श्रीव्रतराज, पृ. १०, विष्णुधर्मोत्तर पुराणको वचन)

यसैगरी उपवासमा अन्न पनि निषेध गरिएको छ *(श्रीव्रतराज, पृ. ११)* ।

व्रतमा कस्ता कार्य गर्ने ?

शुद्ध पवित्र फलाहार गरी व्रत बस्न सकिन्छ । जौको सातु उपवासमा शुद्ध मानिन्छ । यसैगरी शाली धानको चामल, गहुँ, जल, दुध आदि वस्तुको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपयोग व्रतमा उत्तम मानिएको छ-

व्रीहिषष्टिकमुद्गाश्च कलायाः सलिलं पयः ।
श्यामास्तथैव नीवारा गोधूमाद्या व्रते हिताः ॥ *(अग्निपुराण)*

यसैगरी फल, कन्दमुल, घ्यू, दही, महलाई पनि व्रतका निम्ति शुद्ध मानिएको छ ।

उपवासमा पनि महिलाहरूले शृङ्गार र दतिवन गर्नु हुन्छ । व्रत बसेको समयमा रजस्वला भए उपवास बस्नु हुन्छ तर आफैंले पूजा भने गर्नु हुँदैन भनी मनुस्मृतिमा बताइएको छ-

प्रारब्धदीर्घतपसां नारीणां यद्रजो भवेत् ।
न तत्रापि व्रतस्य स्यादुपरोधः कदाचन ॥ *(मनुसमृति)*

यसैगरी उक्त व्रत संवद्ध पूजा अरुद्धारा गराउनु हुन्छ भनी मत्स्य पुराणमा उल्लेख पाइन्छ-

अन्तरा तु रजोयोगे पूजामन्येन कारयेत् ।
उपवासत्रयं कुर्यान्नात्र कार्या विचारणा ॥ *(मत्स्यपुराण)*

आरम्भ गरिएको व्रत कुनै कारणले छुट्यो भने गोदान गरेर पुनः व्रत धारण गर्नुपर्दछ ।

समारम्भे व्रते पश्चाद् व्रतभङ्गो भवेद्यदि ।
गोदानं च ततः कृत्वा पुनर्व्रतमतश्चरेत् ॥ *(कृत्यशिरोमणि)*

जीवनमा सर्वकल्याण चाहनेले शिवजीको, मंगल चाहनेले गणेशजीको, दाम्पत्य सुखका निम्ति लक्ष्मीनारायण भगवान्को, शक्ति प्राप्तिका निम्ति भगवती दुर्गा देवीको व्रत धारण गर्नुपर्दछ । कामना अनुसार भिन्न भिन्न देवी देवताको व्रत धारण गर्न सकिन्छ ।

व्रतका निम्ति उपवास एक अभिन्न अङ्ग हो । व्रतको पूर्णताका निम्ति उपवासको आवश्यकता हुन्छ । संकल्पपूर्वक गरिएको व्रतको विशेष फल बताइएको छ ।

हरेक दिन कुनै न कुनै देवताको व्रत पर्ने गर्दछ । अभीष्ट कामना सिद्धिका निम्ति कुन देवताको व्रत धारण गर्ने सो अनुसार व्रत आरम्भ गर्ने तिथि मिति निर्धारण हुने गर्दछन् । सूर्य भगवान्को आइतबार व्रत धारण गर्न सकिन्छ । यसैगरी सूर्यको व्रतका निम्ति रविसप्तमी अझ उत्तम दिन हो । यसैगरी सोमबार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवजीको व्रत धारण गर्न सकिन्छ । मंगलबार गणेश एवं हनुमानको व्रतोपवास शुभ रहने गर्दछ । यसैगरी बुधबार विष्णु भगवान्‌को, बिहीबार दुर्गा देवीको, शुक्रबार इन्द्रायणी भगवतीको, शनिबार भैरव एवं शिवजीको व्रतका निम्ति उत्तम मानिएको छ । यसैगरी मंगलबार चतुर्थी तिथि परेका दिन गणेशजीको व्रत उपासना शुभ रहने गर्दछ । देवीको उपासनाका निम्ति चैत्र शुक्ल नवरात्र उत्तम समय हो । नागदेवताको उपासनाका निम्ति पञ्चमी तिथि शुभ मानिन्छ । कुमार कार्तिकेयको उपासना षष्ठी तिथिमा हुने गर्दछ भने एकादशीमा भगवान् विष्णुको उपासना शुभ रहन्छ । श्रावण शिवजीको प्रिय महिना हो । यसैगरी पर्व विशेषका पनि व्रत हुने गर्दछन् । जस्तै राम नवमीमा भगवान् श्रीरामको, भाद्र कृष्ण अष्टमीमका श्रीकृष्ण भगवान्‌को, शिवरात्रिमा शिवजीको, व्रतधारण गर्न सकिन्छ ।

यसरी व्रत धारण गरेपछि यसको उद्यापन पनि अनिवार्य गर्नुपर्दछ । उद्यापन भनेको व्रतको समापन हो । व्रत उद्यापनले व्रतलाई पूर्णता दिन्छ । उद्यापनमा अग्निस्थापना विधिद्वारा हवन, तद् देवताको विशेष पूजन तथा हवन पूर्णहुतिका साथै दानादि कार्य हुने गर्दछन् ।

व्रत उपासनाले शक्ति प्राप्त हुन्छ । जसले हाम्रा मनोकामना पूर्ण गर्न मद्दत गर्दछ । यसरी शक्ति सञ्चय गर्ने कार्य व्रतमा हुने गर्दछ । यसै गरी परमात्माप्रतिको प्रार्थना पनि व्रत नै हो । व्रतलाई परिपूर्ण गर्न उपवास र उपासना आवश्यक हुन्छन् । उपवास साधन हो भने व्रत साध्य हो । उपासना ईश्वर प्रतिको प्रार्थना हो । जसले यो लोकको भुक्तिका साथै पारलौकिक मुक्ति पनि प्रदान गर्दछ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड-३
पौरस्त्य वाङ्मय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षड्दर्शन परिचय

दर्शन भनेको दृष्टिकोण हो । जीवनलाई हेर्ने र तदनुरूप यापन गर्ने बाटो पनि दर्शन हो । पूर्वीय षड्दर्शनअन्तर्गत सांख्य, योग, न्याय, वैशेषिक, मीमांशा र वेदान्त पर्दछन् । यिनलाई आस्तिक दर्शन पनि भनिन्छ । यसैगरी बौद्ध, जैन र चार्वाक दर्शनलाई नास्तिक मानिन्छ । **'नास्तिको वेदनिन्दकः'** अर्थात् वेद विहित विषयवस्तु अङ्गीकार नगर्ने नास्तिक दर्शनअन्तर्गत पर्दछन् भने वेदलाई मान्ने आस्तिक दर्शन हुन् । सम्पूर्ण दर्शनको आधार वेद हो । वेद विहित विषयवस्तुलाई सम्यक् दृष्टिले हेर्ने कार्य नै वास्तवमा दर्शन हो । दर्शन जीवनका मार्गदर्शक हुन् । जसको सहायताले जीवन सरल, सहज, सुखी र आनन्द हुन्छ । यस्तै पूर्वीय षड्दर्शनको चर्चा यहाँ गरिन्छ :

साङ्ख्यदर्शन : सांख्यको अर्थ ज्ञान हुन्छ । यो दर्शन कपिल मुनिले प्रतिपादन गरेका हुन् । सांख्यले सृष्टि उत्पत्तिको कारण प्रकृतिलाई मान्दछ । सत्त्व, रज र तम यी तीन गुणहरूद्वारा सृष्टि र सृष्टिसम्बन्धी सम्पूर्ण पदार्थको विकास हुन्छ भन्ने धारणा साङ्ख्य दर्शनको हो । आत्मा नै पुरुष वा ईश्वरको रूप हो । आत्मा कर्ता, साक्षी र प्रकृतिदेखि भिन्न हुन्छ । यसका पनि दुई भेद ईश्वर मान्ने **सेश्वर** र ईश्वर नमान्ने **निरीश्वरवादी** छन् । विशेष गरी द्वैतमतको प्रतिपादक सांख्य दर्शन हो । साङ्ख्य दर्शनमा प्रकृति पुरुषलाई नै आदि मूलतत्त्व मानिन्छ । प्रकृति र पुरुषको आपसी सहयोगबाट नै जगत्को उत्पत्ति हुन्छ भन्ने चिन्तन साङ्ख्यको हो । प्रकृति जड र एक छ । पुरुष अनेक र चेतन छ । अतः यी कार्यकारण अव्यक्त रूपमा रहेका हुन्छन् । प्रकृति सत्त्व, रज र तमको साम्यावस्था हो । जब सत्त्व, रज र तममा वैषम्य आउँछ तब सृष्टिको उदय हुन्छ । प्रकृति र पुरुषको आपसी योगबाट महत् तत्त्व, महत्बाट अहंकारको उत्पत्ति हुन्छ । सत्त्वप्रधान अहंकारबाट एघार इन्द्रिय (कर्मेन्द्रिय ५, ज्ञानेन्द्रिय ५ र मन), तामस अहंकारबाट पञ्चतन्मात्रा (शब्द, स्पर्श, रूप, रस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र गन्ध) र तन्मात्राबाट स्थूल महाभूतको आभिर्भाव हुन्छ । सोही महाभूतबाट नै सृष्टिको उदय हुन्छ । हाम्रो भौतिक जगत् प्रकृति र पुरुषबाट नै अघि बढेको छ भन्ने चिन्तन सांख्य दर्शनको हो ।

योगदर्शन : **'योगश्चित्तवृत्तिनिरोधः'** अर्थात् चित्तवृत्तिको निरोध गर्नु नै योग दर्शन हो । चित्तमा आउने विकारलाई ईश्वर, आत्मा वा कुनै एक कुरामा मिलाउने क्रिया योग हो । जीवात्मालाई परमात्मामा मिलाउनु नै योग दर्शनको मूल लक्ष्य हुन्छ । यसका प्रतिपादक पतञ्जलि हुन् । इन्द्रिय, मन र बुद्धि अविचलित रूपले आत्मामा मिल्नु नै योग हो । यसबेला पुरुष प्रमाद रहित हुन्छ । योग नै उत्पत्ति र नाशको कारण हो । अझ भनौँ जीवात्माबाट परमात्मामा लीन हुने विधि योग दर्शनले बताएको छ ।

अष्टाङ्ग योग

१. **यम** : सत्यमा रहनु, चोरी गर्ने वृत्ति त्याग्नु, हिंसा नगर्नु, ब्रह्मचर्या पालन गर्नु र सङ्ग्रह गर्ने वृत्तिलाई छोड्नु नै यम हो । पञ्चेन्द्रियजन्य विषयको निग्रह नै वास्तवमा यम हो ।

२. **नियम** : व्रतमा प्रतिष्ठित रहनु नै नियम हो । शौच, सन्तोष, तप, स्वाध्याय आदि विषय यसअन्तर्गत पर्दछन् । व्रती हुनु पनि नियम हो । यसमा नियमितताको आवश्यकता हुन्छ । निरन्तरतालाई पनि नियमले जोड दिन्छ । हाम्रो जीवनका कार्यलाई नियमित पार्नु नै नियम हो ।

३. **आसन** : शारीरिक दोषको निवारण गर्ने माध्यम आसन हो । वसाइको व्यवस्थितिलाई पनि आसन भनिन्छ । शारीरिक आवश्यकता अनुसार ८४ प्रकारका आसनहरू योगसूत्रमा बताइएको छ । पद्मासन, हलासन, वज्रासन, मयूरासन आदि यसअन्तर्गत पर्दछन् ।

४. **प्राणायाम** : प्राणलाई शुद्ध गर्ने प्रक्रिया प्राणायाम हो । जसले मनमा एकाग्रता प्रदान गर्दछ । श्वासप्रश्वासमा शुद्धि मार्फत् चित्तका वृत्ति निरोध गर्ने कार्य यसअन्तर्गत पर्दछन् । रेचक, कुम्भक र पूरक प्राणायामका प्रक्रिया हुन् । पूरकमा श्वास तान्ने काम हुन्छ । श्वास रोक्ने कार्य कुम्भक हो भने श्वास छोड्ने प्रक्रिया रेचक हो । यो प्रक्रिया निरन्तर गरिरहँदा प्राणमा शुद्धि प्राप्त हुन्छ ।

५. **प्रत्याहार** : अन्तरात्माको विकास गर्ने प्रक्रिया प्रत्याहार हो । भित्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वरूपको ज्ञान गर्ने कार्य यसअन्तर्गत हुन्छ ।

यी योगका बहिरङ्ग पद्धति हुन् । अर्थात् शरीरका बाहिरी अङ्गबाट हुने प्रक्रिया यम, नियम, आसन, प्राणायाम र प्रत्याहार हुन् । अन्तरङ्ग पद्धतिअन्तर्गत ध्यान, धारणा र समाधि पर्दछन् । जो शरीर भित्रका क्रिया हुन् ।

६. **ध्यान** : इन्द्रिय र विषयको एकाकार वृत्ति नै ध्यान हो । निरन्तर वस्तुको चिन्तन गरेर एकीकृत हुने प्रक्रिया यसअन्तर्गत पर्दछ । ध्यान इन्द्रिय अनुसारका भिन्न-भिन्न हुन्छन् । एकाग्र भएको स्थितिलाई ध्यान भनिएको छ ।

७. **धारणा** : वृत्तिको परिसमाप्ति नै धारणा हो । प्रमाद रहित अवस्था, चापल्यरहित लठ्ठ परेको स्थिति धारणा हो । ध्यानबाट नै धारणा हुन्छ । एकाग्रता पश्चात् हुने मनोलयलाई धारणा भनिन्छ । चित्तको ध्येय पदार्थ वा विषयमा प्रतिष्ठित हुनु नै धारणा हो ।

८. **समाधि** : चित्तवृत्तिको निरोध वा लीन भएको अवस्था नै समाधि हो । निर्विकार बनेको अवस्थालाई समाधि भनिन्छ । यसबेला चित्तवृत्ति आत्मा वा ईश्वरमा लीन भएको हुन्छ । समाधि पनि सविकल्प र निर्विकल्प हुन्छन् । ध्याता, ध्यान र धेयको साक्षात्कार सविकल्प समाधि हो । विकल्परहित परमात्मामा मिलन निर्विकल्प समाधि हो ।

न्यायदर्शन : प्रमाणद्वारा निश्चित् अर्थलाई ग्रहण गर्ने वृत्ति न्याय दर्शन हो । यसलाई गौतम ऋषिले प्रतिपादन गरेका हुन् । न्यायले विश्वको मूल परमाणु आत्मा र ईश्वरलाई नित्य पदार्थ मान्दछ । यसले ईश्वरीय अस्तित्वलाई स्वीकार गर्दछ । ईश्वरलाई अनुमान प्रमाणद्वारा जान्न सकिन्छ भन्ने चिन्तन न्याय दर्शनको हो । ईश्वरको इच्छाले एक परमाणु दोस्रो परमाणुसँग मिलेर द्वयणुको सृष्टि हुन्छ । तीन द्वयणुको आपसी योगबाट त्र्यणु/त्रसरेणुको उत्पत्ति हुन्छ । सुख दुःखबाट छुट्नु नै मोक्ष हो । मिथ्या ज्ञानबाट नै मानिसलाई अनेक प्रकारका दुःख हुन्छन् । दुःख नाश गर्न आत्माको साक्षात्कार गर्नु परं आवश्यक हुन्छ । आत्मा साक्षात्कारका लागि योगका उपाय अपनाउनु पर्छ भन्ने मान्यता न्याय दर्शनले राख्दछ । यो यथार्थवादी दर्शन हो । प्रत्यक्ष, अनुमान, उपमान र शब्दलाई यथार्थका चार प्रमाण मानिन्छ । न्यायले मनलाई अणु र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चेतनालाई आगन्तुक गुण मान्दछ । मृत्युपछि आत्मा चेतनाहीन हुन्छ । आत्मा नित्य र चेतना अनित्य रहेको छ । ईश्वर सृष्टिको स्रष्टा, पालक र संहारक हो । संसार सुखमय छ र जीवन सुखमय बनाउन ईश्वर प्राप्ति गर्नु पर्छ । अझ भनौ घैंटो बनाउने कुम्भकार भएजस्तै पृथ्वीको उत्पत्तिकर्ता पनि ईश्वर छन् भन्ने मत न्याय दर्शनको हो ।

वैशेषिक दर्शन : परमाणु मिलेर संसार बन्नु नै वैशेषिक अर्थात् विशेषता हो। यो दर्शन कणाद ऋषिले प्रतिपादन गरेका हुन् । आत्माको यथार्थ ज्ञान तब हुन्छ जब आत्मादेखि फरक पदार्थको ज्ञान हुन जान्छ । किनभने आत्माको ज्ञान आत्मादेखि अलग द्रव्यहरूको परस्परको साधर्म्य र वैधर्म्य भावको बोधबाट नै हुन्छ । यो दर्शनले द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय र अभाव गरी सात पदार्थ मान्दछ । ईश्वर प्राप्तिका उपाय बताउने विशेष दर्शन नै वैशेषिक हो । विशेष पदार्थको चिन्तन गर्ने भएकाले वैशेषिक भनिएको हो । विशेष पदार्थको आवश्यकता एक परमाणुदेखि अर्को परमाणुमा भिन्नता गराउनका लागि हुन्छ ।

मीमांसा दर्शन : मीमांसाको अर्थ विवेचना हुन्छ । अनुमान वा तर्कद्वारा वास्तविक पदको अर्थबोध गर्नु नै मीमांसा दर्शन हो । यो दर्शन जैमिनी ऋषिले प्रतिपादन गरेका हुन् । वेद सम्मत कार्य धर्म हो र वेदले निषेध गरेका काम गर्नु अधर्म हो भन्ने चिन्तन यसमा पाइन्छ । वैदिक कर्मकाण्डको विवेचना गरी निर्णय दिने कार्य यसअन्तर्गत गरिन्छ । आत्मा चेतन छ । भौतिक जगत् सत्य हो । सबै पदार्थ यथार्थ हुन् । वेद विहित यज्ञद्वारा फल प्राप्त हुन्छ भन्ने चिन्तन नै मीमांसा हो । यसमा ज्ञान भन्दा पनि कर्मकाण्डलाई विशेष महत्त्व दिइन्छ । कर्मद्वारा अभष्टि सिद्धि गर्ने उपाय मीमांसाले बताएको छ ।

वेदान्त दर्शन : वेदान्त दर्शनको आधार उपनिषद् हो । ब्रह्मद्वारा नै जगत्को उत्पत्ति, स्थिति र लय हुन्छ भन्ने चिन्तन वेदान्त दर्शनले राख्दछ । एक ब्रह्म नै अनेकरूपमा प्रकट हुन्छन् अर्थात् **एकोऽहं बहु स्याम** भन्ने वेदान्त दर्शनले ब्रह्म सर्वत्र व्यापक, नित्य, आनन्दपूर्ण कर्ता र हर्ता रहेको कुरा स्वीकार गर्दछ । ब्रह्म बोध गराउने दर्शन वेदान्त हो । ब्रह्म आनन्द स्वरूप हुन्छ । ब्रह्म तथा परमात्मा एकै हो । अझ भनौ विज्ञान र आनन्द नै ब्रह्म हो । जुन कलारहित र क्रियारहित शान्त छ । जसलाई कुनै पनि विचार वा शब्दद्वारा भन्न सकिँदैन । **ब्रह्म सत्यं जगन् मिथ्या** अर्थात् अन्तिम सत्य ब्रह्म हो । ईश्वर बाहेक अरु सबै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा मिथ्या अर्थात् झुटा हुन् । त्यसैले ईश्वर प्राप्तिको उपायमा लाग्नु पर्छ भन्ने चिन्तन वेदान्त दर्शनले राख्दछ ।

दर्शनले ज्ञान पत्ता लगाउँछ भने शिक्षाले अभ्यास र प्रयोग गर्दछ । दर्शनहीन व्यक्ति असम्भव छ । मान्छे कुनै न कुनै दर्शनमा हिँडिरहेको हुन्छ । हरेकका आ-आफ्ना दृष्टिकोण हुन्छन् । यो संसरमा मूलतः दुई मुख्य चिन्तन धार रहेका छन् : आध्यात्मिक र भौतिक । पूर्वीय वाङ्मयले यी दुवै चिन्तनको व्याख्या विवेचना गरेको छ । अध्यात्म भित्रको पनि भौतिक दर्शन सांख्य हो । दर्शनका अथाह निधि लिएर पनि यसको वास्तविकता उजागर गर्न नसक्दा उही चर्वाकका अनुयायी मार्क्सलाई भौतिक दर्शनको पिता मानिएको अवस्था छ । तर मार्क्स आउनुभन्दा सयौँ वर्ष पहिले नै चार्वाक् दर्शन विद्यमान रहको थियो । त्यसैले भौतिक दर्शनका जनक चार्वाक नै हुन् । मार्क्स भन्दा सयौँ वर्ष पुरानो सांख्य दर्शन हो । निरीश्वरवादी सांख्य दर्शनले भौतिक चिन्तनलाई प्रवाहित गरेको छ ।

प्रमाणद्वारा ईश्वर सिद्धि गर्ने काम न्यायदर्शनले गर्छ भने योगद्वार ईश्वर प्राप्त गर्ने बाटो योग दर्शनले बताउँछ । कर्मकाण्डद्वारा ईश्वर सिद्धि गर्ने मीमांसा हो भने ज्ञानद्वारा ब्रह्मत्व प्राप्त गर्ने चिन्तन वेदान्त दर्शन हो । परमाणुद्वारा ईश्वर सिद्धि गर्ने कार्य वैशेषिक दर्शनले गर्दछ । यी षड्दर्शन विश्वका सर्वोकृष्ट चिन्तन हुन् । आज पाश्चात्य जगत् पूर्वीय चिन्तनको अनुसरण गरिरहेको अवस्थामा हामी पश्चमुखी हुनु विडम्बना हो । अतः अमूल्य निधि, जीवनका आधार षड्दर्शनलाई चिन्तन, मनन र व्यवहारमा उपयोग गर्नु आज आवश्यक देखिन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्तोषं परमं सुखम्

मानवीय स्वभाव नै यस्तै, निरन्तर असन्तुष्टिको अँगेनीमा घोत्लिरहने। उही अभावको आगोमा रापिइरहँने। समय यस्तै हो वा आफूले यस्तो बनाएको हो। अपूर्ण संसारमा स्मलिँदा स्मलिँदै यो लीला बित्ने रहेछ। मन निरन्तर उही अग्निज्वालामा दन्किरहन्छ। थाहा छैन शीतलता कस्तो हुन्छ र पनि मन उही सुखको संसार खोजिरहन्छ। उतारचढाव अनेकौं आइरहन्छन्। निरन्तरको चिन्तनले अर्धचेत भएरै पनि उही अभावकै आलाप गरिरहँदो रहेछ मानव मन। आफन्त इष्टमित्र एवं साथीभाइमा तुलना प्रतितुलनाका तराजु बोकेर इजलाश चलाइरहँदो रहेछ मान्छे। वादी प्रतिवादी स्वयं वकालत गर्दो रहेछ, तर्कहीन। स्वयं न्यायाधीश बन्दो रहेछ अनिर्णित। मुद्दा उही असन्तोषको।

मान्छे सबै सुखकै साथ खोजिरहन्छन्। तर परिभाषाहीन सुखको खोजीमा निरन्तर दुःखका दुन्दुभि बजाइरहन पुग्दो रहेछ मान्छे। मृगतृष्णमा मुर्भिएको मन मलमहीन भएर बाँचिरहँदो रहेछ। वास्तवमा के हो त सुख ? सुखका परिभाषाकार भन्छन् :

अर्थागमो नित्यमरोगिता च प्रिया च भार्या प्रियवादिनी च।
वश्यश्चपुत्रोऽर्थकरी च विद्या षड् जीवलोकेषु सुखानि राजन्॥

(महाभारत, ५।३३।८८)

अर्थात् मानव जीवनमा धन सम्पत्ति आइरहनु सुखको पहिलो शर्त हो। यदि सम्पत्ति छैन भने सुखको पहिलो खुड्किलो चढ्न सकिँदैन। यहाँ निरन्तर आइरहने धनलाई विशेष जोड दिइएको छ। एककालिक धनलाई सुखको खुड्किलो मानिएको छैन। नित्य अर्थागम भनिएको छ। सुखी हुने अर्को शर्त हो सधै निरोगी हुनु। यदि रोग लागेको छ भने धन पनि नाश हुन्छ र सुख पनि हराएर जान्छ। यसैगरी पत्नी प्रिया भइनन् भने सुख मिल्न सक्दैन। पत्नी प्रिया हुनुको साथै प्रिय बोलीवचन भएकी पनि हुनुपर्छ। पुत्र अर्थात् सन्तान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो वश अर्थात् नियन्त्रणमा रहनुपर्छ । यदि रहन सकेनन् भने पनि सुख लोप भएर जान्छ । यसैगरी अर्को शर्तमा अर्थकरी विद्या हुनु आवश्यक छ । धन नकमाउने विद्याले सुख नदिने तर्क छ नीतिकारको । त्यसैले संसारमा सुख पाउँन उक्त छ कुरा आवश्यक पर्दछन् । नित्य धन आगम हुने भए पनि रोगको राँकोमा पिल्सिनु परेपछि सुखको श्वास फेर्न असम्भव छ । यी सबै कुराको तारतम्य मिल्नु नै सुख मिल्नु हो तर यो संसार यिनै विषयवस्तुको बेमेलमा बाँचिरहेको हुन्छ । त्यसैले सुख निकै परको मृगतृष्णा बनेर निरन्तर मनलाई वहकाइरहन्छ ।

सुख र दुःखलाई चक्र जस्तै परिवर्तनशील पनि मानिएको छ । सुख पछि दुःख र दुःख पछि सुख निरन्तर घुमिरहन्छन्-

सुखस्यानन्तरं दुःखं दुःखस्यानन्तरं सुखम् ।
सुखं दुःखं मनुष्याणां चक्रवत् परिवर्तते ॥ *(महाभारत, शान्तिपर्व, २५/२३)*

प्रायः मान्छेको दुःखद् पाटो नै निकै लामो र धेरै समय सम्म रहिरहने गर्छ । सुखको वास्तविक अनुभूति गर्न नै नपाउदै दुःखको दाम्लोमा कसिसकेको हुन्छ मान्छे । साना ठूला जेजस्ता भए पनि चिन्ताका चपेटाले चेपि नै रहेको हुन्छ । दुःखको दुन्दुभि नै जीवनको सार बनेर बजिरहेको हुन्छ । दुःखको भँगालोमा परेको व्यक्ति त्यस पीडाबाट मुक्तहुँदा हुने अनुभव नै सुख मानिरहेको हुन्छ । तर त्यो वास्तवमा सुख नभएर उही दुःखकै सामान्य अवस्था हो । जीवन सबैका संघर्षमय नै छन्, अझ भनौ दुःखमय नै छन् । मात्रात्मक तलमाथि मात्र फरक हो । सुख साध्य हो भने दुःख साधन हो । जिन्दगी साधनामा नै वित्दो रहेछ ।

संसारी लीला निकै अचम्मको छ । अभावको आगो सबैका मनमा सल्किरहेको हुन्छ । त्यही असन्तोषको तरङ्गमा वहकाउदै मान्छे अनेकौ सपनाका महल बनाइरहेको हुन्छ । आफूमै हासिरहेको हुन्छ अनि सुन्दर परिवेश साँचिरहको हुन्छ । जुन जीवनभर बाँचिरहेको पनि हुन्छ । धन नहुनेलाई धनकै अभाव छ भने धन हुनेलाई पनि धनकै अभाव छ । पुग्ने सीमा कसैको छैन त्यसैले त नित्य अभाव र असन्तुष्टिको आगो सल्काइरहको हुन्छ मान्छे । संसारमा कोही पनि सुरक्षित छैन । जो धनको बलले सुरक्षित छु भन्छ उसलाई ईश्वरले पनि हमला गरिरहन्छन् अनि जो निकम्मा छ उसलाई ईश्वरले नै रक्षा गर्दछन् । त्यसैले त यस्तो नीति वचन मननीय छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अरक्षितं तिष्ठति दैवरक्षितं, सुरक्षितं दैवहतं विनश्यति ।
जीवत्यनाथोऽपि वने विसर्जितः, कृत प्रयत्नोऽपि गृहे विनश्यति ॥

(पञ्चतन्त्र, १/३५४)

अर्थात् अनाथलाई ईश्वरले रक्षा गर्छन् । सुरक्षितलाई स्वयं ईश्वरले नै प्रताडित गराइरहन्छन् । यसबाट पनि उही कुरा पुष्टि हुन्छ कि सुख संसारमा कसैलाई छैन ।

मान्छे यो धर्तीमा आ-आफ्नै कर्म लिएर आएको हुन्छ । जे छ त्यही गर्छ र त्यही पाउँछ । जस्तो हुनु छ त्यतै ऊ प्रेरित पनि भइरहेको हुन्छ । अनि त्यही पाउँछ पनि । तर त्यो पाउने पनि सन्तोषी हुँदैन र अभावकै अनुभव गरिरहन्छ । जे छ त्यो सामान्य प्रयत्नबाट नै मिल्छ । कुनै अलि परिश्रम गरेर मिल्ने पनि हुन सक्छन् । तर आफ्नो कर्मले ल्याएको भोग भन्दा बढी उसले भोग्न सक्दैन । जति इच्छा र चाहनाका चाँङ लगाए पनि कर्मफलदेखि पर छैन मान्छे । संघर्षमा जति घिस्रिए पनि आखिर जे छ त्यो भन्दा बढी कसैले पनि पाउदैन त्यत्तिकै यी नीतिवचन आएका होइनन्-

स हि गगनविहारी कल्मषध्वंसकारी ।
दशशतकरधारी ज्योतिषां मध्यचारी ।
विधुरपि विधियोगात् ग्रस्यते राहुणासौ ।
लिखितमपि ललाटे प्रोज्झितुं कः समर्थः ॥ *(हितोपदेश, १/२१)*

अर्थात् संसारलाई अन्धकारबाट उज्यालो छर्नेवाला सूर्य र रातमा प्रकाशित बनाउने चन्द्रमालाई त राहुले ग्रसित पारिरहेको हुन्छ भने अरुको त के कुरा भो र ? त्यसैले भाग्यमा जे लेखेको छ त्यसलाई कसैले छेक्न सक्दैन । जे छ त्यही मिल्छ जे छैन त्यो मिल्दैन ।

संसारमा सर्वोत्तम सुख पाउने उपाय नै सन्तोष हो । सन्तोषी हुनु वास्तविकताको दृष्टि हुनु हो । संसारी ज्ञान हुन सकेन भने मनमा सन्तोष हुँदैन र उही दुःखमै भौंतारिरहनु पर्दछ । मनमा आउने अनन्त इच्छाको आँत मार्ने हो भने मोह त्यत्तिकै हराएर जान्छ । मोह भएन भने शत्रु पनि रहँदैनन् । अभावको आगोमा पिल्सिनु पनि पर्दैन । त्यसैले वास्तविकताको ज्ञानबाट नै सुख मिल्छ ।

नास्ति काम समो व्याधिर्नास्ति मोह समो रिपुः ।
नास्ति क्रोध समो वह्निर्नास्ति ज्ञानात् परं सुखम् ॥ *(चाणक्य, ५/१२)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सच्चा ज्ञानले नै मान्छेलाई सुख दिन्छ । त्यो ज्ञान भनेको सन्तोषी हुनु हो । काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य त्याग गर्ने हो । यदि यी कुरा त्याग्न सक्दनौं भने हामी उही दुःखकै कोलमा पेलिइरहन्छौं ।

यो संसार आफ्नो वशमा छैन । मान्छेले आफ्नो जति बल छ त्यति घमण्ड गर्ने मात्र हो । त्यो भन्दा पर मान्छेको केही चल्दैन । सानो कार्य सम्पन्न गर्दा पनि मान्छेमा अहं भाव पैदा हुन्छ । आफूभन्दा जान्ने बुद्धिमानी अरूलाई मान्छेले देख्दैन । संसार जसरी पनि चल्न सक्छ भन्ने ज्ञान नहुँदा अहंको आगोमा राँकिइरहेको हुन्छ मान्छे । त्यसैले अनेकौं हन्डर खाँदै युगौं युगसम्म तड्पिरहेको पनि हुन्छ मान्छे । सर्प हावालाई आहार बनाएरै पनि बाँचिरहेका हुन्छन् र पनि बलवान नै हुन्छन् । सुकेका रूख विरूवा घाँस पात खाने वनका हात्ती पनि बलिया नै हुन्छन् । ऋषिमुनिहरूले कन्दमूल खाएर पनि युग विताएकै हुन् । त्यसैले यो संसारमा जे जस्तो छ त्यस्तै हुन्छ र चल्छ पनि । सुखी हुन सन्तोषी नै हुनु पर्छ अर्को विकल्प छैन । त्यसैले त भनिएको छ :

सर्पाः पिबन्ति पवनं न च दुर्वलास्ते शुष्कैस्तृणैर्वनगजा बलिनो भवन्ति ।
कन्दैः फलैर्मुनिवरा गमयन्ति कालं, सन्तोष एव पुरुषस्य परं निधानम् ॥

(पञ्चतन्त्र, २/१५९)

अतः सन्तोष नै सुखी जीवनको उत्तम विकल्प हो ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विज्ञानको जननी संस्कृत

विशिष्ट ज्ञान नै विज्ञान हो । जसको अथाह ज्ञान राशि संस्कृत वाङ्मयमा अन्तर्निहित छ । आजको यो वैज्ञानिक युगसम्म ल्याइपुऱ्याउने गुरु नै संस्कृत वाङ्मय हो । सम्पूर्ण विषयवस्तुको आधार संस्कृतमा पाउँन सकिन्छ । आज जति पनि आविष्कार भएका छन् ती सबै संस्कृत वाङ्मयकै उपज हुन् । संस्कृत वाङ्मयको आदि स्रोत वेद हो । सो पश्चात् ब्राह्मण, आरण्यक, वेदाङ्ग (शिक्षा, कल्प, निरुक्त, छन्द, व्याकरण र ज्योतिष), उपवेद, स्मृति, पुराण, उपपुराण, रामायण, महाभारत, दर्शन, तन्त्र, धर्मशास्त्र, कर्मकाण्ड, राजनीति शास्त्र, चिकित्सा आदि मूलभूत विषयहरू आएका हुन् । महाभारत विश्वको सबैभन्दा ठूलो महाकाव्यात्मक कृति हो । जहाँ हरेक विषयवस्तुको वर्णन पाउँन सकिन्छ । वेदकै ज्ञान काण्डका रूपमा उपनिषद्हरू स्थापित छन् । उपनिषदीय ज्ञानबाट नै आजको विज्ञानको पनि जन्म भएको हो ।

प्रविधि विज्ञान

परमाणुशास्त्रका जनक आचार्य कणाद् हुन् । आधुनिक अणुशास्त्रज्ञ जोन डाल्टन भन्दा २५०० वर्ष पहिले नै आचार्य कणाद्ले द्रव्यको परमाणु हुन्छ भन्ने कुरा बताएका हुन् । रसायनशास्त्रको प्रवर्तनमा नागार्जुनको पनि योगदान रहेको पाइन्छ । जो ईशाको सातौं शताब्दीका रसायनशास्त्री हुन् । उनले बहुमूल्य धातु सुनमा गरेको शोध यसको ज्वलन्त उदाहारण हो । धातुलाई सुनमा बदल्ने शक्ति उनमा थियो । यसैगरी उनी अमृत बनाउन पनि कुशल थिए । धातु शुद्ध गर्ने विधि पनि उनैले पत्तालगाएका हुन् ।

आजको आकाशमा उड्ने जहाजका परिकल्पनाकार स्वयं ब्रह्मा हुन् । राइट दाजुभाइ नै वायु यानका प्रवर्तक मान्ने आजको आम धारणा बनाउनु विडम्बना हो । रामायण हजारौं वर्ष पुरानो ग्रन्थ हो र त्रेता युग पनि लाखौं वर्ष पुरानो समय हो । हो यही समयमा घटेका घटनाको अङ्कन रामायणमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ । कुवेरको हंस विमान थियो । पछि रावणले खोसेर लगेको हो । जसमा इच्छा अनुसार जहाँ पनि पुग्न सकिन्थ्यो । यो यथार्थ इतिहास हो । मय दानवको चामत्कारिक वस्तु निर्माण गर्ने सीपको पनि इतिहास सजिलै पाउँन सकिन्छ । पुष्पक विमान मनको इच्छा अनुसार चल्ने गर्थ्यो । जुन आजका वैज्ञानिकले निर्माण गर्न सकेका छैनन् ।

इन्जिनियरका पिता विश्वकर्मा हुन् । ग्राहमवेललाई भन्दा पहिले दिव्यदृष्टिलाई बुझ्नु आवश्यक छ । अर्जुनको जयद्रथ वध प्रविधिको उच्चतम प्रयोग हो । शब्दभेदी अस्त्रको चर्चा यत्र तत्र पाइन्छ । रूखका सुकेका पातमा मात्र वाण चलाएर झार्न सक्ने कला बरबरिकमा रहेको महाभारतकालीन इतिहासले नै प्रष्ट पारेको छ । कौरव माटाको भुड्कोबाट जन्मिएका हुन् । द्रोणाचार्य दुधेराबाट जन्मिएका हुन् । दुर्वासा ऋषि घैंटाबाट जन्मिएको प्रसङ्गले आजको टेष्ट्युव बेबी जन्माउने प्रविधिलाई पछि पारेको छ । स्वयं भीष्मले गंगाको प्रवाहलाई वाणद्वारा रोकेको कथा महाभारतमा पाइन्छ । जो इतिहासमा घटेको यथार्थ घटना हो । यसैगरी इन्द्रप्रस्थको भव्य महल वास्तुकलाको उत्कृष्टतम नमूना हो । जो आजका इन्जिनियरका निम्ति खोजको विषय छ । अतः पौरस्त्य वाङ्मय प्रविधिको पनि जननी हो । अनेकौं यान, अस्त्रशस्त्र, भवन वास्तु आदि प्रविधिको प्रयोग पनि पौरस्त्य वाङ्मयमा व्याप्त पाइन्छ । यसैले विज्ञान र प्रविधिको जननी संस्कृत हो भन्न सकिन्छ ।

शिक्षा

वेदको अङ्गका रूपमा शिक्षालाई निरूपण गरिएको छ । यसअन्तर्गत थुप्रै विधा र विषयहरू छन् । व्यक्ति र समाजलाई आवश्यक पर्ने हरेक विषयवस्तुको ज्ञान संस्कृत शिक्षाबाट पाउँन सकिन्छ । वेदले विश्व मानव समुदायलाई बाँच्न सिकाएको छ । निस्वार्थ र आध्यात्मि बन्न अभिप्रेरित गरेको छ । **सत्यं वद** । **धर्मं चर** । **स्वाध्यायान् मा प्रमद** । **मातृदेवो भव** । **पितृदेवो भव** । **गुरुदेवो भव** *(तैत्तिरीयोपनिषद्, शिक्षावल्ली, अनुवाक ११)* भनेर सबैलाई देवत्वको कोटि प्रदान गर्ने वैदिक शिक्षा आज पनि अनुकरणीय छ । विश्व शान्तिको कामना गर्दै **द्यौशान्तिरन्तरिक्षं शान्ति** ... *(यजुर्वेद, ३६/१७)* भनेर वेदमा गाइएको छ । शान्ति नचाहने संसारमा को हुन सक्छ ? संस्कृत वाङ्मयले संसारमा सुखपूर्वक बाँच्ने पाठ सिकाएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत शिक्षाले कर्म गर्न सिकाउँछ । फलको आशा रहित कर्म नै निष्काम कर्म हो । निष्काम कर्म गर्नु भनेको नै योगी हुनु हो । योगी हुनु नै इहलोकको मोक्षत्व प्राप्त गर्नु हो । जुन कुरा गीतामा उल्लेख छ । चराचर जगत पाञ्चभौतिक पदार्थले बनेको कुरा विज्ञानले भर्खर भेटाउदै छ । जुन कुरा पृथ्वी, जल, तेज, वायु र आकाशका रूपमा जैमिनि ऋषिले हजारौँ वर्ष पहिले नै व्याख्या गरिसकेका छन् । धर्मशास्त्र र तर्क संग्रहकै विकसित रूप आजका कानुन हुन् । समयको विकाससँगै नयाँ पन थपिनु स्वभाविक नै हो तर इतिहासविहीन संसार असम्भव छ ।

चिकित्सा

आयुर्वेद संस्कृतकै उपज हो । जुन विधिद्वारा निरोधात्मक होइन निदानात्मक उपचार गरिन्छ । आजको मेडिसिनले निरोधात्मक मात्र उपचार गर्छ जो क्षणिक हुन्छ । निदानात्मक उपचार पद्धतिले रोगलाई जरैदेखि निर्मूल पर्ने काम गर्दछ । आजको डाक्टरी विद्या यही आयुर्वेदीय परम्पराको विकसित रूप हो । चरक र श्रुश्रुत नै सम्पूर्ण चिकित्सा जगत्का जनक हुन् । आयुर्वेदलाई उपवेद पनि भनिएको छ । औषधीविज्ञानका पिता चरक हुन् । यसैगरी उनी छाला विशेषज्ञ पनि रहेका थिए । काया चिकित्सामा उनको महत्त्वपूर्ण योगदान रहेको छ । 'चरक संहिता' यसको ज्वलन्त उदाहरण हो । यसैगरी शल्य चिकित्साका जनक आचार्य सुश्रुत हुन् । इ.पू. ६०० वर्षमा उनले शल्यचिकित्साको आविष्कार गरेका हुन् । आचार्य सुश्रुतले छालाको प्रत्यारोपण विधि आफ्नो 'सुश्रुत संहिता'मा उल्लेख गरेका छन् । शल्य चिकित्सका लागि आवश्यक उपकरण सहित ३०० प्रकारका शल्य विधिको पनि सुश्रुत संहितामा उल्लेख पाइन्छ । जबकि आधुनिक शल्य चिकित्सा ४०० वर्ष भन्दा पुरानो होइन ।

पशुचिकित्साका बारेमा पुराणमा विशद् विवेचना पाइन्छ । अश्व चिकित्सा त आयुर्वेदकै एक शाखा हो । अग्नि पुराणमा अश्वचालन एवं अश्वचिकित्साको विस्तृत व्याख्या पाइन्छ । यसैगरी गज (हात्ती) चिकित्साको बारेमा पनि उल्लेख छ । गरूडपुराणमा पालकाप्य ऋषिले 'हस्तिविद्या' विषयक ग्रन्थ लेखेको उल्लेख छ । यसैगरी गौ चिकित्साका बारेमा पनि अग्निपुराणमा वर्णन गरिएको छ । अतः चिकित्साको जननी पनि संस्कृत हो भन्न सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कला र साहित्य

कला र साहित्यको आद्य स्रोत वेद हो । पौरस्त्य वाङ्मयमा केही गरेर जीविकोपार्जन गर्नुपर्छ भन्ने ज्ञान राशि अन्तर्निहित रहेको छ । संस्कृत वाङ्मयले अशावादी हुन सिकाउँछ । भौतिक दर्शनको जननी पनि संस्कृत नै हो । आशावादी जीवन पद्धति सर्वोत्कृष्ट हो भन्ने कुरा पूर्वीय दर्शनको परं मन्त्र हो । भौतिक सुख क्षणिक हुन्छ । आत्मिक सुख नै चिरस्थायी हुने भएकाले आत्मिक आनन्दमा लाग्न वेदले प्रेरित गरेको छ । कलाको आदि स्रोत पनि वेद नै हो । चित्रकला, वास्तुकला, मूर्तिकला लगायतका थुप्रै विषयवस्तुको विशद् व्याख्या संस्कृत वाङ्मयमा व्याप्त पाइन्छ ।

साहित्यका सुन्दर कृतिहरू संस्कृत वाङ्मयमा विद्यमान छन् । सबैभन्दा पुरानो महाकाव्य 'रामायण', सबैभन्दा ठूलो महाकाव्य 'महाभारत' पौरस्त्य वाङ्मयकै देन हुन् । संस्कृत साहित्यको अध्ययनबिना संसारको साहित्य अपुरो हुन्छ । गद्य साहित्यको उत्कृष्ट नमूना 'कादम्वरी'मा व्याप्त पाइन्छ । यसैगरी महाकवि कालिदासको 'अभिज्ञान शाकुन्तलम्' संसारकै उत्कृष्ट नाट्यकृति हो । सुखान्त काव्य पौरस्त्य साहित्यशास्त्रमा व्याप्त छ । भर्तृहरि, भारवि, माघ, नैषध आदि संस्कृत साहित्यका मूर्धन्य व्यक्तित्व हुन् । वस्तुतः वेद स्वयं नै साहित्य हो ।

ज्योतिष (खगोल, भूगोल एवं वास्तु)

खगोलीय एवं भूगोलीय अध्ययन ज्योतिषशास्त्रअन्तर्गत हुने गर्दछ । ज्योतिषको संहिताशास्त्रमा मौसमको विशद् विवेचना गरिएको छ । आकाशीय ग्रहहरूको अध्ययन अवलोकन गरी हाम्रा ऋषि महर्षिहरूले हजारौ वर्ष पहिले दिएको ज्ञान नै आजको खगोल विज्ञान हो । गणितको जननी वेद हो । वेदमा बताइएका संख्यात्मक मानको रूप नै आजको गणित हो । व्यक्त अव्यक्त गणित नै आजका अङ्क र बीज गणित हुन् । जसको व्याख्या ज्योतिषशास्त्रले गरेको छ । पृथ्वीले आफूभन्दा साना वस्तुलाई आफूतर्फ आकर्षित गर्छ भन्ने कुरा न्युटनभन्दा ५०० वर्ष पहिले नै भास्कराचार्यले बताइसकेका छन् ।

> **'आकृष्टिशक्तिश्च मही तया यत् खस्थं गुरु स्वाभिमुखं स्वशक्त्या ।**
> **आकृष्यते तत्पततीव भाति...'**

(सिद्धान्तशिरोमणि, गोलाध्यायः, भुवनकोश, श्लो. ६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनी पृथ्वीको आकर्षण शक्तिका बारेमा सर्वप्रथम उनै भास्कराचार्यले उद्घाटन गरेका हुन् । आकाशीय ग्रहहरूको अध्ययन अवलोकन गर्ने पद्धतिको विकास पनि संस्कृत शिक्षाबाट नै भएको हो । किनकि वेदमा सूर्यादि ग्रहहरू र ग्रहणको पनि चर्चा गरिएको छ । सूर्यले वर्षमा ३६० अंश (डिग्री) पार गर्छ भन्ने कुरा आज भन्दा हजारौँ वर्ष पहिले नै पत्ता लागेको हो ।

यसैगरी टेलिस्कोपका निर्माता ग्यालिलियोलाई भन्ने चलन छ । जो सोह्रौं शताब्दीका व्यक्ति हुन् । ग्यालिलियो भन्दा पाँच सय वर्ष अघिका भास्कराचार्यले गोलयन्त्रको निर्माण गरी खगोलीय विषयवस्तुको अध्ययन गरेको तथ्य पाइन्छ *(सिद्धान्तशिरोमणि, गोलाध्यायः, यन्त्राध्यायः)* । अझ भास्कराचार्यपूर्व चौथो शताब्दीका आर्यभट्टले पनि सोही विषयमा थुप्रै चर्चा गरेका छन । यसैगरी गणितका सिद्धान्त पनि वेदबाटै निकालिएका हुन् । वेद नै गणितको आदि स्रोत हो । अंकगणित, बीजगणित, ज्यामिति, क्षेत्रमिति, चलनकलन आदि थुप्रै गणितका सिद्धान्त एवं अवयव वेदका ऋचा-ऋचामा व्याप्त पाइन्छ ।

चन्द्रमालाई हजारौँ वर्ष पहिले शीतकारक ग्रह बताइसकिएको छ । हिमांशु चन्द्रमाको नाम हो । जसको पुष्टि आजको विज्ञानले भर्खर गर्दैछ । चन्द्रमामा चिसो अधिक छ । चन्द्रमाको कलामा क्रमशः घटबढ भइरहन्छ । चन्द्रमाले सूर्यको प्रकाश पृथ्वीमा आउनबाट रोक्दा सूर्य ग्रहण लाग्छ । पृथ्वीको छायाँ चन्द्रमामा पर्दा चन्द्र ग्रहण लाग्छ भन्ने कुरा ऋग्वेदमा उल्लेख पाइन्छ-

...यं वै सूर्यं स्वर्भानुस्तमसाविध्यदासुरः ।
अत्रयस्तमन्वविन्दन् नह्यन्ये अशक्नुवन् ॥ *(ऋग्वेद, ५।४०।५-९) ।*

जुन कुरा पाश्चात्यले सत्रौं शताब्दीमा कनिकुथि भन्दा विज्ञान हुने अनि हजारौ वर्ष पहिलेका ऋषि महर्षिले भन्दा विज्ञान नहुने कसरी हुन सक्छ ? आजका जति पनि आविष्कार छन् ती सबै वेदमा बताइएका छन् । वेदबाट साभार गरेर आजको सन्दर्भमा प्रस्तुत गर्दा हामी आजका कुरालाई विज्ञान भन्छौ भने विज्ञानको पनि विज्ञान संस्कृत सजिलै पुष्टि हुन अउँछ ।

वास्तु पूर्वीय वाङ्मयकै उपज हो । गृहवास्तु, भूमिवास्तु आदि वास्तुका थुप्रै भेदहरू छन् । जुन हामीलाई आवश्यक परिरहेका हुन्छन् । घर बनाउदा कस्तो कसरी कुन ठाउँमा बनाउने भन्ने कुरा वास्तु शास्त्रअन्तर्गत जान्न सकिन्छ । आजको इञ्जिनियरिङ यही वास्तुको उपज हो । वास्तु शास्त्रले भूमिदेखि घरका हरेक स्थान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र क्षेत्रको अवस्थितिका बारेमा सही दिशा निर्देश गर्दछ ।

योग एवं प्राकृतिक चिकित्सा

योग संस्कृत वाङ्मयकै देन हो । पूर्वीय षड्दर्शन मध्येको एक योगमा शारीरिक स्वास्थ्यका साथै पारालौकि आनन्द पनि पाउँन सकिन्छ । स्वस्थ बनेर पारलौकिक आनन्द प्राप्तिका निम्ति पनि योगको आवश्यकता पर्दछ । योगले शरीरलाई स्वस्थ राख्नुको साथै चित्तवृत्तिको समेत निरोध गर्दछ । आजको थेरापी विद्या यही योगकै एक अङ्ग हो । यसैगरी प्राकृतिक चिकित्सा पद्धति पनि पौरस्त्य वाङ्मयकै देन हो । प्रकृति मार्फत् नै उपचार गर्ने पद्धति यसअन्तर्गत पर्दछ । जुन आयुर्वेदको एक हाँगो हो । योग एवं प्राकृतिक चिकित्सा दुवै स्वास्थ्य लाभका निम्ति उत्तम ज्ञान र प्रयोग हुन् ।

चराचर जगत्

चौरासी लाख योनीको उल्लेख पनि पौरस्त्य वाङ्मयमा व्यक्त पाइन्छ । आजका वैज्ञानिकले अमिवादेखि लिएर मान्छेसम्म चौरासीलाख जीव रहेको पुष्टि गरेका छन् । यसैगरी प्राणीको वर्गीकरण पनि संस्कृत वाङ्मयमा व्यवस्थित गरिएको छ । जरायुज, अण्डज, स्वेदज र उद्भिज । आमाको गर्भबाट उत्पन्न हुनेलाई जरायुज भनिन्छ । जसको गर्भमै शरीरको विकाश हुने गर्दछ । मान्छे, पशु आदि जरायुज हुन् । अण्डाबाट उत्पन्न हुने अण्डज हुन् । चरा, सर्प आदि यसअन्तर्गत पर्दछन् । यसैगरी पसिना एवं मलमूत्रबाट जन्मिनेलाई स्वेदज भनिन्छ जसअन्तर्गत जुम्रा, उपिउँ, आदि पर्दछन् । उद्भिज, अन्तर्गत बीजबाट उत्पन्न हुने वनस्पति पर्दछन् । यो संसारमा स्थलचर २० लाख प्रकारका, जलचर ९ लाख प्रकारका, किरा फट्याङ्ग्रा ११ लाख प्रकारका, पक्षी १० लाख प्रकारका, पशु ३० लाख प्रकारका, वानर ४ लाख प्रकारका योनि बताइएको छ–

स्थावरं विंशतिलक्षं जलजं नवलक्षकम् ।
कृमयो रूद्रलक्षञ्च दशलक्षञ्च पक्षिणः ।
त्रिंशत् लक्षं पशूनाञ्च चतुर्लक्षञ्च वानराः ।
ततो मनुष्यतां प्राप्तः शुभकर्मणि साधयेत् । *(शब्दकल्पद्रुम)*

चौरासीलाख योनिको भोग पश्चात् शुभकर्मको फलले मनुष्य योनि प्राप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषा

सम्पूर्ण भाषाको मूल पनि संस्कृत नै हो । संस्कृतलाई देववाणी भनिन्छ । यहाँमात्र नभएर देव र पितृलोकमा पनि संस्कृत ग्राह्य हुनेकुरा हाम्रा धर्मशास्त्रमा वर्णन पाइन्छ । हाम्रा देव एवं पितृकार्यमा संस्कृत भाषाकै प्रयोग गरिनुको कारण पनि यही नै हो । भाषाहीन मानव हुँदैन । भाषाको व्यस्थिति पनि संस्कृतको जति अरु भाषामा छैन । भाषालाई व्यवस्थित गर्ने कार्यमा संस्कृतका पाणिनिको योगदान स्तुत्य छ । आजको विज्ञानले पनि संस्कृत अन्तरिक्षको सम्पर्क भाषा हुनसक्ने कुरा पुष्टि गरेको छ । आज संस्कृतलाई आक्षेप लगाउनेले सस्युरको भाषा विज्ञान, फिलमोरको कारक र पाणिनिको अष्टाध्यायी तुलनात्मक रूपमा अध्ययन गर्नु जरूरी छ । पाणिनिले १४ सूत्रमा सम्पूर्ण संस्कृत भाषालाई बद्ध गरेका छन् । जुन विश्वका कुनै भाषामा पनि पाइँदैन । विश्वका सबै भाषाको मूल संस्कृत नै हो । भ्रातरबाट ब्रदर, पितरबाट फादर, मातरबाट मदर शब्द बनेका हुन् । यस्ता अनेकौं शब्दको संस्कृत मूल पाइन्छ । अतः भाषाको जननी पनि संस्कृत नै हो भन्ने पुष्टि हुन्छ ।

इतिहास

पौरस्त्य वाङ्मय स्वयंमा बृहत्तर इतिहास हो । अरबौं वर्ष पुरानो इतिहासको अंकन संस्कृतमा पाइन्छ । इतिहासहीन मानवको कल्पना असम्भव छ । आज हाम्रो अस्तित्वको कुरा गर्दा हिजो पुर्खाको विरासत थिएन भन्नु गलत हो । किनकि हामी नयाँ होइनौं । तिनै पुर्खाको बीजमा बाँचिरहेका छौं । आज युवा छौं, जोश र जाँगर छ भन्दैमा आफैलाई सर्वश्रेष्ठ ठान्नु गलत हो । किनकि हामी इतिहासले दिएको चेतनाको धरातलमा उभिएका छौं । हामीमा पुर्खाको बीज छ । त्यही जिनबाट नै हाम्रो जीवन चलिरहेको छ । आविष्कारककै कुरा गर्ने हो भने स्वयं ईश्वर मात्र हुन् । वेद ईश्वरकै सृजना हो । तिनै कुराको प्रयोग गर्दा आविष्कारकको भानमा विज्ञानको बुई चढेर संस्कृतको उपेक्षा गर्नु व्यर्थ छ ।

संस्कृति र सभ्यता

संस्कृतिको मूल पनि वेद नै हो । **संस्कृतं संस्कृतेर्मूलम्** अर्थात् संस्कृत नै संस्कृतिको मूल हो । हाम्रा हरेक कर्म वैदिक विधि विधान अनुसार हुने गर्दछन् । जन्मदेखि मृत्युसम्मका सोह्र संस्कार हाम्रा वैदिक कर्मकाण्ड हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले यो लोकको भुक्तिका साथै परलोकको मुक्ति प्रदान गर्दछन् । यसैगरी वैदिक सभ्यातालाई सर्वप्राचीन मानिन्छ । एक आपसमा भेटघाट एवं दुःख सुख साट्ने दिनका रूपमा चाड पर्व मनाउने पद्धति पनि वैज्ञानिक छ । संस्कृति हाम्रो गहना हो, जो वेदबाट अनुप्राणित छ ।

संगीत

संगीतको उत्पत्ति सामवेदबाट नै भएको हो । **सा रे ग म प ध नि (सा)** संगीतका सात सुरको विशद विवेचना सामवेदमा निरूपण गरिएको छ । यिनै सारेगमलाई पछि **डो रे मि फा सि ला सि (डो)** बनाइएको हो । यसैगरी नाट्येश्वर भगवान् शिवजी हुनुहुन्छ । ताण्डव नृत्यबाट नै आजको नृत्यकला अघि बढेको छ । विभिन्न प्रकारका वाद्यवादनको पनि परिचर्चा पौरस्त्य ग्रन्थमा उल्लेख पाइन्छ । शङ्ख, भेरी, घण्ट, मृदङ्ग आदि यसका उदाहरण हुन् । नाद बुझ्न सामवेदको अध्ययनबाट मात्र सम्भव छ । अतः संगीतको आदि स्रोत वेद नै हो ।

निष्कर्ष

पत्रकारिताका पिता नारद हुन् । भूगोलको जनक वेद हो । राजनीति र कूटनीतिको मार्गदर्शक महाभारत हो । प्रेमको उदाहरण रामायण हो । महाभारतजस्तो वृहद्काया महाकाव्य संसारमै अद्वितीय छ । गद्य आख्यानमा वाणभट्टको कादम्बरी स्तुत्य मानिन्छ । ईश्वर सिद्धिका निम्ति न्यायदर्शन ज्वलन्त प्रमाण हो । रामायणमा वर्णित पुष्पक विमानकै परिकल्पनामा आजका यानहरू निर्माण भएका हुन् । कृषिकर्ममा लाग्न वेदले आदेश गरेको छ । **अक्षैर्मा दीव्यः कृषिमित् कृषस्व वित्ते रमस्व बहुमन्यमानः ॥** *(ऋग्वेद, ३/४/१३)* **कृषिर्मन्या कृषिमेध्या जन्तूनां जीवनं कृषिः** *(कृषि पाराशर, श्लो. ८)* अर्थात् कृषिले नै सम्पत्ति र मेधा प्रदान गर्ने भएकाले कृषि मानव जीवनको आधार हो ।

हिजोका ऋषि महर्षिका परिकल्पना नै आज विज्ञानका विषय भएका छन् । मन्त्रद्रष्टा ऋषिहरूले छोडेर गएका ज्ञान नै आजको विज्ञानले खोजिरहेको छ । आज वेदको अंग्रेजीमा अनुवाद गरेर अमेरिका, जर्मन, बेलायत, रूस आदि पश्चिमा देश अघि बढेर अन्तरिक्षसम्मको यात्रा तय गरिरहेका छन् । हरेक आविष्कारका पछाडि संस्कृत वाङ्मयको देन छ । मार्क्सवादभन्दा पहिले चार्वाक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शन बुझ्नु आवश्यक छ। आजको भौतिकवाद उही चार्वाककै अनुकरण हो।

चाहे संस्कृति होस् चाहे कला, भाषा..., जीवन पद्धति, इतिहास, भूगोल, साहित्य, प्रविधि एवं चिकित्सा हरेक क्षेत्रमा संस्कृत वाङ्मयले नेतृत्व गरेको छ। हरेक विषयवस्तुको मूल नै वेद हो। वेद संस्कृत वाङ्मयकै आद्य गुरुग्रन्थ भएकाले पनि विज्ञानको जननी संस्कृत हो भन्ने कुरा पुष्टि हुन्छ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुन पुराणमा के छ ?

'पुरा नवं पुराणम्' अर्थात् सधैं नयाँ लाग्ने विषयवस्तु समेटिएका ग्रन्थ विशेष नै पुराण हुन् । वेदले बताएका विषयवस्तुको सविस्तार व्याख्या पुराणमा गरिएको छ । ऋक्, यजु, साम र अथर्व पछिको पाँचौ वेदका रूपमा पनि पुराणलाई लिइएको छ । **इतिहासपुराणं च पञ्चमो वेद उच्यते ॥** *(श्रीमद्‌भागवत, १/५/२०)* पुराणको उत्पत्ति पनि वेदसँगै भएको तथ्य पनि पाइन्छ : **ऋचः सामानि छन्दांसि, पुराणं यजुषा सह ॥** *(अथर्वसंहिता, ७१/७/२४)* । पुराणका रचयिता वेदव्यास हुन् । महापुराणको संख्या अठार बताइएको छ–

मद्वयं भद्वयं चैव ब्रत्रयं व चतुष्टयम् ।
अ ना प लिङ्गकूस्कानि पुराणानि विदुर्बुधाः ॥

(विष्णुपुराण भूमिका पृ. ६ देवीभागवतको वचन)

अर्थात् अठार पुराणहरूमा मत्स्य, मार्कण्डेय, भागवत, भविष्य, ब्रह्म, ब्रह्मवैवर्त, ब्रह्माण्ड, विष्णु, वायु, वामन, वराह, अग्नि, नारद, पद्म, कूर्म, स्कन्द, लिङ्ग र गरूडपुराण पर्दछन् ।

सम्पूर्ण पुराणले परमात्मा परमेश्वर प्राप्त गर्ने विविध उपायहरू, आख्यान र उपाख्यानका माध्यमले वर्णन गरेका छन् । सरल ढङ्गमा अनेकौं कथा प्रसङ्गका साथ परमात्मा परमेश्वरको लीलाचरित्र गान गरी सबैलाई सत्मार्गमा लाग्न अभिप्रेरित गर्नु पुराणहरूको मुख्य ध्येय रहेको देखिन्छ । अठारवटै पुराणको संक्षिप्त चर्चा यहाँ प्रस्तुत गरिन्छ :

१. ब्रह्मपुराण : ब्रह्मपुराणलाई सर्वप्राचीन मानिएको छ । किनकि यसको चर्चा अरु सबै पुराणले गरेका छन् । नारद, मार्कण्डेय र देवीभागवतका अनुसार यस पुराणको श्लोक संख्या दश हजार बताइएको छ । लिङ्ग, वराह, कूर्मपुराणले भने तेह्र हजार श्लोक रहेको उल्लेख गरेका छन् । पूर्व र उत्तर गरी दुई भागमा विभक्त ब्रह्मपुराणको पूर्व भागमा सूर्यको आराधना, अदिति सूर्य संवाद,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अदितिपुत्रका रूपमा सूर्यको जन्म, दक्षादि प्रजापतिको उत्पत्ति, देवासुर संग्राम, लोकेश्वर भगवान् भास्करको वंशवर्णन, चतुर्व्यूह अवतारको कथा, भगवान् श्रीरामका गाथा, सोम वंशको वर्णन, श्रीकृष्ण भगवान्को जन्मलीलाका साथै भगवती पार्वतीको जन्म प्रसङ्ग उल्लेख गरिएको छ । यसैगरी दोस्रो उत्तर खण्डमा श्रीराम र श्रीकृष्ण भगवान्को लीला चरित्रको विस्तारमा व्याख्या पाइन्छ । वर्णाश्रम धर्मको चर्चा, व्रतोपासना विधिका साथै योगादि दर्शनको चर्चा पनि गरिएको छ ।

२. पद्मपुराण : पद्मपुराणमा पाँच खण्डहरू छन् । सृष्टि खण्ड, भूमिखण्ड, स्वर्ग खण्ड, पातालखण्ड र उत्तरखण्ड । सृष्टि खण्डअन्तर्गत सृष्टि, प्रतिसृष्टि, वंश, मन्वन्तर र वंशानुचरित यी पाँच विषय समावेश गरिएको छ । सोम सूर्य वंशको विस्तारित वर्णन पनि यहाँ पाउँन सकिन्छ । भूमिखण्डमा विशेषगरी विष्णुशर्मा, सुव्रत, वृत्रासुर, पृथु, उग्रसेन, नहुष, ययाति आदिको उपाख्यान रहेको छ । ब्रह्मचर्य, दान आदि मानव धर्मको वर्णन पनि पाइन्छ । स्वर्गखण्डमा स्वर्गादि लोकको वर्णन छ । दुष्यन्त र शकुन्तलाको कथा विशेष विस्तारमा बताइएको छ । नक्षत्र तारा वर्णन, ध्रुवचरित्र, राजा उशिनर, मरूत्, दिवोदास, हरिश्चन्द्र, मान्धाता आदिको चरित्रगान पनि स्वर्गखण्डमा गरिएको छ । पातालखण्डमा रामचन्द्र भगवान्को सम्पूर्ण लीलाचरित्र प्रस्तुत छ । यसैगरी भगवान् श्रीकृष्णको महिमाका साथै कृष्णतीर्थ, नारदका स्त्रीरूपको समेत कथा पाइन्छ । भारतीय भूगोलको समेत वर्णन यस खण्डमा रहेको छ ।

पाँचौं उत्तरखण्डमा महेश र नारदको संवाद रहेको छ । जलन्धरको कथा पनि विस्तारमा वर्णन पाइन्छ । जलन्धर र शिवजीको युद्ध, शिवजीद्वारा जलन्धर वध आदिको उपाख्यान पनि समेटिएको छ । यसैगरी ऋतु एवं बाह्र महिनाको माहात्म्य, एकादशी व्रत एवं तुलसी माहात्म्य पनि पद्मपुराणको उत्तर खण्डमा पाइन्छ । जम्मा ६४१ अध्याय र ५५ हजार श्लोक संख्या रहेको यो दोस्रो ठूलो पुराण हो ।

३. विष्णुपुराण : विष्णु पुराण छ भागमा विभक्त छ । पहिलो अंशमा सृष्टि सँगै प्रलयको पनि वर्णन गरिएको छ । दोस्रो अंशमा भूगोल एवं खगोलको चर्चा, सात लोकको वर्णन, जडभरतको उपाख्यानका साथै भगवान् विष्णुको स्तुति गान पनि गरिएको छ । तेस्रो अंशमा मन्वन्तरको वर्णनका साथै २८ व्यासहरूको विवरण दिइएको छ । व्यासद्वारा वेदको विभाजन, वेदको संक्षिप्त वर्णन, वर्णाश्रम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं नैतिक धर्मको कथन तथा बौद्धधर्मको उत्पत्तिको विवरण पनि सविस्तार बताइएको छ । चौथो अंशमा राजवंशको उत्पत्तिको कथा पाइन्छ । पाँचौँ अंशमा भगवान्को कृष्णावतारको कथा छ भने छैटौँ अंशमा कलियुगको वर्णन गरिएको छ । यसअन्तर्गत २३ हजार श्लोक र १२६ अध्याय रहेका छन् । विष्णुलोक प्राप्तिको कामना राख्नेका निम्ति यो पुराणको श्रवण उत्तम मानिएको छ ।

४. वायुपुराण : यो पुराण कुरूक्षेत्रमा श्रवण गरिएको हो । यहाँ वायु देवता (वातरणि ऋषि)ले पुराण सुनाएको प्रसङ्ग छ । यसलाई वायुप्रोक्त संहिता पनि भनिन्छ । सूतजी महाराजले सुस्मा सृष्टिको वर्णन गर्नुभएको छ । यसैगरी कल्पको निरूपण पनि यहाँ पाइन्छ । सम्पूर्ण सृष्टिका उत्पत्तिकर्ता महेश्वर नै हुनुहुन्छ भन्ने निष्कर्ष वायु पुराणको देखिन्छ । यसमा २४ हजार श्लोक छन् । शिवस्तुति, गुप्त राजाहरूको वंशवर्णन, विष्णु चरित्र, तीर्थ तथा तीर्थमा गरिने श्राद्धसम्बन्धी विधिको पनि निरूपण यस पुराणमा गरिएको छ ।

५. श्रीमद्भागवत महापुराण : भक्ति, ज्ञान र वैराग्यको कथा प्रस्तुत महापुराणमा पाइन्छ । विशेषतः शुकदेवजी महाराजले राजा परीक्षितलाई मोक्षको उपाय बताउनु भएको कथा प्रसङ्ग मुख्य रूपमा वर्णन गरिएको छ । बाह्र स्कन्धमा संरचित प्रस्तुत महापुराणमा अठार हजार श्लोक रहेका छन् । अन्य पुराणभन्दा श्रीमद्भागवतको विशेष महिमा रहेको पाइन्छ । साक्षात् परमात्मा परमेश्वर श्रीकृष्ण भगवान्का लीलागान मार्फत् इहलोकको भुक्ति र परलोकको मुक्ति प्राप्त गर्ने सरल उपाय प्रस्तुत पुराणमा बताइएको छ । भक्तिरसको पूर्ण परिपाक यो पुराणको विशेषता हो । **विद्यावतां भागवते परीक्षा** *(विद्वान्को परीक्षा भागवतमा हुन्छ)* भन्ने उक्तिले पनि भागवतको गरिमा प्रष्ट्याएको छ । भगवान् विष्णुका चौविस अवतारको विस्तृत कथा वर्णन श्रीमद्भागवतमा पाउन सकिन्छ ।

६. नारदीय पुराण : नारदीय पुराणमा २०७ अध्यायअन्तर्गत २५ हजार श्लोक रहेका छन् । दुई भागमा विभक्त यस पुराणको पहिलो खण्डको प्रथम पादमा सुत शौनक संवादअन्तर्गत संक्षेपमा सृष्टिको वर्णन गरिएको छ । द्वितीय पादमा वेदाङ्गको निरूपणका साथै मोक्ष प्राप्तिका निम्ति ज्ञानको साधनका बारेमा चर्चा गरिएको छ । तृतीय पादमा गणेश, सूर्य, विष्णु, शिव, शक्ति आदिको स्तोत्र छ भने चतुर्थ पादमा पुराणको लक्षणका साथै चैत्रादि महिनाका तिथिमा पृथक् पृथक् व्रतको विधान गरिएको छ । दोस्रो खण्डमा एकादशी व्रतको विधान, काशी, प्रयाग, कुरूक्षेत्र, बद्रीनाथ, नर्मदा आदि तीर्थको माहात्म्यका साथै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुषोत्तम माहात्म्य, अवन्ती माहात्म्य आदिको पनि वर्णन गरिएको छ ।

७. मार्कण्डेयपुराण : मार्कण्डेयपुराणमा १३४ अध्यायअन्तर्गत नौ हजार श्लोक रहेका छन् । जैमिनि ऋषिको प्रश्न र मार्कण्डेय ऋषिको उत्तर प्रस्तुत पुराणमा पाउन सकिन्छ । पछि जैमिनि र पक्षीको संवादमा कथा अघि बढेको छ । भगवान्‌का चार व्यूहको चर्चाका साथै, अवतार वर्णन पनि गरिएको छ । द्रौपदीका पाँच पतिको विस्तृत विवरण एवं पूर्वजन्मको प्रसङ्ग पनि यस पुराणमा बताइएको छ । राजा हरिश्चन्द्र एवं विश्वामित्रको कथा, योगशास्त्रको निरूपणका साथै दुर्गादेवीको महिमा गान पनि मार्कण्डेय पुराणमा गरिएको छ । भगवती दुर्गादेवीको चरित्र वर्णन सहितको दुर्गासप्तशती यही पुराणअन्तर्गतको हो । जहाँ आद्यशक्ति भगवतीको अवतारको वर्णन, देवताको रक्षा र दानवको संहारको कथा छ । मार्त्तण्ड सूर्यको उत्पत्तिसँगै सूर्यवंशको विस्तारित कथा मार्कण्डेय पुराणमा वर्णन पाइन्छ ।

८. अग्निपुराण : प्रस्तुत पुराणमा पौराणिक विषयका साथै अन्य शास्त्रको पनि क्रमबद्ध वर्णन पाइन्छ । यसको आरम्भमा भगवान् विष्णुका मत्स्य, कूर्म र वराह अवतारको कथा वर्णन छ । त्यसपछि रामायणका प्रत्येक काण्डको संक्षिप्त चर्चा गरिएको छ । यसैगरी श्रीकृष्ण भगवान्‌को वंशवर्णन (हरिवंश) एवं महाभारतका सबै पर्वको संक्षिप्त कथा पनि प्रस्तुत पुराणमा पाइन्छ । यसपछि सृष्टि विषयक चर्चा गरिएको छ । ३८३ अध्यायमा विभक्त अग्निपुराणमा पन्ध्र हजार श्लोक रहेका छन् । विभिन्न व्रत उपासना विधिको यस पुराणमा चर्चा गरिएको छ । गंगा, गया, काशी, प्रयाग, नर्मदा आदिको महिमा पनि यहाँ पाइन्छ । यसैगरी सामुद्रिक शास्त्र एवं रत्नहरूको लक्षणको चर्चा, आयुर्वेद र धनुर्वेदको महिमा, काव्य लक्षण, छन्द एवं अलङ्कारको बारेमा पनि अग्पिुराणमा वर्णन गरिएको छ । व्याकरण शास्त्रको चर्चा, कोष विज्ञान एवं दर्शनको चिन्तन प्रस्तुत पुराणमा पाइन्छ । यसैगरी अग्निस्थापना, देवताको प्राणप्रतिष्ठा, ज्योतिश्चक्र आदिको वर्णन सोह्र हजार श्लोकमा गरिएको छ ।

९. भविष्यपुराण : राजा शतानीकको प्रश्न र सुमन्त मुनिले उत्तर दिने शैलीमा प्रश्नोत्तरात्मक भविष्य पुराण संरचित छ । यसअन्तर्गत ब्रह्मा, विष्णु, शिव, सूर्य र प्रतिसर्ग नामका पाँच पर्व छन् । युगधर्म, वर्णव्यवस्था, संस्कार व्यवस्था, ब्रह्माको पूजन एवं मन्दिर निर्माणको फल भविष्यपुराणमा बताइएको छ । मंगल चतुर्थी व्रतको विधि, सर्पका विभिन्न जात जातिको वर्णन, कल्प वर्णनका साथै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमि दानको महिमा गान पनि यस पुराणमा गरिएको छ । यसैगरी पुस्तक र लेखकको लक्षण र पुरुषार्थ चतुष्टय (धर्म, अर्थ, काम र मोक्ष)को वर्णन पनि यसमा पाइन्छ । 'आदित्यहृदयस्तोत्र' यही पुराणको हो । उद्भिज विद्याको समेत विस्तृत वर्णन रहेको भविष्य पुराणमा ६०५ अध्यायअन्तर्गत १४ हजार पाँचसय श्लोक रहेका छन् ।

१०. ब्रह्मवैवर्त्तपुराण : यस पुराणमा चार खण्ड (ब्रह्म, प्रकृति, गणेश र श्रीकृष्णजन्म खण्ड), २६६ अध्यायअन्तर्गत अठार हजार श्लोक रहेका छन् । पहिलो ब्रह्म खण्डमा परब्रह्मको निरूपण गरिएको छ । सुत शौनकको संवादमा आधारित कथामा सृष्टि उत्पत्ति, गोलोक वर्णन, रासेश्वरी राधाको वर्णन, देवीदेवताको उत्पत्ति, सरस्वती भगवतीको पूजा मूलमन्त्र एवं कवच विधिका साथै, भूमि दानको फल वर्णन पनि पाइन्छ । प्रकृति खण्डमा प्रकृतिको वर्णन छ । गणेश खण्डमा गणेशजीको जन्मप्रसङ्ग, गणेशकवच एवं कुमार कार्तिकेयको जन्मप्रसङ्ग रहेको छ । श्रीकृष्ण जन्म खण्डमा भगवान् श्रीकृष्णको जन्म एवं कंस वधका साथै भगवान्को द्वारका गमनका कथा पाइन्छन् । यसैगरी लक्ष्मीजीको उपाख्यान, दक्षिणास्तोत्र, गंगास्तोत्र, दुर्गा भगवतीको उपाख्यान, परशुरामको कथा, दुर्गाकवच, दुर्गास्तोत्र, तुलसीको महिमा पनि यस पुराणमा उल्लेख पाइन्छ ।

११. लिङ्गपुराण : लिङ्ग शब्दको अर्थ 'लीनं गमयति' अर्थात् गुप्त वस्तुको परिचय दिनु भन्ने हुन्छ । जुन तत्त्व इन्द्रियद्वारा प्रत्यक्ष हुन सक्दैन, जसलाई कुनै चिह्न दिएर अनुमानबाट जान्न सकिन्छ त्यस्तो चिह्नको नाम लिङ्ग हो । जसमा इन्द्र सहित सम्पूर्ण देवता लीन हुन्छन् र सम्पूर्ण देवता उत्पन्न पनि हुन्छन्, यस्तो शिवको अङ्गलाई पनि शिवलिङ्ग भन्ने गरिन्छ । प्रस्तुत पुराणामा लिङ्ग शब्दको अर्थ ओंकार भनी बताइएको छ । जुन परमात्मा परमेश्वरकै बीजाक्षर हो ।

दुई खण्डमा विभक्त लिङ्गपुराणको पहिलो भागमा योग विषयक आख्यान, कल्पको वर्णन, लिङ्गको उत्पत्ति, वराहचरित्रवर्णन, दक्षयज्ञ विध्वंस, कामदहन, पार्वती विवाह, शिवनृत्य आदिको वर्णन गरिएको छ भने दोस्रो खण्डमा विष्णु भगवान्को माहात्म्य, अम्बरीषको कथा, सनत्कुमार एवं नन्दीश्वरको कथा, शिवमाहात्म्य, सूर्यपूजाविधि, ब्रजेश्वरी महाविद्या, गायत्री महिमा, त्र्यम्बक महिमा आदिका कथा पाइन्छन् । यसैगरी महेश्वर भगवान्का अनेकौं अवतारहरूको वर्णनका साथै भगवान् शङ्करका चार निवासस्थान देवकूट पर्वत, कैलाशपर्वत, रूद्रप्रयाग र रूद्रपुरको भव्य वर्णन पनि गरिएको छ । भगवान्को कृपाबाट मात्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञान प्राप्त हुन सक्ने कुरा उल्लेख गरिएको यस पुराणमा १६३ अध्यायअन्तर्गत ११ हजार श्लोक रहेका छन् ।

१२. वराहपुराण : सुत शौनकको संवादमा आधारित प्रस्तुत पुराणको आरम्भमा सृष्टिको वर्णन गरिएको छ । यसैगरी गौरीको उत्पत्ति, श्वेतोपाख्यान, पृथ्वी र वराह भगवान्को संवाद, तीर्थ माहात्म्यका साथै, यमलोकको वर्णनका कथा पनि पाइन्छन् । यसैगरी पुलस्त्य र कुरूको संवाद, तीर्थको वर्णन, भगवान्का दश अवतारको कथा, तिथिहरूको व्रत निरूपण, नैमित्तिक एवं काम्य कर्मको व्रतकथा समेत वराह पुराणमा वर्णन गरिएको छ । यसैगरी भगवती वैष्णवीको प्रादुर्भाव एवं महिषासुर वधको प्रसङ्ग, धेनुदानको महिमा, वैष्णव दीक्षा विधि, तीर्थ माहात्म्य, प्रतिमा स्थापना विधिको समेत सविस्तार वर्णन चौबीस हजार श्लोकमा गरिएको छ । वराहपुराणको श्लोकसंख्या ११८ बताइएको छ ।

१३. स्कन्दपुराण : अठार पुराणमध्ये सबैभन्दा ठूलो स्कन्दपुराण हो । यसमा १६७१ अध्यायअन्तर्गत ८१ हजार एकसय श्लोक रहेका छन् । सम्पूर्ण पुराणको सारतत्त्व यस पुराणमा पाउन सकिन्छ । केदारखण्डमा केदारको माहात्म्य, दक्षको कथा, समुद्र मन्थन, पार्वती उपाख्यान, कुमारोत्पत्ति, तारक र कुमारको युद्ध वर्णन, पृथ्वीको प्रादुर्भाव, महाकालको कथा वर्णन पाइन्छ । वैष्णव खण्डमा भूमिवराहको प्रसङ्ग, शिव महिमा, पञ्चाक्षर महिमा, गोकर्ण माहात्म्य र शिवरात्रि माहात्म्य रहेका छन् । नागर खण्डमा लिङ्गोत्पत्ति, हरिश्चन्द्रको कथाका साथै विश्वामित्रको माहात्म्य वर्णन रहेको छ । प्रभास खण्डमा सोमेश, विश्वेश आदिको उपाख्यानका साथै, विविध व्रत पूजाको वर्णन गरिएको छ । यसैगरी ज्ञानयोग खण्डमा ब्रह्मचर्या एवं गृहस्थाश्रमको चर्चा गरिएको छ । मुक्तिखण्डमा मुक्तिको उपाय बताइएको छ भने यज्ञ वैभव खण्डमा विभिन्न यज्ञको वर्णन गरिएको छ ।

१४. वामनपुराण : वामन पुराणमा ९५ अध्ययाय र १० हजार श्लोक रहेका छन् । जसअन्तर्गत माहेश्वरी, भागवती, सौरी र गणेश्वरी गरी चार संहिता रहेका छन् । पुलस्त्य र नारदको संवादमा प्रस्तुत पुराणको कथा आरम्भ भएको छ । भगवान् शंकरको विशद् कथा वर्णन, दक्ष यज्ञ विध्वंस, कुरुक्षेत्रको वर्णन, पार्वतीको जन्म कथा, अन्धकासुरको वध, प्रह्लाद-बलि संवादका प्रसङ्ग पनि रहेका छन् । शुम्भ निशुम्भ आदिको उपाख्यान पनि यहाँ पाइन्छ । कुमार कार्तिकेयद्वारा तारकासुरको वध गरिएको प्रसङ्ग, राजा बलिको चरित्रका साथै भगवान्को वामन अवतारका कथा यस पुराणमा रहेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५. **कूर्मपुराण** : कूर्मपुराणमा साम्बसदाशिवजीको महिमा गान गरिएको छ। यसका वक्ता कूर्म अर्थात् कछुवा छन् जसमा विष्णु भगवान् अवतरित हुनुहन्छ। कूर्मरूप विष्णु भगवान्ले शिवजीलाई नै मुख्य देवता मान्नु भएको छ। यसैगरी शिव र विष्णुमा अभेदत्व पनि दर्शाइएको छ। प्रस्तुत पुराणमा लोमहर्षण ऋषिले कूर्म भगवान्का बारेमा वर्णन गर्नुभएको छ। समुद्र मन्थनको कथा पनि यहाँ मुख्य रूपमा प्रस्तुत भएको छ। भगवान्ले कूर्म (कछुवा)का रूपमा दिएको निर्देशन विशेष नै यसको मुख्य विषयवस्तु हो। यसैगरी आद्यशक्ति लक्ष्मीको उपाख्यान पनि प्रस्तुत सन्दर्भमा जोडिएको पाइन्छ। इन्द्रद्युम्नको तपस्या पश्चात् मोक्ष प्राप्त गरेको कथा पनि बताइएको छ। महेश्वरबाट सृष्टिको उत्पत्ति, हिरण्याक्ष, हिरण्यकशिपुको कथा, प्रह्लाद चरित्र, सूर्यवंशको वर्णन, जाम्बवान जाम्बवती प्रसङ्ग, श्रीकृष्ण रूक्मिणी विवाह प्रसङ्गका साथै प्रयाग, रूद्रकोटितीर्थ, केदारतीर्थ, नर्मदातीर्थ, भृगुतीर्थ, व्यासगीता आदिको वर्णन पनि गरिएको छ। यसमा ९९ अध्याय र १८ हजार श्लोक रहेका छन् (मत्स्य पुराण)। नारदीय पुराणले भने १७ हजार श्लोक साङ्ख्या बताइएको छ।

१६. **मत्स्यपुराण** : मत्स्य पुराणमा २९० अध्याय रहेका छन्। मनु र विष्णु भगवान्को संवादमा आधारित यस पुराणमा आदिसृष्टि, देवसृष्टि, सूर्यवंश, पितृवंश, श्राद्धसम्बन्धी सपिण्डीकरणको विधि निरूपण गरिएको छ। साङ्ख्य शास्त्रको उपदेश, राजा ययातिको चरित्र, शर्मिष्ठा एवं देवयानीको प्रसङ्ग, यदुवंशको वर्णन, श्रीकृष्ण भगवान्का कथा, त्रिपुर वर्णन, देवदानव संग्राम, भृगु, वशिष्ठ, अंगिरा, विश्वामित्र, कश्यप, पराशर, अगस्त्य आदि ऋषिको वंशवर्णन, सत्यवान् र सावित्रीको उपाख्याका साथै भगवान्का मत्स्य अवतारका मुख्य कथा प्रस्तुत पुराणमा रहेका छन्। नारदीय पुराणका अनुसार यस पुराणमा १४ हजार श्लोक रहेका छन्।

१७. **गरूडपुराण**: यो पुराण दुई खण्डमा विभक्त छ। उत्तरखण्डलाई प्रेतकल्प भनिन्छ। पूर्वखण्डमा अनेक देवताको पूजनका पृथक् पृथक् विधि बताइएको छ। गरूडको उत्पत्तिको कथा प्रसङ्ग मुख्य रूपमा वर्णन गरिएको छ। सामुद्र शास्त्र एवं रत्न परीक्षाको विषय पनि यहाँ पाउँन सकिन्छ। सूर्य चन्द्रादि ग्रहहरूको विवरण पनि गरूड पुराणमा प्रस्तुत गरिएको छ। यसैगरी पञ्चमहायज्ञ, द्रव्यशुद्धि, दानधर्म, श्राद्धविधि र गयातीर्थ, गयामा पिण्डदानादि धार्मिक कृत्यको वर्णन पनि यस खण्डमा गरिएको छ। रामायण महाभारतको कथा वर्णन पनि यहाँ पाइन्छ। योग एवं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयुर्वेदको चर्चा पूर्वखण्डमा गरिएको छ ।

उत्तरखण्ड (प्रेतकल्प)मा गरूड र नारायणको संवाद छ । पापकर्ममा रत हुने व्यक्तिले भोग गर्नुपर्ने यमयातानाको वर्णन, यममार्गको निरूपण, पापीजनले भोग्नुपर्ने कठिन यम यातनाको वर्णन, पापचिह्नको वर्णन, पाप कर्मबाट सृजना हुने दुःख कष्टको निरूपण, अन्त्य कालमा गर्नुपर्ने कर्मको वर्णन, दाहसंस्कार विधि, दशगात्र विधि, एघारौं दिनमा गर्नुपर्ने कार्यको वर्णन, सपिण्डीकरण शैया दानको महिमा वर्णन, धर्मराजका नगरको वर्णन, सत्कर्मको मार्ग निरूपणका साथै मोक्ष प्राप्तिको उपाय वर्णन सहित मृत्युपश्चात् प्रेतरूपमा हुने र भोग्नु पर्ने अवस्थिति र मुक्तिको उपाय प्रस्तुत खण्डमा व्यक्त गरिएको छ । ३१८ अध्ययअन्तर्गत समग्र गरूड पुराणमा उन्नाइस हजार श्लोक रहेका छन् (नारदीय पुराण) । मत्स्य पुराणले भने अठार हजार श्लोक रहेको बताएको छ ।

१८. ब्रह्माण्डपुराण : प्रस्तुत पुराणमा चार प्रकरण छन् : प्रक्रियापाद, अनुषंगपाद, उपोद्घात पाद र उपसंहार पाद । प्रारम्भमा सृष्टिको वर्णन गरिएको छ । यसपछि योगको वर्णन, अरिष्ट लक्षण, ब्रह्माको उत्पत्तिको कथा, कुमारोत्पत्ति, पर्वत नदी आदिको वर्णन, नौ द्विपको वर्णनका साथै ऋषिहरूको वंश विवरण समेत उल्लेख गरिएको छ । वरूण वंश, इक्ष्वाकुवंश, मिथिला वंशको विवरणका साथै परशुराम चरित्र, सहस्रार्जुन चरित्र, समर चरित्रको वर्ण पनि पाइन्छ । यसैगरी मनुको वर्णन, चौध लोकको वर्णनका साथै अठार पुराणको सार पनि यस पुराणमा बताइएको छ । ब्रह्माण्ड पुराणमा बाह्र हजार श्लोक रहेका छन् (नारदीय पुराण) । मत्स्य पुराणमा भने बाह्रहजार दुईसय श्लोक संख्या बताइएको छ ।

यसैगरी उपपुराणको संख्या पनि अठार नै बताइएको छ । देवी भागवतलाई पनि महापुराणको संज्ञा दिइएको छ । हरेक पुराणको महिमा आफूमै परिपूर्ण रहेको छ । यसरी सम्पूर्ण अठारवटै पुराणको सार व्यासले दुई वचनमा पनि व्यक्त गर्नुभएको छ : **अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम् । परोपकारपुण्याय पापाय परपीडनम् ॥** परोपकारले पुण्य प्राप्त हुन्छ भने अरूलाई दुःख दिनाले पाप हुन्छ । अतः परोपकारले नै पुण्य प्राप्त हुने भएकाले सोही मार्गमा लाग्नु उपयुक्त हुने देखिन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतका नीति वचन अमृत समान

संस्कृत वाङ्मय आफूमै धनी छ । अथाह ज्ञानराशिको भण्डार संस्कृतमा हरेक विषयवस्तु अन्तर्निहित रहेको पाउँन सकिन्छ । यसै कारण आज संस्कृतको विश्वमा माग बढिरहेको छ । ज्ञान र विज्ञानको जननी संस्कृतका नीति वचन उस्तै चिन्तनीय, मननीय र अनुकरणीय रहेका छन् । वैदिक मन्त्रदेखि उपनिषद्, पुराण, रामायण, महाभारत आदि अन्य थुप्रै ग्रन्थमा नीति वचन व्याप्त रहेको पाइन्छ । बृहस्पति नीति, शुक्र नीति, विदुर नीति, चाणक्य नीति, पञ्चतन्त्र आदि नीति शास्त्रका प्रमुख ग्रन्थ हुन् । ऋषि महर्षिहरूले हजारौँ वर्ष तपस्या गरेर पाएका ज्ञान विशेष नै आजका नीति वचन हुन् जुन जीवनोपयोगी रहेका छन् । यस्ता जीवन भोगाइका सुन्दर कालजयी उक्तिहरू पौरस्त्य वाङ्मयका हरेक पत्र पत्रमा पाउँन सकिन्छ । जुन सदा अनुकरणीय रहेका छन् ।

सुखस्यानन्तरं दुःखं दुःखस्यानन्तरं सुखम् ।
सुखं दुःखं मनुष्याणां चक्रवत् परिवर्तते ॥ *(महाभारत, शान्तिपर्व, २५/२३)*

सुख पछि दुःख र दुःख पछि सुख मनुष्यमा चक्रजसरी परिवर्तन भइरहन्छन् । यो सुख-दुःखरूपी संसार हो । सधैँ सुखै सुख र सधैँ दुःखै दुःख मात्र भइरहँदैन । कहिले सुख त कहिले दुःख चक्रजस्तै परिवर्तनशील छ । नचाहेरै पनि दुःखको भँगालोमा पर्नुपर्छ अनि कहिलेकाहीँ सुखको सुन्दर संसार पनि प्राप्त हुन्छ । फरक यत्ति हो कि दुःख ढिलो र सुख चाँडै विते जस्तो लाग्छ । मात्रात्मक उतारचढाब हुन सक्छ तर यो संसरमा सुख र दुःखको चक्र निरन्तर नै घुमिरहेको हुन्छ ।

अति लोभ दुःखको कारण बताइएको छ । हामीमा लोभ भएन भने दुःख पनि हुँदैन । त्यसैले त भनिएको छ : **अतिलोभो न कर्तव्यः स तु दुःखस्य कारणम् ॥** अतिलोभ नै दुःखको कारण हो । जति लोभ उति दुःख हुने कुरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज पनि उत्तिकै मननीय छ ।

समय सधैँ बलवान् हुन्छ । समयलाई हामी सबैले सदुपयोग गर्न सक्नु पर्छ । वगेको नदी जस्तै समय पुनः फर्केर आउँदैन । अतः समयलाई सबैले सदुपयोग गर्नुपर्छ भन्ने भनाइ पनि उत्तिकै मननीय र अनुसरणीय रहेको छ-

नष्टं द्रव्यं प्राप्यते ह्युद्यमेन नष्टा विद्या प्राप्यतेऽभ्यासयुक्त्या ।

नष्टा रोग्यं सूपचारै सुसाध्यं नष्टा वेला या गता सा गतैव ॥

(संस्कृत सुभाषितम्)

अर्थात् गुमेको/हराएको पैसा पुनः उद्यम गरेर कमाउन सकिन्छ । यसैगरी विर्सिएको विद्यालाई पनि अभ्यासद्वारा पुनः प्राप्त गर्न सकिन्छ । अस्वस्थ भए उपचार गरेर निरोगी बन्न सकिन्छ तर बितेको समय कसैगरी पनि फर्किँदैन । अर्थात् जो बित्यो सो समय बितेर नै जान्छ । त्यसैले हामी सबैले समयको सही सदुपयोग गर्न सक्नु पर्दछ ।

पूर्वीय वाङ्मयले बोली वचनको पनि आचार सिकाएको छ । हरेक कुरा प्रेमपूर्वक भन्नु पर्छ भन्ने पूर्वीय मान्यता रहेको छ । प्रियवाक्य बोले सबै खुशी हुन्छन् त्यसैले वचनमा कहिल्यै दरिद्र हुनु हुँदैन । त्यसैले त भनिएको छ-

प्रियवाक्यप्रदानेन सर्वे तुष्यन्ति जन्तवः ।

तस्मात् प्रियं हि वक्तव्यं वचने का दरिद्रता ? *(संस्कृत सुभाषितम्)*

अतः मीठो बोल्नु नै उचित हुन्छ । कटु वचन अहितकर हुँने भएकाले बोलि वचनमा सधैँ प्रिय वाक्यको प्रयोग गर्नु पर्दछ । जो सबैका लागि हितकर हुन्छ । वचनमा विशेष शक्ति हुन्छ । एउटै कुरालाई पनि व्यक्त गर्ने शैली भिन्न हुँदा अर्थ फरक लाग्न सक्छ । मिठो बोलेर पनि कार्य सम्पन्न गर्न सकिन्छ । त्यसैले वचनमा सधैँ मिठास हुनु पर्छ । बोली नै विष र बोली नै अमृत हुन्छ । वचनका वाण गोलीभन्दा पनि निकै चोटिला हुन्छन् । त्यसैले गहिरा चोट लगाउने कटुवचन भन्दा प्रियवाक्य औषधीतुल्य हुन्छन् ।

न कश्चित् कस्यचिन्मित्रं न कश्चित् कस्यचिद्रिपुः ।
व्यवहारेण मित्राणि जायन्ते रिपवस्तथा ॥ *(हितोपदेशमित्रलाभ)*

कोही कसैको शत्रु र कोही कसैको मित्र हुँदैन । सबै व्यवहारले नै शत्रु मित्र हुने हुन् । जसले शत्रु व्यवहार गर्छ ऊ शत्रु र जसले हितकर कार्यगर्छ ऊ नै वास्तवमा मित्र हो । व्यवहार जीवनमा अति महत्त्वपूर्ण हुन्छ । हामीले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो व्यवहार गर्छौं त्यस्तै नै पाउछौँ पनि । शत्रु र मित्र व्यवहारद्वारा बनाउने हो । त्यसैले हामी व्यवहारमा कुशल हुनु पर्दछ ।

अयं निजः परोवेति गणना लघुचेतसाम् ।
उदारचरितानान्तु वसुधैव कुटुम्बकम् ॥ *(महोपनिषद्, ४/७१)*

सानो चित्त हुनेले यो मेरो यो अर्काको भनी भाग लगाउँछन् । आफ्ना र अर्काको लेखो लगाउने व्यक्ति सानो र संकुचित चित्त भएका हुन् । जसको उदार चित्त छ उसले सबैलाई आफ्नै सम्झन्छ । संस्कृत वाङ्मयले सबैलाई उदार बन्न अभिप्रेरित गरेको छ । सबैको हृदयाकाश स्वच्छ हुँनुपर्छ । आफ्नो र अर्काको भेद गर्ने व्यक्ति निकृष्ट हो । त्यसैले हामी सबै उदार चित्तले सबैलाई समान देख्न सक्ने हुनुपर्छ । यही र यस्तै चेतनका दीप बालेर नै पूर्वीय वाङ्मय आज विचारको धनी हुन सफल भएको छ ।

पूर्वीय वाङ्मयमा धनको महिमा पनि विशेष गाइएको छ । दुःखको कारण धनलाई पनि लिइएको छ । धनका लागि मान्छेले कतिसम्म गर्न सक्छन् भन्ने कुरा पञ्चतन्त्रको निम्न भनाइएले पुष्टि गर्छ–

अर्थार्थी जीवलोकोऽयं श्मशानमपि सेवते
त्यक्त्वा जनयितारं स्वं निःश्वं गच्छति दूरतः ।
गतवयसामपि पुंसां ये समर्था भवन्ति ते तरुणाः
अर्थेन तु हीना वृद्धास्ते यौवनेऽपि स्यु ॥ *(पञ्चतन्त्र, १/१९)*

धनका निम्ति श्मशानको पनि सेवा गर्न मान्छे तत्पर हुन्छ । धन नभए आफन्त पनि हेलामा पर्छन् । यसैगरी धनकै निम्ति मित्रता पनि गाँसिन्छ । उमेर ढल्केका पनि युवा देखिने कारण धन नै हो । मान्छे पैसाका लागि जे जस्तो काम गर्न पनि पछि पर्दैन । आफन्तमा वियोग हुने मुख्य कारण नै धन हो । सम्पत्तिले नै आज अनेकौं मुद्दा मामिला परेका छन् । संसार धनकै चमत्कार हो ।

पूज्यते यदपूज्योऽपि यदगम्योऽपि गम्यते ।
बन्द्यते यदबन्द्योऽपि स प्रभावो धनस्य च ॥ *(पञ्चन्त्र, १/७)*

जो अपूज्य छ त्यसको पनि पूजा हुन्छ । जुन ठाउँ अगम्य छ त्यो पनि जान योग्य हुन्छ । बाँध्न नमिल्ने पनि बाँधिन्छ यो सबै धनको प्रभाव हो । धनले असाध्य काम पनि साध्य हुन्छन् । तर यो धन केवल बाँचुञ्जेल सम्मका लागि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मात्र हो । अर्थात् यो भूमिमा बाँचुन्जेल मात्र धनको काम छ । मृत्युपश्चात् धन पृथ्वीमै छाडेर जानुपर्छ, गाई चौपाय गोठसम्मका मात्र साथी हुन्, पत्नी घरको ढोकासम्मकी मात्र साथी हुन् । आफन्तले मसानसम्म साथ दिन्छन् । शरीर चिता सम्मका लागि मात्र साथ हुन्छ । त्यसपछि कर्म अनुसार नै परलोकमा यो जीव जान्छ । त्यसैले कर्मप्रति सजग बन्न निम्न श्लोकमा बताइएको छ-

धनानि भूमौ पशवश्च गोष्ठे भार्या गृहद्वारि जनः श्मसाने ।

देहश्चितायां परलोकमार्गे कर्मानुगो गच्छति जीव एकः ॥

(सुभाषितरत्नभाण्डागारम्, श्लो. ५५)

हामीले जस्तो कर्म गर्छौं सोही नै हाम्रो वास्तविक कमाइ हो । अरु धन केवल मिथ्या हुन् । संसारमा केही क्षणकालागि मात्र कसैले साथ दिइरहेको हुन्छ । यो अनन्त यात्रामा केवल एक्लै यात्रा गर्नुपर्छ । जीवनको सार भनेको नै सत्कर्म हो । सत्कर्मले यो लोकका साथै परलोकको पनि मार्ग प्रशस्त गर्छ । हामी कर्म अनुसारको जीवन भोग गरिरहेका छौँ । आफूले चाहेर मात्र सबै कुरा हुँदैनन् । जति भौतिकवादी बन्न खोजे पनि अन्ततः अध्यात्मको नै जीत हुन्छ । कर्मको आर्जित फल नै भोग गर्ने हो । यही क्रममा हामी निरन्तर चक्रमा घुमिरहेका छौँ । यो क्रम निरन्तर चलिरहन्छ । हाम्रो कर्मानुसारी जीव निरन्तर यात्रारत रहन्छ । विसाउने चौतारी मानव जीवन हो । यसलाई सत् मार्गमा लगाउन सकियो भने हाम्रो जीवनको सार्थकता रहन्छ । अन्यथा केही हुन सक्दैन । त्यसैले हामी सत्मार्गमा नित्य निरन्तर लाग्न सक्नु पर्छ यो नै हाम्रा लागि उत्तम मार्गदर्शन हो । यही नै पूर्वीय दर्शनको अमृतमयी सारतत्त्व पनि हो ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भागवत महिमा

जतिसुकै भौतिकताको भँगालोमा भड्किए पनि अन्ततः अध्यात्मको आकाशमा नै आनन्दको अनुभूति गरिरहेको हुन्छ मान्छे । शरीरमा शक्ति रहुन्जेलसम्म मात्रै भौतिक बन्ने रहेछ । जब नाडी नसा सिक्त हुँदै जान्छन् तब उही अध्यात्मको ओत लाग्न पुग्दो रहेछ मान्छे । जीवनको अर्थ खोज्दाखोज्दै अनिर्णयको बन्दी बनेको मानव जीवन तबमात्र सार्थक हुन्छ जब श्रीमद्भागवतका भक्ति ज्ञान र वैराग्यको बोध गर्दछ । जीवनलाई सार्थक बनाउने र बाँच्ने कला सिकाउने एकमात्र उत्तम विधि श्रीमद्भागवत हो । श्रीमद्भागवत प्रत्यक्ष श्रीकृष्ण भगवान्को दर्शन हो । **श्रीमद्भागवताख्योऽहं प्रत्यक्षकृष्णएव हि** *(श्रीमद्भागवतमाहात्म्य, ६/३०)* भन्नुको तत्पर्य पनि यही नै हो । ईश्वरसँग साक्षात्कार गर्नु नै श्रीमद्भागवत कथा श्रवणको मूल ध्येय हो । स्वयं साक्षात् परब्रह्म परमेश्वरका कथा प्रसङ्गबाट जीवनको सही अर्थबोध हुन्छ । जसबाट इहलोकको भुक्तिका साथै परलोकको पनि मुक्ति मिल्ने गर्दछ । अन्तिम सत्य अध्यात्म नै हो । चार्वाक दर्शनका प्रतिपादक पनि देवगुरु बृहस्पति हुन् । सोही चार्वाकका चेला मार्क्स हुन् । मार्क्सका पुजारी भौतिकवादी हुन् । अनि ईश्वरको मृत्युको घोषणा गर्ने नित्से पनि अध्यात्मका पुजारी । भौतिक केवल भ्रम हो भने अध्यात्म सत्य र यथार्थ हो । सोही यथार्थको ज्ञानका साथै जीवनको अर्थबोध गराउने दिव्यौषधी श्रीमद्भागवत हो ।

सबै पुराणरूमध्ये श्रीमद्भागवतलाई उत्कृष्ट मानिएको छ । भागवत भनेको भगवान्ले बताएको कुरा भगवत्प्राप्तिको उपाय हो । जहाँ स्वयं भगवान्को कथा भक्ति, ज्ञान र वैराग्यको उपदेश गरिएको छ । उदाहरण सहित जीवन जिउँने कला सिकाइएको छ । **भगवता प्रोक्तं भागवतम्** अर्थात् साक्षात् परमात्मापरमेश्वरले बताएको अमृतमयी लीला कथा नै श्रीमद्भागवत हो । जसको स्मरण गर्नाले सारा दुःख नाश भएर जान्छन् त्यसैले त भनिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ **श्रीमद्भागवतं श्राव्यं शोकदुःखविनाशनम्** *(श्रीमद्भागवतमाहात्म्य, २।७४)* । श्रीमद्भागवतको स्मरणका निम्ति पनि सप्ताह लगाउनु अनि ज्ञानरूपी गंगामा प्रवाहित भएर पवित्र हुनु आवश्यक छ । किनकि संसारको अन्तिम सत्य केवल ईश्वर नै हो । ईश्वर प्राप्तिको उपाय बताउने शास्त्र श्रीमद्भागवत हो ।

श्रीमद्भागवतको कथाले पैत्रिक एवं वायविक दोष पनि निवारण गर्दछ । हाम्रो आत्मा वायुका रूपमा रहने गर्दछ । शरीरबाट आत्मा छुटिसकेपछि निश्चित ठाउँमा पुग्न उक्त मुक्तात्माले गति पाउँनुपर्छ । जुन शक्ति उसको कर्मले निर्धारण गरेको हुन्छ । जो असद् कर्मले व्याप्त मुक्तात्मा हुन्छ त्यो यो वरिपरिको वायुमण्डलमा नै प्रेत बनेर घुमिरहेको हुन्छ । गति पाउँन नसक्ने उक्त वायुरूपी प्रेतात्माले पनि यो पाठ पारायणबाट मुक्ति पाउछन् भन्ने कुरा श्रीमद्भागवत माहात्म्यअन्तर्गतको धुन्धुकारीको कथाले बताउँछ । यसैगरी पितृ उद्धारका लागि पनि श्रीमद्भागवतको पाठ पारायण आवश्यक हुन्छ ।

राजा परीक्षितले सात दिनमा मृत्यु हुने शृङ्गिऋषिको श्राप पाएको र परीक्षितले मुक्तिको मार्ग अवलम्बन गरी भक्ति ज्ञान हुँदै वैराज्ञ प्राप्त गरी इहलोकबाट मुक्त भएको अर्थात् परमात्मा परमेश्वरमा लीन भएको कथा यसअन्तर्गत पाइन्छ । जब मृत्युको बोध हुन्छ अनि राजा परीक्षित आफ्नो जीवनलाई सार्थक बनाउने अभियानमा लागि पर्छन् । जीवनको वास्तविक अर्थ नबुझी भौंतारिएका परीक्षितलाई शुकदेव महाराजले भगवत्भक्तिको ज्ञान दिएको कथा नै मूल रूपमा श्रीमद्भागवत हो । जहाँ राजा परीक्षितले अनेकौं प्रश्न गरेका छन् र शुकदेव महाराजले ती प्रश्नको सोदाहरण उत्तर दिनुभएको छ । सोही प्रश्नोत्तरको प्रसङ्गमा माहाभारतका कथा, सृष्टि स्थिति र लयको वर्णन, कपिलले देवहुतिलाई दिएको उपदेशको प्रसङ्ग, ध्रुवले भगवान् प्राप्त गरेको कथा, शिव सति पार्वतीको कथा, जडभरतको कथा, भक्तप्रह्लादको कथा, देवासुर संग्राम, समुद्रमन्थन, सूर्यवंशी श्रीराम अवतारका कथा, साक्षात् श्रीकृष्णभगवान्का लीला कथाका साथै ज्ञान र वैराग्यका अनेकौं कथा श्रीमद्भागवतमा आएका छन् । जसको सार सम्पूर्ण कुरा श्रीकृष्णमा अर्पण गर्नु नै हो । कथा सबैलाई प्रिय नै हुन्छन् । त्यसैले कथाका माध्यमबाट अध्यात्मिक चेतनाको प्रवाह श्रीमद्भागवतमा गरिएको छ ।

श्रीमद्भागवत कथा श्रवणको तात्पर्य अहंको तिलाञ्जली हो । जबसम्म हामीमा अहंको बोध हुन्छ तबसम्म हाम्रो उन्नति असम्भव छ । जसरी गोहीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुखमा पसिसकेपछि गजेन्द्रले ईश्वरको स्तुति गरेको छ । जब शिविले ज्ञान पाएपछि भरतकै शरण परे, वलि ईश्वरलाई सम्पूर्ण कुरा अर्पण गर्न बाध्य भए तब मात्र उनीहरूको अहं तोडिएको हो । अहं भनेको तेरो र मेरोको भेद हो । संसारमा कोही कसैको हुँदैन । तर यो मायाको जालोले मेरो भन्ने जुन भाव जागृत गरेको छ त्यो व्यर्थ हो । किनकि संसारमा ईश्वर नै सर्वोपरि छन् ।

श्रीमद्‌भागवती वार्ता सुराणामपि दुर्लभा *(श्रीमद्‌भागवतमाहात्म्य, १/१७)* अर्थात् श्रीमद्‌भागवतरूपी कथा देवताका लागि पनि दुर्लभ रहेको छ । संसार दुःखै दुःखले ग्रसित छ । यसबाट मुक्ति पाउने एकमात्र उपाय श्रीकृष्णको स्मरण हो । श्रीकृष्ण भनेका ईश्वर हुन् । सोही कुरा नारदले पनि बताएका छन् **श्रीकृष्णचरणाम्भोजं स्मर दुःखं गमिष्यति** *(श्रीमद्‌भागवतमाहात्म्य, २/१)* । अर्थात् श्रीकृष्ण भगवान्‌लाई पुकार गर्नाले सम्पूर्ण दुःख हराएर जान्छन् । जसरी द्रौपदीले रक्षाका निम्ति स्मरण गरिन् उनको रक्षा भगवान्‌बाट भयो, ध्रुवले स्मरण गरे प्राप्त गरे, गजेन्द्रले स्मरण गरे प्राप्त गरे, गोपिनीले स्तुति गरे प्राप्त गरे, रूक्मिणीले चाहिन् प्राप्त गरिन्, देवकीले चाहिन् प्राप्त गरिन् । यसैगरी ईश्वरको स्मरण गर्नाले हामी सुखी रहन सक्छौँ । त्यसैले संसारी दुःखबाट पार पाउन सर्वप्रथम हामीमा भक्ति, ज्ञान र वैराग्यको आवश्यकता पर्छ जुन कुरा श्रीमद्‌भागवतको कथा श्रवणबाट प्राप्त हुन्छ । त्यसैले त भनिको छ : **श्रीमद्‌भागवतं श्राव्यं शोकदुःखविनाशनम्** *(श्रीमद्‌भागवत माहात्म्य, २/७४)* । दुःखबाट पार पाउने एकमात्र उपाय श्रीकृष्णको स्मरण नै हो । श्रीमद्‌भागवत् सम्पूर्ण वेदान्तको सार हो । यसैगरी श्रीमद्‌भागवतको सार केवल श्रीकृष्णको शरणगती नै हो ।

श्रीमद्‌भागवत् श्रवण एकाह, सप्ताह, चातुर्मास आदि विभिन्न विधिले गर्न सकिन्छ । विशेष गरी सप्ताह विधिले श्रवण गर्नु उत्तम मानिन्छ । किनकि सम्पूर्ण भागवतमा सात दिनको कथा वर्णन छ । राजा परीक्षितलाई सात दिनकै श्राप परेको हुन्छ र सोही सात दिनमा नै उनले मुक्ति प्राप्त गरेका छन् । यसैगरी श्रीमद्‌भागवत माहात्म्यमा पनि सोही सप्ताह विधिको उल्लेख पाइन्छ । पद्‌मपुराणको उत्तरखण्डमा पनि साप्ताहिक विधिको विशेष चर्चा गरिएको छ । यसैगरी धुन्धुकारीले पनि सात दिनमा नै मुक्ति प्राप्त गरेको कथा छ । यी सम्पूर्ण तथ्यलाई हेर्दा श्रीमद्‌भागवतको कथा श्रवण सप्ताह विधिले गर्नु नै उत्तम देखिन्छ । एकाह विधिले पनि श्रीमद्‌भागवतको श्रवण गर्ने चलन छ । सोही सात

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनमा हुने पाठ पारायण एक दिनमा सम्पन गर्ने कार्य एकाहमा हुने गर्दछ । यसरी एकाह गर्दा पनि सप्ताहकै विधि अपनाउनु पर्ने हुन्छ ।

यो कलियुग हो । कलियुगमा मनुष्यको आयु छोटो हुने भएकाले छोटो समयमा मुक्ति प्राप्त गर्ने एकमात्र विधि भागवानको नाम संकीर्तन हो **'कलौ केशवकीर्तनात्'** । जसको नाम संकीर्तन मात्रले सम्पूर्ण पाप नाश भएर जान्छन् : **नामसंकीर्तनं यस्य सर्वपाप प्रणाशनम्** *(श्रीमद्भागवत, १२/१३/२३)* । संसारमा जे जति विषयवस्तु छन् केवल ईश्वरकै वरदान हुन् । मेरो भन्नु भूल हो । जबसम्म मेरोको भाव हट्दैन तबसम्म यो संसारमा भगवत् प्राप्ति असम्भव छ । त्यसैले सम्पूर्ण कुरा ईश्वरकै हो भनी **श्रीकृष्णार्पणमस्तु**को भाव जागृत गर्नु नै श्रीमद्भागवतको महान् उपलब्धि हो । त्यसैले इहलोकको भुक्तिका साथै परलोकको मुक्तिका निम्ति पनि श्रीमद्भागवतको कथा श्रवण गर्नु आवश्यक छ । जुन हजारौं वर्षको तपस्याले मात्र प्राप्त हुन्छ । यो बल्लबल्ल पाएको मनुष्य जुनीमा पनि श्रीमद्भागवत रूपी ज्ञान आर्जन गर्न सकेनौं भने हाम्रो मुक्ति असम्भव छ । त्यसैले यो दुःखरूपी सागरबाट मुक्ति पाउने एकमात्र उत्तम उपाय श्रीमद्भागवत नै भएकाले यसको श्रवण गरी भक्ति ज्ञान र वैराग्य प्राप्त गर्नु आवश्यक छ । **जय श्रीकृष्ण** !

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्यात्म नै अन्तिम सत्य हो

जब मान्छे शक्ति क्षीण भएर साहाराहीन हुन्छ, तब मात्र ईश्वरीय अस्तित्वलाई स्वीकार गर्छ । शरीरमा तागत रहुञ्जेल संसारका सर्वशक्तिमान व्यक्ति ठान्ने मानवीय प्रवृत्ति स्वाभाविक नै हो । जबसम्म अवनतिको ओरालो लाग्दैन तबसम्म मान्छे अहंको आगो बोकी नै रहेको हुन्छ । स्वयं सर्वशक्तिमानको झण्डा बोकेर दिग्विजयको यात्री बनिरहन्छ । जब शरीरको शक्ति क्षीण भएर सोही अहंको आगोले पोल्न थाल्छ तब मात्र अध्यात्मको ओत खोज्छ मान्छे । शान्तिको शीतल छाहारी खोज्न पुग्छ, तबमात्र स्वीकार्छ अध्यात्म । सामान्यतः मान्छे ईश्वरीय अस्तित्व स्वीकार गर्दैन । केवल भौतिकताको भकारीमै रमिरहेको हुन्छ । जब भौतिकताका भँगालाहरू सुक्छन्, तबमात्र अध्यात्मको आँगनी धाउँछ मान्छे ।

अध्यात्म भनेको जीवनलाई सार्थक बनाउने मार्ग हो । निधारमा त्रिपुण्ड लगाउनु मात्र होइन । अरूको निन्दा गरेर आफू चोखो बन्नु मात्र पनि होइन । केवल चित्तको विकारलाई हटाएर पवित्र हुनु हो । आशावादी बन्नु हो । उत्साही र जागरूक बन्नु हो । मन्दिरका घण्टी बजाएर मात्र आध्यात्मिक हुन सकिँदैन । मनभरी कलुष बोकेर जति मन्दिर धाए पनि अध्यात्मको मार्ग मिल्दैन । हृदयलाई शुद्ध बनाई सबैमा समभाव राख्न सक्नु नै वास्तवमा अध्यात्मवादी बन्नु हो । कुनै सम्प्रदायमा लागेर एक पक्षको पक्षपोषण गर्ने व्यक्ति आध्यात्मिक हुन सक्दैन । किनकि अध्यात्ममा कुनै पक्ष हुँदैन ।

मार्क्स पनि अध्यात्मवादी नै थिए । उनका दर्शन र सिद्धान्तमा पनि उक्त कुरा झल्किन्छ । व्याख्याताले भिन्न अर्थ लाएर मात्र हो । उनको सिद्धान्तको अन्तिम लक्ष अध्यात्म नै हो । पदार्थको उत्पत्ति कसरी भयो भन्ने कुरा मार्क्सले बताएका छैनन् । अध्यात्मको समभावबाट नै साम्यवादकको उदय भएको हो । चार्वाकको सिद्धान्त नै मार्क्सले पनि अनुकरण गरेका हुन् । मार्क्सको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साम्यवादमा पनि समभाव रहन्छ । धनी गरीबको भेद हुँदैन । सबै समान हुन्छन् । साम्यवादी व्यवस्थामा पुग्न मान्छे आध्यात्मिक हुनै पर्छ अन्यथा उक्त कुरा सम्भव छैन ।

भौतिक दुःखको कारण मात्र हो । भौतिकताले जति सम्पन्न भए पनि आध्यात्मिक सन्तुष्टि मिल्न असम्भव छ । भौतिक भनेको पैसा हो । पैसाले राम्रो ओछ्यान मिल्न सक्छ तर मीठो निन्द्रा मिल्दैन । चाहे वातानुकूलित सुख सुविधामा नै किन नहोस् मान्छेका मनमा शान्ति भएन भने त्यहाँ ऊ खुशी र सुखी रहन सक्दैन । यदि मनमा शान्ति छ भने उसलाई सुविधाहीन झुपडी पनि खुशीको केन्द्रविन्दु बन्न सक्छ । यही नै हो भौतिक र अध्यात्मवाद बीचको फरक । संसारमा पैसा चाहिँन्छ । आवश्यक पनि छ । तर पैसा मात्रै सबैथोक होइन । पहिलो प्राथमिकतामा पैसा कहिल्यै पर्न सक्दैन । त्यसैगरी भौतिकता पनि । भौतिक साधन हो भने अध्यात्म साध्य हो । भौतिकवादले समृद्धि दिन्छ अध्यात्मले शान्ति । शान्तिको अगाडि समृद्धिको कुनै अर्थ रहँदैन ।

जीवनको अर्थ खोज्नेले अध्यात्मको साधना गर्नु आवश्यक छ । संसारमा जति द्वैतको आभाष भए पनि अन्ततः अद्वैत नै सत्यमा परिणत हुन्छ । द्वैत चौतारी हो भने अद्वैत घर हो । अझ भनौ अध्यात्मको पनि मूल ध्येय ईश्वरमा लीन हुनु हो । त्यसैले त भनिएको छ–

पूर्णमदः पूर्णमिदं पूर्णाद् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥ *(ईशावास्योपनिषद्, शान्तिपाठ)*

अर्थात् अध्यात्म त्यो हो जसले पूर्णताको आभाष दिलाउँछ । यो संसारी चक्रबाट जीवनलाई मुक्तिको मार्गमा लम्काउँछ । जीवन एउटा खेल हो जहाँ हामी सोही खेलको नाटक गरिरहेका छौँ । खेल सकिएपछि पुनः आ–आफ्नो बाटोमा निरन्तर अगाडि बढ्नु नै पर्छ । घरमा पुग्नु नै पर्छ । नाटक त खेलिसकेपछि सकिन्छ तर यो जीवनरूपी संसारमा गरिएका हरेक प्रहसनको पनि विशेष मूल्याङ्कन भइरहेको हुन्छ स्वतः । जसरी अभिनेताको दर्शकले मूल्याङ्कन गरिरहेका हुन्छन् । कर्मकै आधारमा जीवनको बाटो तय हुन्छ । अनि सोही मार्गमा हामी लम्किरहेका हुन्छौँ ।

ईश्वर स्वयं कर्ता होइनन् । जसरी खेलमा रेफ्री स्वयं खेलाडी होइन । जस्तो खेलाडीले खेल्छ उसले सोही अनुसारको अङ्क वा रातो, पहेलो कार्ड दिन्छ । हो ईश्वर पनि सोही रेफ्री जस्तै हो । हामीले जस्तो खेल खेल्छौँ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तो अभिनय गर्छौं सोही अनुसारको अंक पाउछौँ अनि यो संसारी चक्रमा निरन्तर घुमिरहन्छौँ । जसको जे जति कर्मले आर्जित फल छ सो भोग्नुको विकल्प छैन । हामी सबै कर्मको फल भोग्न नै यो संसारी धर्तीमा आएका हौँ भोग्छौ र जान्छौँ पनि । सुखद् क्षणमा खुशी लाग्छ क्षणभरमै बिते जस्तो लाग्छ अनि दु:खद् क्षण निकै निराशाजनक, निकै पीडादायी र लामो हुन्छ । फरक यत्ति मात्र हो ।

संसारमा कोही पनि नराम्रो नियतले आएको हुँदैन । समय र परिस्थितिले उसलाई नियतिको फल भोगाउँछ । मान्छेले जति गरे पनि साध्य नभएका अनि इच्छा नहुँदा नहुँदै पनि फल भोग्नु परेका इतिहास हाम्रा सामुन्ने प्रशस्त छन् । यही हो संसार । उही कर्मको फल भोग्ने हो । सही अभिनेता बन्ने हो । एउटा असल खेलाडी हुने हो । सो भन्दा माथि हाम्रो वशमा छैन । सकेजति आफैले गर्ने नसकेको ईश्वरमा अर्पण गर्नाले मनोवैज्ञानिक तुष्टिका साथै आत्मिक आनन्द पनि मिल्छ । मनमा शान्ति भयो भने मात्र सर्वत्र शान्तिको संसार देख्न सकिन्छ । अशान्त मनले संसार पनि अशान्त नै देख्छ । त्यसैले त गीतामा भनिएको छ : **'अशान्तस्य कुत सुखम् ?'** त्यसैले जीवनमा समृद्धि भन्दा पनि शान्तिको आवश्यकता छ । शान्ति नभई समृद्धिको अर्थ रहँदैन । शान्ति भौतिक भएर मिल्दैन त्यसैले अध्यतात्मको मार्ग अँगाल्नुको विकल्प छैन । बालकृष्ण सम पनि भौतिकवादी थिए । आधुनिक विज्ञानका अध्येता पनि अन्ततः अध्यात्मको बाटो पछ्याएको कुरा उनको 'इच्छा' कविताबाट प्रष्ट हुन्छ । यसैगरी महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि 'आखिर श्रीकृष्ण रहेछ एक न भक्ति भो ज्ञान न भो विवेक' भनी अन्त्यमा अध्यात्मको मार्ग रोजेको कविता पाइन्छ । साथै उनले आध्यात्मिक बन्न नसकेकोमा खेद समेत व्यक्त गरेका छन् । अतः बेलैमा आत्मिक चिन्तन गर्नु आवश्यक छ । कोरा अध्यात्म होइन वास्तविक आत्मिक ज्ञान, भक्ति र वैराग्यको मार्ग अवलम्बन गर्नु आवश्यक छ ।

कतिपय अवस्थामा यस्ता प्रश्न पनि उठ्न सक्छन् : तीर्थयात्रा हिंडेको बस पल्टिन्छ, मान्छे मर्छन् खै त ईश्वर ? त्यहाँ आउनु पर्ने होइन ? ईश्वर लडेकालाई उठाउने तत्त्व होइन । त्यो त कर्मले आर्जन गरेको फल नै हो जो उसले भोग्नुको विकल्प छैन । ठूला-ठूला दुर्घटनामा परेका व्यक्ति सकुशल भएका घटना पनि त हामीले देखे सुनेका छौँ । प्लेन दुर्घटनामा पनि मान्छे जीवितै रहेका उदाहरण प्रशस्त छन् । यो सबै आ-आफ्नो कर्मको फल हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वयं ईश्वर आएर बस उठाउने होइन । जसरी टीभी हेरिरहेको दर्शकले घाइते भएको खेलाडीलाई केही गर्न सक्दैन । सक्छ त केवल सहानुभूति प्रकट गर्न मात्र । सक्छ त केवल उसको खेलको मूल्याङ्कन गर्न मात्र । हो यस्तै हो ईश्वरीय अस्तित्व पनि । ईश्वर केवल मूल्याङ्कन कर्ता मात्र हुन् । जीवले गरेको कर्म अनुसार उसले आफ्नो मार्ग स्वयं नै निर्धारित गरिरहेको हुन्छ ।

आँखाले देखेजति मात्र संसार हो भन्नु गलत हुन्छ । कानले सुनेजति मात्र ध्वनि हो भन्नु पनि व्यर्थ हो । किनकि दृश्यादृश्य, स्पृश्या स्पृश्य, भोग्याभोग्य अनन्त विषयवस्तुहरू यही संसारमा अन्तर्निहित रहेका छन् । सबै जान्ने बुझ्ने क्षमता हाम्रा चर्मेन्द्रियको छैन । भौतिकवादले आँखाभिन्न संसारको परिकल्पना गर्न सक्दैन । जो देखियो जो भोगियो त्यो मात्र संसार हो भन्छ । तर अध्यात्मले यो भन्दा राम्रा अनन्त संसारको परिकल्पना गर्दछ । त्यसैले भौतिक भएर अशान्तिको आगोमा जल्नु भन्दा आध्यात्मिक भएर शान्तिको शीतल छाहारीमा जीवन यापन गर्नु नै उत्तम देखिन्छ । किनकि अध्यात्म नै अन्तिम सत्य हो ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड-४
ज्योतिष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चिना किन बनाइन्छ ?

जन्मपत्रिका भनेको व्यक्ति जन्मेको दिक् देश र काल सहित खगोलीय एवं भूगोलीय अवस्थितिको अभिलेख राखिने दस्तावेज हो। जसलाई नेपालीमा चिना भनिन्छ। चिनाको अर्थ पनि व्यक्ति चिनाउनु नै भन्ने हुन्छ। यो धर्तीमा जन्म भएको समयका आधारमा खगोलीय ग्रहहरूको अवस्थिति अनुकूलन प्रतिकूलन पत्ता लगाई भौगोलिक रूपमा कुन देशको कुन स्थानको कुन समयमा कस्तो ग्रहगोचरीय अवस्था लिएर व्यक्तिले जन्म लिएको छ भन्ने कुराको यथार्थ गणित सिद्ध ज्ञान गराउने वस्तु चिना हो।

ज्योतिषलाई कतिपयले काल्पनिक विद्याको रूपमा पनि बुझेका छन्। ठगी खाने पेशाको संज्ञा पनि नदिएका होइनन्। जसले यस भित्रको वास्तविक रहस्य जान्दैन उसैले यस्तो अनर्थ लगाउने मात्र हो। ज्योतिष कुनै कल्पनामा आधारित विद्या होइन। सृष्टिको आदिदेखि अहिलेसम्मका ग्रहगोचरीय गणित ज्योतिष शास्त्रमा अन्तर्निहित छन्। संसारको सृष्टि कसरी भयो ? कहिले भयो ? देवताको स्थान कहाँ ? पितृ कहाँ बस्छन् ? दैत्यको स्थान कहाँ ? ब्रह्माको स्थान कहाँ छ ? भन्ने कुराको वैज्ञानिक उत्पत्ति ज्योतिषशास्त्रले बताएको छ।

ज्योतिष वेदको मुख्य अङ्ग आँखा हो। **"वेदचक्षुः किलेदं स्मृतं ज्योतिषम्...."** (सिद्धान्त शिरोमणि, १।११) जसरी हामी आँखा नभएको संसारको परिकल्पना गर्न सक्दैनौ त्यसैगरी ज्योतिषबिना वेदको ज्ञान असम्भव छ। वेदले बताएका कुरा जान्न ज्योतिष अनिवार्य हुन्छ। विशेषतः ज्योतिष कालबोधक शास्त्र हो। यसले समयको अवस्थिति अनुकूलन प्रतिकूलन के कस्तो छ सोको तथ्य कारण सहित प्रस्तुत गर्दछ।

चिना निर्माण गर्दा सर्वप्रथम सृष्टिको आदिदेखि हालसम्म कति दिन व्यतीत भए त्यसको गणना गरिन्छ। संसारी सृष्टिको चक्र निरन्तर चलिरहन्छ। सृष्टिकर्ता ब्रह्माको पनि आयु बताइएको छ। उनको आयु सकिएपछि लय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ । ब्रह्माको एक दिनलाई कल्प भनिन्छ । एक कल्पमा ४ अर्ब बत्तीस करोड (४,३२,००,००,०००) सौर वर्ष हुन्छन् । यसपछि ब्रह्मा शयन कक्षमा जाने हुँदा सृष्टिमा लय हुन्छ । सोही चार अर्ब ३२ करोड वर्ष पछि पुनः सृष्टिको सुरु हुने कुरा सूर्यसिद्धान्तमा उल्लेख गरिएको छ । यसरी सृष्टिदेखि हालसम्म ब्रह्मा एकाउन्नौँ वर्षमा लागेका छन् । एकाउन्नौँ वर्षको पनि सातौँ वैवस्वत मन्वन्तर चलिरहेको छ । सातौँ वैवस्वत मनुका पनि २८ औँ महायुगअन्तर्गत सत्य, त्रेता र द्वापर युग व्यतीत भइसकेका छन् (२०७६ सालसम्म) । कलियुगको चार लाख बत्तीसहजार वर्ष बताइएको छ *(सिद्धान्तशिरोमणि, १/२१)* । यसका पनि हाल पाँचहजार एक सय बीस (२०७६ सालमा) वर्ष व्यतीत भएका छन् । हाल सृष्टिदेखि १९५५८८५१२० वर्ष व्यतीत भइसकेका छन् । यही वर्षमानको उल्लेख सर्वप्रथम जन्मपत्रिका अर्थात् चिनामा राखिन्छ । यसरी व्यतीत भएको कालको उल्लेखसँगै वर्तमानमा प्रचलित संवत पनि अङ्कन गरिएको हुन्छ ।

यसरी सृष्टिदेखि हालसम्मको अवस्थिति उल्लेख गरिसकेपछि जातक जन्मेको समयमा आकाशीय ग्रहको अवस्थिति कस्तो थियो सो कुराको पत्ता लगाउँने कार्य ज्योतिषशास्त्रले गर्दछ । बच्चा जन्मेको स्थानबाट सूर्य कति अंश, कति कलामा छ ? यसैगरी चन्द्रमा, मंगल, बुध, बृहस्पति, शुक्र, शनि, राहु र केतु आकाशमा कुन अवस्थामा छन् भन्ने कुराको ज्ञान पनि गरिन्छ । यसका लागि गणितका अनेकौँ सूत्र मार्फत् गणना हुने गर्दछ । यसरी गणना गरिएका ग्रहहरूको आकाशमा अवलोकन गर्ने पद्धति पनि ज्योतिष शास्त्रमा रहेको छ । ग्रह आकाशमा सोही अवस्थामा देखिन्छन् र देखिनु पनि पर्दछ । जुन कुरा हजारौँ वर्ष पहिले हाम्रा पूर्वज ऋषिमुनिहरूले पत्ता लगाइसकेका थिए । सोही कुराको प्रस्तुति जन्मपत्रिका (चिनामा) हुने गर्दछ ।

जन्मसमयमा आकाशीय ग्रहहरूको अवस्थिति अनुसार जन्मपत्रिका तयार गरिन्छ । सूर्यादि ग्रहहरूको उदय, अस्त, वक्र-मार्ग, उच्च, नीच आदि सम्पूर्ण अवस्थितिको गणितीय प्रमाण उक्त चिनामा उल्लेख गरिएको हुन्छ । सोही आधारमा फलादेश पनि हुने गर्दछ ।

आज गरिने जन्म दर्ता, नागरिकता भन्दा पनि वैज्ञानिक दस्तावेज भनेको चिना हो । चिनामा सो कुराको सम्पूर्ण फेरहिस्ता हुने गर्दछ । तीन पुस्ता, गोत्र, थर, प्रवर आदि सम्पूर्ण कुरा चिनामा लेखिने भएकोले व्यक्तिको असली परिचय पत्र भनेको नै वास्तवमा चिना हो । आजको परिचयपत्रमा पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोही कुरा उल्लेख हुनु जरूरी छ । वास्तविक परिचयपत्रका निम्ति चिनालाई अनिवार्य गर्नु आवश्यक छ ।

जन्म समयको अक्षांश, देशान्तर आदिका आधारमा इष्टकाल, नक्षत्रको भुक्त भोग्य अवस्थिति अनुसार प्राप्त नाम पनि चिनामा उल्लेख गरिन्छ । कुन नक्षत्रको कुन पाउमा जन्म भएको हो ? उसलाई कुन तिथि, नक्षत्र, बार घात र शुभ हुन्छन् भन्ने कुराको विवरण पनि जन्म पत्रिकामा हुने गर्दछ । यसैगरी कुन ग्रहले कस्तो प्रभाव पार्न सक्छ भन्ने कुराको गणितीय विस्तृत विवरण पनि चिनामा उल्लेख गरिएको हुन्छ ।

चिना वास्तवमा व्यक्तिगत विवरणपत्र नै हो । त्यसमा उसको चिनारी प्रस्तुत गरिएको हुन्छ । जन्मस्थान, नाम, वतन आदि सम्पूर्ण विषवस्तु उल्लेख गरिने भएकाले चिना व्यक्ति परिचयको पूर्ण दस्तावेज हो । आजका व्यक्तिगत परिचयपत्र भन्दा पनि ठूलो परिचयपत्र भनेको उसको चिना अर्थात् जन्मपत्रिका हो । जसले उसको विगत, वर्तमान र भविष्यको मार्गदर्शन समेत गरेको हुन्छ । अतः चिना व्यक्तिको एक वैज्ञानिक दस्तावेज हो ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महिना र बार निर्धारणका वैज्ञानिक पक्ष

पौरस्त्य वाङ्मयको एक महत्त्वपूर्ण पक्ष ज्योतिष विज्ञान हो । समाजसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले पनि यसको आवश्यकता दिनानुदिन परि नै रहन्छ । विश्वको प्राचीन विद्यामा पनि ज्योतिष पर्ने गर्दछ । ज्योतिषशास्त्रमा यस्ता थुप्रै विषयवस्तु छन् जसले आजको विश्वलाई नेतृत्व गरिरहेको छ । अन्तरिक्षको परिकल्पना पनि ज्योतिषशास्त्रकै उपज हो । सृष्टि उत्पत्तिदेखि लयसम्मका परिगणना ज्योतिषशास्त्रमा विद्यमान छन् । युग, वर्ष, महिना, बार आदिको निर्धारक पनि पौरस्त्य ज्योतिषशास्त्र नै हो । जसले हरेक कुराको वैज्ञानिक आधार प्रस्तुत गरेको छ ।

चैत्र वैशाख आदि महिना निर्धारणको वैज्ञानिक आधार

सृष्टिको उत्पति चैत्र शुक्ल प्रतिपदा आइतवारबाट भएको हो । मस् धातुमा घञ् प्रत्यय लागेर मास शब्दको निर्माण हुन्छ *(अमरकोश)* । **'मस्यतेपरिनियतेऽनैनाशौ वा मासः"** अर्थात मापन गर्नका लागि निर्धारण गरिने समय विशेष नै मास वा महिना हुन् । शुक्ल र कृष्ण पक्षको संयुक्त समूहलाई पनि महिना भनिन्छ- **शुक्लकृष्णपक्षद्वयात्मकः कालः** *(अमरकोश, १।४।१२)* । पौरस्त्य प्रचलनमा सौर, चान्द्र, सावन र नक्षत्रमान विशेष प्रचलनमा छन् । सूर्यका बाह्रवटा कला हुन्छन् । शास्त्रमा सूर्यका बाह्र कलाको नाम यसरी दिइएको छ-

> **तपिनी तापिनी धूम्रा मरीचिर्ज्वालिनी रुचिः ।**
> **सुषुम्णा भोगदा विश्वा बोधिनी धारिणी क्षमा ।**
> **तन्त्रविद्‌भिरिमाः प्रोक्ताः कला द्वादश भास्वतः॥** *(कर्मकाण्डभास्कर, पृ. ५)*

तपिनी, तापिनी, धुम्रा, मरीचि, ज्वलिनी, रूचि, सुषुम्णा, भोगदा, विश्वा, बोधिनी, धारिणी र क्षमा । सूर्यकाबाह्र कला हुन् । यिनै बाह्रवटा कला (किरण) का आधारमा बाह्रवटा महिनाको निर्धारण गरिएको हो । यसैगरी सूर्यले एक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्षमा ३६० डिग्री पार गर्छ । अझ भनौ एक वर्षमा सूर्यको एक गोलाइ चक्कर पूरा हुन्छ । सोही पूरा गर्न ३६५ दिन लाग्छ । प्रत्येक महिनाको परिवर्तन पनि सूर्यकै आधारमा हुने गर्दछ । पाश्चात्य परम्परामा जनवरी, फेब्रुअरी आदि महिना परिवर्तन हुन्छन् । जसको वैज्ञानिक कुनै आधार पाइँदैन । प्रत्येक महिनाका दिन निश्चित गरिएको छ सोही आधारमा जनवरी फेब्रुअरी आदि महिनाहरू निर्धारित छन् । यसरी निर्धारण गरिएका महिनाको आधार के हो भन्ने कुराको कुनै वैज्ञानिक आधार छैन । जसको आधार खोज्न पौरस्त्य वाङ्मयअन्तर्गतको ज्योतिषशास्त्रकै ढोका ढक्ढक्याउनु पर्ने हुन्छ । पूर्वीय ज्योतिष शास्त्रमा महिना निर्धारणको वैज्ञानिक कारण छ ।

चान्द्रः शुक्लादिदर्शान्तः सावनस्त्रिंशता दिनैः ।
एकराशौ रविर्यावत् कालं मासः सभास्करः ॥

(पद्मपुराण, पातल खण्ड-१२ अध्याय)

अर्थात् शुक्ल प्रतिपदादेखि औंसीसम्म एक चान्द्रमास हुन्छ । तीस दिनको समयलाई सावन महिना भनिन्छ । सूर्यले ३० अंश पार गरिसकेपछि एक महिना हुन्छ । त्यसमा पनि पहिलो तीस अंश पार गरेको समयावधिलाई वैशाख महिना भनिन्छ । उक्त अवधि कहिले ३० दिनको पनि हुन सक्छ कहिले ३२ पनि पुग्न सक्छ त कहिले २९ दिन पनि हुन सक्छ । यसरी महिनाको निर्धारण सूर्यको आधारमा गरिने भएकाले यो पद्धति दृक्सिद्ध र वैज्ञानिक छ ।

चन्द्रमा र सूर्यको १२ अंशको फरकमा एक तिथि निर्धारण गरिएको छ । यसरी ३० तिथि पूरा हुँदा एक चान्द्रमास हुन्छ । बाह्रवटा चान्द्रमास पूरा भएपछि एक चान्द्र वर्ष हुने गर्दछ । हाम्रा हरेक धार्मिक कार्य चान्द्रमासका आधारमा निर्धारण गरिन्छन् । हरेक औंसीका दिन सूर्य र चन्द्रमा एउटै राशिमा हुने भएकाले उक्त रात पूर्ण अन्धकारयुक्त हुन्छ । पूर्णिमाका दिन सूर्य र चन्द्रमाबीच १८० अंश अर्थात् छ राशिको अन्तर पर्ने भएकाले आकाशमा पूर्ण चन्द्रमाको दर्शन हुने गर्दछ । यसरी आकाशीय सूर्य र चन्द्रमाको आधारमा निर्धारण गरिने महिना प्रत्यक्ष छन् । एउटा सूर्योदयदेखि अर्को सूर्योदय हुनुपूर्वको समयावधिलाई एक सावन दिन भनिन्छ ।

इनोदयद्वयान्तरं तदर्कसावनं दिनम् ।
तदेवमेदिनीदिनं भवासरस्तुभभ्रमः ॥

(सिद्धान्तशिरोमणि, कालमानाध्याय, श्लो. २०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रायः यस्ता दिन निश्चित हुने र गणना गर्न सजिलो हुने भएकाले सावन दिन, मास र वर्षको निर्धारण गरिएको छ । सौर महिनाको तुलनामा चान्द्र महिना धेरै हुने गर्दछन् । अर्थात् हरेक बत्तीस महिनामा १३ चान्द्र मास पर्छन् । जसलाई अधिकमास भनिन्छ । उक्त समयमा दुई औंसीका बीचमा एउटा पनि संक्रान्ति पर्दैन । जसको वैज्ञानिक गणना पद्धति ज्योतिष शास्त्रमा विद्यमान छ । यसैगरी चान्द्र र सावन मासको अन्तर नै क्षयमास हो । उक्त अवसरमा दुई औंसीका बीच दुई संक्रान्ति पर्दछन् ।

तर पाश्चात्य महिना निर्धारणको कुनै आधार पाइँदैन । मार्चबाट सुरुहुने महिनालाई पछि जुलियस सिजरले जनवरीबाट चलाएको इतिहास पाइन्छ । महिनाको निर्धारण गर्ने ठोस खगोलीय आधार केही पनि छैन । प्राय महिनाको नाम इसाइ देवताका आधारमा निर्धारण गरिएको छ । तर पौरस्त्य महिनाको निर्धारणका ठोस आधारहरू विद्यमान छन् । वैशाख एक गतेलाई विषुवत् दिन भनिन्छ । यो बेला दिन र रात बराबर हुन्छन् । नाडी वृत्त नै अहोरात्र वृत्त हुन आउँछ । तर जनवरी एक तारिखमा वर्षारम्भ मान्नुको कुनै ठोस आधार पाइँदैन । केवल जुलियस सिजर राजाको आदेश मात्र हो ।

यसैगरी महिनाको नामकरणको पनि वैज्ञानिक आधार रहेको छ । आकाशीय नक्षत्रका आधारमा प्रत्येक महिनाको नाम निर्धारण गरिएको छ । विशाखा नक्षत्रका दिन पूर्णिमा हुने महिनालाई वैशाख भनिन्छ । अर्थात् वैशाख शुक्ल पूर्णिमाका दिन विशाखा नक्षत्र पर्ने गर्दछ । यसैगरी ज्येष्ठा नक्षत्रका दिन पूर्णिमा हुने महिनालाई ज्येष्ठ भनिन्छ । पूर्वाषाढा नक्षत्रका दिन पूर्णिमा पर्ने महिनालाई आषाढ, श्रवण नक्षत्रमा पूर्णिमा पर्ने महिना श्रावण, पूर्वाभाद्रपदा नक्षत्रका दिन पूर्णिमा पर्ने महिना भाद्र, अश्विनी नक्षत्रका दिन पूर्णिमा पर्ने महिना आश्विन, कृत्तिका नक्षत्रका दिन पूर्णिमा पर्ने कार्तिक, मृगशिरा नक्षत्रका दिन पूर्णिमा पर्ने मार्गशीर्ष, पुष्य नक्षत्रका दिन पूर्णिमा पर्ने पौष, मघा नक्षत्रका दिन पूर्णिमा पर्ने महिना माघ, पूर्वाफाल्गुनी नक्षत्रका दिन पूर्णिमा पर्ने महिना फाल्गुन, अनि चित्रा नक्षत्रका दिन पूर्णिमा पर्ने महिना चैत्र भनी पूर्णिमा र नक्षत्रको संयोगका आधारमा बाह्र महिनाको निर्धारण गरिएको शङ्करबालकृष्ण दीक्षितले उल्लेख गरेका छन् *(भारतीय ज्योतिष, पृ. ५६, ५११)* । कहिले काहीँ यी नक्षत्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वरपर पनि हुन सक्छन् । पूर्णिमान्त महिना मान्ने हाम्रो पद्धतिमा मास निर्धारणको आधार चन्द्रमा नै रहेको छ । पाश्चात्यमा जनवरी, फेब्रुअरी आदि महिनाको केवल ईश्वरका नाम र कामका आधारमा मात्र निर्धारण गरिएको छ । जसको कुनै खगोलीय उपपत्ति पाइँदैन ।

बारको नाम निर्धारणका आधार

बारको नाम निर्धारण पनि खगोलीय आधारमा वैज्ञानिक तरिकाले गरिएको छ । हरेक ग्रहका आधारमा बारहरू निर्धारित छन् । पृथ्वीलाई केन्द्रविन्दु मानेर ग्रह गणना गरिन्छ । पृथ्वीको सबैभन्दा टाढा शनि छ । त्यहाँबाट नजिक क्रमशः गुरु, मंगल, सूर्य, शुक्र, बुध र चन्द्रमा छन् । अहोरात्रमा २४ होरा मानिएका छन् । सातवटै ग्रह २४ होराका क्रमशः स्वामी हुन्छन् । यिनको तीन आवृत्ति समाप्त भएपछि तीन होरा बाँकी रहन्छन् । यसप्रकार चौथो ग्रह दोस्रो दिनको प्रथम होराको स्वामी हुन्छ । प्रथमदिन प्रथम होराको स्वामी यदि शनि हुन्छ भने द्वितीय दिन प्रथम होराको स्वामी रवि र तृतीय दिन चन्द्रमा हुन्छ । दिनको प्रथम होराको स्वामी नै त्यो दिनको बार स्वामी हुन्छ ।

मन्दादधः क्रमेण स्युश्चतुर्था दिवसाधिपाः ।
होरेशाः सूर्यतनयादधोऽधः क्रमशस्तथा ॥

(सूर्यसिद्धान्त, भूगोलाध्याय, श्लो. ७८-७९)

शीघ्रक्रमात् चतुर्थाः दिनपाः ॥

(आर्यभट्ट, आर्यभटीयतन्त्रम्, कालक्रियाध्याय, श्लो. १६)

अर्थात् शनि, गुरु, मंगल, सूर्य, शुक्र, बुध, चन्द्र मध्ये शनिबाट चौथो नम्बरको ग्रहका दिन सूर्य पर्ने भएकाले रविबार निर्धारण गरिएको हो । यसैगरी सूर्यबाट चौथोनम्बरमा चन्द्रमा पर्ने भएकाले सोमबार, चन्द्रबाट चौथो मंगल पर्ने भएकाले मंगलबार एवं प्रकारले सातवटै बारको निर्धारण गरिएको छ । तर पाश्चात्यमा सन डे, मुन डे त छ तर ट्युस्डेको अर्थ मंगल हुँदैन । त्यसैले उक्तबार निर्धारणको पनि ग्रहगोलीय उपपत्ति पाइँदैन ।

चित्रअनुसार,
यहाँ, २४/७ = ३ भागफल, ३ शेष ।
सूर्यलाई आदित्य भनिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जो पहिलो बार हो ।
(सिद्धान्तशिरोमणि, कालमानाध्याय, श्लो. १५)
सूर्यबाट ३ स्थान पछिको ग्रह चन्द्रमा आउँछ ।
त्यसैले दोस्रो बार सोम (चन्द्रमा) भयो ।
यसैगरी चन्द्रमाबाट तेस्रो मंगल हुने भएकाले तेस्रो बार मंगल हुन्छ ।

यसैगरी मंगलबाट तेस्रो बुध, बुधबाट तेस्रो बृहस्पति र बृहस्पतिबाट तेस्रो शनि र शनिबाट तेस्रो सूर्य एवं क्रमले गोलीय रूपमा बारको उपपत्ति सिद्ध हुन्छ । राहु र केतुको पिण्डीय अस्तित्व नभएकाले बार गणनामा दुई ग्रह नपरेका हुन् ।

ज्योतिष आफैंमा विज्ञान हो । हरेक ज्योतिषीय विषयवस्तुहरू तथ्य र प्रमाणका आधारमा निर्धारण गरिएका छन् । खगोलीय ग्रहका आधारमा सम्पूर्ण काल गणना गरिने भएकाले यसको वैज्ञानिकता स्वतः पुष्टि हुन्छ । सूर्य निर्धारित समयमै उदाउनु, निश्चित समयमा अस्त हुनु, चन्द्रमा, नक्षत्र एवं तारा आदि प्रत्यक्ष देखिनुले ज्योतिषको वैज्ञानिक पक्षलाई थप पुष्टि गर्छन् । सृष्टि उत्पत्तिदेखि लिएर स्थिति एवं लयको पनि परिगणना ज्योतिष शास्त्रमा पाइन्छ । ज्योतिषका सिद्धान्तहरू प्रयोगसिद्ध छन् । सर्वप्राचीन छन् अनि वस्तु सत्यमा पनि आधारित रहेका छन् । त्यसैले ज्योतिष आफूमै विज्ञान हो । आजको खगोल विज्ञानको पनि जनक हो ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रहण विचार

ग्रहण भनेको ग्राह्य र ग्राहकबीचको सम्बन्ध हो । सामान्य अर्थमा पृथ्वीको छायाँभित्र चन्द्रमा पसेको अवस्थामा चन्द्रग्रहण हुन्छ भने चन्द्रमाले सूर्यको प्रकाशलाई पृथ्वीमा आउनबाट रोक्दा सूर्यग्रहण लाग्ने गर्दछ । चन्द्रग्रहण पूर्णिमा तिथि र सूर्यग्रहण औंसी तिथिका दिन मात्र लाग्ने सम्भावना रहन्छ । वेदले पनि ग्रहणका बारेमा विशेष उल्लेख गरेको छ ।

..यं वै सूर्यस्वर्भानुस्तमसाऽविध्यदासुरः ।
अत्र यस्तमनवविन्दन्न ह्यन्वे अशक्नुवन् ॥ *(ऋग्वेद, ५/४०/५९)*

राहुलाई ग्रहणको कारक मानिएको छ । राहु भनेको 'तम' अर्थात् अन्धकार हो । ग्रहण लागेका बेला पनि अन्धकार हुने गर्दछ । यस्तो समय दान पुण्यका लागि अति उत्तम मानिएको छ । स्मृति पुराणले पनि जप र दानका लागि ग्रहणको समय उत्तम हो भन्ने चर्चा गरेका छन् । स्नान, जप, दानका लागि ग्रहण उत्तम समय हो भन्दै भास्कराचार्यले पनि स्मृति पुराणको वचनलाई यसरी स्मरण गरेका छन्-

बहुफलं जपदान हुतादिके स्मृतिपुराणविदः प्रवदन्ति हि ।
सदुपयोगि जने सचमत्कृति ग्रहणमिन्द्विनयोः कथयाम्यतः ॥

(सिद्धान्तशिरोमणि, चन्द्रग्रहणधिकार, श्लो. १)

अर्थात् जप, दान, यज्ञाहुति आदि गर्नका लागि ग्रहण उत्तम अवसर हो । यो आकाशमा देखिने एक चमत्कृति पनि हो ।

चन्द्रग्रहण

पृथ्वीको छायाँभित्र चन्द्रमा प्रवेश गरेको अवस्थामा चन्द्र ग्रहण लाग्ने गर्दछ । **भूच्छायां प्राङ्मुखश्चन्द्रो विशत्यस्य भवेदसौ ॥** *(सूर्य सिद्धान्त, चन्द्रग्रहणाधिकार, श्लो. ९)* अर्थात् पूर्वाभिमुख भ्रमण गरिरहेको चन्द्रमा पृथ्वीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छायाँमा प्रवेश गर्छ र चन्द्रग्रहण लाग्छ। भूबिम्बमा चन्द्रमाको सदा पूर्वभाग प्रवेश हुने भएकाले चन्द्रग्रहणमा चन्द्रबिम्बको पूर्वदिशामा स्पर्श र पश्चिम भागबाट मोक्ष हुने गर्दछ।

पृथ्वीको छायाँ निरन्तर क्रान्तिवृत्त (सूर्य हिंड्ने वृत्त वा वाटो)मा हिंड्छ तर चन्द्रमाको हिंड्ने बाटो छुट्टै छ। अर्थात् चन्द्रमा क्रान्तिवृत्तभन्दा अन्यत्रैबाट घुमिरहेको हुन्छ। क्रान्तिवृत्तको र चन्द्रभ्रमणमार्ग (चन्द्रविमण्डल)को जहाँ सम्पात हुन्छ ती स्थानलाई पात भनिन्छ। यी पात मध्येको उत्तरी सम्पातलाई राहु र दक्षिणी सम्पातलाई केतु भनिएको हो। राहु र केतुको स्वतन्त्र पिण्डीय अस्तित्व छैन। यस्तो पातस्थानमा वा पातासन्न स्थानमा चन्द्रमा पुगेको र पूर्णिमा पनि परेको अवस्था भए मात्र चन्द्रग्रहण लाग्न सक्छ। सबै पूर्णिमामा यस्तो स्थिति हुन सक्दैन र हरेक पूर्णिमामा चन्द्रग्रहण लाग्दैन। चन्द्रमाको बाटोले पृथ्वीको बाटोसित अन्दाजी ५ डिग्रीको कोण बनाउने गर्दछ। तसर्थ चन्द्र, पृथ्वी र सूर्य एउटै सोझो रेखामा नपर्न सक्छन्। जुनबेला पर्छ त्यो बेला मात्र चन्द्र ग्रहण लाग्ने भएकाले सबै पूर्णिमामा यस्तो स्थिति (चन्द्र, सूर्य र पृथ्वीको एउटै सरल रेखामा पर्ने स्थिति) नपर्ने भएकाले सबै पूर्णिमामा चन्द्रग्रहण नलागेको हो।

चन्द्रग्रण दुई प्रकारका हुन्छन् : पूर्ण चन्द्रग्रहण र खण्डग्रास चन्द्रग्रहण। चन्द्रमाको पूरै भाग पृथ्वीको छायाँमा पर्दा पूर्णग्रास चन्द्रग्रहण हुन्छ। यसैगरी चन्द्रमाको केही भाग मात्र पृथ्वीको छायाँमा पर्दा खण्डग्रास चन्द्र ग्रहण लाग्ने गर्दछ। सूर्य र चन्द्रमा आमने सामने १८० अंश (डिग्री)को अन्तरमा भएको समयमा चन्द्रग्रहण लाग्ने गर्दछ। पूर्णान्त कालमा नै चन्द्र ग्रहण सम्भव हुन्छ। यसरी चन्द्र ग्रहण लाग्दा पूर्वमा स्पर्श र पश्चिम दिशामा मोक्ष हुन्छ।

सूर्य ग्रहण

चन्द्रमाले सूर्यको प्रकाशलाई छेकेको अवस्थामा सूर्य ग्रहण लाग्ने गर्दछ। सूर्यलाई चन्द्रमाले ढाक्ने औंसीका दिन मात्र सम्भावना रहन्छ। सबै औंसीमा पनि यस्तो स्थिति आउँदैन। जब सूर्य, चन्द्रमा र पृथ्वी एउटै सरल रेखामा हुन्छन् तब मात्र सूर्य ग्रहणको सम्भावना रहन्छ। सूर्य ग्रहण कुनै स्थानमा लागेको बेला पृथ्वीकै अर्को स्थानमा नलाग्न पनि सक्छ। सूर्य र चन्द्रमा एउटै राशिमा भएको अवस्थामा मात्र सूर्य ग्रहण आकाशमा देखिन्छ।

सूर्य ग्रहण तीन प्रकाका हुन्छन्। पूर्ण, खण्डग्रास र वलय सूर्यग्रहण।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जब चन्द्रबिम्बले सूर्यको सम्पूर्ण भाग छेक्छ तब पूर्णग्रास सूर्यग्रहण हुन्छ । चन्द्रमा नीच अवस्थामा रहेको बेला यस्तो स्थिति उत्पन्न हुन सक्छ । यसैगरी सूर्यको केही भाग मात्र ग्रसित भएको अवस्थामा खण्डग्रास चन्द्रग्रहण देखिन्छ । चन्द्रबिम्बले सूर्यबिम्बलाई पूर्ण ढाक्दा सूर्यको तेजिलो प्रकाशले चन्द्रमाको कालो धब्बा वरिपरि सेतो गोलाकृति देखिन्छ जसलाई वलय सूर्यग्रहण भनिन्छ । चन्द्रमाले सूर्यको प्रकाश पृथ्वीमा पर्नबाट रोकेको अवस्थामा सूर्य ग्रहण लाग्ने गर्दछ ।

ग्रहणको सुतक र बार्नु पर्ने कार्य

ग्रहण लागेको समयलाई विद्ध मानिन्छ । त्यसैले सुतक वार्नुपर्ने शास्त्रीय विधान रहेको छ । **सूर्यग्रहे ग्रहणप्रहरादर्वाक् यामचतुष्टयं वेधः । चन्द्रग्रहे तु प्रहरत्रयम् ।** *(धर्मसिन्धु, प्रथमपरिच्छेद, पृ. २७)* अर्थात् सूर्यग्रहण लाग्नु भन्दा चार प्रहर (१२ घण्टा) पूर्व र चन्द्रग्रहण लाग्नुभन्दा ३ प्रहर अर्थात् ९ घण्टा अघिदेखि सुतक लाग्छ भनिएको छ । यसैले बाल, वृद्ध र आतुर बाहेक अरूलाई शास्त्रले भोजनादि निषेध गरेको छ । ग्रहण लागेको समयमा भोजन गर्न, सुत्न, मैथुनादि समागम, शरीरमा तेल घस्न, शृङ्गार, शौच, बधका साथै, अरूलाई कष्ट हुने कार्य बर्जित रहन्छन् ।

ग्रहणकाले शयने कृते रोगो मूत्रे दारिद्रयं पुरीषे कृमिर्मैथुने ग्रामसुकरोभ्यग कुष्ठी भोजने नरक इति । *(धर्मसिन्धु, प्रथमपरिच्छेद, पृ. २७)* यसैगरी अर्को श्लोक पनि पाइन्छ–

निद्रायां जायते व्याधिर्मूत्रे दारिद्र्यमाप्नुयात् ।
पुरीषे कृमियोनिश्च मैथुने ग्रामसुकरः ।
आम्यञ्जने भवेत् कुष्टिर्भोजने स्यादधोगतिः ।
बन्धने च भवेत् सर्पो बधे च नरकं व्रजेत् ॥ *(ने.सं.वि. पञ्चाङ्गम्-२०७४, पृ. १५)*

अर्थात् ग्रहण लागेका अवस्थामा सुते रोग लाग्न सक्छ, शौचादि कार्य गर्नाले दारिद्र्य हुन्छ । दिशा बस्नाले कृमियोनि प्राप्त हुन्छ, मैथुनादि संगम गर्नाले अर्को जन्ममा सुगुरको योनि प्राप्त हुन्छ, शरीरमा तेल लगाउँनाले वा शृङ्गार गर्नाले कुष्टरोग लाग्न सक्छ, भोजन गर्नाले अवनति हुन्छ । कसैलाई बन्धनमा राख्नाले सर्पको योनि प्राप्त हुन्छ भने काटमार आदि बध गर्दा नरकको यातना भोग गर्नुपर्छ भनी उल्लेख गरिएको छ । यसैगरी ग्रहणमा श्राद्ध गर्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभ भए पनि श्राद्धको भोजन भने निषिद्ध छ ।

ग्रहणमा कस्ता कार्य गर्नु शुभ हुन्छ ?

ग्रहण लागेको समयका जप, दान, मन्त्रसिद्धि जस्ता कार्य गर्नु विशेष शुभ मानिएको छ । विद्यार्थीले अध्ययनको कार्यलाई निरन्तरता दिनु नै उचित हुन्छ । विद्या साधनाका निम्ति पनि यो उत्कृष्ट समय हो । दान लिनु भन्दा पनि दान दिनु उचित हुन्छ भनी शास्त्रमा उल्लेख पाइन्छ । यो समयमा गरिएको दानले अक्षय पुण्य प्राप्त हुने शास्त्रीय मान्यता रहेको छ । यसैगरी ग्रहणमा स्नान पनि विशेष शुभदायी मानिन्छ । ग्रहण स्नान गर्नाले रोगव्याधि हटेर जान्छन् । ग्रहण लागेको समयमा सबै कुरा अपवित्र हुन्छन् । त्यसैले कुश साथमा राख्नाले अथवा कुश पानीले स्नान गर्नाले ग्रहणजन्य दोषबाट निवृत्त हुन सकिन्छ । तुलादान पनि ग्रहणमा शुभ मानिएको छ *(निर्णयसिन्धु, पृ. ४२)*।

ग्रहण सामान्य खगोलीय प्रक्रिया हो । विशेषतः पृथ्वीको छायाँमा चन्द्रमा प्रवेश गरी आफ्नो प्रकाशलाई अवरूद्ध गराएको अवस्था नै चन्द्र ग्रहण हो भने चन्द्रमाले सूर्यलाई छेकेको अवस्थामा सूर्य ग्रहण लाग्दछ । विशेषतः ग्रहण लागेको समयमा पृथ्वीमा विकार उत्पन्न हुने भएकाले स्नान, दान, जपादि कर्म गर्नु भनी शास्त्रले निर्देश गरेको हो । यसैगरी व्यक्तिको प्रकृति अनुसार ग्रहणको दर्शन पनि शुभाशुभ रहने भएकाले कुनै राशिलाई ग्रहण हेर्नु शुभ त कुनैलाई अशुभ मानिन्छ । प्रकृतिको अनुपम लीलाको सुन्दर अनुभूति हुने ग्रहण आफूमै एक रमणीय पक्ष हो । वेदले पनि ग्रहणको चर्चा गरेको छ । ग्रहण पूर्वीय ज्ञानको उपज हो । यसको सही अर्थ र रहस्य हजारौं वर्ष पहिले नै हाम्रा ऋषिमुनिहरूले पत्ता लगाइसकेका थिए । त्यसैले यस्ता गूढतम रहस्यका विषयलाई थप पुष्टि गर्दै पूर्वीय ज्ञानको धरोहरलाई फैलाउनु आवश्यक देखिन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरु-शुक्र अस्त र यसले पार्ने प्रभाव

आकाशमा देखिने ग्रहमध्ये बृहस्पति र शुक्रलाई शास्त्रले विशेष महिमाका साथ व्याख्या गरेको छ । यी दुवै ग्रह अस्त भएको समयमा कतिपय काम्य शुभ कर्म निषेध गरिएको छ । सूर्यका आधारमा बृहस्पति र शुक्र अस्त हुने गर्दछन् । सूर्यको बिम्बले छेकिएर हाम्रो दृष्टिपथमा नआएको अवस्था नै अस्तको समय हो । अस्तको अर्थ लोप हुनु अर्थात् हराउनु भन्ने हुन्छ । अन्य कारणले पनि अस्त त हुन सक्छन् । तर धर्मशास्त्रमा सूर्यको बिम्बभित्र परेको अवस्थालाई अस्त भनी सोको फल र ग्राह्याग्राह्य कार्यको वर्णन गरिएको छ ।

बृहस्पति र सूर्य एउटै राशिमा भएको अवस्थामा अस्तको सम्भावना रहने गर्दछ । यस्तो स्थिति वर्षमा एकपटक पर्दछ । किनकि सूर्यले एक महिनामा एक राशि (३० अंश/डिग्री) पार गर्छ भने बृहस्पतिले १३ महिनामा एक राशि पार गर्दछ । यसैगरी शुक्रको सूर्यकै हाराहारीमा गति हुने भएकाले प्राय शुक्रास्त बेला-बेलामा भइरहन्छ । विशेषतः सूर्य र बृहस्पतिको ११ कालांशान्तर भए बृहस्पति अस्त मानिन्छ भने सूर्य र शुक्रको ८ कालांश अन्तर रहँदा शुक्र अस्त हुन्छ *(सूर्यसिद्धान्त, ९/६-७)* । ग्रह देखिएको अवस्थालाई उदय भनिन्छ भने आकाशमा नदेखिई कतै हराएको वा अस्ताएको अवस्थालाई अस्त भनिन्छ । गुरु र शुक्र अस्त भएको समयमा विवाह, व्रतबन्ध, विशेष यज्ञ अनुष्ठान आदि कर्म गर्न निषेध गरिएको छ ।

अस्तको प्रभाव के ?

बृहस्पति र शुक्र अस्त भएपछि ती ग्रहबाट आउने तत्त्व हामीमा प्राप्त हुँदैन । बृहस्पति विद्या र धन प्रदान गर्ने ग्रह हो । देवताको गुरुका रूपमा पनि बृहस्पतिको पूज्य स्थान छ । बृहस्पति तत्त्व हराएको समयमा गरिएका कार्य निष्फल रहने भएकाले पनि अस्तका समयमा विशेष काम्य कार्य निषेध गरिएको हो । बृहस्पति अस्त अर्थात् निर्वल भएको बेला रोगले पनि आक्रमण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न सक्छ । धन, विद्या, बुद्धि र पराक्रम प्राप्तिको कामना राखी गरिने यज्ञ प्रभावकारी नहुने भएकाले यो समयमा काम्य विशेष कर्म गरिँदैनन् ।

यसैगरी शुक्र विशेषतः मज्जा तत्त्व प्रदान गर्ने ग्रह हो । शुक्र अस्त भएको अवस्थामा वायुमा पनि विकार हुन सक्छ । किनकि शुक्रले वायुको पनि प्रतिनिधित्व गरेको हुन्छ अर्थात् भनौँ यो वायुकारक ग्रह हो । कला साहित्यका साथै प्रेम तत्त्वको कमी पनि शुक्र अस्तमा हुने गर्दछ ।

गुरु र शुक्रास्तमा कस्ता कार्य गर्नु हुदैन ?

अस्त भएको बेलामा गुरु-शुक्र निर्वल हुने भएकाले विवाह, व्रतबन्ध आदि शुभकर्म गर्नु हुँदैन भनी शास्त्रले निर्देश गरेको छ-

वाप्यारामतडागकूपभवनारम्भप्रतिष्ठेव्रता
ऽऽरम्भोत्सर्गवधूप्रवेशनमहादानानि सोमाष्टके ।
गोदानाग्रयण-प्रपा-प्रथमकोपाकर्म वेदव्रतम् ।
नीलोद्वाहमथातिपन्नशिशुसंस्कारान् सुरस्थापनम् ॥
दीक्षा-मौञ्जि-विवाहमुण्डनमपूर्वं देवतीर्थेक्षणम् ।
सन्यासाग्निपरिग्रहौ नृपतिसन्दर्शाऽभिषेकौ गमम् ।
चातुर्मास्यसमावृती श्रवणयोर्वेधं परीक्षां त्यजेद् ।
वृद्धत्वास्तशिशुत्व इज्य-सितयोर्न्यूनाधिमासे तथा ॥

(मुहूर्त्तचिन्तामणि, १/४६-४७)

कुवा, बगैँचा, गृहारम्भ, गृहप्रवेश, देवताको मूर्ति प्राण प्रतिष्ठा, व्रत प्रतिष्ठा, व्रतको आरम्भ, वधूप्रवेश, महादान, सोम यज्ञ, अष्टका श्राद्ध, गोदान (केशान्तकर्म), नवान्न भक्षण, प्रथमपटक उपाकर्म, वेदव्रत, काम्य वृषोत्सर्ग, समयमा संस्कार हुन नसकेका बाँकी संस्कार, देवताको प्रतिष्ठा, दीक्षा मन्त्र ग्रहण, व्रतबन्ध, विवाह, मुण्डन, पहिलो पटक तीर्थ यात्रा, सन्यास ग्रहण, राजाको दर्शन, राजाभिषेक, यात्रा, विशेष परीक्षा आदि कुरा त्याज्य हुन्छन् भनी मुहूर्त्तचिन्तामणिमा बताइएको छ ।

यसैगरी गयाश्राद्ध र गोदावरीको यात्रा भने गर्दा हुन्छ भन्ने वायुपुराणले बताएको छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न त्यक्तव्यं गयाश्राद्धं सिंहस्थे च वृहस्पतौ ।
अधिमासे सिंहगुरावस्ते च गुरुशुक्रयोः ।
तीर्थयात्रा न कर्तव्या गयां गोदावरीं विना ॥ *(वायुपुराण)*

अर्थात् गुरु शुक्रको अस्तमा गयाश्राद्ध र गोदावरी यात्रा बाहेक अन्य यात्रा नगर्नू भनिएको छ । प्रमादवश गरेमा अनिष्टफल भोग्नु पर्ने कुरा मुहूर्तचिन्तामणिको पीयूषधारा टीकामा उल्लेख गरिएको छ ।

यसैगरी गुरु र शुक्र बाल्य र वृद्ध भएका बेला पनि देवदर्शनादि कार्य नगर्नू भनी निर्णयसिन्धुले बताएको छ ।

बाले वा यदि वा वृद्धे शुक्रे वास्तं गते गुरौ ।
मलमास इवैतानि वर्जयेद्देवदर्शनम् ॥ *(निर्णयसिन्धु, प्रथमपरिच्छेद, पृ. ११)*

अस्त हुनु पहिले सात दिन बृद्ध र उदय पश्चात् सातदिन गुरु-शुक्र बाल्य मानिन्छन् (धर्मसिन्धु, पृ. ५) ।

कस्ता कार्य गर्नु हुन्छ ?

गुरु र शुक्र अस्त भएको बेलामा आफ्ना नित्य कर्म गर्न भने कुनै बाधा व्यवधान रहँदैन । यसैगरी नित्य कर्मअन्तर्गत पर्ने श्राद्ध, वार्षिकी, लिँदै आएका व्रत उपासना पनि रोकिँदैनन् । यसैगरी नैमित्तिक कर्मअन्तर्गत आइपर्ने नामकरण, और्ध्वदेहिक (क्रिया) कर्म, अत्यावश्यक कर्म, ग्रहशान्ति, रोग शान्ति आदि कर्म पनि गर्न सकिन्छ । शान्ति कर्मका निम्ति पनि छुट दिएको पाइन्छ-

शान्तिकर्मणि कुर्वीत रोगे नैमित्तके तथा ।
गुरुभार्गवमौढ्येऽपि दोषस्तत्र न विद्यते ॥

यसैगरी महिना तोकेर भनिएका कर्म गर्न पछि छुट दिइएको छ-

मासप्रयुक्तकार्येषु मूढत्वं गुरुशुक्रयोः ।
नदोषकृन्मलो मासो गुर्वादित्यादिकं तथा ॥ *(बृहस्पति)*

यसैगरी शुक्र अस्तमा सीमन्तोन्नयन, जातकर्म, अन्न प्राशन कार्य पनि गर्नु हुन्छ दोष लाग्दैन भनी बताइएको छ-

सीमन्तजातकादीनि प्राशनान्नानि यानि वै ।
न दोषो मलमासस्य मौढ्यस्य गुरुशुक्रयोः ॥

(मुहूर्तचिन्तामणि, पीयूषधाराटीका)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नित्य कर्म, ग्रहशान्ति, नैमित्तिक कर्मअन्तर्गतका सीमन्तोन्नयन, जातकर्म, अन्नप्राशन, शान्ति कर्म, गयाश्राद्धादि कार्य शुक्र अस्त भए पनि गर्दा कुनै दोष नलाग्ने कुरा शास्त्रले बताएका छन् ।

निष्कर्ष

अस्त प्रकृतिको एक नियमित चक्र हो । सूर्यको बिम्बमा परी गुरु र शुक्र हाम्रो दृष्टिपथमा नआएको अवस्था नै गुरू-शुक्रास्तको हो । सूर्य र बृहस्पति, अनि सूर्य र शुक्र एउटै राशिमा भएका बेला यस्तो अवस्था आउने गर्दछ । अस्त हुँदा ग्रहजन्य प्रभाव कम हुने भएकाले विवाह, व्रतबन्ध आदि विशेष काम्य कर्म गर्न निषेध गरिएको हो भने नित्यकर्म, ग्रहशान्ति, नामकरण लगायत कर्म भने गर्नु हुने शास्त्रीय निर्णय पाइन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रहशान्तिका अनेक उपाय

आकाशीय ग्रहको प्रभाव सर्वत्र छ । ग्रह नियमित आकाशमा घुमिरहन्छन् । सोही ग्रहका आधारमा शुभाशुभ फल पनि प्राप्त हुने गर्दछ । शुभ ग्रहले शुभ फल दिन्छन्, उन्नति प्रगति गराउँछन् भने अशुभ ग्रह चलेको समयमा दुःख कष्ट भोग्नुपर्ने हुन्छ । ग्रहजन्य प्रभाव व्यक्तिअनुसार भिन्न भिन्न हुन्छ । जन्म समयका आधारमा कुन र कस्तो ग्रह चलिरहेको छ भन्ने थाहा पाउँन सकिन्छ । आकाशीय ग्रहको प्रभाव शुभ भएको खण्डमा ग्रहशान्ति आवश्यक हुँदैन । तर ग्रहजन्य कारणबाट कार्यमा व्यवधान भएको अवस्थामा ग्रहशान्ति गर्नुपर्दछ ।

ज्योतिषशास्त्रमा सामान्यतः सूर्य, मंगल, शनि, राहु र केतुलाई अशुभ ग्रह मानिएको छ । उक्त ग्रह चलिरहेको अवस्थामा सामान्यतः अशुभ फल दिइरहेका हुन्छन् । शुभ ग्रह पनि वक्र, अस्त, नीच भएका बेला अशुभ फलदायी हुन्छन् । यसकारण प्रतिकूल ग्रहजन्य प्रभावबाट जोगिन ग्रहशान्ति गरिन्छ । ग्रहशान्ति गर्दा जप, हवन, तर्पण, मार्जन र ब्राह्मण भोजन गराउनुपर्ने शास्त्रीय विधान छ । शान्ति गर्दा सूर्यादि ग्रहको जप, जपको दशांश हवन, हवनको दशांश तर्पण, तर्पणको दशांश मार्जन र मार्जनको दशांश ब्राह्मण भोजन गराउनु पर्दछ । ग्रहजन्य वस्तुको दान गरेर पनि तद्जन्य प्रभाव कम गर्न सकिन्छ । यसैगरी औंठी एवं रत्नधारण, सूक्त पाठ, विभिन्न देवी-देवताको उपासना, वस्तुदान आदि गरेर पनि ग्रहजन्य दोष निवारण गर्न सकिन्छ ।

याज्ञवल्क्यस्मृतिमा ग्रहपूजा विधि, समिधा हवनको निर्देशन यसरी गरिएको छ–

अर्कः पलाशः खदिरस्त्वपामार्गोऽथ पिप्पलः ।
उदुम्बरः शमी दुर्वा कुशाश्च समिधः क्रमात् ।
एकैकस्याष्टशतकमष्टाविंशतिरेव वा ।
होतव्या मधुशर्पिभ्यां दध्ना क्षीरेण संयुताः । *(याज्ञवल्क्यस्मृति, ११।३००-३०२)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात् सूर्य शान्तिका लागि आँक, चन्द्रमा शान्तिका लागि पलाँश, मंगल शान्तिका लागि खयर, बुधका निम्ति अपामार्ग, बृहस्पतिका निम्ति पिपल, शुक्रका निम्ति डुम्री, शनिका लागि समी, राहुका लागि दुवो र केतु शान्तिका निम्ति कुशको हवन गर्नुपर्दछ । यसैगरी घ्यू, मह, दही आदिले एकसय आठ पटक ग्रहको हवन पनि गर्नुपर्दछ ।

यसैगरी ग्रह शान्तिका निम्ति बलि पनि प्रदान गर्नुपर्दछ । बलिको विधान यसरी गरिएको छ-

गुडौदनं पायसं च हविष्यं क्षीरषष्टिकम् ।
दध्योदनं घृतान्नं च कृसरामिषचित्रकम् ।
दद्याद्ग्रहक्रमादेतद् द्विजेभ्यो भोजनं बुधः ॥
शक्तितो वा यथालाभं सत्कृत्य विधिपूर्वकम् ॥

(याज्ञवल्क्यस्मृति, ११।३०२-३०४)

अर्थात् सूर्य शान्तिका निम्ति सख्खर र चामलको बलि दिनुपर्दछ । यसैगरी चन्द्रमा शान्तिका लागि पायस, मंगलका लागि हविष्यान्न, बुधका लागि दुध र षष्टिका (धानको चामल), बृहस्पतिका निम्ति दही, चामल, शुक्रका निम्ति घ्यू र अन्न, शनिका निम्ति खिचडी, राहु र केतु शान्तिका निम्ति विभिन्न प्रकारका अन्नको बलि दिनुपर्दछ । यसैगरी ब्राह्मण भोजन पनि गराउन भनिएको छ । यसरी गरिने बलि दान विधिपूर्वक पनि हुनुपर्ने यज्ञवल्क्यको वचन रहेको छ ।

यो संसार नै ग्रहहरूको अधीनमा छ । ग्रहकै कारण सुख दुःखको भोग गर्नुपर्दछ । ग्रहको प्रभाव सबैलाई पर्ने भएकाले दुष्प्रभावबाट बँच्न ग्रहशान्ति गर्नुपर्दछ-

ग्रहाधीना नरेन्द्राणामुच्छ्रयाः पतनानि च ।
श्रावाश्रावौ च जगतस्तस्मात्पूज्यतमा ग्रहाः ॥

(याज्ञवल्क्यस्मृति, ११।३०६-३०७) ।

यसैगरी ग्रहशान्तिको विधान मुहूर्त्त चिन्तामणिमा पनि पाइन्छ । विशेष वस्तुको स्नान एवं दानले पनि ग्रहजन्य दोष निवारण हुन्छ ।

लाजाकुष्ठबलाप्रियङ्गुघनसिद्धार्थैर्निशादारुभिः
पुङ्खालोध्रयुतैर्जलैर्निगदितं स्नानं ग्रहोत्थाघहृत् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धेनुः कम्ब्वरुणो वृषश्च कनकं पीताम्बरं घोटकः
श्वेतो गौरसिता महासिरज इत्येता रवेर्दक्षिणाः ॥ *(मुहूर्त्तचिन्तामणि, ४।१६)*

अर्थात् लावा, कूट, बला, कागुनु, मोथा, सर्स्युँ, वेसार, देवदारु (सल्लो), पुङ्ख, लोध्र (पुष्पविशेष)को धुलो पानीमा मिसाएर स्नान गर्नाले ग्रहजन्य दोष निवारण हुन्छ । यसैगरी सूर्यको दोष शान्तिका लागि गाई, चन्द्रमा शान्तिका लागि शङ्ख, मंगल शान्तिका लागि रातो वस्त्र, बुध शान्तिका लागि सुन, बृहस्पति शान्तिका लागि पहेलो वस्त्र, शुक्र शान्तिका लागि सेतो घोडा, शनि शान्तिका लागि काली गाई, राहु शान्तिका लागि तरवार र केतु शान्तिका लागि बाखो दान गर्नुपर्दछ ।

यसैगरी रत्न धारणबाट पनि ग्रहजन्य दोष निवारण गर्न सकिन्छ । सूर्य प्रसन्नताका निम्ति माणिक्य, चन्द्रमा शान्तिका निम्ति मोती, मंगल प्रीतिका निम्ति मुँगा, बुध शान्तिका निम्ति पन्ना, गुरु प्रीतिका निम्ति पुष्पराज, शुक्र शान्तिका लागि हीरा, शनि शान्तिका निम्ति नीलम, राहु शान्तिका निम्ति गोमेद र केतु शान्तिका निम्ति वैदूर्य मणि धारण गर्नुपर्दछ ।

माणिक्यमुक्ताफलविद्रुमाणि गारुत्मकं पुष्पकवज्रनीलम् ।
गोमेदवैदूर्यकमर्कतः स्यू रत्नान्यथो ज्ञस्य मुदे सुवर्णम् ॥

(मुहूर्त्तचिन्तामणि, ४।१०)

बुध प्रसन्नताका निम्ति सुन पनि धारण गर्न सकिन्छ ।

प्रकारान्तरले रत्न धारणको व्यवस्था पनि गरिएको छ । राहु र केतु प्रसन्नताका लागि लाजावर्त (नीलो रङ्को पत्थर), शुक्र र चन्द्रमा प्रसन्नताका लागि चाँदी, गुरु प्रीतिका लागि मोती, शनि शान्तिका निम्ति फलाम, सूर्य र शनि शान्तिका निम्ति मुँगा पनि धारण गर्न सकिन्छ ।

धार्यं लाजावर्त्तकं राहुकेत्वो रौप्यं शुक्रेन्द्वोश्च मुक्ता गुरोस्तु ।
लौहं मन्दस्यारभान्वोः प्रवालं तारा जन्मर्क्षात्त्रिरावृत्तितः स्यात् ॥

(मुहूर्त्तचिन्तामणि, ४।११)

ग्रह जप संख्या र दानको बारेमा ज्योतिःसार *(पृ. ३५६-३५८)* मा उल्लेख गरिएको छ ।

रवे सप्तसहस्राणि चन्द्रस्यैकादश स्मृताः ।
भौमे दशसहस्राणि बुधे चाष्टसहस्रकम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकोनविंशतिर्जीवे भृगोर्नृपसहस्रकम् ।
त्रयोविंशति मन्दे च राहोरष्टादशस्मृताः ॥
केतोरत्यष्टिसाहस्रं जपसंख्या प्रकीर्तिताः ॥

(ज्योतिः सार, मिश्रप्रकरण, श्लो. १८-२०)

सूर्य ग्रहशान्ति गर्ने उपाय

जप	**ॐ ह्रां ह्रीं सः सूर्याय नमः ।** अथवा **ॐ आकृष्णेनरजसा**...मन्त्र ७ हजार
दान	सुन, तामा, गहुँ, गुँड, मुसुरो, रातो वस्त्र, गाई र माणिक दान गरेर
रत्न धारण	३ वा ५ रत्तिको **माणिक्य** (रातो) सुनको औंठी बनाई दाहिने हातको साहिली औंलामा, आइतबार तिष्य नक्षत्रमा धारण गरेर वा तामाको औंठी धारण गरेर
उपासना	सूर्य भगवान्को उपासना गरेर
स्नान	रातो फूल, केशर, देवदारूको पत्ता, इलाइचीका साथ स्नान गरेर
व्रत	आइतबारको व्रत धारण गरेर
पाठ	**हरिवंश पुराण** पाठ वा वाल्मीकि रामायणको **आदित्य हृदयस्तोत्र** नियमित पाठ गरेर वा **श्रीसूक्त** पाठ गरेर वा **सूर्य सूक्त** पाठ गरेर
पूजा	शिव पूजन गरेर
हवन समिधा	आँकका समिधा (दाउरा) हवन गरेर
बलि	सख्खर र चामलको बलि दिएर

चन्द्रमा ग्रहशान्ति गर्ने उपायः

जप	**ॐ सौं सोमाय नमः ।** वा **ॐ इमन्देवा**...भन्ने वैदिक मन्त्र ११ हजार जप गर्नाले
दान	घ्यू, सेतो कपडा, मोती, दही, चाँदी, कपुर, चामल, सेतो गाई, सेतो फूल, काँसको भाँडो दान गरेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रत्न धारण	**मोती** २, ४, ६ वा ११ रत्तिको सुन वा चाँदीको औंठीमा शुक्लपक्षको सोमबार रोहिणी नक्षत्र र कालदण्ड योगमा दायाँहातको कान्छी औंलामा धारण गरेर ।
उपासना	शिवजीको उपासना गरेर
स्नान	पञ्चगव्य, शंख, चंदन, चाँदीको टुक्रा, मोती, कमलको फूलका साथ स्नान गरेर
व्रत	सोमबारको व्रत बसेर
पाठ	**ललिता सहस्रनाम** पाठ, **सोमसूक्त** पाठ **श्रीसूक्त**को पाठ गरेर
पूजा	शिवजीको पूजा गरेर
हवन समिधा	पलाँशका समिधा (दाउरा) हवन गरेर
बलि	पायसको बलि दिएर

मंगल ग्रहशान्तिका उपाय :

जप	**ॐ अं अंगारकाय नमः ।** वा **ॐ अग्निमूर्धा...**मन्त्र १० हजार जप गरेर
दान	मुँग, सुन, तामा, चन्दन, रातो करवीरको फूल, रातो कपडा, रातो बाछो, चाकु, घ्यू, केसरी, कस्तुरी आदि दान गरेर
रत्न धारण	**मुगा** ८ रत्तिको सुनमा दाहिने हातको साहिली औंलामा औंठी धारण गरेर अथवा तामाको औंठी लगाएर
उपासना	गणेशजी वा हनुमानजीको उपासना गरेर
स्नान	वेलका पात, चम्पक, अस्रगपुष्प, बकुल्लो, हिङ्गु आदिले स्नान गर्नाले
व्रत	मंगलबार व्रत बसेर
पाठ	**गणेश अथर्वशीर्ष, भौमसूक्त, हनुमान चालिसा** पाठ गरेर
पूजा	गणेशजीको पूजा गरेर
हवन समिधा	खयरका समिधा (दाउरा) हवन गरेर
बलि	हविष्यान्न हवन गरेर

बुध ग्रहशान्तिका उपाय :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जप	**ॐ बुं बुधाय नमः** वा **ॐ उद्‌बुद्ध्यस्वाग्ने.....** मन्त्र आठ हजार जप गरेर, प्रातः कालमा **ॐ गं गणपतये नमः** को मन्त्र नित्य जप गर्नाले
दान	मुँग, घ्यू, काँसका भाँडा, हरियो कपडा, कालो बाछो, हात्तीको दाँत, फूल, पन्ना आदि दान गरेर ।
रत्न धारण	**पन्ना** ३ वा ६ रत्तिको दाहिने हातको कान्छी औंलामा बुधबार उत्तराफाल्गुनी नक्षत्र पारी धारण गरेर ।
उपासना	विष्णुको उपासना गरेर
स्नान	गोबर, चामल, मह, सेतो सर्स्युँ, गोरोचन, सुन, अमला, मोती, जाइफलका साथ स्नान गरेर
व्रत	बुधबार वा एकादशीको व्रत बस्नाले
पाठ	**दुर्गा सप्तशती** वा **बुधसूक्त** पाठ गरेर
पूजा	विष्णु भगवान्‌को पूजा गरेर
हवन समिधा	अपामार्गका समिधा (दाउरा) हवन गरेर
बलि	दुध र षष्टिका (धानको चामल) बलि दिएर

बृहस्पति ग्रहशान्तिका उपायः

जप	**ॐ बृं बृहस्पतये नमः । वा ॐ बृहस्पतेऽअतियदर्यो...**मन्त्र ९ हजार जप गर्नाले
दान	सखर, धान, घोडा, सुन, पहेलो वस्त्र, नुन, पुष्पराज, बेसार, पहेलो फूल, पुस्तक दान गरेर
रत्न धारण	पुष्पराज ९ रत्तिको, दाहिने हातको चोरी औंलामा बिहीबार पुष्य नक्षत्रका दिन धारण गरेर
उपासना	ब्रह्माजीको उपासना गरेर
स्नान	मालती, फूलका पालुवा, सेतो सर्स्यूँ, मह, आदिका साथ स्नान गर्नाले
व्रत	बिहीबार व्रत बसेर
पाठ	**हरिवंश पुराण** वा **गुरुसूक्त** पाठ गरेर
पूजा	विष्णु भगवान्‌को पूजा गरेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हवन समिधा	पिपलका समिधा (दाउरा) हवन गरेर
बलि	दही र चामल बलि दिएर

शुक्र ग्रहशान्तिका उपायः

जप	**ॐ भं भार्गवाय नमः । वा ॐअन्नात्परिस्रुतोरसं...** मन्त्रले १६ हजार जप गरेर
दान	विभिन्न रंगका कपडा, सेतो घोडा, हीरा, सुन, चाँदी, चामल, श्रीखण्ड, सेतो गाई, सेतो फूल दान गरेर
रत्न धारण	**हीरा**, २ वा ७ रत्तिको सुन वा चाँदीको औंठीमा शुक्रबार मृगशिरा नक्षनत्र पारेर कान्छी औलामा धारण गरेर
उपासना	लक्ष्मी/दुर्गाको उपासना गरेर
स्नान	कुङ्कुम, इलाइची, अमला, केशर, जाइफल आदि मिश्रण शरीरमा लेपन गरी स्नान गरेर
व्रत	शुक्रबारको व्रत बसेर
पाठ	**श्रीसूक्त, लक्ष्मीसूक्त** वा **दुर्गा सप्तशती** विधिपूर्वक पाठ गरेर
पूजा	श्रीयन्त्रको पूजा गरेर
हवन समिधा	डुम्रीका समिधा हवन गरेर
बलि	घ्यू र अन्न बलि दिएर

शनि ग्रहशान्तिका उपाय :

जप	**ॐ ह्रीं शं शनैश्चराय नमः। वा ॐ शन्नोदेवीरभिष्टयऽआपोभवन्तुपीतये। शंयोरभिस्रवन्तुनः ॥** मन्त्र २३ हजार जप गरेर
दान	नीलम, फलाम, भैंसी, मास, गहत, कालो कपडा, तिल (कालो), काली गाई, कालो फूल, तेल, फलफूल आदि दान गरेर
रत्न धारण	**नीलम**, ३, ६, ७ वा १० रत्तिको सुनको औंठीमा शनिबार श्रवण नक्षनत्र पारेर दाहिने हातको माझी औंलामा धारण गरेर
उपासना	शिवजी/भैरव/महाकालीको उपसना गरेर
स्नान	कुङ्कुम, इलाइची, अमला, केशर, जाइफल आदि मिश्रण शरीरमा लेपन गरी स्नान गरेर
व्रत	शुक्रबारको व्रत लिएर
पाठ	श्रीमद्भागवत् **नल चरित्र** पाठ, **शनिमृत्युञ्जयको** पाठ, **शनिसूक्त** पाठ गरेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजा	देवीको पूजा गरेर
हवन समिधा	समीका समिधा हवन गरेर
बलि	खिचडीको बलि दिएर

राहु ग्रहशान्तिका उपाय :

जप	ॐ रं राहवे नमः ॥ वा ॐ **कयानश्चित्रऽआभुवदूतीसदावृधः सखा । कयाशचिष्ठयाव्वृता** । १८ हजार जप गरेर
दान गर्ने वस्तु	गोमेद, घोडा, कालो तिल, तेल, कालो कपडा, कालो फूल, फलाम, कम्बल, घोडा आदि दान गरेर
रत्न धारण	गोमेद, ३ वा ६ रत्तिको सुन वा चाँदीको औंठीमा बुधबार उत्तराफाल्गुनी नक्षत्र पारेर दाहिने हातको माझी औंलामा धारण गरेर
उपासना	बटुक भैरवको उपासना गरेर
स्नान	सस्यूँ, बेसार, लाजा, कस्तुरी, हात्तीको दाँत, आदिका साथ ८ वटा मंगलबारसम्म स्नान गर्नाले
व्रत	बुधबारकको व्रत बसेर
पाठ	**दुर्गा सप्तशती** उच्च स्वरमा पाठ, **बटुक भैरव**को पाठ, श्रावण महिनामा **लघु** रूद्राभिषेक, **राहु सूक्त** पाठ गरेर
पूजा	सुरमर्दिनी भगवती पूजा वा नाग पूजा गरेर
हवन समिधा	दुवोको हवन गरेर
बलि	विभिन्न प्रकारका अन्नको बलि दिएर

केतु ग्रहशान्तिका उपाय :

जप	ॐ कें केतवे नमः। वा ॐ **केतुङ्कृण्वन्नकेतवेपेशोमर्याऽअपेशसे। समुषद्भिरजायथाः** ॥ ७ हजार जप गरेर
दान गर्ने वस्तु	वैदूर्यमणि (लहसुनिया), तेल, फलाम, कालो तील, फुस्रो कपडा, बोको, हतियार, कम्बल, नरिवल सप्तधान्य, कस्तुरी आदि
रत्न धारण	**वैदूर्यमणि**, ३ वा ६ रत्तिको सुन वा चाँदीको औंठीमा बिहीबार तिष्य नक्षत्र पारेर दाहिने हातको साहिली औंलामा धारण गरेर
उपासना	गणेशजीको उपासना गरेर
स्नान	सस्यूँ, बेसार, रातो चन्दनका साथ स्नान गर्नाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रत	गणेश चतुर्थीको व्रत बसेर
पाठ	**गणेश सहस्रनाम** वा **गणेश अथर्वशीर्ष** पाठ गरेर
पूजा	भैरव पूजा गरेर
हवन समिधा	कुश हवन गरेर
बलि	विभिन्न प्रकारका अन्नको बलि दिएर

स्नान विधि मुहूर्त्तचिन्तामणिको पीयूषधारा टीका (पृ. १९२) मा रत्नमालाको कथन उद्धृत गरिएको छ । यसैगरी ग्रहदान एवं जप संख्या ज्योतिःसारको मिश्रप्रकरणअन्तर्गत श्लो. ९-१९ बाट लिइएको हो । ग्रहका तान्त्रिक मन्त्र श्रीगरूडपुराण, प्रथमखण्डअन्तर्गत ३९ अध्यायका ७ र १४ श्लोक हुन् ।

योगिनी, स्वामी ग्रह र जाप मन्त्र

योगिनी	स्वामी	जाप मन्त्र
मंगला	चन्द्रमा	ॐ ह्रीं मंगले मंगलायै स्वाहा ।
पिङ्गला	सूर्य	ॐ ग्लौं पिंगले वैरिकारिणि प्रसीद फट् स्वाहा ।
धान्या	गुरु	ॐ श्रीं धनदे धान्यै स्वाहा ।
भ्रामरी	भौम	ॐ भ्रामरी जगतामधीश्वरी भ्रामरी क्लीं स्वाहा ।
भद्रिका	बुध	ॐ भद्रिके भद्रं देहि अभद्रं नाशय स्वाहा ।
उल्का	शनि	ॐ उल्के मम रोगं नाशय जृंम्भय स्वाहा ।
सिद्धा	शुक्र	ॐ ह्रीं सिद्धे मे सर्वमानसं साधय स्वाहा ।
सङ्कटा	राहु,केतु	ॐ ह्रीं संकटे मम रोगं नाशय स्वाहा ।

(श्री काशी विश्वनाथ पञ्चाङ्ग-२०७५, पृ. ९)

यसरी ग्रह अनुसार कुन के र कति कार्य गर्ने भन्ने बारेमा विशेषज्ञको सल्लाह लिनु उपयुक्त हुन्छ । विधिवत् रूपमा गरिएको ग्रहशान्ति फलदायी हुन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्रीय भविष्यवाणी यथार्थ सावित हुँदै

पूर्वीय वाङ्मय आफूमै पूर्ण छ। जति पनि व्यक्त विषयवस्तुहरू छन् ती सबै यथार्थमा घटित भइरहेका छन्। आजको विज्ञान भन्दा पनि पूर्वीय वाङ्मय अगाडि देखिन्छन्। चाहे ज्ञान होस् चाहे विज्ञान हरेकमा शास्त्रीय भविष्यवाणी घटित भइरहेका छन्। हिजो जे कुरा बताइएको थियो, आजको व्यवहारमा पनि सोही लागू भइरहेको छ। पूर्वीय वाङ्मयअन्तर्गत वेद, ब्राह्मण, उपनिषद्, आरण्यक, पुराण, रामायण, महाभारत, ज्योतिष, आयुर्वेद, साहित्य, धर्मशास्त्र आदि थुप्रै विषय पर्दछन्। आजका कथित आधुनिक विषयहरू यिनै पूर्वीय वाङ्मयका उपज हुन्। सम्पूर्ण ज्ञान विज्ञान वेदकै सन्तति हुन्। वेद विहित विषयवस्तु नै आज अध्ययन अध्यापन भइरहेका छन्। शिक्षा, कल्प, निरुक्त, छन्द, व्याकरण र ज्योतिषलाई वेदका अङ्ग मानिएको छ। यसैगरी आयुर्वेद, धर्नुवद, गन्धर्ववेद र स्थापत्यवेद उपवेदअन्तर्गत पर्दछन्। हरेकमा शास्त्रीय विषयवस्तुको चिन्तन छ। युग चेतना छ। युग धर्मको कथन छ। देश काल र परिस्थितिको विवेचना गरिएको पाउँन सकिन्छ। उक्त शास्त्रमा जे कुरा बताइएको छ सो आजको यथार्थमा पनि घटित भइरहेको छ।

चार महायुग मध्ये सत्य युगमा सबै धर्ममयी थिए। जुन समयावधि आज (वि.सं. २०७६) भन्दा २१ लाख ५४ हजार ८ सय ८० वर्ष पहिले थियो वर्ष पहिले थियो। उक्त समयमा सबै धार्मिक थिए। सबै सत्य बोल्ने गर्दथे। धर्म र सत्य शतप्रतिशत थियो। झै झगडाको नाम निशान थिएन। अरूको सेवा नै धर्म थियो। कसैले कसैको डर मान्नु पर्ने थिएन। सबै एक आपसमा मिलेर बस्थे। लोभ, मोह, मद र मात्सर्य केही पनि थिएन। सबै अधर्म गर्न डराउँथे। धर्मको पूरापूरी पालना हुन्थ्यो। समाज सभ्य र भव्य थियो। सबै ज्ञानी थिए। रीस र रागको आगोमा कोही पनि जल्नु पर्दैन थियो। मन्त्रमा शक्ति थियो। सबै कर्तव्यपरायण थिए। सबै सत्यमयी भएर नै उक्त युगको नाम सत्ययुग भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो । जसलाई ऋषि महर्षिको युग, देव युग पनि भनिन्छ । ऋषिहरूमा दिव्यचक्षु भएकाले खगोल भूगोलका हरेक विषयवस्तु यन्त्र उपकरणबिना नै देख्न र अवलोकन गर्न सकिन्थ्यो । सबै लोकमा पुग्न सक्ने सामर्थ्य थियो । हरेकमा पूज्य भाव थियो । सबै तपश्वी थिए । एउटा सुन्दर सभ्य र भव्य युग थियो ।

सत्य पछि त्रेता युगको पालो आयो । त्रेता युग भगवान् रामचन्द्रको लीलाअवतार भएको समय हो । यस युगमा धर्म ७५ प्रतिशत मात्र रहेको थियो । अर्थात् २५ प्रतिशत अधर्मको प्रवेश भएको पाउँन सकिन्छ । जुन ८ लाख ६९ हजार १ सय २० वर्षपूर्व २१ लाख ५४ हजार ८ सय ८० वर्षसम्मको (वि.सं. २०७६ बाट) समय हो । यस समयमा केही अधर्मले प्रवेश पाएको कुरा पौराणिक ग्रन्थमा वर्णन छ । श्रीमद्भागवत्, शिवमहापुराण, नारदपुराण, गरूडपुराण आदि थुप्रै पुराणहरूले उक्त कुरा उल्लेख गरेका छन् । अधर्मको पदार्पणसँगै रावणजस्ता प्रवृत्ति पनि देखा पर्न थाले । रावण सोही २५ प्रतिशत अधर्मको फल भोक्ता हो । केही असत्यले पनि प्रश्रय पायो जसले गर्दा रामायणको कथा घटित हुन पुग्यो । कैकेयीको जन्म हुनु पनि सोही युगको प्रभाव हो । भरत, शत्रुघ्न एवं लक्ष्मणजस्ता सहृदयी भाइ हुनु, अनि कैकेयी जस्ती आमा हुनु उक्त युगको विशेषता हो । किनकि त्रेता युगमा धर्मको अंश घट्न थालेको थियो र अधर्मले प्रवेश पाइसकेको थियो । र पनि आदर गर्ने व्यक्तिलाई सबैले आदर गर्थे । गुरूको मर्यादा थियो । सबै आ–आफ्ना मर्यादामा चलेका थिए । तर सत्ययुगको जस्तो सम्पूर्ण सत्यमयी समय भने थिएन । रावणमा मायावी छली विद्या विद्यमान थियो । छल कपटको आरम्भ पनि सोही त्रेता युगबाट सुरु भएको पाइन्छ ।

आज (वि.सं. २०७६) भन्दा ५१२० वर्ष पूर्व ८ लाख ६४ हजार वर्षसम्मको समय द्वापर युगको हो । द्वापर युगमा धर्म र अधर्म बराबर रहेको पाइन्छ । युधिष्ठिरजस्ता सत्यवादी पनि **नरो वा कुञ्जरो वा** भनेर धर्म र अधर्मको बीच सँघारमा उभिएका देखिन्छन् । यो श्रीकृष्ण अवतारको समय हो । दुर्योधन अधर्मको पात्र हो भने युधिष्ठिर धर्मका । महाभारतको युद्ध पनि यही समयमा भएको थियो । किनकि यस समयमा धर्म र अधर्म बराबर भइसकेको थियो । यस युगसम्म पनि दिव्यचक्षु विद्यमान रहेको कुरा व्यासले सञ्जयलाई र भगवान् श्रीकृष्णले अर्जुनलाई दिएको दिव्यचक्षुले दर्शाउँछ । आज उक्त कुरा लोप भइसकेको छ । भीष्म स्वर्गमा हुर्किएका हुन् । उक्त समयसम्म पनि स्वर्ग र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथ्वी आवत जावत गर्न सक्ने क्षमता थियो । अर्जुनले पनि दिव्यास्त्र स्वर्गबाट नै प्राप्त गरेका हुन् । महाभारतको घटना घट्नुमा पनि तत्जन्य कालको प्रभाव रहेको पाइन्छ ।

आज भन्दा ५१२० वर्ष पहिलेबाट कलियुग लागेको हो । कलियुगको जम्मा समय चार लाख बत्तिसहजार वर्ष हो । कलियुगमा धर्म पच्चिस प्रतिशत मात्र छ । ७५ प्रतिशत अधर्मले ढाकेको हुन्छ भन्ने कुरा पौराणिक ग्रन्थमा उल्लेख छ । सोही अधर्मको फल नै हामी भोगिरहका छौं । '**द्यूतं पानं स्त्रियःसूना यत्राधर्मश्चतुर्विधः**' *(श्रीमद्भागवत, १/१७/३८)* भनी जुवा, मदिरा, स्त्री र हिंसामा कलिको वास हुने कुरा बताइएको छ । सोही अनुसार आज जुवा हरेक ठाउँमा चलिरहेको छ । सबै मद्य मदिरामा व्यस्त छन् । प्राय हिंसा सर्वत्र व्याप्त छ । असत्यको खेती आज फस्टाइरहेको छ । पुराणले पनि यही कुरा बताएका छन् । कलियुगमा धर्मको एक पाउ मात्र रहन्छ । अधर्मले नै कलियुग जर्जर हुन्छ । सधैं अशान्ति हुन्छ । युद्ध र आतङ्कको मारमा मान्छे सधैं अशान्तिका दिन व्यतीत गर्नेछन् भन्ने कुरा आजै लागू भइरहको छ भने आजको चारलाख वर्ष पछि नहोला भन्न सकिन्न ।

यसैगरी कलिकालमा वेद विहित धर्ममा गिरावट आउँछ । मान्छे सानो सोच भएका हुन्छन्-

प्रनष्टश्रुतिधर्माश्च नष्टधर्माश्रमस्तथा ।
ह्रस्वा अल्पायुषश्चैव भविष्यन्ति वनौकसः ॥ *(वायुपुराण, पूर्वखण्ड, ९८/१२०)*

यसैगरी कलियुगमा हरेकमा ठिमाहा प्रवृत्ति रहन्छ । हालको कलमी र हाइब्रीड कलियुगकै प्रभावले सृजित भएका हुन । सोही कुराको उल्लेख वायु पुराणमा यसरी गरिएको छ-

चीरपत्राजिनधराः संकरं घोरमास्थिताः
अल्पायुषो नष्टवार्ता बह्वाबाधा सुदुःखिताः ।
एवं कष्टमनुप्राप्ताः कलिसंध्यांशकेतदा
प्रजाः क्षयं क्षयं यान्ति सार्धं कलियुगेन तु ॥

(वयायुपुराण, पूर्वखण्ड, ९८/१२३)

कलि युगका व्यक्तिको आयु पनि क्षीण हुन्छ । यसैगरी कलिकालमा मान्छे कहिल्यै सुखी हुँदैनन्, अधर्मले राज गर्छ भनिएको छ । आजको परिवेशमा सबै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्छे सुखकै निम्ति दिनानुदिन भौँतारिरहेका छन् । यसरी सारा तहसनहस भएपछि धर्म रक्षाका लागि भगवान्‌को कल्कि अवतार हुने कुरा वायुपुराणमा बताइएको छ ।

सत्यं नास्ति तपः शौचं दया दानं न विद्यते ।
उदरम्भरिणो जीवा वराकाः कूटभाषिणः ॥ *(श्रीमद्‌भगवतमाहात्म्य, १।३१)*

अर्थात् कलियुगमा सत्य, तप, शौच(पवित्रता), दया, दान हराइसकेका छन् । मान्छे जीविकोपार्जनका निमित्त मात्र लागिपरेका छन् । यसैगरी मान्छे असत्यवादी, आलसी, उपद्रग्रस्त भएका छन् भन्ने कुराबाट पनि कलिकालको यथार्थ स्थिति पाउँन सकिन्छ ।

न योगी नैव सिद्धो वा न ज्ञानी सत्क्रियो नरः ।
कलिदावानलेनाद्य साधनं भस्मतां गतम् ॥ *(श्रीमद्‌भागवतमाहात्म्य, १।३५)*

अर्थात् कुचक्रमा परेर कलि निरन्तर जलिरहेको छ, योगी र सिद्ध हराइसकेका छन् भन्ने नारदीय उक्ति र आजको वर्तमान यथार्थ उस्तै उस्तै भएको पाइन्छ ।

यो कलियुगको समय हो । कलिको प्रभावमा हामी सबै छौँ । त्यसैले हामीमा धर्म भन्दा पनि अधर्मको हिस्सा बढी छ । हामी पाप कर्ममा नै प्रवृत्त भइरहेका छौँ । धैर्य गर्ने बानी हटिसकेको छ । असत्य जीविकोपार्जनको माध्यम भएको छ । मनमा अशान्तिको आगो दन्किएको छ । सबै चिन्ताको चपेटामा चेपिइरहका छौँ । रोग र शोकले ग्रस्त हुनु आजको युगीन देन हुन पुगेको छ । हामीमा सत्यको मात्रा थोरै छ । धर्म एक पाउ मात्र रहेकाले पनि हुन सक्छ । धार्मिक त बन्न खोजिरहेका छौँ तर सकिरहेका छैनौँ । किनकि आफूमै आफ्नो विश्वास आज हराएको छ ।

यसरी शास्त्रले बताएको युग धर्म र आजको भोगाइ यथार्थमा घटित भइरहेको छ । हिजोको विगत पनि शास्त्रोक्त नै थियो । आजको पनि छ र भोलिको पनि हुने अनुमान आजै लगाउन सकिन्छ । प्रकृतिको दोहनसँगै विनाशको बाटोमा लम्किएको यो समयले प्रलयलाई वरण नगर्ला भन्न सकिन्न । सही मार्गमा लाने पनि हामीले नै हो । हामीमा भएको धर्मलाई जगाउन सक्यौँ भने हाम्रो जीवन पनि सार्थक रहनेछ । त्यसैले अब सबै सत्कार्यमा अग्रसर हुनु आवश्यक देखिन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वास्तु अनुसार कस्तो हुनुपर्छ हाम्रो घर ?

आफ्नो घर सुन्दर बनाउने सबैका सपना हुन्छन् । कतिपय पूरा हुन्छन् त कतिपय चाहँदा चाहँदै पनि अधुरा रहन्छन् । यस्तै अधुरो रहने कारणमध्ये वास्तुको मिलान पनि एक हो । घर वास्तु अनुकूल भएन भने पीडादायी हुनसक्छ । मानव जीवनको धेरै समय बिताउने थलो घर भएकाले पनि यसको वास्तु सही हुनु आवश्यक छ । वास्तु वस्तुको अनुकूलता हेर्ने शास्त्र हो । **वस्** धातुमा **तुण्** प्रत्यय लागेर वास्तु शब्द बन्दछ । जसको अर्थ बस्न योग्य भूमि भन्ने हुन्छ । वास्तवमा घर हामी सबै राम्रो बनाउन चाहन्छौँ तर भइरहेको हुँदैन । घर सुन्दर भए पनि गृहवासीलाई अशान्तिको आगोले पोलिरहेको हुन्छ । कतिपय अवस्थामा घरको वास्तु अनुकूलता नभएर पनि घरवासीलाई अस्थिरता देखिन सक्छ । घर आरामका लागि नै निर्माण गरिन्छ । लाखौँ खर्च गरेर घर निर्माण गरे पनि चित्त स्थिर बनेन भने त्यो घरको कुनै उपादेयता रहँदैन ।

घर

बृहद्वास्तुमालाकारले घरको परिभाषा यसरी गरेका छन्-

स्त्रीपुत्रादिकभोगसौख्यजननं धर्मार्थकामप्रदम् ।
जन्तूनामयनं सुखास्पदमिदं शीताम्बुघर्मापहम् ॥ *(बृहद्वास्तुमाला, १।४)*

परिवारमा सुख प्रदान गर्ने, धर्म, अर्थ काम र मोक्षको सिद्धिका साथै अन्य जीवजन्तुलाई पनि सुख प्राप्त हुने थलो भनेको नै घर हो ।

गृहस्थस्य क्रियाः सर्वा न सिध्यन्ति गृहं विना ।
यतस्तस्माद् गृहारम्भप्रवेशसमयौ ब्रुवे ॥ *(वास्तुसौख्यम्, पृ. २ श्लो. ७)*

गृहस्थीको घरबिना कुनै पनि कार्य सिद्धि नहुने भएकाले गृहारम्भ र प्रवेशका बारेमा बताउँछु भनी वशिष्ठ ऋषिले 'वास्तुसौख्यम्'मा बताएका छन् । आजको गृहविज्ञानले पनि घर व्यक्ति अनुकूलको हुनु पर्छ भन्ने कुरामा जोड

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन्छ । त्यसैले घर वास्तु अनुकूल हुनु आवश्यक छ । पञ्चतत्त्व (पृथ्वी, जल, तेज, वायु र आकाश) को मिलान नै वास्तु अनुकूलता हो । मान्छेको अधिकतम समय व्यतीत गर्ने थलो घर भएकाले पनि यसको वास्तु मिलान आवश्यक हुन्छ ।

स्थान चयन

सर्वप्रथम हामीले घर बनाउनुपूर्व स्थानको उपयुक्तता चयन गर्नु पर्दछ । ग्रामवासचक्र जुराई सम्बन्धित व्यक्तिलाई उक्त गाँउ ठीक छ छैन विचार गर्नुपर्दछ । यसैगरी घर घडेरीको दिशा पनि मिलेको हुनुपर्दछ । ग्रामवासचक्र एवं दिग्ज्ञान विधि बृहद्वास्तुमालाको पहिलो अध्यायमा बताइएको छ । घरको अवस्थिति भौगोलिक रूपमा उपयुक्त हुनु आवश्यक छ । भू-बनावट दरिलो नभएको ठाउँमा घर निर्माण गर्दा दीर्घकालीन रूपमा स्थिर रहन सक्दैन । इशान (पूर्व उत्तर दिशा)मा नदी तलाउ वा जलाशय भएको, कुशयुक्त, घ्यूको जस्तो गन्ध आउने भूमि ब्राह्मणको घरका निम्ति उत्तम मानिन्छ-

या तु सौम्यप्लवा चैव कुशदर्भैरलङ्कृता ।
आज्यगन्धा च सा भूमिर्ब्राह्मणानां प्रशस्यते ॥ *(बृहद्वास्तुमाला, १।६५)*

पूर्वतर्फ जल वा नदी भएको, रातो रङ्को माटो भएको कुशयुक्त सुगन्धित भूमि क्षत्रियका निम्ति शुभ मानिएको छ *(पूर्ववत्, श्लो. ६६)* । दक्षिणतिर पानी बहने, धान्यगन्धयुक्त भूमि वैश्यका निम्ति शुभ मानिएको छ भने पश्चिमतर्फ नदी वहने, दुवो भएको मद्यगन्धयुक्त भूमि शूद्रका निम्ति उपयुक्त हुन्छ *(पूर्ववत्, श्लो. ६७-६८)* । यसैगरी बाढी पहिरोबाट सुरक्षित सज्जन समाजको बसोबास भएको, चारकुना मिलेको, उच्च भूमि घरका लागि उपयुक्त मानिन्छ ।

माटो र भूमि चयन

यसरी भू-अवस्थितिको अनुकूलन हेरेपछि माटोको प्रकृति पनि विचार गर्नुपर्दछ । माटो परीक्षण गर्ने थुप्रै विधिहरू छन् । भूमितलमा हाड हड्डी भएको, बलौटे, वग्ने माटो, सिमयुक्त जमिन घरका लागि उचित हुँदैन । यसैगरी दुर्गन्ध आउने भूमि पनि अशुभ मानिन्छ । वास्तु अनुसार उज्यालो, कालो, पँहेलो, रातो, परेवाको आँखाजस्तो माटो उपयुक्त हुन्छ ।

घर बनाउने स्थानमा एक घनहातको खाल्डो खन्ने र त्यही खनेको माटोले उक्त खाल्डो पुरिदिने । बराबर भयो भने सामान्य, खाल्डो भरिएन भने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अशुभ र खाल्डो भरिएर पनि माटो बाँकी रह्यो भने उक्त भूमि शुभ मानिन्छ ।

गृहमध्ये हस्तमितं खात्वा परिपूरितं पुनः श्वभ्रम् ।
यद्यूनमनिष्टं तत् समे समं धन्यमधिकं यत् ।
श्वभ्रमथवाऽम्बुपूर्णं पदशतमित्वा गतस्य यदि नोनम् ।
तद्धन्यं यच्च भवेत् पलान्यपामाढकं चतुःषष्ठीः ॥

(वास्तुसौख्यम्, २/२४-२५) ।

यसैगरी एक घन हातको खाल्डो खनी उक्त खाल्डोमा पानी भरिदिने र सय पाइला हिँड्ने । फर्केर आउँदा खाल्डोमा पानी पूर्ण छ भने भूमि उत्तम मानिन्छ अन्यथा अशुभ मानिएको छ । साथै उक्त खाल्डाको माटो ६४ पल (१ पल = ३७.३२४१६० ग्राम) छ भने उत्तम र अन्यथा भए अधम भूमि मानिन्छ ।

भूमिपूजा

यसरी भूमिको चयन गरिसकेपछि उक्त भूमिलाई विशेष पवित्र बनाउनुपर्छ । भूमिमा रहेका विकृत वस्तु हाड, हड्डी, काँडा आदि भए तिनको शल्योद्धार संस्कार गरी भूमिशोधन गर्नुपर्दछ । यसपछि गृहारम्भ गर्ने उपयुक्त दिन जुराउनु पर्ने हुन्छ । ज्योतिषशास्त्रले बताएका उपयुक्त दिनमा गृह आरम्भ गर्दा अपेक्षित गृहजन्य सुख शान्ति प्राप्त हुने गर्दछ । ज्योतिर्विद्सँग परामर्श गरेर उपयुक्त दिनको चयन गर्न सकिन्छ । जग खन्दा धमिरा, अजिङ्गर, भुस, सर्प, हाड, वस्त्र, खरानी आदि भेटिए अशुभ मानिन्छ । यसैगरी कौडी, रूई, जलेको काठ, खप्पर, फलाम भेटिए भने पनि घर उपयुक्त मानिदैन । जग खन्दा गाईको सिङ, शंख, कछुवा, पैसा, तामा भेटिए शुभ हुन्छ *(बृहद्वास्तुमाला, १/६५)* । यसरी उपयुक्त जग्गा प्राप्त भएपछि भूमि पूजन गर्नुपर्दछ ।

नक्साङ्कनमा ध्यान दिनुपर्ने कुरा

गृह आरम्भ पहिले नै घरको नक्सा तयार भइसकेको हुन्छ । नक्सा नै घरको पूर्वरूप हुने भएकाले उक्त नक्सा पनि वास्तु अनुकूलको बनाउनु पर्दछ । योग्य वास्तुविद्को परामर्श पश्चात् घरको नक्साङ्कन गरियो भने पनि घर सुन्दर हुनुका साथै सुख शान्तिदायी र चिरस्थायी हुन्छ । विशेष गरी हाम्रो यो भू-अवस्थितिमा घर दक्षिणी वा पूर्वी मोहडाका उपयुक्त हुन्छन् । किनकि घरमा ऊर्जाको आवश्यकता हुन्छ । ऊर्जा सूर्यबाट मिल्ने भएकाले दक्षिणी र पूर्वी मोहडा घर वासका निम्ति उपयुक्त भनिएको हो । जग्गा चयन गर्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्ता कुरामा पनि ध्यान दिनु पर्ने हुन्छ । यसैगरी अन्य मोहडाका पनि घर नराम्रा भने हुदैनन् । वास्तु अनुसार भने दक्षिणी मोहडालाई नै उत्तम मानिन्छ । यसैगरी जमिनको चयन पश्चात् घर निर्माणलाई मजवुत पार्न जग बलियो राख्नु पर्छ । जग नै घरको आधार हुने भएकाले यसमा विशेष ध्यान दिनु पर्ने हुन्छ । वास्तुशास्त्रले पनि घरको जग बलियो बनाउनु पर्छ भन्ने कुरामा जोड दिएको छ ।

यसैगरी घरमा सामान्यतया दक्षिणी कोठा शयन कक्षका लागि उयुक्त हुन्छ । विद्यार्थीका लागि भने पूर्वी कोठा राम्रो मानिन्छ । भान्सा कोठा पूर्व र दक्षिणको आग्नेय कोणमा उपयुक्त मानिन्छ । पूजा कोठा पूर्व र उत्तरको ईशान कोणमा उत्तम हुन्छ । भण्डार कक्षको व्यवस्था उत्तर दिशामा गर्नु राम्रो मानिन्छ । यसैगरी इनार वा पानीको भण्डारण घरको उत्तरी भागमा नै शुभ हुन्छ । शौचालय दक्षिण वा नैऋत्य दिशामा उपयुक्त मानिन्छ । वास्तुशास्त्रअनुसार घरको बीचको मध्य भाग अनुपयोगी वा खाली राख्नु राम्रो हुन्छ । यसैगरी विद्युतीय उपकरण घरको पूर्व दक्षिण कोणमा राख्नुपर्दछ । दक्षिण, पूर्व र पश्चिम प्रवेशद्वार भएको घर उपयुक्त मानिन्छ । खाद्य भण्डार, मोटर ग्यारेज उत्तर पश्चिमको वायव्य कोणमा राख्नुपर्दछ । अतिथि कक्ष उत्तरतिर राम्रो हुन्छ । शस्त्रको भण्डारण पश्चिम-दक्षिण कोणमा उपयुक्त मानिन्छ । गाईको गोठ पश्चिम उत्तरको कोणमा शुभ हुन्छ । घरको पूर्वी र उत्तरी भागमा वरिपरि फूलवारी लगाउनु पर्छ । पुस्तकालय पूर्व इशान कोणको विचमा उपयुक्त हुन्छ । यसैगरी फलफूलहरू पश्चिमी भागमा लगाउनु उपयुक्त मानिन्छ । उत्तरतर्फ जलीय, दक्षिणतर्फ अग्निजन्य, पश्चिमतर्फ वायुतत्त्व भएका वस्तुको विन्यास शुभ हुन्छ । यस अनुसार घरको नक्साङ्कन गर्नाले वास्तु अनुकूलता रहन्छ ।

घर वरिपरिको वस्तुस्थिति

घर वरिपरिको वातावरण पनि वास्तु अनुकूल हुनु पर्दछ । घर वरिपरि प्रतिकूल रूख-वृक्ष भए भने पनि घरमा अशान्ति पैदा हुने गर्दछ । घरको सामने दुधालु वृक्ष लगाउनु हुँदैन । घरको उचाइ भन्दा अग्ला रूखले पनि हानि गर्छन् । काँडावाला रूख, झाडी पनि घरको सामुन्ने शुभ मानिँदैन । जसले गर्दा गृहवासीलाई अप्रत्यक्ष रूपमा हानि पुगिरेहको हुन्छ । घरमा कुनै पनि वृक्षको छायाँ पर्नु पनि शुभ मानिदैन । पूर्वपट्टि पिपलको रूख हुनु अशुभ मानिन्छ । दक्षिणतिर पाकर, पश्चिममा वर र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तर दिशामा गुलरको वृक्ष हानिकारक हुन्छ-

बोधिग्रहः प्राक् प्रकरोति नैस्व्यं प्लक्षेऽपि रोगं दिशि दक्षिणस्याम् ।
भवेद्वटः स्त्रीकलहा प्रतीच्यामुदुम्बरोऽप्युत्तरतो न वृद्धिः ॥

(वास्तुसौख्यम्, २।३८)

अर्थात् घरको पूर्वमा पिपल निर्धनको प्रतीक हो, दक्षिणमा भएको पाकरले रोग बढाउँछ, पश्चिममा रहेको वर स्त्री एवं कुललाई हानि गर्ने हुन्छ, उत्तर दिशामा गुलरको वृक्ष अवनति गराउने हुन्छ । घरमा कुनै वृक्षको छायाँ एक प्रहर भन्दा बढी समय रह्यो भने पनि घरवासीका निम्ति प्रतिकूल हुन सक्छ ।

ढोकाको व्यवस्थापन

राशिअनुसार घरको मूल ढोका पनि उपयुक्त हुनुपर्दछ ।

पूर्वे ब्राह्मणराशीनां वैश्यानां दक्षिणे शुभम् ।
शूद्राणां पश्चिमे द्वारं नृपाणामुत्तरेमतम् ॥ *(बृहद्वास्तुमाला, १।१४९)*

अर्थात् ब्राह्मण राशिका लागि पूर्वी मूलढोका, क्षत्रिय राशिकका लागि उत्तर ढोका, वैश्य राशीका लागि दक्षिणढोका र शूद्र राशिका लागि पश्चिम मूल ढोका शुभ मानिन्छ । यसैगरी ढोकाको सम्मुखमा ठूलो बाटो, ठूला रूख, कुनो (कोण), खाँबो/थाम, कुलो/पैनी, खाल्डो अशुभ मानिन्छ । जसलाई द्वारवेध भनिन्छ ।

मार्गतरुकोणकूपस्तम्भभ्रमविद्धमशुभदं द्वारम् ।
उच्छ्रयाद्द्विगुणितमितां त्यक्त्वा भूमिं न दोषाय ॥

(वास्तुसौख्यम्, ९।३५९ बृहत्संहिताको श्लेक)

ढोकाको उचाइभन्दा दुईगुना अन्तरमा (ढोकादेखि पर) यस्ता वस्तु भए कुनै द्योष नलाग्ने कुरा बृहत्संहितामा वराहमिहिराचार्यले बताएका छन् ।

मूलढोका जस्तै अन्यढोका हुनुपर्छ भन्ने छैन । मूल ढोकामा मांगलिक कलश राख्नुपर्दछ । यसैगरी नरिवल, वेली लहरा, वाहन, घोडा आदि पनि मूलद्वारमा शुभ मानिन्छन्-

मूलद्वारं नान्यैर्द्वारैरभिसन्दधीत रूपर्द्धया ।
घट-फल-पत्र-प्रमथादिभिश्च तन्मङ्गलैश्चिनुयात् ॥ *(वास्तुसौख्यम्, ९।३६७)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काठको प्रयोग

यसैगरी घर बनाउँदा काठको चयनमा पनि विचार पुऱ्याउनु पर्दछ। पुरानो घर भत्काएर झिकेका काठको प्रयोग गर्नुहुँदैन।

अन्यवेश्मस्थितं दारु नैवान्यस्मित् प्रयोजयेत्।
न तत्र निवसेत्कर्ता वसन्नपि न जीवति॥ *(बृहद्वास्तुमाला, १/१२८)*

यसरी पुरानो घरका काठ प्रयोग गर्दा घरमूलीलाई हानि पुग्ने गर्दछ। पाकर, गुलर, आँप, नीम, जलेका काठ, काँडावाला काठ, बरगद, पिपल, कैथ, अगस्त, ताड, यमलीका काठ घरमा प्रयोग गर्नुहुँदैन-

प्लक्षेदुम्बरचूताख्या निम्बस्नुहिबिभीतकाः।
दग्धाः कण्टकिनो वृक्षा वटाश्वत्थकपित्थकाः।
अगस्तशिग्रुतालाख्यास्थिन्तिडीकाश्च निन्दिताः।
अन्ये च गृहनिर्माणे योजनीयाः समाः द्रुमाः॥

(बृहद्वास्तुमाला, १/१३३-१३४)

यी बाहेकका काठ शुभ मानिएको छ।

शुभाशुभ विचार

त्रिकोणवाला, पाँचकोण भएको, रथ आकारको, पछाडि चौडा भई अगाडि खुम्चिएको आवासीय घर हानिकारक मानिन्छ। घरको इशान कोणमा विशेष ध्यान दिनु पर्ने हुन्छ। ईशान दिशामा वास्तुदोष रहे घरका अन्य वस्तु ठिक हुँदाहुदै पनि त्यो घर सुख र शान्तिदायी रहँदैन। होटल, उद्योग, व्यापारिक घरको इशान कोणका कोठा अरु कोठा भन्दा उचा राख्नु हुँदैन। घरको पूर्वउत्तर भाग चर्के भत्केको अशुभ मानिन्छ। यो कोणमा भान्सा पनि उपयुक्त हुँदैन। यसैगरी इशान कोण सधैं सफा हुनुपर्दछ। साथै घरमा अशुभ सूचक वस्तुहरू पनि राख्नु हुँदैन। खाली भाँडा पनि अशुभ सूचक हुने भएकाले घोप्ट्याएर मात्र राख्नु पर्दछ। जुठा भाँडा पनि घरका निम्ति अशुभ मानिन्छन्। खाना खानेवित्तिकै भाँडा सफा गरेर राख्नुपर्दछ।

वास्तुपूजा

घरमा वास्तु पूजा पनि अनिवार्य मानिन्छ। वास्तु अनुकूल बनाएर पनि वास्तुपूजा नभएको घर बस्नका निम्ति उपयुक्त मानिदैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वास्तु पूजां प्रकुर्वीत गृहारम्भे प्रवेशने ।
वास्तुपूजां अकुर्वाणः तवाहारो भविष्यति ॥ *(विश्वकर्माप्रकाश)*

गृह आरम्भ र गृहप्रवेशमा वास्तुपूजा गर्नु पर्दछ । वास्तु पूजा गरिएन भने गृहसुख प्राप्त हुँन सक्दैन । घरमा अशान्ति पैदा हुन्छ ।

वास्तुदोष निवारण

कतिपय अवस्थामा वास्तु अनुकूल बनाउन खोज्दा खोज्दै पनि घरमा वास्तु मिलान नहुनसक्छ । वास्तु प्रतिकूल भएको घरमा निवास गर्दा अशान्ति पैदा हुन्छ । त्यसैले वास्तुमा भएको दोषलाई विभिन्न वस्तुको प्रयोगले पनि निवारण गर्न सकिन्छ । जसको प्रयोग आधुनिक वास्तुशास्त्रीले बताएका छन् ।

ऐना राखेर : घरमा ऐना राख्नाले पनि वास्तु दोषबाट बँच्न सकिन्छ । ऐनाले बाहिरी दुष्प्रभावलाई रोक्ने कार्य गर्दछ । ढोका सम्बन्धी वास्तु दोष भएको खण्डमा ढोका बाहिर ऐना राखेर दोष निवारण गर्न सकिन्छ । घरमा ऐना राख्दा पूर्ण आकृति दिने खालको हुनुपर्दछ । निकै सानो र निकै ठूलो आकारको ऐनाको प्रयोग पनि हानिकारक मानिन्छ ।

वाँसुरी भुण्ड्याएर : वाँसुरी शुभ सूचक वस्तु हो । बाँसको वाँसुरी शान्ति, शुभ समाचार, स्थायित्व एवं स्थिरताको प्रतीक हो । यसलाई घरमा अधो मुख गरी भुण्ड्याएर राखे उन्नति प्रवर्धक हुन्छ । बीमजन्य दोष भएको खण्डमा पनि वाँसुरीको स्थापनाले घरलाई सकारात्मक मार्गमा अघि बढाउँछ । यो उन्नति, प्रगति एवं सकारात्मक सद्‌गुणको सूचक हो । चिन, जापान जस्ता देशमा बाँसका वस्तुसँगै वाँसुरीलाई मंगल सूचक मानिन्छ ।

घण्टी राखेर : कार्यालयमा मीठो आवाज आउने घण्टी राखेर पनि वास्तुदोष निवारण गर्न सकिन्छ । ढोकामा स्वचालित घण्टी राख्नाले दूषित वायु विकार नष्ट भई स्वच्छ अनुकूल वातावरणको सिर्जना गर्ने भएकाले वास्तु अनुसार कर्णप्रिय घण्टी राखेर पनि वास्तु अनुकूल बनाउन सकिन्छ । घण्टी राख्दा स्वर लहरीयुक्त हुनुपर्दछ । मुख्य प्रवेशद्वारमा लहरायुक्त घण्टीको प्रयोगले घरमा सुमधुर वातावरणको सृजनासँगै वास्तुजन्य दोष पनि निवारण हुने गर्दछ । यहाँ घण्टी भनेको विभिन्न आवाज दिने इलेक्ट्रोनिक स्वीच प्रयोग गर्ने घण्टी भनेको होइन । प्राकृतिक धातुका स्वर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लहरीयुक्त टिन टिन आवाज युक्त ढोकामा पर्दा जस्तै गरी झुण्ड्याउने विशेष प्रकारको घण्टी भनिएको हो ।

क्रिष्टल : यसैगरी क्रिष्टलले पनि घरलाई सकारात्मक वायु प्रवाह गर्न सहयोग गर्छ । यसको प्रयोगले घरको आन्तरिक एवं वाह्य दुवै प्रकारको वास्तु दोष निवारण गर्न मद्दत गर्दछ ।

गमलामा फूल सजाएर : गमलामा प्राकृतिक सुन्दर वृक्ष राखेर पनि वास्तु अनुकूल रहन सकिन्छ । दुध नआउने र पात नझर्ने खालका रूख बिरूवा घरको परिसरमा सजाउनाले पनि वास्तुदोष निवारण हुन्छ ।

जीवित माछाघर राखेर : माछा शुभ शकुनको प्रतीक हो । माछालाई घरमा सजाएर पनि वास्तु दोष निवारण गर्न सकिन्छ । घरमा जल तत्त्वको पूरण माछाघरले गर्दछ । मरेका माछा भने राख्नु हुँदैन । रोगी वा मरेका माछाले वास्तुमा प्रतिकूलता उत्पन्न हुन्छ । यसरी माछा मरेको खण्डमा तुरून्तै परिवर्तन गर्नु पर्दछ । माछाघर राख्ने चलन चीन लगायतका अन्य विकसित मुलुकमा पनि रहेको पाइन्छ ।

मूर्ति स्थापना गरेर : घरमा विभिन्न देवी देवताका मूर्ति स्थापना गर्नाले पनि वास्तु दोष निवारण हुने गर्दछ । दिशा र घरको अवस्था अनुसार विभिन्न देवीदेवताको मूर्ति स्थापना गर्न सकिन्छ । यसरी मूर्ति स्थापना गर्दा विज्ञको परामर्श लिनु उचित हुन्छ ।

रंगको साज सज्जाबाट : रंगको साज सज्जाबाट पनि वास्तु दोष निवारण गर्न सकिन्छ । घरको प्रमुख व्यक्ति सूर्य तत्त्व प्रभावित भए वा सिंह लग्नको भए सुनौलो रंगको घर उत्तम मानिन्छ । यसैगरी चन्द्र तत्त्व वा कर्कट लग्नको भए सेतो रंगको घर/कक्ष उपयुक्त हुन्छ । यसैगरी मेष र वृश्चिक लग्न हुने घर प्रमुखका निम्ति रातो रंगको घर अनुकूल हुन्छ । मिथुन र तुला लग्न हुने प्रमुख व्यक्तिका घरमा हल्का हरियो मिश्रित रंग शुभ मानिन्छ । वृष र तुला लग्नवाला व्यक्तिका लागि सेतो फिका रंग उपयुक्त हुन्छ । यसैगरी धनु र मीन लग्न हुनेका लागि पहेलो, मकर र कुम्भ लग्न हुने घरमूलीका लागि कालो वा खैरो रंग शुभ हुन्छ ।

जलाशय वा पानीका फोहोरा राखेर : घरको परिसरमा पानीका फोहोरा राखेर पनि वास्तु दोष निवारण गर्न सकिन्छ । जल जीवन तत्त्वको प्रतीक हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले मनमा स्वच्छता प्रदान गर्न मद्दत गर्दछ । यसैगरी पानीको फोहोराले वायुको विकारलाई निस्तेज गर्छ । घरको आग्नेय कोणमा जलाशय बनाउनु शुभ मानिन्छ ।

घर मानव जीवनको अपरिहार्य आधारभूत आश्रय स्थल हो । यसैगरी घर सुख शान्ति प्रदान गर्ने हुनु आवश्यक छ । धेरै धन खर्च गरेर मात्र घर राम्रो हुँदैन । घरमा आवश्यक पर्ने विषयवस्तुको उचित मिलान हुन सकेन भने त्यही घर अशान्तिको कारक बन्न सक्छ । त्यसैले जीवनलाई सुन्दर र सार्थक बनाउन वास्तु अनुकूलको घर निर्माण र व्यवस्थापन गर्नु आवश्यक देखिन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सपनाको फल विचार

स्वप् धातुमा **नक्** प्रत्यय लागेर स्वप्न शब्दको निर्माण हुन्छ । जसको अर्थ सुतेको अवस्थामा केही कुरा देख्नु भन्ने हुन्छ । सपना निद्रित अवस्थामा देखिने दृश्य कुरा हो जुन मनको भित्री तहले देखेको हुन्छ । मान्छे मनमा अनेकौं कुरा खेलाउँदै सुतेको हुन्छ । यसरी देखिने सपना केवल मनका विकार मात्र हुन् । फल भोग्य सपना स्वस्थ चिर निद्रित अवस्थामा देखिएको हुनुपर्दछ ।

मानव जीवनको आधा समय सुतेर नै व्यतीत हुन्छ । सुत्नु स्वास्थ्यका लागि पनि लाभदायक नै मानिन्छ । यसको पनि निश्चित मात्रा हुन्छ । **अति सर्वत्र वर्जयेत्** भने जस्तै धेरै सुत्नु पनि हानिकारक मानिन्छ । यसैगरी स्वल्प निद्रा पनि स्वास्थ्यका दृष्टिले उपयुक्त हुँदैन । प्रायः हामी रातमा सुत्छौं र दिनमा जागा रहन्छौं । दिनमा सुत्न शास्त्रले पनि वर्जित गरेको छ । सुताइको आनन्दतम अवस्था निद्रा हो । सुतेपछि शरीरका वाह्य अङ्गहरू शिथिल हुन्छन् भने भित्रि अङ्गहरू चलायमान अवस्थामा नै रहन्छन् । अहोरात्र खट्ने भित्री मानवीय अङ्गको तुलनामा वाह्य अङ्ग कमजोर मानिन्छन् । सुतेपछि मानसिक विश्रान्ति भने हुँदैन । शरीर सुते पनि मानव मन निरन्तर जागा र चिन्तित नै रहन्छ । यही चिन्ताको विषयले स्वप्न देखिन्छ भन्ने फ्रायडीय धारणा छ । निद्रामा पनि मन सक्रिय रहन्छ । अनेकौं वृत्तिहरू मनमा चलिरहन्छन् तिनै स्वप्नका रूपमा देखिन्छन् भन्ने मान्यता भन्दा अलि भिन्न पौरस्त्य मान्यता रहेको छ । आधुनिक विज्ञानले आत्माको अस्तित्व स्वीकार गरेको छैन । त्यसैले पनि मन भन्दा अर्को वस्तु हाम्रो शरीरमा छैन भन्ने भौतिकवादी धारणा रहेको छ । तर अध्यात्मवादी चिन्तनले मन भन्दा पनि सूक्ष्मतम तत्त्व आत्मा स्वीकार गर्दछ ।

मान्छे हरेक दिन पुनर्जन्म पाउँछ । किनकि हरेक मान्छे प्रत्येक दिन सुत्छ र ऊ चिर निद्रामा यो शरीरलाई बिर्सिएर अन्त कतै रमण गरिरहेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ । जब म शरीरमै छु भन्ने चेतना आउँछ त्यसपछि मान्छे हठात स्वप्नबाट ब्युँझने गर्दछ । चिर निद्रामा मान्छे अचेत रहेको हुन्छ । यस्तो अवस्था स्वस्थ मान्छेमा हरेक रात आउने गर्दछ । जबसम्म मान्छे चिर निद्रामा पुग्दैन तबसम्म ऊ शारीरिक रूपमा स्वस्थ भएको अनुभव गर्दैन । निद्रा बिग्रिएपछि शरीर आलसी हुन्छ र जाँगर पनि हराएर जान्छ । जब निद्रा पर्याप्त मात्रामा पुगेको हुन्छ त्यो दिन स्वच्छ र फूर्तिलो अनुभूति हुन्छ । निद्रा नपुगेको अवस्थालाई स्वस्थ भन्न सकिँदैन । उक्त अवस्थाको सपना फलका लागि योग्य पनि हुँदैन ।

आयुर्वेदाचार्य शार्ङ्गधरले कफ, वात र पित्त प्रकृति अनुसार सपनाको विश्लेषण गरेका छन् । उनका अनुसार वात प्रकृतिका मान्छे सपनामा आकाशमा उड्ने गर्दछन् । पित्त प्रकृतिका मान्छे ज्योतिर्मय पदार्थ देख्छन् भने कफ प्रकृतिका मान्छेले सपनामा नदी, तलाउ, जलाशय लगायत जलजन्य कुरा देख्छन् भनिएको छ–

आकाशचारी स्वप्नेषु वातप्रकृतिको नरः ।
स्वप्नेषु ज्योतिषां द्रष्टा पित्तप्रकृतिको नरः ।
स्वप्ने जलाशयालोकी श्लेषप्रकृतिको नरः ॥ *(शार्ङ्गधर)*

आफ्नो कर्मभोगअनुसार पनि सपनामा प्रतीति हुन्छ भन्ने पनि पाइन्छ । पूर्वजन्मको संस्कारले पनि सपनामा भूमिका खेल्ने गर्दछ । वंश, परम्परा र संस्कारले पनि सपनालाई प्रभावित पारिरहेका हुन्छन् ।

प्रश्नोपनिषद्मा सपनाको चर्चा

प्रश्नोपनिषद्मा गार्ग्य एवं पिप्लादको प्रश्नोत्तरका क्रममा सपना सम्बन्धी सुन्दर व्याख्या पाइन्छ । महर्षि पिप्पलादले सपनाका बारेमा बताएका छन् । जसरी सूर्यास्तपछि सूर्यका सम्पूर्ण किरण सूर्यमा मिसिन्छन् त्यसैगरी निद्राग्रस्त हुँदा सबै इन्द्रिय मनमा गएर विश्रान्त हुन्छन् । कर्मेन्द्रिय निष्क्रिय हुन्छन् । स्वप्न अवस्थामा नसुनेका, नदेखेका र नभोगेका वस्तु पनि आउँछन् । सत् र असत् दुवै कुरा देखिन्छन् । जब मन इन्द्रियसँग सहकार्य गरी कार्य गर्न थाल्छ तब सपना देखिँदैन । मन आत्मासँग साक्षत्कार गरेको अवस्थामा देखिएको सपना नै फलभोगदायी हुन्छ ।

तस्मै स होवाच यथा गार्ग्य मरीचयोऽर्कस्यास्तं गच्छतः सर्वा एतस्मिंस्तेजोमण्डल एकीभवन्ति । ताः पुनः पुनरुदयतः प्रचरन्त्येवं ह वै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सर्वं परे देवे मनस्येकीभवति । तेन तर्ह्येष पुरुषे न शृणोति न पश्यति, न जिघ्रति न रसयते न स्पृशते नाभिवदते नादत्ते नानन्दयते न विसृजते नेयायते स्वपितीत्याचक्षते ॥

(प्रश्नोपनिषद्, गार्ग्य पिप्पलाद प्रश्नोत्तर, चतुर्थप्रश्न, श्लो. २)

गार्ग्य ! जब सूर्य अस्त हुन्छन् सो बेला सर्वत्र फैलिएको किरण तेज पुञ्जमा मिलेर एक हुन्छ त्यसैगरी गाढा निद्राको समयमा सबै इन्द्रिय मनमा विलिन हुन्छन् । उक्त अवस्थामा जीवात्मा न सुन्छ, न त देख्छ, न सुँघ्छ, न त स्वाद लिन्छ न स्पर्श अुनभव गर्छ न त बोल्छ केही पनि गर्दैन । उक्त समयमा दशै इन्द्रिय कार्यहीन हुन्छन् । यस्तो अवस्थमा सबैले भन्छन् मान्छे सुतिरहेको छ । ऊ जागा भएपछि सम्पूर्ण इन्द्रिय काम गर्न थाल्छन् । जसरी सूर्य उदाउँदा सम्पूर्ण किरण सर्वत्र फैलिन्छन्, त्यसैगरी मन पनि परमात्मामा लीन हुन्छ ।

फलदायी सपना

सामान्य रूपमा अवचेतन मन नै सक्रिय रहन्छ । यसको विकाररूप मनमा खेलेका वस्तु स्वप्नमा आए ती फलभोग्य हुँदैनन्, केवल मनका विकार मात्र रहन्छन् । जुनसुकै अवस्थामा देखिएका सपनालाई फल भोगयोग्य कोटिमा राख्नु उचित हुँदैन । सपना फलदायी हुन हाम्रा शारीरिक एवं मानसिक विषयवस्तु उपयुक्त हुनु आवश्यक मानिन्छ । सपना फलादी हुन सर्वप्रथम शरीर स्वस्थ हुनु पर्दछ । बिरामी अवस्थामा हामी चिर निद्रित हुन सक्दैनौँ । जबसम्म चिर निद्रा प्राप्त हुँदैन तबसम्म त्यो सपना नभएर मनको एक विकारका रूपमा मात्र रहेको हुन्छ । उक्त अवस्थामा अवचेतन मनले नै काम गरिरहेको हुन्छ । यसैगरी मानसिक तनाव भएको अवस्थामा पनि सपना फलदायी हुँदैन । अझ भनौँ त्यो वास्तवमा सपना होइन मनोविकार मात्र हो, जो फ्रायडले विश्लेषण गरेका छन् । यसैगरी सुत्ने बित्तिकै देखेको सपनालाई पनि वास्तविक फलदायी सपना मानिँदैन । फलभोगयोग्य सपना हुन मानिस पूर्ण निद्रित चिर अवस्थामा नै पुगेको हुनुपर्दछ । जब आफू सशरीर विस्तारामा सुतिरहेको छु भन्ने भावना हराएर शरीरहीन अवस्थामा मान्छे पुगेको हुन्छ त्यो सपना नै फलका लागि योग्य मानिन्छ । प्राय मध्यरात्रिको समयमा यस्तो निद्रा हरेक मानवलाई लाग्ने गर्दछ । जुन बेला आफ्नो शरीरलाई विर्सिएर मान्छे अन्त कतै अरु नै स्वरूप ग्रहण गर्न पुगेको हुन्छ त्यस्तो मस्त निद्रित अवस्थाको समयमा देखेका सपना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने फलदायी हुने गर्दछन् ।

फ्रायडको अवचेतन मन र स्वप्न

वेद संसारको आदि ग्रन्थ हो । वेद, उपनिषद्ले मन र आत्माका बारेमा विशद विवेचना गरेका छन् । स्थूल शरीर र सूक्ष्म शरीरका बारेमा पुराणहरूले पनि निकै केलाएको पाइन्छ । मन र आत्मा भिन्न कुरा हुन् भन्ने पुर्वीय वाङ्मयको मान्यता रहेको छ । मन र आत्माका कोटि भिन्न छन् । आत्मा मन भन्दा पनि पर रहने वस्तु हो । तर मनोविज्ञानको विश्लेषण गर्ने आधुनिक शास्त्री फ्रायडले मनदेखि बाहेक अर्को वस्तुको स्वीकार गरेका छैनन् । उनका विचारमा अवचेतन मनमा रहेका विषयवस्तु नै सपनाका रूपमा प्रकट हुन्छन् । उनको विचारलाई मान्ने हो भने संसारमा मानवले नदेखेका कुरा सपनामा पनि देख्न सक्दैन । तर कतिपय अवस्थामा जीवनभर नदेखेका र नसोचेका विषयवस्तु पनि सपनामा देखिरहेका हुन्छन् । फ्रायडको चिन्तन तन्द्रा अवस्थासम्म स्वीकार गर्न सकिन्छ तर चिर निद्रामा रहेको बेला देखिने सपना अवचेतन मनको उपज हो भन्न सकिँदैन किनकि फ्रायड मनदेखि परको आत्मामा पुग्न र सोको विश्लेषण गर्न असमर्थ छन् ।

वास्तविक सपना मनवाट अतीत भएर आत्मामा पुगेको हुन्छ । मनले राम्रो पनि सोच्छ र नराम्रो पनि सोचिरहेको हुन्छ । तर आत्माले सदा राम्रो विचारलाई मात्र प्रश्रय दिइरहेको हुन्छ । कुनै चोरले पुलिस सामु वयान दिँदा मैले चोरेको छैन भन्छ तर उसको आत्माले तँ चोर होस् भनेर निरन्तर बताइरहेको हुन्छ । हो त्यो मन भन्दा पनि अझ उत्कृष्ट तह भनेको आत्मा हो । सो आत्मिक अवस्थामा पुगेर देखिएको सपना वास्तविक सपना हो ।

स्वप्न निरर्थक हुने अवस्था

देखिएका सबै सपना सार्थक र फलभोगी हुँदैनन् । स्वस्थ अवस्थामा निदाएको व्यक्तिले देखेको सपना नै फलभोगका निम्ति योग्य हुन्छ ।

व्याधितेन सशोकेन चिन्ताग्रस्तेन जन्तुना ।
कामार्तेनाऽथ मत्तेन दृष्टः स्वप्नो निरर्थकः ॥ *(पञ्चतन्त्र, २००३ : १/११)*

अर्थात् रोगी, शोकले ग्रस्त, चिन्तित, कामी र मत्त अवस्थामा रहेको व्यक्तिले देखेको सपना निरर्थक हुन्छ । यसैगरी ज्योतिःसारमा पनि सोही कुरा बताइएको छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वातिकं पैत्तिकं चैव श्लेष्मजं चिन्तयान्वितम् ।
पुरुषैर्दृश्यते स्वप्नः शुभाशुभफलं न च ॥

(ज्योतिःसार, मिश्रकप्रकरण, श्लो. १४८)

अर्थात् वात, पित्त, कफका विकार भएको, चिन्तायुक्त व्यक्तिले देखेको सपनाको फल हुँदैन । त्यो केवल मनको विकार मात्र हो ।

शुभ सपना देखे के गर्ने र अशुभ देखे के गर्नुपर्दछ ?

शुभ सपना देखेर जाग्रत अवस्थामा आएपनि फेरि सुतियो भने उक्त शुभ सपनाको फल प्राप्त हुँदैन । शुभ सपनाको फल प्राप्तिका निम्ति सपना देखेर ब्युँझिएपछि रातभर जाग्रत अवस्थामा नै रहनु पर्दछ । यसरी देखिएको शुभ सपना कसैलाई नबताउनु पनि भनिएको छ ।

राति अशुभ सपना देखेको बोध भयो भने मनमा चिन्ता नलिइकन पुनः सुत्नु पर्दछ । यसैगरी अशुभ सपना देखिएको छ भने उक्त सपना अरूलाई बताउनु पर्छ । अरूलाई बताएपछि उक्त सपना फलभोगयोग्य हुँदैन, निष्क्रिय बन्ने गर्दछ । अग्नि पुराणले सपनालाई पछि हुने घटनाको पूर्व संकेत हो भनी बताएको छ । अशुभ सपना शान्तिका निम्ति बिहान उठेर स्नान गर्नु पर्दछ । ब्राह्मणलाई खराब सपना सुनाउनु पर्दछ । विधिपूर्वक माता, पिता र गुरूजनको पूजा गर्नु पर्दछ । तिलको हवन गरी पुरूषसूक्त र विष्णुसहस्रनाम पाठ गरेर पनि अशुभ सपनाको परिहार गर्न सकिन्छ ।

सपनाको फल मिल्ने समय

रात्रिको प्रथम प्रहरमा देखिएको सपना एक वर्षमा फलदायी हुन्छ । दोस्रो प्रहरमा देखिएको सपनाको फल वा प्रभाव आठ महिनामा प्राप्त हुन्छ । यसैगरी तेस्रो प्रहरमा देखिएको सपना तीन महिना र चौथो प्रहरमा देखिएको सपनाको फल महिना दिनमा प्राप्त हुन्छ । अरूणोदय कालमा देखिएको सपना दश दिनमा फलदायी हुन्छ भने सूर्योदय कालमा देखिएको सपना तत्काल फलदायी हुन्छ ।

स्वप्नस्तु प्रथमे यामे वत्सरान्ते फलप्रदः ॥
द्वितीयेष्टमासैः । तृतीये त्रिमासान्ते ।
चतुर्थे यामे मासान्ते । अरुणोदये दशाहान्ते ।
सूर्योदये सद्यः फलम् ॥ *(धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. २८७) ।*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभ सपना र फल

सपनाको फल विभिन्न शास्त्रहरूले बताएका छन् । नेपालीमा शिखरनाथ सुवेदीले पनि केही स्वप्न विचार सम्बन्धी विषयवस्तुको चर्चा गरेका छन् । यसैगरी धर्मसिन्धुमा पनि सपना सम्बन्धी व्याख्या गरिएको छ-

नदीसमुद्रतरणमाकाशगमनं तथा ।
गृहनक्षत्रमार्तण्डचन्द्रमण्डलदर्शनम् ।
हर्म्यस्यारोहणं चैव प्रासादशिरसोपि वा ।
स्वप्ने च मदिरापानं वसामांसस्य भक्षणम् ॥
कृमिविष्ठानुलेपश्च रुधिरेणाभिषेचनम् ॥
भोजनं दधिभक्तस्य श्वेतवस्त्रानुलेपनम् ।
रत्नान्याभरणादीनि स्वप्ने दृष्ट्वा प्रसिध्यति ।
देवताविप्रपृथ्वीशान्प्रशस्ताभरणाङ्गनाः ॥
वृषेभपर्वतक्षीरिफलिवृक्षाधिरोहणम् ॥
दर्पणामिषमाल्याप्तिं शुक्लपुष्पाम्बराश्रितान् ॥
द्रष्टुः स्वप्नेर्थलाभः स्याद्व्याधिमोक्षश्च जायते ॥

(धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. २८६)

अर्थात् नदी, समुद्र तरेको, आकाशमा उडेको, आकाशका तारा देखेको, महलमा चढेको, घरको छत वा छानोमा चढेको, मदिरा पान गरेको, वोसो वा मासु खाएको, फोहोर मैला शरीरमा दलेको, रगतले अभिषेक गरेको, दही भात खाएको, सेतो कपडा लगाएको, रत्न आभूष देखिएको, देवता, ब्राह्मण, पृथ्वी, स्त्री, साँढे, हात्ती, पर्वत, झरना, फल, रूख चढेको, ऐना, सेतो फूल देखिए अर्थलाभका साथै रोग व्याधिबाट पनि मोक्ष मिल्दछ ।

सपनामा राजा र हात्ती देखे धन, गौधन र बन्धुबान्धवको वृद्धि हुन्छ । साँढेमा चढेको, रूखमा चढेको सपना देखे धन प्राप्ति हुन्छ । सेतो सर्पले दाहिने हातमा डस्यो भने दशदिनभित्र सहस्र धनलाभ हुन्छ । जलमा रहेका सर्प र विच्छिले डसेको सपना देखे धन र सन्ततिको वृद्धि हुन्छ । घर तथा पर्वत चढेको, समुद्र तरेको सपना देखे राज्य प्राप्ति हुन्छ । जलाशयको बीचमा कमलको पातमा घ्यू र खीर खाएको देखे राज्य प्राप्त हुन्छ । बकुल्लो, कुखुरो (पोथी), क्रोञ्च नामकी पक्षी देखे पत्नी प्राप्त हुन्छ । सूर्य चन्द्रमण्डलको दर्शन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भए रोग नाश हुन्छ । मदिरा र रगत पान गरेको देखे विद्या र धन प्राप्ति हुन्छ । सेतो वस्त्र लगाएकी स्त्रीसँग आलिङ्गन गरेको सपना देखे सम्पत्ति प्राप्त हुन्छ । छाता, पादुका, जुत्ता, खड्ग देखे धन प्राप्ति हुन्छ । यसैगरी साँढेयुक्त रथमा चढेको देखे पनि धन प्राप्त हुनेकुरा धर्मसिन्धुमा बताइएको छ । सपनामा दही प्राप्त भयो भने ज्ञान बढ्छ । दही र दुध पिएर घ्यू प्राप्त गरेको सपना देखे यश वृद्धि हुन्छ । घ्यू खाएको देखियो भने क्लेश पैदा हुन्छ भनिएको छ । यसैगरी गाई देखिए धनलाभ, जौ देखिए यज्ञ हुन्छ, सेतो सर्स्युं देखिए लाभ हुन्छ । *(धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. २८७)* ।

अशुभ सपना र फल

पलाँश, धमिराको देवल, बकाइनो र सल्लामा चढेको सपना देखिए अशुभ बताइएको छ । यसैगरी तेल, कपास, पिना, फलाम सपनामा प्राप्त हुनु विपत्तिको संकेत हो । सपनामा विवाह गर्नु, रातो वस्त्र लगाउनु, मुहान विथोलेको देख्नु, पाकेको मासु खानु, आकाशमा सूर्य र चन्द्रमा प्रभावहीन देखिनु, नक्षत्र पात देखिनु दुर्मरणको संकेत हो भनी धर्मसिन्धुमा स्वप्नफल बताइएको छ ।

दुष्टं किंशुकवल्मीकपारिभद्राधिरोहणम् ।
तैलकार्पासपिण्याकलोहप्राप्तिर्विपत्तये ।
विवाहकरणं स्वप्ने रक्तस्रग्वस्त्रधारणम् ॥
स्रोतसाहरणं नेष्टं पक्वमांसस्य भोजनम् ।
आदित्यस्याथ चन्द्रस्य निष्प्रभस्यावलोकनम् ।
नक्षत्रादेश्चपातश्च स्वप्ने मरणशोककृत् ॥

(धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. २८७)

यसैगरी अशोक, करवीर, पलाँश फुलेको देखे शोकदायी हुन्छ । ढुँगा चढेर प्रावासिएको, रातोवस्त्र सहित रातो चन्दन धारण गरेकी स्त्रीसँग आलिङ्गन गर्नाले मृत्युको संकेत गर्दछ । घ्यू, तेल शरीरमा लगाएको सपना देखे रोग लाग्दछ । केश र दाँत झरेको देखे धननाश र पुत्रशोक हुने बताइएको छ । यसैगरी गधा, ऊँट, भैंसीमा चढेको वा यस्ता वस्तुले तानेको रथमा चढेकोसपना देखे मृत्युको भय रहन्छ । सपनामा कान, नाक, हात काटिएको देखे, हिलोमा डुबेको देखे, शरीरमा तेल लगाएको देखे, विष खाएको देखे, प्रेतलाई आलिङ्गन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेको देखे वा कालो पुरुषको दर्शन भयो भने पनि मृत्यु समान कष्ट हुनेकुरा धर्मसिन्धुमा बताइएको छ *(धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. २८७)*।

शुभाशुभ सपना र फल

दियो बत्ती बलेको सपनामा देखे शुभ हुन्छ भने निभेको देखे अनिष्टकारी मानिन्छ। खुला सफा आकाश, उदीयमान चन्द्र, सूर्य, तारा देखे कार्यमा उन्नति हुन्छ। धुमिल आकाश, धुमिल चन्द्र सूर्य तारा देखे अनिष्टको संकेत मानिन्छ। जुका, सर्प, विच्छि देखे पुत्रलाभ, प्रतिष्ठा मिल्ने हुन्छ। यसैगरी सपनामा कन्या देखिइन् भने धन प्राप्त हुन्छ। सपनामा जमिन खनेको, पानी निकालेको देखे धन लाभ हुन्छ। सेतो फूलको माला पद प्रतिष्ठाको सूचक हो।

पलाँश, रुवा, रातो वस्त्र, रातो गुराँस सपनामा देखे ठूलो कष्ट पर्न सक्ने सम्भावना रहन्छ। मरेको मूर्दा, अनि आफू मरेको देखियो भने आयु बढ्ने कुरा बताइएको छ। मसानघाटमा काठ, तृण (घाँस), फलाम, झारपात वा कालो मसी देखे निकै कष्ट मिल्नुका साथै रोग र शोकले सताउन सक्दछ। चप्पल, ठूलो रातो फूलको माला, मास, मुग देखियो भने शरीरमा घाउ चोट लाग्नुका साथै समस्याले पनि सताउन सक्छ। केराको फल, दही खाएको सपना लाई उत्तम मानिन्छ। यस्तो अवस्थामा धन आगमन हुनुका साथै पुत्र प्राप्ति समेत हुन्छ भन्ने शिखरनाथमा उल्लेख छ। यसैगरी पानी परेको देखियो भने अस्वस्थता बढ्छ। यसैगरी दाँत झरेको, कपाल झरेको देखियो भने पनि बिरामी पर्ने हुन सक्छ। बाजागाजा सहित नाचगान गरेको देखियो भने पनि अशुभ मानिन्छ। फल र फूल लागेका वृक्ष शुभ फलदायी हुन्छन्। यसैगरी नदी तरेको, सेतो पर्वत देखियो भने पनि धन लाभ हुन्छ। पुस्तक, ब्राह्मण, जलपूर्ण घडा, गहना र वस्त्रले सज्जित युवती देखियो भने पनि धन आगम हुने कुरा बताइएको छ। गाई, घ्यू, सेतो घर, आगो बलेको देखिए इच्छाएको काम बन्नुका साथै धन लाभ पनि हुन्छ।

अँध्यारो दुःख कष्टको प्रतीक हो जो सपनामा पनि दुःखदायी नै हुन्छ। भैंसी वा ऊँटमा चढेर दक्षिण दिशातिर गएको सपना देखिए भयानक शारीरिक कष्ट पर्न सक्छ। घर, पर्वत, वृक्ष, घोडा, हात्ती ढलेको देखियो भने पनि आपत्तिजनक मानिन्छ। यसैगरी रगत, अँगार, खरानी, दाँत फुस्केको, रौं झरेको देखिए धन हानीका साथै मान नाश हुन्छ भनी बताइएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुक्कुरं स च मार्जारो गोधा नकुलमेव च ।
यदि पश्यति स्वप्नान्ते विघ्नस्तस्य भविष्यति ॥
गर्जिवृष्टिः समुत्पन्ना अग्निदाहं च विग्रहम् ।
यदि पश्यति स्वप्नान्ते भवेद्राजकुलाद्भयम् ॥

(ज्योतिःसार, मिश्रकप्रकरण, श्लो. १६०-१६१)

अर्थात् कुकुर, विरालो, न्याउरी सपनाको अन्त्यमा देखिए भने विघ्न पर्ने हुन्छ । घनवर्षा, अग्निदाह र विग्रह सपनाको अन्तिममा देखे राजकुलदेखि भय हुन्छ । यसैगरी नगर गाँउ जलेको देखे आयु, ज्ञान, यश र बलको नाश गर्छ । यसैगरी भोक, प्यास, निद्रा, आलस्य, निष्ठुरता देखे दुर्भिक्ष (नराम्रो) फल बताइएको छ ।

यसैगरी सपनामा अनार खाएको देखे धन प्राप्ति, ओछ्यान लगाएको देखे दीर्घायु, औंठी लगाएको देखे धन लाभ, कपाल कोरेको देखे ऋण मुक्ति हुन्छ । कैँची देखे झगडा, घर बनाएको देखे प्रसिद्धि, घाम लागेको देखे पदोन्नति, घोडा चडेको देखि कीर्ति बढ्ने हुन्छ । पानी पिएको देखे राज्यलाभ, गाई देखे भूमि लाभ हुन्छ । बिरालो देखिए घरमा चोरी हुन सक्छ, शत्रु बढ्न सक्छन् । यसैगरी रत्न मणि देखे दुःख बढ्छ । सुख्खा अन्न खाए कष्ट, व्यर्थ परेशानी हुन सक्छ । यसैगरी सुपारी खाएको देखे दुःखबाट निवृत्ति मिल्छ ।

पत्रं पुष्पं फलं तोयं स्वप्नान्ते यो लभेन्नरः ।
सर्वसिद्धिमवाप्नोति जीवेद् वर्षशतं नरः ॥

(ज्योतिःसार, मिश्रकप्रकरण, श्लो. १४९)

अर्थात् पत्र, फूल, फल र जलको सपना देखे सर्वसिद्ध प्राप्त हुन्छ । पान, दही, शंख, नगरा, मोती चमेलीको फूल, वृक्ष, कमल देखे धन मिल्ने कुरा ज्योतिसारमा बताइएको छ । यसै गरी सूर्य चन्द्रमाको मण्डल देखे लक्ष्मी प्राप्त हुन्छ । दही देखे आयु वृद्धि, गहुँ देखे धनागम हुन्छ । देवता, गन्धर्व शिष्यगण देखे कार्यसिद्धि हुन्छ ।

अशुभ सपना देखे के गर्ने ?

अशुभ सपना देखियो भने प्रातः सूर्यको आराधना वा जप गर्नुपर्दछ । यसैगरी चण्डीपाठ, श्रीमद्भागवतको पाठ वा गजेन्द्रमोक्षको श्रवण गर्नुपर्छ भनी निर्णयसिन्धुमा बताइएको छ *(निर्णयसिन्धु, तृतीयपरिच्छेद, पृ. २८७)* ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अशुभ सपना देखेर निद्रा परेन भने आठ हजार गायत्री मन्त्रले रक्तचन्दनको काठका समिधा र घ्यू सहित हवन गर्नु पर्छ भनी बताइएको छ। यसैगरी कश्यप, अत्रि, वशिष्ठ, शाण्डिल्य, भृगु, गौतम, देवल, भरद्वाज, माण्डव्य, सनातन, पराशर, विश्वामित्र, बृहस्पतिलाई स्मरण गर्नाले पनि दुःस्वप्नको फल नष्ट हुन्छ भनी बताइएको छ *(ज्योतिःसार, मिश्रकप्रकरण, श्लो. १७३-१७५, पृ. ३९९)* ।

निष्कर्ष

सपना दिव्य चक्षु हो। यसको शुभाशुभ फल अवस्था अनुसार भिन्न भिन्न हुन्छ। मस्त निद्रामा देखेको सपनाको मात्र सही फल घट्ने भएकाले सर्वप्रथम कस्तो अवस्थामा सपना देखिएको हो विचार गर्नु पर्दछ । निरोगी स्वस्थ अवस्थामा चिर निद्रामा देखिएको सपना फलदायी हुने भएकाले विज्ञ व्यक्तिसँग परामर्श गरेर मात्र फल श्रवण गर्नु उपउयुक्त हुन्छ। किनकि सपनाको प्रकृति अनुसार फल भिन्न भिन्न हुन्छन् ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आवश्यकीय ज्योतिष ज्ञान

ऊन श्राद्ध जुराउने रीति

ऊनमासिक, ऊनषण्मासिक र ऊनाब्दिक श्राद्ध जुराएरमात्र गर्नुपर्ने शास्त्रीय विधान रहेको छ । प्रतिपदा, षष्ठी, एकादशी, चतुर्दशी तिथि, शुक्रबार र त्रिपुष्कर योग भएको समयमा ऊनश्राद्ध गर्नुहुँदैन ।

नन्दायां भार्गवदिने चतुर्दश्यां त्रिपुष्करे ।
ऊनश्राद्धं न कुर्वीत गृहिपुत्रधनक्षयात् ॥ *(अन्त्यकर्मपद्धति, पृ. १४)*

यदि उपयुक्त दिन नजुराई ऊन श्राद्ध गरेमा घरका मूली, पुत्र एवं धनसम्पत्तिको क्षय हुन्छ भनी बताइएको छ ।

यसैगरी द्विपुष्कर, औंसी र कृत्तिका नक्षत्रमा पनि ऊनश्राद्ध निषेध गरिएको छ–

त्रिपुष्करेषु नन्दासु सिनीवाल्यां भृगोर्दिने ।
चतुर्दश्यां च नोनानि कृत्तिकासु द्विपुष्करे ॥ *(धर्मसिन्धु, पृ. ७७)*

अतः यी माथि बताइएका तिथि, नक्षत्र र बारलाई छोडी अन्य समयमा ऊन श्राद्ध गर्नु शुभ मानिएको छ ।

द्विपुष्कर र त्रिपुष्कर योग विचार

भद्रातिथी रविजभूतनयार्कवारे द्वीशार्यमाजचरणादितिवह्निवैश्वे ।
त्रैपुष्करो भवति मृत्युविनाशवृद्धौ त्रैगुण्यदो द्विगुणकृद्वसुतक्षचान्द्रे ॥

(मुहूर्तचिन्तामणि, ३/५०)

भद्रा तिथि (२, ७, १२), आइतबार, मंगलबार, शनिबार विशाखा, उत्तराफाल्गुनी, पूर्वाभाद्रपदा, पुनर्वसु, कृत्तिका र उत्तराषाढा नक्षत्र परेको दिन त्रिपुष्कर योग हुन्छ । यसैगरी भद्रा तिथि, आइत, मंगल र शनिबार धनिष्ठा, चित्रा, मृगशिरा नक्षत्र परेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन द्विपुष्कर योग हुन्छ । द्विपुष्कर योगमा मृत्यु भए परिवारमा पुनः दुई मृत्यु पर्छ । यसैगरी विनाश भए पुनः दुईपटक विनाश हुन्छ र वृद्धि भए पुनः दुईपटक वृद्धि हुन्छ भन्ने फल बताइएको छ । यसैगरी त्रिपुष्कर योगमा तीनगुणा फल प्राप्त हुन्छ । अतः यी योगमा मृत्यु एवं विनाश (दुर्घटना, आगलागी आदि अप्रिय घटना) भएको अवस्थामा शान्ति गर्नुपर्दछ । दुर्घटना, आगलागी जस्ता अप्रिय घटना घटे द्विपुष्कर योगको शान्ति गर्न दुईवटा गोदान र त्रिपुष्कर योग शान्तिका लागि तीनवटा गोदान गर्नुपर्छ भन्ने नारदजीको वचन छ–

दद्यात्तद्दोषनाशाय गोत्रयं मूल्यमेव च ।
द्विपुष्करे द्वयं दद्यान्न दोषस्त्वृक्षमात्रतः ॥ *(मुहूर्त्तचिन्तामणि, पृ. ५७)*

द्विपुष्कर योग चक्र

बार	नक्षत्र	तिथि
आइत, मंगल, शनि	धनिष्ठा, चित्रा, मृगशिरा	२।७।१२ (भद्रा)

त्रिपुष्कर योग चक्र

बार	नक्षत्र	तिथि
आइत, मंगल, शनि	विशाखा, उत्तराफाल्गुनी, पूर्वाभाद्रपदा, पुनर्वसु, कृत्तिका, उत्तराषाढा	२।७।१२ (भद्रा)

जन्ममहिना, जन्मनक्षत्र र जन्मतिथिमा शुभकर्म विचार

जन्ममहिना, जन्मनक्षत्र र जन्मतिथिमा विशेष शुभकर्म बर्जित रहन्छन् । यसैगरी व्यतिपात योग, भद्रा, वैधृति योग, औंसी, आमा बुबाको पुण्यतिथि (मृत्यु भएको दिन), क्षयतिथि, वृद्धितिथि, क्षयमास, अधिमास, कुलिक मुहूर्त्त, अर्धयाम, पात (महाव्यतिपात र महावैधृति), विष्कुम्भ र वज्र योगका तीन घडी, परिघ योगको आधा घडी, शूल योगको ५ घडी, गण्ड र अतिगण्ड योगका ६/६ घडी र व्याघात योगको ९ घडी शुभकर्ममा वर्जित रहन्छन् ।

जन्मर्क्षमासतिथियो व्यतिपातभद्रा वैधृत्यमापितृदिनानि तिथिक्षयार्द्धी ।
न्यूनाधिमासकुलिकप्रहारार्धपातविष्कम्भवज्रघटिकात्रयमेव वर्ज्यम् ॥
परिघार्धं पञ्च शूले षट् च गण्डातिगण्डयोः ।
व्याघाते नव नाड्यश्च वर्ज्याः सर्वेषु कर्मसु ॥ *(मुहूर्त्तचिन्तामणि, १।३४-३५)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जन्मोत्सव पूजाका निम्ति भने यो नियम लागू हुँदैन । यसैगरी व्रतबन्धका निम्ति जन्म नक्षत्र र जन्म महिना शुभ मानिएको छ *(मुहूर्त्तचिन्तामणि, ५/४५)* । दोस्रो गर्भबाट उत्पन्न भएका (जेठा/जेठी बाहेकका) वर र कन्याका लागि जन्ममहिना र जन्मनक्षत्रमा विवाह शुभ मानिएको छ *(मुहूर्त्तचिन्तामणि, ६/१४)* ।

गर्भाधान संस्कार र यात्रामा भने जन्मनक्षत्र निषेध गरिएको छ *(मुहूर्त्तचिन्तामणि, ५/५ र ११/८)* । यहाँ जुराएर गर्नुपर्ने कार्यविशेषलाई शुभकर्म भनिएको हो ।

मन्दिर, घर र जलाशय बनाउँदा राहुमुख विचार

मन्दिर, घर र जलायश आरम्भ गर्दा राहुको मुख पुच्छर विचार गर्नुपर्दछ । यसरी राहुको मुख जुन दिशामा छ भूमिको त्यो कोणमा आरम्भ शुभ मानिदैन । अतः महिना अनुसार मन्दिर घर र जलाशय निर्माणका निम्ति राहुको पुच्छर भएको स्थानमा (पृष्ठमा/पछाडि) भूमि पूजन एवं शिलान्यास गरी कार्य आरम्भ गर्नु शुभ मानिएको छ ।

मन्दिर निर्माण गर्दा चैत, वैशाख र जेठ महिनामा राहुको मुख ईशान कोणमा हुन्छ । यसैगरी पृष्ठ आग्नेय कोणमा रहन्छ । अतः यी महिनामा मन्दिर निर्माण गर्दा आग्नेय कोणबाट भूमिपूजन गरी आरम्भ गर्नुपर्दछ । यसैगरी असार, साउन र भदौ महिनामा राहुको मुख वायव्य कोणमा र पुच्छर ईशान कोणमा हुन्छ । यसैगरी असोज, कार्तिक र मंसिर महिनामा नैऋत्यकोणमा मुख र वायव्यमा पुच्छर हुन्छ । पुस, माघ र फागुन महिनामा आग्नेय कोणमा राहुको मुख हुन्छ भने पुच्छर नैऋत्य कोणमा रहन्छ । (ईशान = पूर्व-उत्तर कोण, वायव्य = उत्तर-पश्चिम कोण, नैऋत्य = पश्चिम-दक्षिण कोण र आग्नेय = दक्षिण-पूर्वको कोण हो ।)

घर आरम्भ गर्दा भदौ, असोज र कार्तिक महिनामा राहुको मुख ईशान र पुच्छर आग्नेय कोणमा रहन्छ । मंसिर पुस र माघ महिनामा वायव्यमा मुख र ईशानमा पुच्छर हुन्छ । फागुन, चैत र वैशाख महिनामा नैऋत्यकोणमा मुख र वायव्यमा पुच्छर रहन्छ भने जेठ, असार र साउन महिनामा आग्नेयमा मुख र नैऋत्य कोणमा पुच्छर रहन्छ ।

यसैगरी जलाशय निर्माण गर्दा माघ, फागुन र चैत महिनामा राहुको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुख ईशान र पुच्छर आग्नेय कोणमा हुन्छ । वैशाख, जेठ र असार महिनामा वायव्यमा मुख र इशानमा पुच्छर, साउन, भदौ र असोज महिनामा नैऋत्यमा मुख र वायव्यमा पुच्छर रहन्छ भने कार्तिक, मंसिर पुस महिनामा आग्नेयमा मुख र नैऋत्य कोणमा पुच्छर हुन्छ । पुच्छर भएको कोणमा खातारम्भ शुभ मानिन्छ ।

राहु मुख चक्र

	ईशान	वायव्य	नैऋत्य	आग्नेय
मन्दिर निर्माण	चैत, वैशाख, जेठ,	असार, साउन, भदौ	असोज कार्तिक मंसिर	पुस, माघ, फागुन
घर निर्माण	भदौ, असोज कार्तिक	मंसिर, पुस, माघ	फागुन, चैत, वैशाख	जेठ, असार, साउन
जलाशय निर्माण	माघ, फागुन, चैत,	वैशाख, जेठ, असार	साउन, भदौ असोज	कार्तिक, मंसिर, पुस
आरम्भ शुभ हुने दिशा	आग्नेय	ईशान	वायव्य	नैऋत्य

देवालये गेहविधौ जलाशये राहोर्मुखं शम्भुदिशो विलोमतः ।
मीनार्कसिंहार्कमृगार्कतस्त्रिभे खाते मुखात् पृष्ठविदिक्छुभा भवेत् ॥

(मुहूर्त्तचिन्तामणि, १२/१९)

तिथि विचार

पक्षरन्ध्र तिथि

४, ६, ८, ९, १२, १४ यी पक्षरन्ध्र तिथिहरू हुन् । यिनका क्रमशः ८, ९, १४, २५, १० र ५ घडी दोषयुक्त हुनाले त्याज्य छन् । *(मुहूर्त्तचिन्तामणि, १/३६)*

क्षय वृद्धि तिथि

सूर्योदय कालमा नरहने तिथि क्षय हो । दुई सूर्योदय कालसम्म रहने तिथि वृद्धि/अधि तिथि हुन्छ *(मुहूर्त्तचिन्तामणि, पृ. १८)* ।

सूक्ष्म तिथि

प्रत्येक तिथिको पन्ध्रौं भाग सूक्ष्म तिथि हुन्छ । प्रत्येक तिथिमा १५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिथिको अन्तर्भोग हुन्छ । तिथिले बताइएका कर्म सूक्ष्म तिथिमा गर्नु अत्यन्त फलदायी हुन्छ ।

दग्ध तिथि

वैशाखमा षष्ठी, जेठ र फागुनमा चतुर्थी, असारमा अष्टमी, मंसिरमा दशमी र माघमा द्वादशी तिथि दग्ध हुन्छन् । दग्ध तिथि विवाहमा निषिद्ध छन् । *(मुहूर्तचिन्तामणि, विवाहप्रकरण, श्लो. ६७)*

पर्व तिथि

कृष्णपक्षका चतुर्दशी, अष्टमी र औंसी तथा पूर्णिमा र संक्रान्ति परेको दिनलाई पर्व तिथि भनिन्छ ।

चतुर्दश्याष्टमी कृष्णा आमावास्या च पूर्णिमा ।

पर्वाण्येतानि राजेन्द्र ! रविसंक्रान्तिरेव च ॥ *(ज्योतिः सार, पृ. २७)*

पर्वतिथिमा शुभकार्य वर्जित रहन्छन् ।

तिथिका नन्दादि संज्ञा

नन्दा	भद्रा	जया	रिक्ता	पूर्णा
१	२	३	४	५
६	७	८	९	१०
११	१२	१३	१४	१५/३०

कार्य अनुसार तिथिको वर्गीकरण गरिएको छ । नन्दा र रिक्ता तिथि अशुभ हुन् । भद्रा र पूर्णा तिथि मध्यम हुन् भने जया तिथिलाई उत्तम (शुभ) मानिएको छ । **नन्दा च भद्रा च जया च रिक्ता पुर्णेति तिथ्योऽशुभमध्यशस्ताः ।** *(मुहूर्तचिन्तामणि, १/४)* ।

चारयुग आरम्भ तिथि

युग	आरम्भ तिथि
सत्ययुग	कार्तिकशुक्ल नवमी
त्रेतायुग	वैशाखशुक्ल तृतीया
द्वापरयुग	माघकृष्ण औंसी
कलियुग	भाद्रकृष्ण त्रयोदशी

(नारदपुराण, पूर्वभाग, ५६/१४७-१४८/मुहूर्तचिन्तामणि, १/५७)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुन दिशाको यात्रा गर्दा के खाने ?

पूर्व दिशाको यात्रा गर्दा घ्यू, दक्षिण दिशाको यात्रा गर्दा तिल चामल वा तिल भात, पश्चिम दिशाको यात्रा गर्दा माछा, उत्तर दिशाको यात्रामा दूध पिएर हिँड्नु शुभ शकुन हुने कुरा मुहूर्त्त चिन्तमणिमा उल्लेख छ-

आज्यं तिलौदनं मत्स्यं पयश्चापि यथाक्रमम् ।
भक्षयेद् दोहदं दिश्यमाशां पूर्वादिकां व्रजेत् ॥ *(मुहूर्त्तचिन्तामणि, ११/८६)*

यदि खान नमिल्ने अवस्था भए हेरेर भए पनि यात्रा गर्नाले फलदायी हुन्छ भनिएको छ ।

यात्रामा अपशकुन देखिए के गर्ने ?

विरालोले बाटो काट्नु यात्राका निम्ति अपशकुन हो । यसैगरी रित्तो भाँडा, बिरोलोको युद्ध, रगत, हड्डी, साँप, घरगोठ जलेको दुर्वचन आदि पनि अपशकुन हुन् । यस्ता अपशकुन देखिए के गर्ने भन्ने बारेमा पनि शास्त्रले उपाय बताएको छ-

आद्येऽपशकुने स्थित्वा प्राणानेकादश व्रजेत् ।
द्वितीये षोडश प्राणांस्तृतीये न क्वचिद् व्रजेत् ॥ *(मुहुर्त्तचिन्तामणि, ११/१०८)*

अर्थात् पहिलो अपशकुन देखिए ११ पटक श्वास फेरून्जेल सोही स्थानमा स्थिर रहने र यात्रा गर्नाले शुभ हुन्छ । पुनः अर्को अपशकुन देखियो भने १६ पटक श्वास फेर्ने समयसम्म स्थिर रहने र यात्रा गर्ने । तेस्रो पटक पनि अपशकुन देखियो भने यात्रा नगर्नू भन्ने शास्त्रीय आदेश रहेको छ । यसैगरी विरालोले पनि पहिलो चोटी बाटो काटे ११ पटक सास फेरून्जेल स्थिर रहने । पुनः बाटो काटे १६ पटक श्वास फेरेर यात्रा गर्ने । तेस्रो पटक पनि बाटो काट्यो भने यात्रा नगर्नू भनिएको छ ।

यात्रामा नवौँ दिन विचार

नवौँ दिन यात्राका निम्ति वर्जित मानिन्छ । यात्राबाट आई पुनः नवौँ दिनमा यात्रा गर्न निषेध छ । यसरी दिन गणना गर्दा तिथि, बार, नक्षत्र कुनै पनि नवौँ पर्नु हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रवेशान्निर्गमं तस्मात् प्रवेशं नवमे तिथौ ।

नक्षत्रे च तथा वारे नैव कुर्यात् कदाचन ॥ *(मुहूर्त्तचिन्तामणि, ११।८२)*

आउनै पर्ने अवस्थामा रात परेपछि घरका मान्य व्यक्तिले बोलाएपछि आउने चलन छ ।

ग्रह एक राशिमा रहने अवधि

शुक्र, बुध, सूर्य एक राशिमा एक महिना बस्छन् । मंगल एक राशिमा डेढ महिना बस्छ । बृहस्पति एक राशिमा एक वर्ष बस्छ । चन्द्रमा एक राशिमा सवा दुई दिन बस्छ । राहु र केतु एक राशिमा १८ महिना बस्छन् । शनि एक राशिमा ३० महिना बस्छ ।

मासं शुक्रबुधादित्याश्चन्द्रः पाददिनद्वयम् ॥
भौमस्त्रिपक्षं जीवोऽब्दं सार्धवर्षद्वयं शनिः ।
राहुः केतुः सदा भुंक्ते सार्धमेकं तु वत्सरम् ॥

(ज्योतिःसार, मिश्रप्रकरणम्, श्लो. २०-२१)

सङ्क्रान्तिको विशेष पुण्यकाल

संक्रान्तिका दिन कुन समयमा दान पुण्य कर्म शुभ हुन्छ भन्ने विषयमा मुहूर्तचिन्तामणिको वचन यस्तो पाइन्छ -

याम्यायने विष्णुपदे चाद्या मध्यास्तुलाजयोः ।
षडशीत्यानने सौम्ये परा नाड्योऽतिपुण्यदाः ॥ *(मुहूर्त्तचिन्तामणिः, ३।८)*

साउन, जेठ, भदौ, मंसिर र फागुन महिनाको पुण्यकाल संक्रान्ति लाग्नु भन्दा पहिले हुन्छ । कार्तिक र वैशाख संक्रान्तिको पुण्यकाल मध्यममा अर्थात् संक्रान्ति लाग्नुभन्दा पहिले वा संक्रान्ति लागिसकेपछि दुवै समयमा शुभ हुन्छ । असार, असोज, पुस, माघ र चैतको पुण्यकाल संक्रान्ति लागिसकेपछि हुन्छ । *(याम्यायने = कर्कट संक्रान्ति । विष्णुपद = वृष, सिंह, वृश्चिक, कुम्भ संक्रान्ति । षडशीत्यानन = मिथुन, कन्या, धनु मीन संक्रान्ति । सौम्यायन = माघ)*

कार्य अनुसार महिनाको प्रधानता

विवाहादि कार्यमा सौरमास, यज्ञादि कार्यमा सावन मास, वार्षिक र पितृकार्यमा चान्द्रमासको प्रधानता रहन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवाहादौ स्मृतः सौरो यज्ञादौ सावनः स्मृतः ।
वार्षिके पितृकार्ये च मासश्चान्द्रो भिधीयते ॥ *(ज्योतिषप्रवोध, पृ. ५)*

पञ्चक, शरुन वा भद्वा

धनिष्ठा, शतभिषा, पूर्वाभाद्रपदा, उत्तराभाद्रपदा र रेवती नक्षत्र परेको दिनलाई पञ्चक/शरुन/भद्वा भनिन्छ ।

धनिष्ठा पञ्चके त्याज्यास्तृणकाष्ठादि संग्रहे
त्याज्या दक्षिणदिग्यात्रा गृहाणां छादनं तथा ॥

पञ्चकमा दाउरा संकलन, घर छाउँन र दक्षिण दिशाको यात्रा गर्नु हुँदैन । यसैगरी पञ्चकमा मृत्यु भए पञ्चक दाहविधि एवं शान्ति गर्नुपर्ने धर्मशास्त्रमा बताइएको छ ।

महिनाका वैदिक नाम, सूर्यको नाम र मासाधिपति देवी-देवता

महिना	वैदिक नाम	प्रत्येक महिनामा सूर्यको नाम	मासाधिपति देवता	मासाधिपति देवी
चैत	मधु	वेदाङ्ग	विष्णु	रमा
वैशाख	माधव	भानु	मधुसूदन	मोहिनी
जेठ	शुक्र	इन्द्र	त्रिविक्रम	पद्माक्षी
असार	शुचि	रवि	वामन	कमला
साउन	नभ	गभस्ति	श्रीधर	कान्तिमती
भदौ	नभस्य	यम	हृषीकेश	अपराजिता
असोज	इष	सुवर्णरेता	पद्मनाभ	पद्मावती
कार्तिक	ऊर्ज	दिवाकर	दामोदर	राधा
मंसिर	सह	मित्र	केशव	विशालाक्षी
पुस	सहस्य	विष्णु	नारायण	लक्ष्मी
माघ	तप	अरुण	माधव	रुक्मिणी
फागुन	तपस्य	सूर्य	गोविन्द	धात्री

(ज्योतिःसार, संवत्सरप्रकरणम्, श्लो. २३-३०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधिमास र क्षयमास विचार

एउटा संक्रान्तिदेखि अर्को संक्रान्तिसम्मको समय सौरमासको हो भने एक औंसीदेखि अर्को औंसीसम्मको समय चान्द्रमासको हो । हाम्रो व्यवहारमा चान्द्र र सौर दुवै विद्यमान रहेको महिनालाई मात्र शुद्ध मानिन्छ । एक चान्द्रमासभित्र एक संक्रान्ति परेन भने र एक सौरमासभित्र एउटा पनि औंसी परेन भने त्यो महिनालाई मलमास भनिन्छ । मल भनेको अशुद्ध हो ।

असङ्क्रान्तिमासोऽधिमासः प्रदिष्टः *(सिद्धान्तशिरोमणि, मध्यमाधिकार, अधिमासनिर्णयाध्याय, श्लो. ६)* जुन चान्द्र महिनामा एउटा संक्रान्ति पर्दैन त्यो चान्द्रमहिना अधिकमास हो । (प्रत्येक ३२ महिनामा १६ दिन ४ घडी पछि अधिमासको सम्भावना हुन्छ)

द्विसङ्क्रान्तिमासः क्षयः *(सिद्धान्तशिरोमणि, मध्यमाधिकार, अधिमासनिर्णयाध्याय, श्लो. ६)* जुन चान्द्रमहिनामा दुई सङ्क्रान्ति पर्छन् त्यो (चान्द्र महिना) क्षयमास हो । क्षयमासका नाम अहंस्पति, संसर्प र मलिम्लुच गरी तीन छन् ।

अहंस्पति : जुन वर्ष क्षयमस पर्छ त्यो वर्षको क्षयमास ।

संसर्प : क्षयमास पूर्व हुने अधिमास ।

मलिम्लुच : क्षयमास पछि हुने अधिमास । *(भारतीय ज्योतिष विज्ञान, पृ. ५६)*

पूर्णिमा र औंसीका भेद

पूर्णिमाका भेद-

अनुमति : चतुर्दशीयुक्त पूर्णिमा वा चन्द्रकला अपूर्ण हुने ।

राका : चन्द्रकला पूर्ण हुने वा शुद्ध पूर्णिमा ।

औंसीका भेद-

सिनिवाली : चन्द्रकलायुक्त/दृश्य अमावाश्या वा चतुर्दशीयुक्त औंसी ।

कुहू : चन्द्रकला पूर्णतः अभाव हुने औंसी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

या पूर्वा पौर्णमासी सानुमतिर्योत्तरा सा राका या पूर्वामावास्या सा सिनिवाली योत्तरा सा कुहूरिति *(गोपथ ब्राह्मण, ६।१०)*।

बार अनुसार लेनदेन

मंगलबार ऋण नलिनु र बुधबार ऋण नदिनु । मंगलबार ऋणमुक्त हुनु र बुधबार धन संचय गर्नुपर्दछ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड-५
विविध ज्ञान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दान गर्ने वस्तु र तिनका देवता

कुनैपनि वस्तु दान गर्दा ती वस्तुका देवताको नाम उच्चारण सङ्कल्पपूर्वक गर्नुपर्दछ। यसरी दान गरिने केही वस्तु र तीनका देवता यस प्रकार छन्-

दान गर्ने वस्तु	देवता	दान गर्ने वस्तु	देवता
फलाम	वनस्पति	जनै (यज्ञोपवीत)	ब्रह्म
घ्यू	मृत्युञ्जय	कपास	उट्टा
चामल	प्रजापति	ऊन, तेल	राहु
सुपारी	वनस्पति	पीठो	सति
द्रव्य, पैसा	लोष्ट/सरस्वती	सखर, चिनी	मित्र
जल	वरूण	भैंसी, राँगो	यम
फलाम	यम	चरा	वायु
तामा	सूर्य	शैया	विष्णु
सुन	अग्नि	कलम	सरस्वती
चाँदी	चन्द्र	दुध	तारा
कुश	विष्णु	दही	सूर्य
वस्त्र	बृहस्पति	मह	वनस्पति
पुष्प/फूल	वनस्पति	तील	विष्णु
गाई	रूद्र	जौ	प्रजापति
नुन	समुद्र	छाता	उत्तान
भूमि	वराह	जुत्ता	उत्तानाङ्गिर
लौरो	वनस्पति		

(सत्कर्मरत्नावली, पृ. १३२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुन वस्तु दान गर्दा कहाँ छुनुपर्छ ?

वस्तु अनुसार विशेष स्थानमा छोएर सङ्कल्पपूर्वक दान गर्नुपर्ने विधान पाइन्छ । यसरी वस्तु दान गर्दा छुनुपर्ने स्थानको विधान यसरी गरिएको छ-

गजस्य दन्ते तुरगस्य कर्णे गवाञ्च पुच्छे महिषस्य शृङ्गे ।
देयं गृहीत्वा स्तनयोस्तु पत्न्याः कन्याकरे द्वारि निकेतनानाम् ॥

(दानचन्द्रिका)

दान गर्ने वस्तु	छोएर सङ्कल्प गर्नुपर्ने स्थान
हात्ती	दाह्रामा छोएर वा हात्तीमा चढेर
घोडा र एकखुरे पशु	दाहिने कान समाएर
गाई, गोरु, मृग	पुच्छर समाएर
भैंसी	सिङमा समाएर
कन्या	हातमा समाएर
घर	सँघारमा छोएर
पत्नी	स्तन छोएर
तरबार, खुकुरी एवं हतियार	बींडमा समाएर
संग्रामका वस्तु	छोएर
छाता	डन्डीमा समाएर
ऊँट	ऊँटमाथि चढेर
धन	हातमा लिएर
बग्गी	हरिसमा समाएर
भूमि	परिक्रमा गरी माटो छोएर

(चतुर्वर्गचिन्तामणि, दानखण्ड/सत्कर्मरत्नावली पृ. १३३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गायत्री मन्त्र

ब्राह्मण गायत्री	ॐ भूर्भुवः स्वः । तत्सवितुर्वरेण्यं भर्गोदेवस्य धीमहि । धियो योनः प्रचोदयात् ॥
क्षत्रीय गायत्री	ॐ भूर्भुवः स्वः धनुर्धराय विद्महे दाशरथाय धीमहि । तन्नो रामः प्रचोदयात् ॥
वैश्य गायत्री	ॐ भूर्भुवः स्वः महादेवाय विद्महे सर्वशक्त्यै च धीमहि । तन्नः शिवः प्रचोदयात् ॥
लक्ष्मी गायत्री	ॐ भूर्भुवः स्वः महालक्ष्म्यै च विद्महे विष्णुपत्न्यै च धीमहि । तन्नो लक्ष्मीः प्रचोदयात् ॥

पत्नी कुन समयमा पतिको कता बस्ने ?

आशीर्वाद लिँदा, अभिषेक लिँदा, ब्राह्मण, कन्या आदिका गोडा धुँदा, शयन र भोजन गर्दा पत्नी पतिको बाँया भागमा *(उत्तरतर्फ)* रहनुपर्दछ ।

आशीर्वादाभिषेके च पादप्रक्षालने तथा
शयने भोजने चैव पत्नी तूत्तरतो भवेत् ॥ *(धर्मप्रदीप)*

यसैगरी विष्णुलक्ष्मीमको रूपमा पूजा गर्दा गुरु आमालाई बायाँ र गुरूलाई दायाँ राख्नुपर्दछ । अन्य कार्यमा भने पत्नीलाई दायाँ राखिन्छ ।

कुन देवताको कतिपटक परिक्रमा गर्ने

भगवान् विष्णुको चार पटक, शङ्करको आधा, दुर्गा भगवतीको एक पटक, सूर्यको सात पटक र गणेशजीलाई तीन पटक परिक्रमा गर्नुपर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एका चण्ड्या रवेः सप्त तिस्रः कार्या विनायके ।
हरेश्चतस्रः कर्तव्या शिवस्यार्ध प्रदक्षिणा ॥

(नारदपुराण, भाग-२, पृ. ४२०-४२१)

सङ्ख्या, वस्तु र अवस्थाको ज्ञान

त्रिलोक : स्वर्ग, मर्त्य र पाताल ।

त्रिमधु : घ्यू, चिनी र मह ।

त्रिशक्ति : गायत्री, सावित्री र सरस्वती ।

त्रिगुण : सत्त्व, रज र तम ।

त्रिमद : परिवार, विद्या र धन ।

त्रिदोष : वात, पित्त र कफ ।

त्रिसन्ध्या : बिहान सूर्योदय, दिवा मध्याह्न र साँझ सूर्यस्त कालको पूर्वापर तीन घडी (२४ x ३ = ७२ मिनेट) समयलाई सन्ध्या मानिएको छ ।

सन्ध्या त्रिनाडीप्रमितार्कबिम्बादर्धोदितास्तादध ऊर्ध्वमत्र ।

(मुहूर्त्तचिन्तामणि, ३।७)

चतुर्वर्ग : धर्म, अर्थ, काम र मोक्ष । **चार वेद :** ऋक्, यजु, साम र अथर्व ।

पञ्चाङ्ग

तिथि, नक्षत्र, बार, योग र करण पञ्चाङ्गमा पर्दछन् ।

तिथिर्वारश्च नक्षत्रं योगः करणमेव च ।
इति पञ्चाङ्गानख्यातं व्रतपर्वनिदर्शकम् ॥ *(भारतीय कुण्डली विज्ञान, पृ. १)*

पञ्चामृत

गाईको दुध, दही, घ्यू, मह र सखर (चिनी) ।

पञ्चगव्य

गाईको गउँत, गोवर, दुध र घ्यू ।

पञ्चपल्लव

पिपल, डुम्री, पाखरी, आँप र वरका पात ।
अश्वत्थोदुम्बरप्लक्षचूतन्यग्रोधपल्लवाः । *(ब्रह्माण्डपुराण)*

पञ्चतत्त्वका स्वामी ग्रह

पञ्चतत्व	पञ्चतन्मात्रा	स्वामी ग्रह
पृथ्वी	गन्ध	बुध
जल	रस	शुक्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेज	रूप	मंगल
वायु	स्पर्श	शनि
आकाश	शब्द	गुरु

शिखिभूमिपयोवारि वासिनो भूसुतादयः ॥ *(नारदपुराण, पृ.३६४)*

पञ्चधेनु (गाई) दान

पापापनोद, ऋणापनोद, मोक्ष, उत्क्रान्ति र वैतरणी धेनु । *(धर्मसिन्धु, पृ. ४१०-४११)* आजन्मको पाप क्षयका निम्ति पापापनोदधेनु, आजन्म उपार्जन गरेका ऋणबाट मुक्तिका निम्ति ऋणापनोदधेनु, मोक्ष प्राप्तिको कामनाका लागि मोक्ष धेनु, प्राणान्तमा हुने बाधा व्यवधानका साथै पापकर्मबाट मुक्तिका निम्ति उत्क्रान्तिधेनु, यममार्गको यात्राका क्रममा वैतरणी नदीजन्य कष्ट निवारणका निम्ति वैतरणी धेनु (गाई) दान गरिन्छ ।

वेदाङ्ग

वेदका प्रमुख छ अङ्ग छन् । जसको ज्ञानविना वेद जान्न सकिँदैन ।

शिक्षा (वेदको नाक), **कल्प** (हात), निरुक्त (कान), **छन्द** (पाउ), **ज्योतिष** (आँखा), **व्याकरण** (मुख) । *(सिद्धान्तशिरोमणि, मध्यमाधिकार श्लो. ११)*

सप्तर्षि

विश्वामित्रो जमदग्निर्भरद्वाजोऽथ गौतमः ।
अत्रिर्वसिष्ठः कश्यप इत्येते सप्तऋषयः । *(धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. १९१)*

अर्थात् विश्वामित्र, जमदग्नि, भरद्वाज, गौतम, अत्रि, वसिष्ठ र कश्यप सप्तर्षि हुन् । अरुन्धती सहित सप्तर्षिको पूजा हुने गर्दछ ।

सात द्विप

जम्बू, प्लक्ष, शाल्मल, कुश, क्रौञ्च, शाक र पुष्कर द्विप । *(श्रीमद्भागवत, ५/१६-२०)*

सप्तधान्य

धान, जौ, गहुँ, मुँग, मास, प्रियङ्गु (कागुनू) र चना सप्तधान्य हुन् ।

व्रीहयो यव गोधूमा मुद्गाः माषाः प्रियङ्गवः ।
चणकाः सप्तमा ज्ञेयाः सप्तधान्यमुदाहृतम् । *(गरूडपुराणम्, प्रेतकल्प, ८/४८)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अष्टचिरञ्जीवी

अश्वत्थामा, बलि, व्यास, हनुमान, बिभीषण, कृपाचार्य, परशुराम र मार्कण्डेय अष्ट चिरञ्जीवी हुन् ।

अश्वत्थामा बलिर्व्यासो हनुमाँश्च बिभीषणः ।
कृपःपरशुरामश्च सप्तैते चिरजीविनः ॥
सप्तैतान्संस्मरेन्नित्यं मार्कण्डेयमथाष्टमम् ।

(संस्कृत-नेपाली बृहद् शब्दकोश, पृ. ४३५)

अष्टचिरञ्जीवीका साथ षष्ठिका देवीको पूजा हुने गर्दछ ।

अष्टधातु

सुन, चाँदी, तामा, फलाम, जस्ता, राँगा, सिसा र पारो ।

(संस्कृत-नेपाली बृहद् शब्दकोश, पृ. १२९)

अष्टाङ्ग अर्घ्य

अर्घ्यमा आठ वस्तु राखिन्छ । ती हुन्: पानी, दुध, कुश, दही, दुवो, अक्षता, तिल, सुपारी वा फल ।

आपःक्षीरं कुशाग्राणि दधि दूर्वाक्षतास्तथा ।
तिलाः पूगफलञ्चैव ह्यष्टाङ्गोऽर्घः प्रकीर्तितः ॥ *(कर्मकाण्डभास्कर, पृ. ५)*

अष्टाङ्ग योग

यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, ध्यान, धारणा, समाधि ।

(संस्कृत नेपाली बृहद् शब्दकोश, पृ. १३०)

साष्टाङ्ग प्रणाम

दुई गोडा, दुई हात, दुई घुँडा, छाती, शिर, नजर, बोली र मन ।

अष्टवसु

धर, ध्रुव, सोम, अह, अनिल, अनल, प्रत्यूष र प्रभास ।

(महाभारत, आदिपर्व, ६६/१८)

अष्टमहादान

तिला लोहं हिरण्यं च कार्पासो लवणं तथा ।
सप्तधान्यं क्षितिर्गावो ह्येकैकं पावनं स्मृतम् ॥ *(गरूडपुराणम्, प्रेतकल्प, ८/३३)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तील, फलाम, सुन, कपास, नुन, सप्तधान्य, भूमि, गाई अष्टमहादानअन्तर्गत पर्दछन् ।

नवरस

शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, विभत्स, अद्भुत र शान्त ।

शृङ्गारहास्यकरुणरौद्रवीरभयानकाः ।
विभत्सोद्भुत इत्यष्टौ रसाः शान्तस्तथामतः । *(साहित्यदर्पण)*

नवदुर्गा

शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्डा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालारात्रि, महागौरी र सिद्धिदात्री । *(दुर्गासप्तशती, देव्याः कवचम्, श्लो. ३-५)*

दश महादान

गाई, भूमि, तील, सुन, घ्यू, वस्त्र, धान, गुड, चाँदी र नुन दशमहादानअन्तर्गत पर्दछन् ।

गोभूतिलहिरण्याज्यवासोधान्यगुडानि च ।
रौप्यं लवणमित्याहुर्दश दानान्यनुक्रमात् ॥ *(निर्णयसिन्धु, पृ. ४११)*

अग्निका दशकला

धुम्रा, अर्चि, ऊष्मा, ज्वलिनी, ज्वालिनी, विस्फुलिङ्गिनी, सुश्री, सुरूपा, कपिला, स्वधा र स्वाहा । अग्निका दश कला छन् ।

धूम्रार्चिरूष्मा ज्वलिनी ज्वालिनी विस्फुलिङ्गिनी ।
सुश्रीः सुरुपा कपिला स्वधा स्वाहा कला दश ॥ *(कर्मकाण्ड भास्कर, पृ. ५)*

एकादश रुद्र

मृगव्याध, सर्प, निऋति, अजैकपाद, अहिर्बुध्न्य, पिनाकी, दहन, ईश्वर, कपाली, स्थाणु र भव । *(महाभारत, आदिपर्व, ६६/२-३)*

सूर्यका बाह्र कला

तपिनी, तापिनी, धुम्रा, मरीचि, ज्वलिनी, रुचि, सुषुम्णा, भोगदा, विश्वा, बोधिनी, धारिणी र क्षमा । सूर्यका बाह्र कला छन् ।

तपिनी तापिनी धुम्रा मरीचिर्ज्वालिनी रुचिः ।
सुषुम्णा भोगदा विश्वा बोधिनी धारिणी क्षमा । *(कर्मकाण्ड भास्कर, पृ. ५)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूर्यका बाह्र नाम

विवस्वान, अर्यमा, पूषा, त्वष्टा, सविता, भग, धाता, विधाता, वरुण, मित्र, इन्द्र र त्रिविक्रम सूर्यका बाह्र नाम हुन् ।

विवश्वानर्यमापूषा त्वष्टाथ सविता भगः ।
धाता विधाता वरुणो मित्रः शक्र उरुक्रमः ॥ *(श्रीमद्भागवत, ६।७।३९)*

तेह्र पददान

छाता, जुत्ता, वस्त्र, औंठी, कमण्डलु, आसन, पञ्चपात्र, लौरो, तामाको भाँडो, काँचो अन्न, पाकेको अन्न (भोजन), जनै र द्रव्य ।

छत्रोपानहवस्त्राणि मुद्रिका च कमण्डलुः ।
आसनं पञ्चपात्राणि पदं पञ्चविधं स्मृतम् ॥
दण्डेन ताम्रपात्रेण ह्यामान्नैर्भोजनैरपि ।
अथयज्ञोपवीतैश्च पदं सम्पूर्णतां व्रजेत् ॥ *(गरूडपुराणम्, १३।८३-८४)*

चौध मनु र आरम्भ तिथि

	मनुको नाम	आरम्भ तिथि		मनुको नाम	आरम्भ तिथि
१.	स्वायम्भुव	चैत्रशुक्ल तृतीया	८.	सावर्णि	फाल्गुनशुक्ल पूर्णिमा
२.	स्वारोचिष	चैत्र शुक्ल पूर्णिमा	९.	दक्षसावर्णि	आश्विनशुक्ल नवमी
३.	औत्तम	कार्तिकशुक्ल पूर्णिम	१०.	ब्रह्मसावर्णि	माघशुक्ल सप्तमी
४.	तामस	कार्तिकशुक्ल द्वादशी	११.	धर्मसावर्णि	पौषशुक्ल त्रयोदशी
५.	रैवत	आषाढशुक्ल द्वादशी	१२.	रूद्रसावर्णि	भाद्रशुक्ल तृतीया
६.	चाक्षुस	आषाढशुक्ल पूर्णिमा	१३.	दैवसावर्णि	श्रावणकृष्ण औंसी
७.	वैवस्वत	ज्येष्ठशुक्ल पूर्णिमा	१४.	इन्द्रसावर्णि	श्रावणकृष्ण अष्टमी

(मुहूर्तचिन्तामणि, १।५७)

चौध विद्या

वेद -४, वेदाङ्ग-६, मीमांसा, न्याय, पुराण र धर्मशास्त्र ।

चन्द्रमाका सोह्र कला

अमृता, मानदा, पूषा, पुष्टि, तुष्टि, रति, धृति, शशिनी, चन्द्रिका, कान्ति, ज्योत्स्ना, श्री, प्रीति, अङ्गना, पूर्णा र पूर्णामृता चन्द्रमाका सोह्र कलाका नाम हुन् । पूर्णिमामा चन्द्रमा पूर्ण (सोह्र) कलाले युक्त देखिन्छ ।

अमृता मानदा पूषा पुष्टिस्तुष्टी रतिर्धृतिः । शशिनी चन्द्रिका कान्तिर्ज्योत्स्ना श्रीः प्रीतिरङ्गना । पूर्णा पूर्णामृता चैताः कलाः सोमस्य षोडश । *(कर्मकाण्डभास्कर, पृ. ५)* •••

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आरती किन गरिन्छ ?

कष्ट निवारण गरी सुख, शान्ति र समृद्धि प्राप्तिका निम्ति देवताको आरती हुने गर्दछ । आरतीलाई आरात्रिक वा निराजन पनि भनिन्छ । पूजाको परिपूर्णताका निम्ति आरती गर्नुपर्दछ । पूजामा भएका त्रुटिलाई आरतीले परिपूर्णता प्रदान गर्दछ–

मन्त्रहीनं क्रियाहीनं यत् कृतं पूजनं हरेः ।
सर्वं सम्पूर्णतामेति कृते नीराजने शिवे ॥ *(स्कन्दपुराण)*

आरती गरेको हेर्दा पनि पुण्य प्राप्त हुने कुरा शास्त्रमा वर्णन पाइन्छ ।

धूपं चारात्रिकं पश्येद् कराभ्यां च प्रवन्दते ।
कुलकोटिं समुद्धृत्य याति विष्णोः परं पदम् ॥ *(विष्णुधर्मोत्तरपुराण)*

अर्थात् जसले भगवानलाई अर्पण गरेका धूप र आरतीलाई देख्छ र दुवै हातले आरती लिन्छ उसले करोड पिंढीको उद्धार गरेर अन्तमा भगवान् विष्णुको परमपद प्राप्त गर्दछ । आरतीमा शङ्ख, घण्ट बाजा एवं जय-जयाकारको ध्वनि मंगलदायी हुने कुरा 'पञ्चप्रदीप'मा उल्लेख छ ।

कुन कार्यमा कुन औंलाको प्रयोग गर्ने ?

चन्दन लगाउँदा कान्छी औंला बाहेक अरु सबै औंला प्रयोग गर्न मिल्छ । **अङ्गुष्ठः पुष्टिदः प्रोक्तो मध्यमा पुष्टिकारिणी । अनामिकान्नदा नित्यं मुक्तिदा च प्रदेशिनी ।** देवता र ऋषिको पूजामा साहिली औंलाको प्रयोग गर्नुपर्दछ । **अनामिक्या च देवस्य ऋषीणां च तथैव च ।** यसैगरी पितृकार्यमा भने चोरी औंलाको प्रयोग गर्नुपर्दछ : **पितृणामर्पयेद् गन्धं तर्जन्या च सदैव हि ।** यसैगरी आफूले चन्दन लगाउँदा माहिली औंलाको प्रयोग गर्नुपर्छ : **तथैव मध्यमाङ्गुल्या धार्यं गन्धं स्वयं बुधैः ॥** *(आह्निकसूत्रावली)*

फूल चढाउँदा माइली र साइली औंला प्रयोग गर्नुपर्दछ । यसैगरी फूल हटाउँदा बूढी र चोर औंलाको प्रयोग गर्नु पर्दछ ।

मध्यमानामिकामध्ये पुष्पं संगृह्य पूजयेत् ।
अङ्गुष्ठतर्जनीभ्यौ तु निर्माल्यामपनोदयेत् ॥ *(आह्निक सूत्रावली)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुन मन्दिरमा कुन बाजा निषेध छ ?

शिवमन्दिरमा झ्याली, सूर्य मन्दिरमा शङ्ख र देवीको मन्दिरमा बाँसुरी वा मुरली बाजा बजाउन निषेध छ ।

शिवागारे झल्लकं च सूर्यागारे च शङ्खकम् ।
दुर्गागारे वंशवाद्यं मधुरीं न च वादयेत् ॥ *(योगिनीतन्त्र)*

घरमा अशान्ति हुने कुरा

घरमा दुई शिवलिङ्ग, तीन गणेश, दुई शङ्ख, दुई सूर्य प्रतिमा, तीन वटा देवीका प्रतिमा, दुईवटा गोमतीचक्र र दुईवटा शालग्राम पूजा गर्दा दुःख र अशान्ति हुन्छ ।

शङ्खचक्रशिलालिङ्गविघ्नसूर्यद्वयं तथा ।
शक्तित्रयं न चैकत्र पूजयेद्‌दुःखकारणम् ॥ *(नारदीयपुराण, १।६७।१२०-२१)*

कुन वस्तु कुन देवतालाई प्रिय हुन्छ ?

शिवजीलाई वेलपत्र, विष्णु भगवान्‌लाई तुलसी, गणेशजीलाई दुबो, देवीलाई धेरै प्रकारका फूलहरू र सूर्यलाई रातो करवीरको फूल प्रिय मानिन्छ । यसरी शिवजीलाई बेलपत्र चढाउदा डाँठ रहित, शुद्ध तीन पत्रयुक्त घोप्टो पारेर चढाउनुपर्छ भने गणेशजीलाई दुवो आफूतर्फ टुप्पा पारेर चढाउनु पर्दछ । **दूर्वाः स्वाभिमुखाग्राः स्युर्विल्वपत्रमधोमुखम् ।** *(तृचभास्कर)* यसैगरी तुलसी पत्र अर्पण गर्दा पनि टुप्पो आफू तर्फ फर्काउनु पर्दछ । **तुलस्यादिपत्रम् आत्माभिमुखं न्युब्जमेव समर्पणीयम् ।** *(प्रतिष्ठासारदीपिका)*

कस्तो फूल अशुद्ध मानिन्छ ?

देवतालाई चढाएको, बायाँ हातमा लिएको, कम्मरदेखि मुनिका वस्तुमा ल्याएको, पखालेर ल्याएको र भुइँमा आफैं खसेको फूल अशुद्ध मानिन्छ ।

तथादेवोपरिधृतं वामहस्ते धृतं च यत् ।
अधोवस्त्रधृतं चैव जलेन क्षालितं च यत् ।
देवतास्तन्न गृह्णन्ति पुष्पं निर्माल्यतां गतम् ॥ *(आह्निक सूत्रावली)*

यसैगरी देवतालाई चन्दन पुष्प आदि वस्तु सुँघेर चढाउनु हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किनकि 'आघ्राणं अर्धभक्षणम्' भनिएको छ । सुँघ्दा आधा खाए बराबर हुने भएकाले उक्त वस्तु जुठो मानिन्छ ।

पिपलको पूजा कहिले गर्ने ?

पिपललाई साक्षात् विष्णु भगवानको प्रतिरूप मानिन्छ । यसैगरी पिपलको मूलमा शनिबार जल सेचन र प्रदक्षिणा गर्दा हजारौँ कुलको उद्धार हुन्छ । यसैगरी जल सेचनका साथै विष्णु भगवान्को पूजा गर्नाले दुर्गतिमा परिँदैन । पिपलको स्पर्श शनिबार मात्रै शुभ रहन्छ । अन्य दिन परैबाट पिपलको पूजा एवं परिक्रमा गर्नुपर्दछ । पिपलमा छुने अधिकार शनिबारमात्र रहेको छ-

अश्वत्थपूजा स्पर्शेन कर्तव्या शनिवासरे ।
अन्यवारेऽश्वत्थसङ्गाद्‌दरिद्रो जायते नरः ॥ *(सनत्कुमार संहिता)*

पिपल र समुद्रको सेवा स्पर्शरहित अर्थात् नछोइकन गर्नुपर्दछ ।

हवनको चरु के कसरी बनाउने ?

हवनको चरू निर्माण गर्दा तीलको आधा चामल, चामलको आधा जौ, जौको आधा चिनी र सबैको आधा घ्यू राख्नु पर्दछ ।

तिलार्धं तण्डुला देयास्तण्डुलार्धं यवस्तथा ।
यवार्धं शर्कराः प्रोक्ता सर्वार्धं च घृतं स्मृतम् ॥ *(कृत्यसार समुच्चय)*

कस्ता शब्दमा महा जोड्नुहुँदैन ?

शङ्खे तैले तथा मांसे वैद्ये ज्योतिषके द्विजे ।
यात्रायां पथि निद्रायां महच्छब्दो न दीयते ॥ *(शब्दकल्पद्रुम)*

शङ्ख, तेल, मांस, वैद्य, ज्योतिष, पथ, यात्रा, ब्राह्मण र निद्रा शब्दमा महा जोडेर प्रयोग गर्दा नकारात्मक अर्थ लाग्ने गर्दछ । महाशङ्ख भनेको कञ्चडको हाड हो । यसैगरी महा तेल = बोसोको तेल, महामांस = मान्छेको मासु, महापथ = मृत्यु, महायात्रा = शवयात्रा । महाब्राह्मण = एघारौँको मृतान्न खाने शैया लिने । महानिद्रा = मृत्यु भन्ने अर्थ लाग्छ । महावैद्य र महाज्योतिषको पनि नकारात्मक अर्थ लाग्ने गर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्ममुहूर्त्तमा किन सुत्नु हुँदैन ?

सूर्योदयभन्दा चारघडी (लगभग डेढ घण्टा)पूर्वको समयलाई ब्रह्ममुहूर्त्त भनिन्छ । यो समय जप, ध्यान एवं चिन्तनका निम्ति उत्तम मानिन्छ । यो समयमा नसुत्नु भन्ने शास्त्रीय आदेश पाइन्छ-

ब्रह्ममुहूर्त्ते या निद्रा सा पुण्यक्षयकारिणी ।
तां करोति द्विजो मोहात् पादकृच्छ्रेण शुद्ध्यति ॥

(आचारेन्दु, पृ. १७, स्मृतिरत्नावलीको वचन)

अर्थात् ब्रह्ममुहूर्त्तमा सुत्नाले आर्जित पुण्यको नाश हुन्छ । यसरी ब्रह्ममुहूर्त्तमा शयन गर्नेले पादकृच्छ्र व्रत वसी प्रायश्चित्त गर्नुपर्दछ । तबमात्र उक्त नाश भएको पुण्य पुनः प्राप्त हुने गर्दछ ।

आसन कस्तो हुनुपर्दछ ?

हरेक कर्मका निम्ति आसन पवित्र हुनुपर्दछ । सही आसन भएन भने कार्यमा विघ्न आउने गर्दछ । अतः कुश, कम्बल, मृगचर्म (मृगको छाला), बाघको छाला र रेसमका आसनलाई पवित्र मानिएको छ ।

कौशेयं कम्बलं चैव अजिनं पट्टमेव च ।
दारुजं तालपत्रं वा आसनं परिकल्पयेत् ॥ *(नित्यकर्मपूजा-प्रकाश, पृ. ३५)*

यसैगरी बाँस, माटो, ढुङ्गो, घाँस, पत्ता, गोवर, पलाँश, पिपल र फलामका किला प्रयोग भएका आसन अशुद्ध मानिएका छन् ।

वंशासने तु दारिद्र्यं पाषाणे व्याधिरेव च ।
धरण्यां तु भवेद् दुःखं दौर्भाग्यं छिद्रदारुजे ।
तृणे धनयशो हानिः पल्लवे चित्तविभ्रमः ॥

(नित्यकर्मपूजा-प्रकाश, पृ. ३५ व्यासको वचन)

अर्थात् बाँसबाट बनेको आसनमा बस्दा दारिद्र्य, ढुङ्गाको आसनमा बसे रोग व्याधि, माटाको आसनमा बसे दुःख, प्वाल परेका काठका आसनमा बस्दा दुर्भाग्य निम्तिन सक्छ । यसैगरी घाँसको आसनमा बसे धन र यशको हानि हुन्छ भने पात ओछ्याएर बसे चित्तमा भ्रान्ति उत्पन्न हुन्छ । अतः शुद्ध आसनमा रहेर पूजा आदि कार्य गर्नु आवश्यक देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जनै कतिबेला नयाँ फेर्नुपर्छ ?

सामान्यतः चार महिनापछि जनै फेर्नुपर्दछ ।

धारणाद् ब्रह्मसूत्रस्य गते मासचतुष्टये ।
त्यक्त्वा तान्यानि जीर्णानि नवान्यन्यानि धारयेत ॥

(गोलिभ आचरभूषण, पृ. ५५)

जनै बायाँ हातभन्दा तल पुग्यो भने अर्को फेर्नुपर्दछ । **वामहस्ते व्यतीते तु तत् त्यक्त्वा धारयेत् नवम् ।** *(नित्यकर्मपूजा-प्रकाश, पृ. ३६)* यसैगरी जनै शिरबाट खस्यो, जनैका डोरीमा कुनै त्रुटि भयो, कुनै एक डोरी चुँडियो भने संकल्पपूर्वक स्नान गरेर नयाँ जनै लगाउनु पर्दछ ।

पतितं त्रुटितं वापि ब्रह्मसूत्रं यदा भवेत् ।
नूतनं धारयेद्विप्रः स्नात्वा संकल्पपूर्वकम् ॥ *(पूर्ववद्, पृ. ३६)*

यसैगरी शौच गरेको समयमा कानमा राख्न भुलियो भने पनि नयाँ जनै फेनुपर्ने बताइएको छ–

मलमूत्रे त्यजेद् विप्रो विस्मृत्यैवोपवीतधृक् ।
उपवीतं तदुत्सृज्य दध्यादन्यनवं तदा ॥ *(आचारेन्दु, पृ २४५)*

शास्त्रमा जुन छुनु नहुने कुरा बताइएको छ त्यस्तो कुरा कथंकदाचित् छोइएको छ भने पनि नयाँ जनै फेर्नुपर्दछ ।

चितिकाष्ठं चितेर्धूमं चण्डालं च रजस्वलाम् ।
शवं च सूतिकां स्पृष्ट्वा सचैलो जलमाविशेत् ॥
त्यजेत् वस्त्रं च सूत्रं च .... *(आचारेन्दु, पृ. २४५, आश्वालायनको वचन)*

अर्थात् चिताको काठ, चिताको धुवाँ, चण्डाल, रजस्वला स्त्री, शव, सुत्केरीलाई छोइयो भने वस्त्रसहित नै स्नान गरेर जनै पनि नयाँ फेर्नुपर्दछ ।

यसैगरी ग्रहण सकिएपछि पनि नयाँ जनै फेर्नु भनिएको छ–

उपाकर्मणि चोत्सर्गे सूतकद्वितये तथा ।
श्राद्धकर्मणि यज्ञादौ शशिसूर्यग्रहेऽपि च ।
नवयज्ञोपवीतानि धृत्वा जीर्णानि च त्यजेद् ॥ *(ज्योतिषार्णव)*

अर्थात् श्रावणी आदि उपाकर्मका बेलामा, आशौचमा, श्राद्धकर्ममा, यज्ञ गर्दा र ग्रहणपश्चात् पनि नयाँ जनै लगाउनुपर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चन्दन वा टीका निधारमा किन लगाइन्छ ?

हरेक कार्यलाई सफल बनाउनका निम्ति निधारमा चन्दन लगाउनु आवश्यक मानिएको छ-

ललाटे तिलकं कृत्वा सन्ध्याकर्म समाचरेत् ।
अकृत्वा भालतिलकं तस्य कर्म निरर्थकम् ॥

(नित्यकर्मपूजा-प्रकाश, पृ. ३९, प्रयोगपारिजातको श्लोक)

सन्ध्याबन्धनादि कार्यलाई सार्थक बनाउन निधारमा तिलक (चन्दन) धारण गर्नुपर्दछ । चन्दन निधारमा नलगाई गरिएका सन्ध्याबन्धनादि कर्म निरर्थक हुन्छन् ।

हातमा तीर्थ

कान्छी औंलाको फेदको भागलाई **कायतीर्थ** भनिन्छ, जसबाट सप्त मनुष्यलाई तर्पण गरिन्छ । यसैगरी कान्छी, साहिली, माझी र चोरी औंलाको अग्रभागलाई **देवतीर्थ** भनिन्छ । बीचको (माझी औंलाको) टुप्पोबाट देवतालाई तर्पण दिनुपर्दछ । यसैगरी चोरी र बूढी औंला बीचको फेदको भागलाई **पितृतीर्थ** भनिन्छ । पितृ तर्पण आदि कार्य यस स्थानबाट गर्नुपर्दछ । यसैगरी हत्केलाको बीचको भागलाई **अग्नितीर्थ** भनिन्छ । यो संकल्पादि कर्ममा प्रयोग गरिन्छ । हत्केलाको फेद भागलाई **ब्रह्मतीर्थ** भनिन्छ । आचमन ब्रह्मतीर्थबाट गर्नुपर्दछ-

पैत्र्यं मूले प्रदेशिन्याः कनिष्ठायाः प्रजायतेः ।
ब्रह्म्यमङ्गुष्ठमूलस्थं तीर्थं दैवं कराग्रतः ।
सव्य पाणितले वह्नेस्तीर्थं सोमस्य वामतः ।
ऋषीणां तु समग्रेषु अङ्गुलीपर्वसन्धिषु ॥ *(अग्निपुराण, ७२।३२-३३)*

यसैगरी देवकार्य सव्य भएर, पितृकार्य अपसव्य भएर र मुनष्यको कार्य जनै घाँटीमा मात्र झुण्ड्याएर (कण्ठी बनाएर) गरिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साँझबत्ती किन बालिन्छ ?

'तमसो मा ज्योतिर्गमय' *(बृहदारण्यकोपनिषद्, १/३/२८)* अर्थात् अन्धकारबाट उज्यालोतर्फ लैजाऊ भन्दै कामना गर्ने हाम्रो वैदिक सभ्यता हो । हामी अँध्यारोलाई रूचाउँदैनौं । उज्यालोको प्रतीकका रूपमा सन्ध्याकालीन दीप प्रज्वलन गरिन्छ । यसैगरी साँझको समयमा दीप प्रज्वलान गर्नाले घरमा लक्ष्मीको आगमन हुन्छ । दीप बाल्नु परब्रह्मसँग साक्षात्कार गर्नु पनि हो । त्यसैले समस्त पाप हरण गर्ने दीप प्रत्येक सन्ध्यामा बाल्नु पर्दछ । सन्ध्याकालीन दीप प्रज्वलन गरी निम्न मन्त्रले प्रार्थना गर्नुपर्दछ-

दीपो ज्योतिः परं ब्रह्म दीपो ज्योतिर्जनार्दनः ।
दीपो हरतु मे पापं सन्ध्यादीप ! नमोऽस्तु ते ॥
शुभं करोतु कल्याणमारोग्यं सुखसम्पदम् ।
शत्रुबुद्धिविनाशं च दीपज्योतिर्नमोऽस्तु ते ॥ *(नित्यकर्म-पूजाप्रकाश, पृ. १६६)*

वायु विचार

संसारका पाँच तत्त्व मध्येको एक वायु हो । जसलाई स्पर्शबाट थाहा पाउँन सकिन्छ । हावाले हाम्रो छालामा छोएपछि वायु वग्दै गरेको अनुभव हुन्छ । वायु पनि विभिन्न प्रकारका हुन्छन् । हृदयमा **प्राण वायु** हुन्छ । गुदद्वारबाट जाने **अपान** वायु हो । नाइटोमा हुने **समान वायु** हो । कण्ठमा हुने **उदान वायु** हो जो ढ्याउ गर्दा जान्छ । शरीरका अङ्ग अंगमा पुग्ने वायु **व्यान** हो । यसरी पाँच वायु मुख्य रहेका छन् । यसैगरी डकार गर्दा **नाग**, आँखा झिम्क्याउँदा **कूर्म वायु** हुन्छ । हाच्छ्युँ गर्दा **कृकल** नामको वायु जान्छ भने हाइ गर्दा **देवदत्त** नामको वायु प्रवाहित हुन्छ । **धनञ्जय** नामको वायु मृत शरीरमा पनि रहिरहन्छ ।

प्राणोऽपानः समानाख्या उदानो व्यान एव च ।
नागः कूर्मश्च कृकलो देवदत्तो धनञ्जयः ।
हृदि प्राणो गुदेऽपानः समानो नाभिमण्डले ।
उदानः कण्ठदेशे स्याद् व्यानः सर्वशरीरगः ॥
उद्गारे नाग आख्यातः कूर्म उन्मीलने स्मृतः ।
कृकलः क्षुत्करौ ज्ञेयो देवदत्तो विजृम्भणे ॥
न जहाति मृतं वापि सर्वव्यापी धनञ्जयः ।

(गरूडपुराण, प्रेतकल्प, १५/ ३६-३९)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनै वायुमा नै सबै जीव जन्तु चलिरहेका छन् । मरूद्गण सात छन् । यिनै सात मरूद्गणलई इन्द्रले ४९ बनाएको कथा श्रीमद्भागवतको षष्ठस्कन्धमा वर्णन पाइन्छ ।

वायु पुराण अनुसार मरूत्को संख्या ४९ छ : सत्त्वज्योति, आदित्य, सत्यज्योति, तिर्यक्ज्योति, सज्योति, ज्योतिष्मान्, हरित, ऋतजित्, सत्यजित्, सुषेण, सेनजित्, सत्यमित्र, अभिमित्र, हरिमित्र, कृत, सत्य, ध्रुव, धर्ता, विधर्ता, विधारय, ध्वन्त, धुनि, उग्र, भीम, अभियु, साक्षिप, ईदृक्, अन्यदृक्, यादृक्, प्रतिकृत्, ऋक्, समिति, संरम्भ, ईदृक्ष, पुरुष, अन्यादृक्ष, चेतस, समिता, समदृक्ष, प्रतिदृक्ष, मरुति, सरत, देव, दिश, यजु, अनुदृक्, साम, मानुष र विश् । *(वायुपुराण, ३।६७ दितिगर्भस्येन्द्रकृतसप्तधाछेदनवर्णनम्, पृ. ३३३-३३५)*

रुद्राभिषेक र फल विचार

भगवान् शिव प्रसन्नताका निम्ति रूद्राभिषेक गरिन्छ । रुद्री पाठका तीन रूप अभिषेकात्मक, हवनात्मक र जपात्मक हुन् । हवनात्मकमा शतरूद्रीय मन्त्रले हवन हुन्छ भने जपात्मकमा केवल मन्त्र पाठ मात्र गरिन्छ । जलधारापूर्वक रूद्रीपाठ गरिने विधि अभिषेकात्मक हो ।

वर्षाको कामना गर्नेले केवल जलले रुद्राभिषेक गर्नुपर्दछ । कुशसहित जलले रुद्राभिषेक गरे शान्ति प्राप्त हुन्छ । दहीले रुद्राभिषेक गरे पशु प्राप्ति हुन्छ । लक्ष्मी प्राप्तिका निम्ति उखुको रसले रुद्राभिषेक गर्नुपर्दछ । यसैगरी धन प्राप्तिका निम्ति मह र घ्यूले अभिषेक गर्न सकिन्छ । मोक्षको कामना गर्नेले तीर्थको जलले रुद्राभिषेक गर्नुपर्दछ । यसैगरी पुत्र/सन्तान प्राप्तिका निम्ति दुधको धारा लगाई रुद्री गर्नुपर्दछ । सन्तान सम्बन्धी कुनै समस्या समाधानका निम्ति पनि दुधको धाराले रुद्राभिषेक गर्नु पर्दछ ।

जलेन वृष्टिमाप्नोति व्याधिशान्त्यै कुशोदकैः ।
दध्ना च पशुकामाय श्रिया इक्षुरसेन च ।
मध्वाज्येन धनार्थी स्यान्मुमुक्षुस्तीर्थवारिणा ।
पुत्रार्थी पुत्रमाप्नोति पयसां चाभिषेचनात् ॥
बन्ध्या वा काकबन्ध्या वा मृतवत्सा च याङ्गना ।
सद्यः पुत्रमवाप्नोति पयसां चाभिषेचनात् ॥ *(कर्मकाण्ड, कक्षा ८ पृ. ६१)*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसैगरी रोगबाट शान्ति पाउँनका निम्ति शुद्ध जलले अभिषेक गर्नुपर्दछ । यसैगरी वंश विस्तार चाहनेले घ्यूको धाराले, बुद्धि बढाउन सखर र दुधको मिश्रणले र शत्रु नाशका निम्ति सर्स्यूँको तेलले रूद्राभिषेक गर्नुपर्दछ *(कर्मकाण्ड, पृ. ६१)* ।

बालग्रह शान्तिका निम्ति एक आवृत्ति, उपसर्ग शान्तिका निम्ति तीन आवृत्ति, गृह शान्तिका निम्ति पाँच आवृत्ति, महाभय शान्तिका निम्ति सात आवृत्ति, वाजपेय यज्ञको फल बराबर प्राप्तिका निम्ति नौ आवृत्ति रूद्री पाठ गर्नुपर्दछ । राजसूय यज्ञ गरे बराबरको फल प्राप्तिका निम्ति एघार आवृत्ति, शत्रु नाश एवं कामना सिद्धिका निम्ति तेत्तिस अवृत्ति, वशीकरणका निम्ति ५५ आवृत्ति, सुख प्राप्तिका निम्ति ७७ आवृत्ति, पुत्र-पौत्र धनधान्य प्राप्तिका लागि ९९ आवृत्ति रूद्री पाठ गर्नुपर्छ ।

धर्म, अर्थ, काम र मोक्ष प्राप्तिका साथै अल्पमृत्यु विनाशका निम्ति महारूद्राभिषेक अर्थात् १२१ आवृत्ति रूद्री गर्नुपर्दछ । साधना सिद्धिका निम्ति ३ महारूद्र, राज्य प्राप्तिका लागि ५ महारूद्र, सात लोक सिद्धिका निम्ति ७ महारूद्र, पुनर्जन्मको निवृत्तिका निम्ति ९ महारूद्र अभिषेक गर्नुपर्छ ।

एकादशभिरेतैस्तु महारुद्रः प्रकीर्त्तितः ।
धनप्रदोऽधनानाश्च महापातकनाशनाः ॥ *(मेरूतन्त्र, १२।१३८)*

यसैगरी भूत प्रेत डाकिनी आदिको भय निवृत्तिका साथै देवत्व प्राप्तिका निम्ति एक अतिरूद्र, ग्रहदोष शान्तिका निम्ति ५ अतिरूद्र, सर्वरोग शान्तिका लागि ७ अतिरूद्र लगाउनु पर्छ *(कर्मकाण्ड, पृ. ६१-६२)* ।

एघार आवृत्ति पाठ हुने रूद्री हो । (११ X ११) = १२१ आवृत्ति पाठ हुने लघुरूद्र, (१२१ X ११) = १३३१ आवृत्ति पाठ हुने महारूद्र र (१३३१ X ११) = १४६४१ आवृत्ति पाठ हुने अतिरूद्र हो *(पूर्ववत्, पृ. ४१)* ।

अग्नि विचार

पञ्चतत्त्वमध्येको एक अग्निलाई पनि देवताको संज्ञा दिइएको छ । आग्नेय कोणका दिक्काल अग्नि हुन् । अग्निकी पत्नीको नाम स्वाहा हो । तीन छोरा पावक, पावमान र शुचि हुन् *(श्रीमद्भागवत, ४।२४।४)* । वायुपुराण अनुसार ४९ अग्नि रहेका छन् । महाभारतमा अझ धेरै अग्निको वर्णन गरिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयुर्वेदमा तीन भीष्माग्नि, दिव्याग्नि र जठराग्निको चर्चा पाइन्छ । कर्मकाण्डमा सात अग्निको प्रयोग गरिएको छ : गार्हपत्य, दक्षिणाग्नि, आवहनीय, सभ्य, आवसथ्य, औपसन/स्मार्त र लौकिकाग्नि । संस्कार गरिएको अग्निलाई 'प्रणीत' भनिन्छ ।

विवाह, यात्रा, जन्मोत्सव, गोचर, व्रतबन्ध, दुर्गापूजा, नामकरण संस्कारमा हवन गर्नु परे पनि अग्नि भने जुराउनु पर्दैन ।

विवाहयात्राव्रतगोचरेषु चूडोपनित्योः ग्रहणः युगादौ ।
दुर्गाविधानेन सुतप्रसुतौ नैवाग्निचक्रं परिचिन्तनीयम् ॥

यी वाहेकका अन्य कर्ममा भने अग्नि जुराउनु पर्दछ ।

कार्य अनुसार अग्निका नाम

कार्य	अग्निको नाम	कार्य	अग्निको नाम	कार्य	अग्निको नाम
लौकिक	पावक	गर्भाधान	भरत	पुंसवन	शोभनः
सीमन्तोन्नयन	मंगल	जातकर्म	प्रगल्भ	नामकरण	पार्थिव
अन्नप्राशन	शुचि	चूडाकर्म	सभ्य	उपनयन	समुद्भव
वेदारम्भ	हरि	समावर्तन	राजपुत्र	गोदान	सूर्य
केशान्त	अग्नि	प्रायश्चित्त	विधि	विवाह	योजक
चतुर्थी	शिखि	शान्तिकर्म	दारुण	लक्ष्यहोम	वह्नि
कोटिहोम	हुताशन	वशीकरण	कामद	पाकयज्ञ	साहस
पूर्णाहुति	मृड	पौष्टिक कर्म	बलद	वन जलाउँदा	वर्धन
अभिचार	क्रोधाग्नि	मृत्यु संस्कार	क्रव्याद	समुद्रसम्बन्धी कर्म	वडवानल
सम्प्रदाय कर्म	आवसाथ्य	प्रलय	संवर्त	युगान्त कर्म	संक्षय

लौकिके पावको ह्यग्निः प्रथमः परिकीर्तितः । अग्निश्च भरतो नाम गर्भाधाने विधीयते । तथा पुंसवने चैव शुभे कर्मणि शोभनः । सीमन्ते मङ्गलो नाम प्रगल्भो जातकर्मणि ॥ नाम्नि वै पार्थिवो वह्निः प्राशने तु शुचिः स्मृतः । सभ्यनामाथ चूडायां व्रतदाने समुद्भवः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेदारम्भे हरिर्नाम राजपुत्रः समावृते । गोदाने सूर्यनामा च केशान्ते ह्यग्निरुच्यते ॥
वैश्वानरो विसर्गे तु विवाहे योजकस्तथा । चतुर्थीकर्मणि शिखी धृतिरग्निस्तथापरे ।
लक्ष्यहोमे वह्निनाम कोटिहोमे हुताशनः । प्रायश्चित्ते विधिर्नाम पाकयज्ञे तु साहसः ॥
पूर्णाहुत्यां मृडो नाम शान्तिके दारुणस्तथा । पौष्टिके बलदश्चैव क्रोधाग्निश्चाभिचारिके ।
वश्यर्थे कामदो नाम वनदाहे तु वर्धनः । आवसथ्ये भवेदग्निर्होमे तु सम्प्रदायकः ।
क्रव्यादो मृतभक्षी च समुद्रे वडवानलः । युगान्ते संक्षयो नाम संवर्तः प्रलयेस्मृतः ॥

(वायवीय संहिता)

वृषोत्सर्गमा **सहसना** नामक अग्निको नाम लिइन्छ ।

●●●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र-थर-प्रवरावली

गोत्र एवं प्रवर हाम्रा चिनारी हुन् । जसको प्रयोग हाम्रो नित्यकर्मका साथै संस्कारका निम्ति पनि अनिवार्य रहन्छ । हाम्रा हरेक धार्मिक कार्यको सङ्कल्पमा गोत्र एवं प्रवरको उच्चारण अनिवार्य रहन्छ । थरको सम्बन्ध गोत्र र गोत्रको सम्बन्ध प्रवरसँग रहेको छ । समान गोत्र र समान प्रवर भएकासँग विवाह गर्नुहुँदैन भन्ने शास्त्रीय वचन पाइन्छ । यसैगरी मातृगोत्रमा पनि विवाह गर्नुहुँदैन भन्ने धर्मसिन्धुको वचन छ-

एकस्मिन् प्रवरे तुल्ये मातृगोत्रे वरस्य च ।
तमुद्वाहं न कुर्वीत सा कन्या भगिनी स्मृता ॥ *(निर्णयसिन्धु, पृ. २१४)*

मातृगोत्रमा एउटै प्रवरमा विवाह नगर्नु किनकि ती बहिनी समान हुन् । यदि विवाह गरिएको छ भने चान्द्रायणको व्रत गर्नुपर्दछ-

मातुलस्य सुतामूढ्वा मातृगोत्रां तथैव च ।
समानप्रवरां चैव गत्वा चान्द्रायणं चरेत् ॥ *(निर्णयसिन्धु, पृ. २१४)*

धर्मसिन्धुमा पनि सोही कुरा बताइएको छ- **समानगोत्रत्वं समानप्रवरत्वं च पृथक् पृथक् विवाहप्रतिबन्धकम्** *(धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. १९१)* । यसैगरी सगोत्रमा दान दिनु र लिनु पनि हुँदैन । यसकारण पनि गोत्र प्रवरको समाजमा प्रचलन रहेको हो । गोत्र र प्रवर ऋषि परम्पराका हुन् भने थर कार्य, स्थान, व्यवसाय आदिका आधारमा निर्धारण भएको पाइन्छ ।

मन्वन्तर अनुसार सप्तर्षि पनि भिन्न हुन्छन् । हाल श्वेतवराह कल्पअन्तर्गत वैवस्वत मन्वन्तर चलिरहेको छ । वैवस्वत हाम्रा प्रथम पुर्खा हुन् । हालका सप्तर्षिमा कश्यप, अत्रि, वसिष्ठ, विश्वामित्र, गौतम, जमदग्नि र भरद्वाज *(श्रीमद्भागवत, ८/१३/५)* पर्दछन् । यिनलाई गोत्रकार वा गोत्रप्रवर्तक ऋषि वा गोत्रऋषि भनिन्छ ।

गोत्र

हाम्रो वंशका आदिकर्ता सप्तर्षि हुन् । सप्तर्षिकै सन्तान हामी भएकाले ती ऋषिबाट शाखायित हुँदै आएका सन्तति नै गोत्र हुन् । गोत्रको लक्षण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मसिन्धुमा यसरी गरिएको छ-

विश्वामित्रो जमदग्निर्भरद्वाजोऽथ गौतमः ।
अत्रिर्वशिष्ठः कश्यप इत्येते सप्तऋषयः ।
सप्तानामृषीणामगस्त्याष्टमानां यदपत्यं तद्गोत्रमित्याचक्षते ।

(धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. १९१)

अर्थात् विश्वामित्र, जमदग्नि, भरद्वाज, गौतम, अत्रि, वशिष्ठ र कश्यप सप्तर्षि र अगस्तिसमेतका सन्ततिलाई गोत्र भनिन्छ । निर्णयसिन्धुमा पनि सोही कुरा नै बताइएको छ । गोत्र अतिप्राचीन हाडनाता हो *(रूपाखेती, २०७५ : ३९)* । वंशप्रवर्तक ऋषिहरूका नामबाट चलिआएको पूर्वज चिनाउने उपनाम विशेष नै गोत्र हो ।

प्रवर

प्रवरको 'प्रकर्षेण वरणम्' अर्थात आकर्षित भई वरण गरेको वा स्वीकारिएको भन्ने अर्थ लाग्छ । अर्थात् गोत्रलाई अङ्गीकार गरेर अघिबढेका ऋषि विशेष नै प्रवर हुन् । गोत्रका वंश फैलाउने ऋषि विशेषलाई प्रवर भनिन्छ । प्रवरको अर्थ मुख्य वा प्रधान भन्ने पनि हुन्छ । धर्मसिन्धुमा प्रवरको परिभाषा यसरी गरिएको छ- **प्रवरलक्षणं तु वंशप्रवर्तकऋषीणां व्यावर्तका ऋषिविशेषाः प्रवरा इत्येव संक्षेपतो ज्ञेयम् ।** *(धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. १९१)* अर्थात् वंश प्रवर्तन गर्ने वंश बढाउने ऋषि विशेष प्रवर हुन् । यसैगरी निर्णयसिन्धुमा पनि प्रवरको लक्षण यसरी गरिएको छ-

प्रवरास्तु प्रवर्णनि प्रवराः । कल्पकरा हि वशिष्ठेतिहोतावसिष्ठवदित्यध्वर्युरित्यादिना येषां प्रवरणमामनन्ति ते प्रवराः । तच्च वरणं यद्यपि क्वचिद्दृश्यते तथापि पूर्ववदृषिभेदो द्रष्टव्यः । अन्यथा तेषां त्र्यर्षेये एकार्षे इत्यादि निर्देशानुपपत्तेः ।

(निर्णयसिन्धु, तृतीयपरिच्छेद, पृ. २०३)

जसले विशेष प्रकारको वरण लिन्छन् ती प्रवर हुन् । ऋषि भेदले यी एक, दुई, तीन वा पाँच पाइन्छन् । यसैगरी सत्कर्मरत्नावलीमा **'प्रव्रियन्ते होत्रर्ध्वयुभ्यामुत्कीर्त्यन्ते इति प्रवराः'** *(सत्कर्मरत्नावली)* भनी यज्ञ यागादिमा होतृ, अध्वर्युका रूपमा वरण गर्ने ऋषि विशेष नै प्रवर मानिएको छ । गोत्रका वंश फैलाउँने ऋषि विशेषलाई प्रवर मानिएको छ *(संस्कृत नेपाली बृहद् शब्दकोश,*

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृ. ८४०) । संस्कार दीपकमा गोत्रलाई उन्नयन गर्ने ऋषिविशेषलाई प्रवर भनिएको छ-

प्रवरस्तु गोत्रव्यावर्तकऋषिविशेष एव ।
दर्शपूर्णमासादिषु प्रव्रियमाणत्वात्तस्य प्रवर संज्ञा । *(संस्कार दीपक)*

दर्श, पौर्णमास जस्ता यज्ञयागादिमा वरण गरिने भएकाले त्यस्ता ऋषिको नाम प्रवर भएको हो । अतः गोत्र ऋषिहरूका व्यावर्तक (मूल अंश छुट्याउने) विशिष्ट ऋषि नै प्रवर हुन् ।

प्रवर एक/दुई/तीन/पाँच हुन्छन् । गोत्र-ऋषिको संख्या असंख्य छ । प्रवरको प्रतिनिधित्व गर्ने ऋषिहरूको संख्या ४९ बताइएको छ *(निर्णयसिन्धु, तृतीयपरिच्छेद, पृ. २०३)* । यिनलाई सात गोत्र-प्रवर काण्डमा राखेर वर्गीकरण गरिएको छ : भृगु गोत्र-प्रवरकाण्ड, अङ्गिरा गोत्र-प्रवरकाण्ड, अत्रि गोत्र-प्रवरकाण्ड, विश्वामित्र गोत्र-प्रवरकाण्ड, कश्यप गोत्र-प्रवरकाण्ड, वसिष्ठ गोत्र-प्रवरकाण्ड र अगस्ति गोत्र-प्रवरकाण्ड ।

गोत्रप्रवरकाण्ड	गोत्रगण/प्रवर	
भृगु गोत्र-प्रवरकाण्ड	वत्स, विद, आर्ष्टिषेण, यस्क, मित्रयु, वैन्य र शुनक	
आङ्गिरस गोत्र-प्रवरकाण्ड	गौतम आङ्गिरस गोत्रगण	आयास्य, शरद्वान, कौमण्ड, दीर्घतमा, औसनस, करेणुपाल र वामदेव
	भरद्वाजआङ्गिरस गोत्रगण	भारद्वाज, रौक्ष, गर्ग र कपि
	केवल आङ्गिरस गोत्रगण	हरित, कण्व, रथीतर, मुद्गल र विष्णुवृद्ध
अत्रि गोत्र-प्रवरकाण्ड	आत्रेय, वाद्भूतक, गविष्ठिर र मुद्गल	
विश्वामित्र गोत्र-प्रवरकाण्ड	कुशिक, रोहित, रौक्ष, कामकायन, अज, अर्घ्यमर्षण, पूरण, इन्द्रकौशिक, धनञ्जय र कत	
कश्यप गोत्र-प्रवरकाण्ड	कश्यप, निध्रुव, रेभ र शाण्डिल	
वसिष्ठ गोत्र-प्रवरकाण्ड	वसिष्ठ, कुण्डिन, उपमन्यु, पराशर र जातुकर्ण्य	
अगस्त्य गोत्र-प्रवरकाण्ड	इध्मवाह, साम्भवाह, सोमवाह र यज्ञवाह	

(निर्णयसिन्धु, तृतीयपरिच्छेद, पृ. २०३-२१३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भृगु र अङ्गिरा गोत्रकाण्ड भित्रका गोत्र हुने नेपालीको पाँच प्रवर पनि हुन्छ । पाँच प्रवर हुनेले तीन प्रवर मिल्नेसँग विवाह गर्नुहुँदैन *(रूपाखेती, २०७५: ५४)* । यिनै गोत्र गणबाट शाखायित हुँदै गोत्र र थरहरू निर्धारित भएका छन् ।

थर

थर 'स्थल' संस्कृत शब्दबाट बनेको हो । 'खस जातिको इतिहास'मा प्रा. बालकृष्ण पोखरेलले "कुनै पनि व्यक्तिले वंश अथवा परिवारबाट प्राप्त गरेको कुलमानलाई थर भन्ने गरिएको छ ।...हालसम्म भेटिएका थरमध्ये सबैभन्दा पुराना थर अच्छामी एवं सिङ्गडी हुन् । यिनको उल्लेख शाके १२७१ तदनुसार सं १४०६ को पृथ्वीमल्लको बाजुरा अभिलेखमा छ" *(नेपाली थरगोत्रप्रवरकोश, पृ. ४०)* । थर उपाधि, कार्य, स्थान, अवस्था, कार्यप्रकृति, भूगोल आदि विशेषताका आधारमा निर्धारण गरेको पाइन्छ । यज्ञ सम्पादनको मूल भूमिका निर्वाह गर्ने आचार्य, अधिकारको प्रयोग गर्ने अधिकारी, पढे लेखेका दीक्षित, लामो छानो भएको घरमा बस्ने लामिछाने, निरोली खोलाको आसपास बस्ने निरौला आदि । कतिपय भाषाका स्थानीय भेद एवं अन्य भाषासँगको प्रभावले पनि थर भिन्न बन्न पुगेको पाइन्छ ।

गोत्र, प्रवर र थरले हाम्रो इतिहासलाई बोकेका छन् । हामी कुन ऋषिका सन्तति हौँ भन्ने कुरा गोत्रले वहन गरेको छ । तिनै गोत्रलाई प्रवर्तन गर्ने ऋषि को को हुन् भन्ने कुरा प्रवरले निर्धारण गरेको छ भने हाम्रो स्थानीय पहिचानलाई थरले जनाएको छ । मानव विकासको इतिहासमा पौरस्त्य वाङ्मयका पहिला व्यक्ति मनु हुन् । मनु र शतरूपाबाट नै यो संसारमा मानवको विकास भएको हो । हालसम्म प्राप्त भएका गोत्र थर र प्रवरको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

गोत्र	थर	प्रवर
अगस्ति	ढुङ्गेल	आगस्त्य, दाढ्र्याच्युत, इध्मवाह (अगस्ति, जैमिनी, दधिची)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
अत्रि	खतिवडा, गौतम, चापागाई, मिश्र, ओभा, अधिकारी, पहारी, वस्ती, गोतामे, गोदार, ठाडाराई, घोताने गुरूङ, मल्ल, अर्याल (काला), अवस्थी, कठायत, कवारी, खड्का (कालिकोटी), कुलकर्णी (महाराष्ट्री), गेलाल, गैली (पाठक), बगाले (गोरा), डोटेल, थलारी, थापा (कालिकोटी, खुलाल, पुवाँर, बगाले, विहारे), दुलाल, दुवाडी, पमार क्षेत्री, बम (राक्से ठकुरी), भट्ट (पाशुपत), मङ्राती (ठकुरी), मल्ल ठकुरी (अछामी, पर्वते, समाल), हमाल (काले, गोरे), डाँगी, सोमवंशी (अछामी ठकुरी), समाल, सन्देल, मैदाली, यादव, रानाभाट, शाह ठकुरी (रास्कोटी समाल)	अत्रि, अर्चनानस र श्यावाश्व
आत्रेय	अर्याल, दवाडी, दुवाडी, पोखरेल (पानी), बगाले, कालीकोटे खड्का, पौडेल (काला, गोरा), अर्ज्याल, थापा (पुवार, खुलाल, बगाल, विहारे, कालिकोटे), दुवाडी (भट्ट), राय, गिरी, रानाभाट, दुलाल, ओस्ती, गेलेल, सिग्देल, खत्री (भुजेल)	आत्रेय,अर्चनानस, श्यावाश्व
आङ्गिरस वा अङ्गिरा	जोशी (सिलाई), सेढाई, गौली, टन्डन	आङ्गिरस, बार्हस्पत्य, औदुम्बर
आतप (आतस्य वा आतस्तप)	पहाडी	काश्यप, आवत्सर, नैध्रुव
इन्द्रप्रमद	ओभा, मेहता	वासिष्ठ वा वासिष्ठ, ऐन्द्रप्रमद, आभरद्वसव्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
उपमन्यु	उप्रेती, ओली, कर्माचार्य, जोशी, दुलाल, पाँडे, भट्ट (दुवाल), ढकाल, मैनाली, बर्तौला, दैनी, पाण्डेय, पचभैया (महाराष्ट्री), पाठक, पाँडे, फुलारा, बर्तौला, विष्ट (डडे), मिश्र, मैनाली, वैद्य, पन्त (आचार्य)	वासिष्ठ, ऐन्द्रप्रमद र आभरद्वसव्य वा उपमन्यु, कपिल, विरूज
कपिल	पुवाँर (विष्ट), थापा, बोहोरा खड्का, दानी (क्षेत्री), खाती	कपिल, काञ्चन, विश्वामित्र वा आङ्गिरस, महीयव र ऋक्षस
कश्यप/ काश्यप	अधिकारी (भँडारे, खिलचिने, कौवाली), अमात्य, अवस्थी, ओझा, कंमर, कक्षपति, कहाली, काइकसजु, कायस्थ, कार्की (जुगाडी), कुमाल, कुम्भइराना, खड्का (छड्को), ठकुरी (खाँड, खान), खिड्कीशैनी, खिडेवाला, गर्तौला, गायन, गुप्ता (रौनियार), घर्ती (भुजेल), घिमिरे (बूढीपोला, चितापखाला, चितिखोले, बुढियाल, रूमाले), घोडासैनी, चटौत, छाग्ला थानी, जियू (ठकुरी), जोशी (श्रेष्ठ), झा, टमाटा, गताला, ठगुन्न (सिंह ठकुरी), ठकुरी, ठकुरानी, तण्डुकार, तिवारी, थापा (घिमिरे, गोदार), दर्जी, दुगड, देउवा, दोजुई, धामी, ध्वजु, नकर्मी, नागा, नेगी, प्रधान, पाँडे (बड्खोरा, बडाल, भूमिहार, सिमालदिया), पात्रा, वखेती, बडाल, बतासा, बानिया, वाँङ्गराई, बाजुरी, घिमिरे	काश्यप, आवत्सार, नैध्रुव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
कश्यप/ काश्यप	विजुक्छे, गैडा, इदवाल, तिला, वागदगल, बुढाथोकी, शोणारी, श्रीवास्तव, साउद, सक्सेना, सिङ्घल, वेलवासे, वोकटी, भट्ट (मुस्याल, कलौनी), भ्वमी, मटमरी, मडल, मन्न, मलकु, मल्ल, मल्लिक, महतारा, माकजु, माझी (राय), माथेमा, मालाकार, मिश्र, मुड्भरी (डोटेली), यादव, रञ्जित, राउलो (ठकुरी), राय (ठकुरी), रोक्का, रौनियार (गुप्ता), लकौल, वैद्य, शाह (ठकुरी), शाही, गोदारथापा, बोगटी, बुढाथोकी (सोडारी), सिन्धुलीय, सिंह (राजपूत), सुवाल, सैजु, हमाल, हुम्ली, हाइत, हाइफोरी, हाडा, न्हुछेप्रधान, कठायत, छतकुली, पाँडे, सिमलदीया, बडखोर, पाण्डे, श्रेष्ठ, लिम्बु, राई, शेर्पा, बडाल, सेन (ओली), माझी, अलिना अधिकारी आदि ।	काश्यप, आवत्सार, नैध्रुव
कात्यायन	झा, मिश्र	वैश्वामित्र, कात्य र आक्षील वा आङ्गिरस, आमहीयव, औरुक्षयस वा भार्गव, च्यावन, आप्नुवान, आर्ष्टिषेण र आनूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
कुण्डिन	खड्का (लकाई), न्यौपाने, त्रिताल, नवपानीय, नेउपाने, पराजुली, पेकरेल/प्याकुरेल, बन्जाड/बन्जाडे, बन्जरा, मोरासैनी	वासिष्ठ, मैत्रावरुण, कौण्डिन्य वा आङ्गिरस, बार्हस्पत्य, भारद्वाज
कुशिक	बड्डुवाल, बर्मा (छत्याल)	वैश्वामित्र, दैवरात, औदल वा वैश्वामित्र, आघमर्षण, कौशिक
कृष्णाजनी	विष्ट (कमलकोटी) गिरी	वशिष्ठ, शाक्त्य, पाराशर्य
कृष्णात्रि वा कृष्णात्रेय	खकुरेल, दुवे, विष्ट (कालिकोटे)	आत्रेय,अर्चनानस, श्यावाश्व
कौण्डिन्य	आचार्य (लम्जेल, भुवावगी, दीक्षित), गाग्ले, मरासिनी, सत्याल, गैरे, थापा (वाग्ले, वगाले), पनेरू, पराजुली, प्याकुरेल, न्यौपाने, कमलकोटे खड्का, लकाईखड्का, पाठक, बाँस्कोटा, भण्डारी (काला), दीक्षित, सापकोटा, बन्जाडे, बञ्जरा, लम्जाल, मोरासैनी, त्रिताल, राकाहा, पुञ्जाली, राउनल (लकाई) रावल, अचार्ज, ओली, राजोपाध्याय (आचार्य), सत्याल, भट्ट (आचार्य), दीक्षित (आ.दी), त्रिताल, थापा	कौण्डिण्य, वाशिष्ठ, मैत्रावरुण वा आङ्गिरस, बार्हस्पत्य, भारद्वाज
कौतिन्य	सापकोटा *(काभ्रेका सापकोटाले बताएका आधारमा राखिएको तर कौण्डिन्य नै हुनुपर्ने)*	कौतिन्य, देवादित्य, हिरण्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
कौत्स	ककर	आङ्गिरस, आम्बरीष, यौवनाश्व वा आङ्गिरस, मान्धात्र, कौत्स
कौशल्य	भँडारी, भाम, महतारो (क्षेत्री), डाँगी, थामी (क्षत्रीय), बोगटी, हैता, हैताल, बूढथापा, पाठक, बढुवाल, भण्डारी, गिरी	आगस्त्य, दार्ढ्यच्युत, इध्मवाह वा आगस्त्य माहेन्द्र, मायोभुव
कौशिक	ढुङ्गाना, धिताल, खप्तरी बस्नेत, माझी, बस्ताकोटी, लामिछाने, खड्का, खपटीखड्का, बिडारी, रिमाल, रेग्मी, पुडासैनी, रायमाझी, लुइटेल, तिवारी, बानियाँ, रघुवंशी भण्डारी, फुँयाल, पाठक, खप्तरी (बुढाथोकी, खड्का, बस्नेत, माझी, विष्ट), ओझा, बुडथापा, घोडासैनी, चिमाली, थापा, छत्कुली, जोशी (रेग्मी), टण्डन, डाँगी, थामी, बखेती, बम (छन्त्याल ठकुरी), बर्मा, बस्ताकोटी, बेताली, भण्डारी (आछामी), राजोपाध्याय (रिमाल), रायमाझी, राया, स्वाँर, सेञ्चुरी, शाही (सिजापति), सञ्जेल, आछामी ठकुरी, बनियाँ, बोगटी, रोकायो, हेती, गौली, दशौलिया	वैश्वामित्र, आघमर्षण, कौशिक वा कौशिक, देवरात, औदल
कौशिल्य	बाकामलाहा, पाण्डेय	आगस्त्य, महेन्द्र, मयोभुव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
गर्ग	बाँस्तोला, पाल्पाली खड्का, लामिछाने (भट्ट), रोकाहा, रिसाल, भुर्तेल, गजुरेल, आचार्य, जोशी (झिँजार), भट्ट, भेटवाल, लामिछाने गुरूङ, अग्रवाल, अचार्ज (भुर्तेल), खेतान, गुप्ता (अग्रवाल), गोयल (अग्रवाल), गोयन्का, चुँडाल, चुकुडाल, चौधरी (अग्रवाल), झिझार, थापा (लामिछाने), पाल (डोटेली), पोखरेल (दङ्गाली), पोद्दार (अग्रवाल), मल्ल (रैकाज्यू), मित्तल, मोदी, रोका, लम्जेल, वंशल, वैद्य (महाराष्ट्री, शाह (काँस्केली खाँड), शाह (रैकाज्यू), जोशी	आङ्गिरस, बार्हस्पत्य, भारद्वाज, गार्ग्य र शैन्य वा आङ्गिरस, सैन्य र गार्ग्य
गौतम	तिवारी, गुणी, ढोडारी, चन्द, त्रिपाठी, दंगाल, इन्दौरिया (गौड), चन, नेगी, पाडे (पलेउ), बम (ठकुरी), विष्ट, भण्डारी, महत, महतो, जोशी, चन्द, गुणी	अङ्गिरस, गौतम बार्हस्पत्य वा गौतम, अङ्गिरा, शाण्डिल्य, विश्वामित्र, नैध्रुव वा अङ्गिरस, औत(च)थ्य, गौतम वा आङ्गिरस, बार्हदुक्थ र गौतम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
घृतकौशिक	पण्डित, बराल, नेपाल, खनाल, बर्देवा, सुतारकार्की, अपागाई, खत्री, खनाल (खोरिया), खनाल (गरा), राताटिंगुली, बराइली	घृतकौशिक, विश्वामित्र वा घृतकौशिक, विश्वामित्र, अर्घ्यमर्षण वा ऐन्द्र, कौशिक, विश्वामित्र वा वैश्वामित्र, ऐन्द्रकौशिक
जामदग्नि	घोडासैनी	भार्गव, च्यवन, आप्नवान्, और्व, जामदग्न्य वा भार्गव, और्व र जामदग्न्य
जैमिनि	घोडासैनी, माभी	जैमिनि, उग्र, सांकृति वा भार्गव, वैतहव्य, सावेद
तण्डि	भा	आगस्त्य वा आगस्त्य, दाढ्र्याच्युत, ऐध्मवाह आङ्गिरस, गौरूवीत, सांकृत्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
ताण्डिन	टन्डन	आङ्गिरस, आमहीयव, औरूक्षयस वा आङ्गिरस, साङ्कृत्य, गौरूवीत
तैत्तिरीय	विश्वकर्मा	भार्गव, शौनहोत्र, गार्त्समद
धनञ्जय	भुषाल, कार्की (खुलाल), पङ्नेनी, बस्नेत, बस्याल, भण्डारी, बुढाथोकी, धमाल, रिजाल, रिमाल, हुँमागाई, खनाल (खोरिया खानाल, गरा खनाल), कुँवर, ओखरेल, खुलाल, गुरागाईं, गैरिपिप्पली, घोडासैनी, डुम्रे, ढाँट, पंगेनी, बखरेल, खुलाल (बस्नेत, बुढाथोकी), बुडथापा (कुँवर), मरासिनी, पकुवाल, कार्की	वैश्वामित्र, माधुच्छन्दुस, धनञ्जय वा धनञ्जय, विश्वमित्र माधुसचन्दस, वा आत्रेय अर्चनानस, धनञ्जय
पराशर	आर्य, कट्टेल, कार्की (लामा), कुँवर (जोगी), डोंगरे, पन्त, पन्थ, पुँवार (कार्की), मरहट्ठा, पर्हट्ठा, रौइला, स्न्हेल, धिमाल, पण्डित, नराल	वशिष्ठ, शाक्त्य, पाराशर्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
भरद्वाज/ भारद्वाज	निरौला, संग्रौला, देवकोटा, ओझा, कँडेल (उपाध्याय, खड्का), काप्री, कैनी, खड्का, खाँ (ठकुरी), खनी, गेताल, खाँड, सिटौला, पाँडे (कुलेटा), चन/चन्द (कुमाउनी, प्युठानी, ठकुरी), चम्करिया, चम्पाल, चिमरिया, चौधरी, झा (तिकलिहाडा), चौहान, चौलागाईं, च्वाई (सुवेदी), जम्लागाईं, जुम्ली, जोशी, ठगुन्ना, ठकुरी (स्याङ्जाली खाँड), डल्लाकोटी, थापा (अछामी, कालिकोटे, पाटखेती, भण्डारी, महाराजी), विष्ट (सिजापति), सुवेदी (लाम्पाखे, नयाँघरे), सिलवाल, सिवाकोटी, वाग्ले, लोहनी, बोहोरा, पन्त, पन्थी, पाटखेती (थापा), बढई, बराकोटी, बलायर, बल्छौडी, बस्नेत (सिरपाली), बाज, बाह्रकोटी, बिमली, बिष्ट (इदवाल, खारखोले/ध्यारा, सिजापती, सौन), बोहोरा, भट्ट (पल्याल), भट्टाचार्य, भण्डारी (निरौला, सुन्ताखाने) मल्ल (डोटेली, ठकुरी), महाराजी (क्षत्रीय), मिश्र, रावल (पाल्पाली), लोहनी, लौडारी, वस्ती, शाह (मेधासी, ठकुरी), शिवाकोटी, शाही, सिंह (ठकुरी), सेन (ठकुरी, भिङ्री, सेनवाल (ठकुरी), हमाल (ठकुरी), वैदवार (क्षेत्री), पाडे, खनी, पोखरेल (दूध), थपलिया, जोशी (लटौला, निरौला), जमरकट्टेल, चौलागाई, महाराजी खड्का, दुलाल, धामी, नयाँघरे, नेगी, नौलखा, अधिकारी (शर्मा, बजगाईं, थामी), बुर्लाकोटी, मजगैंया, रजौरिया, चिमोरिया, लामागुरूङ, घले गुरूङ, भट्ट, पाटखेती	भारद्वाज, आङ्गिरस, बार्हस्पत्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
भृगु	चौहान (क्षेत्री)	भार्गव, च्यावन, आप्नवान, अष्टिशेषण, अनूप
माण्डव्य	अधिकारी (चर्का), कटुवाल, मास्के, ज्ञवाली, धिताल, बजगाई, पन्थी, खँ धौ माकु, जयकाम, जोशी (बजगाई), पन्थी, प्रधानांग, बिष्ट (लोखाली), भण्डारी (बजगाई), राउल (आछामी), राउले, लोखाडा, स्वाँर (बजगाई), मास्के	भार्गव, च्यवन, आप्नवान, और्व, जामदग्न्य वा मण्डु माण्डव्य विश्वामित्र
मानव	प्रधानाङ्ग	आङ्गिरस, बार्हस्पत्य, भारद्वाज, वान्दन, मातवचस वा आङ्गिरस, वान्दन, मातवचस
मान्धाता		मान्धात्र, आम्बरीष, यौवनाश्व
मौद्गल्य	कोइराला, उप्रेती, कुइँकेल, कार्की (खुलाल), लामा, मुड्ला), तिमल्सेना, बेल्काणी, थापा (कालिकोटे), सिंखडा, बेलवासे, कठायत, कार्की (मुडुला, लामा, खुलाल), चक्रवर्ती/चटर्जी, चट्टोपाध्याय, तिमल्सिना, पाल (बाजुरेली), बनर्जी, विष्ट (सिंखडा), बेलकाँडी, बेलबासे, भट्टाचार्य, मुखर्जी, लेकाली, सिम्खडा	भार्गव, च्यवन, आप्नवान, और्व, जामदग्न्य वा भार्गव, और्व, जामदग्न्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
रवि/रव्य	घले, शाह (कल्याल ठकुरी)	आङ्गिरस, सांकृत्य, गौरुवीत
वत्स	दाहाल, लम्साल, झा, रूपाखेती, राणा, दाहाल, चौहान, खराल, कुँवर, जबरा, ठाकुर झा, खुलाल, जोशी, बुडथापा, बुढाथोकी (दाहाल), भट्ट (नागर), भट्ट, महाजन, मिश्र, राणा (कुँवर), रावल	भार्गव, च्यवन, आप्नवान, और्व, जामदग्न्य वा भार्गव
वशिष्ठ	खरेल, भट्टराई, चालिसे, दवाडी, थाङ्सिङे भण्डारी, सुयल घर्ती, राउत, सुयेलथापा, मुडवरी, पल्लाकोटी, पाठक, केशरी, कसेरा, कारञ्जित, खनियाँ, खरेल (मुडभरी, हटियारा), गाम्नागे, घर्ती, चन्पो (ठकुरी), चमरिया, चलाउने, चल्ल (ठकुरी), चलिसे, ठकुरी (कल्याल), थापा (सुयाल), द्विवेदी, पन्त, पाठक, बिष्ट (भुलानी), भट्ट (ताप्लेली), मरहट्ठा, माझी, मुडवरी (सुर्खेती), राउत, सुयल, सोती, केसरी, गैरे, फल्लाकोटी	वसिष्ठ वा वसिष्ठ, इन्द्रप्रमदा, आभरद्वसव्य
वाल्मीकि	नागिन, नागिला	भार्गव, च्यवन, आप्नवान, और्व, जामदग्न्य वा भार्गव, और्व जामदग्न्य वा वैश्वामित्र, कौशिक, वाल्मीकेय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
विश्वामित्र	भट्ट (अनिल), दुवाडी, निरवंशी राई, रयाल	वैश्वामित्र, दैवरात, औदल वा वैश्वामित्र, मधुच्छन्दस, आज
शाण्डिल्य वा शाण्डिल	कट्टुवाल, महत, प्रसाई, काफ्ले (साजी, वासी), चन्दने, जावा, जोशी (तंतोला), झा, तिवारी, दास, धामी, पाइन, पाठक, वरई, बसिया, बिष्ट (काफोल्य, काफल), मण्डल, महत (क्षत्रीय), मिश्र (मैथिल ब्राह्मण), राउल (मनकोटी), सामन्ती, सावा, चौधरी (भूमिहार ब्राह्मण)	काश्यप, आसित, दैवल वा शाण्डिल्य, आवत्सर काश्यप वा शाण्डिल्य, आसित, दैवल
शौनक	साही	शौनक, वशिष्ठ, पराशर
शुनक	मल्ल (ठकुरी)	शौनक वा गार्त्समद वा भार्गव गार्त्समद वा भार्गव, शौनकहोत्र, गार्त्समद
शाण्डिल	मानकोटे, मालाकार, मण्डल	शाण्डिल्य, आसित, देवल वा काश्यप, आवत्सर
शुनक	सोनाम (ठकुरी)	भार्गव, गार्त्समद वा भार्गव, गार्त्समद, शौनक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोत्र	थर	प्रवर
सङ्कृति वा साङ्कृत्य	अवस्थी (सारस्वत)	भार्गव, च्यवन, आप्नवान, और्व,जामदग्न्य
सनकस	मल्ल (ठकुरी), ओझा	शौनक वा भार्गव, शौनहोत्र, गार्त्समद
साङ्ख्यायन	देशपाँडे, पाण्डे	आङ्गिरस, बार्हस्पत्य, भारद्वाज वा वाशिष्ठ, ऐन्द्रप्रमद, आभरद्वसव्य
हारित	ओझा	मान्धाता, अम्वरीष, यौवनाश्व

गोत्र प्रवर निर्णयसिन्धु, पृ. २०३-२१३ मा उल्लेख छ । थर संकलन शिखरनाथको नेपाली थर गोत्र प्रवर, ने.सं.वि. पञ्चाङ्ग-२०७५, नेपाली थर-गोत्र-प्रवर कोश र केही व्यक्तिगत संकलनका आधारमा राखिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्दर्भग्रन्थसूची

अमरसिंह (सन् २००८), **अमरकोषः**, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

अथर्ववेद, पञ्जाव : विश्वेश्वरानन्द वैदिक शोध संस्थान, ई.सं. १९६० ।

आचार्य, भास्कर, **सिद्धान्तशिरोमणिः**, मुरलीधरचतुर्वेद (व्याख्या.), द्वि.संस्क., वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, ई.सं. १९९८ ।

आदित्याचार्य, **षडशीति**, वाराणसी : चौखम्बा अमर भारती प्रकाशन ।

ओझा, मिठालाल हिमतराम, **भारतीय कुण्डली विज्ञान**, वाराणसी : देवर्षिप्रकाशन ।

ईशादि नौ उपनिषद्(शाङ्करभाष्य सहित), गोरखपुर : गीताप्रेस, वि.सं. २०५९ ।

ऋग्वेदसंहिता, (सम्पा.) मोक्ष्मूलर, वाराणसी : चौखम्बा संस्कृत सिरिज, ई. सं. १९६५ ।

ऐतरेयब्राह्मणम्, पुणे : आनन्दाश्रम, ई.सं. १९५९ ।

कोइराला दामोदर र भट्टराई रामेश्वर, **कर्मकाण्ड कक्षा ८**, तृतीय संस्क. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, वि.सं. २०४९ ।

गीर्वाणयुद्ध, **सत्कर्मरत्नावली** (भाग १-२), काठमाडौं : रामनाथ आचार्य र दामोदर कोइराला, वि.सं. २०२६ ।

गोपथब्राह्मणम्, दिल्ली, ई.सं. १९७२ ।

गौतम, रामचन्द्र, **आशौच विवेचन**, द्वि संस्क., दाङ : नेपाल संस्कृत विश्वविद्यालय, वि.सं. २०६८ ।

गौतम, **न्यायदर्शनम्**, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान, ई. सं. १९८६ ।

गौतमः, **गौतमधर्मसूत्र**, टीका हरदत्त, वाराणसी : चौखम्बा संस्कृत संस्थान, वि.सं. २०४३ ।

घिमिरे, ऋषिराम शर्मा, **साङ्गसप्ताहमण्डपपूजाविधिः**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, वि. सं. २०७४ ।

चाणक्य, **चाणक्यनीति**, वाराणसी : दुर्गा साहित्य भण्डार, वि.सं. २०६८ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्योतिः सारः, वराणसी : बाबू माधवप्रसाद शर्मा, वि.सं. २०४१ ।

झा, सुरकान्त, **भारतीय ज्योतिष विज्ञान**, वाराणसी : चौखम्बा कृष्णदास अकादमी, वि.सं. २०६२ ।

त्र्याम्बक, **आचारेन्दुः**, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, ई.सं. २००० ।

त्रिपाठी, कृष्णमणि, **अष्टादशपुराणपरिचयः**, वाराणसी : चौखम्बा सरस्वती भवन, ई.सं. १९८० ।

दीक्षित, शङ्करबालकृष्ण, **भारतीय ज्योतिष**, शिवनाथ झारखण्डी(अनु.), तृ.संस्क., लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान, ई.सं. २००० ।

धर्मसिन्धु, दिल्ली : श्रीसद्गुरु पब्लिकेशन, ई.सं. १९८६ ।

नारदः, **नारदस्मृतिः**, कलकत्ता : एशियाटिक सोसाइटी, ई.सं. १९८५ ।

निरुक्तम् (भाग - १ र २), पुणे : आनन्दाश्रम, सन् १९२१ ।

नित्यकर्म-पूजाप्रकाश, सम्पा. लालविहारी मिश्र, गोरखपुर : गीताप्रेस, वि.सं. २०६७ ।

पतञ्जलि, **योगसूत्रम्**, द्वि.संस्क., टीप्पणी. ढुण्डीराज शास्त्री, वाराणसी : चौखम्बा संस्कृत संस्थान, ई.सं. १९८५ ।

पाण्डे, फणीन्द्रप्रसाद, **संस्कृत नेपाली बृहत् शब्दकोश**, दाङ : महेन्द्र-संस्कृत-विश्वविद्यालय, वि.सं. २०५७ ।

पाण्डे, जोषणरामजी, मिश्र, श्रीलाला विहारीजी र अन्य, **अन्त्यकर्म-श्राद्धप्रकाश**, गोरखपुर : गीताप्रेस, वि.सं. २०७४ ।

पारस्कर, **पारस्करगृह्यसूत्रम्**, गुजरात : गुजरातीप्रेस, वि.सं. २०५० ।

पराशर, **पराशरस्मृति**, बम्बै : खेमराज श्रीकृष्णदास, ई.सं. १९९८ ।

पन्थी, लक्ष्मीकान्त, **हिन्दू संस्कार : परिचय र विमर्श**, काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०७३ ।

बृहद्वास्तुमाला, संग्रहकर्ता. रामनिहोर द्विवेदी, सम्पा. ब्रह्मानन्द त्रिपाठी र रवि शर्मा, चौखम्बा सुरभारती प्रकाशन, ई.सं. २०१६ ।

बृहदारण्यकोपनिषद्, गोरखपुर : गीताप्रेस, वि.सं. २०५० ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भट्ट, कमलाकर, **निर्णयसिन्धु**, मुम्बई : क्षेमराज श्रीकृष्णदास श्रेष्ठ, ई.सं. १९६५ ।

मनुस्मृति, टीका. जनार्दन झा, कलकत्ता : हिन्दी पुस्तक एजेन्सी, ई.सं. १९८५ ।

मरासिनी, दधिराम, **अन्त्यकर्मपद्धतिः**, सम्पा.ऋषिरामशर्मा घिमिरे, दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५६ ।

मरासिनी, दधिराम, **विवाहपद्धतिः**, सम्पा. ऋषिरामशर्मा घिमिरे, दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५७ ।

मरासिनी, दधिराम, **व्रतबन्धपद्धतिः**, सम्पा. ऋषिरामशर्मा घिमिरे, दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५७ ।

मरासिनी, दधिराम, **कर्मकाण्डभास्करः**, सम्पा. ऋषिरामशर्मा घिमिरे र अन्य, दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५४ ।

मल्ल, टोडर, **वास्तुसौख्यम्**, व्याख्या. कमलाकान्त शुक्ल, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, इ.सं. २०१० ।

माधवाचार्य, **सर्वदर्शनसंग्रह**, पुणे : भण्डारक इस्टीट्युट ।

याज्ञवल्क्य, **याज्ञवल्क्यस्मृतिः**, (अपरार्कपराभिधापरादित्यविरचितटीकासमेता) पुणे : आनन्दाश्रम, ई.सं. १९०३ ।

मेरुतन्त्रम्, सम्पा. रघुनाथ शास्त्री, बम्बई : खेमराज श्रीकृष्णदास प्रकाशन, ई.सं. २००९ ।

रामदैवज्ञ, **मुहूर्त्तचिन्तामणिः**, पीयूषधारा, व्याख्या. रामचन्द्र पाठक, वाराणसी : चौखम्बा संस्कृत संस्थान, वि.सं. २०६३ ।

रामदैवज्ञ, **मुहूर्त्तचिन्तामणिः**, विन्ध्येश्वरी प्रसाद द्विवेदी, तृ. संक. वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, ई.सं. १९९९ ।

लक्ष्मीधर, **कृत्यकल्पतरु** (शुद्धिकाखण्ड), ई.सं. १९५० ।

लक्षवर्तिका दीपदानविधिः, वाराणसी : श्री दुर्गा साहित्य भण्डार ।

व्यास, **श्रीमद्भागवतमहापुराणम्**, द्वात्रिंश संस्क. गोरखपुर : गीताप्रेस, वि.सं. २०६५ ।

व्यास, **महाभारतम्**, गोरखपुर : गीताप्रेस, वि.सं. २०३१ ।

व्यास, **श्रीविष्णुपुराणम्**, गोरखपुर : गीताप्रेस, वि.सं. २०४१ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यासः, **ब्रह्मवैवर्तपुराणम्**, कलकत्ता : राधाकृष्ण मोर, वि.सं. २०१३ ।

व्यास, **ब्रह्मपुराणम्**, दिल्ली : नाग पब्लिसर्स, ई.सं. १९९७ ।

व्यासः, **मार्कण्डेयपुराणम्**, गोरखपुर : गीताप्रेस, वि.सं. २०६७ ।

व्यासः, **देवीभागवत महापुराणम्**, गोरखपुर : गीताप्रेस, वि.सं. २०६७ ।

व्यासः, **श्रीगरुडमहापुराणम्**, वाराणसी : चौखम्बा विद्या भवन, ई.सं. १९८६ ।

व्यास, **अग्निपुराणम्**, वाराणसी : चौखम्बा संस्कृत सिरिज, वि.सं. २०२३ ।

व्यास, **शिवमहापुराणम्**, वाराणसी : सावित्री ठाकुर प्रकाशन, ई.सं. २०१३ ।

व्यास, **मत्स्यपुराणम्**, दिल्ली : नाग पब्लिसर्स, ई.सं. २००४ ।

व्यास, **वायुपुराणम्**, कलकत्ता : मनसुखाय मोर, ई.सं. १९५९ ।

विष्णुशर्मा, **पञ्चतन्त्र**, वाराणसी : बाबू माधवप्रसाद शर्मा, ई.सं. २००३ ।

विष्णुधर्मोत्तरपुराणम्, मुम्बाई : वेङ्कटेश्वर यन्त्रालय, वि.सं. १९६९ ।

विश्वकर्मा, **विश्वकर्मप्रकाश** ।

शतपथब्राह्मणः, अलवेरतन वेवर (सम्पा.), वाराणसी : चौखम्बा संस्कृत संस्थान, ई.सं. १९६४ ।

शब्दकल्पद्रुमः, वाराणसी : चौखम्बा संस्कृत सिरिज, ई.सं. १९६१ ।

शर्मा, विश्वनाथ, **श्रीव्रतराज**, बम्बई : खेमराज श्रीकृष्णदास, ई.सं. १८७५ ।

शुक्लयजुर्वेदसंसहिता, जगदीशलाला शास्त्री (सम्पा.), दिल्ली : मोतीलाल वनारसीदास, ई.सं. १९७८ ।

शास्त्री, पी एन् पट्टाभिराम, **संस्कार-विज्ञान**, सम्पा. विद्याधर द्विवेदी, वाराणसी : पट्टाभिराम शास्त्री वेद-मीमांसा अनुसन्धानकेन्द, वि.सं. २०४२ ।

शुक्राचार्य, **शुक्रनीति**, सम्पा. ब्रह्मशङ्कर मिश्र, वाराणसी : चौखम्बा संस्कृत संस्थान, ई.सं. १९६८ ।

श्रीदुर्गासप्तशती, गोरखपुर : गीताप्रेस, वि.सं. २०६७ ।

श्रीस्वस्थानीव्रतकथा, तृ. संस्क. काठमाडौं : जयकाली प्रकाशन प्रा.लि., २०७० ।

संस्कारप्रकाश, गोरखपुर : गीताप्रेस वि.सं. २०७४ ।

सुवेदी, शिखरनाथ, **नेपाली थर-गोत्र प्रवर**, वाराणसी : यशोदा पुस्तकालय, ई.सं. १९६८ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूर्यसिद्धान्तः, वाराणसी : सम्पूर्णनन्द संस्कृत विश्वविद्यालय, वि.सं. २०४४ ।

सूरि, हरिभद्र, **षड्दर्शनसमुच्चय**, सम्पा. महेन्द्रकुमार जैन, वाराणसी : भारतीय ज्ञानपीठ, ई.सं. १९७० ।

हेमाद्रि, **चतुवर्गचिन्तामणि** (भाग १-४), द्वि.संस्क. वाराणसी : चौखम्बा संस्कृत संस्थान, ई.सं. १९८५ ।

वाचस्पत्यम्, **अमरकोशः**, **शब्दकल्पद्रुम** (एन्ड्रोइड एप), निर्दे. मदनमोहन झा, मुम्बई : राष्ट्रिय संस्कृत संस्थान ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारायणप्रसाद निरौला
narayanniraula5@gmail.com

जन्म	: २०४३ असार ६ गते, शुक्रबार
जन्मस्थान	: पञ्चन -१, सोलुखुम्बु
पिता	: श्री ठमुप्रसाद निरौला
माता	: श्रीमती नेत्रकुमारी निरौला
शिक्षा	: आचार्य (ज्योतिष), स्नातकोत्तर (नेपाली) एवं शिक्षाशास्त्री ।
पेशा	: उपप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ ।
पुरस्कार	: पं. हेमराज पाण्डे निबन्ध पुरस्कार : २०६४ दर्जन बढी कविता प्रतियोगितामा प्रथम ।
कृति/प्रकाशन:	वसन्तको बहारमा (गजल सङ्ग्रह) संस्कार-सुलोचना अनुसन्धानात्मक एवं सृजनात्मक लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित

प्रकाशोन्मुख कृति : ज्योतिष ज्ञान, अन्त्यकर्मविधि, मासिक पद्धति, आमा म खै के गरूँ ? (कविता सङ्ग्रह), विरहको बाढी (खण्डकाव्य)

प्रकाशक



नारायणप्रसाद ओझा
अनामनगर, काठमाडौं

9 789937 059329

Jayatu Sanskritam, Kathmandu, Nepal